Foreign counterparty (ECA Rating 0-1)	0	0	0	0	20%	0
Foreign counterparty (ECA Rating 2)	0	0	0	0	50%	0
Foreign counterparty (ECA Rating 3-6)	0	0	0	0	100 %	0
Foreign counterparty (ECA Rating 7)	0	0	0	0	150 %	0

Bid Bond, Performance Bond and Counter guarantee Domestic counterparty	0	0	0	0	40%	0
Foreign counterparty (ECA Rating 0-1)	0	0	0	0	20%	0
Foreign counterparty (ECA Rating 2)	0	0	0	0	50%	0
Foreign counterparty (ECA Rating 3-6)	0	0	0	0	100 %	0
Foreign counterparty (ECA Rating 7)	0	0	0	0	150 %	0
Underwriting commitments	0	0	0	0	50%	0
Lending of Bank's Securities or Posting of Securities as collateral	0	0	0	0	100 %	0
Repurchase Agreements, Assets sale with recourse	0	0	0	0	100 %	0
Advance Payment Guarantee	0	0	0	0	100 %	0
Financial Guarantee	0	0	0	0	100 %	0
Acceptances and Endorsements	0	0	0	0	100 %	0
Unpaid portion of Partly paid shares and Securities	0	0	0	0	100 %	0
Irrevocable Credit commitments (Short Term)	0	0	0	0	20%	0
Irrevocable Credit commitments (Long Term)	0	0	0	0	50%	0
Claims on foreign bank incorporated in SAARC region operating with a buffer of 1% above their respective regulatory capital requirement	0	0	0	0	20%	0
Other Contingent Liabilities	0	0	0	0	100 %	0
Unpaid Guarantee Claims	0	0	0	0	200 %	0
TOTAL	**0**	**0**	**0**	**0**		**0**
Total RWE for Credit Risk Before Adjustment (A) +(B)	**0**	**0**	**0**	**0**		**0**
Adjustments under Pillar II						
Add: 10% of the loan and facilities in excess of Single Obligor Limits(6.4 a 3)						**0**
Add: 1% of the contract(sale) value in case of the sale of credit with recourse (6.4 a 4)						
Total RWE for credit Risk (After Bank's adjustments of Pillar II)						

FORM NO.3 ELIGIBLE CREDIT RISK MITIGANTS

Credit exposures	Deposits with Bank	Deposits with other banks/FI	Gold	Govt. & NRB Securities	G'tee of Govt. of Nepal	Sec/G'tee of Other Sovereigns	G'tee of domestic banks	G'tee of MDBs	Sec/G'tee of Foreign Banks	Total
	(a)	**(b)**	**(c)**	**(d)**	**(e)**	**(f)**	**(g)**	**(h)**	**(i)**	
Balance Sheet Exposures										
Claims on Foreign government and Central Bank (ECA -2)										0
Claims on Foreign government and Central Bank (ECA -3)										0
Claims on Foreign government and Central Bank (ECA-4-6)										0
Claims on Foreign government and Central Bank (ECA -7)										0
Claims on Other Multilateral Development Banks										0
Claims on Domestic Public Sector Entity										
Claims on Public Sector Entity (ECA 0-1)										0
Claims on Public Sector Entity (ECA 2)										0
Claims on Public Sector Entity (ECA 3-6)										0
Claims on Public Sector Entity (ECA 7)										0
Claims on domestic banks that meet capital adequacy requirements										0
Claims on domestic banks that do not meet capital adequacy requirements										0
Claims on foreign bank (ECA Rating 0-1)										0
Claims on foreign bank (ECA Rating 2)										0
Claims on foreign bank (ECA Rating 3-6)										0
Claims on foreign bank (ECA Rating 7)										0
Claims on foreign bank incorporated in SAARC region **and China** operating with a buffer of 1% above their respective regulatory capital requirement										
Claims on Domestic Corporates										0
Claims on Foreign Corporates										0

Credit exposures	Deposits with Bank	Deposits with other banks/FI	Gold	Govt. & NRB Securities	G'tee of Govt. of Nepal	Sec/G'tee of Other Soverei gns	G'tee of domestic banks	G'tee of MDBs	Sec/G'tee of Foreign Banks	Total
	(a)	**(b)**	**(c)**	**(d)**	**(e)**	**(f)**	**(g)**	**(h)**	**(i)**	
(ECA 0-1)										
Claims on Foreign Corporates (ECA 2)										0
Claims on Foreign Corporates (ECA 3-6)										0
Claims on Foreign Corporates (ECA 7)										0
Regulatory Retail Portfolio (Not Overdue)										0
Claims fulfilling all criterion of regulatory retail except granularity										0
Claims secured by residential properties										0
Claims not fully secured by residential properties										0
Claims secured by residential properties (Overdue)										0
Claims secured by Commercial real estate										0
Past due claims (except for claim secured by residential properties)										0
High Risk claims										0
Investments in equity and other capital instruments of institutions listed in the stock exchange										0
Investments in equity and other capital instruments of institutions not listed in the stock exchange										0
Other Assets (as per attachment)										
Total										0
Off Balance Sheet Exposures										
Forward Exchange Contract Liabilities										
LC Commitments With Original Maturity Upto 6 months Domestic counterparty										0
Foreign counterparty (ECA Rating 0-1)										0
Foreign counterparty (ECA Rating 2)										0
Foreign counterparty (ECA Rating 3-6)										0
Foreign counterparty (ECA Rating										0

Credit exposures	Deposits with Bank	Deposits with other banks/FI	Gold	Govt. & NRB Securities	G'tee of Govt. of Nepal	Sec/G'tee of Other Sovereigns	G'tee of domestic banks	G'tee of MDBs	Sec/G'tee of Foreign Banks	Total
	(a)	**(b)**	**(c)**	**(d)**	**(e)**	**(f)**	**(g)**	**(h)**	**(i)**	
7)										
LC Commitments With Original Maturity Over 6 months Domestic counterparty										0
Foreign counterparty (ECA Rating 0-1)										0
Foreign counterparty (ECA Rating 2)										0
Foreign counterparty (ECA Rating 3-6)										0
Foreign counterparty (ECA Rating 7)										0
Bid Bond, Performance Bond and Counter guarantee Domestic counterparty										0
Foreign counterparty (ECA Rating 0-1)										0
Foreign counterparty (ECA Rating 2)										0
Foreign counterparty (ECA Rating 3-6)										0
Foreign counterparty (ECA Rating 7)										0
Underwriting commitments										0
Lending of Bank's Securities or Posting of Securities as collateral										0
Repurchase Agreements, Assets sale with recourse										0
Advance Payment Guarantee										0
Financial Guarantee										0
Acceptances and Endorsements										0
Unpaid portion of Partly paid shares and Securities										0
Irrevocable Credit commitments (Short Term)										0
Irrevocable Credit commitments (Long Term)										
Other Contingent Liabilities										0
Total										
Grand Total										

FORM NO.4 EXHIBIT OF CLAIMS WITH CREDIT RISK MITIGANTS

(Rs.In …….)

S. N.	Counterparty	Category	Facility	Outstanding	Eligible CRM			
					Nature	Gross Amount	Haircut	Net Amount

FORM NO.5 OTHER ASSETS

S.No.	**Assets**	**Gross Amount**	**Specific Provision & Valuation Adjustment**	**Net Balance**
1	Fixed Assets			0
2	Interest Receivable on Other Investment			0
3	Interest Receivable on Loan			0
4	Non Banking Assets			0
5	Reconciliation Account			0
6	Draft Paid Without Notice			0
7	Sundry Debtors			0
8	Advance payment and Deposits			0
9	Staff Loan and Advance			0
10	Stationery			0
11	Other			0
TOTAL		0	0	0

FORM NO. 6: RISK WEIGHTED EXPOSURE FOR OPERATIONAL RISK

Particulars	**FY .....**	**FY .....**	**FY .....**
Net Interest Income			
Commission and Discount Income			
Other Operating Income			
Exchange Fluctuation Income			
Addition/Deduction in Interest Suspense during the period			
Gross income (a)			
Alfa (b)	**15%**	**15%**	**15%**
Fixed Percentage of Gross Income [c=(a×b)]			
Capital Requirement for Operational Risk (d) (average of c)			**10**
Risk Weight (reciprocal of capital requirement of 10%) in times (e)			
Equivalent Risk Weight Exposure [f=(d×e)]			
PILLAR-II ADJUSTMENTS			
If Gross Income for all the last three years is negative(6.4 a 8)			
Total Credit and Investment (net of Specific Provision)			

Capital Requirement for Operational Risk (5%)		**10**
Risk Weight (reciprocal of capital requirement of 10%) in times		
Equivalent Risk Weight Exposure [g]		
Equivalent Risk Weight Exposure [h=f or g)		

FORM NO.7 RISK WEIGHTED EXPOSURE FOR MARKET RISK

S.No.	Currency	Open Position (FCY)	Open Position (NPR)	Relevant Open Position
1	INR			
2	USD			
3	GBP			
4	EURO			
5	THB			
6	CHF			
7	.....			
8	.....			
9	.....			
Total Open Position (a)				
Fixed Percentage (b)				5%
Capital Charge for Market Risk [c=(a×b)]				
Risk Weight (reciprocal of capital requirement of 10%) in times (d)				
Equivalent Risk Weight Exposure [e=(c×d)]				

FORM NO. 8 NET LIQUID ASSETS TO TOTAL DEPOSIT RATIO

(Rs.In …..)

Particulars	Amount
Total Deposit and Borrowing (A)	
Total Deposit(as per NRB Ni.Fa. 9.1)	
Total Borrowing(as per NRB Ni.Fa. 9.1)	
Liquid Assets (B)	
Cash(9.1)	
Bank Balance(9.1)	
Money at call and short notice (9.1)	
Investment in government Securities(9.1)	
Placement upto 90 days	
Borrowings payable upto 90 days (C)	
Net Liquid Assets (D)=(B-C)	
Net Liquid Assets to Total Deposit	
Shortfall in Ratio	
Amount to be added to Risk Weighted Exposures	

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. २/०७७

कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा सापटको वर्गीकरण र सोको सम्भावित नोक्सानीमा कायम गर्नु पर्ने व्यवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. कर्जा सापटको वर्गीकरण

इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा/सापटको साँवा वा ब्याज भुक्तानी हुनुपर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जा सापटलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :

(क) सक्रिय कर्जा (Performing Loan) : सक्रिय कर्जामा निम्नानुसारका असल र सूक्ष्म निगरानी कर्जा पर्नेछन्

१. असल (Pass) :

(अ) भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा/सापट,

(आ) मुद्दती रसिदको धितोमा गएका कर्जा तथा सापट,

(इ) नेपाल सरकारको सुरक्षणपत्र तथा नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा गएका कर्जा तथा सापट,

(ई) पर्याप्त सुरक्षण लिई प्रति ग्राहक बढीमा रु. १० लाखसम्म प्रवाह भएको सुनचाँदी कर्जा ।

तर, अतिरिक्त धितो सुरक्षण वापत मुद्दती रसिद वा नेपाल सरकारको सुरक्षणपत्र वा नेपाल राष्ट्र बैंक ऋणपत्र धितो राखी कर्जा प्रवाह गरेमा त्यस्ता कर्जा तथा सापट र रु. १० लाखभन्दा बढीको सुनचाँदी धितो कर्जालाई भने भाखा नाघेको आधारमा वर्गीकरण गर्नु पर्नेछ ।

२. सूक्ष्म निगरानी (WatchList) :

(अ) १ महिनादेखि तीन महिनासम्म भाखा नाघेका कर्जा/सापट

(आ) नवीकरण नभई अस्थायी रुपमा **बढीमा ९० दिनसम्म** भुक्तानी अवधि बढाईएका अल्पकालीन वा चालुपुँजी कर्जा ।

(इ) अन्य कुनै पनि बैंक वा वित्तीय संस्थामा निष्कृय कर्जामा वर्गीकरण भएको ऋणीलाई प्रवाहित कर्जा ।

(ई) साँवा र ब्याज नियमित रुपमा भुक्तानी भएतापनि लगातार दुई वर्षदेखि खुद नोक्सानीमा रहेको वा नेटवर्थ ऋणात्मक भएका फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा ।

तर,

(क) निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएका कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरु गरे पश्चात २ पूर्ण आर्थिक वर्षको वित्तीय विवरणको आधारमा मात्र यो व्यवस्था लागू हुनेछ ।

(ख) तोकिएका क्षेत्रमा प्रवाह भएको कर्जाको हकमा यस्तो अवधिलाई ३ वर्ष कायम गरिएको छ ।

(उ) रु. १ अर्ब वा सो भन्दा बढी रकमका सह-वित्तीयकरण कर्जामा परिणत नभएका बहुबैंकिङ्ग कर्जा ।

(ऊ) यस बैंकले निरीक्षण गर्दा ऋणीको नगद प्रवाह तथा परियोजना सञ्चालनको अवस्था कमजोर भएको आधारमा सूक्ष्म निगरानीमा राख्ने भनी निर्देशन दिइएका कर्जा ।

(ऋ) कर्जा स्वपुँजी अनुपात (Debt to Equity Ratio) ८०:२० भन्दा बढी हुने गरी प्रवाह भएका कर्जा ।

(ए) यस बैंकले तोके बमोजिमको ऋण भुक्तानी आम्दानी अनुपात कायम नगरेका कर्जा ।

(ख) निष्कृय कर्जा (Non-Performing Loan) : निष्कृय कर्जालाई निम्नानुसारका वर्गीकरण गर्नुपर्नेछ :

(१) कमसल (Sub-standard) : ३ महिनादेखि ६ महिनासम्म भाखा नाघेका कर्जा/सापट ।

(२) शंकास्पद (Doubtful) : ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा/सापट ।

(३) खराब (Loss) : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट ।

(४) बुँदा ८ बमोजिम पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जा

(ग) **उपबुँदा (क) र (ख) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि २०७६ पुस मसान्तमा असल वर्गमा वर्गीकरण भएका र २०७६ पुस मसान्तपश्चात प्रवाह भएका कर्जालाई बैंक तथा वित्तीय संस्थाहरुले २०७७ असार मसान्तमा असल वर्गमा वर्गीकरण गर्न सक्नेछन् ।**

२. असल कर्जा सम्बन्धी थप व्यवस्था

बढीमा एक वर्षसम्म भुक्तानी अवधि भएको चालु पुँजी कर्जालाई नवीकरण गर्दा असल कर्जामा समावेश गर्न सकिने छ । इजाजतपत्रप्राप्त संस्थाले ऋणीको कर्जा तिर्न सक्ने क्षमता, भावी नगद प्रवाह, आम्दानीको स्रोत जस्ता कर्जा प्रवाहका न्यूनतम आधारहरुको विश्लेषण पश्चात कर्जा सदुपयोगको सुनिश्चितता हुने गरी मात्र कर्जा नवीकरण गर्नुपर्नेछ ।

३. खराब कर्जा सम्बन्धी थप व्यवस्था

भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ :-

(क) ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा,

(ख) **ऋणी बेपत्ता भएमा वा ९० दिनसम्म सम्पर्कमा नआएमा,**

(ग) कर्जा दुरुपयोग भएमा,

(घ) परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना वा व्यवसाय सञ्चालनमा नभएमा,

(ङ) प्रतीतपत्र, जमानत तथा अन्य सम्भावित दायित्वहरु फोर्स लोन (Force Loan) को रुपमा कोषमा आधारित कर्जामा परिणत भएको अवस्थामा त्यसरी कर्जामा परिणत भएको मितिले ९० दिनसम्म असुली नभएमा,

(च) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया शुरु भएको १८० दिन नाघेमा वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा,

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई नयाँ वा थप कर्जा प्रदान गरेको अवस्थामा,

(ज) सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसक्ने भएमा,

(झ) खरिद वा डिस्काउन्ट गरेको बिल्सको भुक्तानी मिति (due date) ले ९० दिनसम्म असुली नभएमा,

(ञ) कुनै व्यक्ति/फर्म/कम्पनीको नाममा रहेको कर्जा अर्को व्यक्ति/फर्म/कम्पनीले उपभोग गरेको अवस्थामा, तर एउटै समूहमा पर्ने फर्म/कम्पनीको हकमा कुल सीमा कायम गर्न बाधा पुग्ने छैन,

(ट) टि.आर.कर्जा (Trust Receipt Loan) भुक्तानी गर्ने प्रयोजनको लागि प्रतीतपत्र खोल्दाका बखत उल्लेख नगरिएको अन्य कुनै नयाँ कर्जा स्वीकृत गरी प्रवाह भएमा ।

(ठ) Credit Card कर्जा भाखा नाघेको मितिले ९० दिनभित्र अपलेखन नभएमा ।

(ड) ऋणीले एउटै मिति वा अवधिको अलग अलग वित्तीय विवरण पेश गरेको अवस्थामा ।

(ढ) बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई सम्बद्ध व्यक्ति वा संस्थालाई कर्जा/सापट प्रदान गरेमा ।

टिप्पणी : *यो निर्देशनको खण्ड (ग) को प्रयोजनको लागि "दुरुपयोग" भन्नाले प्रयोजन खुलाई लिएको कर्जा रकम सम्बन्धित प्रयोजनमा प्रयोग नगरेको, परियोजना सञ्चालनमा नरहेको, सम्बन्धित परियोजना/व्यवसायबाट आर्जित रकम ऋण तिर्नमा नलगाई अन्य कार्यमा प्रयोग गरेको, निरीक्षण तथा सुपरिवेक्षणको क्रममा सुपरिवेक्षक, लेखा परीक्षणको क्रममा लेखापरीक्षकबाट दुरुपयोग भएको प्रमाणित भएमा कर्जा तथा सुविधाको दुरुपयोग गरेको सम्झनु पर्छ ।*

४. आवधिक कर्जा सम्बन्धी थप व्यवस्था

(१) किस्ताबन्दीमा प्रवाह गरिएका आवधिक कर्जा (Term Loan) को हकमा साँवाको किस्ताले भाखा नाघेमा सम्पूर्ण वक्यौता कर्जा रकमलाई नै किस्ता रकमको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गर्नु पर्नेछ ।

(२) जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) केवलकार निर्माण परियोजना **र** नवीकरणीय उर्जा **परियोजनामा प्रवाह भएका** कर्जाको हकमा कुनै किस्ताले ९० दिनभन्दा बढीले भाखा नाघेमा त्यस्तो किस्ता रकमलाई खराब वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

टिप्पणी:: *यस प्रयोजनका लागि "आवधिक कर्जा" भन्नाले एक वर्षभन्दा बढी भुक्तानी अवधि कायम गरी प्रवाह गरिएको कर्जा सापटलाई सम्झनु पर्दछ ।*

५. सुनचाँदी कर्जा सम्बन्धी थप व्यवस्था

देहायका व्यवस्था तथा शर्त पुरा गरी सुनचाँदी धितो राखी कर्जा प्रदान गर्न सकिने छ :-

(क) संस्थाको कर्जा नीति/विनियमावलीमा सुनचाँदी धितो लिई कर्जा प्रदान गर्ने व्यवस्था उल्लेख भएको हुनु पर्ने,

(ख) संस्थाले सुनचाँदीको कर्जा कारोबार गर्नु अगावै आवश्यक सुरक्षा व्यवस्था, सुरक्षणको मूल्याङ्कन व्यवस्था, ढुकुटी बीमा तथा जाँचकी सम्बन्धी व्यवस्था गरेको हुनु पर्ने,

(ग) बैंक तथा वित्तीय संस्थाहरुले कुनै व्यक्तिलाई सुनचाँदी कर्जा प्रवाह गर्दा त्यस्तो ऋणीले धितोस्वरुप दिएको सुन वा चाँदी जाँच गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसरी कर्जा प्रवाह गर्दा ऋणीले धितो स्वरुप दिएको सुन वा चाँदी एउटै थैलीमा राखिएको हुनुपर्नेछ । कथंकदाचित् कुनै ऋणीले दिएको एकभन्दा बढी थैलीहरु वा एकभन्दा बढी थैलीहरु राखिएको एउटा थैली मात्र धितो राखी वा सुनचाँदीको परीक्षण जाँच नगरी सुनचाँदी कर्जा प्रवाह भएमा त्यस्तो कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

६. ओभरड्राफ्ट सीमा नाघ्ने गरी ग्राहकको खाताबाट साँवा तथा ब्याज असुलउपर गर्न नपाइने

ओभरड्राफ्ट सीमा नाघ्ने गरी ग्राहकको चल्ती खाताबाट ओभरड्रन (Overdrawn) गरी कर्जाको साँवा तथा ब्याज असुलउपर गर्न पाइने छैन ।

ग्राहकको खाता खर्च गरी साँवा तथा ब्याज असुलउपर गर्दा खाता ओभरड्रन (Overdrawn) भई हिसाव राफसाफ नभएको खण्डमा यसरी असुलउपर नभएका कर्जाहरुमा ओभरड्रन गरेको साँवा रकम समेत बक्यौता कर्जा रकममा समावेश गरी त्यस्ता कर्जाहरु जुन वर्गमा पर्ने हो सो भन्दा एक तह मुनिको वर्गमा समावेश गर्नु पर्नेछ । तर, यस व्यवस्थाले ग्राहकको खातामा रहेको मौज्दात खर्च गरी साँवा तथा ब्याज असुलउपर गर्न बन्देज लगाएको मानिने छैन ।

७. ग्रेस अवधि सम्बन्धी व्यवस्था

(क) सामान्यतया एक वर्षभन्दा बढी ग्रेस अवधि राखी आवधिक कर्जा प्रदान गर्न पाइने छैन । तर, **व्यवसाय तथा परियोजनाको प्रकृति अनुसार** सो भन्दा बढी ग्रेस अवधि प्रदान गर्नुपर्ने भएमा के कति कारणले र कुन कुन आधारमा बढी ग्रेस अवधि कायम गर्नुपरेको हो सोको व्यहोरा खुलाई कर्जा स्वीकृतिको समयमानै सो कर्जा स्वीकृत गर्ने अख्तियार प्राप्त अधिकारी भन्दा एक तह माथिल्लो अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । यस प्रयोजनको लागि सबैभन्दा माथिल्लो स्तर सञ्चालक समिति हुनेछ ।

(ख) कोभिड-१९ को कारणले विगतमा कायम गरिएको ग्रेस अवधि भित्र उद्योग वा परियोजनाको निर्माण सम्पन्न/संचालन हुन नसकेको अवस्थामा निर्माण सम्पन्न हुन/संचालनमा आउन लाग्ने थप समय यकिन गरी ग्राहकको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले एक पटकका लागि २०७७ असोज मसान्तसम्ममा देहायबमोजिम ग्रेस अवधि थप गर्न सक्नेछन् ।

अ. कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई १ वर्ष, मध्यम प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई ९ महिना तथा न्यून प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई ६ महिनासम्मका लागि ग्रेस अवधि थप गर्न सकिनेछ ।

तर, सम्बन्धित निकायबाट स्वीकृतिप्राप्त पर्यटकस्तरीय होटलको हकमा अधिकतम २ वर्षसम्मका लागि ग्रेस अवधि थप गर्न सकिनेछ ।

आ. यसरी ग्रेस अवधि थप गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाले कार्यविधि बनाई संचालक समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ र ग्रेस अवधि थप गरिएका कर्जाहरुको मासिक विवरण यस बैंकमा पेश गर्नु पर्नेछ ।

इ. यसरी थप भएको ग्रेस अवधिको ब्याजलाई पुँजीकरण नगरी ग्रेस अवधि भित्र कम्तीमा ३ किस्तामा भुक्तानी हुने गरी असुलीको व्यवस्था गर्नु पर्नेछ र तोकिएको तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीसँग कुनै किसिमको पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाइने छैन ।

स्पष्टीकरण: ग्रेस अवधि भन्नाले कर्जा प्रवाह **शुरु** भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न शुरु हुने मिति बुझ्नु पर्नेछ ।

८. कर्जाको पुनरतालिकीकरण र पुनरसंरचना सम्बन्धी व्यवस्था

(१) ऋणीले पेश गरेको लिखित कार्य योजनामा उल्लिखित देहायका आधारहरुमा इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएमा कर्जाहरुलाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्ने छ । कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गरिएका स्पष्ट आधारहरु प्रत्येक कर्जा फाइलमा संलग्न हुनु पर्नेछ :-

(क) कर्जा सम्बन्धी कागजात तथा सुरक्षणहरु पर्याप्त भएको प्रमाण,

(ख) पुनरतालिकीकरण वा पुनरसंरचना भएका कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वसनीय भएको आधारहरु, र

(ग) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दाको दिनसम्म **असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत** ब्याज रकम असुल उपर भएको ।

(२) **इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिएका कर्जा मध्ये** कोभिड-१९ बाट **अति तथा मध्यम** प्रभावित क्षेत्रमा प्रदान गरिएको कर्जाको हकमा ऋणीको परियोजना वा व्यवसायमा

परेको प्रभाव तथा वित्तीय अवस्थाको मूल्याङकन गरी ऋणीको लिखित कार्ययोजना अनुसार भविष्यमा उद्योग व्यवसाय सञ्चालनमा आई ऋण चुक्ता हुन सक्नेमा बैक तथा वित्तीय संस्था आश्वस्त भएमा सम्बन्धित ऋणीको अनुरोधमा एक पटकको लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असूल उपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने छ ।

(क) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०७७ पुस मसान्त भित्र गरिसक्नु पर्नेछ ।

(ख) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्दा २०७६ पुस मसान्तमा सक्रिय कर्जाहरुको लागि न्यूनतम ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरी असल वर्गमा वर्गीकरण गर्न सकिनेछ ।

(ग) यसरी कर्जा पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका स्पष्ट आधारहरु प्रत्येक कर्जा फाइलमा संलग्न हुनु पर्नेछ ।

(घ) स्पष्ट आधार बिना पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको पाइएमा इ.प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं. ९ को उपबुँदा ४(क) अनुसार कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(३) उपबुँदा (१) र (२) बमोजिम वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

टिप्पणी:

**यस प्रयोजनको लागि "पुनरतालिकीकरण" भन्नाले ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाउने प्रक्रियालाई सम्झनु पर्छ ।*

**"पुनरसंरचना" भन्नाले कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने, बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।*

९. कर्जा नोक्सानी वापत कायम गर्नु पर्ने व्यवस्था

(१) यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा तथा बिल्स खरिदको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-

कर्जा वर्गीकरण		न्यूनतम कर्जा नोक्सानी व्यवस्था
(क)	असल	१ प्रतिशत
(ख)	सुक्ष्म निगरानी	५ प्रतिशत
(ग)	कमसल	२५ प्रतिशत
(घ)	शंकास्पद	५० प्रतिशत
(ङ)	खराब	१०० प्रतिशत

तर,

(अ) यस निर्देशनको बुँदा नं.१ को उपबुँदा (ग) बमोजिम असल वर्गमा वर्गीकरण भएका तर, भाखा नाघेको अवधिको आधारमा २०७७ असार मसान्तमा तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने कर्जाको लागि कम्तिमा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(आ) २०७६ पुस मसान्तमा अन्य वर्गमा वर्गीकरण गरिएका कर्जालाई यस निर्देशनको बुँदा नं.१ को उपबुँदा (क) र (ख) बमोजिम वर्गीकरण गरी सोहीबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।

(इ) उपबुँदा (अ) अनुसार ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएका कर्जाको विवरण अलग्गै तयार गरी यस बैंकमा पेश गर्नु पर्नेछ ।

(२) **एक वर्ष भन्दा बढी ग्रेस अवधि भएका उर्जा लगायतका पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनाहरुमा प्रवाहित असल कर्जाहरुको ग्रेस अवधिसम्म प्रत्येक वर्ष समानुपातिक रुपमा कर्जा नोक्सानी व्यवस्था गरी अन्तिम वर्ष १ प्रतिशत सामान्य कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ ।**

उदाहरणको लागि , कुनै कर्जाको ग्रेस अवधि ४ वर्ष रहेछ भने त्यस्तो कर्जाको लागि पहिलो वर्ष ०.२५ प्रतिशत, दोस्रो वर्ष ०.५० प्रतिशत , तेश्रो वर्ष ०.७५ प्रतिशत र चौथो वर्षदेखि १ प्रतिशत साधारण कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ ।

(३) **रेशम, जुट, कपास लगायतका कृषि खेती र व्यवसायिक रुपमा गरिने आँप, सुन्तला, जुनार, मौसम, किवी, ड्रयागन फ्रुट, कागती, लिची, एभोकाडो जस्ता फलफूल खेतीका लागि प्रदान गरिएको कर्जामा पहिलो वर्ष ०.२ प्रतिशत, दोस्रो वर्ष ०.६ प्रतिशत र तेश्रो वर्षदेखि १ प्रतिशत साधारण कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।**

(४) पुनरसंरचना वा पुनरतालिकीकरण गरेको कर्जाको हकमा सो वापत देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :

(क) पुनरसंरचना वा पुनरतालिकीकरण गर्ने समयमा असल वर्गमा वर्गीकरण भैरहेका कर्जालाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा न्यूनतम साँढे बाह्र (१२.५) प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । कमसल, शंकास्पद तथा खराब वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा पूर्ववत कायम गरिएको कर्जा नोक्सानी व्यवस्थामा लगातार दुईवर्षसम्म नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न पाइने छैन ।

किस्तावन्दी वा सम मासिक किस्ता (Equal Monthly Installment, EMI) मा प्रदान गरिएका कर्जाको हकमा कर्जाको साँवा तथा ब्याज नियमित रहेको अवस्थामा देहायको त्यस्तो कर्जाको लागि पुनरसंरचना वा पुनरतालिकीकरण सरह थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछैन ।

(अ) कर्जाको किस्ता अग्रिम भुक्तानी भएको (Prepayment) कारणले किस्तावन्दीको रकम एवम् किस्ता संख्या कम भएमा ।

(आ) परिवर्तनशील ब्याजदर भएका कर्जाको ब्याजदर परिवर्तन भएको कारणबाट कर्जाको समयावधि तथा किस्ता रकम परिवर्तन भएमा । यस प्रसँगमा ब्याजदर बढेर कर्जाको समयावधि तथा किस्ता संख्या थपिन गएमा कर्जा स्वीकृत गर्ने समयमा निर्धारण गरिएका किस्ता रकम घटाउन पाइने छैन । त्यस्तै, ब्याजदर कम भई कर्जाको समयावधि तथा किस्ता संख्या घट्न गएमा पनि कर्जा स्वीकृत गर्ने बेलामा निर्धारित किस्ता रकम घटाउन पाइने छैन ।

(ख) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा किस्ता तथा ब्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा त्यस्ता कर्जालाई असल कर्जामा परिणत गर्न सकिने छ ।

(ग) बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाको ब्याजमा वृद्धि, **उत्पादन क्षमता (Production Capacity) विस्तार भई लगानीमा हुने वृद्धि वा** अन्य लागतमा बृद्धि **जस्ता कारणले** शुरुमा तोकिएको कर्जा भुक्तानी गर्ने अवधि (Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार, सिमेन्ट वा अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका शर्त पुरा गरी पुनरतालिकीकरण/पुनरसंरचना गरेको अवस्थामा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । यसरी पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जालाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ ।

(अ) परियोजना निष्क्रिय नभई सञ्चालन मै रहेको वा सञ्चालन शुरु हुने क्रममा रहेको हुनुपर्ने, र

(आ) शुरुमा कर्जा प्रवाह गर्दा निर्धारण गरिएको ग्रेस (Moratorium) अवधि भन्दा पछिको अवधिमा पाकेको ब्याज पुँजीकृत गरी आम्दानी बाध्न नपाइने ।

(घ) बैंक तथा वित्तीय संस्थाले कुखुरापालन व्यवसायका लागि प्रवाह गरेको कर्जा बर्डफ्लु रोगका कारण साविकको भुक्तानी तालिका वा शर्त बमोजिम चुक्ता गर्न नसक्ने भई कर्जा पुनरसंरचना वा

पुनरतालिकीकरण गर्नु परेमा एक पटकलाई ऋणीको ऋण तिर्ने लिखित योजना, धितो सुरक्षणको पर्याप्तता र भविष्यमा ऋण तिर्न सक्ने क्षमताका आधारमा पुनसंरचना वा पुनरतालिकीकरण गरेको अवस्थामा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सक्ने गरी पुनरतालिकीकरण/पुनरसंरचना गर्न सकिने छ । यसरी पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जाहरुलाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ ।

(ङ) सेयरको धितोमा प्रदान गरेको कर्जालाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्न पाइने छैन ।

(च) नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित रुग्ण उद्योगको पुनर्स्थापना तथा उपयुक्त निकासको लागि यस बैंकले जारी गरेको रुग्ण उद्योगका सम्बन्धमा वित्तीय क्षेत्रबाट हुनसक्ने सुविधा सम्बन्धी कार्यबिधि, २०७० (कार्यविधि -२.१) बमोजिम हुने गरी कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा न्यूनतम पच्चीस प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

(५) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षण गराएको वा बीमा गराएको अवस्थामा त्यस्तो सुरक्षण गरेको कर्जाको लागि गर्नु पर्ने कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) मा ७५ प्रतिशत छुट दिई बाँकी २५ प्रतिशत मात्र व्यवस्था गरे पुग्ने छ ।

(६) व्यक्तिगत/संस्थागत जमानीमा कर्जा प्रदान गर्दा ऋणीको व्यक्तिगत जमानी रकम बराबरको अन्य कसैको दावी नलाग्ने सम्पत्तिको विवरण अनिवार्य रुपमा लिनु पर्नेछ । व्यक्तिगत/संस्थागत जमानीमा मात्रै प्रवाहित कर्जालाई पनि उपरोक्तानुसार वर्गीकरण गरी असल, कमसल र शंकास्पद कर्जामा पर्ने भए सो वर्गमा तोकिएको प्रतिशतको अतिरिक्त २० प्रतिशत थप गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । अन्य चल, अचल सम्पत्तिको सुरक्षणले नखाम्ने भई थप सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत समेत लिई कर्जा प्रवाह गरेको अवस्थामा सुरक्षणले नखामेको कर्जामा समेत अतिरिक्त २० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेछ ।

तर, व्यक्तिगत/संस्थागत जमानीमा प्रवाह भएका देहायका कर्जामा थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न अनिवार्य हुने छैनः

(क) क्रेडिट कार्ड कर्जा ।

(ख) इ.प्रा. निर्देशन नं. ३ को बुँदा नं. ३ को खण्ड (ख) मा उल्लिखित संस्थालाई प्रदान गरेको कर्जा ।

(ग) बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत जमानीमा प्रवाह भइरहेको शिक्षा कर्जा तथा लघु वित्तीय संस्था एवम् सहकारी संस्थालाई विपन्न वर्ग कर्जा अन्तर्गत लगानी गरेको कर्जामा उपबुँदा (५) बमोजिम तोकिएको कर्जा नोक्सानी व्यवस्थामा अतिरिक्त २० प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछैन ।

(घ) देहायका शर्त पालना हुने गरी प्रवाह भएको रु १५ लाखसम्मको व्यक्तिगत कर्जा ।

(अ) इजाजतपत्रप्राप्त संस्थाको कर्जा नीतिमा यस किसिमका कर्जा प्रवाह, अनुगमन तथा असुली सम्बन्धमा स्पष्ट उल्लेख गरेको हुनुपर्ने ।

(आ) यस किसिमका कर्जा प्रवाहका लागि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट छुट्टै प्रोडक्ट पेपर स्वीकृत गराई लागू गरेको हुनु पर्ने र कर्जा प्रवाह गर्दा प्रोडक्ट पेपर पूर्ण पालना गरेको हुनुपर्ने ।

(इ) ऋणीको आम्दानीको स्रोतले कर्जा भुक्तानी गर्न सक्ने स्पष्ट आधार हुनुपर्ने । त्यस्तो आम्दानीको स्रोत ऋणीको बैंक तथा वित्तीय संस्थामा रहेको खाताबाट यकीन गरेको हुनुपर्ने । साथै, ऋणीले अनिवार्यरुपमा स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्ने ।

(ई) सम मासिक किस्ता (Equal Monthly Installment) मा कर्जा भुक्तानी हुने गरी भुक्तानी तालिका तय हुनुपर्ने । यस्तो कर्जाको अधिकतम समयावधि ५ वर्षसम्म मात्र हुनेछ । तर,

इजाजतपत्रप्राप्त संस्थाले चाहेमा रु. १५ लाखको सीमाभित्र रही बढीमा रु.५ लाखसम्मको Revolving प्रकृतिको कर्जा प्रदान गर्न सक्ने छन् ।

(उ) यस्तो कर्जा कुल कर्जाको ५ प्रतिशतभन्दा बढी प्रवाह गर्न नपाईने ।

(ङ) खण्ड (क) र **(घ)** बमोजिमका कर्जा ९० दिन भन्दा बढी अवधिले भाका नाघेमा खराब वर्गमा वर्गीकरण गरी शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने ।

(च) यस्ता कर्जाको विवरण छुट्टै तयार गर्नुपर्ने छ ।

(७) इजाजतपत्रप्राप्त संस्थाले देहायको अवस्थामा बाहेक तेस्रो पक्षको धितोमा मात्रै प्रवाहित कर्जालाई यस निर्देशन बमोजिम वर्गीकरण गरी असल, कमसल र शंकास्पद कर्जामा पर्ने भए सो वर्गमा तोकिएको प्रतिशतको अतिरिक्त २० प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । ऋणीको अन्य सम्पत्तिको सुरक्षणले नखाम्ने भई थप सुरक्षण वापत तेस्रो पक्षको धितो समेत लिई कर्जा प्रवाह गरेको अवस्थामा **ऋणीको अन्य सम्पत्तिको** सुरक्षणले नखामेको जति कर्जामा माथि उल्लेख भए बमोजिम थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । यस्ता कर्जाको छुट्टै विवरण तयार गर्नु पर्नेछ ।

(अ) ऋणी व्यक्ति भएमा निजको एकाघर परिवारका सदस्यको नाममा भएको धितो ।

(आ) ऋणी फर्म भएमा सो फर्मको प्रोप्राइटर, साझेदार वा निजको एकाघर परिवारका सदस्यको नाममा भएको धितो ।

(इ) जग्गा एकीकरण वा करारमार्फत व्यावसायिक कृषि, उद्योग र अन्य व्यवसाय सञ्चालन गर्न सम्झौता अनुसारको लिज सम्पत्तिको सुरक्षणमा प्रदान गरिएको कर्जा ।

(ई) एक करोडसम्मका परियोजना धितोमा प्रवाह भएका कर्जा ।

तर, मिति २०६९/०३/२९ भन्दा अघि प्रवाहित आवधिक कर्जाको हकमा अन्तिम किस्ता भुक्तानी अवधिसम्म यस्तो थप कर्जा नोक्सानी व्यवस्था गर्न **बाध्यकारी** हुने छैन ।

(८) इजाजतपत्रप्राप्त संस्थाले चाहेमा माथिल्लो वर्गको कर्जा सापटलाई तल्लो वर्गमा वर्गीकरण गर्न कुनै बन्देज लगाइएको छैन। उदाहरणका लागि कमसल कर्जालाई शंकास्पद वा खराब कर्जामा र शंकास्पदलाई खराब कर्जामा वर्गीकरण गर्न पाइने छ ।

(९) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कर्जाको स्थिति हेरी यस निर्देशनमा तोकिएको न्यूनतम कर्जा नोक्सानी व्यवस्थाको अतिरिक्त थप कर्जा नोक्सानी व्यवस्था कायम गर्न चाहेमा त्यसरी थप कर्जा नोक्सानी गरिएका कर्जा खाताहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(१०) कर्जा/सापट भन्नाले बिल्स खरिद तथा डिस्काउण्ट समेतलाई सम्झनु पर्नेछ ।

टिप्पणी: *सक्रिय कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "सामान्य कर्जा नोक्सानी व्यवस्था (General Loan Loss Provision)" र निष्क्रिय कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "विशेष कर्जा नोक्सानी व्यवस्था (Specific Loan Loss Provision)" को रुपमा लिइने छ ।*

१०. **कर्जा नोक्सानी व्यवस्थालाई समायोजन गर्न पाउने अवस्था:** कर्जा नोक्सानी व्यवस्थालाई देहायको अवस्था बाहेक समायोजन गर्न पाइने छैन :-

(क) कर्जा अपलेखन भएमा,

(ख) कर्जाको भुक्तानी किस्तावन्दी वा आंशिक रुपमा भएमा कर्जा वर्गीकरण अनुरुपको कर्जा नोक्सानी व्यवस्था कायम गर्दा भुक्तानी भएको हदसम्मको कर्जा वापत गरिएको कर्जा नोक्सानी व्यवस्था,

(ग) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा तथा ब्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएमा र

(घ) कर्जा चुक्ता भएमा ।

(ङ) सुपरिवेक्षणको क्रममा देखिएका कैफियतहरु इजाजतपत्र प्राप्त संस्थाले सुधार गरेको अवस्थामा विभाग विश्वस्त भएमा ।

११. गैर बैंकिङ्ग सम्पत्ति सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा

(१) इजाजतपत्रप्राप्त संस्थाले कुनै कर्जा असुली नभएमा सुरक्षणमा रहेको धितो बेचबिखन गरी बाँकी साँवा र ब्याज उठाउन सक्नेछ । संस्थाले कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नभएमा आफैले सकार गर्नु पर्नेछ । सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिनसम्मको सम्पूर्ण लेना रकम मध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्नेछ । यदि धितोको बजार मूल्य कर्जाको लेना रकम भन्दा कम भएमा कम भएजति रकम सोही आर्थिक वर्षमा नाफा/नोक्सान हिसावमा खर्च लेख्ने व्यहोरा लेखा नीतिमा उल्लेख गर्नु पर्नेछ ।

तर, यसरी मूल्याङ्कन गर्दा त्यस्तो गैर बैंकिङ्ग सम्पत्ति वापतको रकम सम्पूर्ण रुपमा हिसाब मिलान नभएसम्म लेना रकममध्येको ब्याज रकमलाई नाफा/नोक्सान हिसाबमा आम्दानी जनाउन पाइने छैन र त्यस्तो रकमलाई गैर बैंकिङ्ग सम्पत्ति वापतको नोक्सानी व्यवस्थामा सार्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले सकार गरेको गैर बैंकिङ्ग सम्पत्तिमा सकार गरेकै मितिदेखि शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(३) गैर बैंकिङ्ग सम्पत्ति बिक्री भएको अवस्थामा त्यस्तो सम्पत्तिका लागि सिर्जना गरिएको नोक्सानी व्यवस्थाको आवश्यक हिसावमिलान गर्नु पर्नेछ ।

(४) इजाजतपत्रप्राप्त संस्थाले धितो सुरक्षणलाई गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्दा तथा सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) रु. २५ लाखभन्दा बढी कर्जा रकम बक्यौता रहेको ग्राहकको सुरक्षण सम्पत्तिलाई गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्दा सम्बन्धित पक्षलाई अनिवार्यरुपमा कालोसूचीमा समावेश गर्नु पर्नेछ । तर, रु. २५ लाख सम्मको कर्जाको हकमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले नै निर्णय गरी कालोसूचीमा समावेश गर्न सक्नेछ ।

(ख) आफ्नो संस्थाको नाममा रहेको गैर बैंकिङ सम्पत्तिको लिलाम गर्नुपूर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट यथार्थपरक मूल्याङ्कन गराउनु पर्नेछ ।

(ग) धितो सुरक्षण/गैर बैंकिङ्ग सम्पत्ति लिलाम सम्बन्धमा इजाजतपत्रप्राप्त संस्थाले पारदर्शी र स्पष्ट व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाको हित संरक्षण हुने गरी बिक्री गर्नु पर्नेछ ।

(घ) यसरी गैर बैंकिङ सम्पत्ति सकार गरी लिंदा लिलाम हुन नसकेको सुरक्षण वापत राखिएको सम्पूर्ण सम्पत्तिलाई नै लिनु पर्नेछ, आंशिक रुपमा मात्र लिन पाइने छैन ।

(ङ) यसरी सकार गरी लिएको सम्पत्तिलाई यथासम्भव छिटो बिक्री गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाको आफ्नै प्रयोजनलाई आवश्यक भएमा सो को उपयोगका लागि सञ्चालक समितिबाट स्वीकृत गराई यस बैंकलाई समेत जानकारी गराउनु पर्नेछ ।

(च) गैर बैंकिङ सम्पत्तिको रुपमा बैंक/वित्तीय संस्थाले सकार गरेको सम्पत्ति धितो सुरक्षण धनी (गैर बैंकिङ सम्पत्तिमा आउनु अघिको धनी) लाई फिर्ता गर्दा गैर बैंकिङ सम्पत्ति लेखाङ्कन गर्दाको **मूल्य वा फिर्ता गर्दाको समयमा रहेको बक्यौता रकम (साँवा र ब्याजको जोड) मध्ये जुन बढी हुन्छ सो रकममा** नघट्ने गरी सम्बन्धित संस्था र सम्बन्धित सुरक्षण धनीबीचको आपसी वार्ताद्वारा सम्बन्धित सुरक्षण धनीलाई मात्र धितो/सुरक्षण फिर्ता गर्न भने यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

१२. Credit Sale /Purchase/Re-purchase तथा Takeover सम्बन्धी व्यवस्था

१. यस बैंकले तोकेको पुँजीकोष पर्याप्त नभएका बैंक तथा वित्तीय संस्थाले यस बैंकको पूर्व स्वीकृति नलिई अन्य कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट कुनै किसिमको ऋण, कर्जा आदि खरिद गरी लिन, Discount गरी लिन तथा Credit Sale/Purchase/Re-purchase र Takeover (CS,CP,RP & TO) गर्न पाउने छैन ।

२. यस बैंकले तोकेको पुँजीकोष पर्याप्त भएका बैंक तथा वित्तीय संस्थाले CS, CP, RP & TO गर्दा देहायका शर्त बन्देजको अधीनमा रही गर्न सक्ने छन् ।

(क) बैंक/वित्तीय संस्थाले CS, CP, RP & TO गरी लिनु अघिको अवस्थामा समेत यस बैंकले तोकेको पुँजीकोष कायम गरेको हुनु पर्नेछ ।

(ख) CS CP, RP & TO गरी लिने/दिने सम्बन्धमा बैंक/वित्तीय संस्थाले आफ्नो कर्जा नीतिमा स्पष्ट व्यवस्था गर्नु पर्नेछ । अन्यथा त्यस्तो कारोबार गर्न पाइने छैन ।

(ग) आर्थिक वर्षको अन्तिम महिनामा CS, CP, RP & TO सम्बन्धी कार्य गर्न पाईने छैन ।

(घ) कर्जा खरिद (Credit Purchase) गर्दा सो कर्जा ग्राहकबाट असुलउपर गर्न सक्ने अधिकार खरिद गर्नेले लिनु पर्नेछ । सो कार्यको लागि सम्बन्धित ग्राहकको सहमति समेत लिनु पर्नेछ ।

(अ) कर्जा खरिद गरी लिनेले सो खरिद गरेको कर्जालाई आफ्नो हिसाबमा सम्बन्धित शीर्षकको कर्जा सापट उप-शीर्षकमा लेखाङ्कन गर्नु पर्नेछ ।

(आ) कर्जाको शर्त र अवस्थाको विस्तृत विवरण लिएर मात्र कर्जा खरिद गर्नु पर्नेछ ।

(इ) कर्जा खरिद गरी लिने बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीले कर्जा लिएको मिति, कर्जाको किसिम, भुक्तानी अवस्था, विगतको कर्जा कारोबारको अवस्था, जमानतकर्ताको हैसियत, कर्जा वर्गीकरणको स्थिति आदि विवरणहरु लिखित रुपमा लिनु पर्नेछ ।

(ई) कर्जा खरिद गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा वर्गीकरणको विद्यमान व्यवस्था तथा कर्जा नोक्सानी व्यवस्था बमोजिमको कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(उ) कर्जा खरिद गरी लिंदा यस्तो कर्जा सुरक्षित रहेको तथा संस्थालाई फाइदाजनक भए/नभएको बारे यकिन हुने आधार खुल्ने कागजातहरु सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गर्नु पर्नेछ ।

(ङ) CS, CP, RP & TO कारोबारको अर्धवार्षिक विवरण अर्धवार्षिक अवधि समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

३. बैंक तथा वित्तीय संस्थाले यसरी कर्जा खरिद/बिक्री (Purchase and Sale) गर्दा कथंकदाचित खरिदकर्ता संस्थाले कर्जा उठाउन नसकेमा सो कर्जा पुनः आफैँले खरिद गर्ने (Credit Repurchase) शर्त रहेको अवस्थामा बिक्रीकर्ता संस्थाले त्यस्तो कर्जा Repurchase नगरुञ्जेल Contingent Liability को रुपमा आफ्नो वित्तीय विवरणको सम्भावित दायित्व र लेखा सम्बन्धी टिप्पणीको अनुसूचीमा देखाउनुपर्ने र यस्तो Contingent Liability लाई पुँजीकोष गणना गर्ने प्रयोजनको लागि १०० प्रतिशत मात्र जोखिम भार प्रदान गर्नु पर्नेछ ।

४. कुनै बैंक तथा वित्तीय संस्थाहरुबीच अन्तर बैंक कारोबार अन्तर्गत दिएको सापटी वा अर्को बैंक वा वित्तीय संस्थामा राखेको निक्षेप समयमा असुल उपर हुन नसकेको अवस्थामा त्यस्तो सापटी वा निक्षेपको साँवा तथा ब्याज असुल उपर गर्ने प्रयोजनको लागि सापटी वा निक्षेप लिने सम्बन्धित बैंक वा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा खरिद गर्न इच्छुक सापटी दिने वा निक्षेप राख्ने बैंक वा वित्तीय संस्थाले सम्बन्धित ग्राहकको सहमतिमा यस बैंकको पूर्व स्वीकृति लिई देहायका प्रक्रिया अवलम्बन गरी कर्जा खरिद गर्न सक्ने छः

(क) कर्जा खरिद गर्दा कुल असुल उपर गर्न बाँकी साँवा तथा ब्याज रकमको दोव्वर भन्दा कम नहुने गरी कर्जा खरिद गर्नु पर्नेछ ।

(ख) कर्जा खरिद गर्ने र कर्जा बिक्री गर्ने संस्था बीच आपसी समझदारीमा यथास्थितिमा कर्जा खरिद तथा बिक्री गर्नु पर्नेछ ।

(ग) कर्जा खरिद गर्दा आंशिक भुक्तानी गर्ने गरी कुनै किसिमले कर्जा खरिद गर्न पाइने छैन ।

१३. वित्तीय जमानतको आधारमा कर्जा दिन तथा निक्षेप स्वीकार गर्न नपाउने सम्बन्धी व्यवस्था

स्वदेशमा स्थापना भई सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाले जारी गरेको वित्तीय जमानत (Financial Guarantee) का आधारमा कुनै पनि बैंक तथा वित्तीय संस्थाले कर्जा/सुविधा दिन तथा निक्षेप स्वीकार गर्न पाउने छैन । **तर, "ख" तथा "ग" वर्गका वित्तीय संस्थाको जमानतमा वाणिज्य बैंकले जमानत तथा प्रतितपत्र जारी गर्न बाधा पर्ने छैन ।**

१४. निक्षेप राख्न तथा कर्जाको कारोबार गर्ने सम्बन्धमा

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बाहेक अन्य प्रचलित कानुन बमोजिम बचत परिचालन तथा कर्जाको कारोबार गरिरहेका संस्थामा निक्षेप राख्न तथा कर्जाको कारोबार गर्न पाइने छैन ।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बाहेक अन्य प्रचलित कानुन बमोजिम बचत परिचालन तथा कर्जाको कारोबार गरिरहेका संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा निक्षेप राख्न र निक्षेप रसिदको धितोमा कर्जा लिन उपर्युक्त उपबुँदा १ को व्यवस्थाले बाधा पुग्नेछैन । तर, यसरी निक्षेप रसिदको धितोमा कर्जा दिंदा जुन बैंक/वित्तीय संस्थामा निक्षेप राखेको हो सोही बैंक/वित्तीय संस्थाबाट मात्र त्यस्तो कर्जा प्रदान गर्नु पर्नेछ ।

३. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेप रसिद र सरकारी सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह गर्दा अंकित ब्याजदर (Coupon Rate) भन्दा कम ब्याजदर नहुने गरी संस्थाको कर्जा नीति निर्देशिकाको परिधिभित्र रहेर कर्जा/सापट उपलब्ध गराउन सक्नेछन् ।

१५. Margin Lending प्रकृतिको सेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा

(क) धितोपत्र विनिमय बजारमा सूचीकृत संस्थाको सेयरको धितोमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने **मार्जिन प्रकृतिको** कर्जाका सम्बन्धमा देहायका शर्त पालना गरेर मात्र सो अनुसारको कर्जा प्रदान गर्न सकिनेछ ।

(१) यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने सेयरको मूल्याङ्कन गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १२० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो रकमको बढीमा **७०** प्रतिशत रकमसम्म मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिनेछ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको सेयरको पुनरमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन ।

(२) सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले शेयर धितो सुरक्षणको मूल्यमा कमी आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो को मूल्य अनुगमन गरी थप धितोको लागि ऋणी ग्राहकलाई सूचित गर्नु पर्नेछ । Margin Call गर्दा उक्त सेयरमा प्राप्त हुने यकिन भएको हकप्रद र बोनस शेयरहरु सूचीकरण नभएको अवस्थामा समेत धितोमा राखिएको सेयर संख्यामा गणना गर्न सकिनेछ ।

(३) यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुने छैन । सेयरको धितोमा **मार्जिन प्रकृतिको** कर्जा उपभोग गरिरहेका ऋणीले आफूले लिएको कर्जाको सम्पूर्ण बक्यौता ब्याज भुक्तानी गरी कर्जा नियमित रहेको अवस्थामा त्यस्तो कर्जा नवीकरण गर्न सकिनेछ ।

तर, अन्य प्रयोजनको लागि प्रवाह भएको कर्जाको लागि थप सुरक्षणस्वरुप ऋणीले दिएको सेयर धितोको हकमा यो व्यवस्था लागू हुने छैन । सम्बन्धित बैंक/वित्तीय संस्थाले कर्जा प्रयोजनका सम्बन्धमा आवश्यक सूचना, तथ्यांक र विवरण सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गरेको हुनुपर्नेछ । सो सम्बन्धमा थप धितो सुरक्षणस्वरुप लिइने त्यस्तो सेयर, अतिरिक्त धितोको रुपमा मात्र रहने छ ।

(४) देहायका अवस्थामा रहेका संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्न पाइने छैन ।

(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भएका वा निर्देशन बमोजिम पुँजी कोष अनुपात कायम नगरेका बैंक तथा वित्तीय संस्थाहरु

(ख) नेटवर्थ ऋणात्मक भएका संस्थाहरु,

(ग) नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सूचीकरणबाट हटाइएका (Delisted) संस्थाहरु,

(घ) आर्थिक वर्ष समाप्त भएको एक वर्ष अवधि पुरा हुँदा समेत अन्तिम लेखा परीक्षण नगर्ने संस्थाहरु,

(५) धितोपत्र विनिमय बजारमा सूचिकृत संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीति/निर्देशिकामा स्पष्ट व्यवस्था भई अन्य कर्जा प्रदान गरे सरह अवलम्बन गर्नु पर्ने सम्पूर्ण प्रक्रिया पुरा गरेको हुनु पर्नेछ ।

(६) यस्तो **मार्जिन प्रकृतिको** कर्जा बैंक तथा वित्तीय संस्थाले आफ्नो प्राथमिक पुँजी (Core Capital) को बढीमा ४० प्रतिशतसम्म मात्र प्रवाह गर्न सक्नेछन्। यस प्रयोजनको लागि प्राथमिक पुँजी (Core Capital) भन्नाले ठीक अघिल्लो त्रयमासको आन्तरिक लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा कायम हुन आएको प्राथमिक पुँजी सम्झनु पर्दछ ।

(७) धितोपत्र व्यवसायीले गर्ने Margin Trading सम्बन्धी कारोवार प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही नेपाल धितोपत्र वोर्डको नीति/निर्देशन अनुरुप गर्नुपर्ने छ । त्यस्तो धितोपत्र व्यवसायीलाई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको सिफारिसमा यस बैकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा भएको व्यवस्था बमोजिम स्वीकृति प्रदान गरिनेछ ।

(ख) बैंक तथा वित्तीय संस्थाले धितो सुरक्षण लिएको सेयरका सम्बन्धमा :

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सेयर आफैले सकार गरी कर्जा असुली गर्न पाइने छैन ।

१६. बैंक तथा वित्तीय संस्थाको संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्ने सम्बन्धमा

देहायका शर्तहरु पुरा गरी बैंक तथा वित्तीय संस्थाहरुको संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्न सकिनेछ ।

(क) संस्थापक सेयर धितो राखी कर्जा प्रवाह गर्दा आईपर्ने जोखिम नियन्त्रण एवम् व्यवस्थापन गर्ने आवश्यक उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(ख) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको १ प्रतिशत भन्दा बढी संस्थापक सेयर धारण गरेका संस्थापक/संस्थापक समूहका सेयरधनीहरूले आफूले धारण गरेको संस्थापक सेयरमध्ये ५० प्रतिशत भन्दा बढी सेयर धितो राखी कर्जा लिन पाउने छैनन् । धितो रोक्का गरी अभिलेख राख्ने बैंक वा वित्तीय संस्थाले यस व्यवस्थाको पालना हुने गरी मात्र धितो रोक्का राख्नुपर्नेछ ।

(ग) कुनै पनि इजाजतपत्र प्राप्त संस्थाको २ प्रतिशत वा सो भन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीले यस बैंकको स्वीकृति लिएर मात्र आफ्नो नामको सेयर अन्य बैंकमा धितोबन्धक राख्न वा बिक्री गर्न सक्नेछन् ।

(घ) बुँदा (ग) अनुसारको स्वीकृति माग गर्दा जुन संस्थाको सेयर धितो राखिने हो सो संस्थाले निजको सेयर स्वामित्व तथा धितो रहे नरहेको विवरण समेत पेश गरी स्वीकृति माग गर्नु पर्नेछ ।

(ङ) संस्थापक सेयरको धितोमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि सुरक्षण बापत राखिने सेयरको मूल्याङ्कन गर्दा साधारण सेयरको पछिल्लो १८० कार्य दिनको औसत मूल्यको बढीमा ५० प्रतिशत मूल्य वा संस्थापक सेयरको अन्तिम कारोबारको मूल्यमध्ये जुन कम हुन्छ, सोको आधारमा मूल्य कायम गर्नु पर्नेछ । यसरी कायम गरिएको मूल्यको बढीमा ५० प्रतिशत रकमसम्म मात्र कर्जा दिन सकिने छ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको सेयरको पुनरमूल्याङ्कन गरी सो को आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन । तर, बजार मूल्य कम भई कर्जा असुरक्षित भएको अवस्थामा थप सुरक्षणको व्यवस्था गर्नु पर्नेछ ।

(च) संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्दा त्यस्तो सेयरलाई गैर बैंकिङ्ग सम्पत्ति (Non-Banking Asset) मा लैजान पाईने छैन र यसरी धितोवन्धक राखिएको संस्थापक सेयर भुक्तानी अवधि नाघेको ६ महिनाभित्र प्रचलित कानुन र यस बैंकको निर्देशनको अधीनमा रही बिक्री गरी सक्नु पर्नेछ ।

(छ) संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह भएको अवस्थामा त्यस्तो कर्जाको भुक्तानी अवधि किटान गर्नु पर्नेछ र त्यस्तो अवधि एक वर्ष भन्दा बढी हुने छैन ।

(ज) संस्थापक सेयर धितो बन्धक राखी कर्जा प्रवाह गर्दा त्यस्तो कर्जाको **नवीकरण तथा** पुनरसंरचना र पुनरतालिकीकरण गर्न पाइने छैन **तर, ०.५ प्रतिशतसम्म संस्थापक सेयर स्वामित्व रहेका संस्थापकले सेयर धितो राखी कर्जा उपयोग गरिरहेको भएमा कर्जाको सम्पूर्ण बक्यौता ब्याज भुक्तानी भई कर्जा नियमित रहेको अवस्थामा त्यस्तो कर्जा नवीकरण गर्न बाधा पर्ने छैन ।**

(झ) संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्दा असल कर्जा बाहेक अन्य अवस्थामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

(ञ) तोकिएको भुक्तानी अवधिमा कर्जा चुक्ता नगरेमा संस्थापक/सञ्चालकलाई कालोसूचीमा समावेश गर्नुपर्ने कारण सहित ३५ दिनको सूचना दिई तत्पश्चात ७ दिनभित्र अनिवार्य रुपमा कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रलाई सिफारिस गर्नु पर्नेछ । सो सम्बन्धी व्यवस्था कर्जा प्रवाह गर्दा नै ऋणीलाई कर्जा सम्झौता (Loan Deed) मा उल्लेख गर्नु पर्नेछ ।

(ट) माथि (क) देखि **(ञ)** सम्म उल्लिखित व्यवस्थाहरु बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कर्जा नीति/विनियममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१७. बैंक जमानत (Bank Guarantee) सम्बन्धमा

(क) बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेका बैक जमानत (Bank Guarantee) बापतको रकम Beneficiary लाई भुक्तानी दिनु पर्ने अवस्थामा माग दावी परेको सात कार्य दिनभित्र भुक्तानी दिईसक्नु पर्नेछ । साथै, International Chamber of Commerce, Uniform Rules for Demand Guarantee -758 (URDG-758) अन्तर्गत जारी बैंक जमानतहरुको हकमा भने URDG मा भएका व्यवस्थाहरुको अधीनमा रही भुक्तानी सम्बन्धी निर्णय गर्नु पर्नेछ ।

(ख) यसरी दावी परेको सात कार्य दिनभित्रमा बैंक जमानत जारी गर्ने संस्थाले Beneficiary लाई भुक्तानी दिनु पर्ने अवस्थामा पर्याप्त आधार बिना भुक्तानी नगरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको यस बैंकमा रहेको खाता/ यस बैंकले आदेश दिएको बैंकको खाताबाट कट्टा गरी सम्बन्धित Beneficiary लाई भुक्तानी गर्न सकिने छ ।

(ग) यसरी भुक्तानीका लागि दावी परेको जमानत बापतको सम्भावित दायित्वलाई पुँजीकोषको अनुपात गणना गर्ने प्रयोजनका लागि २०० प्रतिशतले जोखिम भार प्रदान गर्नु पर्नेछ ।

१८. अन्तरबैंक कारोबार/सापटी/लगानी सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाले एकआपसमा प्रदान गर्ने सापटीलाई नियमित कर्जा सापट (Regular Credit Facility) को रुपमा नभई अन्तरबैंक कारोबार/सापटी (Interbank Transactions/Borrowings) को रुपमा मात्र प्रयोग गर्न पाइनेछ । अन्तरबैंक सापटीको अवधि बढीमा ७ दिनसम्म मात्र हुनेछ ।

१९. स्वीकृत भौगोलिक कार्यक्षेत्रभित्र मात्र कर्जा प्रवाह गर्नुपर्ने सम्बन्धमा

हायरपर्चेज कर्जा बाहेक अचल सम्पत्ति धितो राखी कर्जा प्रवाह गर्दा त्यस्तो कर्जाको धितो र परियोजना/व्यवसाय आफ्नो भौगोलिक कार्यक्षेत्रभित्र हुनुपर्नेछ । भौगोलिक कार्यक्षेत्र बाहिर भएको त्यस्तो कर्जा असुली नभएसम्म शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

२०. टि.आर.कर्जा (Trust Receipt Loan) सम्बन्धमा

ट्रष्ट रिसिप्ट कर्जा (TR Loan), बिल्स डिस्काउन्टिङ्ग वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम १२० दिनसम्मको अवधिका लागि मात्र कर्जा प्रवाह गर्न पाइनेछ ।

२१. चेकको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न नपाइने सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाले कुनै पनि किसिमको चेकको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न पाइने छैन । साथै, स्वदेशी चेकको क्लियरिङ्ग सोहि दिन गर्न सकिने भएकोले यस्ता चेक खरिद गर्न पाइने छैन ।

२२. विदेशी धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न नपाइने सम्बन्धमा

इजाजतपत्र प्राप्त संस्थाले हक कायम गर्न नसकिने किसिमको विदेशमा रहेको धितो/सुरक्षणमा कर्जा प्रवाह गर्न पाइने छैन ।

२३. अधिविकर्ष (Overdraft) लगायतका प्रयोजन नखुलेका व्यक्तिगत कर्जाको सम्बन्धमा

(अ) बैंक तथा वित्तीय संस्थाहरुले निश्चित प्रयोजन नखुलेका अधिविकर्ष कर्जा (Overdraft), धितो कर्जा (Mortgage Loan), सम्पत्ति कर्जा (Property Loan), व्यक्तिगत आवधिक कर्जा (Personal Term Loan), सेयरको धितोमा प्रदान गरिएको कर्जा लगायत जुनसुकै शीर्षकका व्यक्तिगत कर्जाहरु प्रति ग्राहक रु. ५० लाखसम्म मात्र प्रवाह गर्न सक्नेछन् ।

तर, इजाजतपत्रप्राप्त संस्थाले आफ्नै मुद्दती निक्षेप रसिद, सुन चाँदी एवं नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको ऋणपत्रको धितोमा कर्जा प्रदान गर्न, र शत प्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(आ) बैंक तथा वित्तीय संस्थाले २०७७ असार मसान्तसम्म यस्तो कर्जा उपबुँदा (अ) मा तोकिएको सीमाभन्दा बढी प्रवाह गरेको भएमा २०७९ असार मसान्तभित्र क्रमिक रुपमा तोकिएको सीमाभित्र ल्याइसक्नु पर्नेछ ।

(इ) बैंक तथा वित्तीय संस्थाले निश्चित प्रयोजन नखुलेका व्यक्तिगत कर्जाको विवरण ने.रा.बैंक निर्देशन फा.नं. २.४ बमोजिमको ढाँचामा तयार गरी त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

२४. ऋणीले स्थायी लेखा नम्बर लिएको हुनुपर्ने सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरुले छुट्टा छुट्टै वा एकमुष्ट गरी रु. **५० लाख** वा सो भन्दा बढी रकमको कर्जा कुनै व्यक्तिलाई प्रवाह गर्नु परेमा त्यस्तो व्यक्तिले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्नेछ । साथै एकीकृत निर्देशनको निर्देशन नं ३ को वुदा नं ६ अनुसार ऋणी एउटै समूह अन्तर्गत पर्ने भएमा त्यस्तो समूहले रु. **५० लाख** वा सो भन्दा बढी रकमको कर्जा लिएको अवस्थामा उक्त समूह अन्तर्गतको कुनै व्यक्तिलाई रु. **५० लाख** भन्दा कम रकमको कर्जा प्रवाह गर्नुपरेको अवस्थामा समेत अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्नेछ ।

२५. Risk taker (सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापन तहको पदाधिकारी) लाई प्रवाह हुने कर्जा सम्बन्धमा

(१) इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा **उच्च** व्यवस्थापन तहको पदाधिकारीलाई शिक्षा कर्जा, हायर पर्चेज कर्जा, घर कर्जा वा घरायसी प्रयोजनका सामग्री कर्जा बाहेक निजहरुको व्यक्तिगत नाममा अन्य कुनै किसिमका कर्जा प्रवाह गर्न सक्ने छैनन् ।

तर सरकारी ऋणपत्र, मुद्दती रसिद, सुनचाँदीको धितोमा वा Credit Card कर्जा लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

स्पष्टीकरणः उच्च व्यवस्थापन तहको पदाधिकारी भन्नाले इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कार्यकारी अधिकृत भन्दा दुई तह मुनिसम्मको पद धारण गरेको पदाधिकारीलाई जनाउँनेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले कुनैपनि इजाजतपत्रप्राप्त संस्थाका कार्यकारी प्रमुख वा व्यवस्थापन तहको पदाधिकारीको अधिकांश स्वामित्व रहेको फर्म, कम्पनी वा संस्थामा कुनै पनि किसिमको कर्जा प्रवाह गर्न सक्ने छैनन् । यो निर्देशन जारी हुनुपूर्व प्रवाह भईसकेको कर्जाको हकमा भुक्तानी अवधि समाप्त भई सकेपछि नवीकरण गर्न पाइने छैन । यस प्रयोजनको लागि अधिकांश स्वामित्व भन्नाले ५० प्रतिशत भन्दा बढी स्वामित्व भएको फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

२६. एकाउन्टपेयी चेक मार्फत कर्जा रकम निकासा गर्नु पर्ने सम्बन्धमा

कुनै पनि कम्पनी/फर्म वा संगठित संघ/संस्थालाई स्वीकृत कर्जाको रकम निकासा गर्दा सम्बन्धित बैंक/वित्तीय संस्थामा नै खाता खोली जम्मा गर्नु पर्नेछ । सो बाहेकको अवस्थामा ऋणी कम्पनी/फर्म वा संगठित संघ/संस्थाको नाममा एकाउन्टपेयी चेक/पत्र/विद्युतीय माध्यमबाट सोझै सम्बन्धित ऋणीको खातामा जम्मा हुने गरी कर्जा रकम निकासा गर्नु पर्नेछ ।

२७. पर्यावरणीय तथा सामाजिक जोखिमको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्ने सम्बन्धमा

(क) इजाजतपत्र प्राप्त संस्थाहरुले कर्जा लगानी गर्नुपूर्व परियोजना/ उद्योगको स्थापाना गर्नको लागि ईजाजत /अनुमति/स्वीकृति लिन Initial Environmental Examination (IEE) र Environmental Impact Assessment (EIA) आवश्यक पर्ने परियोजना/ उद्योगको हकमा सम्बन्धित निकायबाट सो प्रतिबेदन स्वीकृत भएको आधारमा तथा IEE / EIA आवश्यक नहुने परियोजना/ उद्योगको हकमा इजाजतपत्रप्राप्त संस्था आफैले कर्जा लगानी गर्नुपूर्व पर्यावरणीय प्रभावको विश्लेषण गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।

(ख) यस सम्बन्धमा, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७६, श्रम ऐन, २०७४ तथा अन्य प्रचलित कानुनमा भएका व्यवस्थाका साथै बैंकबाट जारी Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2018 को पालना हुनेगरी इजाजतपत्र प्राप्त संस्थाले आवश्यक नीति तर्जुमा गरी मार्गदर्शनले उल्लेख गरे अनुसारका वातावरण तथा सामाजिक सामाजिक जोखिम समेतको विश्लेषण गरी कर्जा मूल्यांकन गर्ने र सोही बमोजिम अनुगमन तथा रिपोर्टिङ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(ग) Guideline On Environmental & Social Risk Management (ESRM) For Banks And Financial Institution, 2018 को अनुसूची ११ बमोजिमको प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र सम्बन्धित सुपरिबेक्षण विभागमा पेश गरिसक्नुपर्नेछ ।

२८. कृषि कर्जाको भुक्तानी तालिका सम्बन्धमा

कृषि कर्जाको किस्ता असुली सम्बन्धी भुक्तानी तालिका निर्माण गर्दा किसानले उत्पादन गर्ने बाली भित्र्याउने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समय बीच सकेसम्म तालमेल मिल्ने किसिमले निर्माण गर्नुपर्नेछ ।

२९. जमानत दिएको अवस्थामा जमानीपत्रमा उल्लेख गरेको रकमसम्म मात्र जिम्मेवार हुने

जमानत दिएको अवस्थामा जमानीपत्रमा उल्लेख गरेको रकमभन्दा बढी रकमको लागि जमानी दिने व्यक्ति/फर्म/ कम्पनी/संस्थालाई कुनै पनि अवस्थामा जिम्मेवार नगराउन जमानीपत्र तयार गर्दा नै जमानी

रकम, ऋणको अवधि, ऋणको प्रयोजन, प्रमुख ऋणी, साक्षी, जमानतकर्ताको नाम, ठेगाना, सो को सनाखत लगायतका विषयहरु स्पष्ट रुपमा उल्लेख हुनु पर्नेछ ।

३०. सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्थाः

(क) "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५" (कार्यविधि २.२ मा संलग्न) बमोजिम प्रवाहित कर्जामा नेपाल सरकारबाट प्रदान गरिएको अनुदान रकम यस बैंकले उपलब्ध गराउने छ । उक्त कार्यविधि बमोजिम कर्जा प्रवाह गरी नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान वापतको रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिनेछ ।

(ख) यस कार्यविधिमा उल्लिखित सहुलियतपूर्ण कर्जाहरु मध्ये कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा शीर्षकमा ग्रामीण इलाकालाई प्राथमिकतामा राखी २०७८ असार मसान्तसम्ममा वाणिज्य बैंकले ५०० वा न्यूनतम प्रति शाखा १० तथा राष्ट्रियस्तरका विकास बैकले ३०० वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोहीबमोजिम सहुलियतपूर्ण कर्जा प्रदान गर्नु पर्नेछ । राष्ट्रियस्तरबाहेकका विकास बैक तथा वित्त कम्पनीले क्रमशः न्यूनतम २०० र १०० वटा सहुलियतपूर्ण कर्जा प्रदान गर्नु पर्नेछ ।

(ग) बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा प्राप्त गरेका ऋणीको विवरण आफ्नो वेबसाइटमार्फत त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

३१. कर चुक्ता/दाखिला प्रमाणपत्र

(क) बैंक तथा वित्तीय संस्थाले फर्म वा कम्पनीहरुलाई रु ५० लाख सम्मको कर्जा प्रदान गर्दा वा नवीकरण गर्दा ऋणीसँग पछिल्लो कर चुक्ता प्रमाणपत्र र/वा अद्यावधिक कर चुक्ता/दाखिला प्रमाणपत्र लिन अनिवार्य हुने छैन ।

(ख) रु. ५० लाख भन्दा बढी र रु. २ करोडसम्मको कृषि, पर्यटन एवम् साना तथा मझौला उद्योग/पेशा/ व्यवसायका लागि कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/ नवीकरण गर्न सकिनेछ ।

(ग) उपबुँदा (क) वा (ख) अन्तर्गत नपर्ने एवम् रु. २ करोड भन्दा बढीको कर्जा लिने/लिएको कुनै पनि फर्म वा कम्पनीलाई कर्जा प्रदान गर्दा वा नवीकरण गर्दा ऋणीसँग पछिल्लो कर चुक्ता प्रमाणपत्र लिएर मात्र कर्जा प्रदान वा नवीकरण गर्नुपर्नेछ ।

(घ) कुनै पनि फर्म वा कम्पनीलाई कर्जा स्वीकृत वा नवीकरण गर्दा आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली (Integrated Tax System) मा रहेको सम्बन्धित फर्म वा कम्पनीको वित्तीय विवरण सम्बन्धी सूचना समेतलाई आधार लिई गर्नु पर्नेछ । साथै, स्वीकृत ऋण रकम तथा मिति उक्त प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था समेत गर्नु पर्नेछ ।

(ङ) बैंक तथा वित्तीय संस्थाले उक्त प्रणालीमा पहुँचका लागि आवश्यक युजरनेम र पासवर्ड तथा अन्य थप सूचना आफू दर्ता रहेको कर कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।

३२. क्रेडिट रेटिङ्ग

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने छ ।

३३. धितो फुकुवा सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाले आफूले गरेको कर्जा लगानी बमोजिम असुल उपर गर्नु पर्ने सम्पूर्ण रकम असुल भई सकेपछि सुरक्षण वापत राखिएको धितो **५ कार्यदिनभित्र** फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

३४. चालुपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्थाः

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने चालु पुँजी प्रकृतिका कर्जा (अधिविकर्ष कर्जा, चालु पुँजी कर्जा, क्यास केडीट कर्जा, डिमाण्ड लोन, ट्रष्ट रिसिप्ट कर्जा, अल्पकालीन कर्जा आदि र "क" वर्गका संस्थाको हकमा हाइपोथिकेसन कर्जा समेत) उपयोग गर्ने, ग्राहकहरुबाट हुने बहुबैंकिङ्ग (Multiple Banking) कारोवारलाई व्यवस्थित गर्न देहायको निर्देशन जारी गरिएको छ :-

(क) इजाजतपत्रप्राप्त संस्थाले कर्जा प्रवाह वा नवीकरण गर्नुपूर्व ग्राहकबाट अनिवार्य रुपले कर्जा कारोबार सम्बन्धी स्वःघोषणा ने.रा.बैंक निर्देशन फा.नं. २.६ बमोजिमको ढाँचामा लिई उक्त स्वःघोषणा अनुसारको विवरण र कर्जा सूचना केन्द्र लिमिटेडबाट प्राप्त विवरण भिडाई ग्राहकले लिएको कर्जा यकिन गर्नुपर्नेछ ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले रु. १ करोड वा सो भन्दा बढी रकमको चालु पुँजी प्रकृतिका कर्जा प्रवाह तथा नवीकरण गर्दा देहाय बमोजिमका शर्त तथा बन्देजको अधीनमा रही गर्नु पर्नेछ ।

(अ) ग्राहकले एक भन्दा बढि इजाजतपत्रप्राप्त संस्थाबाट चालु पुँजी प्रकृतिका कर्जा उपयोग गर्ने/गरेको देखिएमा त्यस किसिमका कर्जा प्रवाह/नवीकरण गर्नुअघि उक्त ग्राहकलाई कर्जा प्रवाह गर्ने संस्थाहरु बीच एक आपसमा पारीपासु सम्झौता गर्नुपर्नेछ ।

त्यस्तो सम्झौतामा सम्बन्धित संस्थाले प्रवाह गर्ने कर्जा रकमको अंश, धितोको विवरण तथा ग्राहकले प्रदान गर्ने धितोमा सम्बन्धित संस्थाको स्वामित्वको अंश समेत खुलाउनु पर्नेछ । कथंकदाचित कर्जा असुली नभएमा अपनाइने कर्जा असुली, धितो लिलामी तथा विवाद समाधान सम्बन्धी व्यवस्था समेत उक्त सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(आ) सम्बन्धित संस्थाले ग्राहकलाई प्रवाह गर्ने कर्जाको अंश निर्धारण गर्दा Stock तथा Receivables लाई आधार मानी प्रचलित कानुन तथा आफ्नो कर्जा नीतिमा रहेको प्रावधान बमोजिम कर्जा सीमा कायम गर्न सक्नेछन् ।

(इ) यस किसिमको बहुबैंकिङ्ग कारोबार गरी कर्जा उपभोग गर्ने ग्राहकहरुको विवरण ने.रा.बैंक निर्देशन फा.नं. २.५ बमोजिमको ढाँचामा सम्बन्धित सुपरिवेक्षण विभागमा त्रैमासिक रुपमा पेश गर्नु पर्नेछ ।

(ग) रु.१ करोड भन्दा कम रकमको चालु पुँजी प्रकृतिका कर्जा प्रवाह/नवीकरण गर्नु अघि समेत अन्य इजाजतपत्रप्राप्त संस्थाबाट त्यस्तो कर्जा लिए नलिएको यकिन **गरी लिएको भएमा कर्जा दिने संस्थाबाट अनिवार्य रुपले** No Objection Letter लिएर मात्र कर्जा प्रवाह/नवीकरण गर्नुपर्नेछ । **साथै, No Objection Letter माग गरिएको संस्थाले सोसंग सम्बन्धित पत्र प्राप्त गरेको ५ कार्यदिनभित्र उपलब्ध गराउनु पर्नेछ । No Objection Letter उपलब्ध नगराउने भएमा सो सम्बन्धी जानकारी पत्र माग गर्ने संस्थालाई उपरोक्त समयावधिभित्र नै उपलब्ध गराउनु पर्ने छ ।**

(२) बैंक तथा वित्तीय संस्थाले चालु पुँजी प्रकृतिका कर्जा प्रदान गरेको अवस्थामा सम्बन्धित ग्राहकबाट आफ्नो Stock तथा Receivables को विवरण कम्तीमा प्रत्येक तीन/तीन महिनामा प्राप्त गर्नु पर्नेछ । सो विवरण प्राप्त भए पछि इजाजतपत्रप्राप्त संस्थाले ग्राहकको Stock तथा Receivables को निरीक्षण गरी Stock तथा Ageing सहितको Receivables निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ र सो प्रतिवेदन बहुबैंकिङ्गको हकमा पारीपासुमा समावेश इजाजतपत्रप्राप्त संस्थाहरु बीच आपसमा आदान प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ । Stock तथा Receivables निरीक्षण गर्दा कुल कर्जा सीमाको लागि आवश्यक पर्ने Stock तथा Receivables को मूल्य कम हुन गएमा त्यस्तो ग्राहकको कर्जा सीमा पुनरावलोकन गरी नयाँ कर्जा सीमा कायम गर्नु पर्नेछ । प्रवाह भैसकेको रकम बढी देखिएमा सीमाभित्र ल्याउनु पर्नेछ ।

रु.२५ करोडभन्दा माथिको चालुपुँजी प्रकृतिका कर्जाहरु स्वीकृत तथा नवीकरण गर्दा सम्बन्धित ऋणीले पेश गरेको चालु सम्पत्ति तथा दायित्वका विवरणहरु लेखापरीक्षकवाट प्रमाणित गराउनु पर्नेछ ।

साथै Stock को धितोमा कर्जा प्रवाह गर्ने भएमा ऋण पूर्ण रुपमा सुरक्षित हुने गरी धितोमा रहेको सम्पत्तिको बीमा अनिवार्य रुपले गराउनु पर्नेछ । **तर, बीमा आवश्यक नभएका Stock हरु जस्तै Iron Rod, Steel Billets, Bricks, Clinker आदिहरुमा आगलागी, हुलदंगा, भूकम्प जस्ता जोखिमका लागि बीमा गर्न अनिवार्य हुने छैन ।**

(३) ग्राहकको चालुपुँजी कर्जा सीमा निर्धारण गर्दा गतवर्षको लेखापरीक्षण भएको वित्तीय विवरण, कम्तीमा आगामी ३ वर्षसम्मको अनुमानित वित्तीय विवरण, ग्राहकले पेश गरेको व्यावसायिक योजना आदिको आधारमा गर्नु पर्नेछ ।

तर पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन बाँकी भएको स्पष्ट कारण सहित ग्राहकले त्यस्तो वित्तीय विवरण पेश हुन नसक्ने निवेदन दिएमा त्यस्तो वित्तीय विवरण पेश गर्न मनासिव माफिकको समय दिन सकिने छ र लघु, घरेलु तथा साना उद्योग/व्यवसायलाई रु. ५० लाखसम्मको चालु पुँजी प्रकृतिको कर्जा प्रवाह गर्दा अनुमानित वित्तीय विवरण लिन अनिवार्य हुने छैन ।

(४) **"ख" र** "ग" वर्गका वित्तीय संस्थाहरुले हाइपोथिकेशन कर्जा प्रवाह गर्ने पाउने छैनन् ।

(५) कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायलाई सुचारु गर्न सहजीकरण गर्ने प्रयोजनको लागि ऋणीको आवश्यकता र उद्योग/ व्यवसायको सम्भाव्यताको विश्लेषण गरी २०७६ चैत मसान्तमा कायम कर्जाको सीमामा एक पटकको लागि **चालु पुँजी कर्जा उपयोग गरेका ऋणीको हकमा चालु पुँजी कर्जाको अधिकतम २० प्रतिशतसम्म र चालु पुँजी कर्जा उपयोग नगरेका ऋणीको हकमा आवधिक कर्जाको अधिकतम १० प्रतिशतसम्म थप कर्जा प्रवाह गर्न सकिनेछ ।**

(क) यस्तो थप कर्जा प्रदान गर्दा Debt Equity Ratio र एकल ग्राहक कर्जा सीमा कायम गर्न २०७८ असार मसान्तसम्म अनिवार्य हुने छैन ।

(ख) यस्तो थप कर्जा उत्पादनलाई निरन्तरता दिने, कच्चा पदार्थ खरीद गर्ने, कर्मचारी/कामदारको पारिश्रमिक भुक्तानी गर्ने जस्ता कार्यको लागि मात्र प्रवाह गर्न सकिनेछ । यस्तो कर्जाबाट बैंक तथा वित्तीय संस्थाले बक्यौता साँवा तथा ब्याज असूल गर्न पाउने छैनन् ।

(ग) यस्तो कर्जा ऋणीले अन्य प्रयोजनको लागि प्रयोग गर्न पाउने छैनन् ।

तर, कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायको पुनरुत्थानको आवश्यकता, धितोको पर्याप्तता, कर्जा जोखिम व्यवस्थापन तथा ऋणीको Business Proposal आदिको विश्लेषण गरी **तोकिएको प्रतिशतभन्दा** बढी थप कर्जा प्रवाह गर्न सकिने अवस्था भएमा सो कर्जा प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(६) २०७७ असार महिनासम्म भुक्तानी अवधि भएका डिमाण्ड लोन, क्यास क्रेडिट लगायतका अल्पकालीन प्रकृतिका चालु पूँजी कर्जाहरुलाई ऋणीको वित्तीय अवस्था विश्लेषण गरी २०७७ पौष मसान्तसम्म भुक्तानी गर्न सकिने गरी समय थप (Time Extension) गर्न सकिनेछ ।

३५. रु. १ अर्ब वा सो भन्दा बढी रकमको बहु-बैंकिङ्ग कर्जा उपभोग गर्ने/गरिरहेका ऋणीहरुको कर्जा सहवित्तीयकरण कर्जामा परिणत गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम सहवित्तीयकरण कर्जामा परिणत नभएका बहुबैंकिङ्ग कर्जालाई सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी सोही बमोजिमको कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । तर, विपन्न वर्ग कर्जा अन्तर्गत लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने कर्जाको हकमा यो व्यवस्था बमोजिम सहवित्तीयकरण कर्जामा परिणत गर्न अनिवार्य हुने छैन । त्यसैगरी, हायरपर्चेज कर्जा प्रदान गर्ने अनुमतिप्राप्त संस्थालाई बैंक तथा वित्तीय संस्थाले सवारी साधन, मेशिनरी जस्ता स्थिर सम्पत्ति धितो लिई सोको खरिद मूल्यको ५० प्रतिशतसम्म कर्जा प्रदान गरी सम्पत्तिको पूरा मूल्यको बीमा गरेको अवस्थामा सहवित्तीयकरण आवश्यक पर्ने छैन ।

३६. (१) व्यावसायिक कृषि तथा पशुपालन, साना तथा मझौला व्यवसाय एवम् भूकम्पबाट प्रभावित क्षेत्रमा आयमूलक क्रियाकलापलाई प्रोत्साहित गर्न ऋणीको ऋण तिर्नसक्ने क्षमताका आधारमा बढीमा रु. २०

लाखसम्मको कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् ।

(२) इजाजतपत्रप्राप्त संस्थाले रु. १५ लाखसम्मको कृषि, उद्यम, **हस्तकला तथा सीपमुलक व्यवसाय** प्रवर्द्धन कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्ममात्र थप गरी ऋणको ब्याज तोक्नु पर्नेछ । यस्तो कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् । साथै, बैंक तथा वित्तीय संस्थाका प्रत्येक शाखाले यसप्रकारको कर्जा सम्बन्धी निवेदन प्राप्त भएको सात कार्य दिन भित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा सोको स्पष्ट कारण समेत उल्लेख गरी सम्बन्धित ग्राहकलाई लिखितरुपमा दिनुपर्ने छ ।

(३) विद्युत् आयोजना निर्माण गरी विद्युत् निर्यात गर्न शुरु गरेका परियोजनामा प्रवाहित कर्जालाई निर्यात शुरु गरेको ५ वर्षसम्म र जलाशययुक्त जलविद्युत आयोजनामा प्रवाहित कर्जालाई कर्जा अवधिभर आधारदरमा १ प्रतिशत विन्दुसम्म मात्र थप गरी कर्जा प्रदान गर्नु पर्नेछ ।

३७. कफी, सुन्तला, चिया जस्ता कृषि उत्पादनमूलक व्यवसाय र पशुपालन तथा दुग्धजन्य उत्पादनमूलक व्यवसायका लागि रु. १५ लाखसम्मको कर्जा प्रवाह गर्दा सम्भाव्यताका आधारमा परियोजनाकै धितोमा कर्जा प्रवाह गर्न सकिने छ । यस सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित ग्राहकले स्पष्ट व्यहोरा खुलाई यस बैंकमा गुनासो गर्न सक्ने छन् ।

३८. कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाहरुले सम्बन्धित ऋणीबाट लेना रकम असुलउपर गर्दा सर्वप्रथम असुल उपर गर्नुपर्ने ब्याज रकम सम्पूर्ण रुपमा असुलउपर गर्नु पर्ने छ र बाँकी रकम साँवामा आवश्यक हिसाव मिलान गर्नु पर्नेछ ।

तर, पुनरसंरचना र पुनरतालिकीकरण गरिएका **र धितो बिक्री गरी असुल गर्नुपर्ने प्रकृयामा रहेका** खराब कर्जाहरुको सन्दर्भमा उपर्युक्त व्यवस्था लागू गर्न अनिवार्य हुने छैन ।

३९. ब्याज पुँजीकरण गर्ने सम्बन्धमा

परियोजना कर्जाको ग्रेस (Moratorium) अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन । तर, देहायबमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएका कर्जाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई पुँजीकरण गर्न बाधा पुगेको मानिने छैन ।

(क) जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग,
(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग,
(ग) औषधि उद्योग,
(घ) केबुलकार उद्योग,
(ङ) चिनी उत्पादन सम्बन्धी उद्योग,
(च) दूग्ध जन्य वस्तु उत्पादन उद्योग,
(छ) नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र
(ज) परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटक स्तरीय होटलहरु
(झ) अस्पताल

तर,

(अ) निर्माणाधीन आयोजनामा प्रवाहित कर्जाको ग्रेस अवधिमा पाकेको ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति पाइसकेका कर्जाको हकमा २०७७ पुस मसान्तसम्म पुँजीकरण गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन ।

(आ) जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रुपमा

पुँजीकरण गर्न यस बैंकको स्वीकृति लिनु आवश्यक पर्ने छैन ।

४०. ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) कायम गर्ने सम्बन्धमा :

बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत प्रकृतिका आवधिक कर्जा, घर कर्जा तथा हायर पर्चेज कर्जा लगायतका किस्ता भुक्तानीमा आधारित गैर व्यवसायिक कर्जा प्रवाह गर्दा देहाय बमोजिम हुने गरी ऋण भुक्तानी आम्दानी अनुपातको अधिकतम सीमा ५० प्रतिशत कायम गर्नुपर्ने छ ।

(क) ऋणीको आय श्रोत खुल्ने प्रमाणित कागजात संलग्न हुनुपर्ने छ ।

(ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानी **मध्ये कर तिर्नु पर्ने आयको हकमा** कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक करचुक्ता प्रमाणपत्रको आधारमा ऋणीको वार्षिक कुल आय (Gross Income) गणना गर्नु पर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले अधिकतम सीमा भन्दा बढी हुने गरी कर्जा प्रवाह गरेमा सो कर्जालाई सुक्ष्म निगरानी **(Watch List)** अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ ।

तर, स्वप्रयोजनका लागि निर्माण/खरिद गरिने पहिलो घर कर्जाका लागि करयोग्य आयको हकमा कर दाखिला कागजातको आधारमा कर्जा प्रदान/नवीकरण गर्न सकिनेछ र त्यस्तो कर्जाको हकमा ऋण भुक्तानी आम्दानी अनुपात (DTI) अधिकतम ६० प्रतिशत कायम गर्न सकिनेछ ।

४१. भुक्तानी अवधि थप गर्ने सम्बन्धमा

(१) कोभिड-१९ बाट न्यून प्रभावित, मध्यम प्रभावित तथा अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको साँवा तथा ब्याज रकमलाई कुनै किसिमको थप पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) नलिई देहाय अनुसार समय थप (Time Extension) गर्न सकिनेछ :

अ. न्यून प्रभावित

कोभिड-१९ बाट न्यून प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ पुस मसान्तसम्ममा भुक्तानी गर्न ।

आ. मध्यम प्रभावित

कोभिड-१९ बाट मध्यम प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ चैत मसान्तसम्ममा भुक्तानी गर्न ।

इ. अति प्रभावित

कोभिड-१९ वाट अति प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्न ।

तर, कोभिड-१९ को कारण पुनर्स्थापित हुन समय लाग्ने पर्यटन क्षेत्र लगायतका अति प्रभावित उद्योग व्यवसायमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमको भुक्तानीका लागि २ वर्षसम्मको समय प्रदान गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

२. उपबुँदा नं.१ को खण्ड (अ), (आ) र (इ) बमोजिम भुक्तानी अवधि थप गरिएका कर्जाको २०७७ असार मसान्तसम्मको भुक्तानी हुन बाँकी साँवा र ब्याज रकमलाई भुक्तानी अवधि थप भएको समयावधिभित्र समानुपातिकरुपमा कम्तिमा क्रमशः २ किस्ता, ३ किस्ता र ४ किस्तामा असुल गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तोकिएको भुक्तानी तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीबाट कुनै पनि किसिमको पेनाल ब्याज/शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाइने छैन ।

४२. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट अर्थतन्त्रका विभिन्न क्षेत्रमा परेको प्रभाव र त्यसबाट वित्तीय क्षेत्रमा पर्नसक्ने असर तथा उद्योग व्यवसायको पुनरुत्थानमा लाग्नसक्ने समय आदिको अध्ययनका

आधारमा प्रभावित क्षेत्रहरुलाई निम्नबमोजिम वर्गीकरण गरिएको छ :

(अ) अति प्रभावित क्षेत्र

१. पर्यटन

(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, च्याफ्टिङ्ग, क्याम्पिङ्ग, टुर अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,

(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिसोर्ट, तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,

(ग) साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर च्याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,

(घ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार

२. हवाई तथा पर्यटकीय यातायात;

३. मनोरञ्जन, मनोरञ्जन पार्क, रिक्रिएसन सम्बन्धी व्यवसाय, पार्टी प्यालेस;

४. चलचित्र उत्पादन, वितरण, सिनेमा हल ;

५. रोजगारी गुमेका वा layoff मा परेका श्रमिक, कामदार वा कर्मचारी (स्वदेशमा वा विदेशमा) ;

६. मूलभुत रुपमा सडेर गलेर जाने वस्तु (Perishable goods) जस्तैः तरकारी, फलफूल, पुष्प, माछा मासु, दाना, दुध तथा दुधजन्य उत्पादन, अण्डा आदि उत्पादन तथा बिक्री वितरण;

७. कुखुरापालन व्यवसाय ;

८. पशुपन्छी, मौरी तथा मत्स्यपालन व्यवसाय;

९. तयारी पोशाक, हस्तकला तथा सीपमुलक व्यवसाय ;

१०. वैदेशिक रोजगार सेवा प्रदायक, शैक्षिक परामर्श सेवा प्रदायक ;

(आ) मध्यम प्रभावित क्षेत्र

१. खप्ने सामान जस्तै प्लास्टिक, फलाम/स्टील, टायर, छाला, धातुका उत्पादन, घरायसी उपकरण आदि उत्पादन तथा बिक्री वितरण सँग सम्बन्धित उद्योग व्यवसाय ;

२. नीजि तथा आवासीय विद्यालय, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय, कलेज तथा विश्व विद्यालय, प्राविधिक शिक्षालय, प्रि-स्कुल, चाइल्ड केयर ;

३. यात्रुवाहक स्थल यातायात ;

४. ब्युटी पार्लर, सैलुन, कस्मेटिक सर्जरी लगायतका सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप ;

५. कानूनी, लेखा, इन्जिनियरिंग लगायतका परामर्श सेवा वा व्यवसाय ;

६. अस्पताल, क्लिनिक, नर्सिंगहोम, डायग्नोस्टिक सेन्टर ;

७. हेल्थ सेन्टर वा फिट्नेस सेन्टर ;

८. भण्डारण गर्न सकिने बस्तु (खाद्यान्न बाहेक) उत्पादन, प्रशोधन तथा बिक्री वितरण ;

९. वन तथा खनिजजन्य उद्योग ;

१०. निर्माण व्यवसाय;

११. औषधि उत्पादन ;

१२. छपाइ, प्रकाशन तथा संचार गृह ;

१३. निर्माणाधीन जलविद्युत तथा नवीकरणीय उर्जा ;

१४. पत्थर, माटो तथा सिसाका उत्पादन सम्बन्धी व्यवसाय ;

(इ) न्यून प्रभावित क्षेत्र

१. उत्पादनमा रही राष्ट्रिय प्रसारणमा जोडिएका जलविद्युत आयोजना ;

२. अनलाईन (इकमर्स) मा संलग्न व्यवसाय ;

३. **खाद्यान्न उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण, पेय पदार्थ प्रशोधन तथा बिक्री वितरण गर्ने उद्योग व्यवसाय ;**

४. **दैनिक उपभोग्य अत्यावश्यक वस्तुको बिक्री वितरण ;**

५. **आयात जन्य व्यापार ;**

६. **पेट्रोल पम्प, ग्यास तथा पानी सम्बन्धित व्यवसाय ;**

७. **औषधि बिक्री वितरण ;**

८. **विज्ञापन सेवा ;**

९. **इन्टरनेट, दुरसंचार सेवा प्रदायक कम्पनी ;**

१०. **मदिरा तथा सूर्तिजन्य उद्योग व्यापार, व्यवसाय ;**

११. **ट्रक, ढुवानी व्यवसाय**

१२. **सुन, चाँदीका गहना तथा बहुमुल्य पत्थर सम्बन्धी व्यवसाय**

(ई) **उपबुँदा (अ), (आ) र (इ) मा उल्लेख नभएका क्षेत्रका उद्योग, व्यवसायको हकमा इजाजतपत्रप्राप्त संस्थाले वित्तीय अवस्था तथा नगद प्रवाहको विस्तृत विश्लेषण गरी उद्योग, व्यवसायलाई कोभिड-१९ को कारण परेको असर, पुनः सञ्चालनमा आई पूर्ववत् अवस्थामा फर्कन लाग्ने समय तथा सोको लागि चाल्नु पर्ने कदम समेतको अध्ययन गरी स्पष्ट आधार सहित तीन मध्ये कुनै एक वर्गमा वर्गीकरण गर्न सक्नेछन् ।**

४३. कर्जा सापटको वर्गीकरण विवरण पठाउने सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाले आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा कर्जा वर्गीकरण गरी संलग्न निर्देशन फा.नं. २.१, २.२ र २.३ अनुसारका विवरणहरु त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकमा पठाउनु पर्नेछ ।

४४. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था इ.प्रा निर्देशन नं. २/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

कर्जा, सापट तथा बिल्स खरिद वर्गीकरण र सोको लागि व्यवस्था

(... ... ... मसान्त)

(रू.दश लाखमा)

गत त्रयमास	विवरण	कर्जा तथा सापट					खरिद तथा डिस्काउन्ट गरिएका बिल्स			यस त्रयमासको जम्मा
		स्वदेशी			विदेशी	जम्मा	स्वदेशी	विदेशी	जम्मा	
		विपन्न वर्ग		अन्य						
		विमित	अविमित							
	१. सक्रिय कर्जा सापट									
	असल कर्जा									
	सुक्ष्म निगरानी									
	२. निष्क्रिय कर्जा सापट									
	२.१ पुनरसंरचना/पुनरतालिकीकरण २.२ कमसल २.३ शंकास्पद २.४ खराब									
	३. कुल कर्जा सापट (१ + २)									
	४. कर्जा नोक्सानी व्यवस्था									
	४.१ असल ४.२ सुक्ष्म निगरानी ४.३ पुनरसंरचना/पुनरतालिकीकरण ४.४ कमसल ४.५ शंकास्पद ४.६ खराब ४.७ अतिरिक्त ४.८ एकल ग्राहक सीमा नाघेको ४.९ व्यक्तिगत जमानी/तेस्रोपक्षको धितोमा प्रवाह भएको कर्जाको लागि थप									
	५. गत त्रयमाससम्मको कर्जा नोक्सानी व्यवस्था									
	५.१ असल ५.२ सुक्ष्म निगरानी ५.३ पुनरसंरचना/पुनरतालिकीकरण ५.४ कमसल ५.५ शंकास्पद ५.६ खराब ५.७ अतिरिक्त ५.८ एकल ग्राहक सीमा नाघेको ५.९ व्यक्तिगत जमानी/तेस्रोपक्षको धितोमा प्रवाह भएको कर्जाको लागि थप									
	६. यस त्रयमासको नोक्सानी व्यवस्था फिर्ता									
	७. यस त्रयमासको थप कर्जा नोक्सानी व्यवस्था									
	८. यस त्रयमासमा थप/फिर्ता									
	९. कुल कर्जा नोक्सानी व्यवस्था (५+६+७)									
	खुद कर्जा (३-४)									

मिति :

अधिकृत

दस्तखत

ग्राहकपिच्छे वर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्बन्धी विवरण

.....साल .....मसान्त

शाखा	शखा कोड (ने.रा. बैंक अनुसार)	समुह को नाम	ऋणी को नाम	परियोजना स्थलको ठेगाना			लगानी / कारोबार मिति	क्षेत्रगत कर्जाको कोड	प्रयोजन अनुसार को कर्जाको कोड	कोषमा आधारित कर्जा					भुक्तानी मिति	गैर कोषमा आधारित सुविधा (रु)		कर्जा व्यवस्था		विपन्न वर्ग रकम रु.	साना तथा भौला उद्यम कर्जा रु.	कैफियत
				प्रदेश	जिल्ला	स्थानीय तह				कर्जा प्रकार	स्वीकृत सीमा (रु)	बाँकी साँवा (रु)	बाँकी ब्याज (रु)	भाखा नाघेको साँवा (रु)		स्वीकृत सीमा (रु)	बाँकी साँवा (रु)	गर्गीकरण	व्यवस्था (रु)			
	कुल जम्मा :-																					

मिति

अधिकृतको नाम
दस्तखत

द्रष्टव्य :- १) किस्तावन्दीमा प्रदान गरिएका आवधिक कर्जाहरु (Term Loan) को हकमा पहिलो किस्ताले भाखा नाघेको मिति नै भुक्तानी मिति हुनेछ । यदि कुनै कर्जाको भुक्तानी मिति नै नभएमा कोषमा आधारित कर्जा सुविधामा परिणत भएको मिति (Booking date) लाई नै भुक्तानी मिति मान्नु पर्नेछ । (जस्तैः- ग्यारेण्टी भुक्तानी, Forced L/C, चालु खाता बिना लिमिट ओभरड्रन भएमा आदि) ।

२) भुक्तानी मिति दिन/महिना/साल (day/month/year) अनुसार राख्नु पर्नेछ ।

३) यदि कर्जाहरुलाई भुक्तानी मिति भन्दा भिन्न आधारमा वर्गीकरण गरिएमा, वर्गीकरण गरिएको कारण कैफियत महलमा उल्लेख गर्नु पर्नेछ । (उदाहरणको लागिः ऋणी कालोसूचीमा समावेश भएमा, व्यबसाय सञ्चालन नभएमा, कर्जा दुरुपयोग भएमा आदि) ।

४) विपन्न वर्ग कर्जा सम्वन्धि विवरणहरु छुट्टै विवरणको रुपमा कुल रकम सहित देखाउनु पर्नेछ ।

५) यो कर्जा विवरणमा एकै समूहका ऋणीहरुको विवरण छुट्टिने गरी पेश गर्नु पर्नेछ ।

६) कर्जा बर्गीकरणमा असल, सुक्ष्म निगरानी, पुनरतालिकीकरण/पुनरसंरचना, कमसल, शंकास्पद तथा खरावलाई क्रमशः १, १.१, २, ३, ४ र ५ उल्लेख गर्नु पर्दछ ।

७) यो विवरणको इ-कपी मात्र पठाउनु पर्नेछ । हार्डकपी पठाउनुपर्नेछैन ।

ने.रा. बैंक निर्देशन फा.नं.२.३

गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था सम्बन्धी विवरण

.....साल .....मसान्त

क्र.सं.	ऋणी वा पार्टीको नाम ठेगाना	गैर बैंकिङ्ग सम्पत्ति सकार गरेको मिति	कुल गैर बैंकिङ्ग सम्पत्ति रकम रु.	नोक्सानी व्यवस्था		खुद गैर बैंकिङ्ग सम्पत्ति रकम रु.
				प्रतिशत	रकम रु.	
(१)	(२)	(३)	(४)	(५)	(६)	(४)–(६)
	कुल जम्मा					

मिति

अधिकृतको नाम

दस्तखत

ने.रा. बैंक निर्देशन फा.नं.२.४

..... लिमिटेड

Overdraft लगायतका प्रयोजन नखुलेका व्यक्तिगत कर्जाको विवरण

.....साल .....मसान्त

(रु.दशलाखमा)

सि.नं.	ऋणीको नाम	कर्जाको प्रकार	स्वीकृत सीमा	बाँकी साँवा	कर्जा प्रवाह मिति	कर्जा भुक्तानी मिति	कैफियत
१							
२							
३							
...							
...							

ने.रा.बैंक निर्देशन फा.नं. २.५

बहुबैंकिङ्ग कारोबार गर्ने ग्राहकहरुको विवरण

..... साल ..... मसान्त

(रु. दशलाखमा)

सि.न.	ग्राहकको नाम	कर्जाको प्रकार	कुल कर्जा सीमा रु.	बक्यौदा कर्जा रकम	पारीपासुमा सहभागी इजाजतपत्रप्राप्त संस्थाहरु

ने.रा.बैंक निर्देशन फा.नं. २.६

बैंक तथा वित्तीय संस्थामा ऋणको लागि निवेदन दिंदा खुलाउनुपर्ने बिबरणको ढाँचा

मितिः .....

(रु. हजारमा)

ऋण लिएको अन्य बैंक/वित्तीय संस्थाको नाम	बक्यौता रकम (मिति)	म्याद नाघेको छ/छैन
१. ..... बैंक/वित्तीय संस्था चालु पुँजी कर्जा आवधिक कर्जा अन्य कर्जा गैरकोषमा आधारित सुविधा		
जम्मा		
२. ..... बैंक/वित्तीय संस्था चालु पुँजी कर्जा आवधिक कर्जा अन्य कर्जा गैरकोषमा आधारित सुविधा		
जम्मा		
कुल जम्मा		

उपर्युक्त बमोजिम म/हामीले घोषणा गरेको विवरण ठीक छ झुट्टा ठहरे कानुन बमोजिम कारवाही भएमा मञ्जुरी छ भनी सही गर्नेः

अधिकार प्राप्त अधिकारीको दस्तखतः

व्यक्तिको नाम/फर्म, कम्पनी र संस्थाको नाम र छापः

रुग्ण उद्योगका सम्बन्धमा वित्तीय क्षेत्रबाट हुनसक्ने सुविधा सम्बन्धी कार्यबिधि, २०७०

१. अवधारणा :

उद्योग क्षेत्रको विकासले राष्ट्रिय आय, रोजगारीका अवसर सिर्जना, प्रतिव्यक्ति आयमा वृद्धि, पुँजी निर्माण, लगानीका थप अवसरको सिर्जना, औद्योगिक व्यावसायिक संस्कृतिको विकाश गर्दै राष्ट्रिय उत्पादनमा वृद्धिका साथै वैदेशिक व्यापारमा सन्तुलन कायम गरी भुक्तानी सन्तुलन सकारात्मक राख्नमा अहम् भुमिका खेल्ने कुरा निर्विवाद छ । उद्योगहरु रुग्ण हुनुमा आन्तरिक र वाह्य कारणहरु दुवै उत्तिकै प्रभावी हुन्छन् । कमजोर व्यवस्थापन, अवैज्ञानिक मूल्य निर्धारण, परियोजना लागत वृद्धि, साधन र स्रोतको उचित परिचालन र सम्भार नहुनु, चालु पुँजीको अभाव, कमसल गुणस्तर र अध्ययन अनुसन्धानको कमी आदि आन्तरिक कारणमा हुन् भने आर्थिक मन्दी, तीव्र प्रतिस्पर्धा, स्तरयुक्त कच्चा पदार्थ र जनशक्तिको अभाव, सम्बद्ध नीति/ऐन/नियम आदिमा अस्थिरता वा समय अनुसार परिवर्तन हुन नसक्नु प्रविधि परिवर्तन, ग्राहकको रुचिमा परिवर्तन, विद्युत तथा इन्धन आपूर्तिमा कमी, ऋण प्राप्तिमा ढिलाई, हड्ताल एवम् तालाबन्दी, प्राकृतिक प्रकोप आदि उद्यमीका काबु बाहिरका परिस्थिति वाह्य कारणमा लिन सकिन्छ ।

उपर्युक्त साना तथा ठूला असहज परिस्थितिका कारण उद्योगहरु दिन/प्रति दिन रुग्ण हुंदै गईरहेका छन् । यसरी उद्योगहरु रुग्ण हुंदा त्यस्ता उद्योगहरुसँग प्रत्यक्ष रुपमा संलग्न अन्य उद्योगहरु समेत रुग्ण हुने लगायत रोजगारीका अवसरहरु समेत गुम्ने हुनाले आर्थिक, सामाजिक तथा प्राकृतिक वातावरणमा समेत प्रतिकुल प्रभाव परिरहेको छ । जसका कारण सम्पूर्ण औद्योगिक क्षेत्र नै निरन्तर खस्किँदो अवस्थामा छ । यसरी आर्थिक सम्वृद्धिका लागि टेवा दिने औद्योगिक क्षेत्र खस्किँदै जाँदा देशले ठूलो कठिनाई भोग्नु पर्ने अवस्था आईरहेको छ । मुलुकको समग्र औद्योगिक प्रवर्द्धन र आर्थिक सम्वृद्धिमा नकारात्मक असर परी मुलुकभित्र लगानीको अनुकुल वातावरण बन्न सकेको छैन ।

वर्तमान अवस्थामा सरकारी एवम् निजी क्षेत्रका रुग्ण उद्योगहरुमा अरबौंको पुँजी फँसिरहेको अवस्था छ । यसमा पनि सरकारी एवम् निजी क्षेत्रबाट संचालित बैंक एवम् वित्तीय संस्थाबाट कर्जा उपलब्ध गराईएकोमा साँवा, ब्याज, हर्जाना आदि उठ्न नसक्ने स्थितिमा पुगेको, धितोबाट कर्जा राफसाफ हुने स्थिति नभएको तथा मुद्दामामिला आदिका कारण धितो समेत बेचबिखन हुन नसकेको कारण बैंक/ब्यबसायी दुवै समस्यामा रहेको अवस्था छ । उद्योग रुग्ण भएका कारण उद्यमी-व्यवसायीका अतिरिक्त बैंक तथा वित्तीय संस्थाहरु, रोजगारी पाएका श्रमिक कर्मचारी समेत रुग्णताको मारमा परेका छन् । एकातिर ठूलो मात्रामा पुँजी डुबेको र आफ्नो जायजेथा धितोमा फँस्न पुगेको कारणले उद्योगपतिहरुमा निराशा छाउन गई उद्यमशीलता गुम्दै गएको छ भने अर्कोतिर बैंक वित्तीय संस्थाहरुको वासलातमा अनुत्पादक सम्पत्ति (Non-Performing Assets) को रुपमा बर्षौंदेखि जिम्मेवारी सार्ने काम मात्र भएको पाइन्छ ।

आन्तरिक तथा बाह्य कारणहरुले गर्दा देशमा उत्पन्न हुनसक्ने आर्थिक मन्दीको असहज परिस्थितिको मारबाट देशका उद्योगधन्दा र व्यवसायमा पर्ने प्रतिकुल असर कम गराउन नेपाल सरकारले आ.व. २०५८।५९ देखि नै रुग्ण उद्योग सम्बन्धी नीति र कार्यक्रमहरु ल्याएकोमा उक्त नीतिलाई थप टेवा पुऱ्याउन यस बैंकले समेत विगतदेखि नै पुनर्कर्जा लगायत अन्य नीतिगत व्यवस्थाहरुमा सरलीकरण गरी रुग्ण उद्योग पुनरुत्थानमा सहयोग पुऱ्याउँदै आएको छ । विगतमा रुग्ण उद्योग पुनरुत्थान कार्यक्रम अन्तर्गत पुनर्कर्जा, कर्जा पुनरतालिकीकरण र ब्याज हर्जाना छुट लगायतका सुविधाबाट विशेषतः होटेल तथा अन्य केही उद्योगहरु लाभान्वित भएका थिए ।

उपर्युक्त पृष्ठभूमिमा निजी क्षेत्रबाट रुग्ण उद्योगको पुनरुत्थान वा पुनर्स्थापनाको माग उठ्दै आएको सन्दर्भ तथा नेपाल सरकारबाट हुनसक्ने पुनरुत्थान कार्यक्रमहरुसँगै देशको केन्द्रीय बैंकको नाताले यस बैंकबाट समेत रुग्ण उद्योग पुनरुत्थान सम्बन्धी कार्यक्रम घोषणा गर्ने सन्दर्भमा यसका प्रक्रियाहरु स्पष्ट र पारदर्शी बनाउन यो कार्यबिधि तयार गरिएको छ ।

२. रुग्ण उद्योग सम्बन्धी मौजुदा नीति तथा कानुनी व्यवस्था :

(क) औद्योगिक व्यवसाय ऐन २०४९, को दफा २५.(क) मा रुग्ण उद्योग सम्बन्धमा भएको व्यवस्था :

- "लगातार ५ वर्षदेखि घाटामा सञ्चालन भई कुल उत्पादन क्षमताको २० प्रतिशत वा सो भन्दा कम उत्पादन गर्ने उद्योगलाई नेपाल सरकारले उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रुग्ण उद्योग घोषणा गर्न सक्नेछ ।
- त्यस्ता उद्योगले त्यस्तो उद्योग विस्तार तथा विविधिकरण गर्नको लागि आयात गरिने मेसिनरीमा कुनै महसूल, शुल्क तथा कर लाग्ने छैन ।"

(ख) रुग्ण उद्योग पुनर्कर्जा निर्देशिका, २०६० मा रुग्ण उद्योगका सम्बन्धमा भएको परिभाषा :

- न्यूनतम ३ वर्षदेखि सञ्चालनमा रही लगातार २ वर्षदेखि नगद घाटामा गएको ।
- लगातार २ वर्षदेखि पारविन्दु (Break even) मा सञ्चालन हुन नसकेको ।
- रु.२५ लाखभन्दा कम ऋण लिने उद्योगका सन्दर्भमा विगत ३ वर्षको कारोबार (Turn over) क्रमशः २५ प्रतिशतको दरले घटेको ।

(ग) औद्योगिक नीति, २०६७ मा रुग्ण उद्योगको पुनरुत्थान तथा पुनर्निर्माण सम्बन्धमा भएको व्यवस्था :

- "रुग्ण उद्योगको पुनरुत्थान तथा पुननिर्माण सम्बन्धी व्यवस्थामा सबै स्तरका रुग्ण उद्योगको पहिचान र पुनरुत्थान तथा पुननिर्माण गर्न कानुनमा व्यवस्था गरी सम्बन्धित क्षेत्रका विशेषज्ञहरु रहेको एक अधिकार सम्पन्न र उच्चस्तरिय न्यायिक अधिकार सहितको आयोग गठन गरी रुग्ण उद्योग सम्बन्धी समस्याको समाधान गरिनेछ । आयोगको संरचना, काम, कर्तव्य र अधिकार कानुनले निर्धारण गरे बमोजिम हुनेछ ।

३. रुग्ण उद्योगको लागि गठित उच्च स्तरीय कार्यदलको सिफारिस :

रुग्ण उद्योग पुनरुत्थान उच्चस्तरीय कार्यदल, २०६८ को प्रतिवेदनको बुँदा ४ मा रुग्ण उद्योगलाई प्रदान हुने सुविधा प्राविधिक समितिको अध्ययन, अनुसन्धान पश्चात भएको सिफारिसको आधारमा मात्र सम्बन्धित उद्योगले प्राप्त गर्ने ब्यहोरा उल्लेख गरेको तथा रुग्ण उद्योगलाई पूर्ण रुग्ण उद्योग, रुग्ण उद्योग एवम् रुग्णउन्मुख उद्योग भनी तीन भागमा विभाजन गरी त्यस्ता प्रकृतिका उद्योगलाई प्रदान गर्नुपर्ने सेवा सुविधाहरु प्रस्ताव गरेको छ ।

४. मन्त्रिपरिषदको निर्णय:

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०६८।५।२३ मा जारी गरिएको तत्काल राहत कार्यक्रम, २०६८ को दफा ९.२ को व्यवस्था बमोजिम रुग्ण उद्योगको पुनरुत्थान गरी औद्योगिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापन गर्नका लागि त्यस्ता उद्योगको पहिचान, उद्योगले भोगिरहेको समस्या र त्यसका समाधानका उपाय तथा सरकारले उपलब्ध गराउनु पर्ने सुविधा र सहुलियतका सम्बन्धमा रुग्ण उद्योग पुनरुत्थान उच्चस्तरीय कार्यदल, २०६८ ले अध्ययन गरी मिति २०६८ मंसीरमा सुझाव सहितको प्रतिवेदन पेश गरे अनुसार मन्त्रिपरिषद्को मिति २०६९।९।१९ को बैठकबाट उक्त प्रतिवेदनलाई सैद्धान्तिक तथा नीतिगत तवरमा स्वीकृत गर्दै सो प्रतिवेदनमा उल्लिखित सिफारिसहरुको कार्यान्वयनका सम्बन्धमा आवश्यक कानुनी, नीतिगत, संस्थागत तथा स्रोत साधनको उपलब्धता सम्बन्धी व्यवस्था अन्य सम्बद्ध निकायहरुसँग समन्वय गरी मिलाउने भन्ने निर्णय कार्यान्वयनमा सघाउ पुऱ्याउन यो कार्यविधि सहायक हुने यस बैंकको धारणा रहेको छ ।

५. रुग्ण उद्योगका सम्बन्धमा वित्तीय क्षेत्रबाट उपलब्ध हुनसक्ने सुविधाका बारेमा नेपाल राष्ट्र बैंकले देहायको कार्यविधि तयार गरेको छ :

यसरी उपर्युक्त विद्यमान ऐन, कानुन तथा औद्योगिक नीतिको अधीनमा रही नेपाल सरकारद्वारा गठित रुग्ण उद्योग पुनरुत्थान उच्चस्तरीय कार्यदलले सिफारिस गरेको आधारमा समेत नेपाल सरकारले रुग्ण उद्योग पुनरुत्थानको लागि तय गरेको संयन्त्रको माध्यमबाट अध्ययन विश्लेषण गरी समस्यामा रहेका उद्योगहरु रुग्ण उद्योगको रुपमा घोषित हुनसक्ने अवस्था रहेको छ । नेपाल सरकारले रुग्ण उद्योगको रुपमा राजपत्र मार्फत घोषणा गरेका त्यस्ता

उद्योगको पुनर्स्थापना तथा उपयुक्त निकासको लागि वित्तीय क्षेत्रबाट पनि समयसापेक्ष सहायता प्रदान गर्नुपर्ने आवश्यकता महशुस गरी यो कार्यविधि तयार गरी लागू गरिएको छ ।♣

(क) वित्तीय क्षेत्रबाट प्रदान गरिने सहयोग/सुविधा प्रयोजनका लागि रुग्ण उद्योगको वर्गीकरण

१. हाल चालु वा बन्द अवस्थामा रही पुनर्स्थापना हुनसक्ने रुग्ण उद्योग

२. पुनर्स्थापना हुननसक्ने, तर सम्पर्कमा रही वित्तीय निकाश खोज्न चाहने रुग्ण उद्योग

(ख) वित्तीय क्षेत्रबाट उपलब्ध हुनसक्ने सहयोग/सुविधा

१. हाल चालु वा बन्द अवस्थामा रही पुनर्स्थापना हुनसक्ने रुग्ण उद्योग

क) रुग्ण उद्योगको व्यावसायिक योजनालाई आधार मानी कर्जा पुनरसंरचना गर्ने ।

ख) बैंकको साँवा तथा ब्याजमध्ये हर्जाना ब्याजलाई मिनाहा हुनसक्ने व्यवस्था गरी साधारण ब्याजलाई पुँजीकृत नगरी छुट्टै राखी निश्चित अवधिपछि असुल गर्ने व्यवस्था गर्ने ।

तर कुनै रुग्ण उद्योग पुनरउत्थान गरि सञ्चालनमा आउने विषय राष्ट्रिय अर्थतन्त्रको लागि महत्वपुर्ण रहेको सन्दर्भमा कर्जा लगानी गर्ने सम्बन्धित बैंक वा सहवित्तीयकरणले बैंकको उठ्न सक्ने रकम असुल उपर गर्नका लागि आवश्यकता र औचित्यताका आधारमा साधारण व्याज समेत मिनाहा गरी व्यवसायिक निर्णय गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

ग) बैंकले रुग्ण उद्योगको लागि पुनर्कर्जा लिन चाहेमा नेपाल राष्ट्र बैंकले निर्धारण गरेबमोजिमको ब्याजदरमा उपलब्ध गराउने ।

घ) कुनै पनि बैंकले आफ्नो ऋणी (रुग्ण उद्योग) का लागि पुनर्कर्जाको सुविधा लिन नचाहेमा आफ्नो आधार दर (Base Rate) लाई आधार मानी प्रिमियम थप नगरी कर्जा कारोबारलाई निरन्तरता दिने ।

ङ) कर्जा पुनर्संरचना भएको समयबाट बैंकको नयाँ असुली तालिका निरन्तर २ वर्षसम्म नियमित भएमा वर्गीकरणलाई नियमित मानी १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था गर्न सक्ने व्यवस्था गर्ने ।

२. पुनर्स्थापना हुन नसक्ने, तर सम्पर्कमा रही वित्तीय निकाश खोज्ने रुग्ण उद्योगहरुको लागि :

यस्ता उद्योगहरुको धितोमा रहेको सम्पत्ति सामान्य रुपमा लिलामीमा जाँदा मूल्य कम हुन सक्ने जोखिमलाई दृष्टिगत गरी ऋणी उद्योगले निश्चित समयभित्र सम्पत्ति विक्री गर्न ग्राहक खोजी Value Maximization हुनसक्ने योजना बैंकमा पेश गरेमा बैंकसँगको समन्वयमा विक्री व्यवस्थापन गरी ऋण सल्टाउन निकाश खोजेमा बढीमा १ वर्षसम्मको समय प्रदान गर्ने । यस प्रयोजनका लागि सम्बन्धित ऋणीले औचित्यता पुष्टी हुने कागजात सहितको निवेदन सम्बन्धित बैंक तथा वित्तीय संस्थामा पेश गर्नु पर्नेछ ।

(ग) वित्तीय क्षेत्रबाट प्राप्त हुने सुविधाको प्रक्रिया

१. सम्बन्धित ऋणीले वित्तीय क्षेत्रबाट प्राप्त गर्न सक्ने सुविधाका लागि आवश्यक कागजात सहितको निवेदन सम्बन्धित बैंक वा वित्तीय संस्थामा पेश गर्नुपर्ने ।

२. प्राप्त निवेदन तथा कागजातका आधारमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले प्रचलित कानुन तथा यस कार्यविधीको अधीनमा रही छुट तथा सुविधा प्रदान गर्न सक्ने ।

३. सम्बन्धित बैंक वा वित्तीय संस्थाले पुनर्कर्जाको सुविधाको लागि आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिन सक्ने ।

♣ यो कार्यविधि तयार गर्ने क्रममा नेपाल राष्ट्र बैंकले मिति २०७०/०३/२३ मा कार्यविधिको मस्यौदा वेभसाईटमा सार्वजनिक गरी सुझाव संकलन गरेको र यस विषयमा नेपाल सरकार उद्योग मन्त्रालय(रुग्ण उद्योग इकाई), नेपाल बैंकर्श संघ, नेपाल उद्योग वाणिज्य महासंघ लगायतका निकायहरुबाट प्राप्त सुझावहरुमा समेत छलफल भई तयार गरिएको छ ।

४. पुनर्कर्जाको लागि प्राप्त निवेदन तथा कागजातका आधारमा यस बैंकले पुनर्कर्जा प्रदान गर्नसक्ने ।

(घ) वित्तीय क्षेत्रबाट उपलब्ध हुनसक्ने सुविधाको लागि आवश्यक कागजात

१.उद्योगलाई रुग्ण उद्योग घोषणा गरेको नेपाल सरकारको निर्णय (राजपत्र)

२.रुग्ण उद्योग पुनर्स्थापना समितिको सिफारिसको आधारमा उद्योग मन्त्रालयको पत्र

३.उद्योग सञ्चालन हुनको लागि पूर्वशर्तको रुपमा रहेका अन्य निकायबाट हुनुपर्ने कार्यहरुको लागि सहमति प्राप्त भएको विवरण ।

४.रुग्ण उद्योग भविष्यमा एक Going Concern को रुपमा व्यावसायिक संस्थाको रुपमा सञ्चालन हुनसक्ने स्थिति सहितको सम्बन्धित साहु बैंकमा पेश भएको व्यावसायिक योजना ।

५ रुग्ण उद्योग सञ्चालन हुन नसक्ने अवस्थामा रहेकोमा निकाशको लागि माथि बुँदा (२), (३) र (४) को सट्टा सो ब्यहोरा खुलाई ऋणी उद्योगको सञ्चालक समितिले तोकिएको समयभित्र साहु बैंक समेतको सहमतिमा धितो सम्पत्तिको सुकिविकी गरी ऋण राफसाफ गर्ने सम्बन्धी स्वःघोषणा ।

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो संशोधन)कार्यविधि, २०७६

प्रस्तावना:

कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, शिक्षित वेरोजगार युवाहरूलाई मुलुकभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाइ स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन तथा भूकम्प पीडितहरूको निजी आवास निर्माणका लागि समेत सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि ब्याज अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले, नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको कार्यविधि बनाएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०७६"** रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा :-

(क) "अनुदान सोधभर्ना खाता" भन्नाले यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन गर्न खोलिएको खाता सम्झनु पर्छ ।

(ख) "उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा" भन्नाले माध्यमिक शिक्षा वा सो सरह उत्तिर्ण गरी २५ वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ ।

(घ) "दलित समुदाय" भन्नाले गाउँपालिका वा नगरपालिकाले दलित जात भनी सिफारिस गरेको जनजाति सम्झनु पर्छ ।

(ङ) "दलित समुदाय व्यवसाय विकास कर्जा" भन्नाले दलित समुदायलाई समूहमा वा एकल रुपमा प्रवाह गरिने कर्जा सम्झनु पर्छ ।

(च) "निवेदक वा ऋणी" भन्नाले अनसूची-१ मा उल्लेखित व्यवसाय सञ्चालन गरिरहेका वा गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जा लिन इच्छुक विद्यार्थी तथा भूकम्प पीडित सम्झनु पर्छ।

(छ) "बैङ्क तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत पत्र प्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ज) "भण्डारण'' भन्नाले स्वदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडिबुटी, दुग्ध पदार्थ तथा माछामासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले स्वदेशमा यस्ता प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "भूकम्प पीडित" भन्नाले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसंग निजी आवास पुननिर्माण वा प्रवलीकरणका लागि हालसम्म सम्झौता गर्न नसकेको वा सम्झौता गरी पहिलो किस्ता रकम प्राप्त गरी दोस्रो किस्ता रकम प्राप्त नगरेका र आर्थिक अभावका कारण निजी आवास पुननिर्माण वा प्रवलीकरण गर्न नसकेको भूकम्प पिडित लाभग्राही सम्झनु पर्छ ।

(ञ) "महिला उद्यमशीलता कर्जा" भन्नाले महिलालाई व्यक्तिगत वा सामूहिक रूपमा उद्यमशील बन्न प्रवाह हुने कर्जा सम्झनु पर्छ ।

(ट) "वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" भन्नाले श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा छ महिना काम गरी नेपाल फर्केका युवाहरूलाई व्यक्तिगत वा सामूहिकरुपमा प्रवाह हुने कर्जा सम्झनु पर्छ ।

(ट१) "कपडा उद्योगहरुले लिएको कर्जा" भन्नाले कपडा उद्योग सञ्चालनको लागि लिइएको कर्जा भन्ने सम्झनु पर्छ ।

(ठ) "विपन्न वर्ग कर्जा" भन्नाले नेपाल राष्ट्र बैङ्कले विपन्न वर्ग कर्जा भनी तोकेको कर्जालाई सम्झनु पर्छ ।

(ड) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ ।

(ढ) "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा" भन्नाले व्यवसायिक रूपमा गरिएको कृषि तथा पशुपन्छीजन्य व्यवसायका लागि प्रवाह भएको वा हुने कर्जा सम्झनु पर्छ ।

(ण) "समूह" भन्नाले फरक परिवारका कम्तीमा पाँच जना सदस्य १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरु मिलेर गठन गरेको समूह सम्झनु पर्छ ।

(त) "सहुलियतपूर्ण कर्जा" भन्नाले अनुसूची (१) मा उल्लिखित व्यवसायमा बैङ्क तथा वित्तीय संस्थाहरुबाट प्रवाह भएको वा हुने कर्जामा नेपाल सरकारले यस कार्यविधि बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनु पर्छ ।

(थ) "सामूहिक जमानी" भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको कर्जा भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ ।

(द) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापित फर्म, सहकारी संस्था, घरेलु उद्योग वा लघु उद्यमको रुपमा दर्ता भएको व्यवसाय सम्झनु पर्छ ।

(ध) "शिक्षित युवा स्वरोजगार कर्जा" भन्नाले कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण युवाहरूलाई यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जा सम्झनु पर्छ ।

परिच्छेद २

कर्जाका प्रकार, सीमा, भुक्तानी, अवधि, ब्याजदर तथा शर्त

३. **कर्जाका प्रकार र सीमा:** (१) यस कार्यविधि बमोजिम लक्षित ऋणीलाई ब्याज अनुदान प्राप्त हुने गरी बैङ्क तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेछन् र यस्ता कर्जाको प्रति ऋणी अधिकतम सीमा देहाय बमोजिम हुनेछ:-

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा पाँच करोड रूपैयाँसम्म,

(ख) शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रूपैयाँसम्म,

(ग) विदेशबाट फर्केका युवा परियोजना कर्जा दश लाख रूपैयाँसम्म,

(घ) महिला उद्यमशील कर्जा पन्ध्र लाख रूपैयाँसम्म,

(ङ) दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रूपैयाँसम्म,

(च) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा पाँच लाख रूपैयाँसम्म,

(छ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा तीन लाख रूपैयाँसम्म ।

(ज) कपडा उद्योग सञ्चालनको लागि रु ५ करोड सम्म ।

(झ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु २ लाख सम्म ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम प्रदान गरिने कर्जाको सीमा प्रति ऋणी पाँच करोड रुपैयाँ भन्दा बढी भएमा केन्द्रीय समन्वय तथा अनुगमन समिति समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । समितिले परियोजनाको आवश्यकता तथा औचित्यताको आधारमा उक्त सीमा भन्दा बढी पाँच करोड रुपैयाँसम्म कर्जा प्रवाह गर्न स्वीकृति दिन सक्नेछ ।

४. **कर्जा भुक्तानी अवधिः** (१) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिइने कर्जाको ब्याज अनुदान प्राप्त गर्ने अवधि बढीमा पाँच वर्षको हुनेछ । यस्तो कर्जाको अवधि व्यवसायको प्रकृति अनुसार सम्वन्धित बैंक तथा बित्तीय संस्थाहरूले तोक्न सक्नेछन् ।

(२) यस्तो कर्जाको भुक्तानी प्रयोजनका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, रकम, उद्देश्य, व्यवसायको प्रकृति, प्रतिफलको अवधि र जोखिमको स्तर लगायतका आधारमा किस्ता भुक्तानी अवधि निर्धारण गर्न सक्नेछ ।

५. **ब्याजदर एवम् शर्तः** (१) नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराउने कर्जामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा दुई प्रतिशत विन्दु भन्दा बढी नहुने गरी ब्याज दर कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर्जाको ब्याज, कर्जा सूचना शुल्क, ऋणीले व्यहोर्नु पर्ने बिमा प्रिमियम र कर्जा सुरक्षण शुल्क भन्दा बाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाईने छैन ।

परिच्छेद ३

धितो, कर्जा सुरक्षण तथा व्यवसायको बीमा सम्बन्धी व्यवस्था

६. **धितो सम्बन्धी व्यवस्थाः** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह गर्दा दश लाख रुपैयाँसम्म एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीका आधारमा र त्यस भन्दा बढी व्यवसायिक परियोजना धितोमा कर्जा प्रवाह गर्न सक्नेछन् । यस्तो कर्जा प्रवाह गर्दा परियोजनाको सम्भाव्यतालाई मुख्य आधारको रूपमा लिनु पर्नेछ ।

(२) उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाको लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र धितो स्वरुप राख्नेछ ।

(३) विदेशबाट फर्केका युवाहरुलाई उनीहरुमा रहेको ज्ञान, अनुभव, रुची तथा सीपसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्न परियोजना धितोमा लिई सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा प्रवाह गर्नेछ ।

(४) बैङ्क तथा वित्तीय संस्थाहरुले महिला उद्यमशीलता विकासको लागि प्रदान गरिने महिला उद्यमशीलता कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ ।

(५) बैङ्क तथा वित्तीय संस्थाहरुले दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गर्नका लागि प्रदान गरिने दलित समुदाय व्यवसाय विकास कर्जा एकल वा सामूहिक जमानीमा उपलब्ध हुनेछ ।

(६) महिला उद्यमशीलता विकासका लागि प्रदान गरिने कर्जा, दश लाख रुपैयाँसम्मको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा र दलित समुदायलाई प्रदान गरिने कर्जाको सुरक्षण देहाय बमोजिम हुनेछः-
(क) ऋणीले सञ्चालन गरेको उद्यम,
(ख) ऋणीको कर्जा सम्बन्धी कागजात,
(ग) सामूहिक जमानीको हकमा सो सम्बन्धी कागजात ।

(७) बैङ्क तथा वित्तीय संस्थाहरुले भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा सामूहिक वा धितो जमानीमा प्रवाह गर्नेछन् ।

स्पष्टिकरण यस उपदफाको प्रयोजनको लागि धितो भन्नाले भूकम्प पीडित निजी आवास पुननिर्माण वा प्रवलीकरण लाभग्राहीले निजी आवास निर्माण कर्जा लिई निर्माण गर्ने वा गरेको घर तथा निजको वा निजको एकाघर परिवारको सदस्यको नाममा रहेको अन्यत्र ऋण प्रयोजनका लागि धितोमा रहेको सो घरले चर्चेको जग्गा सम्झनु पर्छ ।

(८) सामूहिक जमानीमा प्रवाह भएको कर्जासँग सम्बन्धित समूहको कुनै सदस्य काबु बाहिरको परिस्थिति उत्पन्न भई उक्त समूहमा आबद्ध रहिरहन नसक्ने स्थिति भएमा निजले आफ्नो हिस्सा बराबरको साँवा तथा

ब्याज स्वयं चूक्ता गर्ने वा समूहका बाँकी सदस्यहरुले बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा नियमानुसार चूक्ता गर्ने थप प्रतिवद्धताको कागज गरी पेश गर्नु पर्नेछ ।

(९) कपडा उद्योगलाई प्रदान गरिने कर्जाको हकमा धितो आवश्यक हुनेछ ।

(१०) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम आदिको लागि एकाघर परिवारको सदस्यको व्यक्तिगत जमानीमा कर्जा उपलब्ध हुनेछ ।

(११) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा विद्यार्थीको एकाघर परिवारका सदस्यको व्यक्तिगत जमानीमा कर्जा उपलब्ध हुनेछ ।

७. **कर्जा सुरक्षण सम्बन्धी व्यवस्थाः** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको प्रचलित कानून बमोजिम सुरक्षण गर्नु पर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको सुरक्षण सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क र निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम कर्जा सुरक्षण गर्नु पर्नेछः

(क) यस उपदफा बमोजिमका कर्जाको हकमा त्यस्तो कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य सुरक्षण गराउनु पर्नेछ । कोषले कर्जा सुरक्षण गराउँदा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गर्नु पर्नेछ । यसरी कर्जा सुरक्षण गर्दा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले २५ प्रतिशत व्यहोर्नु पर्नेछ र बाँकी ७५ प्रतिशत शुल्क नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाता मार्फत सम्वन्धित बैंक तथा बित्तीय संस्थालाई भुक्तानी सोधभर्ना गरिनेछ ।

(ख) दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र ऋणीले कर्जा चूक्ता नगरेमा दफा २२ बमोजिमको कारवाही प्रक्रिया पूरा गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषमा दावी गर्नेछ । यसरी दावी हुन आएमा कोषले नियमानुसार भुक्तानी गर्नेछ ।

८. **व्यवसायको बीमा सम्बन्धी व्यवस्थाः** (१) बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा अन्तर्गत व्यवसायिक परियोजना धितो लिई कर्जा प्रवाह गर्दा परियोजनाको बीमा गर्नु पर्नेछ ।

(२) व्यवसायिक कृषि तथा पशुपन्छी बीमा सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क र बीमा समितिको नियमन र निर्देशनको परिधि भित्र रही स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने वा गरेको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा देहाय बमोजिम परियोजना/व्यवसायिक बीमा गर्नु पर्नेछः

(क) यस उपदफा बमोजिमका कर्जासँग सम्बन्धित परियोजना/व्यवसायको अनिवार्य बीमा गर्नु पर्नेछ । बीमा कम्पनीले बीमा गराउँदा कर्जाको प्रकार, व्यवसायको प्रकृति, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीसँग २५ प्रतिशत मात्र बीमा प्रिमियम लिई बीमा गर्नु पर्नेछ । बाँकी ७५ प्रतिशत बीमा प्रिमियम नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट बीमा समिति मार्फत सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा सम्बन्धित बीमा कम्पनीले संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

९. **कारवाहीका लागि सिफारिस गर्न सक्नेः** (१) ऋणीले दफा ४ बमोजिमको अवधि भित्र कर्जा चूक्तानगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले यस कार्यविधिको परिच्छेद-९ मा उल्लेख भए बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ ।

परिच्छेद ४

कर्जाका लागि योग्यता एवं शर्त सम्बन्धी व्यवस्था

१०. **योग्यता एवं शर्तः** (१) यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जा प्राप्त गर्न स्थायी लेखा नं (PAN) प्रमाण पत्र लिएको र कर्जा सूचना केन्द्रको कालोसूची एवम् परिच्छेद-९ अनुसारको कारवाहीमा नपरेको नेपाली नागरिकले देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा,

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) दश लाख भन्दा कम कर्जाको हकमो एकाघर परिवारका सदस्यको जमानी सम्बन्धी कागजात,

(३) दश लाख रुपैयाँ भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा संस्था र एक करोड रुपैयाँ भन्दा बढीको कर्जाको लागि अनिवार्य रुपमा कम्पनी हुनुपर्ने,

(४) संस्था वा कम्पनीको हकमा नेपाली नागरिकको शतप्रतिशत शेयर स्वामित्व रहेको

(५) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,
तर, दश लाख रुपैयाँ भन्दा बढीको कर्जाको लागि ऋणीको विस्तृत परियोजना प्रस्ताव,

(ख) शिक्षित युवा स्वरोजगार कर्जाः

(१) कम्तीमा स्नातक तह उत्तिर्ण भएको र ४० वर्ष उमेर ननाघेको,

(२) विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेकाको हकमा नेपालको कुनै विश्वविद्यालयबाट समकक्षता सम्बन्धमा प्रकाशित सार्वजनिक सूचीमा निज अध्ययन गरेको विश्वविद्यालय समावेश भएको,

(३) घरेलु तथा साना उद्योग कार्यालय/समिति, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद लगायतका सरकारी निकायहरुबाट कम्तिमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सीप विकास तालिम अनिवार्य रूपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सीप विकास तालिम लिएको प्रमाण पेश गरेको,
तर, व्यवसायसंग सम्बन्धित प्राविधिक विषयमा स्नातक तह उर्तीण गरी व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हकमा तालिम अनिवार्य हुने छैन ।

(४) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(ग) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जाः

(१) श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना काम गरी स्वदेश फर्केको,
तर कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्तिलाई यस्तो कर्जा प्रदान गरिने छैन ।

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(घ) महिला उद्यमशीलता कर्जाः

(१) १८ वर्ष उमेर पूरा भएको महिला वा समूहको हकमा फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएका महिला,

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(ङ) **दलित समुदाय व्यवसाय विकास कर्जा:**

(१) दलित जात-जाति भित्रको १८ वर्ष उमेर पूरा भएको वा समूहको हकमा उक्त जात-जाति भित्रका फरक परिवारका कम्तीमा पाँच जना १८ वर्ष उमेर पूरा भएको,

(२) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(३) समूहको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(च) **उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा:**

(१) माध्यमिक शिक्षा वा सो सरह उत्तिर्ण गरी २५ वर्ष उमेर ननाघेको,

(२) आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी,

(३) स्वदेशको कुनै कलेज वा विश्वविद्यालयमा अध्ययन गरिरहेको वा गर्ने,

(छ) **भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा:**

(१) नेपाल सरकारले निजी आवास अनुदान दिए बाहेक अरू संस्थागत अनुदान नपाएको,

(२) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरू गर्न नसकेका भूकम्प पीडित,

(३) ऋणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको,

(ज) **कपडा उद्योगलाई दिइने कर्जा:**

१) ब्याज अनुदान लिन चाहने कपडा उद्योगले आफ्नो पछिल्लो ऋणको सम्पूर्ण विवरण सम्बन्धित बैंकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

२)कपडा उद्योगले यसअघि लिएका ऋणका हकमा मिति २०७५/०४/०१ गते कायम रहेका वा सो मिति पश्चात लिएको ऋण रकममा मिति २०७५/०८/२४ गते देखि ५ प्रतिशत बिन्दुका दरले ब्याज अनुदान प्रदान गरिनेछ ।

३) यस्तो ब्याज अनुदान दिँदा व्यवसायको सञ्चालन अवस्था, रुग्ण भए पुनः सञ्चालनमा आउन सक्ने अवस्था र व्यवसायिक योजना समेतका आधारमा कर्जा दिने बैंकबाट सम्भाव्यताको सिफारिस गराउनु पर्नेछ ।

४) नयाँ ऋणको हकमा उद्योगको आवश्यकता हेरी बढिमा रु ५ करोड सम्मको ऋणमा मात्र यस्तो अनुदान उपलब्ध गराइनेछ । तर, यस्तो ऋण रकम उद्योग सञ्चालन कार्यको लागि नै उपयोग गर्नु पर्नेछ । यसरी उपयोग गरेको नपाइएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ । त्यसरी असूल उपर गर्नु पर्ने साँवा रकममा १५ प्रतिशत ब्याज समेत असूल गरिनेछ ।

५) ऋण रकमको प्रमाणीकरणको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट भएको सिफारिस सहित बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकसँग सोधभर्ना माग गरेपछि उक्त बैंकमा रहेको सोधभर्ना खाताबाट सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई सोधभर्ना रकम उपलब्ध गराइनेछ ।

६) यस्तो अनुदान प्राप्त गर्नका लागि उद्योगको स्वामित्व नेपाली नागरिकमा रहेको हुनु पर्नेछ ।

७) यस्तो अनुदान प्राप्त गर्नको लागि उद्योग मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ । साथै, उद्योगले ब्याज अनुदान दाबी गरेको अघिल्लो आर्थिक वर्षको आय विवरण /कर चुक्ता प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ ।

(झ) **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम सम्बन्धी कर्जा :**

१) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थामा भर्ना भएको कागजात,

२) तालिम लिन चाहेको विषय खुल्ने कागजात/निवेदन,

३) नेपाली नागरिक हुनुपर्ने ।

(२) बैंक तथा बित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा भूकम्प पीडित, बाढी पीडित तथा विपद् प्रभावित नागरिकहरूलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(३) बैंक तथा बित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा प्रवाह गर्दा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास निर्माण सम्पन्न गर्न २०७७ मंसिर मसान्तसम्म कर्जा लिई सक्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम प्रदान गरिने सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान प्राप्त गर्न ग्राह्य निवेदकलाई कुनै एक प्रकारको कर्जा मात्र उपलब्ध हुनेछ ।

(५) यस कार्यविधि बमोजिम कर्जा लिने निवेदकले नेपाल सरकारले ब्याज अनुदान उपलब्ध प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि कर्जा लिएको हुनु हुदैन् । तर, यो दफा भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको हकमा लागु हुने छैन ।

परिच्छेद ५

कर्जाका लागि आवश्यक कागजात, स्वःघोषणा तथा कर्जा निर्णय सम्बन्धी व्यवस्था

११. **आवश्यक कागजात र स्वःघोषणाः** यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जा प्राप्त गर्न देहाय बमोजिमका कागजात पेश र स्वःघोषणा गर्नु पर्नेछः-

(क) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको विधिवत् रुपमा भरिएको कर्जा आवेदन फाराम,

(ख) प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय तथा स्थायी लेखा नं (PAN) प्रमाणपत्रको प्रतिलिपि, तर, भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जाको लागि स्थायी लेखा नं. (PAN) आवश्यक पर्ने छैन ।

(ग) नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(घ) उद्यम संचालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव, महिला उद्यमशीलता कर्जा बाहेक दश लाख रुपैँया भन्दा बढीको कर्जाको हकमा विस्तृत परियोजना प्रस्ताव,

(ङ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको स्वःघोषणा,

(च) सामूहिक जमानीको हकमा सामूहिक जमानी सम्बन्धी कागजात,

(छ) शिक्षित युवा स्वरोजगार कर्जाको हकमा शैक्षिक प्रमाण पत्रको सक्कल प्रति र दफा १०(१) को खण्ड (ख)(३) बमोजिम सीप विकास तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

(ज) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जाको हकमा राहदानी, प्रवेशाज्ञाको प्रतिलिपि तथा श्रम स्वीकृति प्राप्त भएको देशबाट फर्केकाको हकमा सोको प्रतिलिपि, निवेदक विदेशमा गई कम्तीमा ६ महिना काम गरि फर्किएको र कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्ति नभएको स्वःघोषणा,

(झ) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाको हकमा आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी भएको सिफारिस र अध्ययन गर्ने शैक्षिक संस्था/प्रतिष्ठानमा भर्ना भएको वा हुन योग्य रहेको खुल्ने कागजातको प्रतिलिपि,

(ञ) भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जाका लागि राष्ट्रिय पुननिर्माण प्राधिकरणसँग सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य शुरू गर्न नसकेका र निर्माण कार्य सम्पन्न गर्न नसकेका भूकम्प पीडितको कागजातको प्रतिलिपि र धितोको हकमा सो सम्बन्धी कागजात ।

१२. **कर्जा निर्णय सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान लिन चाहने व्यक्तिले आवश्यक पर्ने सम्पूर्ण कागजात सहित सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा आवश्यक सम्पूर्ण कागजात सहित कर्जा आवेदन प्राप्त भएको मितिले एक्काईस कार्य दिनभित्रमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कर्जा स्वीकृत हुने वा नहुने सम्बन्धी निर्णय गरी सक्नु पर्नेछ ।

(३) कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

परिच्छेद ६

ब्याज, बीमा प्रिमियम र सुरक्षण शुल्क अनुदान, शर्त तथा वितरण प्रक्रिया सम्बन्धी व्यवस्था

१३. **अनुदान सुविधा तथा शर्त सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिमका लक्षित ऋणीलाई बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जाको हकमा नेपाल सरकारबाट देहाय बमोजिमको अनुदान सुविधा उपलब्ध हुनेछः-

(क) बैंक तथा बित्तीय संस्थाले दिने कर्जामा निर्धारण गरेको ब्याज दर मध्ये ५ प्रतिशत ब्याजदर अनुदान सुविधा उपलब्ध हुनेछ । महिला उद्यमशीलता कर्जाको हकमा यो अनुदान ६ प्रतिशत उपलब्ध हुनेछ । तर पाँच करोड रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत मात्र ब्याजदर अनुदान उपलब्ध गराईनेछ ।

(ख) कर्जा सुरक्षण शुल्क अनुदानमा दश लाख रुपैयाँ भन्दा बढी व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाहरूको बैंक तथा बित्तीय संस्थाहरूले निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत सुरक्षण गराउँदा लाग्ने ७५ प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

(ग) बीमा प्रिमियम अनुदान दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा लिई गरिने व्यवसायको बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान उपलब्ध हुनेछ ।

(२) उपदफा (१) बमोजिमको ब्याज अनुदान सुविधा यो कार्यविधि लागू भएपछि कर्जा लिने ऋणीलाई मात्र उपलब्ध हुनेछ । व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको हकमा व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिम प्रवाहित कर्जामा समेत यो सुविधा उपलब्ध गराइनेछ ।

(३) ऋणीले पाउने ब्याज अनुदान सुविधा बाहेक अन्य सम्पूर्ण ब्याज रकम, सुरक्षण शुल्क र बीमा प्रिमियम सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र सम्बन्धित बीमा कम्पनीलाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदान सुविधाका लागि योग्य मानिनेछ ।

(४) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यका लागि मात्र कर्जा उपयोग गर्नु पर्नेछ ।

(५) सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र ब्याज अनुदान सुविधा लिइ सकेको भए सम्बन्धित ऋणीबाट असूल उपर गरिनेछ ।

१४. **अनुदान रकमको वितरण प्रक्रियाः** (१) यस कार्यविधि बमोजिम अनुदान स्वरूप प्रदान गरिने ब्याज, कर्जा सुरक्षण शुल्क तथा बीमा प्रिमियम रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन हुने गरी बैंकिङ् कार्यालयमा अनुदान सोधभर्ना नामको खाता खोल्नेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा नेपाल सरकार, अर्थ मन्त्रालयले एक अर्ब रुपैयाँ अग्रीम जम्मा गर्नेछ । उक्त रकमले अपुग हुने भएमा केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयले थप रकम उपलब्ध गराउनेछ ।

(३) बैङ्क तथा वित्तीय संस्थाहरूले यस कार्यविधि बमोजिम प्रवाह गरेको कर्जाको ब्याज अनुदान प्राप्त गर्न कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम भुक्तानी गरेको प्रमाण सहित त्रैमासिक रुपमा नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा उक्त बैङ्कमा निवेदन दिनु पर्नेछ ।

(४) बीमा कम्पनीहरूले यस कार्यविधि बमोजिम प्रवाह गरिएको कर्जासँग सम्बन्धित व्यवसायिक बीमा प्रिमियम वापतको रकम अनुदानका लागि कागजात सहित त्रैमासिक रुपमा बीमा समितिले तोकेको ढाँचामा उक्त समितिमा निवेदन दिनु पर्नेछ र बीमा समितिले यसरी प्राप्त निवेदनको आवश्यक छानवीन गरी नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ ।

(५) निक्षेप तथा कर्जा सुरक्षण कोषले यस कार्यविधि बमोजिम प्रवाह गरिएको कर्जाको सुरक्षण सुनिश्चित गरी कर्जा सुरक्षण शुल्क वापतको रकम अनुदानका लागि कागजात सहित त्रैमासिक रूपमा नेपाल राष्ट्र बैङ्कमा सोधभर्ना माग गर्नु पर्नेछ ।

(६) उपदफा (३), (४) र (५) बमोजिम प्राप्त निवेदन तथा मागका आधारमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा समितिलाई ब्याज, सुरक्षण शुल्क र बीमा प्रिमियम वापत अनुदान रकमको सोधभर्ना अनुदान सोधभर्ना खाताबाट नेपाल राष्ट्र बैङ्कको कार्यालयहरूमा

रहेका खाता मार्फत वा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, निक्षेप तथा कर्जा सुरक्षण कोष र बीमा समितिको माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ ।

(७) बीमा समितिले उपदफा (६) बमोजिम प्राप्त रकम सम्बन्धित बीमा कम्पनीको माग अनुरूपको बैङ्क खाता मार्फत सोधभर्ना दिनु पर्नेछ ।

परिच्छेद ७

सहुलियतपूर्ण कर्जा प्रवाह तथा ब्याज अनुदान वितरणसँग सम्बन्धित निकायहरुको काम, कर्तव्य र अधिकार

१५. **बैङ्क तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) निवेदकले यस कार्यविधि बमोजिम कर्जाको लागि निवेदन दिएमा सम्बन्धित बैंङ्क तथा वित्तीय संस्थाले कर्जाको प्रकार, उद्देश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता तथा कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने । कर्जा प्रवाह गर्न नसकिने भएमा स्पष्ट आधार र कारण सहित सम्बन्धित निवेदकलाई लिखित जानकारी दिने,

(ख) कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा ऋणीले अनुदान पाउने ब्याज रकम बाहेक अरू ब्याज रकम असूल गरेको प्रमाणसहित नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) खण्ड (क) बमोजिम ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जाको त्रैमासिक विवरण नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा १५ दिनभित्र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउने,

(घ) कर्जाको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकतानुसार सदुपयोगिता निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राख्ने ।

१६. **बीमा कम्पनीको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित बीमा कम्पनीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको हकमा व्यवसायिक बीमाका लागि निवेदन प्राप्त भएमा व्यवसायको प्रकृति, कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरि व्यवसायीसँग २५ प्रतिशत मात्र बीमा प्रिमियम लिई बीमा गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने ७५ प्रतिशत बीमा प्रिमियम वापतको रकम अनुदान स्वरुप प्राप्त गर्नका लागि बीमा समितिसँग सोधभर्ना माग गर्ने,

(ग) यस कार्यविधि बमोजिम बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी पर्न आएमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउने ।

१७. **निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको सुरक्षणका लागि निवेदन प्राप्त भएमा कर्जाको प्रकार, उद्देश्य, रकम तथा जोखिमको स्तर लगायतका आधारमा संक्षिप्त प्रक्रिया अवलम्बन गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थासँग २५ प्रतिशत मात्र सुरक्षण शुल्क लिई सुरक्षण गर्ने,

(ख) नेपाल सरकारले उपलब्ध गराउने ७५ प्रतिशत सुरक्षण शुल्क वापतको रकम अनुदान स्वरुप प्राप्त गर्न नेपाल राष्ट्र बैङ्कसँग सोधभर्ना माग गर्ने,

(ग) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जा दफा ४ बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र ऋणीले चुक्ता नगरेमा दफा २२ बमोजिमको कारवाही प्रक्रिया पूरा गरी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कोषमा दावी गरेमा नियमानुसार भुक्तानी गर्ने,

(घ) यस कार्यविधि बमोजिम प्रवाह भएको कर्जाको सुरक्षण शुल्क तथा सुरक्षण दावी भुक्तानीको अद्यावधिक अभिलेख राखी सोको विवरण केन्द्रीय समन्वय तथा अनुगमन समितिमा पठाउने ।

१८. **बीमा समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्नका लागि बीमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) सम्बन्धित बीमा कम्पनीले यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जाको व्यवसायिक बीमा गरे वापतको बीमा प्रिमियम माग गरेमा नेपाल राष्ट्र बैङ्कमा रहेको अनुदान सोधभर्ना खाताबाट निकासा लिई सम्बन्धित बीमा कम्पनीलाई सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) खण्ड (क) बमोजिम बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना उपलब्ध गराइएको रकमको त्रैमासिक विवरण केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई उपलब्ध गराउने,

(ग) बीमा गरिएको व्यवसायमा क्षति भई सोको क्षतिपूर्तिका लागि दावी प्राप्त भएमा सम्बन्धित बीमा कम्पनी मार्फत संक्षिप्त प्रक्रिया अवलम्बन गरी व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,

(घ) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि सम्बन्धित बीमा कम्पनीहरुको आवश्यक नियमन, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

१९. **नेपाल राष्ट्र बैङ्कको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैङ्कको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) बैङ्क तथा वित्तीय संस्था, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषबाट कर्जामा प्रदान गरिने अनुदान रकम माग भई आएमा अनुदान सोधभर्ना खाताबाट नियमानुसार सोधभर्ना रकम उपलब्ध गराउने,

(ख) यो कार्यविधि बमोजिम क्षेत्रगत तथा बिषयगत कर्जा तथा ब्याज अनुदानको विवरण अर्थ मन्त्रालयलाई त्रैमासिक रूपमा उपलब्ध गराउने,

(ग) यो कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको आवश्यक अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(घ) कर्जा सदुपयोग भएको नपाईएमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम कारवाही गरी अनुदान वापतको रकम बैङ्क तथा वित्तीय संस्थालाई भुक्तानी सोधभर्ना नदिने ।

परिच्छेद ७ क

केन्द्रिय निर्देशन समिति

१९क. केन्द्रिय निर्देशन समितिको गठनः (१) यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा सहजीकरण, समन्वय, अनुगमन एवम् निर्देशन दिन देहाय बमोजिम केन्द्रिय निर्देशन समिति रहने छ ।

(क)	सचिव, अर्थ मन्त्रालय	संयोजक
(ख)	डेपुटी गभर्नर, (नेपाल राष्ट्र बैङ्कले तोकेको)	सदस्य
(ग)	सह-सचिव, कृषि तथा पशुपंछी विकास मन्त्रालय	सदस्य
(घ)	अध्यक्ष, बीमा समिति	सदस्य
(ङ)	प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष	सदस्य
(च)	सह-सचिव, अर्थ मन्त्रालय (सम्बन्धित महाशाखा	सदस्य सचिव

(२) समितिले छलफल तथा निर्णयका लागि विषयवस्तुका आधारमा विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको बैठक भत्ता तथा खाजा खर्च अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

(४) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ र आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

१९ख. **केन्द्रिय निर्देशन समितिको काम, कर्तव्य र अधिकारः** केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधिको कार्यान्वयनका लागि नेपाल सरकारका अन्तर निकाय बीच समन्वय गर्ने,

(ख) यस कार्यविधि कार्यान्वयन गर्दा देखापर्ने बाधा फुकाउन कार्यविधिको व्याख्या गरी केन्द्रिय समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

(ग) कार्यविधिमा भएका व्यवस्थाहरु परिमार्जन गर्नु परेमा अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) यस कार्यविधिको कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गर्ने वा गर्न निर्देशन दिने ।

परिच्छेद ८

समन्वय तथा अनुगमन समिति

२०. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको गठनः** (१) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि केन्द्रीयस्तरमा समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको केन्द्रीय समन्वय तथा अनुगमन समिति रहनेछ-

(क)	डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क (बैङ्क तथा वित्तीय संस्था नियमन विभाग हेर्ने)	संयोजक
(ख)	कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क (बैङ्क तथा वित्तीय संस्था नियमन विभाग)	सदस्य
(ग)	सह-सचिव, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)	सदस्य
(घ)	प्रमुख कार्यकारी अधिकृत, निक्षेप तथा कर्जा सुरक्षण कोष	सदस्य
(ङ)	कार्यकारी निर्देशक, बीमा समिति	सदस्य
(च)	अध्यक्ष, नेपाल बैङ्कर्स एशोसिएसन	सदस्य
(छ)	निर्देशक, नेपाल राष्ट्र बैङ्क (बैङ्क तथा वित्तीय संस्था नियमन विभाग)	सदस्य सचिव

(२) समितिले छलफल एवं निर्णयका लागि प्रस्ताव भएका विषयवस्तुहरुको आधारमा नेपाल सरकारका पदाधिकारी र बढीमा दुईजना विषय-विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको सचिवालय नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्था नियमन विभागमा रहनेछ । सचिवालयले समितिले तोकेका कार्यहरू गर्नेछ ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

२१. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधिको कार्यान्वयन गर्नका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने,

(ख) कर्जा प्रवाह गर्ने सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण गर्ने गराउने,

(ग) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउन सिफारिस गर्ने,

(घ) कार्यविधि तथा अनुसूचीको व्याख्या गर्ने तथा

(ङ) कार्यविधिमा भएका व्यवस्थाहरूमा हेरफेर गर्नु परेमा पुनरावलोकनका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष सिफारिस गर्ने ।

(च) केन्द्रिय निर्देशन समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

परिच्छेद ९

कारवाही सम्बन्धी व्यवस्था

२२. **कर्जा चूक्ता नगरेमा हुने कारवाहीः** (१) ऋणीले दफा ४ बमोजिम कर्जा चुक्ता नगरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले देहाय बमोजिमको कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछः-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न,

(ख) ऋणीको राहदानी रोक्का राख्न,

(ग) ऋणीको नाममा रहेको कुनै चल अचल सम्पति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(घ) ऋणीको बैङ्क तथा वित्तीय संस्थाहरुमा रहेको खाता रोक्का गर्न,

(ङ) नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गर्न ।

(२) कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस्ता सुविधा रोक्का गर्न अनुरोध गरेमा सम्बन्धित निकायले त्यस्ता ऋणीको सुविधा रोक्का राख्नु पर्नेछ ।

परिच्छेद १०

विविध

२३. **कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी अन्य व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्तगर्ने कर्जाहरूको वर्गीकरण नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका विषय बाहेक अन्य विषयमा प्रचलित कानून, नेपाल राष्ट्र बैङ्क, बीमा समिति तथा निक्षेप तथा कर्जा सुरक्षण कोषको नियमन र निर्देशनको परिधि भित्र रही यस्तो कर्जाको लगानी, अनुगमन, सुरक्षण, बीमा तथा असुली सम्बन्धमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था एवं बीमकले स्पष्ट नीति र प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रवाह हुने वा भएको दश लाख रुपैयाँ भन्दा माथिको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जालाई नेपाल राष्ट्र बैङ्कबाट विपन्न वर्ग कर्जा अन्तर्गत गणना गर्ने व्यवस्था मिलाइनेछ ।

(४) सामूहिक जमानीमा मात्र प्रवाह भएको कर्जाको हकमा अतिरिक्त जोखिम व्यवस्था गर्नु पर्ने छैन ।

(५) ऋणीले साँवा ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान रकम समेत सोही अवधिको ब्याज आम्दानीमा गणना गर्न सक्नेछ ।

(६) नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पूँजी कोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछ ।

२४. **गुनासो सम्बन्धी व्यवस्थाः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्था, बीमा कम्पनी लगायत यससँग सम्बन्धित निकायहरुले कर्जा प्रवाह नगरेको, ऋणीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका यससँग सम्बन्धित गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडि बढाउने कार्य केन्द्रीय समन्वय तथा अनुगमन समितिको सचिवालयले गर्नेछ ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

२६. **फाराम तथा ढाँचा सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कर्जा तथा ब्याज अनुदान प्रदान गर्दा प्रयोग हुने अन्य सरलीकृत फाराम तथा ढाँचा नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले तोके बमोजिम हुनेछ ।

२७. **संशोधन तथा हेरफेरः** (१) अर्थ मन्त्रालयको सिफारिसमा नेपाल सरकारले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

(२) यस कार्यविधिका अनुसूची केन्द्रीय समन्वय तथा अनुगमन समितिको सिफारिसमा अर्थ मन्त्रालयले संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

२८. **खारेजी तथा बचाऊः** (१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३" र "भूकम्प पीडितहरुको घर निर्माणका लागि सामुहिक वा धितो जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

(क) **व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा:**

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
२. बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
३. वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा वागवानी,
४. पशुपन्छीपालन,
५. अष्ट्रिच, टर्की र हाँसपालन, सोको मासु एवं अण्डाको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,
६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्री वितरण,
७. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण,
८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,
९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
१०. पशुवधशाला, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,
११. जडिवुटी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
१२. उखु, कफी, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्री वितरण,
१३. मौरी पालन व्यवसाय,
१४. जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१५. प्राङगारिक तथा जैविक मल,
१६. पशुपन्छीजन्य दाना उद्योग,
१७. कपास, ऊन, रेसम खेती/उत्पादन, प्रशोधन र बिक्री वितरण,
१८. भेडा, च्याङ्गा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१९. नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरू ।
२०. कृषि औजार, उपकरण वा संयन्त्रको उत्पादन, खरिद तथा बिक्रि वितरण
२१. कृषि चुन उद्योग

तर, माथि उल्लेख भएबमोजिमका व्यवसायिक कार्यहरु सञ्चालन गर्दा बिक्रि वितरणमात्र गर्ने व्यवसायलाई ब्याज अनुदान प्रदान गरिने छैन । उक्त उद्योग व्यवसायहरु उत्पादन देखि प्रशोधन सम्मको कार्यमा संलग्न भएको हुनु पर्नेछ ।

(ख) **शिक्षित युवा स्वरोजगार कर्जा, (ग) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा र (घ) महिला उद्यमशीलता कर्जा:**

देहायका व्यवसाय तथा उद्यमहरूको लागि प्रवाह हुनेछ ।

(१) **कृषि व्यवसाय** (उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण)

(क) **खाद्यान्न, नगदे बाली, तरकारी, फलफुल तथा जडिवुटी:**

- धान, गहुँ, मकै, कोदो, जौ, तोरी, सर्स्यू, केराउ, चना, भटमास आदि ।
- चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा, बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि ।
- लसुन, प्याज, आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली, गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियाँ, तरुल, घिरौंला आदि ।
- आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामीर, लप्सी, लिची, कटहर, भूइँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि ।

- नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबूटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबै किसिमका जडिबूटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि ।

(ख) **पशुपन्छीपालनः**

- गाई, गोरु, भैंसी, राँगो, बङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाखा, थुमा, खसी, वाच्छा-बाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु ।
- कुखुरा, हाँस, परेवा, लौकाट, बट्टाई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्क्षीहरु ।
- व्यवसायिकरुपले गरिएको मत्स्यपालन, मौरीपालन, रेशम किरा पालन आदि ।

(ग) **सिंचाई तथा सिंचाई उपकरणः**

- कृषि उत्पादन वृद्धि गर्न सघाउ पुर्याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि ।

(घ) **कृषि औजार वा संयन्त्रः**

- थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर आदि ।

(ङ) **वन विकास तथा चरन विकासः**

- नर्सरी स्थापना र विकास, निजी एवं सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि।

(च) **जग्गा विकास र भू-संरक्षणः**

- जमीन सुधार, तार-बार, जाली, पर्खाल आदि ।

(छ) **प्रचलित कानूनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु** ।

(२) **उद्योग व्यवसायः**

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना, जुत्ता चप्पल उत्पादन र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(३) **सेवा व्यवसायः**

(क) स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरुः स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि संचालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।

(ख) पशुपक्षी सम्बन्धी चिकित्सा व्यवसायहरुः पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

(ग) कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुर्याउने सेवा व्यवसायहरुः कृषि सामाग्री, बेचबिखन, कृषि उपज वेच विखन, औद्योगिक कच्चा पदार्थको खरदि बिक्री आदि।

(घ) सीप एवं स्वरोजगारमूलक व्यवसायहरूः फोटोकपी, कम्प्यूटर सञ्चालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी,

कम्प्यूटर, टि.भी., टेलिफोन, घडी आदि), सिलाई, बुनाई, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श, खानेपानी वितरण र सरसफाईसँग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल-उद्यान, खेलकूद आदि ।

(ङ) पर्यटन सम्बन्धी व्यवसायहरुः होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, च्याफटिङ्ग आदि ।

(च) सञ्चार सम्बन्धी व्यवसायहरुः टेलिफोन, फ्याक्स, ई-मेल-इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

(छ) यातायात सेवा सम्बन्धी सम्पूर्ण सवारी साधनहरु

(ज) प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानूनले तोकेका अन्य सेवामूलक व्यवसायहरु ।

(४) **अन्य व्यवसायः**

- **मूल्य अभिबृद्धि हुने व्यवसाय** जस्तै रेडियो, घडि, टेलिभिजन, कम्प्यूटर, आधुनिक वत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।
- **सूचना प्रविधिः** कम्प्यूटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी व्यवसाय ।
- **विविधः** खुद्रा पसल, आवास निर्माण, सौर्य बत्ती, धारा वाथरुम तथा शौचालय निर्माण ।
- **प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु** ।

(ङ) **दलित समुदाय व्यवसाय विकास कर्जाः**

नेपाल सरकारले दलित समुदायलाई सामूहिक जमानीमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका लागि योग्य व्यवसायहरूः

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,
२. सिलाई कटाई, सिलाई कटाई तालिम संचालन, सिलाई मेशिन खरिद गर्न,
३. परम्परागत आय आर्जनका पेशाहरु,
४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,
५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु विक्री गर्न,
६. परम्परागत सुन चाँदीका गहना एवं भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालीगढी सेवा,
७. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,
८. आफ्नो पुर्ख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, व्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,
९. नेपाल सरकारले समय समयमा तोकेका अन्य पेशाहरु ।

(च) **उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाः**

आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जाका लागि योग्य क्षेत्रहरूः

१. नेपाल सरकारले तोकिदिएका विषयको उच्च शिक्षा,
२. स्वास्थ्यसँग सम्बन्धित विषयहरु एम.वि.वि.एस, आयुर्वेद चिकित्सा, वि.डि.एस, वि.पि.एच, फार्मेसी, नर्सिङ लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,
३. इन्जिनियरिङसँग सम्बन्धित विषयहरु जस्तै सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक्स, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,
४. पशु विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,
५. कृषि विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,
६. अन्य प्राविधिक विषयहरुसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु ।

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिमको
..... कर्जाका लागि ऋणीले बैंकमा दिने निवेदनको ढाँचा

मितिः २०७.. / .. / ..

श्री ..... बैंक लि.
..... ।

विषयः ब्याज अनुदान सहितको ..... कर्जा बारे ।

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले जारी गरेको "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम .....कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म, कम्पनी, संस्था) .....लाई ..... प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवदेन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवदेन साथ संलग्न गरी पेश गरेका छु/छौं । मैले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु ।

नामः
ठेगाना :
सम्पर्क टेलिफोन नं.

<u>फर्म, कम्पनी, संस्था, उद्योग भए,</u>
नामः
छापः
ठेगानाः
सम्पर्क टेलिफोन नं.

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रदान गरेको कर्जाको अनुदानको लागि बैंक तथा वित्तीय संस्थाले यस बैंकमा पेश गर्ने निवेदनको ढाँचा

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय :- "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रवाह भएका कर्जाको आ.व..... को ..... त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" अनुरुप प्रवाह गरेको सम्पूर्ण कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा पाउने ब्याज अनुदान वापतको रकम कुल रु ..... (अक्षरेपी .....) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. ..... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरुबाट ब्याज वापत रकम रु .....(अक्षरेपी .....) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ ।

दस्तखतः	दस्तखतः
नामः	नामः
पदः	पदः
विभाग/कार्यालय :	विभाग/कार्यालय :
	छापः

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रदान गरेको कर्जाको अनुदानको लागि बैंक तथा वित्तीय संस्थाले यस बैंकमा पेश गर्ने कर्जाको ऋणीहरुको विवरण पेश गर्ने ढाँचा

(यस्तो निवेदन ७ प्रकारका कर्जाहरुको लागि अलग अलग पेश गर्नु पर्ने)

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान प्रदान गरिएको ..... कर्जाको ..... त्रैमासको विवरण ।

महाशय,

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रवाह भएको .....कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

ब्याज अनुदान शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण

क्र.सं.	ऋणीको नाम	कर्जा प्रवाह मिति	कर्जाको अन्तिम भुक्तानी मिति	बाँकी कर्जा (रु)	कायम भएको ब्याजदर	यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु)	ब्याज अनुदान रकम (रु)	कैफियत
जम्मा								

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु..... अक्षरेपी .....

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :

दस्तखतः
नामः
पदः
विभाग/कार्यालयः
छापः

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रदान गरेको कर्जाको अनुदानको लागि बैंक तथा वित्तीय संस्थाले यस बैंकमा पेश गर्ने कर्जाको ऋणीहरुको विवरण पेश गर्ने ढाँचा

(यस्तो निवेदन ७ प्रकारका कर्जाहरुको लागि अलग अलग पेश गर्नु पर्ने)

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका .....कर्जाको .....त्रैमासिक विवरण ।

महाशय,

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" अनुरुप प्रवाह भई नियमित नभएका .....कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण

क्र.सं.	ऋणीको नाम	कर्जा प्रवाह मिति	कर्जाको अन्तिम भुक्तानी मिति	बाँकी कर्जा (रु)	कायम भएको ब्याजदर	यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु)	ब्याज अनुदानको अनुमानित रकम (रु)	कैफियत
जम्मा								

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु..... अक्षरेपी .....

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :
छापः

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम प्रदान गरेको कर्जाको बैंक तथा वित्तीय संस्थाले पेश गर्ने त्रैमासिक विवरणको ढाँचा

.....बैंक/वित्तीय संस्था लि.

.....साल ..... मसान्तको सहुलियतपूर्ण कर्जाको त्रैमासिक विवरण

		अघिल्लो त्रयमाससम्म			यस त्रयमासमा			यस त्रयमाससम्ममा			लगानीमा रहिरहेको बाँकी कर्जा (कर्जा बक्यौता)		कैफियत
क्र.स	लक्षित समुह	प्रवाहित कर्जा		अनुदान प्राप्त ब्याज	प्रवाहित कर्जा		माग ब्याज अनुदान	प्रवाहित कुल कर्जा		कुल ब्याज अनुदान			
		संख्या	रकम		संख्या	रकम		संख्या	रकम		संख्या	रकम	
१	व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा												
२	शिक्षित युवा स्वरोजगार कर्जा												
३	वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा												
४	महिला उद्यमशीलता कर्जा												
५	दलित समुदाय व्यवसाय विकास कर्जा												
६	उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा												
७	भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा												
८	कपडा उद्योगलाई दिइने कर्जा												
९	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिने तालिम सम्बन्धी कर्जा												
	जम्मा												

नोटः यस्तो विवरण त्रयमास समाप्त भएको १५ दिन भित्र यस बैंकमा पेश गर्नुपर्नेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ३/०७७

एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट र सुविधाको सीमा निर्धारण सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई तथा अर्थ व्यवस्थाको एकै क्षेत्रमा प्रवाह हुने कर्जाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. कर्जा सापट तथा सुविधाको सीमा निर्धारणः

इजाजतपत्रप्राप्त संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई कोषमा आधारित (Fund Based) कर्जा सापट र गैरकोषमा आधारित (Non-Fund Based) सुविधाहरु समेत गरी आफ्नो प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्मको सीमा कायम गरी प्रदान गर्न सक्नेछन् ।

देशको उत्पादन, रोजगारी लगायतका पक्षलाई दृष्टिगत गरी निर्यात क्षेत्र, साना तथा मझौला उद्योग, औषधी उत्पादन उद्योग, कृषि क्षेत्र, पर्यटन उद्योग, सिमेन्ट उद्योग, फलाम उद्योग तथा अन्य उत्पादनमूलक उद्योगहरुमा प्रवाह हुने कर्जाको एकल ग्राहक कर्जा सीमा अधिकतम ३० प्रतिशत कायम गरिएको छ । यसरी कर्जा सापट तथा सुविधाको सीमा स्वीकृत गर्दा इजाजतपत्रप्राप्त संस्थाको लागि आन्तरिक लेखापरीक्षकले प्रमाणित गरेको ठीक अघिल्लो त्रयमासको वासलातमा देखिने प्राथमिक पुँजीको आधारमा प्रतिग्राहक कर्जा सापट तथा सुविधाको सीमा निर्धारण गर्नु पर्नेछ ।

कुनै ग्राहक समूहमा उपर्युक्त बमोजिमका दुवै प्रकारका सीमा कायम गर्नुपर्ने प्रकृतिका उद्योग, व्यवसायहरु रहेको अवस्थामा त्यस्तो ग्राहक समूहलाई कुल कर्जा सापट तथा सुविधाको सीमा ३० प्रतिशत कायम गर्नुपर्नेछ । तर त्यस्तो कुल कर्जा सापट तथा सुविधा अन्तर्गत ३० प्रतिशत कर्जा सीमा कायम गर्नुपर्ने भनी माथि उल्लेख गरिएका उद्योग बाहेकका कर्जा सापट तथा सुविधाको सीमा भने २५ प्रतिशत भन्दा बढी हुने छैन ।

२. जलविद्युत लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) र केवलकार निर्माण परियोजनामा कर्जा प्रवाह गर्ने सम्बन्धमाः

(क) इजाजतपत्रप्राप्त संस्थाले जलविद्युत लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) र केवलकार निर्माण परियोजनामा कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म प्रवाह गर्न सक्ने छन् ।

तर, जलविद्युत लगायत नवीरकणीय उर्जा परियोजनाको हकमा प्राथमिक पुँजीको २५ प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्नु पर्ने अवस्थामा सम्बन्धित निकायसँग अनिवार्य रुपमा विद्युत खरिद सम्झौता (Power Purchase Agreement) भएको हुनु पर्नेछ ।

(ख) यस्ता परियोजनाको भुक्तानी तालिका (Repayment Schedule) तयार गर्दा नगद प्रवाह तथा अन्य प्रमाणको आधारमा पुष्टी हुने गरी गर्नु पर्नेछ ।

(ग) परियोजना विश्लेषण गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तय गरेको Moratorium Period अथवा त्यस्तो परियोजनाबाट विद्युत उत्पादन भई **प्रसारण लाइनमा जोडिएको तीन महिना मध्ये जुन पछि हुन्छ सो मिति पश्चात किस्ता भुक्तानी सुरु गर्न सकिने छ ।**

(घ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले विशुद्ध जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line), **नवीकरणीय उर्जा परियोजना** र केवलकार निर्माण सम्बन्धी परियोजनाहरुमा लगानी गर्दा मात्र विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई वृद्धि गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म लगानी सीमा कायम गरिएको छ । तर, जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line), **नवीकरणीय उर्जा परियोजना** र केवलकार निर्माण सम्बन्धी परियोजना सम्बन्धी ग्राहकले गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा पनि लगानी गर्न चाहेमा ५० प्रतिशतको सीमा ननाघ्ने गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी बढीमा २५ प्रतिशतसम्म मात्र कर्जा/सुविधा प्रवाह गर्न सकिने छ ।

*(उदाहरणको लागि, : कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ५० प्रतिशत विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रसारण लाइन/केवलकार/**नवीकरणीय उर्जा** परियोजनामा लगानी गरेमा अन्यमा लगानी गर्न पाइने छैन । कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ४० प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार/**नवीकरणीय उर्जा** परियोजनामा लगानी गरेमा अन्यमा १० प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ । कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको १ प्रतिशतदेखि २५ प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार/**नवीकरणीय उर्जा** परियोजनामा लगानी गरेमा अन्यमा २५ प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ ।)*

कथंकदाचित, गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार/**नवीकरणीय उर्जा** परियोजनामा तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा सीमा नाघेको रकम बराबरको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

३. कर्जा सापट तथा सुविधाको सीमामा छुट

देहायका कर्जा सापट वा सुविधाको हकमा बुँदा नं. १ मा उल्लेख गरिएको सीमा लागू हुने छैन :-

(क) मुद्दती रसिद, नेपाल सरकारको सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा र विश्व बैंक, एसियाली विकास बैंक तथा अन्तर्राष्ट्रिय वित्त निगम लगायतका नेपाल सदस्य भएको अन्तर्राष्ट्रिय बहुपक्षीय (Multilateral) वित्तीय संस्थाहरु तथा अन्तर्राष्ट्रिय श्रेणीकृत (Rated) बैंकको निःशर्त जमानतमा प्रदान गरिने कर्जा सापट तथा सुविधाहरु ।

साथै, सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा यस बैंकले जारी गरेको निर्देशनमा उल्लेख भएको व्यवस्था समेत कायम रहने गरी त्यस्ता अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाले जारी गर्ने **निःशर्त** जमानत (Guarantee) मा आधारित भई बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने कर्जामा पुँजीकोषको अनुपात गणना गर्ने प्रयोजनका लागि शुन्य जोखिम भार (Zero Risk Weight) प्रदान गर्न सकिने छ ।

स्पष्टीकरण: अन्तर्राष्ट्रिय श्रेणीकृत (Rated) बैंक भन्नाले संयुक्त अधिराज्य बेलायतको लण्डनबाट प्रकाशित The Banker पत्रिकाले प्रत्येक वर्ष जुलाई महिनामा प्रकाशन गर्ने Top Thousand World Banks को सूचीमा ठीक अघिल्लो वर्ष समावेश भएका बैंकहरुलाई सम्झनु पर्नेछ ।

(ख) कर्जासँग सम्बन्धित जोखिमबाट सुरक्षित हुने पर्याप्त व्यवस्था गरी देहायका संस्थाहरुलाई देहाय बमोजिमका वस्तुहरु खरिद तथा आयात गर्न "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुबाट प्रदान गरिने कर्जा सापट तथा सुविधाहरु

क्र.सं.	संस्था	वस्तु
(१)	नेपाल आयल निगम लि.	ग्याँस तथा पेट्रोलियम पदार्थ
(२)	नेपाल खाद्य संस्थान	खाद्यान्न
(३)	कृषि सामग्री कम्पनी लि.	कृषि रासायनिक मल

४. संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरुको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधा प्रदान गर्ने व्यवस्था

संयुक्त लगानीमा सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरुको संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरुको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधा प्रदान गर्न कुनै बाधा पर्नेछैन । तर, यसरी प्रदान गरिएको कर्जामा प्रतिग्राहक कर्जा सीमाको व्यवस्था भने लागू हुनेछ । त्यस्ता संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्था अन्तर्राष्ट्रिय श्रेणीकृत (Rated) बैंक भएमा माथि बुँदा नं ३ को (क) मा उल्लेख भए बमोजिम कै व्यवस्था लागू हुनेछ ।

५. आपसी सम्बन्ध भएका ग्राहकहरुलाई एउटै समूह मानिने व्यवस्था

कर्जा सापट तथा सुविधा सीमाको प्रयोजनको निमित्त आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई देहायका अवस्थामा एउटै समूह मानिने छ :-

(क) कुनै कम्पनीले अर्को कम्पनीको २५ प्रतिशत वा सोभन्दा बढी सेयर लिएको भए त्यस्ता दुवै कम्पनीहरु,

(ख) कुनै व्यक्ति, कम्पनीको सञ्चालक, प्राइभेट लिमिटेड कम्पनीका सेयरधनी, साझेदारी फर्मका साझेदार, फर्मका प्रोप्राइटर तथा त्यस्ता व्यक्ति, सञ्चालक, सेयरधनी, साझेदार वा प्रोप्राइटरका एकाघरमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनी,

(ग) खण्ड (ख) मा उल्लिखित व्यक्तिहरुले एक्लै वा संयुक्तरुपमा अर्को कम्पनीको २५ प्रतिशत वा सो भन्दा बढी सेयर लिएको भए त्यस्ता कम्पनीहरु,

(घ) खण्ड (ख) मा उल्लिखित व्यक्तिहरुले एक्लै वा संयुक्त रुपमा अर्को कम्पनीको २५ प्रतिशत भन्दा कम सेयर लिएको भए तापनि त्यस्तो कम्पनीको व्यवस्थापनमा देहायका किसिमबाट नियन्त्रण भएका त्यस्ता कम्पनीहरु:-

(१) सञ्चालक समितिको अध्यक्ष भई,

(२) कम्पनीको कार्यकारी प्रमुख भई, वा

(३) कम्पनीको सञ्चालकहरुमध्ये २५ प्रतिशतभन्दा बढी सञ्चालकहरु नियुक्त गरी ।

(ङ) एकै समूहका भनी आवद्ध रहेका फर्म, कम्पनी वा त्यस्ता समूहका सदस्यहरु,

(च) खण्ड (ख) बमोजिम एउटा ग्राहक वा कम्पनीले अर्को ग्राहक वा कम्पनीलाई जमानत दिएको भए त्यस्ता ग्राहक वा कम्पनीहरु ।

तर राष्ट्रिय प्राथमिकताप्राप्त जलविद्युत आयोजनाको हकमा कुनै ग्राहकले जमानत दिएको आधारमा मात्र आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहमा नपर्ने गरी शर्तहरु तोकी छुट दिन सकिने छ । तोकिएको समयमा त्यस्ता आयोजना सम्पन्न नभएमा यस्तो छुट स्वतः रद्द हुनेछ ।

(छ) एउटै धितोमा एकभन्दा बढी व्यक्तिहरुलाई कर्जा प्रवाह गरेको भए त्यस्ता व्यक्तिहरु,

(ज) फर्म, कम्पनी बाहेक अन्य संस्थाहरुको हकमा सो संस्था सञ्चालन, नियन्त्रण वा व्यवस्थापनमा प्रत्यक्ष संलग्न व्यक्ति वा निजको एकाघरमा बसोबास गरी आएका वा छुट्टाभिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु, भाइ, तथा दिदी, बहिनी ।

६. आपसी सम्बन्ध भएका ग्राहकहरुको विवरण पठाउनु पर्ने

एउटा ग्राहक वा आपसी सम्बन्ध भएका ग्राहकहरुको अभिलेख अर्धवार्षिक रुपमा तयार गरी एक महिनाभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

७. अलग समूहको रुपमा लिइने व्यवस्था

नेपाल सरकारको पूर्ण वा ५० प्रतिशत भन्दा बढी स्वामित्व भएको संगठित संस्था वा कम्पनीलाई छुट्टै (अलग) समूहको रुपमा लिइने छ ।

८. अधिकेन्द्रित जोखिम (Concentration Risk) न्यूनीकरण गर्ने व्यवस्था

कुनै एउटा ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई बुँदा नं. (१) को उपबुँदा (१) मा तोकिएको सीमाभन्दा बढी कर्जा सापट वा सुविधा प्रदान गरेमा यस निर्देशनको उल्लंघन भएको मानिनेछ र त्यस्तो अवस्थाबाट उत्पन्न हुन सक्ने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा सापट वा सुविधाको शत प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ ।

९. ठूला ऋणीहरुको कर्जा विवरण पेश गर्नु पर्ने:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका ठूला ऋणी ("क" वर्गका लागि रु. ५ करोड तथा "ख" र "ग" वर्गका लागि रु. २ करोड भन्दा बढी कर्जा उपयोग गर्ने) को कर्जा सम्बन्धी विवरण **तोकिएको ढाँचामा समष्टिगत रुपमा तयार गरी त्रैमासिक रुपमा त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको रिपोर्टिङ पोर्टलमा ग्राहकको विवरण, ठूला ऋणीको समूहको विवरण, कोषमा आधारित कर्जा र गैरकोषमा आधारित कर्जा सम्बन्धी विवरण पेश गर्नुपर्नेछ । यस्तो विवरण पेश गर्दा हरेक ग्राहकलाई सम्बन्धित समूहमा नै राख्नु पर्नेछ ।**

१०. क्षेत्रगत कर्जा सम्बन्धी व्यवस्था

(१) जोखिम नियन्त्रण गर्नको लागि इजाजतपत्रप्राप्त संस्थाले पर्याप्त आन्तरिक नीति नियमको व्यवस्था गरी क्षेत्रगत कर्जा सघनताको अनुगमन गर्नु पर्नेछ । तर, यस बैंकले निर्देशन दिएमा बुँदा नं. ८ बमोजिम थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरुको सूची संलग्न निर्देशन फा.नं. **३.१** मा उल्लेख गरिएको छ ।

(२) क्षेत्रगत रुपमा प्रवाह गरिएको कर्जा तथा सुविधालाई इजाजतपत्रप्राप्त संस्थाले कर्जा सघनता अनुसार देहाय बमोजिम दुई तहमा छुट्याएर अनुगमन, नियन्त्रण तथा सूचना प्रणालीको व्यवस्था गर्नु पर्नेछ :- (फा.नं. ९.३ को ढाँचा अनुसार)

(क) तह १ : प्राथमिक पुँजीको ५० - १०० प्रतिशतसम्म एउटै क्षेत्रमा प्रवाहित कर्जा सापट र सुविधा । यस्तो कर्जाको मापन र अनुगमनको कार्यविधि तथा सूचना प्रणालीको व्यवस्था इजाजतपत्रप्राप्त संस्था आफैले गरी कम्तीमा त्रैमासिक रुपमा अनुगमन गर्नु पर्नेछ ।

(ख) तह २ : प्राथमिक पुँजीको शत प्रतिशतभन्दा बढी एउटै क्षेत्रमा प्रवाहित कर्जा सापट र सुविधाका सम्बन्धमा यस्तो कर्जाको इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट समेत अनुमोदन गराइएको हुनु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले त्यस्ता कर्जाहरुको सीमा प्राथमिक पुँजीको शत प्रतिशत भन्दा बढी कायम राख्ने वा नराख्ने भन्ने सम्बन्धमा वार्षिक रुपमा निर्णय गर्नु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (कुनै एक आर्थिक क्षेत्रमा मात्र कर्जा प्रवाह गर्न स्वीकृति पाएका वित्तीय संस्था बाहेक) ले कुनै एक क्षेत्रमा आफ्नो कुल बाँकी कर्जा सापटको बढीमा ४० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ । यसपूर्व ४० प्रतिशतभन्दा कम सीमा तोकिएका क्षेत्रहरूमा भने सोही बमोजिम हुनेछ ।

(४) घरजग्गा तथा रियल स्टेट कर्जा सम्बन्धी व्यवस्था :

(क) **काठमाडौं उपत्यकाभित्रको रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको Fair Market Value बीचको अनुपात (Loan to Value Ratio) बढीमा ४० प्रतिशत र अन्य स्थानको हकमा बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । तर,नीजि आवासीय घर कर्जा (Personal Residential Home Loan) र नियमानुसार दर्ता भई सञ्चालनमा रहेका नेपाल सरकारबाट स्वीकृति प्राप्त घर**

निर्माण व्यवसाय कम्पनीहरुलाई आवासीय घर निर्माणको लागि प्रदान गरिने कर्जाको हकमा यस्तो अनुपात (Loan to Value Ratio) बढीमा ६० प्रतिशतसम्म कायम गर्न सकिनेछ ।

(ख) पहिलो पटक घर खरिद गर्ने व्यक्ति (First Home Buyer) **लाई देहायको शर्तहरुको अधीनमा रही प्रदान गरिने रु. १ करोड ५० लाखसम्मको आवासीय घर कर्जामा loan to value ratio बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिनेछ ।**

(अ) ऋणी आफूले मात्र प्रयोग गर्ने गरी बढीमा ३ हजार वर्गफिटसम्मको घर/apartment हुनुपर्ने ।

(आ) कुनैपनि बैंक तथा वित्तीय संस्थाबाट यस पूर्व घर/ apartment निर्माण वा खरिद कर्जा नलिएको यकिन गर्नु पर्ने ।

(इ) यस सुविधा अन्तरगत कर्जा प्रदान गर्दा घरभाडालाई ऋणीको आम्दानीको श्रोतको रुपमा देखाउन नपाइने ।

(ई) कर्जाको व्याजदर वृद्धि भएमा पूर्व निर्धारित मासिक किस्ता वृद्धि नगरी कर्जा भुक्तान हुने व्यवस्था मिलाउनुपर्ने ।

(ग) आवासीय घर कर्जा, व्यावसायिक भवन तथा आवासीय अपार्टमेण्ट निर्माण कर्जा, निर्माण सम्पन्न भई आय आर्जन गर्न थालेको व्यापारिक कम्प्लेक्स कर्जा तथा अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) गरी कुल कर्जाको २५ प्रतिशतभन्दा बढी नहुने गरी कर्जा सीमा तोकिएको छ । साथै, अन्य रियल स्टेट कर्जा (जग्गाजमीन खरिद तथा प्लटिंग कर्जा समेत) को लागि प्रवाह हुने कर्जाको सीमा कुल कर्जाको १० प्रतिशत कायम गरिएको छ । घरजग्गा तथा रियल स्टेट कर्जा सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ :

(१) रियल स्टेट कर्जा सापट भन्नाले निर्देशन नं. ९ को निर्देशन फा. नं. ९.३ (क) प्रयोजन अनुसारको कर्जा सापटमा उल्लिखित प्रष्टीकरणको सि.नं. **६** को रियल स्टेट कर्जालाई बुझाउने छ ।

(२) कर्जा प्रवाह गर्दा माथि उल्लिखित सीमा नाघ्नेगरी इजाजतपत्रप्राप्त संस्थाले उक्त प्रयोजन/Product हरुमा प्रदान गरेको कर्जाको पुनरसंरचना वा नवीकरण गर्न पाउने छैनन् ।

(३) समग्र सीमा कायम गर्ने सिलसिलामा कुनै कर्जा विशेषलाई भुक्तानी म्याद अगावै असुली गर्ने गरी कलब्याक गर्न यस व्यवस्थाले बाध्य गराएको छैन । इजाजतपत्रप्राप्त संस्थाले प्रत्येक कर्जाको किस्तावन्दीको आधारमा कायम राखेको भुक्तानी म्यादसम्म सो कर्जालाई सोही किस्ता बमोजिम कर्जा असुल गर्न सकिने छ ।

(४) यस व्यवस्था अन्तर्गत कायम गएिको कर्जा सीमा नाघेमा नाघेजति रकमको लागि कुल जोखिम भारित सम्पत्तिको गणना गर्दा १५० प्रतिशतको जोखिम भार प्रदान गर्नु पर्नेछ ।

(५) बहुआवासीय घरका लागि एक मात्र बैंकले कर्जा प्रवाह गर्ने भए सोही बैंक र सह-वित्तीयकरण अन्तर्गतको कर्जा भए अगुवा बैंकमा अपार्टमेन्ट खरिदकर्ताहरुले Down Payment वा बुकिङ्ग खुल्ला गरेपछि जम्मा गरेको रकम अनिवार्यरुपले सम्बन्धित बैंक वा अगुवा बैंकमा जम्मा गराइएको हुनु पर्नेछ ।

(५) व्यक्तिगत आवासीय घर कर्जा (Home Loan) सम्बन्धी व्यवस्था

(१) उपबुँदा नं. ४ को खण्ड **(ग)** बमोजिम सीमा गणना गर्दा रु. १ करोड ५० लाख वा सो भन्दा कमको व्यक्तिगत आवासीय घर कर्जालाई समावेश गर्नुपर्नेछैन ।

(२) व्यक्तिगत आवासीय घर कर्जा भन्नाले बैंक/वित्तीय संस्थाले ग्राहकको आयस्रोत हेरी सो स्रोतले पर्याप्त धान्ने किस्ता कायम गरी उक्त ग्राहकले आफैं प्रयोग गर्ने वा भाडामा लगाउने उद्देश्यले घर निर्माण, घर/अपार्टमेन्ट खरिदको लागि प्रवाह गरेको आवासीय घर कर्जा (Home Loan) लाई मात्र बुझाउनेछ ।

(३) यो खण्ड बमोजिमको व्यक्तिगत आवासीय घर कर्जा प्रवाह गर्दा बैंक/वित्तीय संस्था आफैंले Product Paper तयार गरी सम्बन्धित संस्थाको सञ्चालक समितिले स्वीकृत गरे पश्चात मात्र यस्तो प्रकृतिको कर्जा प्रवाह गर्नु पर्नेछ ।

(४) यो खण्ड बमोजिमको व्यक्तिगत आवासीय घर कर्जा एउटा बैंक/वित्तीय संस्थाबाट एउटा परिवारलाई एउटासम्म मात्र प्रदान गर्न सकिने छ ।

(६) घर/भवन निर्माण सम्बन्धी व्यवस्था :

(क) नगरपालिका क्षेत्रभित्रको घर/भवनको सुरक्षणमा वा घर/भवन निर्माणका लागि कर्जा प्रवाह गर्दा घर/भवन निर्माण सम्बन्धमा सम्बन्धित स्थानीय तह/कार्यालयबाट जारी मापदण्डहरु पूरा गरे/नगरेको यकिन गरी नक्सापास, आवश्यकता अनुसार अन्य निकायको स्वीकृति, घर/भवन निर्माण सम्पन्न प्रमाणपत्र/प्रमाणीकरण/ **अभिलेखीकरण** लगायतका कागजातहरु लिने व्यवस्था गर्नु पर्नेछ ।

(ख) घर/भवन निर्माणका लागि कर्जा प्रदान गर्दा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय भवन संहिता लागू गरेका गाँउपालिकामा राष्ट्रिय भवन संहिता अनुसरण गरी निर्माण गरिने भवनहरुमा मात्र कर्जा प्रवाह गर्नु पर्नेछ ।

Any residual liabilities not captured above, shall be presented under an appropriate head in this account. Liabilities relating to employees benefits like liabilities for defined benefit obligation gratuity and pension fund, liabilities for long-service leave, cash settled share based payment liabilities, short-term employee benefits etc., Creditors and accruals, Interest payable on deposit and borrowing, unearned income, unpaid dividend etc. shall be presented under this account head.

10. Debt securities issued

Debenture, bond or other debt securities issued by bank shall be presented under this broad account head.

11. Subordinated Liabilities

Liabilities subordinated, at the event of winding up, to the claims of depositors, debt securities issued and other creditors shall be included here. It shall include redeemable preference share, subordinated notes issued, borrowingsetc.

12. Share capital

The amount of paid up share capital of the licensed institution shall be mentioned under this head. Amount credited in share capital by issuing bonus shares utilizing the accumulated profit and reserves shall also be disclosed under this heading. This shall include paid up amount of ordinary share capital and equity component of preference share capital. The convertible preference shares which includes an option for the holder of the shares to convert the preferred shares into a fixed number of ordinary shares at any time after a predetermined date, irredeemable preference share and perpetual debt instruments, the equity component that is recognized and measured as per NFRSs as equity as well shall be presented under this heading.

13. Share premium

The amount of money collected on issue of shares in excess of its face value shall be presented under this heading. The outstanding amount in this account shall not be considered eligible for distribution of cash dividend.

14. Retained earnings

The accumulated profits which has not been distributed to shareholders and has been ploughed back in the licensed institution's operations and is free for distribution of dividend to the shareholders shall be presented under this heading.

15. Reserves

Licensed institution shall include the amounts received from allocation of profits or retained earnings in connection with maintaining reserves or created from any other process. Normally, amount shall be credited to this heading having debited the accumulated profit and while using these reserves, the concerned reserve account shall have to be debited. Followings are the additional clarification of account head under reserve.

(a) General Reserve:

General reserve is the statutory reserve. In this reserve, the amount transformed from appropriation of net profit according to the Banks and Financial Institutions Act, 2073 shall be included. No type of dividend (cash or bonus share) shall be distributed from the amount in general/statutory reserve. Approval of NRB shall be required in order to use the amount in this reserve.

(b) Exchange Equalization reserve

Exchange equalization reserve is a statutory reserve. A bank which has earned foreign exchange revaluation gain on foreign currency other than India currency has to allocate 25 percent of such revaluation gain to this reserve as per provision of the Bank and Financial

Institution Act. Any amount allocated to exchange equalization reserve as per the provision of the Bank and Financial Institutions Act, shall be presented under this heading.

(c) Fair Value Reserves

The fair value reserve comprises the cumulative net change in the fair value of financial assets that are measured at fair value and the changes in fair value is recognized in other comprehensive income, until the assets are derecognized. The cumulative amount of changes in fair value of those financial assets shall be presented under this account head.

(d) Assets Revaluation Reserve

Any reserve created from revaluation of assets (such as Property & Equipment, Intangible Assets, Investment Property) shall be presented under this heading. Revaluation reserves often serve as a cushion against unexpected losses but may not be fully available to absorb unexpected losses due to the subsequent deterioration in market values and tax consequences of revaluation.

(e) Capital Reserve

The capital reserve represents the amount of those reserves which are in nature of capital and which shall not be available for distribution of cash dividend. The amount from share forfeiture due to non-payment of remaining amount for the unpaid shares, capital grants received in cash or kind, capital reserve arising out of merger and acquisition etc should be presented under this heading.

(f) Special Reserve

Any special reserve that is created as per the specific requirement of NRB directive or special instruction of NRB shall represent special reserve. The amount allocated to this reserve by debiting retained earning account shall be presented under this heading.

(g) Capital Redemption Reserve

This head shall include the statutory reserve created for making payment towards Redeemable Non-Convertible Preference Shares.

(h) Dividend Equalization Fund

For the purpose of maintaining uniformity in dividend payment, certain amount of profit during the year of profit making may be transferred shall be presented under this account head. Dividend may be distributed by debiting this account with the approval of the Board of Directors and endorsed by the General meeting.

(i) Capital Adjustment/Equalization Fund

Any amount that is allocated from the amount retained profit to a reserve that is created for the raising capital of the Bank as well as calls is advance amount to make up minimum paid up capital amount shall be presented under this account head.

(j) Corporate Social Responsibility Fund

The fund created for the purpose of corporate social responsibility by allocating profit shall be presented under this account head.

(k) Investment Adjustment Reserve

It is a regulatory reserve created as a cushion for adverse price movements in bank's investments as directed by the Directives of Nepal Rastra Bank.

(l) Actuarial Gain/Loss Reserve

Actuarial gain or loss that represents change in actuarial assumptions used to value employee obligations shall be presented under this account head.

(m) Regulatory Reserve

The amount that is allocated from profit or retained earnings of the Bank to this reserve as per the Directive of NRB for the purpose of implementation of NFRSs and which shall not be regarded as free for distribution of dividend (cash as well as bonus shares) shall be presented under this account head. The amount allocated to this reserve shall include interest income recognized but not received in cash, difference of loan loss provision as per NRB directive and impairment on loan and advance as per NFRSs (in case lower impairment is recognized under NFRSs), amount equals to deferred tax assets, actual loss recognized in other comprehensive income, amount of goodwill recognized under NFRSs etc.

(n) Other Reserve Fund

Any reserve created with specific or non-specific purpose (except stated in above) shall be presented under this by disclosing accounting heads.

16. Non-controlling interest

Non-controlling interest (NCI) is the portion of equity ownership in a subsidiary not attributable to the parent company, which has a controlling interest and consolidates the subsidiary's financial results with its own. The bank who has a subsidiary and consolidates the financial statement of subsidiary in its own shall present the equity portion of the subsidiary that are attributable to the shareholders other than the bank under this account head.

Brief Explanations on Accounting Heads of the Statement of Profit or Loss Account

1. Interest income

The interest income recognized as per NFRSs shall be presented under this head. This heading shall include interest income on loan and advance, investment securities except on those investment securities measure at fair value through profit or loss, cash and and cash equivalent, due from Nepal Rastra Bank, due from BFIs, loan and advances to staff etc.

2. Interest expense

The interest expenses recognized as per NFRSs shall be presented under this head. The interest accrued on deposits collected, debt securities issued, borrowings obtained, subordinated liabilities, amount due to bank and financial institutions, due to NRB etc. shall be presented under this heading.

3. Fees and commission income

Fee income is earned for diverse ranges of services provided by the bank to its customers. Fee income arises on the execution of a significant act completed or from provision of services like asset management, portfolio management, management advisory and service fees etc. Loan documentation fee, loan management fee, consortium fee, commitment fee, card issuance and renewal fees, prepayment and swap fee, remittance fee, investment banking fee, asset management fee, brokerage, commission on letter of credit, commission on guarantee, locker rental income, etc. should be presented under this heading. The fees and commission income that are integral to the effective interest rate on the financial assets are included in the measurement of the effective interest rate and shall not be recognized as income, however immaterial amount can be recognized in profit or loss account as income.

4. Fees and commission expense

Payouts on account of fee and commission for services obtained by the bank shall be presented under this account head. This account head shall include card related fees, guarantee commission, brokerage expenses etc. The fees and commission expense that are integral to the effective interest rate on the financial liability are included in the measurement of the effective interest rate and shall not be recognized as expense

5. Net trading income

Trading income comprises gains less losses relating to trading assets and liabilities, and includes all realized interest, dividend and foreign exchange differences as well as unrealized changes in fair value of trading assets and liabilities shall be presented under this account head.

6. Other operating income

Receipt of all other operating income not specifically provided under the income heads above shall be booked and presented under this head. This shall include foreign exchange revaluation gain, gain/loss on sale of available for sale securities, dividend on available for sale securities, gain/loss on sale of property and equipment, gain/loss on sale of investment properties, operating lease income, gain/loss on sale of gold and silver, finance income of finance lease etc.

7. **Impairment charge/(reversal) for loan and other losses.**
   Impairment loss recognized as per NFRSs on loan and other losses shall be presented under this account head. It shall includes impairment charge/reversal on loan and advances to customers, loan and advances to bank and financial institutions, investment securities, placement with bank and financial institutions, property and equipment, goodwill and intangible assets, investment properties etc.
8. **Personnel expenses**
   All expenses related to employees of a bank shall be included under this head. Expenses covered under this head include employees' salary, allowances, pension, gratuity, contribution to provident fund, training expenses, uniform expenses, insurance, staff bonus, finance expense under NFRSs, cash-settled share-based payments etc.

9. **Other Operating expenses**
   All operating expense other than those relating to personnel expense are recognized and presented under this account head. The expenses covered under this account head shall include office administration expense, other operating and overhead expense, directors' emoluments, remuneration and non audit fee paid to auditors, professional and legal expense, branch closure cost expense, redundancy cost expense, expense of restructuring, impairment of non financial assets, expense of corporate social responsibility, onerous lease provisions etc.
10. **Depreciation and amortization**
    Depreciation is the systematic allocation of the depreciable amount of an asset over its useful life. Amortization is the systematic allocation of the depreciable amount of an intangible asset over its useful life.Depreciation measured and recognized as per NFRSs on property and equipment, and investment properties, and amortization of intangible assets shall be presented under this account head.
11. **Non operating income/expense**
    The income and expenses that have no direct relationship with the operation of transactions shall be presented under this head. The income/expense covered under this account head shall include loan written off, recovery of loan, redundancy provision, expense of restructuring etc
12. **Income tax expense**
    The amount of income tax on net taxable profit shall be recognized and presented under this account head. This account head shall include current tax expense and deferred tax expense/deferred tax income.

Brief Explanations on Accounting Heads of the Statement of Other Comprehensive Income

1. **Fair value reserve relating to investment in equity instruments**
   Net changes in fair value of equity instrument that are measured at fair value and the changes in fair value is required to be recognized in other comprehensive income shall be recognized and presented under this account head. The changes may be subsequently reclassified to profit and loss in accordance with the relevant NFRSs shall also be deducted from the fair value reserve.
2. **Changes in revaluation reserve**
   Changes in revalued amount of property and equipment, and intangible assets shall be presented under this account head.
3. **Cash flow hedge**
   When a derivative is designated as the hedging instrument in a hedge of the variability in cash flows attributable to a particular risk associated with a recognised asset or liability or a highly probable forecast transaction that could affect profit or loss, the effective portion of changes in the fair value (losses) of the derivative is recognised and presented in Other comprehensive income under this account head. The changes may be subsequently reclassified to profit and loss in accordance with the relevant NFRSs shall also be deducted from the fair value reserve.

4. **Net actuarial gain/loss on defined benefit plans**
   Re-measurement gain/losses arising from experience adjustments and changes in actuarial assumptions are recognized in the period in which they occur, directly in other comprehensive income and shall be presented under this account head.
5. **Income tax relating to these items**
   The income tax relating to the items shown in other comprehensive income shall be presented under this head.

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ५/०७७

जोखिम व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको कारोवारमा निहित कर्जा, सञ्चालन, तरलता, बजार, ब्याजदर तथा विदेशी विनिमय लगायतका जोखिम व्यवस्थापनका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. जोखिम ब्यवस्थापन

संस्थाले सामना गर्नुपर्ने जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङका लागि सुदृढ जोखिम व्यवस्थापन संरचना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ । प्रभावकारी जोखिम व्यवस्थापनका लागि संस्थाको सम्पूर्ण क्षेत्र समेट्ने गरी पूर्ण एवम् एकीकृत पद्धति अनुशरण गर्नु पर्नेछ । संस्थागत सुशासन र सुदृढ जोखिम व्यवस्थापन बीच प्रभावकारी सम्बन्ध स्थापित हुने गरी जोखिम व्यवस्थापन प्रति संस्थाले पूर्ण प्रतिवद्धता ब्यक्त गर्नु पर्नेछ ।

२. जोखिम व्यवस्थापन कार्यक्रम (Risk Management Program)

(१) संस्थाले कम्तीमा देहायबमोजिमका विषयहरु समेट्ने गरी जोखिम व्यवस्थापन संरचना कायम गर्नु पर्नेछः

(क) सञ्चालक समिति र उच्च व्यवस्थापनबाट सकृय निगरानी (Oversight),

(ख) नीति एवम् प्रकृयागत विषयको पर्याप्तता,

(ग) प्रभावकारी जोखिम व्यवस्थापन कार्य (Risk Management Function),

(घ) उपयुक्त व्यवस्थापन सूचना प्रणाली, र

(ङ) प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली एवम् सीमा (Limit)

(२) संस्थाको सञ्चालक समितिले संस्थाले बहन गर्न चाहेको जोखिम (Risk Appetite) र संस्थालाई ग्राह्य हुने सीमा (Tolerance Limit) पहिचान गरी जोखिम रणनीति तय गर्नुपर्नेछ । संस्थाको समग्र जोखिम व्यवस्थापनका लागि सञ्चालक समिति उत्तरदायी हुनुपर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थामा अन्तर्निहित खास महत्वका मूलभूत जोखिम (Material Risks) को सामना गर्ने नीति तथा कार्यविधि संस्थाको सञ्चालक समितिबाट स्वीकृत हुनुपर्नेछ र त्यस्ता नीति तथा कार्यविधि कम्तीमा पनि वर्षको एकपटक पुनरावलोकन गर्ने तथा आवश्यक देखिएमा अद्यावधिक समेत गर्नु पर्नेछ । त्यसैगरी संस्थाको जोखिम व्यवस्थापन सम्बद्ध नीति, कार्यविधि र प्रकृयाको कार्यान्वयन गर्नु उच्च व्यवस्थापनको कर्तव्य हुनेछ । संस्थाको सञ्चालक समिति र उच्च व्यवस्थापनले जोखिम सम्बन्धी प्रतिवेदन कम्तीमा त्रैमासमा एकपटक र आवश्यकता अनुरुप जुनसुकै समयमा अध्ययन तथा छलफल गर्नु पर्नेछ ।

(४) संस्थामा प्रमुख जोखिम अधिकृत (Chief Risk Officer - CRO) वा यस्तै समान पद अन्तरगत रहने गरी स्वतन्त्र जोखिम व्यवस्थापन कार्यको व्यवस्था गर्नु पर्नेछ । संस्थाको आकार एवम् कारोबारको विशिष्टतासँग तादात्म्य हुने गरी आवश्यकता अनुसार प्रत्येक जोखिम व्यवस्थापनको लागि छुट्टाछुट्टै वा गाभेर इकाइ/महाशाखाको ब्यवस्था गर्न सकिनेछ । जोखिम व्यवस्थापन कार्यले कम्तिमा देहायका विषयहरु समेट्नु पर्नेछ ।

(क) जोखिम सम्बन्धी नीति तथा कार्यविधिको तर्जुमा तथा अद्यावधिक गर्ने सम्बन्धी प्रकृयाको व्यवस्थापन गर्ने,

(ख) संस्थाको सबै कार्यगत इकाइहरुको मूलभूत जोखिमको नियमित अनुगमन गर्ने तथा अनपेक्षित जोखिमवारे निर्णयकर्ताहरुलाई समय समयमा सजग गराउने,

(ग) जोखिम सम्बन्धी प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदन जोखिम व्यवस्थापन समिति र सञ्चालक समितिमा पेश गर्ने, र

(घ) जोखिम व्यवस्थापन कार्यका सबै पक्षहरुको प्रभावकारी कार्यन्वयनमा सघाउ पुऱ्याउने ।

(५) संस्थाको आकार, प्रकृति एवम् कार्यसंग तादात्म्य हुने गरी प्रमुख जोखिम अधिकृतको काम, कर्तब्य र अधिकार उल्लेख गर्नु पर्नेछ । प्रमुख जोखिम अधिकृतले सोझै सञ्चालक समिति स्तरीय जोखिम व्यवस्थापन समितिमा आवधिक रुपमा रिपोर्टिङ्ग गर्नु पर्नेछ ।

(६) व्यवसायिक कार्य र जोखिम व्यवस्थापन कार्यलाई कुनै किसिमको स्वार्थ (Conflict of Interest) नबाझिने गरी अलग्याउनु पर्नेछ । तर, जोखिम व्यवस्थापनलाई जोखिम व्यवस्थापन विभाग/इकाईको मात्र जिम्मेवारीको रुपमा लिनु हुँदैन । जोखिम व्यवस्थापनका लागि व्यवसायिक कार्य (Main Business Function) पहिलो सुरक्षाघेरा (First Line of Defence) को रुपमा रहन आवश्यक छ । संस्थाका प्रत्येक कर्मचारी जोखिम व्यवस्थापनका लागि आ-आफ्नो जिम्मेवारीप्रति सजग हुनेगरी जोखिम संस्कृति (Risk Culture) को विकास गर्नु पर्नेछ ।

(७) जोखिम रणनीति अनुरुप जोखिमलाई संस्थाले "बहन गर्न चाहेको जोखिम" (Risk Appetite) तथा ग्राह्य हुने सीमा (Tolerance Limit) भित्र रहने गरी संस्थाभित्र सवल आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) कायम गर्नुपर्नेछ । आन्तरिक नियन्त्रण प्रणालीको सबलता र पर्याप्तता सुनिश्चित हुने गरी संस्थाको प्रभावकारी लेखापरीक्षण गराउन सञ्चालक समिति/जोखिम व्यवस्थापन समिति प्रतिवद्ध हुनु पर्नेछ ।

(८) संस्थाले सबै प्रकारका मुलभुत जोखिमहरु (All Material Risks) को व्यवस्थापनका लागि कार्यान्वयनमा रहेको नीति, प्रक्रिया एवम् प्रमुख जोखिम अधिकृतको कार्यादेश जोखिम सुशासन संरचना (Risk Governance Structure) लगायतका विषय समेटी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

३. जोखिम वर्गीकरण

प्रभावकारी जोखिम व्यस्थापनका लागि संस्थाले देहायबमोजिम जोखिमको वर्गीकरण गर्नुपर्नेछ :-

(क) कर्जा जोखिम
(ख) सञ्चालन जोखिम
(ग) तरलता जोखिम
(घ) बजार जोखिम
(ङ) ब्याजदर जोखिम
(च) विदेशी विनिमय जोखिम
(छ) अन्य जोखिम

४. कर्जा जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

(१) यस बैंकबाट जारी गरिएको "कर्जा सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था (इ.प्रा.निर्देशन नं. २)" र "एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट र सुविधाको सीमा निर्धारण सम्बन्धी व्यवस्था (इ.प्रा.निर्देशन नं. ३) तथा लगानी सम्बन्धी व्यवस्थाा (इ.प्रा.निर्देशन नं. ८) लाई नै कर्जा तथा लगानी सम्बन्धी जोखिम न्यूनीकरण गर्ने आधारको रुपमा लिनु पर्नेछ ।

(२) कर्जा जोखिमको पहिचान, मापन, अनुगमन र नियन्त्रण गर्न सक्षम हुने गरी संस्थाले उपयुक्त नीति तथा कार्यविधि अवलम्बन गरेको हुनु पर्नेछ ।

(३) कर्जा सम्बन्धी समग्र अख्तियारी संरचना स्वीकृत गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको सञ्चालक समितिको हुनेछ । संस्थाको आकार एवम् कारोबारको विशिष्टताका आधारमा उच्च व्यवस्थापनलाई प्रत्यायोजित कर्जा अख्तियारी स्पष्ट हुनु पर्नेछ ।

(४) संस्थाले कर्जा सम्बद्ध कार्यहरु: Business Solicitation, कर्जा मूल्याङ्कन, कर्जा स्वीकृति, कर्जा प्रवाह तथा ऋणीसँगको सम्बन्ध व्यवस्थापन जस्ता कार्यहरु छुट्टाछुट्टै हुने गरी व्यवस्थित गरेको हुनु पर्नेछ ।

(५) संस्थाले नयाँ कर्जा प्रवाह गर्दा, कर्जा नवीकरण गर्दा वा विद्यमान कर्जा सुविधा थप गर्दा कर्जा विश्लेषण सम्बन्धी मूल्याङ्कनका पर्याप्त आधारहरु तय गरेको हुनुपर्नेछ । जुन प्रयोजन वा उद्देश्यका लागि कर्जा प्रवाह हुने हो सोही उद्देश्य वा प्रयोजनमा नै कर्जा उपयोग हुनेमा तथा भईरहेको सम्बन्धमा सम्बन्धित संस्थाले पर्याप्त आधारहरुको विश्लेषण गरी यकीन गरेको हुनु पर्नेछ ।

(६) "क" वर्गका वाणिज्य बैंक तथा "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकको हकमा कर्जा प्रस्ताव मूल्याङ्कन प्रयोजनार्थ कर्जा जोखिम मूल्याङ्कन प्रणाली (Credit Risk Rating System) को विकास सम्बन्धित संस्था स्वयम्ले गरेको हुनु पर्नेछ । त्यस्तो प्रणालीले ग्राहक र व्यवसायको साख एवम् विश्वसनियतालाई प्रभावकारी ढंगले समेटेको हुनु पर्नेछ । त्यस्तो मूल्याङ्कनलाई ऋणीको Due Diligence को आधारको रुपमा लिनुपर्नेछ । संस्थाले यस्तो मूल्याङ्कन प्रणाली तयार गर्दा अन्तराष्ट्रिय उत्कृष्ट अभ्यासहरुलाई अनुशरण गर्न सक्नेछ ।

(७) कर्जा सम्बन्धी कागजात, कर्जा भुक्तानीको अनुगमन, कर्जा फाईल एवम् सुरक्षण सम्बन्धी कागजातहरुको अभिलेख तथा व्यक्तिगत सूचनाको अद्यावधिक अभिलेख कायम गर्ने प्रयोजनका लागि संस्थाले उचित प्रकारको कर्जा प्रशासन सम्बन्धी कार्य (Credit Administration Function) अवलम्बन गर्नु पर्नेछ ।

(८) सम्पूर्ण कर्जाहरुको एकल तथा क्षेत्रगत रुपमा आवधिक पुनरावलोकन हुने व्यवस्था गर्नुपर्नेछ । त्यस्तो पुनरावलोकनलाई ग्राहकसंगको सम्बन्ध व्यवस्थापनको रणनीति तर्जुमा गर्ने आधारको रुपमा लिनुपर्नेछ ।

(९) संस्थाको सञ्चालक समितिले तय गरेको "बहन गर्न चाहेको जोखिम" (Risk Appetite) तथा ग्राह्य हुने सीमा (Tolerance Limit) एवम् नियमन सम्बन्धी व्यवस्थाहरु समेतलाई दृष्टिगत गरी संस्थाले आफ्नै कर्जा सीमाहरु (जस्तैः क्षेत्रगत, उद्देश्यगत, निष्कृय कर्जा सीमा आदि) निर्धारण गर्न समेत प्रेरित गरिएको छ ।

(१०) संस्थासँग निष्कृय कर्जाको यथोचित व्यवस्थापनका लागि उचित नीति तथा प्रक्रिया कार्यान्वयनमा रहेको हुनुपर्नेछ ।

(११) सहवित्तीयकरण कर्जाको हकमा जोखिमको विश्लेषण गर्ने प्रमुख जिम्मेवारी अगुवा बैंकको हुनेछ । तथापि, सहभागी बैंकहरुले आ-आफ्नो ढंगवाट जोखिमको विश्लेषण गर्न सक्नेछन् ।

५. सञ्चालन जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

(क) कार्यरत जनशक्ति, प्रकृया, प्रणाली एवम् वाह्य घटनाका कारण सिर्जित सञ्चालन जोखिम व्यवस्थापनका लागि उचित नीति तथा कार्यविधि कार्यान्वयन गर्नु पर्नेछ । लेखा, सूचना प्रविधि, जनशक्ति एवम् नगद तथा बैंकिङ्ग कारोवार जस्ता सबै सञ्चालन ईकाइहरुमा उत्पन्न हुनसक्ने जोखिमलाई यस्तो नीतिले समेटनु पर्नेछ ।

(ख) संस्थाले आफ्नो कारोबारसँग सम्बन्धित सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तथा सूचना प्रणालीको विकास गर्नुपर्नेछ । आन्तरिक लेखापरीक्षकले प्रत्येक शाखा/विभाग/कार्यालयको लेखापरीक्षण प्रतिवेदनमा सञ्चालन जोखिमलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न अवलम्बन भएका उपायहरुको पर्याप्तताको सम्बन्धमा समेत टिप्पणी/प्रतिकृया समावेश गर्नु पर्नेछ ।

(ग) सूचना प्रविधिबाट हुन सक्ने सञ्चालन जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाई सोको निरीक्षण तथा सुपरिवेक्षणलाई व्यवस्थित गर्न सूचना प्रविधि सम्बन्धी मार्गदर्शन (Information Technology Guidelines) जारी गरिएको छ । सो मार्गदर्शन बमोजिम वार्षिक रुपमा सूचना प्रणालीको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था भएबमोजिम नियमित रुपमा त्यस्तो लेखापरीक्षण गराउनु पर्नेछ र सोको प्रतिवेदन यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(घ) जोखिम व्यवस्थापन कार्यवाट सञ्चालन सम्बद्ध जोखिमहरुको अनुगमन नियमित रुपमा हुने व्यवस्था सहित क्षतिको घटनाहरुबारे महत्वपूर्ण सूचनाहरुः (जस्तैः घटनाको प्रकृति, गाम्भीर्यता, यसबाट भएको वित्तीय क्षति आदि) व्यवस्थित ढंगबाट रहने प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(ङ) उचित Disaster Recovery र Business Continuity Plan तर्जुमा गरी विभिन्न किसिमका प्रकोपहरुका बाबजुद व्यवसाय निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ । यस्ता योजनाहरु वार्षिक रुपमा अभ्यास (Drill) गरी अद्यावधिक गर्नु पर्नेछ ।

(च) कुनै कर्मचारी प्रति अधिक निर्भरता, एउटै कर्मचारी लामो समय एकै स्थानमा रहेर कार्य गर्ने तथा कर्मचारी बीच मिलोमोतोका कारण उत्पन्न हुन सक्ने कर्मचारी सम्बद्ध जोखिम न्यूनीकरणका लागि कर्मचारी पदस्थापन एवम् सरुवा लगायतका कार्य प्रभावकारी हुनु पर्नेछ ।

(छ) प्राकृतिक प्रकोप लगायतका घटनाहरुले वित्तीय प्रणालीको व्यावसायिक निरन्तरतामा पार्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुले Contingency Management Framework तयार पारी लागू गर्नु पर्नेछ ।

(ज) सञ्चालन जोखिम कम गर्दै ग्राहकहरुलाई बैंकिङ्ग सेवा प्रयोगमा सुरक्षाको प्रत्याभूति दिलाउन बैंक तथा वित्तीय संस्थाहरुले Chip Based डेबिट, क्रेडिट, प्रिपेड आदि कार्डहरु मात्र जारी गर्नुपर्नेछ ।

६. तरलता जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

(१) संस्थामा ब्यावसायिक प्रकृति, आकार एवम् कारोवारको विशिष्टताका आधारमा कार्यविधि तथा मार्गदर्शन सहितको उपयुक्त तरलता जोखिम व्यवस्थापन नीति कार्यान्वयन गर्नुपर्नेछ ।

(२) तरलता सम्बन्धी जोखिम न्यूनीकरण गर्न संस्थाले आफ्नो सम्पत्ति तथा दायित्वलाई भुक्तानी अवधि (Maturity Period) को आधारमा विभिन्न समय अन्तराल (Time Interval) मा वर्गीकरण गर्नु पर्नेछ । यस प्रयोजनको निमित्त संलग्न निर्देशन फा.नं. ५.१ बमोजिमको तरलता विवरण (Liquidity Profile) त्रैमासिक रुपमा तयार गरी त्रयमास (असोज, पुस, चैत र असार मसान्त) समाप्त भएको पन्ध्र दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

(३) संस्थाले सम्पत्ति तथा दायित्वको भुक्तानी अवधिको आधारमा निम्नानुसार समय अन्तरालको वर्गीकरण गर्नु पर्नेछ ।

(क) ९० दिन सम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व
(ख) ९० दिन भन्दा बढी १८० दिनसम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व
(ग) १८० दिन भन्दा बढी २७० दिनसम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व
(घ) २७० दिन भन्दा बढी १ वर्ष सम्मको भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व
(ङ) १ वर्ष भन्दाबढी भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्व

(४) निश्चित भुक्तानी अवधि भएका सम्पत्ति तथा दायित्वलाई उपबुँदा (३) बमोजिमको समय अन्तरालमा समावेश गर्नु पर्नेछ ।

(५) संस्थाको निश्चित भुक्तानी अवधि नभएका चल्ती तथा बचत निक्षेप जस्ता दायित्वमध्ये प्राथमिक निक्षेपको रुपमा रहेका र न्यूनतम कायम गर्नुपर्ने मौज्दातको अंशसम्मको रकम एक वर्षभन्दा बढी अवधिको समय अन्तरालभित्र समावेश गर्नु पर्नेछ । चल्ती तथा वचत निक्षेपको उक्त अंशको यथार्थ अनुमान संस्था स्वयंले गर्नु पर्नेछ । सामान्यतः स्थायी रुपमा रहिरहने चल्ती निक्षेपको अंशलाई प्राथमिक निक्षेपको रुपमा लिनु पर्नेछ ।

(६) संस्थाको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले स्रोत परिचालनमा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात **(Credit to Core Capital and Domestic Deposits Ratio – CCD Ratio)** २०७८ असारसम्मको लागि ८५ प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ । तर, कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) गणना गर्दा अन्तरबैंक निक्षेपलाई स्रोत परिचालनमा समावेश गर्न पाइने छैन ।

स्पष्टीकरणः

(क) यस प्रयोजनका लागि "स्रोत परिचालन" भन्नाले स्वदेशी मुद्रामा लिएको निक्षेप, प्राथमिक पुँजी, स्वदेशी मुद्रामा जारी गरिएको ऋणपत्र र १ वर्ष वा सो भन्दा बढी अवधिको विदेशी मुद्रामा लिएको ऋणलाई जनाउनेछ ।

(ख) यस प्रयोजनका लागि "अन्तरबैंक निक्षेप" भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्थालाई दिएको कर्जा/सापटी रकम सोही संस्थामा निक्षेपको रुपमा राखिएको रकमलाई जनाउनेछ ।

(ग) यस व्यवस्थाअनुसार स्रोत परिचालनमा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात (Credit to Core Capital and Domestic Deposits Ratio – CCD Ratio) उल्लंघन हुने अवस्था भएका बैंक तथा वित्तीय संस्थाहरुले क्रमिक रुपमा २०७७ पुस मसान्तभित्र तोकिएको अनुपात कायम गरिसक्नु पर्नेछ ।

(७) कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) को अनुगमन तथा हर्जाना सम्बन्धी व्यवस्था :

(क) कर्जा/स्रोत परिचालन अनुपात CCD Ratio को अनुगमन दैनिक रुपमा गरिनेछ ।

(ख) मासिक औसत आधारमा त्यस्तो अनुपात नाघेमा **सम्बन्धित सुपरिवेक्षण विभाग मार्फत** हर्जाना लगाइनेछ ।

(ग) प्रत्येक महिनाको १ गतेदेखि मसान्तसम्मको प्रत्येक कार्यदिन (सार्वजनिक विदा वाहेक) को आधारमा मासिक औसत अनुपात निर्धारण गरिनेछ ।

(घ) तोकिएको सीमा नाघेको हकमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ अनुसार हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउदा हर्जाना रकम निम्नानुसार निर्धारण गरिनेछ ।

$$\frac{(\text{प्रत्येक महिनाको मासिक औसत कर्जा बक्यौता रकम} - \text{८० प्रतिशतले कायम हुने मासिक औसत रकम}) \times \text{बैंक दर}}{\text{१०० X १२}}$$

<u>स्पष्टीकरण :</u>

यस व्यवस्थाको प्रयोजनको लागि CCD Ratio गणना गर्दा प्राथमिक पुँजीको हकमा अघिल्लो त्रयमासमा कायम भएको प्राथमिक पुँजीलाई एवम् कर्जा तथा सापट र स्वदेशी निक्षेपको हकमा सोही दिनको रकमलाई लिनु पर्नेछ । तर, त्रयमास समाप्त भएपछि हकप्रद सेयर एवम् FPO को वाँडफाँड भई सो वापतको पैसा प्राप्त भई पुँजी वृद्धि हुन गएमा प्राथमिक पुँजी गणना प्रयोजनको लागि सो समेत समावेश गर्न सकिने छ ।

(८) संस्थामा तरलताको समग्र व्यवस्थापनका लागि सम्पत्ति-दायित्व समिति (Assets Liabilities Committee - ALCO) जस्ता विशिष्ट संरचना कायम रहेको हुनुपर्नेछ । संस्थाको तरलता स्थितिको पुनरावलोकन गर्न यस्तो समितिको बैठक नियमित अन्तरालमा बस्नु पर्नेछ र तरलता जोखिम ग्राह्य सीमाभित्र रहने गरी आवश्यक उपायहरुको अवलम्बन गरेको हुनुपर्नेछ ।

(९) संस्थाले तरलतामा चाप परेको समयमा आवश्यक कोष जुटाउन Contingency Funding Plan तर्जुमा गरेको हुनु पर्नेछ ।

(१०) सञ्चालक समिति र उच्च व्यवस्थापनले तरलता तथा तरलता जोखिम सम्बन्धी प्रतिवेदन नियमित रुपमा अध्ययन तथा छलफल गर्नु पर्नेछ । सम्पत्ति दायित्व व्यवस्थापन समितिको बैठकको छलफलका विषयहरु र निर्णयहरु छलफलका लागि त्रैमासिक रुपमा सञ्चालक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(११) संस्थालाई सञ्चालक समितिबाट स्वीकृत "वहन गर्न चाहेको जोखिम" (Risk appetite) तथा ग्राह्य हुने सीमा (Tolerance Limit) तथा नियामक निकायले तोकेको सीमा समेतलाई मध्यनजर गरी आफ्नो व्यवसायको आकार र प्रकृति अनुसार तरलता सीमाहरु (जस्तैः अनिवार्य नगद मौज्दात, वैधानिक तरलता तथा कर्जा/स्रोत परिचालन अनुपात जस्ता सीमा) निर्धारण गर्न प्रेरित गरिएको छ ।

७. बजार जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

(१) मूल्य एवम् व्याजदर जस्ता परिसूचकहरुमा आउने उतारचढावका कारण सिर्जना हुन सक्ने मूलभूत बजार जोखिमको व्यवस्थापनका लागि संस्थासँग आवश्यक नीति तथा कार्यविधि हुनुपर्नेछ ।

(२) कोष व्यवस्थापन (Treasury Management) सँग सम्बन्धित जोखिम अनुगमन, मापन एवम् विश्लेषणका लागि "क" वर्गका वाणिज्य बैंकहरुले Middle office स्थापना गर्नुपर्नेछ । यस्तो Office

कोष व्यवस्थापन सम्बन्धी काय (Treasury Functions) बाट स्वतन्त्र रहनुका साथै उक्त Office ले जोखिम व्यवस्थापन विभाग/ईकाइलाई समेत रिपोर्टिङ गर्नु पर्नेछ ।

८. ब्याजदर जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

(१) ब्याजदर सम्बन्धी उतारचढाववाट सिर्जना हुने जोखिमलाई उपयुक्त ढंगवाट सम्बोधन गर्न सक्ने गरी संस्थासँग उचित नीति तथा कार्यविधि हुनु पर्नेछ ।

(२) ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न देहाय बमोजिमका उपायहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ब्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने सम्पत्तिहरु तथा दायित्वहरु (Interest Sensitive Assets and Liabilities) लाई मात्र सम्पत्ति तथा दायित्वमा समावेश गर्नु पर्नेछ ।

(ख) सामान्यतः सम्पत्ति तथा दायित्वको भुक्तानी अवधि मिलान नहुने (Maturity Mismatch) अवस्थाको अन्तर विश्लेषण (Gap Analysis) गर्दा नगद मौज्दात (Cash Balance) र ब्याज भुक्तानी दिनु नपर्ने (Non-interest Bearing Account) खाताको रकम समावेश गर्न पाइने छैन ।

(ग) ब्याजदर जोखिमलाई व्यवस्थित तथा न्यूनीकरण गर्न संलग्न निर्देशन फा.नं.५.२ बमोजिमको विवरण त्रैमासिक (असोज, पुस, चैत र असार मसान्त) रुपमा तयार गरी त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(३) ब्याजदर जोखिमको अनुगमन गर्न लिइनुपर्ने समय अन्तराल (Time Interval) को वर्गीकरण गर्दा **ने.रा. बैंक निर्देशन फा.नं. ५.२ ब्याजदर सम्बन्धी जोखिम अनुगमन तालिका** बमोजिम गर्नु पर्नेछ ।

(४) निश्चित भुक्तानी अवधि (Fixed Maturity Period) नभएका सम्पत्ति तथा दायित्वलाई देहाय बमोजिम समावेश गर्नु पर्नेछ :-

(क) <u>निश्चित भुक्तानी अवधि नभएका सम्पत्तिहरु</u>

(१) आवधिक रुपमा ब्याजदर समायोजन हुने गरी प्रवाह गरिएको कर्जा (Floating rate loan with interest adjusted periodically) लाई जुन अवधिमा ब्याजदर समायोजन गरिन्छ, सोही समय अन्तरालभित्र समावेश गर्नु पर्नेछ ।

(२) कुनै ब्याजदर विशेष परिवर्तनसँग समायोजन हुने (जस्तैः ट्रेजरी बिलको ब्याजदर) गरी प्रवाह गरिएको आवधिक कर्जालाई सबैभन्दा कम अवधिको समय अन्तरालभित्र समावेश गर्नु पर्नेछ ।

(ख) <u>निश्चित भुक्तानी अवधि नभएका दायित्वहरु</u>

ब्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने निश्चित भुक्तानी अवधि नभएका दायित्वहरु (Interest Sensitive, Floating Rate Liabilities) लाई मात्र जुन अवधिमा ब्याजदर समायोजन गरिन्छ, सोही समय अन्तरालभित्र समावेश गर्नु पर्नेछ ।

(५) अन्तर (Gap) मापन देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) विभिन्न समय अन्तरालका कुल सम्पत्तिबाट कुल दायित्व घटाएर सो समय अन्तरालको सम्पत्ति तथा दायित्वको अन्तर (Gap) निर्धारण गर्नुपर्नेछ । उक्त अन्तर (Gap) धनात्मक (Positive) अथवा ऋणात्मक (Negative) दुवै हुन सक्नेछ ।

(ख) ब्याजदर जोखिम न्यून गर्ने प्रयोजनको निमित्त प्रत्येक समय अन्तरालको सञ्चित अन्तर (Cumulative Gap) समेत निर्धारण गर्नुपर्नेछ । सञ्चित अन्तर निर्धारण गर्दा जुन समय अन्तरालको सञ्चित अन्तर निर्धारण गर्नुपर्ने हो सो समय अन्तरालको अन्तर (Gap) सहित सो भन्दा अघिका समय अन्तरालका अन्तरलाई समेत जोडेर राख्नु पर्नेछ ।

(ग) ब्याजदरमा हुन सक्ने सम्भावित परिवर्तनलाई अनुमान (Estimate) गर्नुपर्नेछ । सो प्रयोजनको लागि सामान्यतया १ प्रतिशतले ब्याजदर परिवर्तनबाट पर्न जाने असरलाई हेर्न सकिनेछ ।

(घ) परिवर्तन हुने अनुमान गरिएको ब्याजदर उपखण्ड (ग) बमोजिम प्रत्येक समय अन्तरालको समयावधिसँग समायोजित हुने गरी निर्धारण गर्नुपर्नेछ । सो प्रयोजनको निमित्त ब्याजदरमा

हुने समायोजित ब्याजदर परिवर्तन (Interest Rate Change - IRC) लाई देहायको अनुपातले गुणन गर्नु पर्नेछ :-

समय अन्तरालमा रहेका दिन /३६५ दिन

जस्तै :– १ प्रतिशतले ब्याजदर परिवर्तन भएमा, ९० दिनको समय अन्तराल हुँदा

Interest Rate Change (IRC) = ९०/३६५×०.०१ = ०.००२५

(ङ) ब्याजदरमा भएको परिवर्तनका कारण बैंकको नाफा-नोक्सानमा पर्न गएको असरलाई हेर्न विभिन्न समय अन्तरालको सञ्चित अन्तराल (Cumulative Gap) लाई उपखण्ड (घ) बमोजिम निर्धारण गरिएको ब्याजदरले गुणन गरी निर्धारण गर्नु पर्नेछ ।

(६) कुनै नयाँ बैंकिङ सेवा (New Product) को अबधारणा तयार गर्दा व्याजदरको उतारचढावका कारण संस्थाको वासलातमा यस्तो बैंकिङ्ग सेवाका कारण पर्ने असरको मूल्याङ्कन गर्नुपर्नेछ । व्याजदर जोखिमलाई दृष्टिगत गरी संस्थाहरुलाई Pricing र Repricing लगायत प्रतिस्पर्धात्मक विश्लेषण (Competitive Analysis) सम्बन्धी विधि तथा रणनीतिहरु तर्जुमा गरी लागू गर्न प्रेरित गरिएको छ ।

९. विदेशी विनिमय जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

(१) विदेशी विनिमय दरमा हुने उतारचढावबाट उत्पन्न जोखिमलाई व्यवस्थापन गर्न सँस्थासँग उचित नीति तथा कार्यविधि हुनुपर्नेछ । विनिमयदरको उतारचढावबाट संस्थाको आय एवम् पुँजीमा पर्नसक्ने सम्भावित जोखिमको सम्बन्धित संस्थाले मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) विदेशी विनिमय दरमा आउने सम्भावित परिवर्तनबाट संस्थाको वित्तीय अवस्थामा पर्न सक्ने असरलाई अनुगमन गर्ने उद्देश्यले संलग्न निर्देशन फा.नं. ५.३ बमोजिमको विवरण मासिक रुपमा महिना वितेको ७ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

(३) संस्थाले विदेशी विनिमय दरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न यस बैंकले जारी गरेको लेखा सम्बन्धी नीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी निर्देशन (इ.प्रा निर्देशन नं. ४) मा उल्लेख भए बमोजिमको सटही घटबढ कोष कायम राख्नु पर्नेछ ।

(४) संस्थाले अल्पकालीन तथा दीर्घकालीन भुक्तानी अवधिका आधारमा विदेशी विनिमयलाई मुद्रागत रुपमा वर्गीकरण गरी दुवै अवधिको खुद अवस्था (Net Position) देखाउनु पर्नेछ ।

स्पष्टीकरण: *यस प्रयोजनको लागि "अल्पकालीन" अवधि भन्नाले १ महिना वा सोभन्दा कम अवधि सम्झनु पर्छ ।*

(५) संस्थाको विदेशी विनिमयको दैनिक खुद अवस्था बढीमा प्राथमिक पुँजीको ३० प्रतिशतसम्म हुने गरी सीमा कायम गरिएको छ । खुद अवस्था उक्त सीमाभन्दा बढी हुन गएमा संस्था स्वयंले त्यस्तो अवस्थालाई सीमाभित्र ल्याउन प्रयास गर्नु पर्नेछ । १ महिनाभित्र पनि संस्थाले खुद अवस्थालाई सीमाभित्र नल्याएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारवाही हुनेछ । खुद अवस्था गणना गर्दा परिवर्त्य विदेशी मुद्रा निक्षेप दायित्व (Foreign Currency Deposit Liablility) तथा अग्रिम विदेशी विनिमय खरिद/बिक्री लगायत अन्य Derivatives हरुका रकम समेतलाई समायोजन गर्नु पर्नेछ ।

(६) संस्थाले वासलातभित्र र वाहिरको कारोबारबाट सृजना हुन सक्ने विदेशी विनिमय सम्बन्धी जोखिमको यथोचित लेखाजोखा गर्दै सोको मूल्याङ्कन एवम् व्यवस्थापन गर्न सम्बन्धित संस्था सक्षम हुनु पर्नेछ ।

१०. अन्य जोखिम व्यस्थापन गर्ने सम्बन्धी व्यवस्था

माथि उल्लेख गरिए बाहेकका अन्य जोखिम जस्तै Reputation Risk, रणनीतिक जोखिम (Strategic Risk), सम्पति शुद्धीकरण/आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिम (AML/CFT Risk) जस्ता जोखिमहरुको समेत पहिचान गर्नु पर्नेछ । संस्थाले यस्ता सवै किसिमका जोखिमहरुको व्यवस्थापन गर्न पर्याप्त नीति, कार्यविधि तर्जुमा गर्नु पर्नेछ ।

११. जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन

यस बैंकबाट "क" वर्गका वाणिज्य बैंकहरुको जोखिम व्यवस्थापनलाई सवल बनाउन जारी गरिएको जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन (Risk Management Guidelines) लागू गरिएकोले उक्त मार्गदर्शनलाई समेत आधारको रुपमा लिनु पर्नेछ ।

१२. दवाब परीक्षण सम्बन्धी मार्गदर्शन

यस बैंकबाट **इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था** स्वयंले तोकिएको दवाब परीक्षण मार्गदर्शन (Stress Testing Guidelines) बमोजिम नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) गर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु पर्नेछ । सो मार्गदर्शन बमोजिम दवाव परीक्षण गर्ने सन्दर्भमा निम्न बमोजिमको थप व्यवस्था गरिएको छ :-

(क) सम्बन्धित संस्थाले त्रयमास वित्तीय विवरणका आधारमा दवाब परीक्षण गरी त्यस्तो परीक्षणको परिणाम बारे सञ्चालक समिति तथा उच्च व्यवस्थापनमा छलफल गर्नुपर्नेछ ।

(ख) त्यस्तो दवाब परीक्षणको लागि यस बैंकले तयार गरेको Spreadsheet यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागको गैर-स्थलगत महाशाखामा सम्पर्क राखी लिन सकिनेछ ।

(ग) खण्ड (ख) बमोजिमको Spreadsheet मा उल्लिखित दवाब परीक्षणसँग सम्बन्धित तथ्याङ्क एवम् परिणाम हरेक त्रयमास बितेको ३० दिनभित्र सम्बन्धित सुपरिवेक्षण विभागको गैर-स्थलगत इकाइमा उपलब्ध गराउनु पर्नेछ ।

१५. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को संस्थाको कारोबारमा निहित जोखिम न्यूनीकरण गर्ने सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. ५/०७६ बमोजिमको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

इजाजतपत्रप्राप्त संस्थाको नाम :
अवधि :

संरचनागत तरलता (Structural Liquidity) **विवरण तालिका**

(रु. लाखमा)

क्र.स.	विवरण	१ – ९० दिन	९१ – १८० दिन	१८१ – २७० दिन	२७१ – ३६५ दिन	१ वर्ष भन्दा बढी	कूल रकम
	सम्पत्ति						
१.	नगद मौज्दात						
२.	बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात						
३.	विदेशी बैंकमा गरिएको लगानी						
४.	कल मनि						
५.	सरकारी सुरक्षणपत्र						
६.	ने.रा.बैंक ऋणपत्र						
७.	अन्तर बैंक तथा वित्तीय संस्था कर्जा						
८.	कर्जा सापट						
९.	पाउनु पर्ने ब्याज						
१०.	रिभर्स रिपो						
११.	प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने						
१२.	क्र.स. २०, २१ र २२ का सुविधाहरुको भुक्तानी						
१३.	अन्य						
	कूल सम्पत्ति						
	दायित्व						
१४.	चल्ती निक्षेप						
१५.	बचत निक्षेप						
१६.	मुद्दति निक्षेप						
१७.	ऋणपत्रहरु						
१८.	सापटी :						
	माग/अल्प सुचना						
	अन्तर बैंक/वि.संस्था						
	पुनरकर्जा						
	अन्य						
१९.	अन्य दायित्व तथा व्यवस्थाहरु :						
	सण्ड्री क्रेडिटर्स						
	भुक्तानी दिनुपर्ने बिल						
	भुक्तानी दिनुपर्ने ब्याज						
	व्यवस्थाहरु						
	अन्य						
२०.	प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनुपर्ने						
२१.	उपभोग भैनसकेको स्वीकृत सुविधाहरु						
२२.	प्रतितपत्र/जमानत (खुद)						
२३.	रिपो						
२४.	क्र.स. ११ अन्तर्गतको सुविधाको भुक्तानी						
२५.	अन्य						
	कूल दायित्व						
	खुद सम्पत्ति						
	सञ्चित खुद सम्पत्ति						

लेखा शीर्षक	अवधिको विवरण
सम्पत्ति	
पाउनुपर्ने ब्याज	जुन समयमा ब्याज प्राप्त हुने हो, सोही समयको सम्बन्धित Bucket मा राख्ने ।
रिभर्स रिपो	भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने	जुन समयमा सुविधा प्राप्त हुने अपेक्षा गरिएको छ सोही समयको सम्बन्धित Bucket मा राख्ने ।
क्र.स. २०, २१ र २२ का सूविधाहरुको भुक्तानी	जमानत बाहेक अन्य सुबिधाहरुको हकमा भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा र जमानतको हकमा १ वर्षभन्दा बढीको Bucket मा राख्ने ।
अन्य शीर्षकहरु	एकीकृत निर्देशनको निर्देशन नं ५ मा व्यवस्था गरिए बमोजिम गर्ने ।
दायित्व	
सण्ड्री क्रेडिटर्स	१ देखि ९० दिनको Bucket मा राख्ने ।
भुक्तानी दिनुपर्ने बिल	भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
भुक्तानी दिनुपर्ने ब्याज	भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
व्यवस्थाहरु*	निश्चित भुक्तानी अवधि भएको अवस्थामा सोही बमोजिम र नभएको अवस्थामा १ देखि ९० दिनको Bucket मा राख्ने ।
प्रतिबद्धता अन्तर्गत अन्य संस्थाहरुलाई दिनुपर्ने	बिगतको Trend विष्लेषणबाट मागको Pattern अनुमान गरी सोही अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
उपभोग भइनसकेको स्वीकृत सुविधाहरु	बिगतको Trend विष्लेषणबाट मागको Pattern अनुमान गरी सोही अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
प्रतितपत्र/जमानत (खुद)	प्रतितपत्रको हकमा भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा र जमानतको हकमा बिगतको Trend विष्लेषणबाट Claim Pattern स्थापित गरी आउने रकम जमानतको अवधि समाप्त हुने Bucket मा राख्ने ।
रिपो	भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
क्र.स. ११ अन्तर्गतको सूविधाको भुक्तानी	भुक्तानी अवधि अनुसारको सम्बन्धित Bucket मा राख्ने ।
अन्य शीर्षकहरु	एकीकृत निर्देशनको निर्देशन नं ५ मा व्यवस्था गरिए बमोजिम गर्ने ।

* *सम्भावित नोक्सानी वापत कायम गरिएका व्यवस्थाहरु बाहेकका खर्च शीर्षकसँग सम्बन्धित व्यवस्थाहरु ।*

ने.रा. बैंक निर्देशन फा.नं. ५.२

ब्याजदर सम्बन्धी जोखिम अनुगमन तालिका

इजाजतपत्रप्राप्त संस्थाको नामः

अवधि : (रू.लाखमा)

अवधि / विवरण	१ - ९० दिन	९१ - १८० दिन	१८१ - २७० दिन	२७१ - ३६५ दिन	१ वर्ष भन्दा बढी	कुल रकम
१. कुल सम्पत्ति*						
२. कुल दायित्व**						
३. अन्तराल (१ – २)						
४. सञ्चित अन्तराल						
५. समायोजित ब्याजदर (IRC)***						
६. त्रैमासिक मुनाफा स्थितिमा प्रभाव (सञ्चित अन्तराल x IRC)						
७. सञ्चित मुनाफा स्थिति फरक (क्र.सं. ६ को जोड गर्दै जाने)						

* कुल सम्पत्ति अन्तर्गत ब्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने सम्पत्ति (Interest Sensitive Assets) मात्र समावेश गर्नु पर्नेछ ।

** कुल दायित्व अन्तर्गत ब्याजदरमा भएको परिवर्तनका कारण प्रभावित हुने दायित्व (Interest Sensitive Liabilities) मात्र समावेश गर्नु पर्नेछ ।

*** Interest Rate Change

विदेशी विनिमय सम्बन्धी जोखिम अनुगमन तालिका

इजाजतपत्रप्राप्त संस्थाको नाम :

अवधि: (

रू.लाखमा)

विदेशी मुद्रा	अल्पकालीन		अल्पकालीन खुद अवस्था	दीर्घकालीन		दीर्घकालीन खुद अवस्था	कुल खुद अवस्था	खुद अवस्था÷ प्राथमिक पुँजी
	सम्पत्ति	दायित्व		सम्पत्ति	दायित्व			
यु. एस. डलर								
स्टर्लिङ्ग पाउण्ड								
जापानी येन								
युरो								
अन्य मुद्रा								
भारतीय रुपैयाँ								
कुल								

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ६/०७७

संस्थागत सुशासन सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले पालना गर्नु पर्ने संस्थागत सुशासन सम्बन्धी व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. सञ्चालकले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था

(१) इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकले न्यूनतम स्वीकारयोग्य आचरण कायम गर्नु पर्ने

(क) सञ्चालकले यस बैंकले जारी गरेको आचरण सम्बन्धी व्यवस्था पालना गर्ने वचनवद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) कुनै व्यक्ति सञ्चालकमा नियुक्त भएपछि कार्यभार सम्हाल्नुभन्दा पहिले आफ्नो संस्थासँग वित्तीय स्वार्थ भए नभएको कुरा सञ्चालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) सञ्चालकले बैंक वा वित्तीय संस्थाको व्यवस्थापनको दैनिक कामकारवाहीमा हस्तक्षेप गर्नु हुँदैन ।

(घ) सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कामकारवाहीप्रति सञ्चालक स्वयं जवाफदेही हुनु पर्नेछ । त्यस्तो अवस्थामा संस्था उत्तरदायी हुनु पर्नेछैन ।

(ङ) सञ्चालकले पदीय मर्यादा कायम हुने गरी शिष्ट बोली, व्यवहार, कार्यशैली र आचरण प्रस्तुत गर्नु पर्नेछ । संस्थाको कार्य वातावरण बिग्रने, घृणा, द्वेष उत्पन्न हुने कुनैपनि किसिमको गतिविधि गर्नु /गराउनु हुदैन ।

(२) इजाजतपत्रप्राप्त संस्थाको हित विपरीतका गतिविधिमा संलग्न हुन नहुने

(क) सञ्चालक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संस्थाको हित विपरित हुने कुनै पनि किसिमको गतिविधिमा संलग्न हुनु हुदैन ।

(ख) सञ्चालक निजको वित्तीय स्वार्थ रहेको ग्राहकसँगको कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुनु हुँदैन । कुनै ग्राहकसँग त्यस्तो सञ्चालकको कुनै पनि किसिमले स्वामित्व, साझेदार वा जमानतकर्ता भई ऋण लिने वा दिने विषयमा वित्तीय स्वार्थ गाँसिएको छ भने निज सञ्चालक पदमा बहाल रहन योग्य मानिने छैन ।

(ग) सञ्चालक समितिले निजको वित्तीय स्वार्थ गाँसिएको छ भनी प्रमाणित नगरेसम्म सार्वजनिक रुपमा निष्काशन गरिएका सेयर/ऋणपत्रहरुको कारोबारको हकमा यस किसिमको प्रतिबन्ध लागू हुने छैन ।

(घ) सञ्चालकको एकाघर परिवारका सदस्यले धितोपत्र व्यवसायी (दलाल, बजार निर्माता आदि) को रुपमा स्थापित संगठित संस्थाको दश प्रतिशतभन्दा बढी स्वामित्व ग्रहण गरी धितोपत्र कारोबारमा संलग्न हुन पाइने छैन ।

(ङ) सञ्चालक वा १ प्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी वा निजको परिवारको स्वामित्वमा रहेको/वित्तीय स्वार्थ रहेको फर्म, कम्पनीसँग घर भाडा लिई कारोवार गर्न पाइने छैन ।

(३) एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने

एउटा संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था लगायत सहकारी ऐन, २०४८ अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन ।

(४) संरक्षकको हैसियतमा रहन नहुने

सञ्चालकले ग्राहकको जमीन तथा जायजेथा सम्बन्धी कारोबारमा प्रशासक वा संरक्षकको हैसियतले संलग्न हुनु हुँदैन । यदि यस्तो कार्यमा संलग्न भई ग्राहकको इजाजतपत्रप्राप्त संस्थामा रहेको खातामा हस्ताक्षर गर्ने अधिकार प्राप्त गरेमा सञ्चालक समितिबाट त्यसको लिखित स्वीकृति लिनु पर्नेछ ।

(५) पदको दुरुपयोग गर्न नहुने

सञ्चालकले आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुन पाइने छैन । इजाजतपत्रप्राप्त संस्थाका सञ्चालक र निजका परिवारले समेत निज बहाल रहेको इजाजतपत्रप्राप्त संस्थासँग कारोबार गर्दा पारिवारिक सम्बन्धलाई जोड्न पाइने छैन । परिवारको विवरण खुलाई त्यस्ता परिवारले इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिने भएमा सो सम्बन्धी छलफल र निर्णयमा भाग लिन पाइने छैन । साथै, सामानहरुको खरिद बिक्री गर्दा सेयर लगायत अन्य प्रत्याभूतिहरुको कारोबारमा प्राथमिकता पाउन वा दिनका लागि पदको उपयोग गर्न पाइने छैन । यसैगरी सुन, चाँदी, विदेशी विनिमय र विदेशी सुरक्षणपत्रहरुको सट्टापट्टा गर्दा पदीय प्रभाव पार्न पाइने छैन ।

(६) अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त राख्नु पर्ने

इजाजतपत्रप्राप्त संस्थाको लेखा सम्बन्धी अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त रुपमा राखेको हुनुपर्नेछ । सञ्चालकले इजाजतपत्रप्राप्त संस्थाको आधिकारिक लेखा सम्बन्धी अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्न पाइने छैन ।

(७) गोपनियता कायम राख्नु पर्ने

(क) सञ्चालकले ग्राहकको सूचना र कारोबारको गोपनीयता कायम राख्नु पर्नेछ । निज सञ्चालक पदबाट निवृत्त भइसकेपछि पनि संस्थाले कुनै ग्राहकसँग गरेको गोप्य कार्य (इजाजतपत्रप्राप्त संस्थाको लिखित स्वीकृति नभएकोमा), प्रतिलिपी अधिकार, अन्य पत्राचार, लेखा र ग्राहकसँग भएको अन्य कारोबारको विवरण आफ्नो वित्तीय स्वार्थको लागि प्रयोग गर्न पाइने छैन ।

(ख) कुनै ग्राहकको व्यावसायिक वा वित्तीय सूचना ग्राहकको लिखित स्वीकृति लिएर अन्य व्यक्ति वा संस्थालाई दिन सकिने छ ।

तर, प्रचलित कानुनको अधीनमा रही वित्तीय कारोबार सम्बन्धी विवरणहरु तेस्रो पक्षलाई उपलब्ध गराउँदा गोपनीयता भंग भएको मानिने छैन ।

(८) निष्पक्ष र समान व्यवहार गर्नु पर्ने

सञ्चालकले ग्राहकसँगको मित्रता र सम्बन्धबाट प्रभावित नभई निष्पक्ष एवम् समानताको आधारमा व्यावसायिक व्यवहार गर्नु पर्नेछ ।

(९) लिखित रुपमा जानकारी दिनु पर्ने

इजाजतपत्रप्राप्त संस्थाले माथि लेखिए बमोजिमको आचरण सम्बन्धी व्यवस्था स्वीकार गरी तथा आवश्यक देखेमा आफ्नो आन्तरिक कार्य प्रणालीको लागि थप आचरण सम्बन्धी व्यवस्था समेत तयार गरी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्वन्धित सुपरिवेक्षण विभागलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(१०) विवरण पेश गर्नु पर्ने

बैंक तथा वित्तीय संस्थाले आफ्नो सञ्चालकले यस निर्देशनमा तोकिएका आचरणहरु पालना गरे नगरेको विवरण वार्षिक रुपमा वित्तीय विवरणमा खुलाउनु पर्नेछ । कुनै सञ्चालकले उक्त आचरणहरुको पालना नगरेमा सो पालना नगरेको विवरण र निजमाथि गरिएको कारवाहीको विवरण सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

(११) सञ्चालक समितिको सदस्य समितिको बैठकमा नियमित रुपमा उपस्थिति हुनु पर्नेछ । यस्तो उपस्थिति भिडियो/टेलि कन्फरेन्सको माध्यमबाट समेत हुन सक्नेछ । मनासिव माफिकको कारण तथा पूर्व सूचना बिना लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा त्यस्तो सञ्चालकको पद स्वतः रिक्त भएको मानिनेछ ।

(१२) एक भन्दा बढी व्यक्ति इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक/कार्यकारी प्रमुख हुन नपाइने

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा एकाघर परिवार, फर्म, कम्पनी, संगठित संस्था वा एउटै समूहको कम्पनीबाट एक भन्दा बढी व्यक्ति सञ्चालक वा कार्यकारी प्रमुख पदमा मनोनयन/निर्वाचन/नियुक्त हुन सक्ने छैन ।

तर लघुवित्त वित्तीय कारोबार गर्ने "घ" वर्गको वित्तीय संस्थामा सञ्चालक नियुक्त गर्न र संगठित संस्थाले सेयर लिएको बैंक तथा वित्तीय संस्थामा आफुले लिएको सेयर अनुपातमा सञ्चालक नियुक्त गर्न बाधा पुऱ्याएको मानिने छैन । एउटा इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्था ("घ" वर्ग बाहेक) मा सेयर लगानी (Cross Holding) भई सञ्चालक नियुक्त गर्न यो व्यवस्थाले छुट दिएको मानिने छैन ।

(१३) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संगठित संस्था वा यस बैंक वा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ को उपदफा (१) को खण्ड (ञ) मा भएको व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्था र पूर्वाधार विकास बैंकमा बाहेक अन्य इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुन पाउने छैन ।

(१४) कुनै पनि फर्म तथा कम्पनी कालोसूचीमा परेको भए कालोसूचीमा रहेको अवधि र कालोसूचीबाट हटेको तीन वर्षसम्म त्यस्तो फर्म तथा कम्पनीहरुको तर्फबाट सञ्चालक मनोनयन/नियुक्तिको लागि योग्य हुने छैन ।

(१५) संस्थापक/संस्थापक समूहको सेयर धारण गरेका सेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन पाउने छैनन् ।

(१६) कुनै बैंक वा वित्तीय संस्थामा कुनै व्यक्ति वा निजको प्रतिनिधि आफ्नो र आफ्नो वित्तीय स्वार्थ रहेको फर्म/ कम्पनी/ संस्थाका तर्फबाट एकै पटक एक भन्दा बढी सञ्चालक पदमा नियुक्त/मनोनयन हुन सक्ने छैनन् ।

(१७) संघीय संरचना बमोजिमको स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्तिहरु यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक रहँदा संस्थागत सुशासनको पक्ष कमजोर हुने हुँदा त्यस्ता पदाधिकारीहरुले पदमा बहाल रहुञ्जेल बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउने छैनन् ।

(१८) ७० वर्ष नाघेको व्यक्ति इजाजतत्रप्राप्त संस्थाको सञ्चालक पदमा नियुक्त/पुनः नियुक्त तथा मनोनित हुन योग्य हुने छैन । साथै, ७४ वर्ष नाघेको व्यक्ति सञ्चालक पदमा बहाल रहन सक्ने छैन ।

२. सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व

सर्वसाधारणबाट निक्षेप संकलन गरी त्यसको संरक्षण गर्ने जस्तो महत्वपूर्ण कार्यमा संलग्न इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकहरुले आफ्ना सेयरधनीहरुको हित मात्र नहेरी निक्षेपकर्ता लगायतका सरोकारवाला (Stakeholder) हरुको हित संरक्षण गर्नसक्ने गरी संस्था सञ्चालनमा क्रियाशील हुनु पर्नेछ । सञ्चालकहरुको असल आचरण तथा क्रियाकलापबाट सम्बन्धित संस्थाका साथै देशको समग्र वित्तीय

प्रणालीमा अनुकुल प्रभाव पर्न जाने हुँदा त्यस्ता संस्थाका सञ्चालकहरुको नियुक्ती, निजहरुले पालना गर्नु पर्ने कर्तव्य तथा बहन गर्नु पर्ने उत्तरदायित्व सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ :-

(क) संस्थालाई दक्ष, विवेकपूर्ण एवम् व्यावसायिक रुपमा सञ्चालन गर्न उपयुक्त किसिमको कर्मचारी प्रशासन विनियमावली तयार गरी योग्य तथा सक्षम उच्च पदाधिकारीहरुको छनौट तथा नियुक्ति गर्नु पर्नेछ ।

(ख) आन्तरिक लेखापरीक्षकबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ । आन्तरिक लेखापरीक्षणको कार्य Outsource गर्ने भएमा पेशागत प्रमाणपत्रप्राप्त व्यक्ति/संस्थालाई नियुक्त गर्न सकिनेछ । साथै, सम्बन्धित संस्थाले आफ्नो एक जना अधिकृतलाई सम्पर्क अधिकृतको जिम्मेवारी तोक्नु पर्नेछ । आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सिधै लेखापरीक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ । उक्त प्रतिवेदनमा देहायका विषयहरु समेत समावेश भएको हुनु पर्नेछ :-

(अ) आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण ।

(आ) सो कार्य सम्पन्न गर्न लागेको कार्य दिन ।

(ग) कुनै एउटा संस्थाको Internal Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Statutory Audit सम्बन्धी कार्यमा संलग्न हुन पाउने छैन । त्यसैगरी कुनै एउटा संस्थाको Statutory Audit सम्बन्धी कार्य गर्न जिम्मेवारी तोकिएको व्यक्ति वा संस्था तथा सो संस्थाका साझेदार वा कर्मचारीले सो संस्थाको Internal Audit सम्बन्धी कार्यमा संलग्न हुन नपाउने व्यवस्था समितिले मिलाउनु पर्नेछ ।

(घ) संस्था सर्वसाधारणको रकम परिचालन गर्ने संस्था भएको हुँदा सञ्चालकहरुले संस्थाको अनुगमन तथा सुपरिवेक्षण कार्य वढी विवेकपूर्ण र सक्षम तरीकाले गर्नु पर्नेछ ।

(ङ) संस्थाका कर्मचारीहरुलाई अख्तियार प्रत्यायोजन गरे पनि निजहरुको क्रियाकलापको अन्तिम दायित्व सञ्चालकहरुले नै बहन गर्नु पर्ने हुँदा सञ्चालक समितिको बैठकमा कर्मचारीहरु माथि गरिएका सुपरिवेक्षण तथा कारवाही सम्बन्धी अभिलेख राख्नु पर्नेछ ।

(च) संस्थाको लगानी तथा कर्जा नीति, सम्पत्ति तथा दायित्व व्यवस्थापन, बजेटिङ्ग, योजना र अन्य आवश्यक विषयमा लिखित नीति तथा योजना तर्जुमा गरी कर्मचारीहरुलाई पालन गर्न लगाउनु पर्नेछ ।

(छ) सञ्चालकहरुले इजाजतपत्रप्राप्त संस्थाको अवस्था एवम् गतिविधि र व्यवस्थापनले अख्तियार गरेका नीति सम्बन्धमा नियमित रुपमा जानकारी लिई आवश्यकता अनुसार सुधारात्मक उपाय अपनाउनु पर्नेछ ।

(ज) सञ्चालक समितिको बैठक प्रचलित कानुनमा व्यवस्था भए अनुसार बस्नु पर्नेछ ।

(झ) प्रचलित कानुन र यस बैंकबाट जारी भएका नीति निर्देशन तथा नियमनको परिपालना नभएमा सञ्चालकहरु आफ्नो पदबाट बर्खास्त समेत हुनसक्ने हुनाले त्यस्ता कानुन, नीति निर्देशन तथा नियमन विषयमा सञ्चालकहरु पूर्ण जानकार हुनुका साथै इजाजतपत्रप्राप्त संस्थाबाट त्यस्ता कानुन, नीति निर्देशन तथा नियमन पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नु पर्नेछ ।

(ञ) संस्थाका सञ्चालकहरुले निक्षेपकर्ताको हकहित विपरीत कार्य गरेमा वा यस बैंकले माग गरेका कागजातहरु उपलब्ध नगराएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम त्यस्ता सञ्चालक तथा पदाधिकारीलाई लगाइएको जरिवाना व्यक्तिगत रुपमा तिर्नु पर्नेछ । यसरी व्यक्तिगत रुपमा तिरेको जरिवाना रकमलाई सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले आफ्नो हिसावमा खर्च लेखी भुक्तानी दिन पाउने छैन ।

(ट) बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी सेयर लिएको सेयरधनी तथा निजको परिवार सोही संस्थाको स्वतन्त्र सञ्चालक हुन पाउने छैन । स्वतन्त्र सञ्चालकले धारण गरेको सेयर स्वामित्व गणना गर्दा परिवारका सबै सदस्यहरुले धारण गरेको कुल सेयर संख्यालाई आधार मान्नु पर्नेछ ।

(ठ) प्रचलित कानुनले तोकेको अवस्थामा बाहेक इजाजतपत्रप्राप्त संस्थाका गैर कार्यकारी सञ्चालक तथा अन्य सञ्चालकहरुले प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले दैनिक कार्यसञ्चालन गर्न पाइने छैन । साथै, अध्यक्ष तथा सञ्चालकहरुले आफ्नो संस्थाको लेटरप्याड तथा छाप प्रयोग गरी कुनै पनि पत्राचार गर्न पाइने छैन । तर, अध्यक्षलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (४) बमोजिम सञ्चालकले बैंक तथा वित्तीय संस्थाको व्यवस्थापनको दैनिक काम कारवाहीमा हस्तक्षेप गर्नु हुँदैन भन्ने व्यवस्थाको अधीनमा रही दैनिक कार्यसञ्चालनसँग सम्बन्धित बाहेकका विषयमा लेटरप्याड तथा छाप प्रयोग गरी पत्राचार गर्न भने यस व्यवस्थाले बाधा पर्नेछैन ।

(ड) आफ्नो सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खासखास विषयमा ठोस राय/ परामर्शका लागि वित्तीय स्वार्थ नभएको विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी सो वापत पारिश्रमिक प्रदान गर्न, कम्पनी सचिव तथा सचिवालयका कर्मचारीहरुलाई सञ्चालक समितिले तोकेबमोजिमको खर्च प्रदान गर्न भने यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(प्रष्टीकरण : यस प्रयोजनका लागि सञ्चालक बाहेक अन्य पदाधिकारीले सञ्चालक संयोजक वा सदस्य रहने समिति/उप-समितिमा बैठक भत्ता लिन पाउने छैनन् । तर, सचिवालय सम्बन्धी काम गर्ने अन्य पदाधिकारीलाई समितिले तोकि छुट्टै भत्ता दिन सकिने छ ।)

(ढ) बैंक वा वित्तीय संस्थामा निर्वाचित/मनोनयन भएको प्रत्येक सञ्चालकले आफू निर्वाचित वा मनोनित भएको मितिले बढीमा पैंतिस दिनभित्र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ बमोजिम पद तथा गोपनियताको शपथ लिइ सक्नु पर्नेछ । अध्यक्षले सपथ लिंदा "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा गभर्नर/डेपुटी गभर्नर समक्ष, "ख" वर्गका राष्ट्रिय स्तरका इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा डेपुटी गभर्नर वा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक समक्ष र काठमाडौं उपत्यकाभित्र प्रधान कार्यालय रहेका "ग" वर्गका राष्ट्रियस्तरका इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक वा निर्देशक समक्ष र काठमाडौं उपत्यका बाहिर प्रधान कार्यालय रहेका बाँकी सम्पूर्ण "ख" तथा "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा सम्बन्धित क्षेत्र हेर्ने नेपाल राष्ट्र बैंक कार्यालयको निर्देशक समक्ष पद तथा गोपनियताको सपथ लिनु पर्नेछ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखले सम्बन्धित बैंक वा वित्तीय संस्थाको अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा कर्मचारीले कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी समक्ष लिनु पर्नेछ । यस व्यवस्था बमोजिम सपथ नलिएमा सम्बन्धित अध्यक्ष, सञ्चालक, पदाधिकारी वा कर्मचारीको पद स्वतः खारेज हुनेछ ।

(ण) **कार्यकारी प्रमुखको सेवा सुविधाको निर्धारण तोकिएको मार्गदर्शन अनुसार गर्नु पर्नेः**
इजाजतपत्रप्राप्त संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२० मा भएको व्यवस्था समेतको आधारमा व्यवस्थापन खर्च एवम् कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य आर्थिक सुविधाहरु निर्धारण गर्ने सम्बन्धमा यस बैंकद्वारा जारी मार्गदर्शनमा उल्लिखित मापदण्ड अनुसार गर्नु पर्नेछ ।

(त) इजाजतपत्रप्राप्त संस्थाले उत्कृष्ट व्यक्ति छनौट (Talent-hunt) प्रक्रियाबाट कर्मचारी भर्ना गर्नु पर्ने अवस्थामा निष्पक्षता र पारदर्शीता कायम हुने गरी अलगै कार्यविधि तर्जुमा गरी मात्र भर्ना गर्ने व्यवस्था गर्नुपर्ने छ ।

३ सञ्चालक शिक्षा कार्यक्रम :

(१) बैंक तथा वित्तीय संस्थामा नयाँ सञ्चालक नियुक्त/मनोनित भई आए पश्चात् सम्बन्धित संस्थाले आफ्नो संरचना, व्यवसायको प्रकृति, संस्थागत सुशासन, संस्थागत रणनीति, व्यवसायिक योजना, सञ्चालकको कर्तव्य तथा उतरदायित्व, जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाइएका रणनीति, समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था, वर्तमान कानुनी व्यवस्था, प्रचलनमा रहेका बैंकिङ्ग सेवा

तथा पद्धति र यस बैंकबाट जारी गरिएका निर्देशन आदि बिषयहरु समेटी एक महिनाभित्र अभिमुखीकरण (Orientation) गराउनु पर्नेछ ।

(२) बैंक तथा वित्तीय संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest), अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practice) समेटी आफ्ना सबै सञ्चालकहरुलाई हरेक वर्ष कम्तीमा एकपटक अभिमुखीकरण/पुनर्ताजगीकरण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिले बुँदा नं. १ र २ मा भएको व्यवस्था समेटी सञ्चालकको योग्यता तथा बैकिङ्ग क्षेत्रको कार्य अनुभवका आधारमा प्रत्येक सञ्चालकलाई प्रदान गर्ने सञ्चालक शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि बनाई लागू गर्नु पर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

४. कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी व्यवस्था

(१) इजाजतपत्रप्राप्त संस्थाको संचालक समितिले प्रचलित कानुन तथा संस्थाको प्रबन्धपत्र, नियमावली र बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४ को व्यवस्थाको अधीनमा रही कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ । यसरी कार्यकारी प्रमुखको नियुक्ति गर्दा संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण एवम् सन्तुलनको दृष्टिकोणले सञ्चालक समितिको अध्यक्षलाई कार्यकारी प्रमुखको रुपमा नियुक्त गर्न उपयुक्त हुने छैन ।

(२) ६५ वर्ष नाघेको व्यक्ति बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त/पुनः नियुक्त हुन योग्य हुने छैन । साथै, ६९ वर्ष नाघेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत पदमा बहाल रहन सक्ने छैन । तर, २०७८ असार मसान्त भित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया सम्पन्न गरी एकीकृत कारोबार गर्ने गरी दुई वा दुईभन्दा बढी वाणिज्य बैंकहरु एकापसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियामा सहभागी भएमा एक पटकका लागि ६५ वर्ष उमेर नाघेको व्यक्ति बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त/पुनः नियुक्त हुन बाधा पर्ने छैन ।

(३) कार्यकारी प्रमुखको रुपमा नियुक्त हुने व्यक्तिमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा उल्लिखित योग्यता तथा अनुभवका अतिरिक्त देहायका थप योग्यता, अनुभव तथा गुणहरु हुनु पर्नेछ ।

(क) बैंकिङ्ग कारोबारको लागि आवश्यक पर्ने व्यावसायिक अनुभव,

(ख) संस्थाको दैनिक कार्य सम्पादनमा आन्तरिक नियन्त्रण र प्रचलित कानुनको परिपालना गर्ने गराउने सक्षमता,

(ग) बैंकिङ्ग वा वित्तीय व्यवसायको उच्च तहमा कार्य गरेको,

(घ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको,

(ङ) आफ्नो पूर्व कारोबारमा यस बैंकबाट निलम्वन नगरिएको वा यस बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्वनवाट फुकुवा भएको पाँच वर्ष पुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाइ पाएको,

(च) कालोसूचीमा समावेश नभएको वा त्यस्तो सूचीबाट फुकुवा भएको तिन वर्ष पुगेको ।

(४) संस्थाले कार्यकारी प्रमुखको नियुक्ति गरेमा, **कार्यकारी प्रमुखले राजिनामा दिएमा, बर्खास्त भएमा वा अन्य कुनै कारणले पदमुक्त हुँदा र सञ्चालक समितिमा** हेरफेर हुँदा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(५) कार्यकारी प्रमुख देश बाहिर जानुपर्ने भएमा वा आफ्नो ओहोदाको कार्य गर्न नसक्ने भएमा वा सात दिनभन्दा बढी समय विदामा बस्नुपर्ने भएमा निजको स्थानमा काम गर्ने व्यक्तिको सम्बन्धमा यस

बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई पूर्व जानकारी दिनु पर्नेछ ।

(६) संस्थाको कार्यसञ्चालन, कारोबार, व्यावसायिक योजना तथा मुनाफास्थिति समेतलाई दृष्टिगत गरी कार्यकारी प्रमुख, अन्य पदाधिकारी तथा कर्मचारीहरुको तलव तथा सुविधा निर्धारण गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाबाट कार्यकारी प्रमुखलाई प्रदान गरिने तलव, भत्ता, बोनस तथा अन्य सुविधा सम्बन्धी विवरण र सो सम्बन्धमा भएको कुनै पनि परिवर्तनको विवरण नियुक्त भएको, परिवर्तनको निर्णय भएको र आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) आंशिक रुपमा काम गर्न नहुने

कार्यकारी प्रमुखले आफू कार्यरत संस्था बाहेक यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि संस्थामा आंशिक रुपमा **समेत** काम गर्नु हुँदैन ।

(८) कुनै बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख अर्को कुनै व्यवसायिक संस्थामा सञ्चालक, कार्यकारी प्रमुख, अन्य पदाधिकारी, कर्मचारी वा अन्य कुनै पदमा रही काम गर्न पाउने छैन । तर बैंक वा वित्तीय संस्थाले 'पूर्वाधार विकास बैंक' मा लगानी गरेको अवस्थामा सो संस्थाको सञ्चालक हुन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

यस प्रयोजनका लागि 'व्यवसायिक संस्था' भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्य राखी सञ्चालित कुनै पनि संस्थालाई बुझ्नु पर्नेछ ।

(९) चुक्ता पुँजीको देहाय बमोजिम भन्दा बढी हुने गरी सेयर धारण गर्ने सेयरधनी सो संस्थाको सञ्चालक पद बाहेक कार्यकारी प्रमुख लगायत कुनै पनि तहको कर्मचारी पदमा नियुक्त हुन योग्य हुने छैन । यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने बाधा पुगेको मानिने छैन ।

(अ) "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा बढी
(आ) "ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको २ प्रतिशत वा सोभन्दा बढी
(इ) "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी

(१०) जिल्लास्तरमा केन्द्रीय कार्यालय वा कर्पोरेट कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाका कार्यकारी प्रमुख कार्यालय कामको सिलसिलामा बाहेक सोही कार्यालयमा नियमित उपस्थित हुनु पर्नेछ ।

(११) कार्यकारी प्रमुख लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने गरी सम्बन्धित संस्थाले आफ्नो नियमावलीमा व्यवस्था गर्नुपर्ने छ । यो निर्देशन जारी हुँदा कुनै बैंक तथा वित्तीय संस्थाको नियमावलीमा सो व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धी प्रस्ताव पारित गरी नियमावली संशोधन गर्नुपर्ने छ ।

(१२) प्रमुख कार्यकारी अधिकृत पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । त्यसैगरी इजाजतपत्रप्राप्त संस्थाले व्यवस्थापकीय पद भनी तोकेका पदहरु समेत रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । सम्बन्धित संस्थाले सोही बमोजिमको व्यवस्था आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत उल्लेख गर्नुपर्नेछ ।

तर, एक आपसमा गाभ्ने/गाभिने वा प्राप्तीको प्रक्रियामा रहेका बैंक वा वित्तीय संस्थाहरु बीच गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्वन्धमा यस बैंकबाट सैद्धान्तिक सहमति दिइसकिएको अवस्थामा यस बैंकको स्वीकृति लिई प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको समयावधी थप गर्न सकिनेछ ।

(१३) सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गर्ने सिलसिलामा पारिश्रमिक र अन्य सुविधा लगायतका बिषयमा करार सम्झौता गर्दा सो सम्झौतामा सेवा सुविधा सम्बन्धी शर्तहरु किटानी गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । संस्थालाई वित्तीय भार पर्ने सेवा सुविधा सम्बन्धी शर्तहरु उल्लेख गर्दा प्रचलित कानुनी व्यवस्था वा विनियमावलीको व्यवस्था बमोजिम हुने भनी द्विविधायुक्त र अनेकार्थी शब्द प्रयोग गरी करार सम्झौता गर्न पाइने छैन । संस्थाकै कर्मचारीहरुमध्येबाट प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएको अवस्थामा निजले खाइपाइ आएको सेवा सुविधा पाउने भए सो समेत करारनामामा उल्लेख गर्नुपर्नेछ । साथै, यो व्यवस्था हुनु अगावै गरिएका सम्झौताहरुका सम्बन्धमा सम्बन्धित बैंक वा

वित्तीय संस्थाले यसै व्यवस्था बमोजिम हुने गरी साविक सम्झौतामा तदनुरुपले संशोधन/ परिमार्जन गर्नु पर्नेछ ।

५. कर्मचारीले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था :

(१) कर्मचारीले देहाय बमोजिमका न्यूनतम स्वीकारयोग्य आचरणको स्तर कायम गर्नु पर्नेछ :-

(क) इजाजतपत्रप्राप्त संस्थाका कर्मचारीले यस बैंकले जारी गरेको आचरण सम्बन्धी व्यवस्था पालना गर्ने बचनवद्धता सहित हस्ताक्षर गर्नु पर्नेछ ।

(ख) आफ्नो मातहतका कर्मचारीलाई आचरणको विषयमा निर्देशन दिने र जानकारी लिने उत्तरदायित्व विभागीय प्रमुखहरुको हुनेछ । कर्मचारीले अनुशासन वा नियम उल्लंघन गरेमा त्यसको प्रतिवेदन सम्बन्धित विभागीय प्रमुखले कर्मचारी प्रशासन विभागलाई उपलब्ध गराउनु पर्नेछ र प्रशासन विभागले उक्त प्रतिवेदनको अभिलेख सुपरिवेक्षणको क्रममा यस बैंकको सुपरिवेक्षण टोलीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) कर्मचारीले इजाजतपत्रप्राप्त संस्थाको हित विपरीतका देहायका गतिविधिमा संलग्न हुन पाइने छैन :

(क) कर्मचारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा इजाजतपत्रप्राप्त संस्थाको हित विपरीत हुने कुनै पनि किसिमको गतिविधिमा संलग्न हुनु हुँदैन ।

(ख) इजाजतपत्रप्राप्त संस्थाको कर्मचारी आफ्नो वित्तीय स्वार्थ रहेको ग्राहकसँगको कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुनु हुँदैन ।

(ग) इजाजतपत्रप्राप्त संस्थाका कर्मचारीको आफ्ना ग्राहकसँग सेयर स्वामित्व, साझेदार, ऋण लिने वा दिने आदि कुनै किसिमको वित्तीय स्वार्थ गाँसिएको छ भने निजले आफ्ना निकटतम सुपरिवेक्षकलाई तत्कालै त्यस कुराको जानकारी दिनु पर्नेछ ।

तर, निकटतम सुपरिवेक्षकले निजको वित्तीय स्वार्थ गाँसिएको छ भनी प्रमाणित नगरेसम्म सार्वजनिक रुपमा निष्काशन गरिएका सेयर/ऋणपत्रहरुको कारोबारको हकमा यस किसिमको प्रतिबन्ध लागू हुने छैन ।

(घ) आफू कार्यरत रहेको इजाजतपत्रप्राप्त संस्थाको अतिरिक्त अन्य कुनै पनि स्थानमा पूर्णकालीन रुपमा व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(३) <u>आंशिक रुपमा काम गर्न स्वीकृति लिनु पर्ने</u>

कर्मचारीले सो संस्था बाहेक अन्य कुनै पनि संस्थामा आंशिक रुपमा काम गर्नु वा अन्य व्यावसायिक गतिविधिमा संलग्न हुनुभन्दा पहिले इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापनबाट लिखित स्वीकृति लिनु पर्नेछ । आफ्नो संस्थाको हितमा प्रतिकुल असर नपर्ने भएमा मात्र निजलाई आंशिक रुपमा काम गर्न लिखित स्वीकृति दिन सक्नेछ ।

(४) <u>कर्मचारी सञ्चालक हुन पाउने वा नपाउने सम्बन्धी व्यवस्था</u>

इजाजतपत्रप्राप्त संस्था वा त्यस्तो संस्थाको अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थाको बहालवाला कर्मचारी कुनै पनि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक/सल्लाहकार हुन पाउने छैन ।

तर, देहाय बमोजिम हुन यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन :-

(क) प्रचलित कानुन बमोजिम इजाजतपत्रप्राप्त संस्थाले स्थापना गरेको सहायक कम्पनीहरुको सञ्चालक हुन,

(ख) नेपाल सरकारको लगानी भएका इजाजतपत्रप्राप्त संस्थाले अर्को कुनै इजाजतपत्रप्राप्त संस्थामा लगानी गरेको कारणले त्यस्तो इजाजतपत्रप्राप्त संस्थामा सञ्चालक मनोनयन गर्नु पर्दा नेपाल सरकारको स्वीकृति लिई आफ्नो कुनै कर्मचारी त्यस्तो अर्को इजाजतपत्रप्राप्त संस्थाको सञ्चालकमा मनोनयन हुन, वा

(ग) नाफा कमाउने उद्देश्य नभएका सामाजिक सेवामा संलग्न संस्थाहरु जस्तैः धार्मिक, सांस्कृतिक, शैक्षिक, परोपकारी जस्ता संस्थाहरुको नियमको परिधिभित्र रही सञ्चालक हुन ।

(५) संरक्षकको हैसियतमा रहन नहुने

कर्मचारीहरुले ग्राहकको जमीन तथा जायजेथा सम्बन्धी कारोबारमा प्रशासक वा संरक्षकको हैसियतले संलग्न हुनु हुँदैन । तर कथंकदाचित यस्तो कार्यमा संलग्न हुनु परेमा कार्यकारी प्रमुखबाट त्यसको लिखित स्वीकृति लिनु पर्नेछ ।

(६) पदको दुरुपयोग गर्न नहुने

कर्मचारीले आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुन पाइने छैन । कर्मचारी वा निजका नातेदारले समेत निजहरु बहाल रहेको इजाजतपत्रप्राप्त संस्थासँग कारोबार गर्दा पारिवारिक सम्बन्धको प्रभाव पार्न पाइने छैन । साथै, सामानहरुको खरिद बिक्री गर्दा, सेयर लगायत अन्य प्रत्याभूति कारोबारमा प्राथमिकता पाउन वा दिनका लागि पदको उपयोग गर्न पाइने छैन । यसैगरी सुन, चाँदी, विदेशी विनिमय र विदेशी सुरक्षणपत्रहरुको सट्टापट्टा गर्दा पदीय प्रभाव पार्न पाइने छैन ।

(७) सूचनाको दुरुपयोग गर्न नहुने

कर्मचारीले इजाजतपत्रप्राप्त संस्थाको कारोबारको सिलसिलामा प्राप्त कुनै पनि सूचनाको दुरुपयोग गर्न तथा कुनै पनि सूचीकृत भएको कम्पनी वा सूचीकृत हुन बाँकी रहेको कम्पनीको धितोपत्र व्यवसायीको रुपमा कारोबारमा संलग्न हुन पाइने छैन । निजहरुले कामको सिलसिलामा बाहेक आफू मातहतका कर्मचारीलाई समेत गोप्य राख्नु पर्ने सूचना तथा अभिलेखको जानकारी दिनु हुँदैन ।

(८) अभिलेख र कारोबारको प्रतिवेदन राख्नु पर्ने

इजाजतपत्रप्राप्त संस्थाको लेखा सम्बन्धी अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त हुनुपर्नेछ । कर्मचारीले अनाधिकृत रुपमा इजाजतपत्रप्राप्त संस्थाको लेखा अभिलेख र कागजातमा व्यक्तिगत रुपमा थपघट गर्न पाइने छैन । यस्तो गरेमा निज कर्मचारी प्रचलित कानुन बमोजिम सजायको भागीदार हुनेछ ।

(९) गोपनियता कायम राख्नु पर्ने

(क) कर्मचारीले प्रचलित कानुन बमोजिम ग्राहकको सूचना र ग्राहकसँग भएको कारोबारको गोपनीयता कायम राख्नु पर्नेछ । निज सेवाबाट निवृत्त भइसकेपछि पनि त्यस्तो कारोबारको गोपनियता (प्रतिलिपी अधिकार, अन्य पत्राचार, लेखा र ग्राहकसँग भएको अन्य कारोबारको विवरण) आफ्नो वा अरु कसैको वित्तीय स्वार्थको लागि प्रयोग गर्न पाइने छैन ।

(ख) कुनै ग्राहकको व्यावसायिक वा वित्तीय सूचना ग्राहकको लिखित स्वीकृति लिएर अन्य व्यक्ति वा संस्थालाई दिन सकिने छ ।

तर, प्रचलित कानुनको अधीनमा रही बैंकिङ्ग कारोबार सम्बन्धी विवरणहरु तेस्रो पक्षलाई उपलब्ध गराउँदा गोपनीयता भंग भएको मानिने छैन ।

(१०) निष्पक्ष र समान व्यवहार गर्नु पर्ने

कर्मचारीहरुले ग्राहकसँगको मित्रता र सम्बन्धबाट प्रभावित नभई निष्पक्ष एवम् समानताको आधारमा व्यावसायिक कारोबार गर्नु पर्नेछ ।

(११) लिखित रुपमा जानकारी दिनु पर्ने

इजाजतपत्रप्राप्त संस्थाले माथि लेखिए बमोजिमको कर्मचारीले आचरण सम्बन्धी व्यवस्था स्वीकार गरेको तथा आवश्यक देखेमा आफ्नो आन्तरिक कार्य प्रणालीको लागि थप आचरण सम्बन्धी व्यवस्था तयार गरी सो स्वीकार गरेको जानकारी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(१२) आचरण सम्बन्धी व्यवस्था पालना भए/नभएको जानकारी दिनु पर्ने

कर्मचारीले यस निर्देशनमा तोकिएका आचरण अनिवार्य रुपमा पालना गरे नगरेको विवरण आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र अनिवार्य रुपमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन

विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । कुनै कर्मचारीले उक्त आचरण पालना नगरेमा सो सम्बन्धी विवरण र निजमाथि गरिएको कारवाही बारेको जानकारी यस बैंकका उपर्युक्त विभागमा तुरुन्त पठाउनु पर्नेछ ।

(१३) कर्मचारीलाई कर्जा प्रदान गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना कर्मचारीलाई कर्मचारी विनियमावलीमा उल्लिखित सापटी/सुविधाका अतिरिक्त आफ्नै वा अन्य कुनै बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती रसिद, सुनचाँदी तथा नेपाल सरकार/नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र/बचतपत्रको धितोमा कर्जा प्रदान गर्न सक्नेछ ।

(१४) इजाजतपत्रप्राप्त संस्थाका संस्थापक वा सञ्चालकका एकाघर परिवारका सदस्य वा १ प्रतिशत भन्दा कम संस्थापक सेयर धारण गर्ने सेयरधनीले सोही संस्थामा कर्मचारीको रुपमा कार्य गरेको अवस्थामा त्यस्तो कर्मचारी कुनै पनि कर्मचारी युनियनको पदाधिकारी भई कार्य गर्नु हुँदैन ।

(१५) कुनै पनि बैंक तथा वित्तीय संस्था र ऋण असूली न्यायाधिकरण लगायत अन्य निकायहरुबाट गरिने लिलाम बढाबढ लगायत ऋण असुली सम्वन्धी कार्यहरुमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाका कर्मचारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी हुन पाउने छैनन् । बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत सोही अनुरुप परिमार्जन गर्नुपर्नेछ ।

(१६) Job Specification र Know Your Employee सम्बन्धमा

सञ्चालन जोखिम (Operational Risk) न्यूनीकरणका लागि इजाजतपत्रप्राप्त संस्थाले शाखा प्रमुख लगायत व्यवस्थापन तहका पदाधिकारीलाई जिम्मेवारी सुम्पदा निश्चित योग्यता तथा अनुभव पुगेकाहरुबाट कार्यसम्पादन हुने गरी स्पष्ट कार्यविवरण (Job Specification) तयार गरी लागू गर्नु पर्नेछ र कर्मचारी सम्बन्धी विवरण नियमित रुपमा अद्यावधिक गरी अभिलेख राख्नुपर्नेछ ।

६. कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा :

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलबभत्ता खर्चको न्यूनतम **३** प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । **तर, यो व्यवस्था आर्थिक वर्ष २०७६/७७ को लागि अनिवार्य हुने छैन ।**

यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ :

(क) तालिम तथा वृत्ति विकास खर्चबाट संस्थाका सबै कर्मचारीहरुले दक्षता अभिवृद्धिमा समान अवसर प्राप्त गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) सञ्चालक समितिका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी कुनै पनि खर्च र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै सभा वा सम्मेलनमा सहभागी हुँदाको प्रतिनिधि मण्डलको खर्च यस अन्तर्गत समावेश गर्न पाइने छैन ।

(ग) प्राथमिक बैकिङ कार्य (Core Banking Functions) सँग प्रत्यक्ष सम्बन्धित बढीमा तीन महिनासम्मको स्वदेशी वा विदेशी तालिम तथा गोष्ठी सम्बन्धी खर्च समावेश गर्न पाइनेछ ।

(घ) तालिममा मनोनित/सहभागी हुँदा बैंकको नियमानुसार लाग्ने खर्च यस अन्तर्गत समावेश गर्न पाइनेछ ।

(ङ) तालिम प्रदायक संस्थाको छनौट गर्दा त्यस्तो संस्थाको ख्याति, प्रतिष्ठा र विश्वसनीयतालाई आधार बनाउनु पर्नेछ ।

(च) स्वदेशी तालिम तथा गोष्ठीको हकमा बैंकिङ क्षेत्रसँग सम्बन्धित तालिम प्रदान गर्ने संस्था, नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले आयोजना गरेका तालिम, गोष्ठी, अनुशिक्षण कार्यक्रम, सेमिनार आदिमा सहभागी गराउँदा लाग्ने खर्च तथा संस्था आफैले वा आफ्नै आवासीय तालिम केन्द्र मार्फत् तालिम सञ्चालन गर्दा लाग्ने खर्चलाई तालिम तथा वृत्ति विकास खर्चमा समावेश गर्न पाइनेछ ।

(छ) चालु आर्थिक वर्षमा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा तोकिए अनुसारको रकम खर्च हुन नसकेमा त्यस्तो बाँकी रकमलाई कर्मचारीको दक्षता अभिवृद्धि कोषमा जम्मा गरी आगामी आर्थिक वर्षमा खर्च

गर्नु पर्नेछ ।

(ज) बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा कार्यरत सहायक स्तरदेखि अधिकृत स्तरसम्मका कर्मचारीलाई बैंकिङ्ग सम्बन्धी तालिम अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ । बैंक तथा वित्तीय संस्थाले बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नका लागि आफ्नो संस्थामा नयाँ भर्ना भएका कर्मचारीलाई बैंक प्रवेश गरेको २ वर्षभित्र यस प्रकारको तालिम प्रदान गरी सक्नु पर्नेछ ।

(झ) बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिले कर्मचारीको दक्षता अभिवृद्धि सम्बन्धमा कार्यविधि बनाई लागू गर्नु पर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

७. आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२, २६, २७, ६० र ६१ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उप-समिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछः ।

(क) बैंक तथा वित्तीय संस्थाले आफ्नो काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सञ्चालकको संयोजकत्वमा देहायका समिति वा उप-समिति मात्र गठन गर्न सक्नेछ ।

(अ) लेखापरीक्षण समिति
(आ) जोखिम व्यवस्थापन समिति
(इ) कर्मचारी सेवा सुविधा समिति
(ई) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास प्रयोजनको लागि समय तोकी गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा उप-समिति गठन गर्न भने बाधा पुगेको मानीने छैन ।

(ग) सञ्चालक समितिका अध्यक्ष सञ्चालक समिति बाहेक अन्य कुनै पनि आन्तरिक समिति वा उप-समितिमा समावेश हुन पाउने छैन ।

(घ) खण्ड (क) बमोजिम समिति गठन गर्दा लेखापरीक्षण समितिमा ३ जना र अन्य समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ व्यक्ति सहित कम्तीमा ३ देखि बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् ।

(ङ) सम्बन्धित संस्थाले सबै सञ्चालकहरुको योग्यता र अनुभव खुलेको Profile तयार गरी सोको आधारमा सञ्चालकहरुलाई उपयुक्त समितिमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(च) सञ्चालकको संयोजकत्वमा गठित समिति/उप-समितिका सदस्यहरुको बैठक भत्ता सञ्चालक समिति सरह र अन्य पदाधिकारीहरुको भत्ता सञ्चालकको भन्दा कम हुने गरी सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

(छ) नायब कार्यकारी प्रमुख पदमा बढुवा वा नयाँ पदपूर्ति प्रक्रियाबाट नियुक्ति गर्दा **कार्यकारी प्रमुखको अध्यक्षतामा गठित उपसमितिको सिफारिसमा समितिले गर्नुपर्नेछ** । नायव कार्यकारी प्रमुखभन्दा तल्लो तहका कर्मचारीको बढुवा वा नयाँ पदपूर्ति गर्दा प्रमुख कार्यकारी अधिकृतको निकटतम तल्लो वरियताको पदाधिकारीको संयोजकत्वमा गठित पदपूर्ति समितिको सिफारिसमा कार्यकारी प्रमुखले गर्नेछ ।

तर, नायव कार्यकारी प्रमुख भन्दा निकटत्म तल्लो वा नायव कार्यकारी प्रमुख समान पदमा बढुवा गर्दा कार्यकारी प्रमुखको सिफारिसमा संस्थाको कर्मचारी विनियमावलीमा भएका व्यवस्थाको अधीनमा रही संचालक समितिले गर्नु पर्नेछ ।

(ज) एउटा समितिमा संयोजक रहेको सञ्चालक अर्को समितिमा संयोजक हुन पाउने छैन ।

(झ) आन्तरिक लेखापरीक्षण विभागका प्रमुख र कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन क्रमशः लेखापरीक्षण समितिले र लेखापरीक्षण विभागका प्रमुखले गर्ने गराउने व्यवस्था गर्नु पर्नेछ ।

(ञ) एउटा सञ्चालक एक कार्यकाल भन्दा बढी लगातार एउटै समितिमा संयोजक रहन पाउने छैन ।

(२) लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था :

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको मातहतमा एउटा लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ । सो समितिको सदस्य-सचिव आन्तरिक लेखापरीक्षण विभागको प्रमुख हुनेछ । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिनेछ । इजाजतपत्रप्राप्त संस्थाका आन्तरिक र बाह्य लेखापरीक्षकले सो समितिमा सिधै पहुँच राख्न सक्नेछन् । निजहरुले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सञ्चालक समितिले विस्तृत छलफल गर्नु पर्नेछ । लेखापरीक्षण समितिमा कार्यकारी प्रमुखलाई सदस्यको रुपमा राख्न पाइने छैन तर आवश्यकता परेको अवस्थामा आमन्त्रित सदस्यको रुपमा बोलाउन बाधा पुगेको मानिने छैन ।

समितिको काम, कर्तव्य र उत्तरदायित्व

(क) प्रचलित कानुन बमोजिम इजाजतपत्रप्राप्त संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।

(ख) बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।

(ग) नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने ।

(घ) इजाजतपत्रप्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।

(ङ) इजाजतपत्रप्राप्त संस्थाको कारोबारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा सञ्चालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गीकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने ।

(च) प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे/नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।

(छ) आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।

(ज) संस्थाको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए/नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।

(झ) त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ञ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने ।

(३) जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था:

सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गर्नु पर्नेछ । समितिको सदस्यहरुमध्ये सञ्चालन (अपरेसन) विभागका विभागीय प्रमुख सदस्य र प्रमुख जोखिम अधिकृत (CRO) सदस्य-सचिव हुनेछ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ । समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नु पर्नेछ ।

समितिको काम, कर्तव्य र उत्तरदायित्व

(क) विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तताका सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।

(ख) व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनका लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(ग) व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।

(घ) जोखिम समायोजित सम्पत्ति अनुसार पुँजीको पर्याप्तता, आन्तरिक पुँजी विश्लेषण पद्धति (ICAAP), व्यावसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी सञ्चालक समितिलाई आवश्यक राय सुझाव दिने ।

(ङ) जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने ।

(च) "क" वर्गका वाणिज्य बैंक र राष्ट्रियस्तरका "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले नियमित रुपमा दवाव परीक्षण (Stress Testing) गरी सोको परिणाम उपर छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनुपर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(छ) सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

(ज) संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ऱ्हास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समीक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(झ) अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणका लागि के कस्तो नीति अवलम्बन गर्नुपर्ने हो आवश्यक सुझाव सहित सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(४) कर्मचारी सेवा सुविधा समिति सम्बन्धी व्यवस्था

सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी सेवा सुविधा समिति" गठन गर्न सक्नेछ । उक्त समितिमा संस्थाको प्रमुख कार्यकारी अधिकृत र लेखा सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य तथा जनशक्ति व्यवस्थापन सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य सचिव हुनेछन् ।

समितिको काम कर्तव्य र उत्तरदायित्व

(क) संस्थाको "पारिश्रमिक निर्धारण नीति" तर्जुमा गर्न सञ्चालक समितिलाई आवश्यक सहयोग गर्ने ।

(ख) समितिले समय-समयमा सम्पूर्ण कर्मचारीको पारिश्रमिक संरचनाको अध्ययन तथा विश्लेषण गर्ने र बजारको पारिश्रमिक संरचनामा आएको परिवर्तनले संस्थामा पार्ने प्रभावका सम्बन्धमा नियमित रुपले अध्ययन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ग) संस्थाको "पारिश्रमिक निर्धारण नीति" बमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण

कर्मचारीको पारिश्रमिक वृद्धि गर्नुपर्ने देखिएमा सोको आधारहरु सहित सञ्चालक समितिमा सिफारिस गर्ने ।

(घ) संस्थाका कर्मचारीले सम्पादन गर्नुपर्ने कार्य विवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरु समेत विकास गरी सो बमोजिम निजहरुको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको पुनरावलोकन गर्ने ।

(ङ) जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, वृत्ति विकास, कार्यसम्पादन मूल्याङ्कन, पुरस्कार तथा सजाय र श्रम सम्बन्ध सम्बन्धी योजना, नीति तथा मापदण्डहरु तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

(च) कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समीक्षा गर्ने र Succession Planning तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने ।

(छ) प्रमुख कार्यकारी अधिकृतले आफ्नो सेवा सुविधासंग सम्बन्धी विषयमा छलफल गर्न बसेको समितिको बैठकमा भाग लिन पाउने छैनन् ।

(५) सम्पत्ति शुद्धीकरण निवारण समिति सम्बन्धी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा अनुपालना (Compliance) विभागका विभागीय प्रमुख तथा जोखिम व्यवस्थापन बिभागका विभागीय प्रमुख सदस्य र इ.प्रा. निर्देशन नं. १९ को बुँदा नं. १८ को उपबुँदा नं. २ बमोजिम नियुक्त भएको कार्यान्वयन अधिकारी सदस्य सचिव रहने गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गर्नु पर्नेछ । समितिमा आवश्यकता अनुसार एक जना सम्म विशेषज्ञ/सम्वन्धित व्यक्ति आमन्त्रण गर्न सकिने छ । समितिको बैठक कम्तीमा पनि तीन महिनामा एकपटक बस्नु पर्नेछ ।

<u>समितिको काम कर्तव्य र उत्तरदायित्व</u>

(क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रकृयागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि सञ्चालक समितिलाई सुझाव दिने ।

(घ) ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको बिश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम बर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, यस बैंकद्वारा जारी निर्देशन, एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

(च) व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।

(१) AML/CFT को जोखिम व्यवस्थापन सम्वन्धी प्रतिवेदन ।

(२) ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र बृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई

छिटो, छरितो र सुचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी वनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।

(३) आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र यस बैंकको निरीक्षण प्रतिवेदनमा उल्लिखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरुको विस्तृत विवरण ।

(छ) बैंक/वित्तीय संस्थाले नयाँ सेवा/सुबिधा शुरुवात गर्दा, प्रविधि (IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैकिङ्ग/मोबाईल बैकिङ्ग (QR Code समेत), मोबाइल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य अनलाईन/अफलाइन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोको व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधारहरुको सम्बन्धमा विस्तृत विवरण ।

(ज) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाट बैंक/वित्तीय संस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

(झ) कार्यान्वयन अधिकारी, संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनी, सञ्चालक समितिका सदस्यहरु, उच्च व्यस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न हुने कर्मचारीलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।

(ञ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(ट) AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो विषय संचालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।

(ठ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र यस बैंकले तोके बमोजिमको माध्यमवाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।

८. कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था :

(क) देहायका अवस्थामा इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकलाई कर्जा सापटी/गैर कोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-

(१) सञ्चालक र निजको एकाघर परिवारका सदस्यलाई,

(२) सञ्चालक वा निजको एकाघर परिवारका सदस्य व्यवस्थापक, साझेदार, एजेन्ट वा जमानतकर्ता भएको वा निजको प्रत्यक्ष वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,

(३) सञ्चालक वा निजका एकाघर परिवारका सदस्यले १० प्रतिशतभन्दा बढी सेयर लिएको फर्म, कम्पनीलाई र संस्थालाई,

(४) सञ्चालक वा निजका एकाघर परिवारका सदस्य जमानत बसेको व्यक्ति, फर्म कम्पनीलाई वा संस्थालाई ।

(ख) देहायका अवस्थामा इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूह, सेयरधनी, लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारीलाई कर्जा तथा गैरकोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-

(१) संस्थापक समूहका सेयरधनी वा चुक्ता पुँजीको कुल सेयरको एक प्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,

(२) संस्थापक समूहका सेयरधनी, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा त्यस्ता व्यक्तिका वित्तीय स्वार्थ भएका फर्म, कम्पनी, संस्था वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई ,

तर, विगतमा कुल चुक्ता पुँजीको एक प्रतिशत भन्दा कम सेयर धारण गरेका इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूहका सेयरधनीलाई प्रदान भएको कर्जा तथा गैर कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।

(३) चुक्ता पुँजीको एक प्रतिशतभन्दा बढी सेयर लिएको सेयरधनी र इजाजतपत्रप्राप्त संस्थाका कर्मचारी साझेदार भएको वा जमानत बसेको वा अन्य किसिमको वित्तीय स्वार्थ भएको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई,

(४) यस बैंकले निर्देशन दिएकोमा बाहेक एक प्रतिशत भन्दा बढी सेयर धारण गरेका सेयरधनी र कर्मचारीले दश प्रतिशतभन्दा बढी सेयर लिई मताधिकार लिएको फर्म, कम्पनी वा संस्थालाई,

(ग) इजाजतपत्रप्राप्त संस्थाका संस्थापक समूहका सेयरधनी, सञ्चालक, कार्यकारी प्रमुख र निजको परिवारका सदस्यहरुको स्वामित्वमा रहेको सम्पत्तिको धितोमा सोही संस्थाबाट धितो राखी कर्जा प्रवाह गर्न पाइने छैन ।

(घ) कार्यकारी प्रमुख र इजाजतपत्रप्राप्त संस्थाका कर्मचारीहरुलाई इजाजतपत्रप्राप्त संस्थाको कर्मचारी विनियमावली अनुसारको सुविधा अन्तर्गतको सापटी प्रदान गर्न यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

उपर्युक्त व्यवस्थाका अतिरिक्त सरकारको घोषित उद्देश्य पुरा गर्न स्थापना भएका विकासमूलक संस्था वा कम्पनीलाई कर्जा प्रदान गर्न यस बैंकले छुट दिन सक्नेछ ।

(ङ) इजाजतपत्रप्राप्त संस्थाले कर्जा प्रवाहका क्रममा धितो मूल्याङ्कन गर्नका लागि तयार गरेको सूचीमा रहेका धितो मूल्याङ्कनकर्तालाई कर्जा सापटी/गैर कोषमा आधारित सुविधा प्रदान गर्न पाइने छैन ।

(च) उपरोक्तको व्यवस्था अनुपालना गर्ने प्रयोजनको लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्बद्ध पक्षहरु (Related Parties) को सूची तयार गर्नुपर्नेछ ।

(छ) **गाभ्ने/गाभिने वा प्राप्ति कार्यमा संलग्न संस्थाको शेयर कारोवार सम्बन्धी व्यवस्थाः**

बैंक वा वित्तीय संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यस्तो सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन, गर्न दिन धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन हस्तान्तरण गर्न वा लेनदेन गर्न पाइने छैन ।

तर, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिँदा वा एउटा बैंक तथा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्थालाई प्राप्ति गर्दा विलय भएर जाने संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति उक्त पद वा सेवाबाट अलग भएपश्चात प्रचलित कानुनको अधीनमा रही यस बैंकको स्वीकृतिमा बैंक वा वित्तीय संस्था वा त्यस्तो सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै पनि व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन, गर्न दिन,

धितोबन्धक राखी कर्जा लिन, दान बकस लिन, दिन, हस्तान्तरण गर्न वा लेनदेन गर्न बाधा पुगेको मानिने छैन ।

(ज) शत प्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न, इजाजतपत्र प्राप्त संस्थाको आफ्नै मुद्दती रसिद तथा नेपाल सरकार र नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा कर्जा प्रदान गर्न यस खण्डमा भएको कुनै पनि व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

९. आचारसंहिता तथा सुशासन सम्बन्धी व्यवस्था

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको समेत सुशासन कायम गर्ने कार्यमा भुमिका रहेको हुँदा सुशासन ऐनको भावना अनुसार आ-आफ्नो संस्थामा आचारसंहिता निर्माण गरी लागू गर्नु पर्नेछ ।

२. आ-आफ्नो संस्थामा सुशासन इकाइ गठन गरी सुशासनको स्थितिबारे मासिक रुपमा अनुगमन गर्दै जानु पर्नेछ ।

३. यस बैंकको निरीक्षण प्रतिवेदनमा उठाइएका बिषयहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्नु पर्नेछ ।

१०. स्वःघोषणा तथा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था

(क) इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकहरुले आफ्नो बारेमा यसैसाथ संलग्न स्वघोषणा (Self-Declaration) गरे/गराएको विवरण (**अनुसूची ६.१**) सहितको जानकारी तथा सम्बन्धित संस्थाले आफ्ना सञ्चालकहरुको सम्बन्धमा तयार गरेको दर्ता/लगत किताबको ढाँचा (**अनुसूची ६.२**) सहितको विवरण यस बैंकमा पेश गर्नु पर्नेछ ।

(ख) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थाको सञ्चालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा परिवारको स्वामित्वमा रहेको फर्म/कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र सञ्चालक समितिमा पेश गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ग) संस्थाले प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा यस निर्देशनको **अनुसूची नं. ६.३** बमोजिमको स्वःघोषणा गरी गराई अभिलेख राख्नु पर्नेछ ।

(घ) संस्थाले आफ्ना सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ ।

११. इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो नियमावलीमा तोकिए बमोजिम सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, वैकल्पिक सञ्चालक बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता, सञ्चालक कार्यकारी भई कार्य गरेमा पारिश्रमिक समेत र टेलिफोन, मोवाइल तथा पत्रपत्रिका खर्च एवम् संस्थाको काममा स्वदेश र विदेशमा भ्रमण गर्दा लाग्ने खर्च जस्ता अन्य सुविधा बाहेक गैरकार्यकारी अध्यक्ष तथा अन्य सञ्चालकहरुले व्यक्तिगत फाइदा हुने आर्थिक र गैर आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन पाइने छैन । यसरी आर्थिक र गैर आर्थिक सुविधा लिएको खण्डमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २३ को उपदफा (१) को व्यवस्था उल्लंघन गरेको मानी सम्बन्धित सञ्चालकबाट असुलउपर गरिनेछ ।

१२. इजाजतपत्रप्राप्त गर्ने क्रममा रहेका बैंक तथा वित्तीय संस्थाका प्रस्तावित सञ्चालक/वा प्रबन्ध सञ्चालकहरुले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै पनि प्रकारको पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु लिन पाइने छैन । प्रस्तावित संस्थामा कार्यरत कर्मचारीहरुले प्रस्तावित सञ्चालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक लिन भने बाधा पर्नेछैन । वित्तीय कारोबारको इजाजतपत्रप्राप्त गरी सकेका तर सर्वसाधारणमा सार्वजनिक सेयर निष्काशन नगरेका संस्थाका सञ्चालक, प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लगायतका अधिकारीहरुले प्राप्त गर्ने पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु उक्त संस्थाको सर्वसाधारण सेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारणसभा सम्पन्न नभएसम्म वृद्धि गर्न पाईने छैन ।

१३. अख्तियार प्राप्त निकायले कुनै व्यक्ति तथा निज सहभागी हुने वा भएको साझेदारी फर्म, कम्पनी तथा संस्थाहरु समेतलाई विपक्षी बनाई मुद्दा दायर गरेमा सो व्यक्ति तथा निजका साझेदारी फर्मलाई लेखापरीक्षकमा नियुक्त गर्न पाइने छैन । तर, सफाई पाएको खण्डमा आधिकारिक पत्र प्राप्त भए पछि लेखापरीक्षकमा नियुक्त गर्न सकिनेछ । मुद्दा दायर हुनुभन्दा अगाडि बैंक वा वित्तीय संस्थाको

साधारणसभाबाट लेखापरीक्षक नियुक्ति भएको हकमा भने काम सम्पन्न गर्न यस व्यवस्थाले कुनै बाधा पर्ने छैन ।

१४. (१) इजाजतपत्रप्राप्त संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा **उच्च** व्यवस्थापन तहको पदाधिकारीले शिक्षा कर्जा, हायर पर्चेज कर्जा, घर कर्जा वा घरायसी प्रयोजनका सामग्री कर्जा बाहेक निजहरुको व्यक्तिगत नाममा अन्य कुनै किसिमका कर्जा लिन पाउने छैनन् ।

तर सरकारी ऋणपत्र, मुद्दती रसिद, सुनचाँदीको धितोमा वा Credit Card कर्जा लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

स्पष्टीकरणः उच्च व्यवस्थापन तहको पदाधिकारी भन्नाले इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कार्यकारी अधिकृत भन्दा दुई तह मुनिसम्मको पद धारण गरेको पदाधिकारीलाई जनाउँनेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले कुनै पनि इजाजतपत्रप्राप्त संस्थाका कार्यकारी प्रमुख वा व्यवस्थापन तहको पदाधिकारीको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले परिभाषा गरे बमोजिम वित्तीय स्वार्थ रहेको फर्म, कम्पनी वा संस्थामा कुनै पनि किसिमको कर्जा प्रवाह गर्न सक्ने छैनन् । यो निर्देशन जारी हुनुपूर्व प्रवाह भईसकेको कर्जाको हकमा भुक्तानी अवधि समाप्त भई सकेपछि नवीकरण गर्न पाइने छैन ।

१५. बैंक तथा वित्तीय संस्थाको एक प्रतिशत वा सो भन्दा बढी सेयर धारण गरेका सेयरधनी वा निजको व्यक्तिगत वा साझेदारी फर्मले लेखापरीक्षण गरेको फर्म/कम्पनी/संस्थालाई सम्बन्धित बैंक तथा वित्तीय संस्थाले ऋण प्रदान गर्न पाइने छैन ।

१६. बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नु पर्नेछ । सो कोषमा जम्मा भएको रकम निम्नानुसार हुने गरी अर्को आर्थिक वर्ष खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(क) संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट निम्न क्षेत्रहरुमा हुने खर्च व्यहोर्न सकिनेछ :

(१) सामाजिक परियोजनाहरुमा हुने खर्च : शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, (**फोहोर मैला संकलन गर्ने फोहरदानी (Dustbin/Container) आदि**), सांस्कृतिक प्रबर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिबृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम, **यात्रु प्रतिक्षालय निर्माण, सडक बत्ती, सार्वजनिक शौचालय निर्माण जस्ता सामाजिक कार्य** आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च । परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरुबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नु पर्नेछ ।

(२) वित्तीय साक्षरता : बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरता सम्बन्धी विविध कार्यक्रम तथा लक्षित तालिमहरु सञ्चालन गरी महिला तथा सामाजिक रुपले पिछडिएका वर्गलाई वित्तीय सेवा सम्बन्धमा साक्षर बनाई वित्तीय सेवाप्रतिको पहुँच अभिबृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषको ५ प्रतिशत रकम खर्च गर्नु पर्नेछ ।

(३) प्रत्यक्ष अनुदान खर्च : अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरुको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिइने प्रत्यक्ष अनुदान खर्च ।

(४) दिगो विकास लक्ष्य : नेपालको दिगो विकास लक्ष्य, २०१६-२०३० (Sustainable Development Goals, 2016-2030) ले पहिचान गरेका १७ वटा क्षेत्रहरुमा तोकिएका लक्ष्यहरुको प्राप्तिमा सहयोग हुने गरी गरिने अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चहरु ।

(५) बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीको लागि कोभिड १९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च ।

(६) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरुका लागि Child Day Care Centre को व्यवस्था गर्दा लाग्ने खर्च ।

(७) व्यवसायिक रुपमा स्थापना भएका वाहेकका अनाथालय, बालमन्दिर र वृद्धाश्रमलाई दिइएको अनुदान तथा गरिएका खर्च ।

(८) खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम ।

(ख) संस्थाको ब्राण्ड प्रवर्द्धन हुने गरी गरिने खर्च यस कोषबाट व्यहोर्न पाइने छैन । तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा संस्थाको नाम सौजन्यको रुपमा उल्लेख गर्न भने बाधा पुगेको मानिने छैन ।

(ग) बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा बिषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न भौगोलिक क्षेत्र तथा बिषयहरुमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) सञ्चालक समितिका सदस्यहरुलाई व्यक्तिगत तथा राजनैतिक लाभ हुने गरी खर्च गर्न पाइने छैन ।

(ङ) सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि यस व्यवस्था अनुसार पहिचान हुने क्षेत्रहरु, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्याङ्कन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया लगायतका बिषयहरु समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।

(च) बैंक तथा वित्तीय संस्थाले यस्तो कोषको व्यवस्था तथा सोबाट भएको खर्चको **क्षेत्रगत तथा प्रदेशगत विवरण** आफ्नो वार्षिक वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत खुलाउनु पर्नेछ ।

(छ) वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याएको रकमलाई वित्तीय साक्षरता प्रवर्द्धन गर्ने लगायतका क्रियाकलापलाई प्रोत्साहित गर्न प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ ।

(ज) बैंक तथा वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नु पर्नेछ ।

१७. Core Banking Services का लागि आउटसोर्स मार्फत नियुक्त कर्मचारीबाट कार्यसम्पादन गर्न/गराउन पाइने छैन ।

१८. इजाजतपत्रप्राप्त संस्थाले पुरस्कार वा सम्मान ग्रहण गर्ने, इजाजतपत्रप्राप्त संस्थाका संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतले विदेश भ्रमण गर्ने सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको छ ।

१. बैक तथा वित्तीय संस्थाले पुरस्कार वा सम्मान ग्रहण गर्ने सम्बन्धमा:

क) संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक सहायता, चन्दा वा अन्य कुनै पनि प्रकारको शुल्क वा वित्तीय योगदान गरेको आधारमा मात्र सोको प्रतिफल स्वरुप कुनै पनि विदेशी निकायबाट पुरस्कार वा सम्मान ग्रहण गर्न नपाइने ।

ख) कुनै पनि विदेशी निकायबाट पुरस्कार वा सम्मान ग्रहण गर्नु पर्दा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिदा पुरस्कार वा सम्मान प्रदान गर्ने विदेशी निकायको वैधानिक हैसियत एवम् आधिकारिकता पुष्टी हुने कागजात समेत सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले यस बैंक समक्ष पेश गर्नुपर्नेछ ।

ग) पुरस्कार वा सम्मान ग्रहण गर्ने प्रयोजनार्थ भ्रमण गर्ने बैंकका पदाधिकारीको भ्रमण लगायतको खर्च मितव्ययी हुनुपर्नेछ ।

२. सञ्चालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन सम्बन्धित संस्थाले यस सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिमा अन्य आवश्यक विषयहरुका अतिरिक्त देहाय बमोजिमको व्यवस्था कायम गरेको हुनुपर्नेछ ।

क) भ्रमणको उद्देश्य, उपयोगिता लगायतका पक्षहरुमा सम्बन्धित संस्थाको संचालक समितिवाट निर्णय भएको हुनुपर्नेछ ।

ख) संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृत संस्थाको कामसंग सम्बन्धित विषयमा विदेश भ्रमणमा जानु पर्दा भ्रमण गरिने मुलुक, भ्रमणमा जाने पदाधिकारीको नाम, भ्रमण अवधि, भ्रमणको विषय, भ्रमण गर्दा लाग्ने खर्च एवम् सम्बन्धित इजाजतपत्रप्राप्त संस्थालाई हुने लाभ समेतको विश्लेषण गर्नुपर्नेछ ।

ग) विदेश भ्रमण कार्यक्रम मितव्ययी हुने गरी सम्पन्न गर्नुपर्नेछ ।

१९. सञ्चालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत र नायव प्रमुख कार्यकारी अधिकृतहरुको नियुक्ति सम्बन्धमा देहायबमोजिमको नीतिगत व्यवस्था गरिएको छ :

१. कुनै एउटा इजाजतपत्रप्राप्त संस्थामा संचालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधीनमा रही कार्यकाल थप भएको अवस्थामा वाहेक संचालक पदवाट जुनसुकै कारणवाट हटेमा कम्तीमा ६ महिनाको समय व्यतित नभई यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन ।

२. कुनै संचालक आफ्नो पदावधि समाप्त नहुँदै जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकालभित्र सोही संस्थाको संचालक पदमा निर्वाचित वा मनोनित हुन पाउने छैन ।

३. यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थामा कार्यरत प्रमुख कार्यकारी अधिकृत प्रचलित व्यवस्थाको अधीनमा रही पुनर्नियुक्ति पाएको अवस्थामा बाहेक जुनसुकै कारणले आफ्नो सेवाबाट निवृत्त भएपछि कम्तीमा ६ महिनाको अवधि व्यतित नभई कुनैपनि इजाजतपत्रप्राप्त संस्थामा प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन । साथै, प्रमुख कार्यकारी अधिकृत जुनसुकै कारणवाट हटेमा त्यस्तो व्यक्ति पुनः सोही कार्यकाल वा ६ महिनामध्ये जुन बढी हुन्छ सो अवधि व्यतित नभई सोही संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन । त्यसैगरी इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकमा कार्यरत दोस्रो वरियताको पदाधिकारी सेवाबाट हटेपछि ६ महिनाको अवधि व्यतित नभई इजाजतपत्रप्राप्त संस्थाको समान प्रकृतिको पदमा नियुक्ति हुन पाउने छैन ।

तर, बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने /गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई एकीकृत कारोबार सञ्चालनको क्रममा वा एकीकृत कारोबार सुरु भएको तीन महिना भित्र पदमुक्त भएका वा सेवामा निरन्तरता नपाएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा नायव प्रमुख कार्यकारी अर्को संस्थामा नियुक्त हुन उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

२०. इजाजतपत्रप्राप्त संस्थाका प्रमूख कार्यकारी अधिकृत तथा सञ्चालक बीच कुनै किसिमको कारोबार भएमा उक्त कारोबारको विस्तृत विवरण सहितको जानकारी मासिक रुपमा महिना समाप्त भएको १५ दिन भित्र सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ ।

२१. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को संस्थागत सुशासन सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. ६/०७६ बमोजिमको निर्देशन तथा सो पश्चात मिति मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - ६.१

श्री सञ्चालक समिति, मिति :
२०७..../..../.....

.....बैक/वित्तीय संस्था लिमिटेड,

.....।

बिषय : जानकारी गराएको बारे ।

उपर्युक्त सम्बन्धमा म .....ले यस बैंक/वित्तीय संस्थाको सञ्चालकको पदमा मिति २०७.../..../.....बाट बहाल गरेकोले बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा **२४** बमोजिम देहायका विषयहरुको बारेमा जानकारी गराएको छु ।

(१) यस बैंक/वित्तीय संस्थासँग म वा मेरो परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको छैन ।

(२) बैक/वित्तीय संस्थाको कार्यकारी प्रमुख, प्रबन्ध सञ्चालक वा कम्पनी सचिव, लेखापरीक्षक तथा महाप्रबन्धकको नियुक्तिको सम्बन्धमा मेरो कुनै प्रकारको स्वार्थ वा सरोकार छैन ।

(३) म र मेरो परिवारको कुनै सदस्यले यस बैंक/वित्तीय संस्थाको सेयर संख्या.....लिएको छु/छौं, सो बाहेक बैंकको अन्य सेयर वा डिबञ्चर लिएको छैन ।

(४) म यस बाहेक नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त कुनै बैंक तथा वित्तीय संस्थाको सञ्चालक छैन ।

(५) मेरो परिवारको कुनै पनि सदस्यले यस बैक/वित्तीय संस्थाको पदाधिकारी/कर्मचारीको हैसियतले काम गरेका छन्/छैनन् ।

(रहेको भए खुलाउने .....)

(६) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८(ङ) बमोजिम म यस बाहेक अन्य कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संस्थाको (प्रचलित कानुन बमोजिम बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था समेतको) सञ्चालक, कर्मचारी वा बहालवाला लेखापरीक्षक वा सल्लाहाकारको पदमा रहेको छैन । साथै, यस संस्थाको सञ्चालक रहेसम्म म अन्य कुनै प्रकारको बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने संस्थाको सञ्चालक हुने छैन ।

(७) यस बैंक/वित्तीय संस्थाको संस्थापक सेयर धितो राखी कर्जा लिएको छ/छैन ।

यदि छ भने सोको विवरण खुलाउनु पर्नेछ ।

(८) माथि घोषणा गरिएका/पेश गरिएका विवरणहरु ठीक सांचो हो, झुट्ठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

सञ्चालकको दस्तखत:

नाम थर

बाबुको नाम:

बाजेको/पतिको नाम:

ठेगाना:

नागरिकता लिएको जिल्ला र नागरिकता नं.

(द्रष्टव्य ::: यो विवरण बैंक वा वित्तीय संस्थाको सञ्चालकको पदमा निर्वाचित वा मनोनित भएको मितिले ७ दिनभित्र र परिवर्तन भएमा परिवर्तन भएको मितिले ७ दिनभित्र सम्बन्धित बैंक वा वित्तीय संस्थामा पेश गर्नु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थाले सञ्चालकबाट यो विवरण प्राप्त भएको मितिले ७ दिनभित्र यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।)

अनुसूची - ६.२

.....बैंक/वित्तीय संस्था लिमिटेड

सञ्चालकहरुको दर्ता/लगत किताब

क.सं.	सञ्चालकको नाम	बाबुको नाम	बाजेको/पतिको नाम	पेशा, व्यवसाय	सञ्चालक नियुक्त भएको मिति	सञ्चालकबाट हटेको मिति

तयार गर्ने:

प्रमाणित गर्ने :

अनुसूची - ६.३

श्री जनशक्ति व्यवस्थापन विभाग, मिति :
२०७..../..../.....

.....बैक/वित्तीय संस्था लिमिटेड,

.....।

<u>बिषय : स्वःघोषणा गरिएको बारे ।</u>

उपर्युक्त सम्बन्धमा म .....ले यस बैंक/वित्तीय संस्थाको ..... पदमा मिति २०७.../..../.....नियुक्त भएकोले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको निर्देशन बमोजिम देहाय बमोजिमको स्वघोषणा गर्दछु ।

(१) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको,

(२) आफ्नो पूर्व कारोबारमा नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्थाबाट निलम्वन नगरिएको वा नेपाल राष्ट्र बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्वनवाट फुकुवा भएको पाँच वर्ष पुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाइ पाएको,

(३) कालोसूचीमा समावेश नभएको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष पुगेको ।

(४) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा सजाय नपाएको वा मुद्दा नचलेको ।

(५) अपराधिक क्रियाकलाप विरुद्ध अदालतमा मुद्दा नचलेको ।

(६) प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर चुक्ता गरेको ।

माथि घोषणा गरिएका/पेश गरिएका विवरणहरु ठीक छन्, झुट्ठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

दस्तखत:

नाम थर

बाबुको नाम:

बाजेको/पतिको नाम:

ठेगाना:

नागरिकता लिएको जिल्ला र नागरिकता नं.

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ७/०७७

सुपरिवेक्षकीय निर्देशन लागू गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था

यस बैंकले "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको निरीक्षण तथा सुपरिवेक्षणको क्रममा दिइएको निर्देशनहरुलाई देहाय बमोजिम लागू गर्न/गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. निरीक्षण प्रतिवेदन उपर प्रतिकृया

स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा ३० दिनभित्र इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरु सुधार तथा दिएका निर्देशनहरु पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा इजाजतपत्रप्राप्त संस्थाले सम्बन्धित सुपरीवेक्षण विभागको स्वीकृति लिई **थप** भएको अवधिभित्र उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नु पर्नेछ ।

२. कर्जा नोक्सानी व्यवस्था

निरीक्षण प्रतिवेदन मार्फत थप कर्जा नोक्सानी व्यवस्था गर्ने निर्देशन प्राप्त भएमा चालु त्रैमासिक हिसाबमा थप कर्जा नोक्सानी व्यवस्था गरी सोको जानकारी यस बैंकमा दिनु पर्नेछ ।

३. Loan Portfolio सुधार योजना

निरीक्षण प्रतिवेदन मार्फत निर्देशन प्राप्त भएको **३०** दिनभित्र "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा एक करोड रुपैयाँ वा सोभन्दा माथिका र अन्य वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा पचास लाख रुपैयाँ वा सो भन्दा माथिका **तीन महिनाले भाखा नाघेका सबै कर्जाको** स्थिति सुधार्ने योजना बनाई यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ । सो अवधिभित्र यस बैंकबाट निरीक्षण भई थप निर्देशन प्राप्त भएमा वर्गीकृत कर्जाहरुको रकम र वर्गीकरणमा आएको परिवर्तन समावेश भएको संशोधित योजना **३०** दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

४. पुँजीकोषको पर्याप्तता

निरीक्षण प्रतिवेदन मार्फत निर्देशन प्राप्त भएको **मितिले** बढीमा **३५** दिनभित्र इजाजतपत्रप्राप्त संस्थाले पर्याप्त पुँजीकोष कायम राख्नको लागि अन्य कुराहरुको अतिरिक्त देहायका विषयहरु समेत समावेश भएको लिखित पुँजी योजना यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ :-

(क) पर्याप्त पुँजीकोष कायम गर्नका लागि हाल र भविष्यमा आवश्यक पर्ने पुँजीको विवरण,

(ख) वर्गीकृत तथा पुनःवर्गीकृत सम्पत्तिको विवरण,

(ग) सञ्चित नाफाको अनुमानित रकम

(घ) यस सम्बन्धी निर्देशनमा व्यवस्था भए अनुसार भविष्यमा आवश्यक पर्ने पुँजी पुरा गर्न व्यवस्था गरिएको अतिरिक्त स्रोत र समय तालिका ।

५. सम्पत्ति/दायित्व व्यवस्थापन

निरीक्षण प्रतिवेदन मार्फत निर्देशन प्राप्त भएको **मितिले बढीमा ३०** दिनभित्र इजाजतपत्रप्राप्त संस्थाले पर्याप्त तरलता कायम राख्न आफ्नो सम्पत्ति/दायित्व व्यवस्थापन नीति तथा कार्यविधिमा आवश्यकता

अनुसार संशोधन गरी देहायका विषयहरु यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ । उक्त संशोधनमा अन्य विषयहरुको अतिरिक्त देहायका कुराहरुमा ध्यान पुऱ्याउनु पर्नेछ :-

(क) ऋण लिइएको रकम (Borrowed Funds) को लागत तथा उपयोग,

(ख) भैपरि आउने आवश्यकता पुरा गर्न चाहिने तरल सम्पत्तिको परिमाण,

(ग) निक्षेपको सम्भावित उतार-चढावको लागि पर्याप्त तरलताको व्यवस्था गर्न अल्पकालीन वित्तीय स्रोतको व्यवस्था,

(घ) कर्जाको परिमाण र वासलात बाहिरका कारोबारहरुमा लगानी गर्न आवश्यक रकम र लगानीको स्रोत बीचको तालमेल र

(ङ) इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापनबाट सञ्चालक समिति समक्ष नियमित रुपमा सम्पत्ति/दायित्व सम्बन्धी प्रतिवेदन पेश गर्ने व्यवस्था ।

६. आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण

इजाजतपत्रप्राप्त संस्थाले विद्यमान नीति, नियम तथा कानुनी प्रावधानको दायराभित्र कार्य सम्पादन गरी आन्तरिक नियन्त्रण प्रणालीमा प्रभावकारीता ल्याउन सकिने गरी कार्यविधिको विकास गर्नु पर्नेछ । उक्त कार्यविधि अन्तर्गत कम्तीमा देहायका विषयहरु समावेश भएको हुनु पर्नेछ :-

(क) संस्थाको यथार्थ अवस्थाको चित्रण गर्ने तथा सम्पत्ति सुरक्षित हुने गरी इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापन तथा लेखा नियन्त्रण प्रणालीको समीक्षा सम्बन्धी कार्यविधि,

(ख) तथ्याङ्कको विश्वसनियता जाँच गर्ने कार्यविधि,

(ग) कर्जा प्रवाह, कोष सञ्चालन (Treasury Operation), विदेशी विनिमय व्यवस्थापन, तरलता व्यवस्थापन, पुँजीकोषको पर्याप्तता, कर्मचारी, व्यवस्थापन सूचना प्रणालीका साथै बैंकिङ्ग नियम कानुनहरुको पालना सम्बन्धी व्यवहार जाँचबुझ गर्ने कार्यविधि,

(घ) सम्पत्तिको गुणस्तर समीक्षा कार्यविधि,

(ङ) वित्तीय जोखिम व्यवस्थापनको (तरलता, सम्पत्ति/दायित्व, विदेशी मुद्रा व्यवस्थापन) समीक्षा सम्बन्धी कार्यविधि ।

७. योजना, नीति तथा कार्यविधिहरुको कार्यान्वयन

बुँदा नं. ३ देखि ६ सम्म उल्लेख भए बमोजिम निरीक्षण प्रतिवेदनले माग गरेको योजना, नीति तथा कार्यविधिहरु समीक्षाको लागि यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

८. प्रगति विवरणको अनुगमन

यस बैंकबाट बैंक तथा वित्तीय संस्थाको कारोबार र प्रगति विवरण सम्बन्धमा निरन्तर रुपमा अनुगमन गरिने छ । यस बैंकले सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको प्रत्येक तीन महिनामा क्रियाकलाप, योजना, नीति तथा यस बैंकले दिएको निर्देशन कार्यान्वयनको अनुगमन गरी दिएको सुझाव सम्बन्धित संस्थाले कार्यान्वयन गर्नु गराउनु पर्नेछ । साथै यस बैंकले निर्देशन दिएको अवस्थामा त्रैमासिक प्रगति विवरण र निर्देशनको कार्यान्वयन स्थितिको प्रतिवेदन समेत तोकिएको अवधिभित्र उपलब्ध गराउनु पर्नेछ ।

९. खारेजी र बचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को इजाजतपत्रप्राप्त संस्थाको निरीक्षण तथा सुपरिवेक्षणको क्रममा दिइएका निर्देशनहरु लागू गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. ७/०७६ बमोजिमको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ८/०७७

लगानी तथा सहायक कम्पनी सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाको वित्तीय स्रोतको लगानीका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. लगानी नीति तथा कार्यविधि स्वीकृत गराएर मात्र लागू गर्नु पर्ने

सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा संगठित संस्थाहरुको सेयर तथा डिबेञ्चरमा गरिने लगानी सम्बन्धी नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ ।

२. सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंक ऋणपत्रमा लगानी सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त संस्थालाई सरकारी सुरक्षणपत्र र नेपाल राष्ट्र बैंक ऋणपत्रमा लगानी गर्न कुनै बन्देज लगाइएको छैन ।

३. संगठित संस्थाको सेयर, डिवेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था

(१) सर्वसाधारणमा सेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा मात्र लगानी गर्नु पर्नेछ ।

धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको **संगठित संस्थाको** सेयर वा डिवेञ्चरमा लगानी गरेमा त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म उपयोग गर्न पाइने छैन ।

तर, प्रचलित कानुन बमोजिम सूचीकृत हुन नपर्ने संस्थामा इजाजतपत्रप्राप्त संस्थाको एकाउन्न प्रतिशत वा सो भन्दा बढी लगानी रहेको अवस्थामा र कर्जा सूचना केन्द्र लिमिटेड, Nepal Clearing House Ltd., National Banking Institute तथा पूर्वाधार विकास बैंकको सेयरमा गरेको लगानीमा लगानी समायोजन कोष कायम गर्न अनिवार्य हुने छैन ।

साथै, नेपालको भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि पूर्वाधार तयार गर्न मद्दत पुऱ्याउन कम्तीमा १५ वटा बैंक तथा वित्तीय संस्थाको संयुक्त लगानीद्वारा प्रवर्द्धित Payment Switch को कार्य गर्ने कम्पनीमा गरिएको लगानीको हकमा समेत लगानी समायोजन कोष कायम गर्नु पर्ने छैन ।

(२) **कुनै एक संगठित संस्थाको सेयर, डिबेञ्चर वा कुनै सामूहिक लगानी कोषमा लगानी गर्दा प्राथमिक पुँजीको १० प्रतिशतमा नबढ्ने गरी र सबै संगठित संस्थाको सेयर, डिबेञ्चर वा सामूहिक लगानी कोषमा बढीमा आफ्नो प्राथमिक पुँजीको ३० प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सकिने छ । त्यसैगरी, संगठित संस्थाको सेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको १० प्रतिशतसम्म मात्र लगानी गर्न सकिने छ । लगानी गर्दाको अवस्थामा तोकिएको सीमाभन्दा बढी लगानी गरेको भएमा यसरी बढी लगानी भएको रकम वरावर पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गरिनेछ ।**

(३) आफ्नो वित्तीय स्वार्थ भएका **कम्पनीमा गरिएको कुल लगानीको हकमा त्यस्तो लगानी** आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म गर्न सकिनेछ । वित्तीय स्वार्थ भएको संगठित संस्थाका सेयर तथा डिवेञ्चरमा गरेको कुल लगानी रकमलाई पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नु पर्नेछ ।

(४) Trading Book Activities मा हुने लगानी बढ्दै गएको र यसले संस्थाको लगानीमा निहित जोखिम बढाउने देखिएकोले सम्बन्धित संस्थाले त्यस्ता कार्यहरुबाट हुन सक्ने जोखिमको न्यूनीकरणका लागि

आवश्यक उपायहरु अवलम्बन गरेर मात्र लगानी गर्नुपर्ने छ । साथै, व्यापारिक लगानीमा आफ्नो प्राथमिक पुँजीको एक प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछन् ।

(५) मुख्य कम्पनीको सञ्चालक समितिका अध्यक्ष/सदस्य सहायक कम्पनीको सञ्चालक समितिको अध्यक्ष/सदस्यको रुपमा रहन पाउने छैनन् ।

४. सहायक कम्पनी सम्बन्धी व्यवस्था

यस निर्देशनको अधीनमा रही आफ्नो सहायक कम्पनीको रुपमा "घ" वर्गको लघुवित्त वित्तीय संस्था तथा मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्ने कम्पनीमा लगानी गर्न सकिनेछ । सहायक कम्पनीमा लगानी सम्बन्धी देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको छ ।

(१) "घ" वर्गको लघुवित्त वित्तीय संस्था सम्बन्धी व्यवस्था

(क) इजाजतपत्रप्राप्त संस्थाले देहायका नीतिगत तथा प्रक्रियागत व्यवस्थाहरुको अधीनमा रही आफ्नो स्वामित्वमा सहायक कम्पनी (Subsidiary Company) को रुपमा एउटा छुट्टै "घ" वर्गको लघुवित्त वित्तीय संस्था खोली सो लघुवित्त वित्तीय संस्था मार्फत् विपन्न वर्गमा कर्जा प्रवाह गर्न गर्न सक्नेछन् ।

१. मुख्य कम्पनीले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको वित्तीय विवरणहरु पनि एकीकृत (Consolidated) रुपमा पेश गर्नु पर्नेछ । सो प्रयोजनार्थ लेखा नीति र वित्तीय विवरण इ.प्रा.निर्देशन नं.४ को सम्बन्धित थप अनुसूचीमा तोकिए बमोजिम पेश गर्नु पर्नेछ । साथै, सहायक कम्पनीको लेखा नीति, सूचना प्रविधि तथा अन्य नीति/प्रणालीहरु (Policies, Procedures and Systems) मुख्य कम्पनीसँग सामञ्जस्यता कायम हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

२. आफ्नो तथा सहायक कम्पनीको पुँजी पर्याप्तता सम्बन्धी गणना छुट्टाछुट्टै रुपमा र एकीकृत (Consolidated) रुपमा समेत तयार गर्नु पर्नेछ । एकीकृत (Consolidated) रुपमा गणना गरिने पुँजीकोष सम्बन्धित वर्गका वित्तीय संस्थालाई तोकिएबमोजिमको मापदण्ड एवम् निर्देशन अनुरुप नै हुनु पर्नेछ ।

३. मुख्य तथा सहायक कम्पनी बीच हुने कारोबार प्रतिस्पर्धात्मक बजार मूल्य (Arm's Length Transaction) मा आधारित हुनु पर्नेछ । मुख्य तथा सहायक कम्पनी बीच हुने कारोबारमा पारदर्शिता कायम राख्न यी कम्पनीहरु बीच हुने कारोबारमा वित्तीय स्वार्थ रहने हुँदा त्यस्तो कारोबारलाई दुवै कम्पनीले सम्बन्धित पक्ष बीच हुने कारोबार (Related Party Transactions) शीर्षक अर्न्तगत खुलाउनु (Disclose) पर्नेछ ।

४. त्यस्तो कारोबार भएपछि नियमितरुपमा प्रकाशित गर्नु पर्ने वित्तीय विवरणमा सो कारोबारको सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्नु पर्नेछ । प्रतिस्पर्धात्मक बजार मूल्यमा कारोबार नगरेमा वा त्यस्तो कारोबारबारे विस्तृत विवरण निर्देशनानुसार प्रकाशित नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ र १०० बमोजिम जरिवाना र सजाय हुनेछ ।

५. शाखा/कार्यालय स्थापना तथा सञ्चालनका सम्बन्धमा यस बैंकबाट जारी निर्देशन नं. १४ बमोजिमका देहायका व्यवस्था सहायक कम्पनी स्थापना गर्ने प्रयोजनार्थ पनि लागू हुनेछ ।

(अ) तोकिएको न्यूनतम चुक्ता पुँजी पुरा गरेको ।

(आ) अघिल्लो महिनाको वित्तीय विवरणमा यस बैंकले तोकेको पुँजीकोष अनुपात पुरा गरेको ।

(इ) अघिल्लो त्रयमासमा निष्कृय कर्जा ५ प्रतिशतभन्दा बढी नभएको ।

(ग) "घ" वर्गको लघुवित्त वित्तीय संस्था (सहायक कम्पनी) मा गरेको संस्थापक सेयर लगानी तथा कर्जा प्रवाहलाई यस बैंकको निर्देशन बमोजिम विपन्न वर्ग कर्जा अन्तर्गत गणना गर्न सकिने छ ।

(घ) "घ" वर्गको वित्तीय संस्थामा गरेको **संस्थापक** सेयर लगानी रकमलाई प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नु पर्ने विद्यमान प्रावधानलाई विपन्न वर्गमा हुने लगानीलाई प्रोत्साहित गर्न यस प्रयोजनार्थ छुट दिइने छ । साथै, सहायक कम्पनीका रुपमा स्थापित भई लघुवित्त कारोबार गर्ने "घ" वर्गको वित्तीय संस्थामा लगानी भई वित्तीय स्वार्थ स्थापित भएको खण्डमा समेत वित्तीय स्वार्थ भएको संगठित संस्थाहरुमा गरिएको सेयर लगानी रकमलाई प्राथमिक पुँजीबाट घटाउनु पर्ने विद्यमान प्रावधानलाई पनि छुट दिइने छ ।

(२) मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाले छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई लगानी सम्बन्धी प्रचलित कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्न कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने गरी सहायक कम्पनी (Subsidiary Company) मा लगानी गरी सञ्चालन गर्न सक्ने व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको छ ।

(क) मर्चेण्ट बैकिङ्ग सम्बन्धी कार्य गर्ने छुट्टै सहायक कम्पनीमा लगानी गर्दा वित्तीय स्वार्थ स्थापित हुने भएकोले उक्त सहायक कम्पनीमा गरिएको कुल लगानी रकमलाई पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नु पर्नेछ ।

(ख) मर्चेण्ट बैकिङ्ग सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना प्रयोजनका लागि इजाजतपत्रप्राप्त संस्थाले संगठित संस्थाहरुको सेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतको सीमामा छुट प्रदान गरिएको छ ।

(ग) सहायक कम्पनीको नियमन, निरीक्षण, सुपरिवेक्षण र अन्य व्यवस्थाहरु नेपाल धितोपत्र बोर्डले तय गरेको नीति निर्देशन तथा विद्यमान अन्य व्यवस्था अनुरुप हुनेछ । यस व्यवस्थाबाट उक्त सहायक कम्पनीमा नेपाल राष्ट्र बैंकको तर्फबाट आवश्यकता अनुसार निरीक्षण/सुपरिवेक्षण गर्न बाधा पुगेको मानिने छैन ।

(घ) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको वित्तीय विवरणहरु समेत एकीकृतरुपमा पेश गर्नु पर्नेछ । सो प्रयोजनार्थ लेखा नीति र वित्तीय विवरण इ.प्रा.निर्देशन नं.४ मा तोकिए बमोजिम पेश गर्नु पर्नेछ ।

(ङ) इजाजतपत्र संस्था तथा सहायक कम्पनी बीच हुने कारोबारमा वित्तीय स्वार्थ हुने हुँदा त्यस्तो कारोबारलाई दुवै कम्पनीले सम्बन्धित पक्ष बीच हुने कारोबार (Related Party Transactions) शीर्षक अर्न्तगत उल्लेख (Disclose) गर्नुपर्नेछ । त्यस्तो कारोबार भएपछि नियमितरुपमा प्रकाशित गर्नु पर्ने वित्तीय विवरणमा सो कारोबारबारे विस्तृत जानकारी प्रदान गर्नु पर्नेछ । प्रतिस्पर्धात्मक बजार मूल्यमा कारोबार नगरेमा र/वा त्यस्तो कारोबार बारे विस्तृत विवरण निर्देशानुसार प्रकाशित नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ र १०० बमोजिम जुनसुकै जरिवाना र सजायँ हुन सक्नेछ ।

(च) सहायक कम्पनीले देहायका कार्य गर्न सक्ने छैनन् :

(अ) धितोपत्र दलाली सम्बन्धी व्यवसाय,

(आ) आफूले जारी गरेको वा आफ्नो मुख्य कम्पनीले जारी गरेको धितोपत्रको कारोबार ।

(छ) सहायक कम्पनीले वित्तीय स्रोत संकलन गर्ने प्रयोजनले दायित्व स्वरुप निष्काशन गर्ने कुनै पनि सुरक्षणपत्रहरुमा मुख्य कम्पनी (Parent Company) ले लगानी गर्न नपाउने र सो सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह गर्न समेत पाउने छैन ।

(ज) इजाजतपत्रप्राप्त संस्थाले सञ्चालनमा रहेको मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्ने कुनै कम्पनीको सेयरमा लगानी/खरिद गरी सहायक कम्पनी बनाउने सम्बन्धमा देहायका व्यवस्थाहरु गरिएको छ:-

(१) सञ्चालनमा रहेको मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्ने कुनै कम्पनीको सेयरमा लगानी/खरिद गरी सहायक कम्पनी बनाउन यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(२) यस बैंकको स्वीकृतिका लागि निवेदन दिँदा देहायको कागजात समेत पेश गर्नु पर्नेछ ।

(अ) सहायक कम्पनी बन्ने/बनाउने सम्बन्धमा भएको दुबै संस्थाको निर्णय,

(आ) कुनै समझदारीपत्र (एम.ओ.यू) भए त्यस्तो समझदारीपत्र,

(इ) प्रस्तावित सहायक कम्पनीको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कन प्रतिवेदन,

(ई) लगानी रकम निर्धारण सम्बन्धी आधार तथा सो सम्बन्धी निर्णयको प्रतिलिपी, र

(उ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण ।

(३.) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धी व्यवस्था

प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही वाणिज्य बैंकले छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डवाट अनुमति लिई धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्न कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने गरी सहायक कम्पनी (Subsidiary Company) मा लगानी गरी सञ्चालन गर्न सक्ने व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको छ ।

(क) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने छुट्टै सहायक कम्पनीमा लगानी गर्दा वित्तीय स्वार्थ स्थापित हुने भएकोले उक्त सहायक कम्पनीमा गरिएको कुल लगानी रकमलाई पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नु पर्नेछ ।

(ख) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना प्रयोजनका लागि वाणिज्य बैंकले संगठित संस्थाहरुको सेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतको सीमामा छुट प्रदान गरिएको छ ।

(ग) सहायक कम्पनीको नियमन, निरीक्षण, सुपरिवेक्षण र अन्य व्यवस्थाहरु नेपाल धितोपत्र बोर्डले तय गरेको नीति निर्देशन तथा विद्यमान व्यवस्था अनुरुप हुनेछ । यस व्यवस्थाबाट उक्त सहायक कम्पनीमा नेपाल राष्ट्र बैंकको तर्फबाट आवश्यकता अनुसार निरीक्षण/सुपरिवेक्षण गर्न वाधा पुगेको मानिने छैन ।

(घ) वाणिज्य बैंकले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको वित्तीय विवरणहरु समेत एकीकृतरुपमा पेश गर्नु पर्नेछ । सो प्रयोजनार्थ लेखा नीति र वित्तीय विवरण इ.प्रा. निर्देशन नं. ४ मा तोकिएबमोजिम पेश गर्नु पर्नेछ ।

(ङ) वाणिज्य बैंक तथा सहायक कम्पनी बीच हुने कारोबारमा वित्तीय स्वार्थ हुने हुँदा त्यस्तो कारोवारलाई दुवै कम्पनीले सम्बन्धित पक्ष बीच हुने कारोबार (Related Party Transactions) शीर्षक अर्न्तगत उल्लेख (Disclose) गर्नुपर्नेछ । त्यस्तो कारोबार भएपछि नियमितरुपमा प्रकाशित गर्नु पर्ने वित्तीय विवरणमा सो कारोबारबारे विस्तृत जानकारी प्रदान गर्नु पर्नेछ । प्रतिस्पर्धात्मक बजार मूल्यमा कारोबार नगरेमा र/वा त्यस्तो कारोबार बारे विस्तृत विवरण निर्देशानुसार प्रकाशित नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ र १०० बमोजिम जुनसुकै जरिवाना र सजाँय हुन सक्नेछ ।

(च) सहायक कम्पनीले आफूले जारी गरेको वा आफ्नो मुख्य कम्पनीले जारी गरेको धितोपत्रको कारोबार गर्न सक्ने छैन ।

(छ) सहायक कम्पनीले वित्तीय स्रोत संकलन गर्ने प्रयोजनले दायित्व स्वरुप निष्काशन गर्ने कुनै पनि सुरक्षणपत्रहरुमा मुख्य कम्पनी (Parent Company) ले लगानी गर्न नपाउने र सो सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह गर्न समेत पाउने छैन ।

(ज) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनीले धितोपत्र व्यवसाय वाहेक अन्य कार्य गर्न सक्ने छैन ।

(४) सामूहिक लगानी कोष सञ्चालन गर्ने सम्बन्धमा

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) को खण्ड (य) को प्रयोजनका लागि देहायका शर्तको अधीनमा रही यस बैंकबाट इजाजतपत्रप्राप्त **बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनी माफत** सामूहिक लगानी कोष सञ्चालन गर्न सक्ने छन् ।

शर्तहरुः

(१) योजना व्यवस्थापनसँग सम्बन्धित कार्यका लागि सहायक कम्पनी खडा गर्नुपर्ने र त्यस्तो कम्पनी खडा गर्दा हुन गएको लगानीलाई यस बैंकले तोके अनुसारको जोखिम भार प्रदान गर्ने ।

(२) वित्तीय कारोबार सञ्चालन भएको पाँच वर्ष पुरा भएको हुनु पर्ने ।

(३) पछिल्लो तीन वर्षदेखि लगातार मुनाफा गरेकोहुनुका साथै सञ्चित नोक्सानीमा रहेको हुन नहुने ।

(४) नेटवर्थ धनात्मक हुनु पर्ने ।

(५) सञ्चालक वा कार्यकारी प्रमुख यस बैंकको कारबाहीमा नपरेको र त्यस्तो कारवाहीमा परेको भए सो फुकुवा भएको ३ वर्ष पुगेको हुनु पर्ने ।

५. सेयर तथा डिवेञ्चर प्रत्याभूति सम्बन्धी व्यवस्था

(१) "क" वर्गको इजाजतपत्रप्राप्त संस्थालाई संगठित संस्थाको सेयर तथा डिवेञ्चर प्रत्याभूति गर्न कुनै सीमा लगाइएको छैन । साथै, "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले कुनै एक संगठित संस्थाको सेयर तथा डिवेञ्चर प्रत्याभूति गर्दा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म र सबै संगठित संस्थाको हकमा आफ्नो प्राथमिक पुँजीको शत प्रतिशतसम्म मात्र प्रत्याभूति गर्न सक्ने गरी सीमा निर्धारण गरिएको छ ।

तर, "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाको सेयर तथा डिबेन्चर प्रत्याभूति गर्ने भएमा आफ्नो प्राथमिक पुँजीको तोकिएको सीमासम्म मात्र प्रत्याभूति गर्न सक्ने व्यवस्था अनिवार्य हुने छैन ।

(२) इजाजतपत्रप्राप्त संस्थाले उपबुँदा (१) बमोजिम प्रत्याभूति गरेको सेयर बिक्री वितरण नभई आफैले खरिद गर्नुपरेमा त्यसरी खरिद गरेको सेयर "सेयर प्रत्याभूति" गरेको मितिले एक वर्षभित्र बिक्री वितरण गरी सक्नु पर्नेछ । उक्त समयभित्र बिक्री वितरण गर्न नसकेमा तोकिएको सीमाभन्दा बढी लगानी भएको रकम पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गरिने छ ।

६. लगानीको पुनरावलोकन सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाले अर्धवार्षिकरुपमा आफ्नो लगानीको पुनरावलोकन गर्ने व्यवस्था गर्नु पर्नेछ । यसरी पुनरावलोकन गर्दा इजाजतपत्रप्राप्त संस्थाको आन्तरिक लेखापरीक्षकबाट विद्यमान लगानी नीति तथा यस निर्देशन बमोजिम लगानी गरिएको व्यहोरा प्रमाणित गराई अर्धवार्षिक अवधि समाप्त भएको १ महिनाभित्र संस्थाको व्यवस्थापनवाट स्वीकृत गराई राख्नु पर्नेछ ।

७. सेयर तथा डिबेञ्चरको मूल्याङ्कन

इजाजतपत्रप्राप्त संस्थाको सेयर तथा डिबेञ्चर कारोबारलाई निर्देशन फा.नं. ८.१, ८.२ र ८.३ बमोजिम प्रत्येक कम्पनीको अलग अलग छुट्याई ई.प्रा. निर्देशन नं. ४/०७५ मा भएको व्यवस्था बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ ।

८. स्वःप्रयोजनका लागि अचल सम्पत्ति खरिद/निर्माणको सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्रयोजनको निमित्त आवश्यक परेमा बाहेक अचल सम्पत्ति खरिद गर्न पाइने छैन । आफ्नो प्रयोजनको निमित्त जग्गा, भवन वा दुवै आवश्यक परेमा देहायका शर्तहरुको अधीनमा रही खरिद वा निर्माण गर्न सक्नेछ ।

(क) बैंक/वित्तीय संस्था संस्थापना गर्दाको सम्पूर्ण पूर्व सञ्चालन खर्च (Pre operating expenses) अपलेखन भइसकेको हुनुपर्नेछ ।

(ख) प्रबन्धपत्र/नियमावलीमा उल्लेख भए बमोजिमको सेयर सर्वसाधारणमा जारी गरी सकेपछिको पहिलो साधारण सभा सम्पन्न भएको हुनुपर्नेछ ।

(ग) विगत २ वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालन भएको र सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ ।

(घ) यस बैंकले जारी गरेको निर्देशन बमोजिम पुँजीकोष पर्याप्त रहेको हुनुपर्नेछ ।

(ङ) इजाजतपत्रप्राप्त संस्थाले प्राथमिक पुँजीको २५ प्रतिशतको सीमाभित्र रही जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गर्नुपर्नेछ ।

(च) खण्ड (क) देखि (घ) सम्म उल्लिखित अवस्था पुरा नगरी जग्गा, भवन वा दुवै खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।

(छ) खण्ड (ङ) को सीमा भन्दा बढी खर्च गरी जग्गा, भवन वा दुवै खरिद वा भवन निर्माण गरेमा उक्त सीमा भन्दा बढी रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।

(ज) जग्गा, भवन वा दुवै खरिद गरेको वा भवन निर्माण सम्पन्न भएको मितिबाट ३ वर्षसम्म आफ्नो प्रयोगमा नआएमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।

(झ) जग्गा, भवन वा दुवै आफ्नो प्रयोजनमा नआउने देखिएमा बिक्री गर्नु पर्नेछ ।

९. लगानी सम्बन्धी थप व्यवस्था

(१) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका अन्य संस्थाहरुद्वारा जारी गरेका सेयर सुरक्षणपत्र तथा हाइब्रिड पुँजी उपकरणहरु तथा सुरक्षण नराखिएको सहायक आवधिक ऋण (Subordinated Term Debt) मा लगानी गर्न पाईने छैन ।

(२) लगानी सम्बन्धी निर्देशनमा उल्लेख गरिएको प्राथमिक पुँजी भन्नाले विशेष उल्लेख गरेकोमा बाहेक ठीक अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीलाई बुझाउँछ ।

(३) इजाजतपत्रप्राप्त "क" वर्गका र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो सञ्चालक समितिले तोकेको मापदण्डभित्र रही Forward, Options, Swap, Futures जस्ता विभिन्न डेरिभेटिभ्स(Derivatives) उपकरण सम्बन्धी कारोबारहरु गर्न सक्ने छन् ।

तर विदेशी मुद्रासँग सम्बन्धित डेरिभेटिभ्स कारोबारहरुको हकमा विदेशी विनिमय सम्बन्धी प्रचलित कानुन तथा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी परिपत्रहरुको अधीनमा रही गर्नुपर्नेछ ।

१०. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को लगानी तथा सहायक कम्पनी सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. ८/०७६ बमोजिमको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

ने.रा. बैंक निर्देशन फा.नं. ८.१

सरकारी ऋणपत्र र नेपाल राष्ट्र बैक ऋणपत्रमा भएको लगानी विवरण (मासिक)

२० .....साल .....महिना

क्र.सं.	विवरण	रकम *(रु.हजारमा)*
	कुल	

मिति अधिकृत दस्तखत

ने.रा. बैंक निर्देशन फा.नं. ८.२

कम्पनीको सेयरपूँजीमा भएको लगानी विवरण (मासिक)

२० .....साल .....महिना

(रु.हजारमा)

क्र.सं.	कम्पनीको नाम	शेयर संख्या	परल मूल्य	फेयर भ्यालू मूल्य	नियमनकारी समायोजन रकम
	कुल				

मिति अधिकृत दस्तखत

ने.रा. बैंक निर्देशन फा.नं. ८.३

संगठित संस्थाहरुको डिवेञ्चरमा भएको लगानी विवरण (मासिक)

२० .....साल .....महिना

(रु.हजारमा)

क्र.सं.	कम्पनीको नाम	लगानी मिति	रकम रु.
कुल			

मिति अधिकृत दस्तखत

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ९/०७७

तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था

देशको आर्थिक, मौद्रिक एवं बैकिङ गतिविधिको मूल्याङ्कन तथा विश्लेषण गर्नुका साथै इजाजतपत्रप्राप्त संस्थाको सुपरीवेक्षण गर्ने सन्दर्भमा बैंकिङ तथा वित्तीय तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने हुँदा समयमै शुद्ध र यथार्थपरक तथ्याङ्क विवरण यस बैंकमा पेश गर्नुपर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिम निर्देशन जारी गरिएको छ ।

१. **अनुसूची-१ र २ मा उल्लेखित विवरणहरु सोही अनुसूचीमा तोकिएको अवधिभित्र तोकिएको ढाँचामा यस बैंकको रिपोर्टिङ पोर्टलमा अपलोड गर्नु पर्नेछ ।**

२. अन्तर-बैंक कारोबारको विवरण कारोबार सम्पन्न गर्नासाथ र दैनिक तरलता विवरण अर्को कार्यदिनको मध्यान्न १२:०० बजेसम्म **यस बैंकको रिपोर्टिङ पोर्टलमा अपलोड गर्नु पर्नेछ ।**

३. सम्बन्धित सुपरिवेक्षण विभागले माग गरेको खण्डमा उपरोक्त तथ्याङ्क विवरणको Hard Copy सम्बन्धित अधिकृतको सहिछाप गरी पठाउनु पर्नेछ ।

४. यस बैंकमा तथ्याङ्क पठाउने प्रयोजनका लागि एकजना छुट्टै पदाधिकारी तोकी निजको नाम, **फोन नम्बर र इमेल ठेगाना यस बैंकको रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नुपर्नेछ ।** तथ्याङ्क विवरण पठाउंदा तोकिएको पदाधिकारीको नाम, फोन नं. र इमेल ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

५. इजाजतपत्रप्राप्त संस्थाहरुले यस निर्देशन अनुरुप पठाउनु पर्ने तथ्याङ्क तोकिएको समयभित्र नपठाएमा वा बारम्बार गलत तथ्याङ्क पठाएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १०० वमोजिम कारवाही हुनेछ ।

६. **यस बैंकमा कार्यान्वयनको चरणमा रहेको सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System -SIS) को युजर आइडि प्राप्त गरिसकेका "क" वर्गका वाणिज्य बैंक र पूर्वाधार विकास बैंक तथा युजर आइडि प्राप्त गर्ने क्रममा रहेका अन्य वित्तीय संस्थाहरुले युजर आईडि प्राप्त गरेपछि विद्यमान व्यवस्थाको अलावा सामानान्तर रुपमा सो प्रणालीमा समेत तोकिए बमोजिमका रिटर्नहरु तथा एडहक (ad hoc) तथ्यांक/विवरणहरु निर्धारित समयावधिभित्र यस बैंक समक्ष पठाउनु पर्नेछ ।**

७. **खारेजी र बचाउः**

(१) यस बैंकबाट यसअघि जारी गरिएको एकीकृत निर्देशन २०७६ अन्तर्गतको इ.प्रा. निर्देशन नं. ९/०७६ तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यस विषयसंग सम्वन्धित सम्पूर्ण परिपत्रहरु खारेज गरिएको छ ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

इजाजतपत्रप्राप्त संस्थाहरुले वेबसाइट मार्फत यस बैंकमा पठाउनु पर्ने तथ्याङ्कहरु सम्बन्धी विवरण

अनुसूची/ फाराम नं.	विषय	तथ्याङ्कको प्रकृति	पठाउनु पर्ने अवधि
९.१३	अन्तरबैंक कारोबार विवरण	दैनिक	कार्यालय समयभित्र
९.२०	तरलता मौज्दात विवरण		अर्को दिनको १२ बजेभित्र
९.२१	भुक्तानी प्रणाली सेवा प्रदायकहरुको मौज्दात विवरण (Settlement Account संचालन गर्ने बैंकहरुको लागि मात्र)		
९.१५-१ र ९.१५-२	ए.टी.एम मेशीन रहेको स्थान तथा शाखारहित बैंकिङ्ग केन्द्रको विवरण	यथा समयमा	संचालन भएको दिन
९.१६	शाखा तथा अन्य कार्यालयको विवरण	यथा समयमा	संचालन भएको दिन
६.२	संचालक तथा कार्यकारी प्रमुखको विवरण	यथा समयमा	नियुक्त वा निवृत्त भएको दिन
१३.१	अनिवार्य मौज्दात विवरण	द्वि साप्ताहिक	एक हप्ता भित्र
९.१५क	शाखारहित बैंकिङ्ग केन्द्रमा रहेका ग्राहकहरु तथा विद्यतीय कार्डको विवरण	मासिक	अर्को महिनाको १५ गते भित्र
९.१५ख	E-banking कारोवार सम्बन्धी विवरण	मासिक	
९.१६क	निक्षेप खाता संख्या तथा विद्युतीय कार्डहरुको शाखागत विवरण	मासिक	अर्को महिनाको १५ गते भित्र
९.१६ख	कर्जा र निक्षेप सम्बन्धी शाखागत विवरण	मासिक	
९.२२	प्रमुख वित्तीय परिसूचकहरुको विवरण	मासिक	
९.११	ठुला ऋणीहरु र समूह तथा कोषमा आधारित कर्जा र गैह्रकोषमा आधारित सहुलियत सम्बन्धी विवरण	त्रैमासिक	
९.१४	त्रैमासिक वित्तीय विवरण	त्रैमासिक	
९.१९क	कर्मचारीहरुको विवरण	अर्धवार्षिक	
९.१९ख	संस्थापक सेयरधनीहरुको विवरण	अर्धवार्षिक	

अनुसूची-२

इजाजतपत्रप्राप्त संस्थाहरुले Excel Sheet मार्फत यस बैंकमा पठाउनु पर्ने तथ्याङ्कहरु सम्बन्धी विवरण

अनुसूची/फाराम नं.	विषय	तथ्याङ्कको किसिम	तथ्याङ्क पठाउने विधि	पठाउनु पर्ने अवधि
५.३	विदेशी विनिमय अनुगमन विवरण	मासिक रुपमा महिना वितेको **७ दिन भित्र**	१. https://reporting.nrb.org.np मा login गर्ने २. Reports Upload Select गर्ने ३. Bulk Excel Upload Select गर्ने ४. Add Report Select गर्ने ५. Fiscal Year Select गर्ने ६. Reporting Month Select गर्ने ७. उपयुक्त Category Select गर्ने ८. Description मा आवश्यकतानुसार संक्षिप्त विवरण भर्ने ९. आफुले Upload गर्न चाहेको रिपोर्टको किसिम Select गर्ने १०. Choose File बाट आफुले Upload गर्न चाहेको File Select गर्ने ११. Save गर्ने **एक पटक Upload भई Submit भएको File परिवर्तन गर्नु परेमा देहाय बमोजिमका प्रकृया अवलम्बन गर्ने** १. Reports Upload List Click गर्ने २. सम्बन्धित महिना र Category मिल्ने गरी View Column मा रहेको icon click गर्ने ३. Unlock Request Button Click गर्ने ४. Unlock Details Window खुल्छ यसमा Resubmit Reason: * मा कुनै एउटा कारण चयन गर्ने ५. Save गर्ने ६. त्यस पछि पुनः शुरु देखिको प्रकृया अवलम्बन गरी Upload भएको File Submit गर्ने ।	**१५ दिन भित्र**
१.१ र १.२ (ख(क्षेत्रीय स्तरका) र ग वर्गको लागि)	पुँजीकोष र जोखिम भारित सम्पत्ति	मासिक		
Capital Adequacy Framework बमोजिमका फर्महरु (क र राष्ट्रियस्तरका ख वर्गको लागि)	पुँजीकोष र जोखिम भारित सम्पत्ति	मासिक		
३.१, १७.१	क्षेत्रगत कर्जा विवरण	मासिक		
९.१, ९.२, ९.३, ९.३(क), ९.४, ९.७, ९.८, ९.९,९.१७ र ९.१८	मासिक तथ्याङ्क विवरण	मासिक		
१३.२	वैद्यानिक तरलता विवरण	मासिक		
५.१	तरलता अनुगमन विवरण	त्रैमासिक		
५.२	ब्याजदर जोखिम अनुगमन विवरण	त्रैमासिक		
९.५, ९.६, ९.६.१, ९.१० र ९.१२ र १७.२	त्रैमासिक तथ्याङ्क विवरण	त्रैमासिक		
२.१, २.२, २.३, २.४ र २.५	कर्जा सापट र व्यवस्था, ग्राहक अनुसार कर्जा र गैर बैकिङ्ग सम्पत्ति	त्रैमासिक		
११.१	सह-वित्तीयकरण कर्जा विवरण	त्रैमासिक		
प्रकाशन भए अनुसार	ब्याजदर प्रकाशित भएको विवरण	ब्याजदर संशोधन गरेको **७ दिन भित्र**		
निर्देशन नं ३ को बुँदा ७ अनुसार	आपसी सम्बन्ध भएका ग्राहकको कर्जा विवरण	अर्धवार्षिक		
१९.२	सीमा कारोबार विवरण	कारोबारको आधारमा		
१९.३	शंकास्पद कारोबार विवरण	कारोबारको आधारमा		
Web Site मा उपलब्ध ढाँचा अनुसार	AMLCFT Reporting Format (Off-site data collection)	अर्ध वार्षिक		
Web Site मा उपलब्ध ढाँचा अनुसार	AMLCFT Reporting Format (Bank Self assessment Questionaire)	वार्षिक		

निर्देशनमा उल्लेख भएदेखि बाहेक यस बैंकको अन्य विभाग/कार्यालयमा पठाउनु पर्ने विवरणहरु नियमित रुपमा पठाउनु पर्नेछ ।

..... लिमिटेड
सम्पत्ति र दायित्वको गोश्वारा हिसाव (मासिक)
२०७..... साल ..... महिनाको विवरण

(रु.....)

पुँजी तथा दायित्व		रकम	सम्पत्ति		रकम
१.	**पुँजी तथा जगेडा कोषहरु**		**१.**	**नगद मौज्दात**	
१.१	चुक्ता पुँजी		१.१	स्वदेशी मुद्रा (सिक्का समेत)	
१.१.१	साधारण सेयर		१.२	विदेशी मुद्रा	
१.१.२	नन्‌रिडिमेवल प्रिफरेन्स सेयर		१.२.१	भारतीय मुद्रा	
१.१.३.	रिडिमेवल प्रिफरेन्स सेयर		१.२.२	अन्य विदेशी मुद्रा	
१.१.४	कन्भर्टिवल प्रिफरेन्स सेयर		**२.**	**बैंक मौज्दात**	
१.२	कल इन एड्भान्स		२.१	स्वदेशी मुद्रा	
१.३	प्रस्तावित बोनस सेयर		२.१.१	नेपाल राष्ट्र बैंकमा	
१.४	साधारण जगेडा कोष		२.१.२	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
१.५	सेयर प्रिमियम		२.१.३	"ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
१.६	सञ्चित नाफा/नोक्सान (Retained Earning)		२.१.४	"ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
१.७	अन्य जगेडा तथा कोषहरु*		२.१.५	अन्य वित्तीय संस्थामा	
१.७.१	भैपरी आउने जगेडा कोष		२.२	विदेशी मुद्रा	
१.७.२	सम्पत्ति पुनर्मूल्याङ्कन कोष		२.२.१	नेपाल राष्ट्र बैंकमा	
१.७.३	पुँजीगत जगेडा कोष		२.२.२	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
१.७.४	संस्था विकास कोष		२.२.३	"ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
१.७.५	विशेष जगेडा कोष		२.२.४	"ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
१.७.६	लाभांश समीकरण कोष		२.२.५	अन्य वित्तीय संस्थामा	
१.७.७	अन्य स्वतन्त्र कोष		२.२.६	विदेशी बैंकमा	
१.८	पुँजी फिर्ता जगेडा कोष		२.२.६.१	भारतमा	
१.९	सटही घटबढ कोष		२.२.६.२	अन्य विदेशी मुलुकमा	
१.१०	लगानी समायोजन कोष		**३.**	**मागेका बखत प्राप्त हुने रकम**	
१.११	अन्य कोष		३.१	स्वदेशी मुद्रा	
२.	**सापटी**		३.१.१	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
२.१	नेपाल राष्ट्र बैंकबाट सापटी		३.१.२	"ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
२.१.१	पुनरकर्जा		३.१.३	"ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
२.१.२	रिपो कर्जा		३.१.४	अन्य वित्तीय संस्थामा	
२.१.३	नेपाल राष्ट्र बैंकबाट प्राप्त अन्य सापटी		३.२	विदेशी मुद्रा	
२.२	अन्तरबैंक सापटी		३.२.१	नेपाल राष्ट्र बैंकमा	
२.२.१	स्वदेशी मुद्रा		३.२.२	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
२.२.१.१	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		३.२.३	"ख" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
२.२.१.२	"ख" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		३.२.४	"ग" वर्गको इजाजतपत्रप्राप्त संस्थामा	
२.२.१.३	"ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		३.२.५	अन्य वित्तीय संस्थामा	
२.२.२	विदेशी मुद्रा		३.२.६	विदेशी बैंकमा	
२.२.२.१	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		३.२.६.१	भारतमा	
२.३	अन्य सापटी		३.२.६.२	अन्य विदेशी मुलुकमा	
२.३.१	स्वदेशी मुद्रा		**४.**	**ऋणपत्र तथा अन्य उपकरणमा लगानी**	
२.३.१.१	"क" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		४.१	नेपाल सरकार	
२.३.१.२	"ख" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		४.१.१	ट्रेजरी बिल	
२.३.१.३	"ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाबाट		४.१.२	विकास ऋणपत्र	
२.३.१.४	अन्य वित्तीय संस्था		४.१.३	राष्ट्रिय बचत पत्र	
२.३.२	विदेशी मुद्रा		४.१.४	विशेष ऋणपत्र	
२.३.२.१	"क" वर्गको इजाजतपत्रप्राप्तसंस्थाबाट		४.१.५	रिभर्स रिपो	
२.३.२.२	विदेशी बैंक तथा वित्तीय संस्था		४.२	ने.रा.बैंक	
२.३.२.२	अन्य वित्तीय संस्था		४.२.१	ऋणपत्र	
२.४	ऋणपत्र तथा बन्ड		४.२.२	डिपोजिट अक्सन	
२.५	युवास्वरोजगार कोष		४.३	"घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको ऋणपत्र	
२.६	गरिबी निवारण कोष		४.४	सरकारी गैर वित्तीय संस्था	
२.७	ग्रामीण स्वावलम्बन कोष		४.५	अन्य गैर वित्तीय संस्था	
२.८	अन्य कोष		४.६	गैर आवासीय क्षेत्र (Non-Resident)	
३	**निक्षेप**		**५.**	**सेयर तथा अन्य लगानी**	
३.१	चल्ती		५.१	सेयरमा लगानी	

३.१.१	स्वदेशी मुद्रामा		५.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१	संस्थागत		५.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१	"क" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.२	"ख" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.१.४	"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.३	"ग" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.१.५	बचत तथा ऋण सहकारी संस्थाहरु	
३.१.१.१.४	"घ" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.१.६	पेन्सन कोष तथा बीमा संस्थाहरु	
३.१.१.१.५	बचत तथा ऋण सहकारी संस्थाहरु		५.१.७	अन्य वित्तीय संस्थाहरु	
३.१.१.१.६	गैरसरकारी संस्थाहरु		५.१.८	गैर वित्तीय सरकारी संस्थाहरु	
३.१.१.१.७	कर्मचारी संचयकोष		५.१.९	निजी गैर वित्तीय संस्थाहरु	
३.१.१.१.८	नागरिक लगानी कोष		५.१.१०	जग्गा तथा आवास विकास कम्पनीहरु	
३.१.१.१.९	पेन्सन कोष तथा बीमा कम्पनीहरु		५.१.११	गैर आवासीय क्षेत्र	
३.१.१.१.१०	अन्य वित्तीय संस्थाहरु		५.२	अन्तरबैंक लगानी	
३.१.१.१.११	नेपाली सेना		५.२.१	स्वदेशी मुद्रामा	
३.१.१.१.१२	नेपाल प्रहरी		५.२.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१३	सशस्त्र प्रहरी बल		५.२.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१४	स्थानीय सरकार		५.२.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१५	अन्य सरकारी निकाय		५.२.१.४	"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१६	गैर वित्तीय सरकारी संस्थाहरु		५.२.२	विदेशी मुद्रामा	
३.१.१.१.१७	गैर वित्तीय निजी संस्थाहरु		५.२.२.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१८	अन्य संस्थाहरु		५.२.२.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.१९	विदेशी बैंकहरु		५.२.२.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.२०	विदेशी संस्थाहरु		५.२.२.४	"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.१.१.२१	अन्य आवासीय क्षेत्र		५.३	मुद्दती निक्षेपमा गरेको लगानी	
३.१.१.१.२२	गैरआवासीय क्षेत्र		५.४	सुन (विनिमय योग्य)	
३.१.१.२	व्यक्तिगत		५.५	अन्य लगानी	
३.१.१.२.१	आवासीय		५.५.१	स्वदेशी मुद्रामा	
३.१.१.२.२	गैरआवासीय		५.५.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.२	विदेशी मुद्रामा		५.५.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.२.१	संस्थागत		५.५.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.२.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.१.४	"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.२.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.१.५	बचत तथा ऋण सहकारी संस्थाहरु	
३.१.२.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.१.६	पेन्सन कोष तथा बीमा संस्थाहरु	
३.१.२.१.४	अन्य संस्थाहरु		५.५.१.७	अन्य वित्तीय संस्थाहरु	
३.१.२.१.५	विदेशी बैंकहरु		५.५.१.८	गैर वित्तीय सरकारी संस्थाहरु	
३.१.२.१.६	विदेशी संस्थाहरु		५.५.१.९	निजी गैर वित्तीय संस्थाहरु	
३.१.२.१.७	अन्य आवासीय क्षेत्र		५.५.१.१०	गैर आवासीय क्षेत्र	
३.१.२.१.८	गैरआवासीय क्षेत्र		५.५.२	विदेशी मुद्रामा	
३.१.२.२	व्यक्तिगत		५.५.२.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.२.२.१	आवासीय		५.५.२.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.१.२.२.२	गैरआवासीय		५.५.२.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२	**बचत**		५.५.२.४	"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१	स्वदेशी मुद्रामा		५.५.२.५	बचत तथा ऋण सहकारी संस्थाहरु	
३.२.१.१	संस्थागत		५.५.२.६	पेन्सन कोष तथा बीमा संस्थाहरु	
३.२.१.१.१	"क" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.२.७	अन्य वित्तीय संस्थाहरु	
३.२.१.१.२	"ख" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.२.८	गैर वित्तीय सरकारी संस्थाहरु	
३.२.१.१.३	"ग" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.२.९	निजी गैर वित्तीय संस्थाहरु	
३.२.१.१.४	"घ" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		५.५.२.१०	गैर आवासीय क्षेत्र	
३.२.१.१.५	बचत तथा ऋण सहकारी संस्थाहरु		५.६	जग्गा तथा आवास विकास	
३.२.१.१.६	गैरसरकारी संस्थाहरु		५.६.१	जग्गा खरिद तथा विकास	
३.२.१.१.७	कर्मचारी संचयकोष		५.६.२	आवास निर्माण	
३.२.१.१.८	नागरिक लगानी कोष		**६.**	**कर्जा तथा सापट**	
३.२.१.१.९	पेन्सन कोष तथा बीमा कम्पनीहरु		६.१	संस्थागत	
३.२.१.१.१०	अन्य वित्तीय संस्थाहरु		६.१.१	स्वदेशी मुद्रामा	
३.२.१.१.११	नेपाली सेना		६.१.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१.१.१२	नेपाल प्रहरी		६.१.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१.१.१३	सशस्त्र प्रहरी बल		६.१.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१.१.१४	स्थानीय सरकार		६.१.१.४	"घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१.१.१५	अन्य सरकारी निकाय		६.१.१.५	बचत तथा ऋण सहकारी	
३.२.१.१.१६	गैर वित्तीय सरकारी संस्थाहरु		६.१.१.६	पेन्सन कोष तथा बीमा कम्पनीहरु	

३.२.१.१.१७	गैर वित्तीय निजी संस्थाहरु		६.१.१.७	अन्य वित्तीय संस्थाहरु	
३.२.१.१.१८	अन्य संस्थाहरु		६.१.१.८	केन्द्रीय सरकार	
३.२.१.१.१९	विदेशी बैंकहरु		६.१.१.९	स्थानीय सरकार	
३.२.१.१.२०	विदेशी संस्थाहरु		६.१.१.१०	गैर वित्तीय सरकारी संस्थानहरु	
३.२.१.१.२१	अन्य आवासीय क्षेत्र		६.१.१.११	निजी गैरवित्तीय संस्थारु	
३.२.१.१.२२	गैरआवासीय क्षेत्र		६.१.२	विदेशी मुद्रामा	
३.२.१.२	व्यक्तिगत		६.१.२.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१.२.१	आवासीय		६.२.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.१.२.२	गैरआवासीय		६.२.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु	
३.२.२	विदेशी मुद्रामा		६.२.१.४	अन्य वित्तीय संस्थाहरु	
३.२.२.१	संस्थागत		६.२.१.५	गैरवित्तीय सरकारी संस्थाहरु	
३.२.२.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		६.२.१.५	निजी गैरवित्तीय संस्थाहरु	
३.२.२.१.२	"ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		६.२	व्यक्तिगत	
३.२.२.१.३	"ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		६.२.१	स्वदेशी मुद्रा	
३.२.२.१.४	अन्य संस्थाहरु		६.२.२	विदेशी मुद्रा	
३.२.२.१.५	विदेशी बैंकहरु		६.३	गैर आवासीय क्षेत्र	
३.२.२.१.६	विदेशी संस्थाहरु		६.३.१	स्वदेशी मुद्रा	
३.२.२.१.७	अन्य आवासीय क्षेत्र		६.३.२	विदेशी मुद्रा	
३.२.२.१.८	गैरआवासीय क्षेत्र		६.४	युवा स्वरोजगार कोष	
३.२.२.२	व्यक्तिगत		**७.**	**बिल खरिद**	
३.२.२.२.१	आवासीय		७.१	स्वदेशी बिल खरिद	
३.२.२.२.२	गैरआवासीय		७.१.१	संस्थागत	
३.३	**मुद्दती**		७.१.२	व्यक्तिगत	
३.३.१	स्वदेशी मुद्रामा		७.२	विदेशी बिल खरिद	
३.३.१.१	संस्थागत		७.२.१	भारतमा भुक्तानी हुने	
३.३.१.१.१	"क" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		७.१.१	संस्थागत	
३.३.१.१.२	"ख" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		७.१.२	व्यक्तिगत	
३.३.१.१.३	"ग" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		७.२.२	अन्य मुलुकमा भुक्तानी हुने	
३.३.१.१.४	"घ" वर्ग इजाजतपत्रप्राप्त संस्थाहरु		७.१.१	संस्थागत	
३.३.१.१.५	बचत तथा ऋण सहकारी संस्थाहरु		७.१.२	व्यक्तिगत	
३.३.१.१.६	गैरसरकारी संस्थाहरु		७.३	आयात बिल खरिद	
३.३.१.१.७	कर्मचारी संचयकोष		**८.**	**कलेक्सनमा लिइएका बिलहरुमा सापट**	
३.३.१.१.८	नागरिक लगानी कोष		८.१	स्वदेशी बिलको धितोमा	
३.३.१.१.९	पेन्सन कोष तथा बीमा कम्पनीहरु		८.२	विदेशी बिलको धितोमा	
३.३.१.१.१०	अन्य वित्तीय संस्थाहरु		**९.**	**स्थिर सम्पत्ति**	
३.३.१.१.११	नेपाली सेना		९.१	जग्गा	
३.३.१.१.१२	नेपाल प्रहरी		९.२	भवन	
३.३.१.१.१३	सशस्त्र प्रहरी बल		९.३	फर्निचर/फिक्सचर	
३.३.१.१.१४	स्थानीय सरकार		९.४	सवारी साधन	
३.३.१.१.१५	अन्य सरकारी निकाय		९.५	कम्प्युटर तथा मेशीनरी	
३.३.१.१.१६	गैर वित्तीय सरकारी संस्थाहरु		९.६	पुँजीगत निर्माण खर्च	
३.३.१.१.१७	गैर वित्तीय निजी संस्थाहरु		९.७	लिज होल्ड सम्पत्ति	
३.३.१.१.१८	अन्य संस्थाहरु		९.८	सफ्टवेयर	
३.३.१.१.१९	विदेशी बैंकहरु		९.९	अन्य	
३.३.१.१.२०	विदेशी संस्थाहरु		**१०.**	**अन्य सम्पत्ति**	
३.३.१.१.२१	अन्य आवासीय क्षेत्र		१०.१	असुल गर्न बाँकी ब्याज	
३.३.१.१.२२	गैरआवासीय क्षेत्र		१०.१.१	**लगानीमा**	
३.३.१.२	व्यक्तिगत		**१०.१.१.१**	**सरकारी ऋणपत्रमा**	
३.३.१.२.१	आवासीय		**१०.१.१.२**	**अन्य लगानीमा**	
३.३.१.२.२	गैरआवासीय		१०.१.१.२.१	स्वदेशी मुद्रामा	
३.३.२	विदेशी मुद्रामा		१०.१.१.२.२	विदेशी मुद्रामा	
३.३.२.१	संस्थागत		१०.१.२	कर्जा सापटमा	
३.३.२.१.१	"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु		१०.१.३.१	संस्थागत	
Net Profit Per Staff	NPR		
Per Employee Staff Cost	NPR		
Number of Promotor Equity Shares	Nos.		
Number of Public Equity Shares	Nos.		
Number of Permanent Staffs	Nos.		
Number of Branches	Nos.		
Number of Extension Counters	Nos.		
Number of ATM Machines	Nos.		
Price Earning Ratio	Times		
Dividend (including bonus) on Share Capital	Percent		
Cash Dividend on Share Capital	Percent		
Net Profit / Gross Income	Percent		
Net Profit / Loans and Advances	Percent		
Return on Total Assets	Percent		
Return on Equity	Percent		
Interest Income / Loans and Advances	Percent		
Exchange Gain / Total Income	Percent		
Interest Expenses / Total Deposits and Borrowings	Percent		

Total Operating Expenses / Total Assets	Percent		
Staff Expenses / Total Operating Expenses	Percent		
Staff Bonus / Total Staff Expenses	Percent		
Total Credit / Deposits	Percent		
Non-Performing Loans / Total Loans	Percent		
Base Rate	Percent		
Weighted Average Interest Rate Spread	Percent		
Weighted Average Interest Rate on Deposit	Percent		
Weighted Average Interest Rate on Credit	Percent		
Institutional Deposit/Total Deposit	Percent		

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १०/०७७

संस्थापक सेयर नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको संस्थापक वा संस्थापक समूहको सेयर कुनै व्यक्ति वा संस्थालाई नामसारी वा खरिद/बिक्री वा हक हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. संस्थापक र संस्थापक समूहको सेयर लिएका व्यक्तिहरुको मृत्यु भएमा वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशबन्डा भएमा प्रचलित कानुनको रित पुऱ्याई निजहरुको हकदार वा निजहरुले इच्छाएको व्यक्तिको नाममा नामसारी गरी सो को पन्ध्र दिनभित्र यस बैंकलाई जानकारी दिनु पर्नेछ ।

२. **संस्थापक तथा संस्थापक समूहको सेयर नामसारी वा बिक्री सम्बन्धमा**

प्रचलित कानुनको अधीनमा रही संस्थापक तथा संस्थापक समूहको सेयर लिने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको सेयर देहाय बमोजिम रित पुऱ्याई नामसारी वा बिक्री गर्न सक्ने छन् :-

(क) इजाजतपत्रप्राप्त संस्थाले आफ्ना सेयरधनीको सेयर खरिद/बिक्री वा नामसारी गर्नुपूर्व यस बैंकको स्वीकृति लिनु पर्नेछ । स्वीकृतिको लागि सञ्चालक समितिको सिफारिस सहित यस बैंकमा आवेदन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) मा जुनसुकै व्यवस्था भएता पनि संस्थापक संस्थापक बीचमा सेयर खरिद/बिक्री भएमा प्रचलित कानुनको रित पुऱ्याई खरिद/बिक्री गरी सो को जानकारी १५ दिनभित्र यस बैंकलाई दिनु पर्नेछ । तर, चुक्ता पुँजीको दुई (२) प्रतिशतभन्दा बढी हुनेगरी संस्थापक सेयर खरिद गर्न चाहेमा संस्थापक संस्थापक बीचमा सेयर खरिद/बिक्री गर्न वा हकप्रद सेयरको हक हस्तान्तरण गर्न यस बैंकको स्वीकृति लिनुपर्नेछ ।

(ग) मृत्यु भई वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवन्डा भई हक हस्तान्तरण भएको बाहेक अन्य अवस्थामा संस्थापकले आफ्नै समूहका संस्थापकलाई मात्र सेयर नामसारी वा बिक्री गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम संस्थापक समूहमा सेयर नामसारी वा बिक्री हुन नसक्ने अवस्था भएमा मात्र अन्य व्यक्ति वा संस्थालाई यस निर्देशनका अधीनमा रही सेयर नामसारी वा बिक्री गर्न सकिने छ । यसरी संस्थापक समूहको सेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्था संस्थापक समूहमा नै समावेश हुनेछन् ।

(ङ) देहायको अवस्था भएको कुनै पनि व्यक्ति वा संस्थालाई संस्थापकले आफ्नो स्वामित्वको सेयर नामसारी वा बिक्री गर्न पाउने छैनन् :-

(१) कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष नपुगेको,
(२) सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको आन्तरिक वा बाह्य लेखापरीक्षकमा नियुक्त रहेको,
(३) सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कानुनी वा अन्य सल्लाहकार पदमा बहाल भएको,
(४) सम्बन्धित इजाजतपत्रप्राप्त संस्थासँग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको,
(५) प्रचलित कानुन बमोजिम कर चुक्ता नगरेको वा स्थायी करदाता लेखा नम्बर नियमित नगरेको,

(६) कुनै इजाजतपत्रप्राप्त संस्थाको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएको,

(७) धितोपत्र दलाल वा बजार निर्माता, सहकारी संस्था,

(८) सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिएको वा वित्तीय स्वार्थ रहेको । तर, यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुको हकमा यो प्रावधान लागू हुने छैन ।

(९) इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको पन्ध्र प्रतिशत भन्दा कम सेयर लिएको सेयरधनीले थप सेयर नामसारी वा खरिद गरी लिँदा निजको स्वामित्वमा उक्त इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको पन्ध्र प्रतिशत भन्दा बढी सेयर स्वामित्व हुने अवस्था भएको, वा

(१०) फर्म, कम्पनीको हकमा विगत २ वर्षदेखि सञ्चित मुनाफामा सञ्चालनमा नरहेको ।

(११) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ र १२ बमोजिम तोकिएको अवधि र शर्त पुरा नगरेको,

(१२) बैंक तथा वित्तीय संस्थाबाट जारी भएको सेयरको माग रकम चुक्ता/भुक्तानी नगरेको,

(१३) संस्थापक सेयर खरिद/बिक्री पछि कायम हुन आउने कुल संस्थापकहरुमध्ये एक तिहाई सदस्यहरु स्नातक वा सो सरहको योग्यता प्राप्त हुनुपर्नेमा सो अवस्था विद्यमान रहन नसक्ने देखिएको, वा

(१४) यस बैंकले समय समयमा इजाजतपत्रप्राप्त संस्थाको संस्थापक हुन तोकेको न्यूनतम योग्यता र अनुभव नभएको

(१५) यस बैंकले तोकेको ढाँचा सहितको निवेदन पेश नगरेका र प्रचलित कानुनले अयोग्य ठहर गरेको ।

(च) संस्थापक वा संस्थापक समूहको सेयर खरिद गर्ने फर्म/कम्पनीको सेयर स्वामित्व कुनै पनि किसिमले हस्तान्तरण गर्नु अघि सो फर्म तथा कम्पनीले यस बैंकबाट स्वीकृति लिनु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाको संस्थापक वा संस्थापक समूहको सेयर खरिद गर्ने कम्पनीको सेयर अर्को कुनै कम्पनीले खरिद गरेको भएमा त्यस्तो कम्पनीको सेयर पनि कुनै पनि किसिमले हस्तान्तरण गर्नुअघि यस बैंकबाट स्वीकृति लिनु पर्नेछ ।

(छ) बैंक तथा वित्तीय संस्थाका संस्थापक/संस्थापक समूहको सेयर खरिद गर्दा संस्थापक सेयरधनीहरूले तोकिएको ढाँचामा (बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था: २०६३ को संशोधित अनुसूची ३ को बुँदा नं. १६ को विवरण) लगानी हुने रकमको आयस्रोत सम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । सो को अभिलेख सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सो सम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नुपर्नेछ ।

(ज) यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा संस्थापक सेयरधनी भई लगानी गर्दा बैंक तथा वित्तीय संस्थाबाट ऋण तथा सापटी लिई लगानी गर्न पाइने छैन ।

३. संस्थापक वा संस्थापक समूहको सेयर नामसारी वा खरिद गरी लिने अन्य व्यक्ति वा संस्थाले **बुँदा** १ र २ मा उल्लेख भएको प्रक्रिया नपुऱ्याई आफ्नो स्वामित्वको सेयर नामसारी वा बिक्री गर्न पाउने छैनन् ।

४. यस बैंकले संस्थापक समूहको सेयर नामसारी वा बिक्री गर्न स्वीकृति दिएको मितिले ३ महिनाभित्र आफ्नो स्वामित्वको सेयर नामसारी वा बिक्री गरी सक्नु पर्नेछ । सो अवधि पश्चात् संस्थापक समूहको सेयर बिक्री गर्न दिइएको स्वीकृति स्वतः रद्द हुनेछ ।

५. आयस्रोत (Income Source) सम्बन्धमा

जुनसुकै प्रयोजनको लागि पूँजी वृद्धि गर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाका संस्थापक/संस्थापक समूहको सेयर खरिद गर्दा संस्थापक सेयरधनीहरूले तोकिएको ढाँचामा (*बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था: २०६३ को संशोधित अनुसूची ३ को बुँदा नं. १६ को विवरण*) लगानी हुने रकमको आयस्रोतसम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । सो को अभिलेख सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अद्यावधिक गरी राख्नु पर्ने तथा सो सम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा समेत पेश गर्नु पर्नेछ ।

६. संस्थापक वा सो समूहको सेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्थाले यस निर्देशन विपरित हुने गरी आफ्नो स्वामित्वमा रहेको सेयर नामसारी वा बिक्री गरेमा यसरी निर्देशन विपरित आफ्नो स्वामित्वमा रहेको सेयर नामसारी वा बिक्री गर्ने व्यक्ति वा संस्थाहरु निजहरुले आफ्नो स्वामित्वमा रहेको सेयर नामसारी वा बिक्री गरेको

मितिले कम्तीमा पाँच वर्षसम्म अर्को कुनै इजाजतपत्रप्राप्त संस्थाको संस्थापक हुन तथा कुनै पनि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक हुन योग्य हुने छैनन् ।

७. यस बैंकद्वारा जारी बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था: २०६३ ले गरेको नीतिगत व्यवस्था अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक सेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिने छ । साथै, "घ" वर्गको संस्थाको हकमा उपर्युक्त बमोजिमको सीमालाई क्रमश: २५ प्रतिशत र १० प्रतिशत कायम गरिएको छ । उल्लिखित लगानी सीमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाले सहायक कम्पनीमा संस्थापक भई लगानी गर्दा लागू हुने छैन ।

तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसँग सम्बन्धित संस्था कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा बढीमा २५ प्रतिशतसम्म यस बैंकको स्वीकृति लिई एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक सेयर लगानी गर्न बाधा पुगेको मानिने छैन ।

माथि उल्लिखित सीमाभन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीहरुको हकमा तोकिएको सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण गरिने नगद लाभांश तथा बोनस सेयर रोक्का राखी सम्बन्धित संस्थाबाट जारी गरिने हकप्रद सेयरमा सहभागी हुन बन्देज लगाइएको छ । साथै त्यस्तो बैंक तथा वित्तीय संस्थालाई गाभ्न/गाभिन निर्देशन दिन सकिनेछ । तर यस निर्देशनले सम्बन्धित संस्थापकहरुले चाहेको खण्डमा हकप्रद सेयर हक हस्तान्तरण गर्न भने बाधा पुऱ्याएको मानिने छैन ।

८. प्रचलित कानुन र यस बैंकको निर्देशन पालना गर्ने/गराउने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरुले धारण गरेका संस्थापक सेयर, संस्थापक - संस्थापक बीचमा हस्तान्तरण गर्नु पर्ने अवस्था आई परेमा यस बैंकको स्वीकृति लिई प्रति व्यक्ति, फर्म, कम्पनी, संस्था तथा समूहको १५ प्रतिशतको सीमाभन्दा बढी भएमा समेत खरिद बिक्री गर्न बाधा पुगेको मानिने छैन । तर, यसरी धारण गरेका सेयर १५ प्रतिशतको सीमाभन्दा बढी भएको अवस्थामा उक्त सेयर आफूले धारण गरेको मितिले ५ वर्ष भित्र बिक्री वितरण गरी अनिवार्य रुपमा १५ प्रतिशतको सीमाभित्र ल्याई सक्नु पर्नेछ ।

उपर्युक्त तोकिएको सीमाभित्र कायम नरहेका बैंक तथा वित्तीय संस्थाका संस्थापक सेयरधनीहरुलाई उक्त सीमाभित्र नआएसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट वितरण हुने नगद लाभांश, बोनस सेयर र हकप्रद सेयरमा सहभागी हुन बन्देज लगाइएको छ ।

९. संस्थापकको स्वामित्वमा रहेको सेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्था पनि संस्थापकहरुको समूहमा रहने गरी इजाजतपत्रप्राप्त संस्थाले प्रबन्धपत्र र नियमावलीमा अनिवार्य रुपमा संशोधन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१०. यस बैंकबाट स्वीकृति नलिई इजाजतपत्रप्राप्त संस्थाले संस्थापक समूहको सेयर नामसारी वा बिक्री गरेको लगत कट्टा गरी दिएमा त्यस्ता संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही हुनेछ ।

११. इजाजतपत्रप्राप्त संस्थाको सेयरमा सहकारी संस्थाहरुबाट लगानी गर्न नपाउने सम्बन्धमा

यस बैंकबाट इजाजतपत्रप्राप्त गरेका वा इजाजतपत्रको लागि नयाँ निवेदन पेश हुने बैंक तथा वित्तीय संस्थाको सेयरमा प्रचलित कानुन बमोजिम संस्थापित सहकारी संस्थाहरुले **लगानी** गर्न पाउने छैनन् ।

१२. सर्वसाधारणका लागि सेयर बिक्री आव्हान गरी विवरणपत्र समेत जारी गरी सेयरको शुरु निस्कासन (Initial Public Offering) को माध्यमबाट सेयर धारण गरी कायम हुन आएका सेयरधनीहरु बाहेक संस्थापक, संस्थापक समूह र Private Placement को माध्यमबाट स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले धारण गरेको सेयर समेत यस बैंकको नियमन प्रयोजनार्थ संस्थापक/संस्थापक समूहको सेयर सरह मानिने छ ।

१३. सार्वजनिक निष्काशन गर्न भनी छुट्टयाइएको धितोपत्र सम्बन्धित संस्थापक, सञ्चालक वा निजका परिवारले लिन पाउने छैनन् । तर, त्यस्तो धितोपत्रको दरखास्त खुल्ला रहने भनी तोकिएको अवधिभित्र पुरा बिक्री नभएको अवस्थामा भने यो प्रतिबन्ध लागू हुने छैन ।

१४. दुई प्रतिशतभन्दा घटी सेयर खरिद बिक्री सम्बन्धी विशेष व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाको चुक्ता पुँजीको दुई (२) प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीहरुको नाममा रहेको संस्थापक सेयर प्रचलित ऐन कानुन तथा देहायका शर्तहरुको अधीनमा रही विद्यमान संस्थापकहरुबीच वा अन्य व्यक्ति वा संस्थालाई खरिद/बिक्री गर्नको लागि यस बैंकको स्वीकृति लिई रहनु पर्नेछैन । नयाँ संस्थापकहरुले यस बैंकले तोकेको मापदण्ड र Fit and Proper Test को व्यवस्थालाई परिपालना गरेको हुनु पर्नेछ । दुई प्रतिशतभन्दा बढी सेयर धारण गरेका संस्थापक सेयरधनीहरुको हकमा भने यस प्रयोजनको लागि संस्थापक सेयर खण्डीकृत गरी दुई प्रतिशत वा सो भन्दा कम गरी यस्तो सुविधा उपयोग गर्न पाईने छैन ।

(क) संस्थापक सेयरधनीहरुको मृत्यु भएको, वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवन्डा भएमा वा अदालतको आदेश भएको अवस्थामा सम्बन्धित हकवालालाई प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्न सकिने छ ।

(ख) मृत्यु भई वा प्रचलित कानुन बमोजिम पारिवारिक अंशवन्डा हक हस्तान्तरण भएको अवस्थामा बाहेक संस्थापक सेयरधनीले आफ्नो संस्थापक सेयर हस्तान्तरण गर्दा विद्यमान संस्थापक सेयरधनीलाई नै प्राथमिकता दिनु पर्नेछ । विद्यमान संस्थापक सेयरधनीहरुले उक्त सेयर खरिद गर्न नचाहेमा सोको लिखित जानकारी लिई अन्य समूह वा बाह्य व्यक्ति/संस्थालाई बेचबिखन गर्न सकिने छ । सम्पूर्ण संस्थापकहरुको लिखित सहमति लिन सम्भव नभएमा सम्बन्धित बैंक/वित्तीय सस्था मार्फत राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा ३५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउने र सो अवधिभित्र कसैले खरिद गर्न चाहेको लिखित जानकारी पेश हुन नआएमा मात्र प्रचलित कानुनको अधीनमा रही अन्य व्यक्ति/संस्थालाई बिक्री गर्न सकिने छ ।

(ग) संस्थापक समूहको सेयर खरिद गर्ने व्यक्ति/संस्थालाई सोही संस्थापक समूहमा समावेश गर्नु पर्नेछ ।

(घ) बुँदा नं. २ को खण्ड (ङ) मा उल्लिखित अयोग्यता भएको व्यक्ति/संस्था संस्थापक सेयर खरिद/बिक्री गर्ने कार्यमा सहभागी हुन पाउने छैनन् ।

(ङ) संगठित संस्थाले सेयर खरिद गर्ने भएमा उक्त संस्थाको कार्य/उद्देश्यमा सेयर खरिद/बिक्री गर्न पाउने/नपाउने यकिन गरी विगत २ आर्थिक वर्षदेखि सञ्चालन मुनाफामा रहेको वित्तीय विवरण यकिन गरेर मात्र बिक्री गर्नु पर्नेछ । साथै, उक्त संगठित संस्थाको सञ्चालकहरु समेत कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश नभएको हुनु पर्नेछ ।

(च) कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थावाट संस्थापक सेयरमा लगानी गर्दा यस बैंकबाट इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थामा बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने व्यवस्था रहेको हुँदा सो सम्बन्धी अवस्था सम्बन्धित बैंक वा वित्तीय संस्थाले यकिन गरेपछि मात्र संस्थापक सेयर खरिद/बिक्री कार्य हुन सक्नेछ ।

(छ) माथि खण्ड घ, ङ र च मा उल्लिखित अवस्था पुरा भए नभएको बारे सम्बन्धित बैंक/वित्तीय संस्थाको सञ्चालक समितिले आफैं यकिन गरेर मात्र संस्थापकहरुको स्वामित्व लगत किताबमा परिवर्तन गराउनु पर्नेछ ।

संस्थापक सेयर खरिद/बिक्री सम्बन्धी स्वीकृति सम्बन्धित बैंक वा वित्तीय संस्थाको सञ्चालक समितिले नै प्रदान गर्न सक्ने छ ।

(ज) सेयरधनीहरुले खरिद/बिक्री गर्ने संस्थापक सेयरको मूल्य र सम्बन्धित निकायहरुमा लाग्ने कर, दस्तुर, सेवा शुल्क प्रचलित कानुन बमोजिम हुनेछ ।

(झ) चुक्ता पुँजीको २ प्रतिशतभन्दा बढी संस्थापक सेयर धारण गरेको अवस्थामा त्यस्तो सेयर टुक्रा टुक्रा गरी वा एकमुष्ट रुपमा संस्थापक समूहमा नरहेको व्यक्तिलाई बिक्री गर्नु परेको खण्डमा सेयर बिक्री/हस्तान्तरण वा नामसारी गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(ञ) कुनै बैंक वा वित्तीय संस्थामा संस्थापक सेयर धितो राखी कर्जा लिएको अवस्थामा कर्जा असुलीका पर्याप्त उपायहरु अवलम्बन गर्दा समेत उक्त कर्जा असुलउपर हुन नसकी उक्त संस्थापक सेयर नै जफत गर्नु पर्ने अवस्था सिर्जना हुन गएको अवस्थामा र प्रचलित कानुन बमोजिम बैंक वा वित्तीय

संस्थाको संस्थापक सेयर बिक्री गर्नुपर्ने बाध्यात्मक अवस्थामा सेयर संख्या र औचित्यका आधारमा जफत गरिएको/बाध्यात्मक रुपमा बिक्री गर्नु पर्ने उक्त संस्थापक सेयर बिक्री गर्नका लागि खरिदकर्ताको पहिचान गर्ने सम्बन्धमा देहायको प्रक्रिया अवलम्बन गर्न सकिने छ :

(१) संस्थापक सेयर सार्वजनिक सूचना गरी बोलकबोल (गोप्य सिल्डटेण्डर) को माध्यमबाट प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको नीति एवम् निर्देशन विपरीत नहुने गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाका विद्यमान संस्थापक सेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म कम्पनी तथा संगठित संस्थालाई बिक्री गर्न खरिदकर्ता छनौट गर्न,

(२) प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक सेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने । संस्थापक सेयर खरिदकर्ता पहिचान भईसकेपछि चुक्ता पूँजीको २ प्रतिशतभन्दा घटी संस्थापक सेयर धारण गर्ने संस्थापक सेयरधनीको संस्थापक सेयरको हकमा माथि उल्लिखित प्रक्रिया अपनाई सेयर बिक्री वा नामसारी गर्नु पर्ने । तर, चुक्ता पुँजीको २ प्रतिशतभन्दा बढी सेयर स्वामित्व धारण गरेको अवस्थामा सेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रिया यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र अघि बढ्ने ।

(ट) संस्थापक सेयर बिक्रेता कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत रहिरहेको भए त्यस्तो संस्थापक सेयर बिक्रीबाट प्राप्त हुन आउने रकम अनिवार्य रुपमा कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्नु पर्नेछ ।

(ठ) उल्लिखित व्यवस्थाको अधीनमा रही सेयर खरिद/बिक्री गरी नयाँ कायम भएका संस्थापक सेयरधनीहरु सहितको अद्यावधिक विवरण १५ दिनभित्र यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(ड) माथि उल्लिखित प्रक्रिया नपुऱ्याई संस्थापक सेयर खरिद/बिक्री गरिएको अवस्थामा देहायका कारवाही हुनेछन्

(१) बैंक वा वित्तीय संस्थाः नेपाल राष्ट्र बैंक, ऐन २०५८ को दफा १०० बमोजिम सचेत गराउने लगायतका अन्य कारवाही । विक्रेता संस्थापक सेयरधनीका हकमा जुन बैंक वा वित्तीय संस्थाको संस्थापक सेयर हो सोही बैंक वा वित्तीय संस्थाले जफत गर्न सक्ने ।

(२) खरिद/बिक्रीकर्ताः नयाँ संस्थापना हुने बैंक वा वित्तीय संस्थाको संस्थापक सेयरमा लगानी गर्न र कुनै पनि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालकको रुपमा रहन खरिद/बिक्री गरेको मितिले ५ वर्षसम्म योग्य नहुने ।

(ढ) प्रचलित ऐन, कानुन र यस बैंकबाट जारी गरिएका नीति निर्देशनहरुमा कुनै परिमार्जन भएमा सोही बमोजिम उल्लिखित व्यवस्थामा परिमार्जन भएको मानिने छ ।

१५. ५१ प्रतिशतभन्दा बढीको संस्थापक समूहको सेयर बिक्री सम्बन्धमा

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) को प्रयोजनको लागि देहायमा उल्लिखित शर्तहरुको अधीनमा रही ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको सेयर स्वामित्व रहेका बैंक तथा वित्तीय संस्थाका संस्थापक सेयरधनीहरुले चाहेमा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक सेयर सर्वसाधारण सेयरमा परिणत गर्न सक्नेछन् ।

(क) बैंक वा वित्तीय संस्थाले वित्तीय कारोबार सञ्चालन भएको दश वर्ष पुरा गरेको हुनु पर्नेछ ।

(ख) संस्थापक वा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायमै रहनु पर्नेछ ।

(ग) ५१ प्रतिशतभन्दा बढी भएको सेयर स्वामित्व धितोपत्र विनिमय बजार लिमिटेड मार्फत खरिद/बिक्री/परिणत गर्ने प्रयोजनको लागि संस्थापकहरुको सेयर लगानीको अनुपातमा समानुपातिक रुपमा (Pro-rata basis) बढी हुने सेयर सर्वसाधारणमा परिणत गर्न सकिनेछ ।
तर, कुनै संस्थापक/संस्थापक समूहमा रहेको सेयरधनीले माथि उल्लेख भए अनुसारको सेयरहरु अर्को समूहमा परिणत गर्न नचाहेको भनी स्वःघोषणा विवरण प्राप्त भएको अवस्था रहेछ भने बाँकी रहेका सदस्यहरुले संस्थापक/संस्थापक समूहको सेयर स्वमित्व ५१ प्रतिशतभन्दा कम नहुने गरी त्यस्तो सेयर अनुपात उपयोग गर्न पाउने छन् । एकपटक सर्वसाधारण सेयरमा परिणत भैसकेको सेयर पुनः संस्थापक वा संस्थापक समूहको सेयरमा परिणत गर्न पाइने छैन ।

(घ) यस सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको सिफारिस सहित यस बैंकबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ । यसरी स्वीकृति प्राप्त भएपछि आगामी साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी सोही बमोजिम सेयर स्वामित्व संरचना एवम् सञ्चालक समितिमा पनि सेयर स्वामित्व अनुरुप प्रतिनिधित्व हुने गरी मिलाउनु पर्नेछ । सो बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन नभएसम्म यसरी खरिद/बिक्री/ परिणत हुने सेयरको अंश संस्थापक समूहमा नै रहेको मानिने छ ।

(ङ) संस्थापक समूहमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गरी बिक्री गर्ने व्यक्ति/संस्था कालोसूचीमा रहेको भएमा निजको सेयर बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनको लागि मात्र बिक्री गर्न पाइने छ । कालोसूचीमा रहे/नरहेको व्यहोरा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै एकिन गर्नु पर्नेछ ।

(च) यस व्यवस्था अनुरुप संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ । साथै, यसरी परिणत गर्ने कार्य कम्तिमा २ पटकसम्म गर्नु पर्नेछ ।

(छ) बैंक तथा वित्तीय संस्थामा सञ्चालक कार्यकारी प्रमुख, लेखापरीक्षक, **कम्पनी सचिव** वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहेको अवस्थामा समेत संस्थापक समूहको सेयर यस व्यवस्था अनुरुप सर्वसाधारणमा परिणत गर्न बाधा पर्नेछैन । तर, खरिद/बिक्री सम्बन्धी प्रक्रिया प्रचलित कानुनको अधीनमा रही गर्नु पर्नेछ ।

१६. बैंक तथा वित्तीय संस्थाले पुँजी बृद्धि एवम् पुँजी संरचना परिवर्तन गर्न चाहेमा देहायका शर्तको अधीनमा रही गर्न सक्ने:

(क) पुँजी बृद्धिपछि कुल पुँजीमा सर्वसाधारण सेयर स्वामित्वको अनुपात पुँजी बृद्धि अघि कायम रहेको सर्वसाधारण सेयर स्वामित्वको अनुपातभन्दा कमी नहुने गरी मात्र पुँजी बृद्धि गर्नु पर्नेछ ।

(ख) यस बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले तयार गरी पेश गरेको पुँजी योजना अनुसार तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गर्न Right Renounce गर्ने प्रयोजन बाहेक इजाजपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि गर्दा संस्थापक समूहमा नयाँ सेयरधनी थप गर्न पाइने छैन ।

(ग) बैंक तथा वित्तीय संस्थाको पुँजी बृद्धि एवम् पुँजी संरचनामा परिवर्तन गर्न **यस बैंकको पूर्व सहमति लिई** प्रचलित कानुन बमोजिम सम्बन्धित संस्थाको वार्षिक साधारण सभा/विशेष साधारण सभावाट स्वीकृत गराउनु पर्नेछ ।

(घ) यस कार्यका लागि यस अघि सैद्धान्तिक सहमति दिइसकेको अवस्थामा उक्त सैद्धान्तिक सहमतिमा उल्लिखित शर्तको अधीनमा रही कार्यान्वयन गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(ङ) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६६ को इ.प्रा. निर्देशन नं. १०/०६६ को बुँदा नं. १६ (बै.वि.नि.वि./नीति/परिपत्र/३/०६५।६६ मिति २०६५।४।२८ को परिपत्र) मा भएको व्यवस्था बमोजिम संस्थापक सेयरको अनुपात थप गर्न स्वीकृति प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाले यस निर्देशनको बुँदा नं. **१५** अनुसारको संस्थापक सेयर सर्वसाधारणमा परिवर्तन/ परिणत गर्न पाउने छैनन् । साथै, सो को अभिलेखका लागि सेयर पुस्तिकामा अभिलेखीकरण गरी प्रत्येक आर्थिक वर्षको वार्षिक प्रतिवेदनमा उक्त विषय खुलाउनु पर्नेछ ।

(च) **इजाजतपत्र प्राप्त संस्थाको सेयर धारण गर्ने फर्म/कम्पनी/संस्थाको अन्तिम हिताधिकारी प्राकृतिक व्यक्ति पहिचान हुने विवरण सम्बन्धित मुलुकको आधिकारिक निकायबाट प्रमाणित गराई प्रत्येक आर्थिक वर्ष समाप्त भएको ९० दिन भित्र बैंक तथा वित्तीय संस्था नियमन विभागमा अभिलेखीकरण गर्नु पर्नेछ । तर, यसरी सेयर धारण गर्ने संस्था विदेशी इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्था भएमा सोही संस्थाको विवरण अभिलेखीकरण गर्नु पर्नेछ ।**

१७. Cross Holding गरी लगानी गरिरहेको संस्थापक सेयर बिक्री सम्बन्धमा

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५० को उपदफा (१)(च) कार्यान्वयन गर्ने/गराउने सिलसिलामा सोही ऐनको दफा ११(३) को प्रयोजनको लागि देहायका शर्तहरुमा बैंक तथा वित्तीय संस्थाहरुले आपसमा Cross-holding हुने गरी लगानी गरेको संस्थापक समूहको सेयर धितोपत्र विनिमय बजार मार्फत खरिद/बिक्री गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुले अन्य इजाजतपत्रप्राप्त संस्थामा लगानीमा रहिरहेको संस्थापक/ संस्थापक समूहको सेयर नेपाल धितोपत्र विनिमय बजार मार्फत खरिद/बिक्री गर्न सक्ने गरी छुट प्रदान गरिएको ।

(२) संस्थापक सेयर नामसारी वा बिक्री गर्दा विद्यमान संस्थापक सेयरधनीहरुको रुपमा रहिरहेका अन्य सदस्यहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान एकीकृत निर्देशन नं. १० को व्यवस्था यस प्रयोजनको लागि लागू नहुने ।

(३) नेपाल धितोपत्र विनिमय बजार मार्फत सेयर खरिद गर्ने व्यक्ति/संस्था समेत संस्थापक समूहमा नै कायम रहने ।

(४) संस्थापक समूहको सेयर खरिदकर्ता कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश नभएको हुनुपर्ने र प्रचलित कानुन तथा यस बैंकबाट जारी गरिएका निर्देशन बमोजिम संस्थापक सेयर/संस्थापक समूहको सेयर खरिद गर्न अयोग्य नभएको स्वःघोषणा (Self Declaration) सेयर खरिद गर्दाको अवस्थामा नै पेश गर्नु पर्ने ।

(५) बैंक तथा वित्तीय संस्थाहरुले यस निर्देशन बमोजिम अन्य बैंक तथा वित्तीय संस्थाहरुमा आफूले लगानी गरेको संस्थापक सेयर यस निर्देशन बमोजिम अनिवार्यरुपमा बेचबिखन गरी सक्नु पर्ने ।

(६) सेयर खरिद बिक्री सम्बन्धी अन्य व्यवस्था तथा प्रक्रियाका सम्बन्धमा प्रचलित कानुन अनुसार नै हुने ।

(७) धितोपत्र **विनिमय** बजार मार्फत इजाजतपत्रप्राप्त संस्थाले खरिद/बिक्री गरेका संस्थापक सेयरहरु धितोपत्र विनिमय बजार मार्फत पुनः खरिद बिक्री गर्न सकिने । तर यसरी सेयर खरिद गर्ने व्यक्ति/संस्थाहरु सम्बन्धित संस्थापक समूहमै रहने ।

(८) यसरी व्यक्ति तथा संस्थाले पुनः सेयर खरिद/बिक्री गर्ने सम्बन्धमा माथि उल्लिखित उपबुँदा नं. ५ मा उल्लेख भएको व्यवस्था बाहेकका अन्य सम्पूर्ण बुँदाका व्यवस्थाहरु आकर्षित हुने ।

१८. हकप्रद सेयर सम्बन्धमा

१. हकप्रद सेयर बिक्री सम्बन्धमा

(क) तोकिएको पुँजीकोष अनुपात कायम गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा हकप्रद सेयर जारी गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गरिएको सेयर धारण गर्ने कुनै सेयरधनीले खरिद नगरेमा वा सेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा त्यसरी बिक्री हुन नसकेको हकप्रद सेयरको अंश खण्ड (ग) मा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वतः खारेज गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम खारेज गर्नु परेको अवस्थामा प्रत्येक वर्ष समानुपातिक रूपमा चुक्ता पुँजी वृद्धि गर्दै लैजानु पर्ने यस बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागि त्यस्तो खारेजी गर्नु परेको सेयरको रकमको हदसम्मलाई आगामी वर्षमा समायोजन गर्न सकिने छ ।

(ग) खण्ड (क) बमोजिम स्वतः खारेज गर्नुपरेको कारणबाट प्रचलित कानुनी तथा नीतिगत व्यवस्था बमोजिम सेयर स्वामित्व संरचनामा प्रतिकुल असर पर्ने अवस्था भएमा मात्र त्यस्तो सेयरको अंश सार्वजनिक सूचना मार्फत सार्वजनिक बोलकवोलको आधार (Public Auction Basis) मा न्यूनतम प्रति सेयर मूल्य रु. १०० तोकी बिक्री गर्न सकिने छ । यसरी सार्वजनिक बोलकवोलको माध्यमद्वारा बिक्री गर्दा प्रति सेयर रु. १०० भन्दा बढी प्राप्त हुन आउने रकम (Premium) लाई सम्बन्धित बैंक तथा वित्तीय संस्थाले छुट्टै Share Premium शीर्षक अर्न्तगत देखाउनु पर्नेछ ।

(घ) संस्थापक/संस्थापक समूह अन्तर्गतको बिक्री हुन नसकेको यस्तो हकप्रद सेयरको अंश प्रचलित व्यवस्था अनुरुप विद्यमान संस्थापकहरुलाई बिक्री गर्न सकिने छ। विद्यमान संस्थापकहरुलाई बिक्री हुन नसकेमा प्रचलित कानुन बमोजिम बैंक वा वित्तीय संस्थाको संस्थापक सेयर अन्य व्यक्तिलाई बिक्री गर्नुपर्ने बाध्यात्मक अवस्थामा सेयर संख्या र औचित्यका आधारमा बाध्यात्मक रुपमा बिक्री गर्नु पर्ने उक्त संस्थापक सेयर बिक्री गर्नका लागि खरिदकर्ताको पहिचान गर्ने सम्बन्धमा देहायको प्रक्रिया अवलम्बन गर्न सकिने छ :

(१) संस्थापक सेयर सार्वजनिक सूचना गरी बोलकबोल (गोप्य सिल्डटेण्डर) को माध्यमबाट प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको नीति एवम् निर्देशन विपरित नहुने गरी सम्बन्धित बैंक वा वित्तीय संस्थाका विद्यमान संस्थापक सेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म कम्पनी तथा संगठित संस्थालाई बिक्री गर्न खरिदकर्ता छनौट गर्न,

(२) प्रचलित कानुन तथा विद्यमान निर्देशनमा भएको व्यवस्था बमोजिम यसरी संस्थापक सेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समूहमा नै पर्ने व्यहोरा समेत जानकारी गराउने। संस्थापक सेयर खरिदकर्ता पहिचान भईसकेपछि चुक्ता पूँजीको २ प्रतिशतभन्दा घटी संस्थापक सेयर धारण गर्ने संस्थापक सेयरधनीको संस्थापक सेयरको हकमा बुँदा नं. १४ मा उल्लिखित प्रक्रिया अपनाई सेयर बिक्री वा नामसारी गर्नु पर्ने। तर, चुक्ता पुँजीको २ प्रतिशतभन्दा बढी सेयर स्वामित्व धारण गरेको अवस्थामा सेयर बिक्री/हस्तान्तरण वा नामसारी सम्बन्धी प्रक्रिया यस बैंकबाट स्वीकृति प्राप्त भएपछि मात्र अघि बढ्ने। यस प्रक्रियाबाट सेयर खरिद गर्ने व्यक्ति/संस्था प्रचलित व्यवस्था अनुसार योग्यता पुगेको हुनु पर्नेछ।

(ङ) इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाले हकप्रद सेयर निष्काशन गर्दा साविकका संस्थापक सेयरधनीहरुले खरिद गर्न पाउने हकप्रद सेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानुन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्ता पुँजीको २ प्रतिशत वा सोभन्दा कम सेयर लिएका संस्थापक सेयरधनीको हकमा सम्बन्धित बैंक/वित्तीय संस्थाले नै संस्थापक सेयरधनीको लागि तोकिएको योग्यता (Fit and Proper Test) पुरा गरेका व्यक्तिलाई हक हस्तान्तरण गरी दिन सक्नेछ।

(च) खण्ड (क) देखि (ङ) सम्म जुनसुकै कुरा लेखिएको भएता पनि बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद सेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन।

२. हकप्रद सेयरमा पूर्व लगानी गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले पुँजी पर्याप्तता कायम गर्ने प्रयोजनका लागि संस्थापकहरुले हकप्रद सेयर (Right Share) मा पूर्वलगानी गर्न चाहेमा निम्न शर्तहरुको अधीनमा रही गर्न सक्ने छन्।

(क) पुँजी वृद्धि सम्बन्धी प्रस्ताव सम्बन्धित बैंक तथा वित्तीय संस्थाको साधारणसभाबाट निर्णय भइसकेको हुनु पर्ने।

(ख) यस बैंकको निर्देशन अनुसार पुँजीकोष अनुपात पुऱ्याउने प्रयोजनको लागि संस्थापक सेयरधनीहरुबाट अग्रिम रुपमा संकलन गरेको रकम Calls in Advance शीर्षकमा जम्मा गर्नु पर्ने र त्यसरी जम्मा गरिएको रकमलाई बैक/वित्तीय संस्थाले त्यसपछिको हकप्रद सेयर (Right Share) जारी गर्दाको अवस्थामा अनिवार्य रुपमा समायोजन गर्नु पर्नेछ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाका सेयरधनी (संस्थापक/सर्वसाधारण समूह) हरुले यस बैंकको निर्देशन बमोजिमको आफ्नो पुँजी योजना अनुसार समानुपातिक रुपमा पुँजी पुर्‍याउनु पर्ने सम्बन्धित आर्थिक वर्ष भित्रमा नै हकप्रद सेयर वापत रकम जम्मा गरिसकेको तर सेयर बांडफांड नभएको कारण सम्बन्धित आर्थिक वर्षमा चुक्ता पुँजी शीर्षकमा समायोजन हुन नसकेको अवस्थामा त्यस्तो रकमलाई समेत सेयर वापत अग्रिम रुपमा संकलन गरेको रकमलाई Calls in Advance शीर्षकमा देखाउन सकिने छ। यसरी अग्रिम रुपमा संकलित पुँजी रकमलाई यस बैंकको निर्देशन अनुसार समानुपातीक

रुपमा वृद्धि गर्दै जानु पर्ने चुक्ता पुँजीमा गणना गर्ने प्रयोजनका लागि समेत समावेश गर्न सकिने ।

(ग) यसरी अग्रिम रुपमा सेयरमा लगानी गर्दा सम्बन्धित संस्थापक सेयरधनीले आफ्नो अंश (Share) सम्म मात्र लगानी गर्न सक्ने ।

(घ) यस्तो Calls in Advance को सट्टामा कुनै प्रकारको सुविधा, ऋण दिन वा धितो राख्न नपाइने ।

(ङ) यस्तो Calls in Advance मा कुनै प्रकारको ब्याज लिन/दिन नपाइने र सेयर पुँजी वापत गरिने त्यस्तो अग्रिम सेयर लगानी रकमलाई कुनै पनि अवस्थामा फिर्ता भुक्तान गर्न, झिक्न वा घटाउन (Divestment) नपाइने । साथै, यस्तो रकम चुक्ता पुँजीमा लेखांकन नभएसम्म यसमा लाभांश दिन नपाइने ।

(च) हकप्रद सेयरमा गरिने पूर्व लगानी रकमलाई त्यसपछिको हकप्रद सेयर निष्कासन (Right Share Issue) सँग आवद्ध (Tie- up) गर्नु पर्ने ।

(छ) यसरी अग्रिम रुपमा संकलित पुँजी रकमलाई Calls in Advance शीर्षकमा देखाउनु पर्ने र यसमा जम्मा भएको रकमले खामेमा शाखा खोल्ने प्रयोजनार्थ आवश्यक पर्ने अतिरिक्त पुँजीको प्रयोजनको लागि समेत चुक्ता पुँजी सरह नै मान्यता प्रदान गरिने ।

(ज) हकप्रद सेयरमा पूर्व लगानी भए पनि हकप्रद सेयर निश्कासन गर्दा पुरा गर्नु पर्ने सम्पूर्ण प्रक्रिया र विद्यमान व्यवस्था पालना गरेको हुनु पर्ने ।

१९. इजाजपत्रप्राप्त संस्थामा विदेशी लगानी सम्बन्धमा

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम कुनै विदेशी बैङ्क वा वित्तीय संस्थाले मात्र इजाजपत्रप्राप्त संस्थामा लगानी गर्न सक्ने छन् ।

(२) कुनै विदेशी बैङ्क वा वित्तीय संस्थाको लगानी रहेको कारणबाट इजाजतपत्रप्राप्त संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९ बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि आफ्नो कुल जारी पुँजीको कम्तीमा तिस प्रतिशत सेयर छुट्याउनु पर्ने व्यवस्थामा छुट पाई कुनै कारणवश विदेशी लगानी फिर्ता लगी नेपाली व्यक्ति वा संस्थालाई बिक्री गरेको अवस्थामा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले एक वर्षभित्र सर्वसाधारण सेयरको हिस्सा कम्तीमा ३० प्रतिशत पुर्‍याउनु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त संस्थाको बैदेशिक स्वामित्वमा रहेको सेयर खरिद र बिक्री गर्न यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

२०. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक सेयरधनीहरुलाई एउटै संस्थापक समूहमा राख्नु पर्नेछ । यो निर्देशन जारी हुँदा कुनै बैंक तथा वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा सो अनुसारको व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धी प्रस्ताव पारित गरी संशोधन गर्नु पर्नेछ ।

तर, वैदेशिक लगानी र संस्थागत लगानी रहेका बैंक तथा वित्तीय संस्थाले प्रबन्धपत्र तथा नियमावलीमा समानुपातिक प्रतिनिधित्व कायम हुने गरी सञ्चालक संख्या तोक्ने व्यवस्था गर्न बाधा पुगेको मानिने छैन ।

२१. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को इजाजतपत्रप्राप्त संस्थाको संस्थापक सेयर नामसारी वा बिक्री सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. १०/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. ११/०७७

सह-वित्तीयकरण कर्जा सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुले सह-वित्तीयकरण (Consortium Financing) अन्तर्गत प्रवाह गर्ने कर्जालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. सह-वित्तीयकरण कर्जाको परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशनमा सह-वित्तीयकरण कर्जा भन्नाले दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्थाहरुले आपसी समझदारीको आधारमा **सम्झौता** गरी कुनै एउटा ग्राहक, फर्म, कम्पनीलाई वा परियोजनाको लागि प्रवाह गर्ने कर्जा सापट तथा सुविधालाई सम्झनु पर्छ ।

२. सह-वित्तीयकरण कर्जा (Consortium Financing)सम्बन्धमा

सह-वित्तीयकरण अन्तर्गत प्रवाह भएका कर्जा उपभोग गर्ने फर्म/कम्पनीले अगुवा बैंक तथा सहभागी बैंकहरुसँग मात्र बैंकिङ्ग कारोबार गर्नु पर्नेछ । यो व्यवस्था Loose Consortium कर्जामा पनि समानरुपले लागू हुनेछ । तर, एक पटक सह-वित्तीयकरण समूह गठन भइसकेपछि सो समूहको सहमति लिई नयाँ सदस्यलाई प्रवेश गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

Loose Consortium भन्नाले 'सह-वित्तीयकरण समूह गठन नगरी एउटा परियोजनाको लागि पारिपासुको माध्यमबाट सुरक्षण कायम रहने गरी दुई वा दुई भन्दा बढी बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको/गर्ने कर्जा सापट तथा सुविधा' भन्ने सम्झनुपर्छ ।

३. सह-वित्तीयकरणमा सहभागिताको लागि आवश्यक शर्त

(१) यस बैंकबाट वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थाहरुले मात्र सह-वित्तीयकरणमा भाग लिन पाउने छन् ।

तर कर्मचारी संचय कोष, नागरिक लगानी कोष, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड र बीमा कम्पनीलाई यस बैंकबाट वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था अगुवा संस्था हुने गरी गठन हुने सह-वित्तीयकरण समूहमा सहभागी भै कर्जा प्रवाह गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

स्पष्टीकरण:– यस निर्देशनको प्रयोजनकोलागि "अगुवा संस्था" भन्नाले सह-वित्तीयकरण समूहले अगुवा संस्था भनी चयन गरेको कुनै इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(२) उपबुँदा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित संस्था बाहेकका अन्य वित्तीय संस्थालाई सह-वित्तीयकरणमा सहभागी गराइएमा यस बैंकलाई जानकारी गराउनु पर्नेछ ।

४. अन्य संस्थाले ऋण प्रवाह गर्न र ग्राहकको खाता खोल्न बन्देज

(१) सह-वित्तीयकरणमा सहभागी नभएको इजाजतपत्रप्राप्त संस्थाले सह-वित्तीयकरण समूहद्वारा प्रवाहित कर्जामा थप हुने गरी कुनै पनि प्रकारको कर्जा सापट तथा सुविधा प्रवाह गर्न पाउने छैन ।

तर, विशेष कारण परेमा सह-वित्तीयकरण समूहको स्वीकृति लिई त्यस्तो समूहमा सहभागी नभएको कुनै इजाजतपत्रप्राप्त संस्थाले सह-वित्तीयकरण समूहद्वारा प्रवाहित कर्जामा थप हुने गरी कुनै पनि प्रकारको कर्जा सापट तथा सुविधा प्रवाह गर्न पाउनेछ ।

स्पष्टीकरण:- *यस निर्देशनको प्रयोजनकोलागि "सह-वित्तीयकरण समूह" भन्नाले सह-वित्तीयकरणमा सहभागी संस्थाहरुको समूह सम्झनु पर्छ ।*

(२) सह-वित्तीयकरणको व्यवस्था अन्तर्गत कर्जा सापट तथा सुविधा लिएको कुनै ग्राहक, फर्म, कम्पनी वा परियोजनाको त्यस्तो कर्जा सापट तथा सुविधाको खाता सह-वित्तीयकरणमा सहभागी सदस्य बाहेकका अन्य इजाजतपत्रप्राप्त संस्थामा खोल्न पाइने छैन ।

तर, त्यस्तो खाता विशेष कारणवस अन्य इजाजतपत्रप्राप्त संस्थामा खोल्नु पर्ने परिस्थिति परेमा सह-वित्तीयकरण समूहको स्वीकृति लिई खोल्न सकिनेछ ।

५. कर्जा वितरणको निर्णय गर्ने समयावधि

कर्जाको लागि निवेदन परी सह-वित्तीयकरण समूह गठन भई अगुवा संस्थाको चयन समेत भइसके पश्चात् नब्बे दिनभित्र सह-वित्तीयकरणमा सहभागी हुने अगुवा संस्था तथा सहभागी सदस्यहरुले कर्जा सापट तथा सुविधा प्रवाह गर्ने वा नगर्ने सम्बन्धमा निर्णय दिइसक्नु पर्नेछ ।

६. सहभागी इजाजतपत्रप्राप्त संस्थाको चयन

सह-वित्तीयकरणमा सहभागी हुने अन्य सदस्यहरुको चयन गर्ने अधिकार ऋणी र निजले कर्जा सापट तथा सुविधाको लागि निवेदन दिएको इजाजतपत्रप्राप्त संस्थालाई हुनेछ ।

तर, एकपटक सह-वित्तीयकरण समूह गठन भईसकेपछि सो समूहको सहमति बिना नयाँ सदस्यलाई प्रवेश गराउन पाइने छैन ।

७. सह-वित्तीयकरण समूहको गठन

बुँदा नं. ५ बमोजिम चयन भएका सम्पूर्ण इजाजतपत्रप्राप्त संस्थाले कर्जा सापट तथा सुविधा प्रवाह गर्नु अघि सह-वित्तीयकरणमा सहभागी हुने इजाजतपत्रप्राप्त संस्थाहरुको सह-वित्तीयकरण समूह गठन गर्नु पर्नेछ । सो समूहको आन्तरिक कार्यविधि समूह स्वयंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. अगुवा संस्थाको चयन

सबैभन्दा बढी कर्जा सापट तथा सुविधाको अंश लगानी गर्न इच्छुक, ग्राहकसँग लामो अवधिदेखि परिचित, सह-वित्तीयकरणमा अनुभव प्राप्त तथा व्यावसायिक सल्लाह दिने सक्षमता आदिको आधारमा सह-वित्तीयकरण समूहका सदस्यले आफूमध्येबाट कुनै एक इजाजतपत्रप्राप्त संस्थालाई अगुवा संस्थाको रुपमा चयन गर्नु पर्नेछ ।

९. कर्जा वितरण तथा असुली अगुवा संस्थाबाट गर्नु पर्ने

सह-वित्तीयकरण अन्तर्गत कर्जा सापट तथा सुविधा प्रवाह गर्दा र सोको साँवा र ब्याज असुली गर्दा अगुवा संस्था मार्फत् गर्नु पर्नेछ । किस्ता साँवा तथा ब्याज आँशिक रुपमा असुली भएको अवस्थामा लगानीको अनुपातमा दामासाहीले वाँडफाँड गर्नु पर्नेछ ।

१०. अगुवा संस्थाको काम, कर्तव्य र अधिकार

अगुवा संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सह-वित्तीयकरणमा सहभागी सदस्यहरुको अगुवा तथा प्रतिनिधि (एजेन्ट) को रुपमा काम गर्ने,

(ख) सह-वित्तीयकरणमा सहभागी सदस्यहरुका बीचमा समन्वय गर्ने र आवश्यक पत्राचार गर्ने,

(ग) सह-वित्तीयकरण समूहको बैठक कम्तीमा **छ महिनामा** एकपटक अनिवार्य रुपमा बोलाउने ,

(घ) कुनै विशेष कारण परी सह-वित्तीयकरण समूहको कुनै सदस्यले समूहको बैठक बोलाउन माग गरेमा पन्ध्र दिनभित्र बैठक बोलाउने,

(ङ) परियोजना विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनको प्रति सह-वित्तीयकरणमा सहभागी सदस्यहरुलाई उपलब्ध गराउने,

(च) परियोजनाको लागि अल्पकालीन कर्जा माग भएमा सोको आवश्यकताको विश्लेषण गर्ने,

(छ) सह-वित्तीयकरणमा सहभागी सदस्यहरुको सहमतिका आधारमा सह-वित्तीयकरण सम्बन्धी संझौताका शर्तहरु तयार गर्ने र त्यस्ता शर्तहरुको एक/एक प्रति सबै सहभागी सदस्यहरुलाई उपलब्ध गराउने,

(ज) कर्जा सापट तथा सुविधा प्रवाह गर्नका लागि आवश्यक कागजात तयार पार्ने,

(झ) धितो रोक्का राख्ने व्यवस्था मिलाउने तथा बीमा लगायतका लगानी सुरक्षित गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ,

(ञ) कर्जा सापट तथा सुविधा सुरक्षण सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने र त्यस्ता कागजातहरुको प्रतिलिपी सबै सहभागी सदस्यहरुलाई उपलब्ध गराउने,

(ट) समय-समयमा ऋणीबाट आवश्यक तथ्याङ्क तथा अन्य सूचनाहरु प्राप्त गर्ने र सो सूचनाहरु सबै सहभागी सदस्यहरुलाई उपलब्ध गराउने,

(ठ) समय समयमा सहभागी सदस्यहरुको सहभागितामा परियोजनाको स्थलगत निरीक्षण गर्ने र निरीक्षण प्रतिवेदन तयार गर्ने तथा सो प्रतिवेदनको प्रतिलिपी सबै सहभागी सदस्यहरुलाई उपलब्ध गराउने,

(ड) कर्जा सापट तथा सुविधा प्रवाह गरिएको परियोजनाको समय समयमा कार्यसम्पादनको मूल्याङ्कन गरी सोको जानकारी सबै सदस्यहरुलाई गराउने,

(ढ) सह-वित्तीयकरण सम्बन्धी यस बैंकमा पठाउनु पर्ने सम्पूर्ण सूचनाहरु पठाउने, सह-वित्तीयकरणका बारेमा अगुवा संस्थाको रुपमा र अन्य सहभागी सदस्यहरुको तर्फबाट समेत यस बैंकमा आवश्यक पत्राचार गर्ने र सोको जानकारी सबै सहभागी सदस्यहरुलाई दिने,

(ण) ऋण नतिर्ने ऋणी उपर कुनै किसिमको कानुनी कारवाही अगाडि बढाउनु पर्ने अवस्था आएमा सह-वित्तीयकरण समूहको बैठकबाट सोको निर्णय गराई आवश्यक कानुनी कारवाही अगाडि बढाउने,

(त) आफ्नो भुमिका निर्वाह गरेबापत ऋणी समेतको सहमतिमा सह-वित्तीयकरण समूहले निर्णय गरे बमोजिम सेवा शुल्क लिन सक्ने,

(थ) सह-वित्तीयकरण अन्तर्गत लगानी गर्न कबुल गरेको रकम कुनै सदस्यबाट वितरण गर्न ढिलाई भै सो रकम सहभागी सदस्यको तर्फबाट अगुवा संस्थाले आफ्नो प्रतिग्राहक कर्जा सीमाभित्र रही प्रवाह गरेमा साँवा रकम र ढिलाई गरेजति अवधिको ब्याज तथा सह-वित्तीयकरण समूह बीचको सहमतिमा निर्धारण गरिए बमोजिम हर्जाना समेत ढिलाई गर्ने सहभागी सदस्यबाट असुलउपर गर्नसक्ने,

(द) सह-वित्तीयकरणको व्यवस्था मिलाउँदा हुने विभिन्न खर्च लगायत ऋण नतिर्ने ऋणी उपर कानुनी कारवाही अगाडि बढाउँदा हुने खर्च ऋणीबाट असुल हुन नसकेमा सबै सहभागी सदस्यहरुबाट लगानी गरिएको कर्जा रकमको अनुपातमा असुलउपर गर्न सक्ने,

(ध) कर्जा सापट तथा सुविधा प्रदान गर्नु अघि कर्जा सूचना केन्द्रबाट ऋणीका सम्बन्धमा आवश्यक सूचना लिनुपर्ने र यसरी सूचना लिँदा त्यस्तो ऋणी कालो सूचीमा परेको वा निजले कुनै कर्जा यथासमयमा चुक्ता नगरेको भएमा कर्जा प्रवाह गर्न नपाइने,

(न) सह-वित्तीयकरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम ऋणीलाई यथासमयमा कर्जा सापट तथा सुविधा उपलब्ध गराउने ।

(प) यस बैंकको निर्देशनको अधीनमा रही सह-वित्तीयकरण समूहको बैठकको निर्णयानुसार अन्य आवश्यक काम कारवाही गर्ने,

११. बहुमतको निर्णय मान्य हुने

सह-वित्तीयकरणमा सहभागी सदस्यहरुका बीच कुनै विषयमा मतैक्यता हुन नसकेमा बहुमतबाट निर्णय लिनु पर्नेछ र त्यस्तो मतको गणना गर्दा कर्जा लगानीको प्रतिशतको आधारमा गर्नु पर्नेछ । कथंकदाचित मत बराबर भएमा अगुवा संस्थाले निर्णायक मत दिन पाउने छ ।

१२. सह-वित्तीयकरणमा सहभागी सदस्यहरुको दायित्व तथा कर्तव्य

सहभागी सदस्यहरुको दायित्व तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) अगुवा संस्थालाई आफ्नो तर्फबाट सह-वित्तीयकरण सम्बन्धी कामकारवाही गर्ने स्वीकृति पत्र (मञ्जुरीनामा) दिने,

(ख) अगुवा संस्थालाई आफ्नो भुमिका निर्वाह गर्न आवश्यक पर्ने सम्पूर्ण सहयोग उपलब्ध गराउने,

(ग) सह-वित्तीयकरण सम्बन्धी बैठकमा सक्रीयरुपले भाग लिने,

(घ) सह-वित्तीयकरण समूहको बैठकबाट औपचारिक रुपमा कर्जा, सापट तथा सुविधा दिने निर्णय भई सकेपछि सह-वित्तीयकरण सम्बन्धी संझौताका शर्तहरुमा उल्लिखित सम्पूर्ण शर्तहरुको पालना गर्ने,

(ङ) सह-वित्तीयकरणको भावनालाई कदर गरी यथासक्य सबै निर्णयहरुमा मतैक्य हुने गरी आपसी विवादहरु समाधान गर्न प्रयास गर्ने,

(च) कुनै एक सदस्यले अर्को सदस्यको अहित हुने गरी आफ्नो स्वार्थ पूर्ति हुने कुनै काम कारवाही नगर्ने,

(छ) आफूले प्रवाह गर्ने कर्जा स्वीकृत गरेपछि अगुवा संस्थालाई जानकारी गराई यथासमयमा सो रकम उपलब्ध गराउने,

(ज) सह-वित्तीयकरण सम्बन्धी सबै काम कारवाही पारदर्शीरुपमा गरी कर्जा र ऋणीसँग सम्बन्धित कुनै पनि सूचना एक आपसमा आदान-प्रदान गर्ने,

(झ) सह-वित्तीयकरण समूहको बैठकले गरेको निर्णयको कार्यान्वयन यथाशिघ्र गर्ने,

(ञ) कुनै पनि सदस्यले कुनै परियोजनामा तोकिएको सीमाभन्दा बढी रकम लगानी गर्न, एकतर्फी रुपमा कर्जा असुली सम्बन्धी काम कारवाही गर्न र सो कर्जाको भिन्न किसिमले वर्गीकरण गर्न नपाउने,

(ट) सह-वित्तीयकरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम ऋणीलाई यथासमय कर्जा सापट तथा सुविधा उपलब्ध गराउनु पर्ने ।

१३. थप कर्जा सम्बन्धी व्यवस्था

सह-वित्तीयकरण अन्तर्गत प्रवाहित कर्जामा ऋणीलाई थप कर्जा प्रदान गर्नु परेमा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) ऋणीको आवश्यकताको विश्लेषण गरी सह-वित्तीयकरण समूहले मात्र थप कर्जा सापट तथा सुविधाका रकम प्रदान गर्ने सम्बन्धमा निर्णय गर्न सक्ने । यसरी प्रदान गर्न निर्णय भएको थप कर्जा रकम सबै सदस्यहरुले आ-आफूले पूर्व प्रवाह गरेको रकमको अनुपातमा प्रदान गर्नु पर्ने ।

(ख) खण्ड (क) बमोजिम थप कर्जा प्रदान गर्ने निर्णय भए पश्चात् कुनै सहभागी सदस्यले आफूले प्रवाह गर्नु पर्ने थप रकम प्रवाह गर्न असमर्थता जनाएमा बाँकी सदस्यहरु वा बाँकी सदस्यहरुको सहमतिबाट अन्य कुनै सदस्यले त्यस्तो बाँकी रकम समेत प्रवाह गर्न सक्ने वा थप लगानीका लागि सह-वित्तीयकरण समूहको सहमतिमा ऋणीको समेत सहमति लिई नयाँ सदस्यलाई समावेश गर्न सकिने ।

(ग) ऋणीलाई थप कर्जा वा सुविधाको आवश्यकता परेको अवस्थामा सह-वित्तीयकरणमा संलग्न संस्थाहरुले कर्जा वा सुविधा प्रदान गर्न नसक्ने अवस्था परेमा सो को लिखित जानकारी ऋणीलाई दिनु पर्नेछ ।

१४. सह-वित्तीयकरणबाट हट्न सक्ने अवस्था

(१) सह-वित्तीयकरण सदस्यले परियोजना सम्पन्न (Project Completion) मा कुनै बाधा नगर्ने गरी देहायको अवस्थामा मात्र सह-वित्तीयकरण समूह छोड्न सक्नेछ :-

(क) सह-वित्तीयकरण समूह छोड्न इच्छुक सदस्यको हिस्सा अन्य सदस्यले लिन मञ्जुर गरेमा, वा

(ख) बिद्यमान सदस्यहरुको सहमतिमा नयाँ सदस्यलाई आफ्नो हिस्सा हस्तान्तरण गरेमा ।

(२) सह-वित्तीयकरण समूह छोड्ने सदस्यको हिस्सा स्वीकार गर्ने कुनै पनि सदस्यले पुरानो सदस्यको सम्पूर्ण दायित्व वहन गर्नुपर्नेछ । सह-वित्तीयकरण छोड्न चाहने सदस्यले आफ्नो हिस्सा डिस्काउण्ट वा प्रिमियममा समेत बिक्री गर्न सक्नेछ ।

१५. लेखापरीक्षक वा परामर्शदाता नियुक्ति गर्न सक्ने

ऋणीको वित्तीय स्थिति समय-समयमा मूल्याङ्कन गर्न आवश्यक देखिएमा सह-वित्तीयकरण समूहले आफ्नो तर्फबाट स्वतन्त्र लेखापरीक्षक वा परामर्शदाता नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त लेखापरीक्षक वा परामर्शदाताको खर्च आफूले प्रवाह गरेको कर्जा लगानीको अनुपातमा सह-वित्तीयकरण समूहका प्रत्येक सदस्यले व्यहोर्नु पर्नेछ ।

१६. सह-वित्तीयकरण सम्बन्धमा पठाउनु पर्ने विवरण

अगुवा संस्थाले निर्देशन फा.नं. ११.१ बमोजिम सह-वित्तीयकरण सम्बन्धी प्रत्येक आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तको विवरण त्रयमास समाप्त भएको मितिले तिस दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

१७. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को सह-वित्तीयकरण कर्जा सम्वन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. ११/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

..... लिमिटेड (अगुवा बैंक)

सह-वित्तीयकरण कर्जा विवरण

२०७..... साल ..... महिनाको (त्रैमासिक विवरण)

सि.नं.	समूहको नाम	ऋणीको नाम, ठेगाना	प्रदान गरेको कर्जा		भुक्तानी मिति	थप कर्जा प्रदान		असुली रकम		बाँकी रकम		कैफियत
			रकम	मिति		रकम	मिति	साँवा	ब्याज	साँवा	ब्याज	

संलग्न बैंक तथा वित्तीय संस्थाको विवरण कैफियत महलमा उल्लेख गर्नु पर्नेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १२/०७७

कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुको कर्जा प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्बन्धी सूचना व्यवस्था र यथासमयमा कर्जा नतिर्ने ऋणीहरुको कालोसूची तयार गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त हुने व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ को प्रयोजनको लागि सोही ऐनको दफा ७९ र नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ को विनियम ७ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापना भई सञ्चालनमा रहेको कर्जा सूचना केन्द्र लि. लाई नै नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८ र नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ को विनियम ३ बमोजिमको कर्जा सूचना केन्द्र (यसपछि केन्द्र भनिएको) तोकिएको छ ।

२. केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने

१ इजाजतपत्रप्राप्त संस्थाले **केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी देहायको विवरण** महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्नु पर्नेछ ।

(क) आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा/सुविधा **कर्जा प्रवाह गरेको ७ दिनभित्र** ।

(ख) ९० दिन भन्दा बढीले भाखा नाघेका सम्पूर्ण कर्जा/सुविधा **महिना भुक्तान भएको १५ दिनभित्र ।**

२ उपर्युक्त विवरण तत्पश्चात् प्रत्येक आर्थिक वर्षको त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र कर्जा चुक्ता नभएसम्म केन्द्रमा पठाउनु पर्नेछ । यसरी केन्द्रमा पठाएको विवरणमा पछि कुनै परिवर्तन भएमा वा कर्जा चुक्ता भएमा, भाखा नाघेको कर्जा नियमित भएमा वा भाखा मिति थप वा पुनरतालिकीकरण भएमा सो को जानकारी समेत १५ दिनभित्र अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

३ वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले समेत लघुवित्त सम्बन्धी कारोबार गरेको भए त्यस्तो कारोबारको उपबुँदा नं. २.१ र उपबुँदा नं. २.२ बमोजिमको छुट्टै सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

४ <u>ग्राहकको विवरण लिनु पर्ने</u>

इजाजतपत्रप्राप्त संस्थामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थावाट कर्जा/सुविधाको लागि आवेदन परेमा कर्जा विश्लेषणको लागि ग्राहक/ऋणीको देहाय बमोजिमको विवरण लिनु पर्नेछ :-

(क) व्यक्तिगत ऋणी तथा जमानत दिने व्यक्तिको हकमा निजको नागरिकताको प्रतिलिपी, स्थायी तथा अस्थायी ठेगाना, निजको तीनपुस्ते र एकाघर परिवारका सदस्यहरुको विवरण ।

(ख) प्रोप्राईटरसिप/साझेदारी फर्मको हकमा खण्ड (क) मा उल्लेख भए अनुरुपको प्रोप्राइटर/साझेदारहरुको विवरण र फर्मको तर्फबाट कारोबार गर्न अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना, साझेदारी सम्झौताको प्रतिलिपी र सो सम्बन्धी निर्णय ।

(ग) प्राइभेट कम्पनीको हकमा सञ्चालक र सो कम्पनीका **१०** प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण र कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सो सम्बन्धी निर्णय ।

(घ) पब्लिक कम्पनीको हकमा सञ्चालकहरु र सो कम्पनीका **१०** प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरुको खण्ड (क) मा उल्लेख भए अनुरुपका विवरण, कम्पनीको तर्फबाट कारोबार गर्ने अख्तियारप्राप्त व्यक्तिको नाम, थर, ठेगाना र सो सम्बन्धी निर्णय ।

(ङ) धितो मूल्याङ्कनकर्ताको नाम, थर, ठेगाना र रु. १० लाखभन्दा माथिको हकमा इजाजतपत्र ।

३. अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने

१) कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य दिनभित्रमा त्यस्तो सूचना दिनु पर्नेछ ।

तर सुनचाँदी, मुद्दती रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जा र रु. १ लाखसम्मको Credit Card कर्जामा भने यो व्यवस्था लागू हुने छैन ।

२) कुनै ग्राहक/ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा केन्द्रबाट उपदफा (१) बमोजिम कर्जा सूचना प्राप्त गरी सकेपछि अन्य निकायबाट सूचना लिन अनिवार्य हुने छैन ।

३) यस खण्ड बमोजिम केन्द्रबाट लिइएको कर्जा सूचना बापत इजाजतपत्रप्राप्त संस्थाले केन्द्रले तोकेको कर्जा सूचना सेवा शुल्क केन्द्रलाई बुझाउनु पर्नेछ ।

४. कालोसूचीमा समावेश गर्ने प्रक्रिया

(१) इजाजतपत्रप्राप्त संस्थाले दश लाख रुपैया वा सोभन्दा बढीको कर्जा रकम कालोसूची सम्बन्धी व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नु पर्नेछ । यस व्यवस्था अनुसार इजाजतपत्रप्राप्त संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नतिर्ने ऋणीहरुलाई कालोसूचीमा राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।

(२) यसरी कालोसूचीमा समावेश गर्न सम्बन्धित बैंकबाट सिफारिस प्राप्त भएपछि सो नामावलीलाई कर्जा सूचना केन्द्रले नामनामेसी (**खाता खोल्दा लिएको पहिचान खुल्ने आधिकारिक कागजात**) यकिन गरी पाँच दिनभित्र कालोसूचीमा राख्नु पर्नेछ र कालोसूचीबाट नाम हटाउने सम्बन्धी कारवाही विद्यमान नीतिगत तथा प्रक्रियागत व्यवस्था बमोजिम नै हुनेछ ।

५. ऋणीहरुको वर्गीकरण

इजाजतपत्रप्राप्त संस्थावाट ऋण लिई नतिर्ने ऋणीहरुलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-

१. <u>नियतपूर्वक ऋण नतिर्ने ऋणीहरु (Willful Defaulters)</u>:

क) भुक्तानीको भाखा नाघेको १ वर्षसम्म पनि बैंकको सम्पर्कमा नआएका, ऋण नतिरी बेपत्ता भएका वा भागेका, ऋणको पुनरसंरचना र पुनरतालिकीकरण समेतको प्रक्रिया शुरु नगरेका र भुक्तानीको प्रतिबद्धता जाहेर नगरेका ।

ख) संस्थाको कर्जा बक्यौता राफसाफ गर्न धितो बिक्री गर्न सकिने अवस्था हुँदाहुँदै पनि बिक्री गर्न नखोज्ने वा नदिने अवस्था सिर्जना गर्ने ।

ग) एकभन्दा बढी व्यवसाय सञ्चालन गरी आर्जित प्रतिफल तथा आफूसँग भएको अन्य सम्पत्ति ऋण तिर्नमा प्रयोग नगर्ने ।

घ) संस्थाबाट जुन परियोजनाको लागि ऋण लिएको हो उक्त ऋण त्यसमा प्रयोग नगरी अन्य उद्देश्यमा प्रयोग गन (Diversion of Fund), व्यवसायबाट आर्जित रकम ऋण तिर्नमा नलगाई अन्य कार्यमा प्रयोग गर्ने (Siphoning off), अन्य सम्पत्ति सिर्जना गर्ने, अल्पकालीन कर्जाबाट दीर्घकालीन उपयोग

गर्ने तथा सम्झौता विपरित कम्पनीबाट सहायक कम्पनी वा अन्य फर्म/कम्पनीमा साधन प्रवाह गर्ने ।

ङ) आफ्नो नियन्त्रणमा रहेको परियोजना वा व्यवसायमा अन्य व्यक्ति वा तेश्रो पक्ष जस्तैः- कामदार, कर्मचारी आदिको नाम उपयोग गरी आफ्नो संलग्नता रहेको नदेखाउने मनसाय राखी ऋण लिएका ।

च) कर्जाको भाखा नाघेपछि संस्थाले मागेको बखत अन्य थप सुरक्षण वा व्यक्तिगत जमानी नदिने ।

छ) धितो वा व्यवसायको सन्दर्भमा जानीबुझी झुठो विवरण प्रदान गर्ने ।

ज) ऋणसँग सम्बन्धित धितो हिनामिना गरेको पाईएमा ।

झ) ऋण प्रदान गर्ने संस्थाका कर्मचारीसँग/लाई मिलीमतो गरी, दुरुत्साहित गरी वा अन्य गैरकानुनी लेनदेन गरी ऋण लिएका र नतिर्नका लागि अवाञ्छित दवाव दिने ।

ञ) परियोजनाको वित्तीय, प्राविधिक, व्यवस्थापकीय तथा माग, आपूर्ति वा बजारपक्षको गलत विश्लेषण गरी पुँजीको लागत अस्वाभाविक रुपले वृद्धि (Overcapitalization) गर्ने लगानीकर्ता ।

२. <u>परिस्थितिवशः ऋण नतिर्ने ऋणीहरु (Non-willful Defaulters):</u>

क) ऋण तिर्ने मनसाय हुँदाहुँदै पनि काबु बाहिरको परिस्थिति (द्वन्द्व आदिका कारण देशमा उत्पन्न असहज आर्थिक, व्यापारिक तथा औद्योगिक अवस्था वा प्रतिकुल बाह्य अवस्था) का कारण व्यवसाय घाटामा गई वा समस्याग्रस्त बनी ऋण तिर्न नसकेका ।

ख) म्यादभित्र ऋण तिर्न नसकेपनि आफूले ऋण लिएको संस्थाको सम्पर्कमा आई कर्जा पुनरसंरचना वा पुनरतालिकीकरणको प्रक्रिया पुरा गरी संस्थालाई मान्य हुने तवरबाट भुक्तानीको प्रतिबद्धता जाहेर गरेका ।

६. कालोसूचीमा समावेश भएका ऋणीलाई इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा प्रदान गर्नमा बन्देज

यस निर्देशन बमोजिम कालोसूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई इजाजतपत्रप्राप्त संस्थाले कुनै पनि नयाँ कर्जा/सुविधा प्रदान गर्न, कर्जा/सुविधा नवीकरण गर्न, थप कर्जा/सुविधा प्रदान गर्न, किस्तावन्दीमा प्रदान भएको कर्जाको बाँकी किस्ता प्रदान गर्न वा जमानत स्वीकार गर्न समेत पाउने छैनन् ।

तर,-

क) कायम रहेको बाँकी कर्जालाई यस बैंकको निर्देशनको परिधिभित्र रही पुनरतालिकीकरण र पुनरसंरचना गर्न भने बाधा पुग्ने छैन । त्यस्तै, कालो सूचीमा समावेश भएका ऋणीको समूहसँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुमध्ये नियमित रुपमा कर्जाको साँवा तथा ब्याज चुक्ता गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुको हकमा बढीमा छ महिनासम्म यो बन्देज लागू हुने छैन । त्यस्ता ऋणीलाई सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले ऋणीको माग उपयुक्त देखेमा अर्को छ महिनाको म्याद थप दिन सक्नेछ । कालोसूचीमा समावेश भएका ऋणीको समूहसँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुमध्ये तोकिएको भाखामा कर्जाको साँवा तथा ब्याजको भुक्तानी नगरी भाखा नघाउने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले त्यस्तो कर्जालाई बढीमा छ महिनाभित्र वा सञ्चालक समितिले दिएको थप म्यादभित्र नियमित गराइ सक्नु पर्नेछ । अन्यथा त्यस्तो ऋणीको समूहसँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थामध्ये नियमित रुपमा कर्जाको साँवा तथा ब्याज चुक्ता गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई समेत नयाँ वा थप कर्जा प्रदान गर्न, नवीकरण गर्न वा कर्जाको बाँकी किस्ता प्रदान गर्न समेत पाइने छैन ।

ख) क्रेडिट/डेविट कार्ड अन्तर्गत हुने कारोबारको हकमा सम्बन्धित व्यक्ति कालोसूचीको दायरामा आउनु अघि नै जारी भएको क्रेडिट/डेविट कार्डको लागि त्यस्तो क्रेडिट/डेविट कार्डको म्यादभित्र ग्राहकले खर्च गरेको रकम इजाजतपत्रप्राप्त संस्थाले भुक्तानी गर्न बाधा पर्ने छैन ।

ग) कालोसूचीमा परेका व्यक्तिहरुसँग सम्बन्धित परिवारका सदस्यहरुलाई कुनै इजाजतपत्रप्राप्त संस्थाले कर्जा प्रदान गर्न चाहेमा सञ्चालक समितिले गरेको निर्णय अनुसार कर्जा प्रदान गर्न सक्नेछ । यसरी

प्रदान गरिएको कर्जाको हकमा प्रचलित व्यवस्थाको दोब्बर कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । तर सम्पूर्ण कर्जाहरुको हकमा शतप्रतिशतभन्दा बढी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछैन ।

(घ) कर्जाको साँवा र ब्याज नियमित भएको अवस्थामा सो कर्जा नवीकरण गर्न बाधा पुगेको मानिने छैन ।

७. धितो मूल्याङ्कनकर्ता सम्बन्धी विशेष व्यवस्था

(१) इजाजतपत्र प्राप्त संस्थाले धितोको रुपमा ग्राह्य हुने सम्पत्ति मूल्याङ्कन गराउँदा धितो मूल्याङ्कनकर्ताले कुनै स्वार्थ नबाझिने गरी वा पूर्वाग्रह नराखी स्वतन्त्र रुपमा, अन्तर्राष्ट्रिय मान्यता र असल अभ्यासहरु समेतका आधारमा धितोको मूल्यांकन गरेको यकिन गर्नुपर्ने छ ।

(२) कुनै इजाजतपत्रप्राप्त संस्थाले धितो लिलामी गर्दा धितो मूल्याङ्कनकर्ताले मूल्याङ्कन गरेको रकम पुनरमूल्याङ्कन गर्दा दुई तिहाई भन्दा कम भएमा वा गलत स्थान/प्रकृतिको धितोलाई सही हो भनी मूल्याङ्कन गरेमा त्यस्ता धितो मूल्याङ्कनकर्तालाई इजाजतपत्रप्राप्त संस्थाको सिफारिसमा केन्द्रले कालो सूचीमा समावेश गर्नु पर्नेछ ।

(३) कुनै इजाजतपत्रप्राप्त संस्थाले धितो लिलाम गर्दा सो धितोको मूल्याङ्कन रकमको दुई तिहाई भन्दा कम रकम मात्र उठ्नुमा त्यस्तो मूल्याङ्कनकर्ताको काबु बाहिरको अवस्था परी निजको दोष नदेखिएको भन्ने सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिलाई लागेमा त्यस्तो मूल्याङ्कनकर्तालाई कालोसूचीमा नराख्ने निर्णय गर्न सक्नेछ ।

(४) जुन कर्जाको धितो मूल्याङ्कन गरिएको हो सो कर्जाको ऋणी कालोसूचीबाट हटेमा त्यस्तो धितो मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्तालाई पनि सम्बन्धित बैक वा वित्तीय संस्थाले कालोसूचीबाट हटाउनु पर्नेछ ।

(५) इजाजतपत्रप्राप्त संस्थाले केन्द्रबाट कालोसूचीमा रहे/नरहेको सूचना लिई धितो मूल्याङ्कनकर्ताको सूची कायम गर्नु पर्नेछ ।

८. लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था

ऋणीको व्यवसाय तथा परियोजनाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु प्रमाणित गर्ने क्रममा झुठा वित्तीय विवरण प्रमाणित गर्ने लेखापरीक्षकलाई कानुन बमोजिम कारवाही गर्न बैंक तथा वित्तीय संस्थाहरुले नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थालाई सिफारिस गर्नुपर्नेछ।

९. राहदानी जफत गर्न सिफारिस गर्ने

कालोसूचीमा परेका व्यक्तिहरुको नयाँ राहदानी जारी नगर्न तथा भईरहेको राहदानी जफत गर्न इजाजतपत्रप्राप्त संस्थाले नेपाल राष्ट्र बैंक मार्फत नेपाल सरकारलाई सिफारिस गर्न सक्नेछ । राहदानी जफत भएका व्यक्तिहरुले बैंक तथा वित्तीय संस्थाहरुमा सम्पर्क राखी संस्थालाई मान्य हुने किसिमले आफूले लिएको कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण गरेमा त्यस्ता व्यक्तिहरुको जफत भएको राहदानी फिर्ता गर्न पुनः सिफारिस गर्नु पर्नेछ ।

१०. कालोसूची सम्बन्धी व्यवस्था

१. <u>कालोसूचीमा समावेश हुने अवस्थाहरु</u>

इजाजतपत्रप्राप्त संस्थाहरुबाट दश लाख रुपैयाँ वा सोभन्दा बढीको कर्जा/सुविधा लिएका ऋणीहरु वा व्यक्तिलाई देहायका कुनै एक वा सबै अवस्थामा कालोसूचीमा राख्नु पर्नेछः-

(क) कर्जाको साँवा वा साँवाको कुनै किस्ता वा ब्याजको भुक्तानी मिति एक वर्ष नाघेमा (कुनै ऋणीले उपयोग गरिरहेको विभिन्न कर्जा/सुविधामध्ये कुनै एउटा मात्र कर्जाको भुक्तानी मिति नाघेमा पनि),

तर, सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले अवस्था र औचित्य हेरी बढीमा तिन महिनासम्म थप समय प्रदान गर्न सक्नेछ ।

(ख) कर्जा तथा सुविधाको दुरुपयोग गरेको प्रमाणित भएमा,

यस प्रयोजनको लागि "दुरुपयोग" भन्नाले प्रयोजन खुलाई लिएको कर्जा रकम सम्बन्धित प्रयोजनमा प्रयोग नगरेको, परियोजना सञ्चालनमा नरहेको, निरीक्षण तथा सुपरिवेक्षणको क्रममा सुपरिवेक्षक, लेखापरीक्षकबाट दुरुपयोग भएको प्रमाणित भएको अवस्थामा कर्जा तथा सुविधाको दुरुपयोग गरेको मानिने छ ।

(ग) सुरक्षणमा राखेको सामान/सम्पत्ति दुरुपयोग गरेको प्रमाणित भएमा,

(घ) **ऋणी बेपत्ता भएमा वा ९० दिनसम्म सम्पर्कमा नआएमा,**

(ङ) प्रचलित कानुन बमोजिम ऋणी टाट पल्टेमा,

(च) इजाजतपत्रप्राप्त संस्थाले ऋणी विरुद्ध अदालतमा मुद्दा दायर गरेको अवस्थामा,

(छ) ऋण असुली न्यायाधिकरणमा उजुरी दिएको अवस्थामा,

(ज) गैरकोषमा आधारित सुविधा वा क्रेडिट कार्डबाट सिर्जना भएको कर्जा (Forced Loan) को हकमा कर्जा शीर्षकमा लेखांकन भएको ९० दिन नाघेमा ।

२ <u>कालोसूचीमा समावेश हुने अन्य अवस्थाहरु</u>

(क) नक्कली चेक, ड्राप्ट, विदेशी मुद्रा, क्रेडिट/डेविट कार्ड, बिल्स आदि कागजात तथा उपकरण प्रयोग गरी रकम ठगी गरेमा । त्यस्तै सोही ठगी गर्ने प्रयास गरेको विषयमा अदालतबाट कसुरदार ठहरिएमा,

(ख) कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था वित्तीय कारोबार सम्बन्धी अपराधमा संलग्न भएको प्रमाणित भएमा,

(ग) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्रप्राप्त संस्थासँग लिएको कर्जा सो कर्जाको लिखतको भाखाभित्र चुक्ता नगरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम असुलीको कारवाही चलाउँदाको अवस्था,

(घ) इजाजतपत्रप्राप्त संस्थाले कर्जा अपलेखन गर्नुपर्दाको अवस्थामा,

तर, इजाजतपत्रप्राप्त संस्थाले इ.प्रा. निर्देशन नं. २१/०७७ बुँदा ८ को उपबुँदा (३) बमोजिम तयार गरेको कार्यविधिको व्यवस्था अन्तर्गत हुनेगरी रु. ५० हजार भन्दा कमको कर्जा अपलेखन गर्दा सम्बन्धित पक्षलाई कालो सूचीमा समावेश नगरी कर्जा अपलेखन गर्न सक्नेछन् ।

(ङ) खातामा मौज्दात अपर्याप्त भएमा,

कुनै व्यक्ति फर्म, कम्पनी वा सगठित संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात नभई जतिसुकै रकमको चेक जारी गरेमा **वा चेक लिने व्यक्तिले चेकमा उल्लिखित विवरण सही भएको यकिन गर्न सक्ने अवस्थामा बाहेक अन्य कुनै कारणले चेक फिर्ता भएमा** बुँदा नं. १०.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय वमोजम हुनेछ :-

(१) एकपटक भुक्तानी नभइकन फिर्ता भएको चेकको हकमा **चेक धारक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले** कम्तीमा दुई कार्यदिनको समय दिई सम्बन्धित बैंक वा वित्तीय संस्थामा पुनः चेक पेश गर्न सक्नेछ ।

यस खण्डको प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाले खातामा मौज्दात अपर्याप्त रहेको कारण कुनै चेकको भुक्तानी दिन नसकेमा चेकको भुक्तानी पाउनुपर्ने पक्षलाई स्पष्ट रुपमा खातामा मौज्दात अपर्याप्त भएको उल्लेख गरी लिखित रुपमा सुसुचित गर्नुपर्नेछ ।

(२) सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा **चेक धारक** व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित रुपमा जानकारी दिन सक्नेछ । **तर, यस्तो निवेदन चेक जारी भएको मितिले ६ महिना भित्र दिइसक्नु पर्नेछ ।**

(३) खण्ड (२) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाले चेक जारी गर्ने त्यस्ता व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई चेकको रकम भुक्तानी गर्न

सार्वजनिक विदा बाहेक सात दिनको सूचना दिनुपर्नेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई उक्त चेक जारी गर्ने बैंक वा वित्तीय संस्थाले अनिवार्य रुपमा कालोसूचीमा सूचीकृत गर्न कर्जा सूचना केन्द्रमा लेखी पठाउनु पर्नेछ । सो अनुसार नगरेमा बैंक तथा वित्तीय संस्थालाई यसै निर्देशन बमोजिम कारबाही हुनेछ ।

(४) कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले बैंक तथा वित्तीय संस्थालाई त्यस्तो भुक्तानी नहुने चेक दिएमा समेत यस खण्ड बमोजिम कालोसूचीमा राख्नुपर्नेछ । सो अनुसार नगरेमा बैंक तथा वित्तीय संस्थालाई यसै निर्देशन बमोजिम कारबाही हुनेछ ।

(५) यस खण्ड बमोजिम कालोसूचीमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले त्यस्तो सूचीबाट फुकुवा नभएसम्म आफ्नो खातामा रकम जम्मा गर्ने बाहेक अन्य कुनैपनि किसिमको बैंकिङ्ग कारोबार गर्न पाउने छैन ।

(च) खातावालाले आफूले जारी गरेको चेकको रकम भुक्तानी नहुँदै खाता बन्द गरेको कारणबाट कुनै चेकको भुक्तानी हुन नसकेको जानकारी प्राप्त हुनासाथ सम्बन्धित बैंक वा वित्तीय संस्थाले कुनै माध्यमबाट सम्बन्धित खातावालालाई प्रचलित कानुनी व्यवस्था अनुसार जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गराएको अवस्थामा समेत उक्त चेकको भुक्तानी हुने व्यवस्था नगरेको खण्डमा त्यस्तो चेक जारी गर्ने व्यक्ति/फर्म/कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गरी पठाउनु पर्नेछ ।

(छ) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य नीतिगत व्यवस्था बमोजिम यस बैंकले दिएको निर्देशनको पालना नगरी नगद जरिवानाको कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख तथा अन्य कर्मचारीबाट नगद जरिवाना भुक्तानी नभएसम्म,

(ज) कुनै कारण चेक हराएको, चोरी भएको वा अनाधिकृत रुपमा प्रयोग गरे/गराएको जस्ता औचित्यपूर्ण आधारमा खातावालाले चेक "Stop Payment" गरेको अवस्थामा बाहेक अन्य अवस्थामा चेक जारी गरिसकेपछि "Stop Payment" गरेको भए तापनि त्यस्तो चेक भुक्तानी नभएमा चेक जारी गर्ने व्यक्ति/फर्म/कम्पनी/संगठित संस्थालाई खण्ड (ङ) बमोजिमको प्रक्रिया पुरा गरी कालोसूचीमा राख्नुपर्नेछ ।

(झ) चेकमा गलत हस्ताक्षर गरी चेक भुक्तानी नभएमा

(१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले जारी गरेको चेकको हस्ताक्षर नमिलेको खण्डमा बैंकले सो चेक धारकलाई चेकको हस्ताक्षर नमिलेको व्यहोरा लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) चेक धारकले चेकको हस्ताक्षर नमिलेको व्यहोरा चेक जारी गर्ने व्यक्ति फर्म, कम्पनी वा संस्थालाई बैंक/वित्तीय संस्था मार्फत जानकारी गराउनु पर्ने छ । चेक जारी गर्ने व्यक्ति फर्म, कम्पनी वा संस्थाले चेकमा सही हस्ताक्षर नगरेमा वा चेक परिवर्तन नगरेमा धारकले पहिलो पटक चेक पेश गरेको २ कार्यदिन पश्चात चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित रुपमा जानकारी दिन सक्नेछ ।

(३) खण्ड (२) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाले चेक जारी गर्ने त्यस्ता व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई चेकको रकम भुक्तानी गर्न सार्वजनिक विदा बाहेक सात दिनको सूचना दिनुपर्नेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा (चेक हराएको, चोरी भएको वा अनाधिकृत रुपमा चेक जारी भएको लिखित निवेदन प्राप्त भएको अवस्थामा बाहेक) त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई उक्त चेक जारी गर्ने बैंक वा वित्तीय संस्थाले अनिवार्य रुपमा कालोसूचीमा सूचीकृत गर्न कर्जा सूचना केन्द्रमा लेखी पठाउनु पर्नेछ । सो अनुसार नगरेमा बैंक तथा वित्तीय संस्थालाई यसै निर्देशन बमोजिम कारबाही हुनेछ ।

(ञ) खण्ड (ङ) देखि खण्ड (झ) सम्मको व्यवस्था नेपाली बैंक तथा वित्तीय संस्थामा खाता भई चेक जारी गरेका विदेशी नागरिक तथा विदेशी संस्था समेतलाई लागु हुनेछ ।

३ कालोसूचीमा समावेश हुने पक्षहरु

कुनै वा सबै अवस्था परी कालोसूचीमा समावेश हुने देहाय बमोजिमका ऋणी/व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था र सम्बन्धित अन्य पक्षहरुलाई समेत कालोसूचीमा समावेश गर्नु पर्नेछ ।

तर कुनै ऋणी/व्यक्ति कालोसूचीमा परेमा त्यस्ता ऋणी/व्यक्तिको एकाघर परिवारका सदस्यहरुलाई कालोसूचीमा राख्नु पर्नेछैन ।

(क) कर्जा/सुविधा उपयोग गर्ने वा खातामा पर्याप्त मौज्दात नभई चेक जारी गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था ।

(ख) प्रोप्राइटरसीप फर्मका प्रोप्राइटर ।

(ग) साझेदारी फर्मका साझेदारहरु ।

(घ) कर्जा/सुविधाको लागि जमानत दिने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था ।

तर, जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व निजले जमानी दिएको रकम चुक्ता गर्न इजाजतपत्रप्राप्त संस्थाले पैतिस दिनको लिखित सूचना दिनु पर्नेछ । लिखित सूचनाको पत्र सम्बन्धित व्यक्तिको ठेगानामा नपुगेमा सो सूचना पत्रिकामा सार्वजनिक गर्नु पर्नेछ ।

(ङ) कम्पनी/संगठित संस्थाका सञ्चालकहरु ।

(च) प्राइभेट वा पब्लिक कम्पनीका,

१) सञ्चालकहरु,

२) पन्ध्र प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका सेयरधनीहरु,

तर, प्राइभेट वा पब्लिक कम्पनीको १५ प्रतिशतभन्दा कम सेयर लिने उक्त प्राइभेट वा पब्लिक कम्पनीका सेयरधनीहरुको कुनै पनि किसिमको वित्तीय स्वार्थ भएमा बैंक तथा वित्तीय संस्थाहरुले त्यस्ता सेयरधनीहरुलाई समेत कालोसूचीमा समावेश गर्न कुनै बाधा पुगेको मानिने छैन ।

३) सञ्चालक मनोनयन गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी, संगठित संस्थाहरु ।

तर, यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा वापत पदीय हैसियतले सोही कर्जाको सुरक्षाको लागि ऋणी संस्थाको सञ्चालक समितिमा सञ्चालकको हैसियतमा प्रतिनिधित्व गर्ने इजाजतपत्रप्राप्त संस्थाको प्रतिनिधि / कर्मचारीलाई कालोसूचीमा समावेश गर्नुपर्ने छैन ।

(छ) कालोसूचीमा परेको कुनै व्यक्ति वा संस्थाको अन्य कुनै फर्म/कम्पनी/संगठित संस्थामा व्यक्तिगत वा संस्थागत रुपमा पन्ध्र प्रतिशत वा सोभन्दा बढी सेयर स्वामित्व भएमा त्यस्तो फर्म/कम्पनी/ संगठित संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुख ।

तर, एकै समूह अन्तर्गतका व्यक्ति, फर्म, कम्पनीको हकमा १५ प्रतिशतभन्दा कम सेयर धारण गरेको भएतापनि कुल सेयर लगानीमा १५ प्रतिशत नाघेको अवस्थामा त्यस्ता समूह अन्तर्गतका व्यक्ति, फर्म, कम्पनीलाई कालोसूचीमा सूचीकृत गर्न बाधा पुगेको मानिने छैन ।

(ज) कालोसूचीमा परेको कुनै व्यक्ति वा संस्थाको प्रतिनिधि अन्य कुनै गैर सरकारी फर्म/कम्पनी/ संगठित संस्थामा सञ्चालक भएमा त्यस्तो फर्म/कम्पनी/संगठित संस्था ।

तर, देहायको सबै अवस्था पुरा भएमा कालो सूचीमा परेको व्यक्ति वा संस्थाको प्रतिनिधि सञ्चालक रहेको गैर सरकारी फर्म/कम्पनी/संगठित संस्थालाई कालोसूचीमा समावेश गर्नु पर्नेछैन :-

(१) कालोसूचीमा परेको व्यक्ति वा संस्थाको प्रतिनिधि सञ्चालक रहेको गैर सरकारी फर्म/कम्पनी/ संगठित संस्थामा त्यस्तो सञ्चालकको सेयर १५ प्रतिशत भन्दा कम हुनु पर्ने ।

(२) कालोसूचीमा परेको व्यक्ति वा संस्थाको प्रतिनिधि सञ्चालक रहेको गैर सरकारी फर्म/कम्पनी /संगठित संस्थाले इजाजतपत्रप्राप्त संस्थालाई बुझाउनु पर्ने साँवा र/वा ब्याज वापतको

रकम तोकिएको समय वा सो भन्दा अगावै नियमित रुपमा चुक्ता गरिरहेको हुनु पर्ने,

(३) कालोसूचीमा परेको व्यक्ति वा संस्थाको प्रतिनिधि सञ्चालक रहेको व्यक्तिले सञ्चालक पदबाट राजिनामा गरेमा वा त्यस्तो व्यक्ति सञ्चालक पदबाट मुक्त भएमा ।

(झ) यस बैंकले जारी गरेको निर्देशन अनुसार आपसी सम्बन्ध भई एकै समूहमा परेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था ।

(ञ) ग्राहकलाई ग्यारेन्टी दिने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था ।

तर, ग्यारेण्टी र आंशिक ग्यारेन्टी (Partial Guarantee) को हकमा भने सो ग्यारेन्टीको रकम चुक्ता गरेमा ऋणीको अन्य वक्यौताको लागि यो व्यवस्था लागू हुने छैन ।

(ट) ऋणीको मृत्यु भएमा निजको सम्पत्ति स्वीकार गर्ने व्यक्तिहरुलाई सो को दायित्व बहन गराएर उक्त दायित्व बहन गरेका व्यक्तिहरुलाई इजाजतपत्रप्राप्त संस्थाले मनासिव माफिकको समय प्रदान गर्न सक्नेछ । दायित्व वहन गर्न नमानेमा वा उक्त म्यादभित्रमा पनि कर्जा चुक्ता वा नियमित नगरेमा त्यस्तो व्यक्तिहरुलाई पनि कालोसूचीमा समावेश गर्नु पर्नेछ ।

(ठ) कुनै ऋण २ वर्षभन्दा बढी अवधिले भाखा नाघेको अवस्थामा समेत ऋणीलाई कालोसूचीमा समावेश नगरिएको भए सो को स्पष्टिकरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ ।

४ कालोसूचीमा समावेश नहुने अवस्थाहरु

ऋणीको काबुभन्दा बाहिरको देहायमा उल्लिखित कुनै असामान्य परिस्थितिको कारणबाट उत्पन्न समस्याले गर्दा समयमा साँवा र/वा ब्याज चुक्ता गर्न नसकेको व्यहोरा ऋणीले अनुरोध गरेमा र त्यस्तो व्यहोरा मनासिव देखिएमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले त्यस्ता ग्राहकलाई कालोसूचीमा समावेश नगर्ने निर्णय गर्न सक्नेछ :-

(क) बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक/दैवी प्रकोप परेमा ।

(ख) कालोसूचीमा समावेश हुनु अगावै रुग्ण उद्योग पुनरुत्थान समितिको सिफारिसमा पुनरकर्जा प्रदान गरिएका ऋणीलाई पुनरकर्जाको सुविधा उपयोग गर्न पाउने अवधिसम्म ।

(ग) नेपाल सरकारले ग्राहकको जायजेथा तथा व्यवसाय सञ्चालनमा रहेको स्थान अधिग्रहण गरेमा ।

तर, त्यस्तो निर्णय गर्दा आधारहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५ कालोसूचीबाट नाम हट्न सक्ने व्यवस्था

देहायका अवस्थामा कालोसूचीमा रहेका ग्राहकको नाम त्यस्तो सूचीबाट हटाउनका लागि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले तीन दिनभित्र केन्द्रलाई सिफारिस गरी पठाउनु पर्नेछ । यसरी प्राप्त नामनामेसी केन्द्रले ३ कार्य दिनभित्र अद्यावधिक गरिसक्नु पर्नेछ ।

१. भाखा नाघेको कर्जाको साँवा ब्याज चुक्ता गरेमा वा आफ्नो खातामा पर्याप्त मौज्दात नभई चेक जारी गरेको व्यक्ति कालोसूचीमा समावेश भएकोमा सो व्यक्तिले उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गरेमा,

२. सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले उपयुक्त ठहऱ्याई कर्जाको भाखा थप गरेमा वा यस बैंकको निर्देशनको अधीनमा रही कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गरेमा,

३. कर्जा वा सुविधाको दायित्वको सीमा किटान गरी एकभन्दा बढी ऋणी सम्मिलित हुने ऋणको हकमा कुनै ऋणीबाट उसको भागको साँवा ब्याज चुक्ता गरेको भनी भाखा थप गरेमा वा यस बैंकको निर्देशनको अधीनमा रही कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण गरेको भनी सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट लेखी आएमा त्यस्ता ऋणीको नाम कालो सूचीबाट हटाउनु पर्नेछ । तर, सञ्चालक वा कार्यकारी पदाधिकारी भई कामकाज गर्ने व्यक्तिको सम्बन्धमा यो व्यवस्था लागू हुने छैन ।

४. कर्जाको दायित्व अन्य व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले स्वीकार गर्ने सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट स्वीकृति भएमा यसरी कालोसूचीबाट हटाउँदा

दायित्व स्वीकार गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई बढीमा एक वर्षको म्याद दिने र उक्त म्यादभित्र कर्जा/सुविधा चुक्ता वा नियमित नगरेमा उक्त नयाँ व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था समेतलाई कालोसूचीमा समावेश गर्नु पर्नेछ ।

५. ऋणीहरुले लिएको ऋणमध्ये आफ्नो दायित्व यकिन गरी ऋण/सुविधा लिएको अवस्थामा उक्त रकम भुक्तानी गरेको भनी बैंक तथा वित्तीय संस्थाहरुबाट लेखी आएमा कर्जा सूचना केन्द्रले कालोसूचीबाट हटाउनु पर्नेछ । तर, सो व्यवस्था सञ्चालक तथा कार्यकारी पदाधिकारीहरुको हकमा लागू हुने छैन । तथापि सञ्चालक तथा कार्यकारी पदाधिकारीहरुको हकमा ऋण असुली न्यायाधीकरण तथा अन्य सम्बन्धित न्यायिक निकायको आदेश अनुसार आफ्नो दायित्व अनुरुप हुन आउने अंश बराबरको रकम भुक्तानी गरेको भनी बैंक तथा वित्तीय संस्थाहरुबाट लेखिआएमा निजलाई कर्जा सूचना केन्द्रले कालोसूचीबाट हटाउन कुनै बाधा पुऱ्याएको मानिने छैन ।

६. बैंक तथा वित्तीय संस्थाहरुले परिस्थितिवश ऋण नतिर्ने ऋणीहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेको भएतापनि यदि केही समय प्रदान गरेमा ऋणीले प्रयास गरी छोटो अवधिमा ऋण चुक्ता गर्छ भन्ने बैंक तथा वित्तीय संस्थालाई लागेमा ६ महिनाको लागि कालोसूचीबाट हटाउने व्यवस्था गर्न सक्नेछ । तर, ६ महिनाभित्र ऋण चुक्ता नगरेमा अनिवार्य रुपमा कालोसूचीमा समावेश गर्न केन्द्रलाई सिफारिस गर्नु पर्नेछ ।

११. सह-वित्तीयकरण कर्जाको सम्बन्धमा

१) सह-वित्तीयकरण अन्तर्गत प्रवाह हुने कर्जाको सम्बन्धमा यस निर्देशनको अधीनमा रही अगुवा बैंक तथा वित्तीय संस्था (Lead Bank) ले सहवित्तीयकरणको बैठकमा (Consortium Meeting) कर्जा/लगानी अनुपातको आधारमा बहुमतको निणर्यबाट सम्बन्धित ऋणीलाई कालोसूचीमा समावेश गर्न/हटाउन केन्द्रलाई सिफारिस गर्नु पर्नेछ । यसरी अगुवा बैंक तथा वित्तीय संस्था (Lead Bank) को सिफारिस प्राप्त भएपछि केन्द्रले सम्बन्धित ऋणीलाई कालोसूचीमा समावेश गर्नु/हटाउनु पर्नेछ ।

२) यदि कुनै अगुवा बैंक तथा वित्तीय संस्था (Lead Bank) ले यस निर्देशन अनुसार केन्द्रलाई सिफारिस नगरी सहभागी बैंक तथा वित्तीय संस्थाले ऋणीलाई कालोसूचीमा समावेश गरेको रहेछ भने केन्द्रले सहभागी बैक तथा वित्तीय संस्थाको सिफारिस प्राप्त भएपछि मात्र सम्बन्धित ऋणीलाई कालोसूचीवाट हटाउनु पर्नेछ । यस्तो अवस्थामा अगुवा बैंकले आफूले पुरा गर्नु पर्ने दायित्व निर्वाह नगरेको ठहरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही गरिने छ ।

३) कुनै ग्राहकले सह-वित्तीयकरण कर्जा सुविधा अन्तर्गत र इजाजतपत्रप्राप्त संस्थासँग छुट्टै दोहोरो कर्जा तथा सुविधाको उपयोग गरी कालोसूचीमा समावेश भएको रहेछ भने सह-वित्तीयकरण समूहको बैठकले कालोसूचीवाट हटाउने सिफरिस गरेतापनि बाँकी खराव कर्जा/सुविधाको रकम भुक्तानी नगरेसम्म कालोसूचीमा कायमै रहने छ ।

१२. कालोसूचीमा समावेश गर्नुपूर्व सूचना दिनु पर्ने

कुनै पनि ऋणी वा ऋणसँग सम्बन्धित अन्य सबै पक्षलाई कालोसूचीमा समावेश गर्नुपूर्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कालोसूचीमा समावेश गर्नुपर्ने कारणसहित कम्तीमा पैंतिस दिन अगावै सूचना दिई सो को अभिलेख राख्नु पर्नेछ । उक्त सूचना प्रदान गर्दा तोकिएको म्यादभित्र ऋणीले कर्जा चुक्ता वा नियमित नगरेमा कालोसूचीमा समावेश गरिने व्यहोरा उल्लेख भएको हुनु पर्नेछ । यस्तो सूचना सम्बन्धित व्यक्ति वा निजको परिवारका सदस्य वा निजको कारोबारसँग सम्बन्धित संस्थामा बुझाएमा वा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरेमा सूचना प्राप्त भएको मानिने छ ।

१३. बैंक वा वित्तीय संस्थाले ऋण नतिर्ने ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरेकोमा ऋणीले कर्जा भुक्तानी गरी कालोसूचीबाट हटाइसकेपछि विगतको कालोसूची सम्बन्धी अभिलेखमा नाम रहेकै कारणले नयाँ कर्जा प्रवाहमा बन्देज लगाउन पाईने छैन । कर्जा सूचना केन्द्रको कालोसूचीबाट हटिसकेको अवस्थामा कालोसूची सम्बन्धी अभिलेखमा नाम रहेकै कारण नयाँ कर्जा प्रवाहमा बन्देज लगाउने व्यवस्था बैंक वा वित्तीय संस्थाको कर्जा नीतिमा रहेको भए सो व्यवस्थालाई यसै बमोजिम हुने गरी संशोधन गर्नुपर्नेछ ।

१४ ऋणी तथा जमानतकर्तालाई लिखत गराउनु पर्ने

कुनै पनि ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा यस निर्देशन बमोजिमको अवस्था परी केन्द्रको कालोसूचीमा नाम समावेश गरेमा मेरो मन्जुरी छ भनी सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सम्बन्धित ऋणी तथा जमानीकर्तालाई लिखत गराउनु पर्नेछ ।

तर, यो व्यवस्थाले त्यस्तो लिखत बिना पनि ऋणी तथा जमानीकर्ताको नाम कालोसूचीमा समावेश गर्न बाधा पुगेको मानिने छैन ।

१५. केन्द्रले सुचना तथा विवरणहरु माग गर्न सक्ने

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८८, नेपाल राष्ट्र बैंक कर्जा सुचना विनियमावली, २०५९ र यस निर्देशनको उद्देश्य कार्यान्वयन गर्ने सिलसिलामा यस निर्देशनले तोके बाहेकका अन्य सुचना र विवरणहरु केन्द्रले इजाजतपत्रप्राप्त संस्थासँग माग गर्न सक्नेछ । यसरी माग गरेको सुचना र विवरणहरु उपलब्ध गराउनु सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको कर्तव्य हुनेछ । इजाजतपत्रप्राप्त संस्थाले नियमितरुपमा केन्द्रमा अध्यावधिक सूचना नपठाएमा केन्द्रले सूचना उपलब्ध गराउन बाध्य हुने छैन ।

१६. केन्द्रले निरीक्षण गर्न सक्ने

इजाजतपत्रप्राप्त संस्थाले केन्द्रमा दिनु पर्ने ऋणीहरुको विवरण समयमै उपलब्ध गराए नगराएको, कर्जा प्रवाह गर्नु अघि कर्जा सूचना लिए नलिएको तथा उपलब्ध गराएका विवरणहरु अद्यावधिक भए नभएको सम्बन्धमा केन्द्रले इजाजतपत्रप्राप्त संस्थाको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ र सोको प्रतिवेदन यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पनेछ । केन्द्रले यस्तो निरीक्षण/सुपरिवेक्षण आफ्ना कर्मचारी खटाई स्थलगत तथा गैर स्थलगत रुपमा गर्न सक्नेछ ।

१७. कालोसूचीमा समाविष्ट ऋणीहरुको विवरण सार्वजनिक गर्नु पर्ने

यस निर्देशन बमोजिम प्रत्येक असार र पुस मसान्तसम्ममा कालोसूचीमा समावेश भई एक करोड रुपैयाँभन्दा बढी रकम तिर्न बाँकी रहेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाको नामावली अद्यावधिक गरी केन्द्रले राष्ट्रिय दैनिक पत्रिकामा क्रमशः साउन र माघमसान्तभित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ । सो जानकारी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र धितोपत्र वोर्डलाई समेत उपलब्ध गराउनु पर्नेछ । अन्य व्यक्तिहरुको नामावलीको हकमा कर्जा सूचना केन्द्रले सर्वसाधारणलाई आवश्यक परी माग गरेमा शुल्क लिई वा नलिई त्यस्तो सूचना उपलब्ध गराउनु पर्नेछ । साथै, कालोसूचीमा समाविष्ट व्यक्तिहरुको अद्यावधिक सूचना केन्द्रले अनिवार्य रुपमा आफ्नो वेव साइटमा राख्नु पर्नेछ । **साथै, केन्द्रले प्रकाशन गर्ने कालोसूचीमा रहेका ऋणीहरुको सूचीमा व्यक्तिको हकमा नागरिकता नम्बर र कम्पनी/फर्महरुको हकमा स्थायी लेखा नम्बर (PAN) समेत प्रकाशन गर्नुपर्नेछ ।**

१८. अन्य व्यवस्थाहरु

१) <u>गोपनियता कायम गर्नु पर्ने</u>

इजाजतपत्रप्राप्त संस्था र केन्द्रबीच आदान प्रदान हुने सूचना तथा अन्य विवरण संवेदनशील भएकोले त्यस्ता सूचना तथा विवरण आदान प्रदान गर्दा वा अभिलेख राख्दा पूर्ण गोपनीयता कायम राख्नु पर्नेछ

२) <u>व्यक्तिगत तथा संस्थागत जमानीमा प्रवाहित कर्जाको सम्बन्धमा</u>

इजाजतपत्रप्राप्त संस्थाहरुबाट कुनै पनि किसिमको व्यक्तिगत तथा संस्थागत जमानीमा प्रदान भएको कर्जा तथा सुविधाहरु निर्धारित समयमा चुक्ता नगरेमा जमानी दिने व्यक्ति तथा संस्थाहरुलाई समेत यस निर्देशनको अधीनमा रही कालोसूचीमा समावेश गर्नु पर्नेछ । त्यस्ता जमानीकर्ताहरुले गरेको जमानी रकमको सीमासम्मको रकम चुक्ता भएको सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाबाट जानकारी प्राप्त हुन आएमा जमानीकर्ताको नाम कालोसूचीबाट हटाउनु पर्नेछ ।

३) <u>सेयरधनीको नाम परिवर्तन भई आएमा</u>

कालोसूचीमा समावेश भएका सेयरधनीहरुले आफ्नो सेयर अन्य व्यक्तिहरुलाई हस्तान्तरण गरी निजको दायित्व नयाँ सेयरधनीले स्वीकार गरेको अवस्थामा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिलाई उक्त विषय स्वीकार गरी सिफारिस भई आएमा पहिलेका सेयरधनीलाई कालोसूचीबाट हटाउनु पर्नेछ ।

इजाजतपत्रप्राप्त संस्थाबाट ऋण लिएका कुनै प्राइभेट लिमिटेड वा सर्वसाधारणमा सेयर जारी गरी नसकेका पब्लिक लिमिटेड कम्पनीका पन्ध्र प्रतिशतभन्दा बढी सेयर लिने सेयरधनीले त्यस्तो कम्पनीको आफ्नो स्वामित्वमा रहेको सेयर बिक्री वा नामसारी गर्नुपूर्व ऋण प्रदान गर्ने सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको स्वीकृति लिनु पर्नेछ । यस प्रयोजनको लागि सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको स्वीकृति नलिई त्यस्तो ऋणी कम्पनीको सेयर बिक्री वा नामसारी गर्न नपाउने गरी ऋण प्रदान गर्ने इजाजतपत्रप्राप्त संस्थाले अनिवार्य रुपमा कागज गराउनु पर्नेछ । यसरी स्वीकृति नलिई ऋणी कम्पनीको सेयरधनीको सेयर नामसारी वा बिक्री गरेमा साविकका सेयरधनीलाई कालोसूचीमा राख्नु पर्नेछ ।

४) सरकारी तथा अर्ध-सरकारी निकायबाट मनोनित सञ्चालकहरुको सम्बन्धमा

यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस बैंक, नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको संस्थाबाट मनोनित कुनै पनि व्यक्ति कुनै पनि ऋणी संस्थाको सञ्चालक भई त्यस्तो संस्था कालोसूचीमा परेमा त्यसरी मनोनित सञ्चालकहरु कालोसूचीमा समावेश हुने छैनन् ।

५) एकाघर परिवारको सम्बन्धमा

यस निर्देशनको प्रयोजनका लागि एकाघर परिवार भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्नेछ ।

तर, सो शब्दले अंशबण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

६) कर्जा सूचना इकाई

इजाजतपत्रप्राप्त संस्थाहरुले केन्द्रीय रुपमा कर्जा सूचना इकाई गठन गरी केन्द्र तथा अन्य निकायमा पठाउनु पर्ने कर्जासूचना सम्बन्धी सम्पूर्ण कार्यहरु सो इकाईबाट मात्र गर्नु/गराउनु पर्नेछ । केन्द्रसँग गरिने सम्पूर्ण कार्यको लागि इकाईका जनशक्तिलाई तोक्नु पर्नेछ र सोको जानकारी सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ । साथै, तोकिएको इकाईले इजाजतपत्रप्राप्त संस्था र केन्द्रबीच हुने पत्राचार एंव इलेक्ट्रोनिक तथ्याङ्कको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

७) भूलवस कालोसूचीमा समावेश भएकाहरुको सम्बन्धमा

कालोसूचीमा समावेश नहुनु पर्ने कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्था भूलवस कालोसूचीमा समावेश गरिएको रहेछ भने यस सम्बन्धमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिबाट सिफारिस भई आएमा अबिलम्ब त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई अभिलेख नै नरहने गरी कालोसूचीबाट हटाउनु पर्नेछ । यसरी कालोसूचीमा समावेश भई हटेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कालोसूचीमा समावेश भएको मानिने छैन ।

८) केन्द्रको सदस्यता

इजाजतपत्रप्राप्त संस्थाहरुले कर्जा सूचनाको आदान प्रदान गर्ने र समयमा कर्जाको साँवा/ब्याज नतिर्ने ऋणीलाई कालोसूचीमा समावेश गर्ने प्रयोजनका लागि अनिवार्य रुपमा केन्द्रको सदस्यता लिनु पर्नेछ ।

९) छुट

यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका सरकारी संस्थानहरु, यस बैंकबाट निक्षेप र कर्जाको कारोबार गर्न

इजाजतपत्रप्राप्त संस्थाहरु, वैदेशिक लगानी अन्तर्गत आउने साझेदार लगानीकर्ता, विदेशी नियोग, दातृसंस्था र विकास साझेदारहरु, द्विपक्षीय वा वहुपक्षीय सम्बन्ध भएका अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई कालोसूचीमा समावेश गरिने छैन ।

१०) कालोसूची विवरण अद्यावधिक गर्ने

यस निर्देशन बमोजिम केन्द्रले र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तयार गर्ने कालोसूची अद्यावधिक गरी राख्नु पर्नेछ ।

११) केन्द्रको कालोसूचीमा सूचीकृत इजाजतपत्रप्राप्त संस्थाका सेयरधनीहरुले प्राप्त गर्न सक्ने हकप्रद सेयर तथा अग्राधिकार सेयर, ऋणपत्र र लाभांशका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका संस्थापक सेयरधनीहरुमध्ये केन्द्रको कालोसूचीमा सूचीकृत भईरहेका संस्थापक सेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद सेयर तथा अग्राधिकार सेयर र ऋणपत्र खरिद गर्न पाउने छैनन् । तर, केन्द्रको कालोसूचीबाट हटेको प्रमाण सहित सम्बन्धित बैंक/वित्तीय संस्थाका संस्थापक सेयरधनीले आफू संस्थापक रहेको बैंक/वित्तीय संस्थाको हकप्रद सेयर तथा अग्राधिकार सेयर र ऋणपत्र दावी गर्न आएमा प्रचलित कानुन अनुसार अन्य व्यक्ति/संस्थालाई बेचविखन/बाँडफाँड/जफत गरिसकिएको अवस्था रहेनछ भने साविककै संस्थापक सेयरधनीले प्राप्त गर्न सक्नेछन् ।

(ख केन्द्रको कालोसूचीमा सूचीकृत ऋणीको बैंक तथा वित्तीय संस्थाको संस्थापक लगायतका अन्य सेयरधनीका हैसियतले पाउने लाभांश रकम अन्य बैंक तथा वित्तीय संस्थाले कर्जा बक्यौताको प्रमाण सहित भुक्तानी माग गरेमा त्यस्ता व्यक्तिसँग असुल गर्नुपर्ने रकम निजले पाउने लाभांश रोक्का गरी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ । यस्तो व्यवस्था आफ्नै बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनका लागि समेत लागू हुनेछ ।

१२) कालोसूचीमा रहेका संस्थापक सेयरधनीले हकप्रद सेयरमा सहभागी हुन र लाभांश लिन नपाउने:

(क) कालोसूचीमा समावेश संस्थापक सेयरधनीले यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट निष्काशन हुने कुनै पनि किसिमको हकप्रद सेयरमा सहभागी हुन पाउने छैन ।

(ख) कालोसूचीमा समावेश संस्थापक सेयरधनीले प्राप्त गर्ने कुनै पनि किसिमको लाभांश ऋण तिर्ने प्रयोजन बाहेक अन्य किसिमले भुक्तानी लिन/दिन पाइने छैन ।

(ग) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कालोसूचीमा सूचीकृत आफ्नो संस्थाको संस्थापक सेयरधनीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

१३) यस बैंकलाई जानकारी गराउनु पर्ने

उपबुँदा (९) मा उल्लेख भएका संस्था बाहेक यस बैंकबाट इजाजतपत्रप्राप्त वा अनुमतिपत्रप्राप्त अन्य संस्थालाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रलाई सिफारिस गर्नु पूर्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले यस बैंकलाई जानकारी गराउनु पर्नेछ ।

१९. दण्ड जरिवाना तथा कारवाही सम्बन्धी व्यवस्था

१) इजाजतपत्रप्राप्त संस्थाले केन्द्रमा भरी पठाउनु पर्ने ऋणीहरुको विवरण र कालोसूचीमा राख्नु पर्ने ऋणीहरुको नाम तथा विवरण समयमा नै केन्द्रमा उपलब्ध नगराएमा वा त्यस्ता तथ्य लुकाएर थप कर्जा सुविधा प्रदान गरेको पाइएमा वा गलत सूचना प्रवाह गरेमा वा कालोसूचीमा समावेश भएको व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कर्जा प्रवाह भएमा वा यस बैंकको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनमा त्यस्तो व्यहोरा उल्लेख भई आएमा सम्बन्धित इजाजतपत्रप्राप्त संस्था वा तिनका सम्बन्धित सञ्चालक, पदाधिकारी वा कर्मचारी समेतलाई यस बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिमको कारवाही गर्न सक्नेछ ।

२) कालोसूचीमा परेकालाई ऋण सुविधा प्रदान गरेमा जरिवाना लगाइने

कालोसूचीमा परेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुलाई कुनै पनि बैंक तथा वित्तीय संस्थाले ऋण/सुविधा प्रवाह गरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ (१) बमोजिम उक्त

ऋण सुविधा बराबरको रकम विगो कायम गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई जरिवाना गरिने छ ।

३) कालोसूचीमा राख्न सिफारिस नगरेमा जरिवाना लगाइने

कुनै बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गर्नुपर्नेमा सो गरेको नपाईएमा त्यस्तो संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ को उपदफा (१) बमोजिम त्यस्तो ऋणीसँग उठाउन बाँकी रहेको रकम बराबरको विगो कायम गरी जरिवाना लगाइने छ ।

४) कालोसूचीमा परेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाहरुलाई प्रदान गरेको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने

क) कालोसूचीमा रहेका व्यक्ति, फर्म, कम्पनी तथा संगठित संस्थाबाट कुनै कर्जा असुली गर्न बाँकी रहेको भए त्यस्तो कर्जाका लागि शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने र त्यसरी व्यवस्था नगरेको पाईएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम सम्बन्धित कार्यकारी प्रमुखलाई पाँच लाख रुपैयाँसम्म नगद जरिवाना लगाइने छ ।

ख) कुनै ऋणी अन्य बैंक तथा वित्तीय संस्था मार्फत कालोसूचीमा राखेको भएता पनि त्यस्ता ऋणीलाई प्रदान भएको ऋणको हकमा इजाजतपत्रप्राप्त संस्थाले आफूले प्रदान गरेको कर्जा वा सुविधाको वर्गीकरणको आधारमा कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ ।

२०. इजाजतपत्र प्राप्त संस्थाका संस्थापक सेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत रहेको अवस्थामा त्यस्तो संस्थापक सेयरधनीको सम्पत्ति धितो राखी अन्य व्यक्ति वा संस्थालाई कर्जा प्रवाह गर्न पाइने छैन ।

२१. यस बैंकको निर्देशन बमोजिम कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा वित्तीय संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । साथै कालो सूचीमा रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कायम रहेको खातामा रकम जम्मा गर्न बाहेक अन्य बैकिङ्ग कारोबार गर्न पाइने छैन ।

तर, दैनिक जीवनयापनको लागि चाहिने आधारभूत आवश्यक खर्चको प्रयोजनको लागि नेपाल सरकारबाट तोकिए बमोजिमको रकमको हदसम्म रकम निकाल्न, नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर आदि तिर्न तथा बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋण तिर्ने प्रयोजनको लागि मात्र खाता सञ्चालन गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

२२. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन २०७६ को कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था इ.प्रा निर्देशन नं. १२/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १३/०७७

अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले आफ्नो निक्षेप तथा सापटी दायित्वको आधारमा कायम गर्नु पर्ने अनिवार्य मौज्दात तथा तरल सम्पत्ति व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कुल निक्षेप दायित्वको **३ (तीन) प्रतिशत**) अनिवार्य मौज्दात वापत यस बैंकमा राख्नु पर्नेछ । यस व्यवस्था बमोजिम कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ७० प्रतिशत रकम दैनिक रुपमा यस बैंकमा राख्नु पर्ने छ । **तर, २०७८ असार मसान्तभित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया सम्पन्न गरी संयुक्त कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकको हकमा २०७९ असार मसान्तसम्म अनिवार्य नगद मौज्दात वापत यस बैंकमा राख्नु पर्ने अनुपातमा ०.५० प्रतिशत विन्दुले छुट प्रदान गरिनेछ ।**

(२) "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको कार्यालय नभएको स्थानमा नजिकको "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा यस प्रयोजनको लागि चल्ती खाता खोली आवश्यक रकम जम्मा गरेमा पनि अनिवार्य मौज्दातमा गणना गरिनेछ ।

तर, ब्याज आर्जन हुने गरी "क" वर्गको इजाजतपत्रप्राप्त संस्थामा जम्मा गरेको रकमलाई अनिवार्य मौज्दातमा गणना गरिने छैन । यस्तो खाताको जानकारी यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा दिनु पर्नेछ ।

अनिवार्य मौज्दात प्रयोजनका लागि खोलिने खाता सम्बन्धित वित्तीय संस्थाको केन्द्रीय कार्यालय भएको स्थानमा मात्र खोल्नु पर्नेछ ।

सम्बन्धित वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहेको स्थानमा नेपाल राष्ट्र बैंकको कार्यालय नभएको खण्डमा नजिकको "क" वर्गको एउटै बैंकमा जम्मा गरेको रकमलाई मात्र अनिवार्य मौज्दातमा गणना गरिनेछ । यस बैंकको कार्यालय बाहेक एकभन्दा बढी बैक/शाखामा जम्मा गरेको रकमलाई यस प्रयोजनका लागि योग्य मानिने छैन ।

अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि खाता खोलिएको बैंकबाट सम्बन्धित वित्तीय संस्थाले कुनै पनि किसिमको सापटी/सुविधा उपयोग गर्न पाउने छैन । तर, विपन्न वर्ग कर्जा उपलब्ध गर्न/गराउन यस निर्देशनले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपबुँदा (१) बमोजिम राख्नु पर्ने मौज्दात नपुग भएको अवस्थामा देहाय बमोजिम जरिवाना लगाइने छ :-

(क) पहिलो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले ।

(ख) दोस्रो पटक अनिवार्य मौज्दात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंक दरको डेढी प्रतिशतले ।

(ग) तेस्रो पटक र सो भन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको दोव्वर प्रतिशतले ।

तर, समस्याग्रस्त घोषणा गरी निक्षेप स्वीकार तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाएको अवस्थामा त्यस्तो बैंक वा वित्तीय संस्थालाई जरिवाना लगाउन अनिवार्य हुने छैन ।

(४) उपबुँदा (३) को खण्ड (क), (ख) र (ग) बमोजिम पटक कायम गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिने छ । जरिवानाको पटक निर्धारण गर्दा १४ दिन (दुई सप्ताह) को मौज्दात गणनालाई एक पटक मानिनेछ ।

(५) **अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ । एउटै अवधि (दुई हप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ ।**

(६) अनिवार्य मौज्दात गणना सम्बन्धी प्रयोजनका लागि देहायको प्रक्रिया अपनाइनेछ :-

(क) अनिवार्य मौज्दातको गणना साप्ताहिक औसत निक्षेप मौज्दातका आधारमा गरिने छ ।

(ख) मौज्दातको गणना गर्दा खण्ड (क) मा उल्लिखित समयावधि पछि एकहप्ता अन्तराल कायम गरी तत्पश्चातको दुई हप्ता (आइतवार देखि १४ औं दिनको शनिवार) मा कायम गरिने औसत नगद मौज्दातलाई लिइनेछ ।

(ग) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनको लागि कुल निक्षेप दायित्वका हकमा साप्ताहिक रुपमा आइतवार देखि शनिवारसम्मको कुल निक्षेपको योगलाई सात अङ्कले भाग गरी दैनिक औसत निर्धारण गर्नुपर्नेछ । यसैगरी, नेपाल राष्ट्र बैंक मौज्दातको गणना गर्दा आइतवारदेखि १४ औं दिनको शनिवारसम्मको दैनिक मौज्दातको कुल योगलाई चौध अङ्कले भाग गरी दैनिक औसत निर्धारण गरिने छ ।

(घ) यस निर्देशन बमोजिम कायम गर्नुपर्ने अनिवार्य मौज्दातको कम्तिमा ७० प्रतिशत मौज्दात दैनिक रुपमा कायम गर्नुपर्नेछ ।

(ङ) यस प्रयोजनको लागि निर्धारित निर्देशन फा.नं. १३.१ बमोजिमको विवरण भरी हप्ता बितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।

(७) यस उद्देश्यको लागि इजाजतपत्रप्राप्त संस्थाको सम्पूर्ण कार्यालयहरुलाई एउटै इकाई मानिने छ ।

(८) यस बैंकमा रहेको खातामा जम्मा हुने गरी फण्ड ट्रान्सफरको सिलसिलामा मार्गस्थ (Transit) मा पर्न गएको स्वदेशी मुद्राको रकमलाई यस बैंकको मौज्दातमा समावेश गराइने छ । बैंक तथा वित्तीय संस्थाले मार्गस्थमा पर्न गएको स्वदेशी मुद्राको रकमको प्रमाण समेत संलग्न गरी पठाउनु पर्नेछ ।

स्पष्टीकरण:

(१) यस दफाको प्रयोजनको लागि "कुल निक्षेप" भन्नाले इजाजतपत्रप्राप्त संस्थाको चल्ती, कल, बचत र मुद्दती खातामा जम्मा भएको रकम सम्झनु पर्छ र सो शब्दले इजाजतपत्रप्राप्त संस्थाले यस बैंकले तोकेबमोजिमका विभिन्न वित्तीय उपकरणको माध्यमबाट स्वीकार गर्ने रकम समेतलाई जनाउँछ ।

(२) यस बैंकको साधारण खातामा भएको मौज्दातलाई मात्र अनिवार्य मौज्दातमा गणना गरिने छ । यस बैंकमा विशेष प्रयोजनको लागि खोलिएको विशेष खाता तथा विदेशी मुद्रा खातामा रहेको रकमलाई यस प्रयोजनको लागि गणना गरिने छैन ।

टिप्पणी:

(१) अनिवार्य मौज्दात गणना प्रयोजनको लागि परिवर्त्य विदेशी मुद्राको निक्षेप, कर्मचारी जमानत तथा मार्जिन खातामा रहेको रकम कुल निक्षेपमा समावेश गरिने छैन ।

(२) "चल्ती खाता" भन्नाले मागेको बखत जहिले पनि झिक्न पाउने गरी बैंक वा वित्तीय संस्थामा राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(३) "बचत खाता" भन्नाले बैंक वा वित्तीय संस्थामा बचतको निमित्त राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(४) "मुद्दती खाता" भन्नाले बैंक वा वित्तीय संस्थामा निश्चित अवधिसम्म जम्मा रहने गरी राखिएको रकमको हरहिसाब लेखिएको खाता सम्झनु पर्छ ।

(५) अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनार्थ नेपाल राष्ट्र बैंकको कार्यालय नभएका स्थानहरुमा रहेको नोटकोषमा जम्मा हुने मार्गस्थ नगद (Cash in Transit) समेत समावेश गर्न सकिनेछ । यसरी मार्गस्थ रकम समावेश गर्दा नोटकोषमा जम्मा गरिएको र नोटकोषबाट झिकिएको रकम सम्बन्धी प्रमाण समेत संलग्न गरेर पठाउनु पर्नेछ ।

२. अनिवार्य मौज्दात सम्बन्धी अन्य व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाहरुको कार्यलाई विस्तारित, सहज र सुविधायुक्त बनाउन बजार निर्माताहरू बाहेकका यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाले पनि सरकारी सुरक्षणपत्रको साँवा तथा ब्याज भुक्तानी गरी सोको शोधभर्ना यस बैंकबाट प्राप्त गर्न सक्ने हुनाले सरकारी सुरक्षणपत्रको साँवा भुक्तानी रकमको शोधभर्ना प्राप्त नहुँदासम्मको अवधिको लागि उक्त रकमलाई समेत अनिवार्य मौज्दात अनुपात गणना गर्दा समावेश गर्न सकिनेछ । साथै, सार्वजनिक बिदा पर्न गई सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई साँवा रकम भुक्तानी गर्न नसकिएको अवस्थामा सो बिदाको अवधिको लागि उक्त साँवा रकमलाई यस बैंकमा राख्नु पर्ने अनिवार्य मौज्दात अनुपात गणना गर्दा समावेश गर्न सकिनेछ ।

३. वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले कुल स्वदेशी निक्षेपको १० प्रतिशत, "ख" वर्गका विकास बैंकले ८ प्रतिशत र "ग" वर्गका वित्त कम्पनीले ७ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्नेछ । **तर, २०७८ असार मसान्तभित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया पुरा गरी संयुक्त कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकको हकमा २०७९ असार मसान्तसम्म कायम गर्नु पर्ने वैधानिक तरलता अनुपातमा १ प्रतिशत विन्दुले छुट प्रदान गरिने छ ।** यस प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाहरूको निम्नानुसारको तरल सम्पत्तिहरु गणना गरिनेछ :

(क) नेपाल सरकारको सुरक्षणपत्रमा गरेको लगानी,

(ख) अनिवार्य मौज्दात प्रयोजनका लागि नेपाल राष्ट्र बैंकमा राखिएको रकम,

(ग) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,

(घ) "ख" र "ग" वर्गका संस्थाको हकमा अनिवार्य मौज्दात प्रयोजनका लागि वाणिज्य बैंकहरुमा रहेको रकम,

(ङ) **प्रादेशिक स्तरका** वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम,

(च) अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्रमा गरिएको लगानी,

(छ) खुला बजार कारोवार अन्तर्गत इजाजतपत्रप्राप्त संस्थाबाट यस बैंकले संकलन गरेको निक्षेप

तर, तरल सम्पत्ति गणना गर्दा माथि उल्लेखित सुरक्षणपत्र वा ऋणपत्रको धितोमा रिपो, स्थायी तरलता सुविधा (SLF) लगायत बैंक वित्तीय संस्थाबाट कर्जा लिएको भए सो कर्जा रकम घटाई खुद लगानी मात्र तरल सम्पत्तिमा समावेश गर्नु पर्नेछ ।

वैधानिक तरलता अनुपात गणना सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ ।

(१) वैधानिक तरलता अनुपात गणना गर्दा ठीक अघिल्लो महिनाको अन्त्यमा रहेको स्वदेशी निक्षेप दायित्वलाई आधार मानिनेछ ।

(२) यस्तो अनुपात गणना गरी प्रत्येक महिनाभरको वैधानिक तरलता अनुपात रकमको विवरण निर्देशन फा.नं. १३.२ मा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ ।

(३) उल्लिखित मौज्दात नपुग भएको अवस्थामा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ को उपदफा (१) मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम जरिवाना लगाइने छ :-

(क) पहिलो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले ।

(ख) दोश्रो पटक वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा नपुग भए जति रकममा प्रचलित बैंकदरको दोब्बर प्रतिशतले ।

(ग) तेश्रो पटक र सोभन्दा पछि जति पटक नपुग भए पनि नपुग भए जति रकममा प्रचलित बैंक दरको तेब्बर प्रतिशतले ।

तर, समस्याग्रस्त घोषणा गरी निक्षेप स्वीकार तथा कर्जा प्रवाहमा प्रतिबन्ध लगाएको अवस्थामा त्यस्तो बैंक वा वित्तीय संस्थालाई जरिवाना लगाउन अनिवार्य हुने छैन ।

(४) उपबुँदा (३) को खण्ड (क), (ख) र (ग) बमोजिम पटक कायम गर्दा प्रत्येक आर्थिक वर्षको लागि अलग अलग पटक कायम गरिनेछ । जरिवानाको पटक निर्धारण महिनाको आधारमा गरिनेछ ।

(५) वैधानिक तरलता अनुपात नपुग भए जति रकममा प्रचलित बैंकदरको प्रतिशतले मासिक हिसावमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंकदरको प्रतिशतले गुणा गरी बाह्रले भाग गरिनेछ ।

(६) वैधानिक तरलता अनुपात नपुग भएको अवस्थामा जरिवानाको प्रयोजनका लागि यस बैंकले तोके बमोजिम प्रकाशित गरेको बैंकदरलाई नै आधार लिइनेछ ।

द्रष्टव्य: *१. यस दफाको प्रयोजनको लागि सरकारी सुरक्षणपत्र भन्नाले नेपाल सरकारले जारी गरेको बचतपत्र, विकास ऋणपत्र, ट्रेजरी बिल्स तथा यस बैंकले तोकेको अन्य सुरक्षणपत्र सम्झनु पर्छ ।*

तर, बजार निर्माता (Market Maker) को रुपमा कार्य गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले कारोबार (Trading) प्रयोजनको लागि नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग अन्तर्गतको विशेष खाता (Special Account) मा रहेको सरकारी सुरक्षणपत्रको रकम नितान्त कारोबार (Trading) प्रयोजनको लागि मात्र हुने हुँदा सो सुरक्षणपत्रको रकम वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio, SLR) प्रयोजनको लागि सरकारी सुरक्षणपत्रमा गणना गर्न पाइने छैन ।

२. वैधानिक तरलता अनुपात विवरण प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र पठाउनु पर्नेछ ।

४. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था इ.प्रा निर्देशन नं. १३/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका अनिवार्य मौज्दात/वैधानिक तरलता अनुपातसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनिवार्य मौज्दात सम्बन्धी विवरण

मिति २० ..... साल ..... महिना ..... गते देखि २० ..... साल ..... महिना..... गते सम्म

रु. हजारमा

अनिवार्य मौज्दात प्रयोजनको लागि कुल निक्षेप मौज्दात *(क)*		*नगद मौज्दात*									अनिवार्य नगद अनुपात % (छ) = [ख/अ %]	दैनिक रुपमा कायम गरिएको मौज्दात प्रतिशत	कुल सापटी (ज)
अनिवार्य मौज्दात गणना गर्ने अवधिको ठीक दुई हप्ता अगाडिको हप्ता	रकम	अनिवार्य मौज्दात कायम गर्ने दुई हप्ता	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात (ग)	"क"वर्ग को इजाजत पत्रप्राप्त बैंकमा चल्ती खातामा रहेको मौज्दात (घ)	*खुद मार्गस्थ नगद (ङ)*				सरकारी ऋणपत्र /बचत पत्रको साँवा भुक्तानी रकम (च)	कुल रकम (ख) = [ग +घ+ ङ+च]			
					नोट कोषमा जम्मा गरिएको रकम (१)	*नोट कोषबाट झिकिए को रकम (२)*	*अन्य (३)*	*कुल (१-२ + ३)*					
आइतबार		आइतबार											
सोमबार		सोमबार											
मंगलबार		मंगलबार											
बुधबार		बुधबार											
विहीबार		विहीबार											
शुक्रबार		शुक्रबार											
शनिवार		शनिवार											
		आइतबार											
		सोमबार											
		मंगलबार											
		बुधबार											
		विहीबार											
		शुक्रबार											
		शनिवार											
कुल													
औसत (अ)													

विवरण पेश गर्ने अधिकृतः

हस्ताक्षर :
नाम र थर :
दर्जा :

नोटः अनिवार्य मौज्दात गणना गर्ने अवधिको ठीक दुई हप्ता अगाडिको हप्ता भन्नाले मौज्दात कायम गर्नुपर्ने दुइ हप्ता अवधिको पहिलो दिन (आइतवार) को ठीक दुई हप्ता अगाडि(आइतवार) को दिन देखि शुरु हुने हप्ता सम्झनु पर्दछ। उदाहरणको लागि २०७३/६/२ गतेदेखि ८ गते सम्मको औसत निक्षेपका आधारमा २०७३/६/१६ गते देखि २९ गतेसम्म औसत मौज्दात कायम गर्नुपर्नेछ।

१३.२

वैधानिक तरलता अनुपात (SLR) सम्बन्धी विवरण

(मासिक)

२० ... साल ..... महिना ।

गते	सरकारी सुरक्षण पत्रमा गरेको लगानी	अनिवार्य मौज्दात प्रयोजनार्थ नेपाल राष्ट्र बैंक/"ख" र "ग" वर्गका संस्थाको हकमा वाणिज्य बैंक समेतमा रहेको रकम **	ढुकुटीमा रहेको नगद मौज्दात	मागेका वखत प्राप्त हुने रकम ***	अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्र	खुला बजार कारोवार अन्तर्गत नेपाल राष्ट्र बैंकको निक्षेपमा राखेको रकम	कुल वैधानिक तरलता	गते	सरकारी सुरक्षण पत्रमा गरेको लगानी	अनिवार्य मौज्दात प्रयोजनार्थ नेपाल राष्ट्र बैंक/"ख"र "ग" वर्गका संस्थाको हकमा वाणिज्य बैंक समेतमा रहेको रकम **	ढुकुटीमा रहेको नगद मौज्दात	मागेका वखत प्राप्त हुने रकम ***	अन्तर्राष्ट्रिय वित्तीय संस्थाद्वारा नेपाली मुद्रामा जारी भएको ऋणपत्र	खुला बजार कारोवार अन्तर्गत नेपाल राष्ट्र बैंकको निक्षेपमा राखेको रकम	कुल वैधानिक तरलता
१								१७							
२								१८							
३								१९							
४								२०							
५								२१							
६								२२							
७								२३							
८								२४							
९								२५							
१०								२६							
११								२७							
१२								२८							
१३								२९							
१४								३०							
१५								३१							
१६								३२							
	कायम गरेको औसत वैधानिक तरलता (क)														
	अघिल्लो महिनाको अन्त्यमा रहेको स्वदेशी निक्षेप दायित्व (ख)														
	कायम गर्नु पर्ने वैधानिक तरलता अनुपात (ग)=(ख) x %														
	बढी/नपुग रकम (घ) = (क)–(ग)														

** यस बैंकको साधारण खातामा भएको मौज्दातलाई मात्र अनिवार्य मौज्दातमा गणना गरिने छ । यस बैंकमा विशेष प्रयोजनको लागि खोलिएको विशेष खाता तथा विदेशी मुद्रा खातामा रहेको रकमलाई यस प्रयोजनको लागि गणना गरिने छैन । साथै, वैधानिक तरलतामा अनिवार्य मौज्दात रकम गणना गर्दा महिनाभरको औसत मौज्दात रकम समावेश गर्नु पर्नेछ ।

*** राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम भन्ने बुझ्नु पर्दछ ।

मितिः अधिकृतः

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १४/०७७

शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाको शाखा/कार्यालय खोल्ने व्यवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ :-

१. शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था

(क) **इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ । तर, महानगरपालिका र उप महानगरपालिका बाहेकका स्थानमा तथा वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७८ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहेकका महानगरपालिका र उपमहानगरपालिकामा २०७९ असार मसान्तसम्म शाखा कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन । साथै, शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोल्दा कारोबार शुरु गरेकै दिन उक्त शाखा तथा एक्सटेन्सन काउन्टर सम्बन्धी विवरण यस बैंकको रिपोर्टिङ पोर्टलमा अद्यावधिक गर्नु पर्नेछ ।**

(ख) देहायको अवस्था पुरा गरेका इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कार्यक्षेत्र भित्र नयाँ शाखा कार्यालय खोल्न सक्नेछन्:

(अ) शाखा विस्तार गर्नका लागि प्रस्तावित स्थान वित्तीय रुपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने ।

(आ) यस बैंकको नीतिगत व्यवस्था तथा निर्देशन बमोजिम तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गरेको ।

(इ) यस बैकवाट इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरु पुरा गर्नुका साथै शाखा खोल्नु अगाडिको त्रैमासिक वित्तीय विवरणमा यस बैंकले तोकेको पुँजीकोष पुरा गरेको ।

(ई) शाखा कार्यालयमा सूचना आदान प्रदान गर्नको लागि नेटवर्किङ्ग (Networking) गरी वा विद्युतीय माध्यमवाट केन्द्रीय कार्यालयमा सूचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था गरेको ।

(उ) ठीक अघिल्लो त्रयमासमा निष्क्रिय कर्जा (NPL) ५ प्रतिशतभन्दा बढी नभएको ।

(ऊ) सम्बन्धित संस्थाको सञ्चालक समितिबाट शाखा कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धी निर्णय भएको हुनु पर्ने । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र यस बैंक समक्ष संलग्न अनुसूची १४.१ बमोजिमको ढाँचाको फारम भरी स्वीकृतिको लागि आवेदन दिनु पर्ने । यस बैंकबाट स्वीकृति पाएको मितिले छ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरि सक्नु पर्ने ।

(ग) शाखा /कार्यालय खोल्ने निर्णय गर्दा वा सञ्चालनको समयमा माथि उल्लिखित शर्त तथा व्यवस्थाहरु पुरा नभएका र व्यवस्थापन सुधारको प्रक्रियामा रहेका संस्थाहरुले विशेष अवस्थामा यस बैकले तोकिदिएको शर्तहरुको अधीनमा रही शाखा कार्यालय/अन्य कार्यालय स्थापना गर्न पाउनेछ ।

(घ) शाखा विस्तार गर्न स्वीकृति प्रदान गर्दा प्रस्तावित क्षेत्रको व्यावसायिक कारोबार, बैंकिङ्ग सेवाको

पहुँच तथा उक्त बैंक वा वित्तीय संस्थाबाट कृषि, उर्जा, पर्यटन र लघु उद्यमको क्षेत्रमा कर्जा प्रवाहमा हुन सक्ने वृद्धिको स्थिति झल्कने गरी पेश गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन समेतलाई आधार बनाइने छ । शाखा स्थापनाको लागि पेश गरिने सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तावित शाखा स्थापनाका लागि हुने पुँजीगत तथा अन्य खर्चहरु, तीन वर्षभित्रमा सोही संस्थाको अन्तरशाखा ब्याज आम्दानी बाहेकका बैंकिङ्ग कारोबारबाट प्रस्तावित शाखा मुनाफामा संचालित हुन सक्ने आधार समेत समावेश गर्नु पर्नेछ ।

(ङ) काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात मात्र काठमाडौं उपत्यकामा बैंकिङ सेवाको पहुँच कम भएका स्थानलाई पहिलो प्राथमिकता दिने गरी एक शाखा खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ । काठमाण्डौ उपत्यका बाहिर खोल्ने तीन शाखामध्ये कम्तीमा दुई शाखा नगरपालिका वा गाँउपालिकामा खोलिएको हुनुपर्नेछ ।

तर, वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७८ असार मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात २०७९ असारमसान्तसम्म काठमाडौं उपत्यकामा एक शाखा खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन । साथै, आयात निर्यात व्यापारका लागि प्रमुख भन्सार नाका मानिएका काँकरभिट्टा, विराटनगर, वीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा एक/एकवटा शाखा कार्यालय स्थापना गर्न उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(च) कुनै इजाजतपत्रप्राप्त बैक वा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक वा वित्तीय संस्थाको शाखा खरिद गर्ने भएमा दुवै संस्थाले प्रचलित कानुन तथा आफ्नो आर्थिक प्रशासन विनियमावलीको अधीनमा रही शाखा खरिद बिक्री गर्न सक्नेछन् । काठमाण्डौ उपत्यका लगायत अन्य कुनै पनि स्थानमा अवस्थित समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको शाखा कार्यालय खरिद गरी सञ्चालन गरेमा शाखा खरिद गर्ने बैंक तथा वित्तीय संस्थालाई माथि उल्लेखित खण्ड (च) को व्यवस्था अनिवार्य हुने छैन ।

तर यस बैंकबाट समस्याग्रस्त घोषणा नभई विशेष निगरानीमा रहेका बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खरिद बिक्री सम्बन्धमा यस बैंकको पूर्व स्वीकृति लिएर मात्र गर्न/गराउन सकिने छ ।

(छ) **<u>प्रादेशिक कार्यालय सम्बन्धी व्यवस्थाः</u>**

(१) "क" वर्गका वाणिज्य बैंकहरुले प्रत्येक प्रदेशमा एक/एक वटाका दरले प्रादेशिक कार्यालयहरु स्थापना गर्नुपर्नेछ ।

(२) "ख" र "ग" वर्गका वित्तीय संस्थाले आवश्यकता अनुसार प्रत्येक प्रदेशमा प्रादेशिक कार्यालयहरु स्थापना गर्न सक्नेछन् ।

(३) प्रादेशिक कार्यालय स्थापना गर्दा निम्नानुसारको व्यवस्था/प्रक्रिया पालना गर्नु पर्नेछ ।

(क) एकै जिल्ला/प्रदेशभित्रका शाखा कार्यालयहरुलाई एउटै प्रादेशिक कार्यालयको मातहतमा राख्नु पर्नेछ ।

(ख) प्रादेशिक कार्यालयले आफू मातहतका शाखा कार्यालयहरुको कामकारबाहीको अनुगमन, निरीक्षण तथा लेखापरीक्षणका अतिरिक्त केन्द्रीय कार्यालयले तोकिदिएका अन्य कार्यहरु जस्तैः आफूलाई तोकिएको सीमाभित्रको शाखा कार्यालयहरुबाट प्राप्त कर्जा फाइल अध्ययन गरी स्वीकृतिको निर्णय लिने, केन्द्रीय कार्यालयबाट प्राप्त मसलन्दको व्यवस्थापन गर्ने, मातहतका शाखा कार्यालयहरुमा वितरण गर्ने, नयाँ शाखा कार्यालयको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने, सम्बन्धित प्रदेश अन्तर्गतका शाखाहरुसंगको समन्वय, निगरानी, संस्थागत सुशासन, जोखिम व्यवस्थापन एवम् गुनासो सुनवाई जस्ता कार्यहरु लगायतका अन्य प्रशासनिक कार्यहरु समेत गर्न सक्नेछ ।

(ग) प्रादेशिक कार्यालयबाट बैंकिङ्ग कारोबार गर्न/गराउन पाइने छैन ।

(घ) प्रादेशिक कार्यालय खोल्नु पूर्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले सो कार्यालय खोल्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(ङ) प्रादेशिक कार्यालय सञ्चालनमा आएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ ।

(ज) संघीय संरचना अनुसार तय भएका ७५३ स्थानीय तहमध्ये **२०७७** असार मसान्तसम्म वाणिज्य बैंकको शाखा नरहेका स्थानीय तहमा **तोकिएका** वाणिज्य बैंकले अनिवार्य रुपले शाखा खोल्नु पर्नेछ । विकास बैंकहरुले वाणिज्य बैंक र विकास बैंक दुवै नरहेका स्थानीय तहमा शाखा खोल्न सक्नेछन् । यस व्यवस्था बमोजिम शाखा खोल्ने सम्बन्धमा देहायको प्रक्रियागत व्यवस्थाहरु गरिएको छ ।

(१) यस व्यवस्था बमोजिम सम्बन्धित वाणिज्य बैंक वा विकास बैंकले सञ्चालक समितिबाट निर्णय गराई शाखा कार्यालय खोल्न सक्नेछन् । यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । यसरी शाखा खोलेको ३ दिनभित्र यस बैंकलाई जानकारी गराउनु पर्नेछ ।

(२) यस व्यवस्था बमोजिम तोकिएको स्थानीय तहमा शाखा खोल्ने वाणिज्य बैंक वा विकास बैंकको शाखा कार्यालयलाई सरकारी कारोबार सञ्चालन गर्न दिने व्यवस्था मिलाइनेछ ।

(३) यस बैंकको मितिः २०७४/१२/१४ पत्रसंख्या : बैं.वि.नि.वि/नीति/परिपत्र/कखग/१८/०७४/७५ को परिपत्रमा तोकिए बमोजिमका बैंकिङ्ग सुविधा नपुगेका ११६ स्थानीय तहमध्ये कुनै दुई तहमा शाखा कार्यालय खोली संचालनमा ल्याए पश्चात मात्र सोही अनुसूचीमा तोकिएका वाणिज्य बैंकहरुलाई काठमाडौं महानगरपालिका वा ललितपुर महानगरपालिकामा एउटा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

२. केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, गाभ्ने तथा ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था

(क) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका, उप- महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा गाँउपालिकाको हकमा सोही गाँउपालिकाभित्र शाखा कार्यालय स्थानान्तरण गर्नु परेमा इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी ७ दिनभित्र सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले केन्द्रीय/रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैकको स्वीकृति लिई प्रचलित कानुनको अधीनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्ने छन् ।

३. कार्यालय समय सम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंक खुलेको दिन तथा यस बैंकको बैकिङ कार्यालयले बैकिङ कारोवार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्नो कार्यालय खोली बैकिङ कारोवार सञ्चालन गर्नु पर्नेछ । तर, इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्ने भएमा यस बैकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा लिखित रुपमा पूर्व जानकारी दिई कारोबार सञ्चालन गर्न सक्ने छन् ।

४. एक्सटेन्सन् काउण्टर सम्बन्धी व्यवस्थाः

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले एक्सटेन्सन काउण्टर खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । तर, खण्ड (ख) बमोजिमका शर्तहरु पुरा गरेका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले काठमाण्डौ उपत्यका, महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा एक्सटेन्सन काउण्टर खोल्न यस बैंकको स्वीकृति लिनुपर्ने छैन ।

(ख) एक्सटेन्सन काउण्टर खोल्नका लागि इजाजतपत्रप्राप्त संस्थाहरुले देहायका शर्तहरु पुरा गरेको हुनुपर्ने छ :-

(अ) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात तथा चुक्ता पुँजी कायम गरेको ।

(आ) निष्क्रिय कर्जा अनुपात ५ प्रतिशत भन्दा बढी नभएको,

(इ) यस बैंकबाट तोकिएको ब्याजदर अन्तर कायम गरेको,

(ई) चालु तथा अघिल्लो आर्थिक वर्षमा अनिवार्य मौज्दात बाहेक यस बैंकबाट अन्य कुनै कारवाहीमा नपरेको,

(ग) खण्ड (ख) बमोजिमका शर्तहरु पुरा गरेका इजाजतपत्रप्राप्त संस्थाहरुले काठमाण्डौ उपत्यका, महानगरपालिका र उपमहानगरपालिका भित्र रहेका अदालत, अस्पताल, सैनिक ब्यारेक, विश्वविद्यालय, क्याम्पस, विद्यालय, सरकारी कार्यालय, औद्योगिक क्षेत्र तथा विदेशी कुटनैतिक नियोगहरुको सिफारिसमा उक्त निकायहरुको हाताभित्र वा अधिकतम २०० मिटरसम्मको दूरीभित्रमा एक्सटेन्सन काउण्टर खोल्नका लागि आवेदन पेश गरेमा आवश्यकता र औचित्यता हेरी स्वीकृति प्रदान गर्न सकिने छ ।

(घ) एक्सटेन्सन काउण्टरबाट कोष तथा गैरकोषमा आधारित कर्जा तथा सुविधाहरु सम्बन्धी कार्य गर्न पाइने छैन ।

(ङ) एक्सटेन्सन काउण्टरबाट विदेशी मुद्राको खरिद/बिक्री सम्बन्धी कार्य गर्न चाहेमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट इजाजतपत्र लिनु पर्नेछ ।

(च) इजाजतपत्रप्राप्त संस्थाले एक्स्टेन्सन काउण्टरको हिसाव मिलानको लागि नजिकको शाखा तोक्नु पर्नेछ ।

(छ) एक्स्टेन्सन काउण्टर शाखामा परिवर्तन हुने भएमा शाखा स्थापना सम्बन्धी नीतिगत प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(ज) यस बैंकको मिति:२०७४/१२/१४पत्रसंख्या :बैं.वि.नि.वि/नीति/परिपत्र/कखग/१८/०७४/७५ को परिपत्रमा तोकिएबमोजिमका बैकिङ्ग सुविधा नपुगेका ११६ स्थानीय तहमा जुन बाणिज्य बैंकले शाखा कार्यालय खोलेको छ सो बाहेक अन्य बैंक/वित्तीय संस्थाले परिपत्रको मितिले तीन वर्षसम्म एक्सटेन्सन् काउण्टर खोल्न पाउने छैनन् ।

५. सम्पर्क/प्रतिनिधि कार्यालय सम्बन्धी व्यवस्था

१. देहायका अवस्था पुरा गरेका "क" वर्गका बैंकहरुले यस बैंकको स्वीकृति लिई विदेशमा सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न सक्ने छन्:-

(क) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गरेको ।

(ख) विगत एक वर्ष देखि नियमित रुपमा यस बैंकले तोकेको पुँजीकोष कायम गरेको ।

(ग) विगत तीन वर्षदेखि निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा कम रहेको ।

(घ) संस्था र संस्थाका सञ्चालकलाई यस बैंकबाट कुनै कारवाही गरिएको भए त्यस्तो कारवाही भएको ६ महिना पुरा भइसकेको ।

२. **उपबुँदा १ मा** उल्लिखित योग्यता पुगेका इच्छुक बैंकले सर्वप्रथम सैद्धान्तिक सहमतिको लागि यस बैंक समक्ष आवेदन गर्नु पर्नेछ । यसरी आवेदन गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ:

(क) सञ्चालक समितिको निर्णय ।

(ख) सम्बन्धित देशको नियामक निकायको नीतिगत व्यवस्था र सोको पालना गर्न सक्ने सम्बन्धमा बैंकको तर्फबाट गरिएको स्वघोषणा ।

(ग) संभाव्यता अध्ययन प्रतिवेदन ।

(घ) विगत ३ वर्षको वार्षिक वित्तीय विवरण ।

३. उपर्युक्त बमोजिम पेश हुन आएको कागजात अध्ययन गरी सम्पर्क/प्रतिनिधि कार्यालय खोल्ने सैद्धान्तिक सहमति प्रदान गर्न मनासिव देखिएको खण्डमा ६ महिनाभित्र सम्बन्धित देशको नियामक निकायबाट सम्पर्क/प्रतिनिधि कार्यालय खोल्ने स्वीकृति प्राप्त गरी अन्तिम स्वीकृतिको लागि यस बैंक समक्ष आवेदन गर्नु पर्ने गरी अवधि तोकी सैद्धान्तिक सहमति प्रदान गरिने छ । अन्तिम स्वीकृतिको लागि आवेदन पेश हुन आएमा बैंकले आवश्यक जाँचबुझ गरी देहायका शर्त तथा अन्य आवश्यक थप शर्त समेत तोकी अन्तिम स्वीकृति

प्रदान गर्ने छ ।

(क) अन्तिम स्वीकृति प्राप्त गरेको ६ महिनाभित्र त्यस्तो सम्पर्क/प्रतिनिधि कार्यालय खोली कार्यालय सञ्चालन गरिसक्नु पर्नेछ र सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ ।

(ख) सम्पर्क/प्रतिनिधि कार्यालय सञ्चालनको लागि हुने विदेशी मुद्रा खर्चको लागि यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति लिनु पर्नेछ ।

६. घुम्ती बैंकिङ्ग सेवा सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त "क" वर्ग र राष्ट्रियस्तरका "ख" र "ग" वर्गका संस्थाहरुले बैंकिङ्ग सुविधाको पहुँच नभएको स्थानमा देहायको नीतिगत व्यवस्था तथा शर्तहरुको अधीनमा रही सवारी साधनमा कार्यालय राखेर घुम्ती बैंकिङ्ग सेवा सञ्चालन गर्न सक्ने छन् ।

१. घुम्ती बैंकिङ्ग सेवा काठमाण्डौं उपत्यकाको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेक देशभर कुनै पनि स्थानमा आफ्नो बैंकको कुनै नजिकको शाखालाई सम्पर्क/नियन्त्रण कार्यालय तोकेर सञ्चालन/कार्यान्वयन गर्नु पर्नेछ ।

२. घुम्ती बैंकिङ्ग सेवामा संलग्न हुने नगद, मार्गस्थ नगद (Cash in Transit), सवारी साधन, कर्मचारी तथा अन्य सम्पत्तिको बीमा गरेको हुनु पर्नेछ ।

३. सम्बन्धित बैंक तथा वित्तीय संस्थाले यो सेवा सञ्चालन गर्दा आइपर्ने सुरक्षा प्रणाली लगायतका सम्पूर्ण जोखिम पहिचान र व्यवस्थापन आफैंले गर्नु पर्नेछ ।

४. घुम्ती बैंकिङ्ग सेवा उपलब्ध गराए बापत विद्यमान प्रचलित सेवा शुल्क बाहेक अन्य कुनैपनि सेवाशुल्क सेवाग्राहीसँग लिन पाइने छैन । कारोबारको विवरण र प्रभाव ग्राहकको खातामा तत्काल झल्कने व्यवस्था गर्नु पर्नेछ ।

५. घुम्ती बैंकिङ्ग सेवा उपलब्ध गराउने स्थान आदिको सम्बन्धमा आवश्यकता अनुसार नेपाल सरकारको सम्बन्धित निकाय वा अधिकारीको स्वीकृति लिनु पर्नेछ । आवश्यकतानुसार स्थानीय प्रहरी, प्रशासनसँग तुरुन्त सम्पर्क गर्न/गराउन सक्ने गरी आधुनिक संचार साधनको सुविधा हुनु पर्नेछ ।

६. सुरक्षा स्थिति तथा स्थान विशेष हेरी घुम्ती बैंकिङ्ग सेवा सञ्चालन गर्न चाहने संस्थाले कारोबार रकमको सीमा आफैं निर्धारण गर्न सक्ने छन् ।

७. घुम्ती बैंकिंगको माध्यमबाट नेपाली रुपैंयामा मात्र निक्षेप तथा भुक्तानी सेवा प्रदान गर्नु पर्नेछ ।

८. घुम्ती बैंकिङ्ग सेवा उपलब्ध गराइने स्थानमा हतियार सहितको सुरक्षा गार्ड हुनु पर्नेछ ।

९. बैंकको आन्तरिक लेखापरीक्षण विभागले घुम्ती बैंकिङ्ग कारोबारलाई सुरक्षित बनाउन निश्चित मापदण्ड बनाई आन्तरिक लेखापरीक्षणमा सो सम्बन्धी कारोबारलाई समेत समेट्नु पर्नेछ ।

१०. घुम्ती बैंकिङ्ग सेवा सञ्चालन गर्ने संस्थाले ग्राहकको निक्षेप सम्बन्धी कारोबार तथा रेमिट्यान्स सेवा उपलब्ध गराउने बाहेकका अन्य सेवा सुविधा प्रदान गर्न पाइने छैन ।

११. सम्बन्धित बैंक तथा वित्तीय संस्थाले यो सेवा सञ्चालन गर्दा प्रयोग गर्ने सवारी साधनमा आवश्यक सेवा प्रदान गर्न पूर्वाधार र सूचना प्रणाली जडान गरेको हुनु पर्नेछ ।

१२. घुम्ती बैंकिङ्ग सेवामा जाने कर्मचारीले स्वीकृत भौगोलिक क्षेत्रमा मात्र गएको प्रमाणित हुने सवारी साधनको लग बुक तथा अन्य कागजात तयार गर्नु पर्नेछ ।

१३. बैंकको Network र Database पूर्ण सुरक्षित हुनु पर्नेछ । प्राविधिक व्यवस्थापनमा कुनै समस्या आई निक्षेप तथा भुक्तानी कारोबार प्रभावित भई Database क्षति भएमा सो क्षतिको पूर्ण जवाफदेहिता सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नै हुनेछ ।

१४. Software Data लाई संस्थाको केन्द्रीय सूचना प्रणालीमा तत्काल प्रवाह र सूचना विनिमय गर्न व्यवस्था मिलाउनु पर्नेछ ।

१५. घुम्ती बैंकिङ्ग कारोबार गर्ने सम्बन्धी निर्णय सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट भएको हुनु पर्नेछ ।

१६. माथि उल्लिखित शर्तहरु, अन्य प्रचलित कानुन र यस बैंकको निर्देशनको अधीनमा रही यस बैंकको पूर्व स्वीकृति लिएर मात्र घुम्ती बैंकिङ्ग सेवा प्रदान गर्न सकिने छ ।

७. सीमित बैंकिङ्ग इकाई (Limited Banking Outlets) सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाहरुले सीमित बैंकिङ्ग इकाई (Limited Banking Outlets) को रुपमा कार्यालय (नियमित रुपमा कर्मचारी खटाई वा तोकिएको दिनमा कर्मचारी खटाई सेवा प्रदान गर्ने) स्थापना गरी देहायको नीतिगत व्यवस्था तथा शर्तहरुको अधीनमा रही बैंकिङ्ग सेवाको पँहुच नपुगेका (काठमाण्डौं उपत्यका, देशका अन्य उप-महानगरपालिका/नगरपालिका बाहेकका) क्षेत्रहरुमा सीमित बैंकिङ्ग इकाई मार्फत बैंकिङ्ग सेवा प्रदान गर्न सक्ने छन् ।

नीतिगत व्यवस्था तथा शर्तहरुः

१. सीमित बैंकिङ्ग सेवा उपलब्ध गराउने सम्बन्धी निर्णय सम्बन्धित संस्थाको सञ्चालक समितिबाट भएको हुनु पर्नेछ ।

२. सीमित बैंकिङ्ग इकाई मार्फत सेवा प्रदान गर्न चाहने संस्थाले कारोबार रकमको सीमा आफैं निर्धारण गर्न सक्ने छन् ।

३. सम्बन्धित संस्थाले यो सेवा सञ्चालन गर्दा आइपर्ने सुरक्षा प्रणाली लगायतका सम्पूर्ण जोखिम पहिचान र व्यवस्थापन आफैंले गर्नु पर्नेछ ।

४. सीमित बैंकिङ्ग सेवा उपलब्ध गराइने स्थानमा पर्याप्त सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

५. सीमित बैंकिङ्ग इकाई सेवामा संलग्न हुने नगद, मार्गस्थ नगद (Cash in Transit), सवारी साधन, कर्मचारी तथा अन्य सम्पत्तिको बीमा गरेको हुनु पर्नेछ ।

६. सीमित बैंकिङ्ग इकाई मार्फत सेवा उपलब्ध गराए बापत विद्यमान प्रचलित सेवा शुल्क बाहेक अन्य कुनैपनि सेवाशुल्क सेवाग्राहीसँग लिन पाइने छैन । कारोबारको विवरण र प्रभाव ग्राहकको खातामा तत्काल झल्कने व्यवस्था गर्नु पर्नेछ ।

७. सीमित बैंकिङ्ग इकाईको माध्यमबाट नेपाली रुपैंयामा मात्र निक्षेप तथा भुक्तानी सेवा प्रदान गर्नु पर्नेछ र अन्तर्राष्ट्रियस्तरमा कारोबार (Cross Border Transaction) गर्न र भुक्तानी सेवामा वैदेशिक मुद्राको प्रयोग गर्न पाइने छैन ।

८. संस्थाले ग्राहकलाई निक्षेप, भुक्तानी तथा कर्जा सम्बन्धी कारोबार र आन्तरिक रेमिट्यान्स सेवा उपलब्ध गराउने बाहेकका अन्य सेवा सुविधा प्रदान गर्न पाइने छैन ।

९. संस्थाको Network र Database पूर्ण सुरक्षित हुनु पर्नेछ । प्राविधिक व्यवस्थापनमा कुनै समस्या आई निक्षेप तथा भुक्तानी कारोबार प्रभावित भई Database क्षति भएमा सो क्षतिको पूर्ण जवाफदेहिता सम्बन्धित संस्थाको नै हुनेछ ।

१०. कारोबार सम्पन्न भए पश्चात नजिकको शाखा वा शाखा वा केन्द्रीय कार्यालयमा प्रत्यक्ष रुपमा (Live) Data Transfer गरी केन्द्रीय सूचना प्रणालीमा तत्काल सूचना आदान प्रदान हुने एवम् उपयुक्त Backup को समेत व्यवस्था गरेको हुनु पर्नेछ । यस्तो सुविधा तोकिएको स्थानमा कम्तीमा हप्ताको २ दिन उपलब्ध गराउनु पर्नेछ ।

११. संस्थाको आन्तरिक लेखापरीक्षण विभागले सीमित बैंकिङ्ग कारोबारलाई सुरक्षित बनाउन निश्चित मापदण्ड बनाई आन्तरिक लेखापरीक्षणमा सो सम्बन्धी कारोबारलाई समेत समेट्नु पर्नेछ ।

१२. कारोबार गर्दा ग्राहक पहिचान लगायत सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरेको हुनु पर्नेछ ।

१३. माथि उल्लिखित शर्तहरु, अन्य प्रचलित कानुन र यस बैंकको निर्देशनको अधीनमा रही यस बैंकको पूर्व स्वीकृति लिएर मात्र सीमित बैंकिङ्ग सेवा उपलब्ध गराउन सकिने छ ।

८. "क" वर्गका वाणिज्य बैंकहरूले विदेशमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरूले निम्नानुसारका शर्त तथा मापदण्डहरूको अधीनमा रही

विदेशमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा देहायको नीतिगत तथा प्रक्रियागत व्यवस्था कायम गरिएको छ ।

शर्त तथा मापदण्डहरु

(१) शाखा विस्तार गर्नका लागि प्रस्तावित स्थान वित्तीयरुपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतिवेदन (Feasibility Study Report) प्रस्तावित व्यवसायको योजना, तुलनात्मक लागत-लाभ विश्लेषण (Comparative Cost-benefit Analysis), व्यावसायिक रणनीति तथा सञ्चालन गर्ने कारोबारको किसिम, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन र Host Country सँग नेपालको द्विपक्षीय सम्बन्धको विवरण यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(२) "क" वर्गका बाणिज्य बैंकहरुले विदेशमा शाखा खोल्न आवेदन पेश गर्दा यस बैंकबाट तोकिएको न्यूनतम चुक्ता पुँजी पुगेको हुनु पर्नेछ ।

(३) जुन देशमा शाखा कार्यालय स्थापना गरिने हो, सो देश (Host Country) को नियामक निकायले तोकेको पुँजी (Assigned Capital) पुरा गर्नु पर्नेछ र सो पुँजीको व्यवस्थापन गरिने स्रोत समेत खुलेको विवरण आवेदनको साथमा पेश गर्नु पर्नेछ ।

(४) जुन देशमा शाखा कार्यालय स्थापना गरिने हो, उक्त देशबाट लाभांश (Dividend)/मुनाफाको रुपमा विदेशी मुद्रामा नेपाल भित्र्याउन एवम् कथम्कदाचित विदेशस्थित शाखा कार्यालय बन्द गर्नु पर्ने अवस्था आएमा तोकिएको पुँजी (Assigned Capital) जुन विदेशी मुद्रामा लगिएको हो, सोही विदेशी मुद्रामा वा परिवर्त्य विदेशी मुद्रामा अनिवार्य रूपमा स्वदेशमा फिर्ता गर्नु पर्ने हुँदा सो समेतका विषयमा Host Country को ऐन तथा नीतिगत व्यवस्थाले नरोक्ने व्यहोरा प्रमाणित हुने कागजात समेत पेश गर्नु पर्नेछ ।

(५) यस बैकबाट इजाजजपत्र प्रदान गर्दा तोकिएका शर्तहरु पुरा गर्नुका साथै विदेशमा शाखा खोल्नु अगाडिको त्रैमासिक वित्तीय विवरणमा यस बैंकले तोकेको पुँजीकोष पुरा गरेको हुनु पर्नेछ ।

(६) विदेशमा रहेको शाखा कार्यालयमा सूचना आदान प्रदान गर्नको लागि नेटवर्किङ्ग (Networking) गरी वा विद्युतीय माध्यमवाट केन्द्रीय कार्यालयको सूचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था गरेको हुनु पर्नेछ ।

(७) ठीक अघिल्लो त्रयमासमा निष्क्रिय कर्जा (Non Performing Loan) पाँच प्रतिशतभन्दा कम भएको हुनु पर्नेछ ।

(८) विदेशमा शाखा कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धी निर्णय सम्बन्धित बैंकको सञ्चालक समितिबाट गर्नु पर्नेछ । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र सोको जानकारी यस बैंकलाई गराउनु पर्नेछ । यस बैंकलाई जानकारी गराएको एक सय बिस दिनभित्रमा स्वीकृति दिइने छ । विदेशमा शाखा कार्यालय स्थापनाको स्वीकृति प्राप्त गरेको मितिले ६ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिसक्नु पर्नेछ । उक्त तोकिएको अवधिभित्र शाखा कार्यालय सञ्चालन गर्न नसके/नभएमा स्वीकृति स्वतः रद्द हुनेछ र पुनः स्थापना गर्ने स्वीकृतिको लागि नयाँ प्रक्रियाबाट निवेदन पेश गर्नु पर्नेछ ।

(९) यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने प्रचलित व्यवस्था बमोजिम वित्तीय विवरणहरुमा विदेशमा संचालित शाखा कार्यालयको वित्तीय विवरण एकीकृत (Consolidate) तथा छुट्टै (Separately) समेत पेश गर्नु पर्नेछ ।

(१०) विदेशमा शाखा कार्यालय स्थापना गर्ने "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्व स्वीकृति बिना उक्त शाखा कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।

(११) विदेशमा शाखा कार्यालय स्थापना गर्ने "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले विदेशी शाखा कार्यालयको ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(१२) विदेशमा शाखा खोल्न चाहने बैंकले सम्बन्धित Host Country ले तोकेका मापदण्ड अनुरुप No Objection Letter प्राप्त भए पश्चात यस बैंकले तोकेको शर्त तथा नीतिगत व्यवस्थाहरुको पालना गरेपछि यस बैंकले No Objection Letter प्रदान गर्नेछ ।

(१३) विदेशमा शाखा खोल्न चाहने बैंकले सम्बन्धित Host Country को नियामक संस्थाको निर्देशन र यस बैंकले तोके बमोजिमको पुँजीको विवरण र पुँजी पर्याप्तता सदैव पुरा गरेको हुनु पर्नेछ ।

(१४) विदेशस्थित शाखाको प्रयोजनको लागि तोकिएको पुँजी (Assigned Capital) बाहेकको कुनै पनि रकम वा परिवर्त्य विदेशी मुद्रा विदेश लैजान पाइने छैन ।

(१५) विदेशस्थित शाखाले गरेको व्यावसायिक काम कारवाहीको सम्पूर्ण दायित्व पुरा गर्न आवश्यक हुने रकम तथा अन्य कुनै पनि दायित्व राष्ट्र बैंकले माग गरेको बखत उपलब्ध गराउने छौं भनी नेपालमा रहेको मुख्य कम्पनी (Parent Company) को सञ्चालक समितिले गरेको लिखित प्रतिबद्धता यस बैंकमा पेश गर्नु पर्नेछ ।

(१६) विदेशस्थित शाखाको सम्पूर्ण कारोबारहरुको नियमन र सुपरिवेक्षण गर्ने अधिकार नेपाल राष्ट्र बैंक र Host Country को नियामक र सुपरिवेक्षकमा अन्तर्निहित रहनेछ । प्रचलित व्यवस्था बमोजिम त्यस्ता शाखाहरुको आवधिक रुपमा गैर स्थलगत (Off-site) तथा स्थलगत (On-site) सुपरिवेक्षण कार्य नियमित रुपमा गरिनेछ । सो सुपरिवेक्षणको कार्यको लागि सम्बन्धित बैंकले संस्थागत ढंगले नै सुपरिवेक्षकलाई सहयोग गर्नु पर्नेछ ।

(१७) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, परिपत्र, मार्गदर्शन इत्यादि (अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक) विदेशस्थित शाखाको हकमा समेत लागू हुनेछ । त्यस्ता शाखाहरुको लागि कुनै विशेष व्यवस्था गर्नु परेमा वा निकाशा दिनु परेमा नेपाल राष्ट्र बैंकले आवश्यकतानुसार गर्न सक्नेछ । नीतिगत निर्देशन तथा कानुनको पालना नगरेमा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन अनुसार कारवाही र दण्ड जरिवाना गरिने छ ।

(१८) विदेशमा शाखा कार्यालय स्थापना गर्ने "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस प्रयोजनको लागि आवेदन दिंदा तोकिएको ढाँचामा फाराम भरी दर्ता शुल्क बापत रु. दुई लाख (फिर्ता नहुने) को ने.रा.बैं. ना.नो.आ.हिसाबमा जम्मा गरेको भौचरको अर्धकट्टी समेत पेश गरी आवेदन दिनु पर्नेछ ।

(१९) विदेशमा शाखा कार्यालय सञ्चालन गर्दा अपनाइने बैंकिङ्ग कार्यविधि, कर्जा निर्देशिका लगायतका कागजात यथासमय यस बैंकमा पेश गर्नु पर्नेछ । Host Country को नियामक वा सुपरिवेक्षकले लगाएको दण्ड, जरीवाना तथा सुशासन सम्बन्धी कारवाहीको जानकारी १५ दिनभित्र यस बैंकको नियमन विभाग र सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(२०) विदेशमा शाखा कार्यालय सञ्चालन गर्दा सम्पत्ति शुद्धिकरण निवारण ऐनको परिपालना पूर्ण रुपले गर्नु/गराउनु पर्नेछ ।

९. शाखा/कार्यालय सम्बन्धी यस निर्देशन बमोजिमको प्रक्रिया तथा शर्त पुरा नगरी खोलिएका शाखा तत्कालै बन्द गर्नुपर्नेछ र आगामी २ वर्षसम्म थप शाखा खोल्न पाइने छैन ।

१०. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को शाखा/कार्यालय सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. १४/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १४.१

शाखा/कार्यालय खोल्ने बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट स्वीकृतिको लागि पेश गर्नु पर्ने निवेदनको ढाँचा

श्री नेपाल राष्ट्र बैंक **मितिः** .....

बैंक तथा वित्तीय संस्था नियमन विभाग

बालुवाटार, काठमाडौं ।

विषयः शाखा कार्यालय खोल्ने स्वीकृति बारे

महाशय,

त्यस बैंकको एकीकृत निर्देशन नं. १४/०७६ ले तोकेका शर्तहरुको पूर्ण पालना गरी देहाय बमोजिमको स्थानमा शाखा कार्यालय/एक्टेन्सन कार्यालय खोल्ने गरी यस बैंकको सञ्चालक समितिको निर्णय नं. ..... मिति ..... बाट निर्णय भएको हुँदा त्यहाँको स्वीकृतिको लागि अनुरोध गर्दछौं ।

१. बैंक/वित्तीय संस्थाको नाम, ठेगाना :

२. प्रस्तावित शाखा स्थापना गरिने स्थान, जिल्लाको नाम, ठेगाना :

३. संस्थाको विवरण

(क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मिति :

(ख) वित्तीय कारोबार सञ्चालन गरेको मितिः

(ग) संस्थाको ठीक अघिल्लो त्रयमासको चुक्ता पुँजी :

(घ) संस्थाको कुल कर्जा रकम :

(ङ) पछिल्लो आ.व. को अन्तिम लेखापरीक्षकवाट प्रमाणित कुल निष्क्रिय कर्जा रकम र प्रतिशत :

(च) हालसम्म सञ्चालनमा रहेका शाखा संख्या :

(छ) नयाँ शाखा कार्यालय खोलेपछि हुने शाखा संख्या :

(ज) २०६४ चैतमसान्तपछि खोलिएका शाखाको विवरण (क्रमानुसार)

अ) काठमाडौं उपत्यका बाहिरको विवरण :

आ) काठमाडौं उपत्यकाभित्रको विवरण :

इ) तोकिएका १७ जिल्लाहरूमध्येको विवरण :

ई) ग वर्गको हकमा काठमाण्डौ उपत्यका बाहेकका २ वटाभन्दा कम बैंकिङ्ग इकाई भएको स्थानमा खोलेका शाखाको विवरण :

४. प्रस्तावित शाखाको लागि तोकिएको र थप गरी हुने कुल चुक्ता पुँजीको विवरण ('ग' वर्गको लागि) :

५. प्रस्तावित शाखाको लागि काठमाडौं उपत्यका बाहिर खोलिएका शाखाको विवरण :

क) तोकिएका १४ जिल्लाहरूभित्र :

ख) तोकिएका १४ जिल्लाहरू बाहेक अन्यत्र :

६. शाखा कार्यालय/केन्द्रीय कार्यालयसँग सूचना आदान प्रदानको लागि व्यवस्था गरिएको सूचना प्रविधि (Networking) को विवरणः

७. सर्वसाधारण सेयर जारी गरेको मिति :

८. त्रैमासिक पुँजीकोषको प्रतिशत :

त्रयमास	प्राथमिक पुँजी प्रतिशत	पुँजीकोष प्रतिशत
२०७.. असार		
२०७.. असोज		
२०७.. पुस		
२०७.. चैत		

९. पुँजी योजना बमोजिम/नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पछिल्लो आ.व. को अन्त्यमा,

(क) पुरा हुनु पर्ने चुक्ता पुँजी :

(ख) हाल कायम रहेको चुक्ता पुँजी :

१०. संस्थाको कार्यक्षेत्रको विवरण :

११. शाखा कार्यालय खोल्ने निर्णयमा संलग्न रहेका पदाधिकारीहरुको विवरण,

(क) सञ्चालक समितिका पदाधिकारीहरु :

(ख) प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव :

नोटः सम्भाव्यता अध्ययन प्रतिवेदनमा निर्देशनमा उल्लिखित विषयहरु अनिवार्यरुपमा उल्लेख गर्नु पर्ने ।

साथै, यस बैकले शाखा कार्यालय सञ्चालन गर्ने मितिमा समेत माथि उल्लिखित सम्पूर्ण शर्त तथा व्यवस्थाहरु पालना गर्नेछौ । माथि उल्लिखित विवरणहरु ठीक साँचो हो, कुनै विवरणमा फरक परेमा प्रचलित कानुन बमोजिमको सजाय/कारवाही भएमा मञ्जुरी भएको व्यहोरा अवगत गराउँदछौं ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १५/०७७

ब्याजदर सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा प्रदान गर्ने र कर्जा तथा सापटमा लिने ब्याजदर सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. निक्षेपको ब्याजदर

प्रचलित कानुन तथा देहायको व्यवस्थाको अधीनमा रही इजाजतपत्रप्राप्त संस्थाले निक्षेपको व्याजदर तथा गणना विधि आफैंले निर्धारण गर्न सक्नेछन् ।

(१) **निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा लागु हुने ब्याजदर सम्बन्धी सुचना नेपाली महिना सुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ ।**

(२) विभिन्न प्रकारका बचत खाताहरुमा दिइने व्याजदरको अन्तर २ प्रतिशत विन्दु भन्दा बढीले फरक पार्न पाईने छैन । बचत खाताको ब्याजदर परिवर्तन गर्दा सबै प्रकृतिको बचत खातालाई समान रुपमा लागू हुने गरी ब्याजदर समायोजन गर्नु पर्नेछ ।

(३) **माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा बचत निक्षेपमा प्रदान गरिने न्यूनतम ब्याजदरको पचास प्रतिशत भन्दा बढी ब्याज प्रदान गर्न पाइने छैन् ।** यस्ता खाताहरुमा चेक जारी गर्न पाइने छैन । **Call Deposit तथा संस्थागत मुद्दती निक्षेप बाहेक अन्य निक्षेपको हकमा प्रकाशित ब्याजदरमा शून्य दशमलव पाँच प्रतिशत बिन्दुसम्म बढाउन सकिनेछ ।**

तर,

(क) अक्षयकोष वापतको रकम मुद्दती निक्षेपको रुपमा स्वीकार गर्दा भने बैंक तथा वित्तीय संस्था र ग्राहक बीचको आपसी सहमतिको आधारमा ब्याजदर कायम गर्न सकिनेछ ।

(ख) बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्दती निक्षेपको हकमा प्रकाशित व्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ । यसरी प्रकाशित व्याजदर तीन महिना सम्म परिवर्तन गर्न पाइने छैन ।

(४) तीन महिना भन्दा कम समयावधिको मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । साथै, मुद्दती निक्षेपको समयावधि समाप्त नहुदै पूर्वनिर्धारित ब्याजदर कायम रहने गरी ग्राहकले चाहेको वखत जहिलेपनि भिक्न पाउने गरी मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन ।

(५) ब्याज प्रदान गरिने खाता कुनै पनि कारणले निष्कृय हुन गएमा समेत निक्षेपकर्ताले पाउनुपर्ने ब्याज प्रदान गर्नुपर्नेछ ।

२. आधार दर

संलग्न अनुसूची-१५.१ को "आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९" बमोजिम मासिक रुपले आधार दर गणना गरी निर्देशन फा.नं. १५.१ बमोजिमको ढाँचाको विवरण महिना समाप्त भएको १५ दिनभित्र यस बैंकमा पेश गर्नु पर्नेछ । साथै, उक्त आधार दरलाई आफ्नो वेबसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ ।

३. कर्जाको ब्याजदर

कर्जा तथा सापटमा लिने ब्याजदर, ब्याज गणनाविधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर सम्बन्धमा प्रचलित कानुन तथा देहायबमोजिमका मापदण्डहरुको पालना गरी निर्धारण गर्न सकिनेछ ।

(१) कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा अनुसूची-१५.१ बमोजिम गणना गरिएको "आधार दर" (Base Rate) सँग आवद्ध गर्नु पर्नेछ । साथै, पुनरतालिकीकरण वा पुनरसंरचना गरिने कर्जाको ब्याजदर समेत आधार दरलाई आधार मानी निर्धारण गर्नु पर्नेछ ।

(२) कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकम भन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।

(३) कर्जाको प्रकार तथा भुक्तानी अवधिका आधारमा छुट्टाछुट्टै प्रिमियम दर तय गरी **मासिक** रुपमा कर्जा तथा सापटको ब्याजदर निर्धारण तथा प्रकाशन गर्नु पर्नेछ । **आगामी महिनाको लागि कर्जा तथा सापटमा लागु हुने ब्याजदर सम्बन्धी सुचना नेपाली महिना सुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ ।**

(४) ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । प्रकाशित प्रिमियम दर परिवर्तन गर्दा अर्धवार्षिक रुपमा परिवर्तन गर्न सकिनेछ । तर, प्रिमियम दर घटाउनु पर्ने भएमा अर्धवार्षिक भन्दा कम समयावधिमा पनि प्रकाशित प्रिमियम दर परिवर्तन गर्न सकिनेछ ।

(५) कुनै व्यक्ति वा फर्मलाई प्रदान गरिने कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्दा आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । उदाहरणका लागि कुनै ग्राहकलाई प्रदान गरिने कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरमा २ प्रतिशत विन्दुले प्रिमियम थप गर्ने भएमा निम्नानुसार ब्याजदर तय गर्नु पर्नेछ :

कर्जाको ब्याजदर = आधार दर + २ प्रतिशत विन्दु

तर, विपन्न वर्ग कर्जाको हकमा आधारदरभन्दा कम ब्याजदरमा समेत कर्जा प्रवाह गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(६) **ऋणीसँगको सहमतिमा १ वर्ष भन्दा बढी भुक्तानी अवधि भएको आवधिक प्रकृतिको कर्जाको लागि तोकिएको अवधिभर ब्याजदर परिवर्तन नहुने गरी स्थिर ब्याजदर (Fixed interest rate) तोक्न सक्नेछन् । यस्तो स्थिर ब्याजदर तोकिएको अवधिभर परिवर्तन गर्न पाइने छैन ।**

(७) ऋणीलाई दिइने कर्जा प्रस्ताव पत्र (Offer Letter) मा आधार दरमा थप गर्ने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । प्रिमियम दर तय गर्दा कर्जाका लागि आवेदन प्राप्त हुँदाको वखत प्रकाशित प्रिमियम दर भन्दा बढी तय गर्न पाइने छैन ।

(८) एकपटक प्रिमियम दर निर्धारण गरी ऋणीलाई दिइने कर्जा प्रस्ताव पत्रमा उल्लेख गरी कर्जा प्रवाह गरे पश्चात् **प्रिमियम दर वृद्धि गर्न वा कुनै किसिमको डिस्काउन्ट प्रदान गरी पुनः स्वतः बृद्धि हुने जस्ता योजना लागू गर्न** पाइने छैन । तर, ऋणीले कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी नगरेको, जुन उद्देश्यका लागि कर्जा लिएको हो, सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेको लगायत कर्जाका अन्य शर्तहरु पालना नगरेको अवस्थामा कर्जा प्रस्ताव पत्रमा तोकिए बमोजिमको हर्जाना दर थप गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(९) ऋणीले लिने थप कर्जा वा बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने नयाँ कर्जाको हकमा नयाँ प्रकाशित प्रिमियम दर लागू हुनेछ ।

(१०) इजाजतपत्रप्राप्त संस्थाले यस अघि प्रवाहित कुनै कर्जाको सन्दर्भमा ऋणीलाई दिएको कर्जा प्रस्ताव पत्र (Offer letter) मा प्रिमियम दर स्पष्ट उल्लेख नगरी सिधै ब्याजदर तोकेको भएमा त्यस्तो कर्जाहरुको हकमा अफर लेटरमा तोकिएको ब्याजदर र कर्जा प्रवाहको वखत कायम रहेको सम्बन्धित बैंक वा वित्तीय संस्थाको आधार दर बीचको अन्तरलाई नै प्रिमियम दरको रुपमा लिनु पर्नेछ । तर, ऋणीसँग पुनः सम्झौता गरी पुनः प्रिमियम दर कायम गर्न यस व्यवस्थाले बाधा पर्ने छैन ।

(११) इजाजतपत्रप्राप्त संस्थाले कर्जा तथा सापटको ब्याजदर निर्धारण गर्ने क्रममा आधार दरमा थप गरिने प्रिमियम दर तय गर्दा ब्याजदर अन्तर सम्बन्धी यसै निर्देशनको बुँदा नं. ४ को व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(१२) कर्जाको ब्याजदर वृद्धि गर्दा आधार दरमा भएको वृद्धिसम्ममात्र वृद्धि गर्न सकिने छ र यस्तो वृद्धि एक त्रयमासमा एकपटक मात्र गर्न सकिनेछ । तर, आधार दर बृद्धि हुँदा ब्याजदर बृद्धि नगर्न, ऋणीसँगको सहमतिमा स्थिर ब्याजदर कायम गर्न तथा जुनसुकै समयमा पनि ब्याजदर घटाउन यस व्यवस्थाले वाधा पर्ने छैन । **यसरी त्रैमासिक रुपमा आधारदर (Base Rate) मा परिवर्तन हुँदा ब्याजदरमा परिवर्तन हुने/नहुने सम्बन्धमा ऋणीलाई offer letter मा स्पष्ट रुपमा उल्लेख गरी अनिवार्य जानकारी दिने व्यवस्था गर्नुपर्नेछ ।**

(१३) इजाजतपत्रप्राप्त संस्थाले इ.प्रा. निर्देशन नं १७/०७५(विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था) बमोजिम जेष्ठ नागरिक, दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला तथा फरक ढंगले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्न वर्ग कर्जाको ब्याज दरमा कम्तीमा एक प्रतिशत बिन्दुले सहुलियत दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(१४) **व्यक्तिगत आबधिक कर्जाको ब्याजदर सम्बन्धी व्यवस्था :**

(क) एक वर्ष भन्दा बढी भुक्तानी अवधि भएका व्यक्तिगत आवधिक कर्जाहरुको ब्याजदर परिवर्तन नहुने गरी स्थीर ब्याजदर कायम गर्नु पर्नेछ । यस प्रयोजनको लागि, इजाजतपत्र प्राप्त संस्थाले एक वर्ष भन्दा बढी भुक्तानी अवधि भएका प्रत्येक व्यक्तिगत आबधिक कर्जाको ब्याजदर भुक्तानी अबधीभर परिवर्तन नहुने गरी स्थीर ब्याजदर (Fixed interest rate) निर्धारण गर्नुपर्नेछ ।

तर, ग्राहक स्वयंले इजाजतपत्र प्राप्त संस्थाको आधार दर परिवर्तन हुँदा परिवर्तन हुने परिवर्तनीय ब्याजदर (adjustable interest rate) मा कर्जा लिन चाहेमा ग्राहकको अनुरोधमा परिवर्तनीय ब्याजदर कायम गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) यो व्यवस्था व्यक्तिको नाममा प्रवाह भएका/हुने घर कर्जा (home loan/ housing loan), गाडी कर्जा (auto loan/ vehicle loan / hirepurchase loan), लगायतका मासीक वा कुनै पनि आवधिक किस्तामा भुक्तानी हुने गरी प्रवाह गरिएका/हुने एक वर्ष भन्दा बढी भुक्तानी अवधि भएका कर्जामा लागू हुनेछ ।

(ग) यो निर्देशन जारी हुनुपूर्व मासिक/त्रयमासिक/आवधिक किस्तामा भुक्तानी हुने गरी ब्यक्तिको नाममा प्रवाह भएका घर कर्जा (home loan/ housing loan), गाडी कर्जा (auto loan/ vehicle loan / hirepurchase loan), लगायतका आवधिक कर्जाको हकमा ग्राहकको अनुरोधमा स्थीर ब्याजदर कायम हुने गरी कर्जाका शर्तहरु परिवर्तन गर्नु पर्नेछ ।

(घ) यो व्यवस्थाको अनुपालनाको लागि कर्जाका शर्त वा भुक्तानी तालिका वा किस्ता रकममा भएको परिवर्तनलाई पुनरतालिकिकरण वा पुनरसंरचना मानिने छैन ।

(ङ) उपबुँदा (क) अनुसारको कर्जा अबधी भर परिवर्तन नहुने गरी नयाँ कर्जाको लागी तोकिने स्थीर ब्याजदर (Fixed interest rate) अर्धवार्षिक रुपमा मात्र निर्धारण तथा प्रकाशन गर्नु पर्नेछ ।

(१५) इजाजतपत्रप्राप्त संस्थाहरुले मुद्दती निक्षेपकर्ता ग्राहकलाई सो मुद्दती निक्षेप रसिदको धितोमा कर्जा प्रदान गर्दा त्यस्तो कर्जामा लाग्ने ब्याजदर मुद्दती निक्षेपमा प्रदान गरिएको ब्याजदरमा के कति प्रतिशत बिन्दुले थप गरी तय गरिने हो वा आधार दरका आधारमा तय गर्ने हो भने के कति प्रिमियम थप गरी तय गरिने हो, सो सम्बन्धमा सम्बन्धित ग्राहकलाई मुद्दती निक्षेप खाता खोल्दाकै वखत जानकारी दिई निजको लिखित सहमति लिनु पर्नेछ । यसरी ग्राहकले सहमति जनाएको भन्दा फरक ढंगले त्यस्तो कर्जाको ब्याजदर कायम गर्न पाइने छैन ।

४. ब्याजदर अन्तर सम्बन्धी व्यवस्था

(१) निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर बीचको औसत अन्तर अनुसूची-१५.२ बमोजिमको सूत्रबाट प्रत्येक महिना गणना गरी आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ । साथै

प्रत्येक त्रयमासको वित्तीय विवरण र ब्याजदर सम्बन्धी विवरण प्रकाशन गर्दा समेत अनिवार्य रुपमा औसत ब्याजदर अन्तर प्रकाशन गर्नु पर्नेछ ।

(२) औसत ब्याजदर अन्तर "क" वर्गका वाणिज्य बैंकहरुको हकमा ४.४ प्रतिशत र "ख" र "ग" वर्गका संस्थाको हकमा ५ प्रतिशत भन्दा बढी नहुने व्यवस्था गर्नु पर्नेछ ।

(३) **बैंक तथा वित्तीय संस्थाले उपबुँदा नं. २ बमोजिमको औसत व्याजदर अन्तर मासिक रुपमा कायम गर्नुपर्ने छ र** सो नगरेमा देहाय बमोजिमको सबै कारबाही हुनेछः :

(क) वाणिज्य बैंकको शाखा कार्यालय नभएका स्थानीय तह बाहेकका स्थानमा शाखा कार्यालय विस्तार गर्न रोक लगाउने,

(ख) भूकम्प पिडितलाई प्रवाह गरिने बाहेकका अन्य पुनरकर्जा सुविधा प्रदान नगर्ने,

(ग) सो आर्थिक वर्षको बोनस सेयरको कर प्रयोजन बाहेकको नगद लाभांश घोषणा तथा वितरण गर्न रोक लगाउने ।

(४) यस व्यवस्था बमोजिम प्रकाशित गरिएको औसत ब्याजदर अन्तर गणना सम्बन्धी विवरण निर्देशन फा.नं. १५.२ बमोजिमको ढाँचामा यस बैंकमा पेश गर्नु पर्नेछ ।

(५) उपबुँदा नं. (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायबमोजिमका अवस्थामा उपबुँदा नं. (३) बमोजिमको कारबाही हुने छैन ।

(क) यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका संस्थाहरुको हकमा उक्त संस्था समस्याग्रस्त रहदा वा समस्याग्रस्तबाट हटेको २ वर्षसम्म ।

(ख) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गरेमा २०७८ असारमसान्तसम्म ।

५. ब्याजदर सम्बन्धी अन्य व्यवस्थाहरु

(१) बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जा/सापटमा त्रैमासिक रुपमा ब्याज असुल गर्ने गरेको अवस्थामा बचत निक्षेपमा पनि ३/३ महिनामा सम्बन्धित खातामा ब्याज जम्मा गरिदिने व्यवस्था गर्नु पर्नेछ । निक्षेपकर्तालाई दिने ब्याज दैनिक मौज्दातमा प्रदान गर्नु पर्नेछ ।

(२) निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर संशोधन गर्ने वा चल्ती तथा बचत खातामा कायम गर्नुपर्ने न्यूनतम मौज्दात रकममा थपघट गर्ने निर्णय गरेमा सो निर्णय भएको लगतै र साविककै ब्याजदर कायम रहने अवस्थामा समेत मासिक रुपले राष्ट्रियस्तरको पत्रपत्रिकामा र **बैंक तथा वित्तीय संस्थाको वेबसाईटमा प्रकाशन गरी** सर्वसाधारण निक्षेपकर्ताहरुलाई सूचित गर्नु पर्नेछ ।

(३) व्याजदर प्रकाशित गर्दा वार्षिक प्रतिशत दर उल्लेख गर्नुपर्नेछ ।

(४) प्रत्येक त्रयमास समाप्त भएको १५ दिनभित्र निक्षेप तथा कर्जाको ब्याजदर सम्बन्धी विवरण यस बैंकमा पठाउनु पर्नेछ । साथै, ब्याजदर संशोधन गरेको ७ दिनभित्र सो सम्बन्धी पूर्ण विवरण समेत उपलब्ध गराउनु पर्नेछ ।

(५) **कर्जा र निक्षेपको ब्याजदर, आधार दर र ब्याजदर अन्तरको विगत ३ वर्ष अवधिको विवरण वेबसाइटमा प्रकाशन गर्नुपर्ने छ ।**

६. खारेजी र बचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को इ.प्रा निर्देशन नं. १५/०७६ बाट जारी गरिएको ब्याजदर सम्बन्धी निर्देशन र सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९

१. आधार दरको अवधारणा

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरे बमोजिम मूल्य तथा वाह्य क्षेत्र स्थायित्व कायम गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकमा रहेको छ । विश्वव्यापी तथा क्षेत्रीयस्तरमा बेलाबेलामा देखिएका वित्तीय संकट तथा तिनीहरुबाट अर्थतन्त्रमा परेको क्षतिलाई मध्यनजर गरी वित्तीय क्षेत्र स्थायित्वलाई पनि केन्द्रीय बैंकहरुले एक प्रमुख उद्देश्यको रुपमा अङ्गिकार गर्न लागेको सन्दर्भमा नेपाल राष्ट्र बैंकले पनि वित्तीय क्षेत्र स्थायित्वलाई एक प्रमुख उद्देश्यको रुपमा अगाडि बढाएको छ । ब्याजदरमा हुने उतारचढावले लागत तथा प्रतिफलको माध्यमबाट वित्तीय क्षेत्रको स्थायित्वमा प्रत्यक्ष प्रभाव पर्ने हुन्छ । कर्जा लगानीको ब्याजदर निर्धारण प्रक्रिया पारदर्शी भएमा यसबाट बैंक तथा वित्तीय संस्थाहरुको कार्यकुशलता र प्रतिस्पर्धी क्षमतामा सकारात्मक प्रभाव पर्नुका साथै मौद्रिक प्रसारण संयन्त्र सुदृढ भई मौद्रिक नीतिको प्रभावकारितामा पनि सुधार हुने अपेक्षा गर्न सकिन्छ । तसर्थ, बैंक तथा वित्तीय संस्थाहरुको कर्जाको ब्याजदर निर्धारण प्रतिस्पर्धी र पारदर्शी गर्न अभिप्रेरित गर्ने उद्देश्यले आर्थिक वर्ष २०६९/७० को मौद्रिक नीतिमा आधार दर लागू गर्ने उल्लेख गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकहरुलाई कर्जा प्रवाह गर्दा कर्जाको ब्याजदर निर्धारण गर्नु पर्दछ । यस्तो ब्याजदर स्थिर वा परिवर्तनशील दुबै हुन सक्छ । बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने कर्जाको ब्याजदर निर्धारणमा विभिन्न तत्वहरु समावेश भएका हुन्छन् । बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा उपभोग गर्ने ऋणीहरुमा समान रुपले लागू हुने तथा स्पष्टसँग पहिचान गर्न सकिने कर्जाको ब्याजदर निर्धारणका तत्वहरु समावेश गरिएको दर नै आधार ब्याजदर हो । तसर्थ, आधार दर कर्जा प्रवाहको वास्तविक ब्याजदर नभई ब्याजदर निर्धारण गर्ने आधार मात्र हो ।

आधार दरका तत्वहरुमा निक्षेप लागत वा कोष लागत सबैभन्दा महत्वपूर्ण हुन्छ । यसबाहेक संस्था सञ्चालनका लागि गर्नुपर्ने सञ्चालन खर्च वापतको लागत, शून्य प्रतिफलमा अनिवार्य नगद अनुपात कायम गर्दा परेको लागत, निक्षेप लागत भन्दा कम प्रतिफल प्राप्तहुने गरी बैधानिक तरलता अनुपात कायम गर्दाको लागत र संस्थाका लगानीकर्ताहरुको पुँजीगत लगानीको लागि प्रदान गर्नुपर्ने सामान्य प्रतिफल कर्जाको आधार दरका प्रमुख तत्वहरु हुन् । बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको ब्याजदर निर्धारण गर्दा आधार दरलाई सन्दर्भदर (Reference Rate) को रुपमा लिई ग्राहक/क्षेत्र विशेष जोखिम तथा कर्जाको अवधि विशेष प्रिमियम समावेश गरी त्यस्तो ब्याजदर निर्धारण गर्ने गरिन्छ । ब्याजदर उतारचढाव भएको विशेष परिस्थितिमा आधार दरको गणना नियमित रुपमा गर्न सकेमा यसबाट मुद्रा बजारको वस्तुस्थिति अनुसार ब्याजदर निर्धारण गर्न समेत सहज हुन जाने देखिन्छ ।

२. आधार दर गणना विधिः

२. आधार दर गणना विधिः

आधार दर गणना गर्दा निम्नानुसारको विधि अपनाउनु पर्नेछः

आधार दर = कोष लागत प्रतिशत + अनिवार्य मौज्दात लागत प्रतिशत + वैधानिक तरलता लागत प्रतिशत + सञ्चालन लागत प्रतिशत

२.१ कोषको लागत (Cost of Fund)

कोषको लागत देहाय बमोजिम गणना गर्नु पर्नेछः

कोष लागत प्रतिशत = स्वदेशी निक्षेप र ऋण तथा सापटीको भारित औसत ब्याजदर

२.२ अनिवार्य मौज्दात लागत

अनिवार्य मौज्दात लागत गणना देहाय बमोजिम गर्नु पर्नेछः

अनिवार्य मौज्दातको औसत रकम x कोष लागत प्रतिशत

अनिवार्य मौज्दात लागत प्रतिशत = ----------

लगानी योग्य कोषको औसत रकम

लगानी योग्य कोषको औसत रकम = स्वदेशी निक्षेपको औसत रकम + स्वदेशी ऋण तथा सापटी (Borrowing) को औसत रकम - वैधानिक तरलताको औसत रकम

२.३ वैधानिक तरलता लागत

वैधानिक तरलता लागत गणना देहाय बमोजिम गर्नु पर्नेछ:

खुद वैधानिक तरलता रकम x (कोष लागत प्रतिशत - सरकारी सुरक्षणपत्रको भारित औसत ब्याजदर)

वैधानिक तरलता लागत प्रतिशत = ---------- ----------

लगानी योग्य कोषको औसत रकम

खुद वैधानिक तरलता रकम = वैधानिक तरलताको औसत रकम - अनिवार्य मौज्दातको औसत रकम

२.४ सञ्चालन लागत

सञ्चालन लागत गणना गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:

*कुल सञ्चालन खर्च * x ८५***

सञ्चालन लागत प्रतिशत = ----------

लगानी योग्य कोषको औसत रकम

स्पष्टीकरण :

यस प्रयोजनका लागि कुल सञ्चालन खर्च भन्नाले संस्थाको कुल सञ्चालन खर्चबाट इ.प्रा.निर्देशन नं. ४ मा तोकिएको वित्तीय विवरणको ढाँचाको अनुसूची ४.३६ मा रहेको Finance Expense under NFRS र Employees Bonus घटाई कायम रहेको कुल सञ्चालन खर्चलाई सम्झनु पर्दछ । साथै, निक्षेप संकलनसंग प्रत्यक्ष सम्बन्धित निक्षेपकर्तालाई प्रदान गर्ने सुविधा वापतका खर्चहरु जस्तै बीमा खर्च, औषधी उपचार खर्च आदि कुल सञ्चालन खर्चमा समावेश गर्न पाइने छैन ।

३. आधार दर गणना सम्बन्धमा थप व्यवस्था:

३.१ आधार दर गणना गर्दा पछिल्लो अवधिको वित्तीय विवरण तथा तथ्याङ्कलाई आधार लिई गणना गर्नुपर्नेछ । मासिक तथ्यांक उपलब्ध नहुने वार्षिक प्रकृतिका खर्चलाई समानुपातिक रुपमा रुपान्तरण गरी गणना गर्नु पर्नेछ ।

३.२ वैधानिक तरलताको औसत रकम र अनिवार्य मौज्दातको औसत रकम गणना गर्दा यस बैंकबाट जारी निर्देशन बमोजिम कायम गर्नुपर्ने न्यूनतम रकमलाई लिनु पर्नेछ ।

३.३ कुल सञ्चालन खर्चमा यस बैंकले तोकेको वित्तीय विवरणको नाफा नोक्सान खाता बमोजिमको कर्मचारी खर्च र अन्य सञ्चालन खर्चलाई लिनु पर्नेछ ।

नोट:

** पछिल्लो अवधिको आधारमा वार्षिकीकरण गरिएको ।*

***सञ्चालन खर्च अन्तर्गत १५ प्रतिशत रकम गैह्रकोष सञ्चालन खर्च अनुमान गरिएको र सोको पूर्ति गैह्रकोष आम्दानीबाट नै हुन सक्ने*. रा बैंक निर्देशन फा.नं.१५.१

..... बैंक लि.

आधार दर सम्बन्धी विवरण (मासिक)

(आ. व. २०७ , ...महिनाको विवरण)

(१) आधार ब्याजदर

क्र.सं.	विवरण	प्रतिशत	कैफियत
(क)	कोष लागत		
(ख)	अनिवार्य मौज्दात लागत		
(ग)	वैधानिक तरलता लागत		
(घ)	सञ्चालन लागत		
(ङ)	**आधार दर**		(क देखिघसम्मको योग)

(२) आधार दर सम्बन्धी थप विवरण

गते	(क) स्वदेशी निक्षेप	(ख) स्वदेशी ऋण तथा सापट	(ग) न्यूनतम कायम गर्नुपर्ने अनिवार्य मौज्दात	(घ) सरकारी सुरक्षणपत्रमा गरेको लगानी	
१					
२					
३					
४					
५					
६					
७					
८					
९					
१०					
११					
१२					
१३					
१४					
१५					
१६					
१७					
१८					
१९					
२०					
२१					
२२					
२३					
२४					
२५					
२६					
२७					
२८					
२८					
२९					
३०					
३१					
३२					
कुल					
औसत					

थप विवरणहरु		
(च)	न्यूनतम कायम गर्नुपर्ने औसत वैधानिक तरलता रकम	
(छ)	लगानी योग्य कोषको औसत रकम ((क) + (ख) - (च))	
(ज)	खुद वैधानिक तरलता रकमको औसत ((च) - (ग))	
(झ)	कुल ब्याज खर्च ((अ) + (आ))	
	(अ) स्वदेशी निक्षेपमा भएको ब्याज खर्च	
	(आ) स्वदेशी ऋण तथा सापटमा भएको ब्याज खर्च	
(ञ)	सरकारी सुरक्षणपत्रमा गरेको लगानीमा प्राप्त कुल ब्याज रकम	
(ट)	नाफा नोक्सान हिसाब बमोजिमको कुल सञ्चालन खर्च ((अ) + (आ))	
	(अ) कर्मचारी खर्च	
	(आ) अन्य सञ्चालन खर्च	
(ठ)	आधार दर गणना प्रयोजनका लागि कुल सञ्चालन खर्च ((अ) + (आ))	
	(अ) कर्मचारी खर्च	
	(आ) अन्य सञ्चालन खर्च	
(ड)	नाफा नोक्सान हिसाब बमोजिम पछिल्लो महिनाको खुद नाफा/(नोक्सान)	

नोटः

(१) यस प्रयोजनका लागि पछिल्लो महिनाको मात्र आम्दानी र खर्चको (खर्चको हकमा वार्षिकीकरण वा अनुमान गर्नु पर्ने भए सोही बमोजिमको पछिल्लो महिनाको खर्च) रकमलाई यसै फारमको बुँदा नं. (२) अन्तर्गतको थप विवरणमा उल्लेख गरी सोही बमोजिम आधार दर गणना गर्नु पर्नेछ ।

मिति

दस्तखत

..... लिमिटेड

औसत ब्याजदर अन्तर (मासिक)

२०.... साल ..... महिना

गते	स्वदेशी कर्जा/सापट रकम (रु.)	स्वदेशी निक्षेप रकम (रु.)
१		
२		
३		
४		
५		
६		
७		
८		
९		
१०		
११		
१२		
१३		
१४		
१५		
१६		
१७		
१८		
१९		
२०		
२१		
२२		
२३		
२४		
२५		
२६		
२७		
२८		
२९		
३०		
३१		
३२		
मासिक औसत (रु.)		
मासिक ब्याज आम्दानी । ब्याज खर्च (रु.)		
ब्याज आम्दानी । ब्याज खर्चको औसत दर (प्रतिशतमा)		
ब्याजदर अन्तर (प्रतिशतमा		)

औसत ब्याजदर अन्तर (Spread) गणना गर्ने सूत्र

$$\text{Spread} = \left[\frac{\frac{I_c \text{ x } 365}{d}}{C}\right] - \left[\frac{\frac{I_d \text{ x } 365}{d}}{D}\right]$$

जहाँ,

Ic = कर्जा सापट बापतको मासिक ब्याज आम्दानी

Id = निक्षेपको मासिक ब्याज खर्च

d = सो महिनाको जम्मा दिन

C = मासिक औसत स्वदेशी कर्जा सापट

D = मासिक औसत स्वदेशी निक्षेप

प्रष्टीकरण :

(क) कर्जा सापट बापतको मासिक ब्याज आम्दानी भन्नाले स्वदेशी मुद्रामा प्रवाह भएको कुल कर्जा सापटबाट महिनाभरमा पाकेको (Accrued) साधारण ब्याजको रकम सम्झनु पर्दछ ।

(ख) निक्षेपको मासिक ब्याज खर्च भन्नाले कुल स्वदेशी निक्षेपमा सो महिनामा पाकेको (Accrued) ब्याज खर्च रकम सम्झनु पर्दछ ।

(ग) मासिक औसत स्वदेशी कर्जा सापट भन्नाले स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको दैनिक रकमको कुल योगलाई सो महिनाको जम्मा दिनले भाग गरी आउने रकम सम्झनु पर्दछ ।

(घ) मासिक औसत स्वदेशी निक्षेप भन्नाले स्वदेशी निक्षेपको दैनिक रकमको कुल योगलाई सो महिनाको जम्मा दिनले भाग गरी आउने रकम सम्झनु पर्दछ ।

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १६/०७७

वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले संकलन गर्ने वित्तीय स्रोत सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. वित्तीय स्रोत संकलन सीमा

(१) "क" वर्गका इजाजतपत्रप्राप्त संस्थालाई सामान्यतया निक्षेप संकलन सम्बन्धी कुनै सीमा लाग्ने छैन ।

(२) "ख" वर्गको इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा विस गुणासम्म वित्तीय स्रोत (ब्याज वा बिना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) संकलन गर्न सक्नेछ ।

(३) "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा पन्ध्र गुणासम्म वित्तीय स्रोत (ब्याज वा बिना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) संकलन गर्न सक्नेछ ।

(४) सापटीको हकमा इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कुल निक्षेप दायित्वको बढीमा एक चौथाइसम्म परिचालन गर्न सक्नेछ ।

(५) वित्तीय स्रोत संकलन सीमा अनुगमन गर्ने प्रयोजनका लागि ठीक अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीलाई आधार मानिनेछ ।

२. संस्थागत निक्षेप संकलन सीमा सम्बन्धमा

(क) इजाजतपत्रप्राप्त संस्थाले कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा **१० प्रतिशतसम्मको** सीमामा नवढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न पाउने छ । **तर, २०७८ असार मसान्तभित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया पुरा गरी संयुक्त कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकले २०७९ असार मसान्तसम्म कायम गर्नुपर्ने यस्तो निक्षेप सिमामा थप ५ प्रतिशत विन्दुसम्म संस्थागत निक्षेप परिचालन गर्न सक्ने छन् ।**

(ख) इजाजपत्रप्राप्त संस्थाको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरु, पब्लिक लिमिटेड कम्पनीहरु, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत संचालित कोषहरुको निक्षेपको अंश ५० प्रतिशतभन्दा बढी कायम गर्न पाइने छैन । **तर, २०७८ असार मसान्तभित्र गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रिया पुरा गरी संयुक्त कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकले २०७९ असार मसान्तसम्म आफ्नो कुल निक्षेपमा यस्तो निक्षेपको अंश थप १० प्रतिशत विन्दुसम्म कायम गर्न पाउने छन् ।**

(ग) "इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकले स्वीकार गर्ने कल निक्षेपको अंश कुल निक्षेप दायित्वको १० प्रतिशत र इजाजतपत्रप्राप्त "ख" तथा "ग" वर्गका वित्तीय संस्थाहरुले स्वीकार गर्ने कल निक्षेपको अंश कुल निक्षेप दायित्वको १५ प्रतिशतभन्दा बढी कायम गर्न पाइने छैन ।

३ निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम तथा प्रक्रिया बनाई लागू गर्नु पर्ने

(१) इजाजतपत्रप्राप्त संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्यविधिका बारेमा इजाजतपत्रप्राप्त संस्था आफैले नियम बनाई लागू गर्नु पर्नेछ र त्यस्तो नियम तथा कार्यविधि

यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाले कारोबार नभएका बचत खाताको हकमा ३ वर्ष एवम् कल खाता र चल्ती खाताको हकमा ६ महिना भन्दा बढी समयावधि व्यतित भएपछि त्यस्तो खाता निष्कृय (Dormant) गर्नुपर्नेछ । यस अघि बैंक तथा वित्तीय संस्थाको नीतिगत व्यवस्था बमोजिम निष्कृय गरिएका खाताहरुको हकमा यसै व्यवस्था बमोजिम अध्यावधिक गर्नुपर्नेछ । साथै, सो खाता सक्रिय गर्दा संस्थाको ग्राहक पहिचान सम्बन्धी नीति बमोजिम अद्यावधिक भएको खाताको हकमा सम्बन्धित ग्राहकको निवेदनवाहेक अन्य कागजात लिन आवश्यक हुने छैन ।

(३) बैंक वा वित्तीय संस्थाले दश वर्षदेखि चल्ती नभएको वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हक दाबी नपरेको निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र यस बैंकमा पठाउनु पर्नेछ । साथै, यस प्रकारको निक्षेप रकम लिन आउने सूचना सम्बन्धित बैंक वा वित्तीय संस्थाले प्रत्येक पाँच वर्षमा एक पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुका साथै सो सम्बन्धी विस्तृत विवरण आफ्ना वेबसाइटमा समेत राख्नु पर्नेछ । बिस वर्षसम्म बुझ्न नआएको वा कसैको हकदाबी पर्न नआएको निक्षेप रकम यस बैंकको 'बैंकिङ्ग विकास कोष' मा जम्मा गर्नु पर्नेछ ।

(४) इजाजतपत्रप्राप्त संस्थाले लाभांश घोषणा गरेको मितिले पाँच वर्षसम्म पनि सम्बन्धित सेयरधनी वा निजको हकवाला सो लाभांश लिन नआएमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सेयरधनीको नाम नामेसी सहितको विवरण राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तीमा एकपटक प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना प्रकाशनपछि पनि लाभांशको भुक्तानी लिन नआएमा सम्बन्धित संस्थामा "दावी नभएको लाभांश खाता" खोली रकमान्तर गर्नु पर्नेछ । यसरी रकमान्तर भएको लाभांश रकमको विवरण अभिलेख गरी प्रकाशन गर्दा एकमुष्ट रुपमा प्रकाशन गर्न सकिनेछ । साथै प्रकाशित विवरणको एक प्रति यस बैंकमा पेश गर्नु पर्नेछ ।

(५) इजाजतपत्रप्राप्त संस्थाले प्राकृतिक व्यक्ति वा नाफा कमाउने उद्देश्य नराखी स्थापना भएका संघ/संस्थाहरु (हुलाक बचत बैंक समेत) को हकमा मात्र बचत खाता खोल्न सक्नेछ । प्राकृतिक व्यक्ति/नाफा कमाउने उद्देश्य नराखी स्थापित संस्थाहरु बाहेक अन्य संस्था/निकायवाट बचत खाता खोलेको अवस्थामा अबिलम्व बन्द गर्नु पर्नेछ । साथै, स्वीकार्य बैंकिङ्ग मान्यता अनुरुप सम्बन्धित संस्थाले चेकबुक जारी गर्ने खाता तथा जारी नगर्ने खाता छुट्टयाई सोही आधारमा चेकबुक जारी गर्ने व्यवस्था गर्नु पर्नेछ ।

तर, उक्त व्यवस्थाले प्राकृतिक व्यक्ति बाहेकका अन्य संघ, संस्था, कम्पनी लगायतका अप्राकृतिक व्यक्तिले ब्याज आर्जन हुने गरी बचत खाता बाहेकका अन्य खाता खोल्न बाधा पुऱ्याउने छैन ।

(६) इजाजतपत्रप्राप्त संस्थाले प्राकृतिक व्यक्तिको मुद्दती निक्षेप स्वीकार गर्दा निक्षेपकर्ताको बचत खाता खोली मुद्दती निक्षेपमा प्रदान गरिने ब्याज र भुक्तानी अवधि (Maturity Period) पश्चात फिर्ता हुने रकम त्यस्तो बचत खातामा अविलम्ब जम्मा हुने व्यवस्था मिलाउनुपर्नेछ ।

(७) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि व्यक्ति, फर्म, कम्पनी र अन्य संगठित संघ संस्थाहरुबाट कुनै पनि प्रकारको निक्षेप स्वीकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित ब्याजदर (Coupon Rate) बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट बैंक तथा वित्तीय संस्थालाई व्ययभार पर्ने कुनै प्रकारको आर्थिक सुविधा दिन पाइने छैन ।

४ सापटी लिन सक्ने

(१) इजाजतपत्रप्राप्त संस्थाले बुँदा नं. १ मा उल्लिखित सीमाभित्र रही इजाजतपत्रप्राप्त संस्था, फर्म, कम्पनी तथा संगठित संस्थासँग सापटी लिन सक्ने छ ।

(२) उपबुँदा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट कुनै आर्थिक सहायता वा ऋण लिनुपरेमा इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको स्वीकृति लिनु पर्नेछ । विदेशी मुद्रामा आर्थिक दायित्व नपर्ने गरी विदेशी संस्था वा निजको नेपाल राज्यमा स्थापित संस्था

वा परियोजनाबाट यस बैंकबाट पूर्व स्वीकृति लिई इजाजतपत्रप्राप्त संस्थाले स्वदेशी मुद्रामा ऋण तथा अनुदान लिन सक्नेछन् ।

५. डिबेञ्चर तथा अन्य ऋण उपकरणहरु जारी गर्ने सम्बन्धी व्यवस्था

(१) **सञ्चित नोक्सानी बाँकी नरहेका ईजाजतपत्रप्राप्त संस्थाले बढीमा आफ्नो प्राथमिक पुँजीको शत प्रतिशतसम्मको डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्ने स्वीकृतिका लागि यस बैंकमा निवेदन पेश गर्नु पर्नेछ । त्यस्तो निवेदन माथि आवश्यक छानबिन गरी उपयुक्त ठानेमा यस बैंकले डिबेञ्चर तथा अन्य ऋण उपकरण जारी गर्ने स्वीकृति दिन सकिनेछ ।**

(२) डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्ने बैंक तथा वित्तीय संस्थाले निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष वाहेकका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक (Proportionate) आधारमा रकम भुक्तानी कोष (Capital Redemption Reserve) अनिवार्य रुपमा राख्नु पर्नेछ । **तर, यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र वापत भुक्तानी कोषमा जम्मा गर्नु पर्ने रकम बराबर बोनस सेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन । तर, सो वर्षमा जम्मा गर्नु पर्ने रकम उक्त वर्ष पश्चातका आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्ने छ ।**

(३) **वाणिज्य बैंकहरुले आफ्नो चुक्ता पुँजीको न्यूनतम २५ प्रतिशत बराबर अनिवार्य रुपमा ऋण पत्र जारी गर्नु पर्ने छ । यस्तो ऋणपत्र २०७९ असार मसान्तभित्र जारी नगरेमा देहायबमोजिमको कारवाही हुनेछ ।**

(क) वाणिज्य बैंकको शाखा कार्यालय नभएका स्थानीय तह बाहेकका स्थानमा शाखा कार्यालय विस्तार गर्न रोक लगाउने र

(ख) भूकम्प पिडितलाई प्रवाह गरिने बाहेकका अन्य पुनरकर्जा सुविधा प्रदान नगर्ने ।

तर, वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गरेमा २०७८ असारमसान्त भित्र उक्त ऋणपत्र जारी गरेको अवस्थामा उपरोक्त बमोजिमको कारवाही गरिने छैन ।

(४) कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन कृषि विकास बैंकले सम्बन्धित निकायबाट स्वीकृति लिई कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्न सक्नेछ ।

(५) उर्जा क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन उर्जा क्षेत्रमा लगानीको अनुभव हासिल गरेका वाणिज्य बैंकहरुले सम्बन्धित निकायबाट स्वीकृति लिई उर्जा ऋणपत्र (Energy Bond) जारी गर्न सक्नेछन् ।

६. इजाजतपत्रप्राप्त संस्थाले एक अर्कामा निक्षेप खाता खोल्ने सम्बन्धमा

(क) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोबार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारको स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन ।

तर, इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले अन्य इजाजतपत्रप्राप्त संस्थाहरुमा मागेको बखत फिर्ता पाउने प्रकारको खाता (Call Deposit) खोल्न सक्नेछन् ।

(ख) तर, यो व्यवस्थाले देहाय बमोजिमका रकमहरु ब्याज आर्जन हुने गरी राख्न रोक लगाएको मानिने छैन ।

१. कर्मचारी अवकाश कोष वापतको रकम,

२. शुरु सार्वजनिक निष्कासन, पुनः सार्वजनिक निष्कासन र हकप्रद सेयर निष्कासनबाट संकलन भएको रकम जम्मा गरी ब्याज आर्जन हुने अस्थायी प्रकृतिका निक्षेप खाता,

३. विदेशी मुद्राको खाता,

(ग) उपर्युक्त बुँदा नं. (ख) बाहेकका ब्याज आर्जन हुने गरी यस पूर्व खोलिएका मुद्दती निक्षेप खाताहरुका हकमा सो को भुक्तानी अवधि (Maturity Period) समाप्त भए पश्चात नवीकरण गर्न पाइने छैन ।

७. सीमाभन्दा बढी वित्तीय स्रोत संकलन गरेमा सीमाभित्र ल्याउने समयावधि

इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था अन्तर्गत तोकेको सीमा भन्दा बढी हुने गरी वित्तीय स्रोत परिचालन गरेको वा सापटी लिएको अबस्थामा त्यस्तो सीमाभन्दा बढी संकलन गरिएको वित्तीय स्रोत वा सापटी सीमा भन्दा कममा नआएसम्मको अवधिको लागि दैनिक रुपमा प्रचलित बैंकदरले हुन आउने रकम सम्बन्धित संस्थालाई हर्जाना लगाउन सकिने छ । साथै, त्यस्तो संस्थाको कार्यकारी प्रमुखलाई समेत रु. एक लाखसम्म जरिवाना लगाउन सकिने छ र यस्तो रकम कार्यकारी प्रमुखबाट व्यक्तिगत रुपमा असुलउपर गरिने छ ।

यस प्रयोजनको लागि लेखापरीक्षण भएको सबैभन्दा पछिल्लो वित्तीय विवरणबाट कायम हुन आउने प्राथमिक पुँजीलाई आधार लिई गणना गरिने छ । सापटी सम्बन्धी दैनिक विवरण हाल यस बैंक समक्ष पेश हुँदै आएको अनिवार्य मौज्दात सम्बन्धी साप्ताहिक विवरण (निर्देशन फा.नं. १३.१) मा एउटा छुट्टै सापटी शीर्षक कायम गरी सापटी लिइएको कुल रकम खुलाउनु पर्नेछ ।

८. सार्वजनिक सेयर निष्काशन सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सञ्चालनमा आएको मितिले तीन वर्षभित्र सर्वसाधारणको लागि छुट्याइएको सेयर बिक्री वितरण गरी सक्नु पर्नेछ । साथै, प्रचलित धितोपत्र सम्बन्धी कानुनको अधीनमा रही सार्वजनिक रुपमा पुनः सेयर निष्काशन (Further Public Issue) गर्न सक्नेछन् ।

९. सेयर निक्षेप योजना सञ्चालन गर्न सक्ने

इजाजतपत्रप्राप्त संस्थाले देहाय बमोजिमका शर्त अन्तर्गत रही सेयर निक्षेप (Share Deposit) योजनाहरु सञ्चालन गर्न सक्ने छन् :-

(क) सेयर निक्षेप योजना अन्तर्गत बचत गर्ने बचतकर्ताहरूले उक्त कम्पनीको सेयर खरिद गर्न (संस्थापक समूह) चाहेको अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा यस बैंकबाट जारी भएको एकीकृत निर्देशन तथा इजाजतपत्र प्रदान गरिने नीतिमा उल्लेख भएका प्रावधानहरू अनुसार संस्थापक हुन तोकिएको योग्यताहरू पुरा गरेको हुनु पर्ने ।

(ख) सेयर निक्षेप योजना अन्तर्गत जम्मा भएको निक्षेपलाई साधारण सेयरमा (संस्थापक समूह) परिवर्तन गर्न चाहने निक्षेपकर्ताहरूले धितोपत्र कारोबार सम्बन्धी प्रचलित ऐनमा उल्लेख भएका व्यवस्था एवम् प्रक्रियाहरू पालना गर्नु पर्ने र यसरी बचतकर्ताहरूलाई संस्थापक समूहको सेयर प्रदान गर्ने समयमा बैंक तथा वित्तीय संस्थाले नेपाल धितोपत्र बोर्डबाट समेत अनिवार्य रुपमा स्वीकृति लिएर मात्र इच्छुक बचतकर्ताहरुलाई संस्थापक सेयर दिनु पर्ने ।

(ग) उक्त योजना अन्तर्गत सहभागी भई संस्थापक सेयर खरिद गर्न चाहने बचतकर्ताहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस बैंकले जारी गरेका नीतिगत व्यवस्थाहरू तथा अन्य प्रचलित ऐन, कानुनको अधीनमा रही प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम, निर्देशिकाको पालना गरी आवश्यक प्रक्रिया पुरा गरेर मात्र संस्थापक समूहको सेयर खरिद गर्न सक्ने भन्ने व्यहोरा सार्वजनिक जानकारीका लागि प्रकाशित हुने सामग्री सम्बन्धित कम्पनीको आन्तरिक नीति/नियममा समेत स्पष्टसँग उल्लेख हुनु पर्ने ।

१०. सहायक आवधिक ऋणपत्र तथा भुक्तानी योग्य अपरिवर्तनीय अग्राधिकार सेयर जारी गर्न सक्ने

ईजाजतपत्रप्राप्त संस्थाले सुरक्षण नराखिएको सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) र भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधीकार सेयर (Redeemable Non-Convertible Preference Share) जारी गर्दा यस सम्बन्धी अन्य व्यवस्थाका अतिरिक्त निम्न शर्तहरुको अधीनमा रही गर्नु पर्नेछ :-

(१) ऋणपत्र कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नु पर्ने,

(२) ऋणपत्रको अवधि तोकेको हुनु पर्ने,

(३) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयरमा प्रदान गरिने ब्याज/लाभांश भुक्तानी गर्ने अवधि, वार्षिक ब्याजदर प्रतिशतमा तोक्नु पर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने/लगाउने व्यवस्था गर्नु पर्ने,

(४) **इजाजतपत्रप्राप्त संस्था** विघटन भएको अवस्थामा ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधीकार सेयरको भुक्तानी निक्षेपकर्ताभन्दा पछि मात्र हुने,

(५) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयर जारी भएको मितिले ६ महिनाभित्रमा नेपाल धितोपत्र विनिमय बजारमा सूचीकृत गर्नु पर्ने,

(६) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयर निष्काशन गर्नु अघि तयार गरिने विवरणपत्र यस बैंकको सहमति लिएर मात्र प्रकाशित गर्नु पर्ने,

(७) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयरको रकम भुक्तानी गर्न सिर्जना गरिने पुँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve) को व्यवस्था गर्न निम्नानुसार कोष सिर्जना गरेको हुनु पर्ने ।

(क) निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष (Redemption Reserve) मा कुनै रकम विनियोजन नगरे पनि हुने,

(ख) भुक्तानी अवधि बाँकी रहेसम्म त्यसपछिका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक (Proportionate) आधारमा रकम छुट्याउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम समानुपातिक आधारमा छुट्याउनु पर्ने रकम भन्दा बढी रकम छुट्याउने भएमा कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नु पर्ने ।

तर, यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र वापत भुक्तानी कोषमा जम्मा गर्नु पर्ने रकम बराबर बोनस सेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन । तर, सो वर्षमा जम्मा गर्नु पर्ने रकम उक्त वर्ष पश्चातका आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्ने छ ।

(८) Private placement को आधारमा बिक्री गरिने ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयरको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रतिलिपी पेश गर्नु पर्ने,

(९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याइएको ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयर खरिद नगरेमा सो अर्को पक्षलाई बिक्री गर्ने व्यवस्था गर्नु पर्ने,

(१०) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयरमा आर्जित ब्याज लगानीकर्ताहरुलाई कहिले भुक्तानी गर्ने भन्ने विषयमा विवरणपत्रको "ब्याज/लाभांश भुक्तानी गर्ने समय (Interest/Preferred Dividend Payment Timing)" शीर्षक अन्तर्गत स्पष्ट उल्लेख गर्नु पर्ने,

(११) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार सेयरमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नु पर्ने र सो विषयमा विवरणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्ने,

(१२) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर भुक्तानी गरेपछि **बुँदा नं. ५ को उपबुँदा नं. २ र यस बुँदाको उपबुँदा नं ७ बमोजिम कायम गरेको** भुक्तानी समायोजन कोष (Capital Redemption Reserve) मा बाँकी रहेको रकमलाई पुँजीकोष समायोजन कोषमा रकमान्तर गर्नु पर्ने छ । **पुँजी समायोजन कोषमा जम्मा भएको रकमबाट बोनस सेयरमात्र जारी गर्न सकिने छ ।**

११. बीमा योजना सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप स्वीकार गर्दाको बखतमा नै खाताहरु बीमा हुने व्यवस्था गर्ने भएमा वीमित खाताका एकै प्रकृतिका निक्षेपकर्ताहरुका बीचमा कुनै विभेद नहुने तथा निक्षेपकर्तालाई थप व्ययभार नपर्ने गरी यस्तो योजना सञ्चालन गर्न सक्ने छन् । बीमालेख (Insurance

Policy) मा उल्लेख गरिने सेवा, शर्त र सुविधाहरुको सम्बन्धमा वीमित निक्षेपकर्तालाई निक्षेप स्वीकार गर्दा कै बखतमा स्पष्ट जानकारी गराउनु पर्नेछ ।

१२. निक्षेप संकलन कार्यलाई आकर्षक बनाउन उपहार सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नपाईने सम्बन्धमा ।

बैंक तथा वित्तीय संस्थाहरुले निक्षेप संकलन गर्दा सुन चाँदीका सिक्का लगायत कुनै पनि किसिमका उपहारहरु प्रदान गर्न पाइने छैन ।

१३. निक्षेप सुरक्षण गराउने सम्बन्धमा

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दती खातामा रहेको रु.३ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण कोष" सँग सुरक्षण गर्ने/गराउने व्यवस्था गर्नु पर्ने र सो रकमलाई वृद्धि गरी क्रमशः रु.५ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण कोष" सँग सुरक्षण गराउने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

साथै, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो संस्थामा रहेको रु.३ लाख रुपैयाँसम्मको व्यक्तिगत बचत तथा मुद्दती निक्षेपको रकम र त्यस्ता निक्षेपकर्ताको संख्यात्मक विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको एक महिनाभित्र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

१४. विदेशी लगानीबाट आर्जित लाभांश रकमको निक्षेप खाता खोल्ने सम्बन्धमा

विदेशी लगानीकर्ताले नेपालभित्र लगानी गरी आर्जन गरेका लाभांश रकम सम्बन्धित देशको सरकारी निकाय वा केन्द्रीय बैंकको सहमतीमा बैंक तथा वित्तीय संस्थामा मुद्दती खाता खोली जम्मा गर्न सक्ने र सो निक्षेप तथा निक्षेपबाट आर्जित ब्याजको रिप्याट्रीयसन (Repatriation) देहायको शर्तमा विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति लिएर मात्र गर्न पाउने व्यवस्था कायम गरिएको छ :-

शर्तहरु:

(१) विनिमय दर, ब्याजदर, लगायतका कुनै पनि जोखिम सम्बन्धित लगानीकर्ताले नै बहन गर्नु पर्ने ।

(२) यस्तो मुद्दती निक्षेपको अवधि कम्तीमा १ वर्षको हुनु पर्ने र त्यस्तो निक्षेपको धितोमा कुनै किसिमको कर्जा लिन नपाउने ।

(३) यस्तो निक्षेप खाता खोल्नु अघि यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागको पूर्व स्वीकृति लिनुपर्ने ।

(४) यस्तो निक्षेप तथा ब्याजको अर्धवार्षिक विवरण यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागमा पेश गर्नुपर्ने ।

१५. खारेजी र वचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था इ.प्रा. निर्देशन नं. १६/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १७/०७७

विपन्न वर्ग तथा तोकिएका क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले विपन्न वर्ग तथा तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाहरुको सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. "इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कुल कर्जा सापट (बिल्स खरिद तथा डिस्काउण्टसमेत) को न्यूनतम ५.० प्रतिशत, विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्नेछ ।

यस निर्देशनको प्रयोजनका लागि "विपन्न वर्ग" भन्नाले न्यून आय भएका र खासगरी सामाजिकरुपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, फरक ढंगले सक्षम व्यक्तिहरु, सीमान्तकृत समुदाय तथा सानाकिसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई सम्झनु पर्दछ । विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानको लागि सञ्चालन हुने स्वरोजगारमूलक लघु उद्यमहरु सञ्चालन गर्न यस बैंकद्वारा तोकिएको सीमासम्म प्रवाह हुने लघु कर्जालाई "विपन्न वर्ग कर्जा" अन्तर्गत गणना गर्नु पर्नेछ ।

२. वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त संस्था तथा नयाँ खोलिने वा स्तरोन्नति भई कारोबार सञ्चालन गरेको १ वर्षपछिको त्रैमासिक अवधिमा ६ महिना अघिको कुल बाँकी कर्जा सापटको आधारमा विपन्न वर्गमा अनिवार्यरुपले कर्जा प्रवाह गर्नु पर्नेछ ।

३. इजाजतपत्रप्राप्त संस्थाले निम्न अनुसार प्रत्यक्ष रुपमा प्रवाह गरेको कर्जालाई विपन्न वर्गमा प्रवाह भएको कर्जामा गणना गरिनेछ ।

(क) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न सामूहिक जमानीमा प्रति सदस्य/व्यक्तिलाई प्रदान गरेको बढीमा तीन लाख रुपैयाँसम्मको लघु कर्जा । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्य/व्यक्तिको हकमा पाँच लाख रुपैयासम्म प्रदान गरेको लघु कर्जा ।

(ख) नवीकरणीय उर्जा प्रविधि अन्तर्गत घरेलु सौर्य विद्युत प्रणाली (Solar Home System), सौर्य चुलो (Solar Cooker), सौर्य ड्रायर (Solar Dryer), सौर्य वाटर पम्प (Solar Pump), बायोग्याँस (Biogas), सुधारिएको पानी घट्ट (Improved Water Mill), सुधारिएको चुलो (Improved Cook Stoves) प्रयोजनमा प्रतिपरिवार दुई लाख रुपैयाँमा नवढ्ने गरी प्रवाह गरेको कर्जा । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका ऋणीको हकमा यस्तो सीमा तीन लाख रुपैया कायम गरिएको ।

(ग) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघुउद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि स्वीकारयोग्य धितो लिई वा सामूहिक जमानीमा प्रति सदस्य पाँच लाख रुपैयाँमा नबढ्ने गरी उपलब्ध गराएको लघु उद्यम कर्जा । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा सात लाख रुपैया सीमा कायम गरिएको ।

(घ) वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई धितो लिई वा नलिई उपलब्ध गराएको प्रतिव्यक्ति रु. एकलाख पचास हजारसम्मको कर्जा ।

(ङ) नेपाल सरकारको युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने कामदारलाई नेपाल सरकारले तोकेको बैंकको समन्वयमा कुनै पनि "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाले प्रदान गरेको वैदेशिक रोजगार कर्जा ।

(च) विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य व्यक्ति/समुदायले एकल वा सामूहिकरुपमा गलैंचाको लागि आवश्यक पर्ने ऊन उत्पादन गर्ने प्रयोजनार्थ भेडापालन गर्न वा गलैंचा बुन्ने तान राख्नका लागि बैंक तथा वित्तीय संस्थाहरुवाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु.३ लाखमा नबढ्ने गरी (विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेकाको लागि रु. ४ लाख हुने) प्रवाह भएको कर्जा ।

त्यसैगरी, विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य सीमान्तीकृत समुदाय तथा साना किसान वा किसान समुदायले मलखाद तथा विउविजन खरिद, सामुहिक रुपमा उत्पादन भण्डारणको लागि शीत भण्डार (Cold Storage) निर्माण, उत्पादनको बजारीकरण, साना सिंचाई कुलो, स्यालो ट्युववेल जडानजस्ता उद्देश्यका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु. ३ लाखमा नबढ्ने गरी प्रवाह गरिएको कर्जा । साथै, तरकारी खेती, फलफूल, पशु/पंक्षीपालन, मत्स्यपालन, मौरीपालन, जडिबुटी उत्पादन तथा कृषि उपज भण्डारणजस्ता व्यवसायको लागि प्रति परिवार रु. ४ लाख रूपैयाँसम्मको कर्जा, र किसानहरुलाई तरकारी तथा फलफुल भण्डारण प्रमाणको आधारमा प्रदान गरिएको रु. ४ लाख रूपैयाँसम्मको कर्जा ।

(छ) महिलाहरुद्वारा सञ्चालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. ४ लाखसम्मको कर्जा । साथै, महिलाहरुद्वारा सञ्चालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट सम्बन्धित परियोजनाको धितोमा प्रवाह भएको रु. ७ लाखसम्मको परियोजना कर्जा ।

यसरी कर्जा प्रवाह गर्दा प्रचलित कानुनको अधीनमा रही परियोजनाको धितोमा प्रवाह गर्नुपर्ने छ र निक्षेप तथा कर्जा सुरक्षण निगमबाट अनिवार्य रुपमा सुरक्षण गर्ने गराउने व्यवस्था समेत मिलाई प्रवाह गर्नु पर्नेछ ।

(ज) ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा तथा ग्रामीण क्षेत्रमा ट्र्याक्टर, थ्रेसर तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जा ।

(झ) माध्यमिक तथा उच्च माध्यमिक तह सरहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनको लागि विपन्न परिवारका युवाहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट बिना धितोमा प्रवाह हुने रु.२ लाखसम्मको कर्जा । यसरी प्रवाह हुने कर्जाको निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य रुपमा सुरक्षण गर्ने गराउने व्यवस्था गर्नु पर्नेछ ।

(ञ) विपन्न घरपरिवारहरुलाई लक्षित गरी नवीकरणीय उर्जा प्रबर्द्धन गर्ने उद्देश्यले आयोजनाको कुल लागतको ५० प्रतिशत वा सो भन्दा बढी लगानी गर्ने उपभोक्ता समिति, सहकारी, निजी तथा सार्वजनिक निजी साझेदारी स्वामित्वमा आधारित १००० किलोवाट क्षमतासम्मका लघु तथा साना जलविद्युत आयोजना, ५०० किलोवाट पिक क्षमतासम्मका सौर्य मिनि ग्रीड, २०० किलोवाट क्षमतासम्मको ग्यासीफायर प्रविधि, ५०० किलोवाट क्षमतासम्मको वायु तथा सौर्य वायु उर्जा मिश्रित प्रणाली र २०० घनमिटर क्षमतासम्मको संस्थागत वायोग्यास प्लाण्ट जस्ता परियोजनामा बैंक तथा वित्तीय संस्थाहरुले उपभोक्ता समिति, वचत तथा ऋण सहकारी वाहेकका विषयगत सहकारी, निजी तथा सार्वजनिक निजी साझेदारी संस्थालाई प्रदान गर्ने रु. ३ करोडसम्मको कर्जा तथा सापट ।

(ट) साना किसान वर्गले अन्नबाली संरक्षण गर्ने प्रयोजनार्थ सामूहिक स्वामित्वमा कोल्डस्टोरेज स्थापना गर्न चाहेमा सोको लागि प्रवाह हुने प्रति परिवार रू. ५ लाखसम्मको कर्जा ।

(ठ) चालकहरुलाई आफ्नै स्वामित्वमा रिक्सा, विद्युतीय रिक्सा, अटो रिक्सा, **विद्युतीय टेम्पो** खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जा ।

(ड) ग्रामीण क्षेत्रमा कार्यरत सहकारी संस्थालाई कृषि सम्बन्धी पोष्ट हार्भेष्ट सेवा उपलब्ध गराउने परियोजना सञ्चालनको लागि बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने रु. १ करोडसम्मको कर्जा तथा सापट ।

(ढ) पिछडिएका अल्पसंख्यक जाति, सुकुम्वासी, मुक्त कमैया, हलिया, कम्लरी, वादी समुदाय आदिलाई घर निर्माण गर्न बैंक तथा वित्तीय संस्थाले बिना धितो प्रदान गरेको रु. २ लाखसम्मको कर्जा ।

(ण) बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्थाहरु बाहेक अन्य सम्बन्धित विषयगत सहकारी संस्थाले समूह सदस्य मार्फत सामूहिक खेती तथा पशु/पंक्षीपालन गर्ने प्रयोजनको लागि प्रति सदस्य रु. १ लाख पच्चिस हजार ननाघ्ने गरी समूह सदस्य संख्याको आधारमा कर्जा सीमा कायम हुने गरी प्रवाह भएको अधिकतम रु. एक करोडसम्मको कर्जा ।

यसरी प्रवाह भएको कर्जा दुरुपयोग भएको पाइएमा त्यस्तो कर्जालाई खराव कर्जामा वर्गीकरण गरी १५० प्रतिशत जोखिम भार कायम गर्नु पर्नेछ ।

(त) जलविद्युत परियोजनाले स्थानीय बासिन्दाहरुका लागि छुट्याएको सेयर खरीद गर्न प्रवाहित प्रति परिवार रु. पचास हजार सम्मको कर्जा ।

(थ) नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिमको रु. १० लाखसम्मको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा, रु. १५ लाखसम्मको महिला उद्यमशील कर्जा र उक्त कार्यविधिमा उल्लिखित अन्य सहुलियतपूर्ण कर्जाहरु **एवम् रु. १५ लाखसम्मको कृषि, उद्यम, हस्तकला तथा सीपमुलक व्यवसाय प्रवर्द्धन कर्जा ।**

(द) साना तथा लघु व्यवसायहरुलाई चल/अचल सम्पत्ति धितो लिई वा उद्यम/परियोजना धितो लिई प्रवाहित रु. १० लाखसम्मको कर्जा ।

४. इजाजतपत्रप्राप्त संस्थाहरुबाट निम्न अनुसार अप्रत्यक्ष रुपमा प्रवाह भएको कर्जालाई विपन्न वर्गमा प्रवाह भएको कर्जामा गणना गरिनेछ ।

(क) **विपन्न वर्गमा कर्जा प्रवाह गर्ने शर्तमा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुलाई संस्थागत क्षमता तथा संस्थागत जमानीमा प्रवाह गरेको आवधिक प्रकृतिको थोक कर्जा ।**

(ख) गरिवीको रेखामुनि रहेका, विपन्न वा न्यून आय भएका जनताको आय तथा रोजगार बढाउन यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले मूल्याङ्कन गरी योग्य ठानेका ग्रामीण क्षेत्रमा स्थापना भई कार्यरत सहकारी संस्थाहरुलाई विपन्न वर्गमा लगानी गर्ने गरी थोक कर्जा उपलब्ध गराउन सक्नेछन् ।

(ग) साना किसान सहकारी संस्था एवम् लघु वित्त कारोबार गर्ने संस्थाहरुलाई थोक कर्जा प्रवाह गर्ने उद्देश्यले स्थापना भएका "घ" वर्गका लघुवित्त विकास बैंकलाई प्रवाह गरिएको थोक कर्जा ।

(घ) यस बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुले "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाबाट कर्जा लिई वैदेशिक रोजगारमा जाने कामदारलाई प्रवाह गरेको रु. एक लाख पचासहजार सम्मको कर्जा । उपर्युक्त कर्जा सम्बन्धित "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाको विपन्न वर्ग कर्जा लगानीमा मात्र गणना गरिने छ ।

(ङ) बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग कर्जामा गणना गर्ने प्रयोजनका लागि उपलब्ध गराएको **थोक कर्जा प्राप्त गर्ने संस्थाबाट प्रत्येक ६/६ महिनामा कर्जाको प्रयोग विपन्न वर्गमा नै भए/नभएको सम्बन्धमा विवरण लिनु पर्ने तथा यसरी उपलब्ध गराइएको थोक कर्जा दुरुपयोग भएको पाइएमा दुरुपयोग भएको कर्जा बराबरको रकम विपन्न वर्गमा गणना गरिने छैन ।**

५. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले "घ" वर्गको वित्तीय संस्थाको संस्थापक सेयरमा गरेको लगानीलाई समेत अप्रत्यक्ष रुपमा विपन्न वर्गमा प्रवाह गरिएको कर्जा सरह गणना गरिने छ ।

६. इजाजतपत्रप्राप्त संस्थाहरुबाट विपन्न वर्ग कर्जा अन्तर्गत लघुवित्त वित्तीय संस्थाहरुले प्राप्त गरेको कर्जा रकम शत प्रतिशत विपन्न वर्गमा अनिवार्य रुपमा कर्जा प्रवाह गर्नु पर्नेछ । सो अनुरुप लगानी नभएमा इजाजतपत्रप्राप्त संस्थाहरुबाट लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह हुने त्यस्तो कुल थोक कर्जा विपन्न वर्ग कर्जामा गणना हुने छैन ।

७. विपन्न वर्गमा प्रवाह गरिएको कर्जा गणना गर्दा ६ महिना अघिको कुल बाँकी कर्जा सापट (बिल्स खरिद तथा डिस्काउण्ट सहित) को आधारमा प्रत्येक त्रयमासमा अर्थात असोज, पुस , चैत र असार मसान्तमा गरिने छ ।

८. इजाजतपत्रप्राप्त वाणिज्य बैंक ("क" वर्ग), विकास बैंक ("ख" वर्ग) र वित्त कम्पनी ("ग" वर्ग) बाट प्रत्यक्ष रुपमा निम्न शर्तहरुको अधीनमा रही अस्पताललाई प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।

(क) मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा त्यस्तो अस्पताल सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्ने ।

(ख) सम्बन्धित बैंक/वित्तीय संस्थाले यस प्रयोजनका लागि आफ्नो प्राथमिक पुँजी (Core Capital) को बढीमा ५ प्रतिशत सम्मको कर्जा रकम मात्र प्रवाह गर्न सक्ने ।

(ग) सम्बन्धित अस्पतालले नेपाल सरकारको सम्बन्धित निकायबाट सञ्चालन स्वीकृति प्रदान गरिंदा तोकिएका सम्पूर्ण शर्तहरुको पूर्ण पालना गरेको हुनु पर्ने ।

(घ) सम्बन्धित अस्पतालले आफ्नो कुल शैय्या क्षमताको न्यूनतम १० प्रतिशत शैय्या निःशुल्क रुपमा विपन्न वर्गका जनताहरुलाई उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाएको हुनु पर्ने ।

(ङ) माथि खण्ड (क) देखि (घ) सम्म उल्लिखित शर्तहरु पुरा भएको यकिन गरेर मात्र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गरेको हुनु पर्ने ।

(च) उपर्युक्त मापदण्ड पुरा गरेका ग्रामीण क्षेत्रमा संचालित सामुदायिक अस्पताललाई बैंक तथा वित्तीय संस्थाहरूबाट प्रत्यक्ष रूपमा प्रवाह हुने रू.१ करोडसम्मको कर्जालाई समेत विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।

९. न्यून लागत आवास (Low Cost Housing) कर्जालाई विपन्न वर्गमा गणना गर्ने सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरुबाट विपन्न वर्गमा गणना हुन योग्य व्यक्तिहरुका लागि मात्र घरजग्गा खरिद तथा घर निर्माण कर्जाको आवश्यकता पुरा गर्ने उद्देश्यले देहाय अनुसारको शर्तको अधीनमा रही प्रदान भएको कर्जालाई समेत विपन्न वर्गको कर्जामा गणना गरिने छ ।

(क) सुरक्षित धितो लिई सामुहिक वा व्यक्तिगत आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदान हुने रु. **७ लाख**सम्मको कर्जा ।

(ख) सम्बन्धित बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीतिमा यसरी विपन्न वर्गलाई घरजग्गा खरिद तथा घर निर्माण कर्जा प्रदान गर्ने सम्बन्धमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्ने ।

(ग) यस्तो कर्जा प्रदान गर्दा प्रचलित ऐन, कानुन तथा यस बैंकको नीति निर्देशन बमोजिमको सम्पूर्ण प्रक्रिया पुरा गरेको हुनु पर्ने ।

(घ) विपन्न वर्ग भन्नाले माथि बुँदा नं. १ मा उल्लिखित परिभाषा अनुसार न्यून आय भएका र खासगरी सामाजिकरुपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, फरक ढंगले सक्षम व्यक्तिहरु, सीमान्तकृत समुदाय तथा सानाकिसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई सम्झनु पर्दछ ।

१०. युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्बन्धमा

१. बैंक तथा वित्तीय संस्थाले विपन्न वर्गमा प्रवाह गर्नु पर्ने ३ प्रतिशत ("क" वर्ग), १.५ प्रतिशत ("ख" वर्ग) र १ प्रतिशत ("ग" वर्ग) रकमको एक तिहाइ रकम नेपाल सरकार, अर्थ मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष (यसपछि कोष भनीएको) को नाममा आफ्नै संस्थामा खोलिएको खातामा जम्मा गर्नु पर्नेछ । बैंक तथा वित्तीय संस्थाले उपर्युक्त उल्लिखित रकमभन्दा बढी रकम उक्त खातामा जम्मा गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन । कोषमा जम्मा भएको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कोषलाई प्रवाह गरिएको कर्जा मानिनेछ र यसरी जम्मा गरिएको रकमलाई विपन्न वर्गमा गणना गरिने छ ।

२. बैंक/वित्तीय संस्थाले उपबुँदा नं. १ अनुसार प्रवाह गरेको कर्जा जुनसुकै अवस्थामा कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनको लागि असल कर्जामा समावेश गरिनेछ । यसैगरी बैंकले यस्ता कर्जाको लागि जोखिम भार प्रदान गर्दा Capital Adequacy Framework अन्तर्गत Claims on Government शीर्षकमा राख्न सक्ने र "ख" र "ग" वर्गका वित्तीय संस्थाले यस्ता कर्जामा शुन्य जोखिम भार प्रदान गर्न सक्ने छ ।

३. खाता खोल्ने, खाता सञ्चालन गर्ने र कर्जा सम्झौतामा हस्ताक्षर गर्ने अख्तियारी सहितको कागजात लिई "युवा तथा साना व्यवसायी स्वरोजगार कोष" को नाममा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नु पर्नेछ ।

४. बैंक तथा वित्तीय संस्थाबाट कोषलाई प्रवाह गरिएको उपबुँदा नं. १ को रकम चुक्ता गर्ने दायित्व कोषको हुनेछ ।

५. कोष र बैंक तथा वित्तीय संस्था बिचको सम्झौता अनुसूची १७.१ मा उल्लेख भए बमोजिम गर्नु पर्नेछ । यस प्रयोजनको लागि उक्त सम्झौता बाहेक अन्य कुनै कागजात आवश्यक पर्नेछैन ।

६. बैंक तथा वित्तीय संस्थाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ अन्तर्गत युवा तथा साना व्यवसायीहरुलाई परियोजना मात्र धितो लिई दुई लाखसम्मको कर्जा लगानी गरेमा त्यस्तो कर्जालाई विपन्न वर्गमा गणना गरिनेछ । तर, उपबुँदा नं. १ मा उल्लेख भएको जम्मा गर्नुपर्ने रकममा कट्टा गर्न पाइने छैन । यस्तो कर्जा प्रवाह गर्दा देहाय बमोजिमका व्यवस्थाहरु लागू हुने छन् :

क. व्यवसायको उद्देश्य अनुसार कर्जा अवधि बढीमा पाँच वर्षसम्मको हुनेछ र बैंक तथा वित्तीय संस्थाको नियमानुसार तोकेको किस्तामा बुझाउनु पर्ने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले किस्ता तोक्नेछ र साँवा ब्याज भुक्तानी छुट अवधि (Grace Period) कोषले तोके अनुसार हुनेछ ।

ख. सम्बन्धित व्यक्तिले गर्ने स्वरोजगारमुलक व्यवसायसँग सम्बन्धित चल अचल सम्पत्ति नै सम्पूर्ण साँवा ब्याज भुक्तान नहुन्जेलसम्म बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको धितो हुनेछ ।

ग. कर्जा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंक तथा वित्तीय संस्थामा नीहित रहनेछ ।

घ. उपरोक्त बमोजिम कर्जाको जोखिम तथा ऋण असुलउपर गर्नु पर्ने दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थामा रहनेछ ।

७. बैंक तथा वित्तीय संस्थाले उपबुँदा नं. ६ बमोजिमको कर्जा प्रदान गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट वार्षिक ७ प्रतिशत ब्याजमा पुनरकर्जा लिन सक्ने छ ।

८. कोषको सञ्चालन युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५, कर्जा तथा बीमा व्यवस्था सम्बन्धी निर्देशिका, २०६५ र यस बैंकबाट जारी यसै निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. माथि जुनसुकै कुरा लेखिएको भएतापनि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था ("घ" वर्ग बाहेक) ले विपन्न वर्गमा गणना हुने युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा जम्मा गर्नुपर्ने रकम अर्को परिपत्रबाट सूचना जारी नभएसम्म मिति २०६६/११/२६ को परिपत्र अनुसार २०६६ चैतमसान्तदेखि लागू हुने गरी उक्त कोषमा रकम जम्मा गर्नुपर्ने छैन । तर, यसरी युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा तत्काललाई रकम जम्मा गर्नु नपरे तापनि बैंक तथा वित्तीय संस्थाले यसै निर्देशनको बुँदा नं. १ अनुसारको दरले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने रकम पूर्ववत नै लगानी गर्नु पर्नेछ ।

११. विपन्न वर्गमा प्रवाहित कर्जा सम्बन्धी ने.रा. बैंक निर्देशन फाराम नं. ९.५ अनुसारको त्रैमासिक विवरण यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र पेश गर्नु पर्नेछ ।

१२. सम्बन्धित ईजाजतपत्रप्राप्त संस्थाले विपन्न वर्गमा प्रवाह गरिने कर्जा सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्थालाई आफ्नो कर्जा नीतिमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१३. अन्य निर्देशनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुहिक/व्यक्तिगत/संस्थागत जमानीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपन्न वर्गमा गणना हुने गरी प्रवाह गरिएको कर्जाको लागि अतिरिक्त बिस प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने छैन ।

१४. विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सापटी रकमलाई लक्षित वर्गमा प्रवाह नगरी सो बापतको रकम ब्याज आर्जन हुने गरी कुनै पनि बैंक तथा वित्तीय संस्थामा जम्मा गर्न पाइने छैन । तर यस व्यवस्थाले "घ"

वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा कर्जा सीमा (Line of Credit) उपयोग गर्न बाधा पुऱ्याएको मानिने छैन ।

१५. माथि उल्लिखित बुँदा (१४) बमोजिमको थोक कर्जा प्रवाह गर्ने संस्थाले उद्देश्य बमोजिम सम्पूर्ण थोक कर्जा रकम प्रवाह गरे/नगरेको विवरण लिई सोको प्रमाणिकरण गरी प्रत्येक आर्थिक वर्षको माघ र साउन मसान्तमा सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी दिनु पर्नेछ ।

१६. इजाजतपत्रप्राप्त संस्थाले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी निर्देशन बमोजिमको कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुरयाउनु पर्ने रकममा हुन आउने नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइने छ । यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना रकम कायम गरिनेछ ।

तर अन्तिम ऋणदाता सम्बन्धी सुविधा उपयोग गर्ने इजाजतपत्रप्राप्त संस्थाको हकमा सो कर्जा/सुविधा प्राप्त गरेको मिति देखि विपन्न वर्ग कर्जा प्रवाह नगरेको कारणले सो कर्जाको सीमा नपुगी लाग्ने हर्जानामा उल्लिखित अन्तिम ऋणदाता सुविधा कायम रहेसम्म छुट प्रदान गरिने छ ।

यस बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. बमोजिम समस्याग्रस्त घोषणा गरिएको वा बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ को विनियम ३ को खण्ड (ख) बमोजिमको कारवाहीमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई उक्त अवधिभर विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा प्रवाह नगरेको कारणले लाग्ने हर्जानामा छुट प्रदान गरिने छ ।

१७. तोकिएका क्षेत्रमा कर्जा प्रवाह सम्बन्धी व्यवस्था

(१) न्यूनतम कर्जा प्रवाह :

यस बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैकहरुले कुल कर्जा सापटको देहाय बमोजिम तोकिएका क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने छ ।

(क) २०८० असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।

२०७८ असार मसान्त	२०७९ असार मसान्त	२०८० असार मसान्त
११ प्रतिशत	१३ प्रतिशत	१५ प्रतिशत

(ख) २०८१ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १० प्रतिशत कर्जा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्नेछ ।

२०७८ असार मसान्त	२०७९ असार मसान्त	२०८० असार मसान्त	२०८१ असार मसान्त
६ प्रतिशत	७ प्रतिशत	९ प्रतिशत	१० प्रतिशत

(ग) २०८१ असार मसान्तसम्ममा देहायबमोजिम न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु,साना एवम् मझौला उद्यमका क्षेत्रमा (रु. १ करोडभन्दा कम रकमका कर्जाहरु) प्रवाह गर्नु पर्नेछ ।

२०७८ असार मसान्त	२०७९ असार मसान्त	२०८० असार मसान्त	२०८१ असार मसान्त
११ प्रतिशत	१२ प्रतिशत	१४ प्रतिशत	१५ प्रतिशत

(घ) कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, उर्जा र पर्यटन क्षेत्रमा २०८१ असार मसान्तसम्ममा देहायबमोजिम "ख" वर्गका वित्तीय संस्थाहरुले कुल कर्जा तथा सापटको न्यूनतम २० प्रतिशत र "ग" वर्गका वित्तीय संस्थाहरुले न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ ।

	"ख" वर्ग	"ग" वर्ग
२०७८ असार मसान्त	१६ प्रतिशत	११ प्रतिशत
२०७९ असार मसान्त	१७ प्रतिशत	१२ प्रतिशत
२०८० असार मसान्त	१९ प्रतिशत	१४ प्रतिशत
२०८१ असार मसान्त	२० प्रतिशत	१५ प्रतिशत

(२) उपबुँदा (१) अनुसार तोकिएका क्षेत्रमा प्रवाह भएको कर्जा सम्बन्धी व्यवस्थाको न्यूनतम सीमाको अनुपालना यकिन गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाहरुले बक्यौता कर्जा (Outstanding Loan) लाई प्रवाहित कर्जाको रुपमा गणना गर्नु पर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाहरुले कृषि तथा उर्जा क्षेत्रमा प्रवाहित कर्जालाई अर्को वित्तीय संस्था मार्फत व्यवस्थापन गर्न एक आपसमा खरिद/बिक्री गर्न सक्नेछन् । सुरुवातमा कर्जा प्रवाह गर्ने संस्थाले नै ग्राहकसँगको सम्बन्ध व्यवस्थापन (Relationship Management) गर्ने गरी गरिएको खरिद/बिक्रीमा ग्राहकको सहमति आवश्यक पर्ने छैन ।

(४) कृषि ऋणपत्रमा लगानी गरेको रकमलाई कृषि क्षेत्रमा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने कर्जामा गणना गर्न पाइने छ ।

(५) उर्जा ऋणपत्रमा लगानी गरेको रकमलाई उर्जा क्षेत्रमा अनिवार्य रुपमा प्रवाह गर्नुपर्ने कर्जामा गणना गर्न पाइने छ ।

(६) अनुगमन तथा हर्जाना :

(क) यस व्यवस्था अनुसार तोकिएको अवधिभित्र कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।

(ख) वाणिज्य बैंकहरुका हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा देहायबमोजिम गरिनेछ ।

(१) माथि उल्लेख भएबमोजिम कृषि क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।

(२) माथि उल्लेख भएबमोजिम उर्जा क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।

(३) माथि उल्लेख भएबमोजिम लघु, साना एवम् मझौला उद्यमका क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।

(ग) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुको हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा तोकिएको क्षेत्रमा तोकिएको प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।

(घ) तोकिएका क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको जम्मा बक्यौता कर्जा तथा सापटको आधारमा २०७८ पुस मसान्तदेखि गणना शुरु गरी त्यसपछिको प्रत्येक त्रयमासमा गणना गर्ने ।

स्पष्टीकरण:

(१) कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सुर्ति, सनपाट, फलफुल तथा पुष्प खेती, (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) मलखाद तथा किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पन्छी वधशाला (झ) अन्य कृषि तथा कृषिजन्य सेवाहरु (ञ) माछापालन, (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमको) क्षेत्रहरुलाई जनाउने छ । त्यसैगरी कृषि क्षेत्र अन्तर्गत (क) कृषि औजार, (ख) मल, (ग) विउ-विजन, (घ) पशुपंक्षी-दाना, (ङ) कृषि उत्पादन भण्डारण र (च) चिया, कफी, अदुवा र फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन समेत पर्नेछ ।

(२) 'उर्जा क्षेत्र' भन्नाले जलविद्युत, नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्र तथा नवीकरणीय उर्जाबाट चल्ने सार्वजनिक सवारी साधन एवम् चार्जिङ्ग स्टेशनलाई समेत जनाउने छ ।

(३) 'पर्यटन क्षेत्र' भन्नाले देहायबमोजिमको क्षेत्रलाई जनाउने छ :

(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, च्याफ्टिङ्ग, क्याम्पिङ्ग, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,

(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिजोर्ट तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,

(ग) मनोरंजन, मनोरञ्जन पार्क, रिक्रिएसन, चलचित्र आदि,

(घ) साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर च्याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,

(ङ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार,

(च) साँस्कृतिक, धार्मिक तथा खेलकुद पर्यटन र

(छ) काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा संचालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा ।

(४) **लघु उद्यम, साना उद्योग, मझौला उद्योग तथा घरेलु उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ ले परिभाषित लघु उद्यम, साना उद्योग, मझौला उद्योग तथा घरेलु उद्योग सम्झनु पर्दछ ।**

१८. खारेजी र वचाऊ

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएका देहायका निर्देशनहरुलाई खारेज गरिएको छ ।

एकीकृत निर्देशन, २०७६ को विपन्न वर्गमा प्रवाह गर्नु पर्ने कर्जा सम्बन्धी व्यवस्था इ.प्रा. निर्देशन नं. १७/०७६बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूचीः १७.१

बैंक/वित्तीय संस्था तथा कोषबीच हुने सम्झौता

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ बमोजिम स्थापित अर्थ मन्त्रालयको युवा तथा साना व्यवसायी स्वरोजगार कोषका तर्फबाट मिति ..... को अख्तियार प्राप्त ..... श्री ..... (यसपछि कोष भनीएको) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम स्थापित .....जिल्ला..... न.पा. वडा नं. ..... स्थित ..... का तर्फबाट अख्तियार प्राप्त .....श्री ..... (यसपछि बैंक/वित्तीय संस्था भनीएको) का बीच तपसिलका शर्तहरुका अधीनमा रही दुवै पक्षको मनोमान राजीखुशीले तपसिलका साक्षीहरुका रोहवरमा कोषको कार्यालयमा बसी यो सम्झौता गरिएको छ ।

तपसिल

१. बैंक/वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको निर्देशन नं..... को बुँदा नं..... तथा सोमा समय समयमा हुने संशोधन अनुसार कोषमा रकम जम्मा गर्नेछ । कोषमा जम्मा भएको रकम सम्बन्धित बैंक/वित्तीय संस्थाले कोषलाई प्रवाह गरिएको कर्जा मानिनेछ । बैंक/वित्तीय संस्थाले हरेक त्रैमासमा कोषमा जम्मा गरेको रकम र कुल कर्जा वक्यौता रकम खुलाई कोषलाई लिखित जानकारी दिनेछ । यसरी जानकारी दिएको ७ दिनभित्र बैंक/वित्तीय संस्थाले कोषबाट कुनै अन्यथा व्यहोराको लिखित सूचना प्राप्त नगरेमा उपरोक्त बमोजिम जानकारी गराइएको रकम नै कोषले बैंक/वित्तीय संस्थाबाट लिएको कर्जा रकम मानिनेछ ।

२. बुँदा नं. १ बमोजिम प्रवाह गरिएको कर्जावापत कोषले बैंक/वित्तीय संस्थालाई त्रैमासिक रुपमा भुक्तान गर्ने गरी वार्षिक ५ प्रतिशत ब्याज दिनेछ । कोषले प्रदान गर्ने पुनरकर्जामा ७ प्रतिशत ब्याजदर बैंक/वित्तीय संस्थाले त्रैमासिक रुपमा कोषलाई भुक्तान गर्नु पर्नेछ । यस्तो ब्याजदर, बजारदर र मुद्रास्फीतिलाई मध्यनजर राखी दुवै पक्षको लिखित सहमतिमा समय समयमा पुनरावलोकन गरिनेछ ।

३. कोषले लिएको कर्जा र बैंक तथा वित्तीय संस्थाहरुले कोषसँग लिएको पुनरकर्जामा लाग्ने ब्याज तिर्ने दायित्व कोषको र बैंक/वित्तीय संस्थाहरु दुवैको रहनेछ । लिएको कर्जाको बुझाउनुपर्ने ब्याज रकम कोषले र बैंक/वित्तीय संस्थाले त्रैमासिक रुपमा आषाढ, असोज, पुस र चैतमसान्तमा नतिरेमा सम्पूर्ण साँवा तथा ब्याज भुक्तान गर्न कोष र बैंक/वित्तीय संस्था दुवै पक्षले सूचित गर्न सक्नेछ । सो अनुसार सूचना पाएमा ७ (सात) दिनभित्र कोष वा बैंक/वित्तीय संस्थाहरुले सम्पूर्ण साँवा ब्याज भुक्तान गर्नेछ ।

४. बुँदा नं. ३ बमोजिम साँवा र/वा ब्याज भुक्तान नगरेमा भुक्तानी गर्नुपर्ने मितिदेखि भुक्तानी हुने मितिसम्मको अवधिको लागि वार्षिक १० प्रतिशत र २ प्रतिशत पेनाल ब्याज सहित साँवा र/वा ब्याज कोष वा बैंक/वित्तीय संस्थाले भुक्तान गर्नेछ ।

५. यस सम्झौताको अवधि आजको मितिदेखि लागू भई प्रवाह गरेको कर्जा चुक्ता नभएसम्मको अवधिको लागि लागू हुनेछ ।

६. कुनै पनि समयमा कोषले बैंक/वित्तीय संस्थालाई कम्तीमा १५ दिनको पूर्व सूचना दिई बाँकी सम्पूर्ण साँवा ब्याज बैंक/वित्तीय संस्थालाई तिरी बुझाई सम्झौता समाप्त गर्न सक्नेछ ।

७. सम्झौता अवधिभर कुनै पनि बखत कोष बिघटन भएमा अबिलम्ब कोषले तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण साँवा ब्याज रकम कोषले बैंक/वित्तीय संस्थालाई तिर्न/बुझाउन पर्नेछ ।

८. दुवै पक्षको लिखित सहमतिमा यस सम्झौतामा उल्लिखित शर्तहरु संशोधन, फेरबदल वा थपघट गर्न सकिनेछ ।

९. बैंक/वित्तीय संस्थाले नियमित कर्जा असुल भएको अवस्थामा सिधै सहुलियत दरमा लाग्ने ब्याजको ६० प्रतिशत रकम घटाई गणना गरी लिनेछ । ब्याज नियमित नभएको खण्डमा युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ बमोजिम असुलउपर गर्नेछ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषका	बैंक/वित्तीय संस्थाका तर्फबाट
अख्तियार प्राप्त	अख्तियार प्राप्त
नाम	नाम
पद	पद
हस्ताक्षर	हस्ताक्षर
छाप	छाप
मिति	मिति

साक्षी **साक्षी**

....

इति सम्बत् २०७...साल ..... महिना ..... गते रोज ..... शुभम् ----------

ने.रा. बैंक निर्देशन फा.नं. १७.१

..... लिमिटेड

'कृषि, जलविद्युत/उर्जा, पर्यटन क्षेत्र र साना तथा मझौला उद्योगमा भएको कर्जा लगानीको मासिक विवरण'

(रु. दश लाखमा)

क्र. सं.	विवरण	स्वीकृत कर्जा सीमा रु.	कर्जा बक्यौता रकम रु.	कुल कर्जामा स्वीकृत कर्जा सीमाको प्रतिशत	कैफियत
१	कृषि क्षेत्र तर्फ				
१.१	कृषि र वन सम्बन्धी				
१.२	माछापालन सम्बन्धी				
१.३	कृषि औजार				
१.४	मल (क्र.सं. १.१ मा समावेश बाहेक)				
१.५	बीउ-विजन				
१.६	पशुपंक्षी-दाना				
१.७	कृषि उत्पादन भण्डारण				
१.८	चिया, कफि, अदुवा, फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन				
२.	जलविद्युत/उर्जा क्षेत्र तर्फ				
२.१	जलविद्युत				
२.३	नवीकरणीय उर्जा				
३.	पर्यटन क्षेत्र तर्फ				
३.१	ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, राफ्टिङ्ग, क्याम्पिङ्ग आदि				
३.२	होटल (अन्य सेवा समेत)				
३.३	मनोरंजन, रिक्रिएसन, चलचित्र				
३.४	सार्वजनिक शहरी यातायात सेवा*				
४.	साना तथा मझौला उद्योग तर्फ				
४.१	साना उद्योग				
४.२	मझौला उद्योग				
	कृषि, जलविद्युत/उर्जा तथा पर्यटन क्षेत्रको कुल (१+२+३)				
	कृषि, जलविद्युत/उर्जा, पर्यटन क्षेत्र र साना तथा मझौला उद्योगको कुल जम्मा (१+२+३+४)				
	संस्थाको कुल कर्जा लगानी				

* काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सन्चालित सार्वजनिक सहरी यातायात सेवा

ने.रा.बैंक निर्देशन फा.नं. १७.२

..... लिमिटेड

प्राथमिकताप्राप्त (कृषि, उजा जलविद्युत/उर्जा, पर्यटन र साना तथा मझौला उद्योगतर्फ) क्षेत्र कर्जा लगानी

मिति ..... मा समाप्त त्रयमासको विवरण

(रु. दश लाखमा)

क्र.सं.	विवरण	यस त्रयमास				गत त्रयमास			
		रकम (रु.)		प्रतिशत		रकम (रु.)		प्रतिशत	
		कर्जा सीमा	कर्जा प्रवाह	कर्जा सीमामा	कर्जा प्रवाहमा	कर्जा सीमा	कर्जा प्रवाह	कर्जा सीमामा	कर्जा प्रवाहमा
१	कृषि								
२	जलविद्युत/उर्जा								
३	पर्यटन								
४	साना तथा मझौला उद्योग								
	जम्मा (१+२+३+४)								
	संस्थाको कुल कर्जा लगानी रकम								

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १८/०७७

स्तरोन्नति हुने, कार्यक्षेत्र विस्तार वा संकुचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम तल्लो वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था माथिल्लो वर्गमा परिणत हुनको लागि वा दुई वा दुईभन्दा बढी इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्न/गाभिन वा यसरी गाभिई सकेपछि स्तरोन्नति हुन तथा हालको वर्गमा नै रही कार्यक्षेत्र विस्तार गर्न यस बैंकमा निवेदन दिने "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा निम्नानुसारको व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क) स्तरोन्नति हुने सम्बन्धी व्यवस्था

१. परिभाषाः

यस निर्देशन बमोजिम "स्तरोन्नति" भन्नाले बुँदा नं. (२) बमोजिमको मापदण्ड पुरा गरेका यस बैंकबाट इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएका "ग" वा "ख" वर्गका वित्तीय संस्था क्रमशः "ख" वा "क" वर्गको संस्थामा परिणत हुनसक्ने अवस्था सम्झनु पर्दछ ।

२. स्तरोन्नति हुने सम्बन्धी मापदण्डः

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३८ बमोजिम यस बैंकबाट "ख" वा "ग" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था स्तरोन्नति हुनको लागि देहायका पूर्वयोग्यता/मापदण्डहरु पुरा भएको वा गरेको हुनु पर्नेछ :-

(क) संस्थाले सम्बन्धित वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त गरेको अवधि ५ वर्ष पुरा गरेको ।

(ख) संस्था पछिल्लो पाँच आर्थिक वर्षमा लगातार रुपमा नाफामा रहेको ।

(ग) संस्था सञ्चित नोक्सानीमा नरहेको ।

(घ) विगत पाँच वर्षको औसत कुल निष्क्रिय कर्जा (Non performing loan) अनुपात ५ प्रतिशत भन्दा तल रहेको ।

(ङ) माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थाका लागि यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा भएको ।

(च) संस्थाले यस बैंकद्वारा जारी पुँजी पर्याप्तता, प्रति ग्राहक कर्जा सीमा, कर्जा निक्षेप अनुपात, कर्जा नोक्सानी व्यवस्था र वित्तीय स्रोत परिचालन सम्बन्धी निर्देशनहरु पूर्ण रुपमा पालना गरेको तथा विगत पाँच वर्षदेखि लगातार यस बैंकले तोकेको न्यूनतम पुँजी पर्याप्तता अनुपात कायम गरेको ।

(छ) संस्था वा सञ्चालक समिति/पदाधिकारीलाई यस बैंकबाट सुशासन लगायत खण्ड (च) मा उल्लिखित निर्देशनहरु पालना नगरेको विषयमा कारवाही भएको भए सो कारवाही फुकुवा भएको अवधि ३ वर्ष पुरा भएको ।

(ज) शिघ्र सुधारात्मक कारवाही भएको भए सो कारवाही फुकुवा भएको ३ वर्ष पुरा भएको ।

(झ) संस्थाले अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण सम्पन्न गरेको ।

(ञ) राष्ट्रियस्तरको कार्यक्षेत्र भएको "ख" वर्गबाट "क" वर्गमा स्तरोन्नति हुन चाहने संस्थाको अघिल्लो आर्थिक वर्षमा व्यवसायको आकार (निक्षेप तथा कर्जाको कुल योग) न्यूनतम चुक्ता पुँजीको १५ गुणा (हालको वर्गको) र ग्राहक संख्या २५ हजार (निक्षेपकर्ता र ऋणी) भएको ।

(ट) राष्ट्रियस्तरको कार्यक्षेत्र भएको "ग" वर्गबाट "ख" वर्गमा स्तरोन्नति हुन चाहने संस्थाको अघिल्लो आर्थिक वर्षमा व्यवसायको आकार (निक्षेप तथा कर्जाको कुल योग) न्यूनतम चुक्ता पुँजीको १५ गुणा (हालको वर्गको) र ग्राहक संख्या १० हजार (निक्षेपकर्ता र ऋणी) भएको ।

३. स्तरोन्नतिका लागि निवेदन दिनेः

बुँदा नं.२ बमोजिमका मापदण्डहरु पुरा गरेको संस्थाले स्तरोन्नति हुने सैद्धान्तिक सहमतिका लागि देहायका कागजात तथा विवरणसहित यस बैंक समक्ष निवेदन दिन सक्नेछ :-

(क) सैद्धान्तिक सहमतिको लागि अनुसूची -१८.१ बमोजिमको ढाँचामा निवेदन ।

(ख) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुगेको व्यहोरा यस बैंकको सूचीकृत लेखापरीक्षकबाट प्रमाणित भएको विवरण ।

(ग) स्तरोन्नति हुने सम्बन्धमा सम्बन्धित संस्थाको वार्षिक साधारण सभाले गरेको निर्णयको छबिचित्र ।

(घ) संस्थाको कम्तीमा आगामी ५ वर्षको व्यावसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection)

(ङ) अनुसूची -१८.२ र अनुसूची -१८.३ बमोजिमको ढाँचामा दुई प्रतिशत वा सो भन्दा बढी सेयर धारण गरेका संस्थापकहरुको व्यक्तिगत विवरण ।

(च) संस्थापकहरुले सम्बन्धित संस्थाबाट कर्जा नलिएको स्वःघोषणा पत्र ।

(छ) संस्थापकहरुले अन्य बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई भाखा ननाघेको वा कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश नभएको व्यहोरा उल्लेख भएको स्वःघोषणा पत्र ।

(ज) वर्तमान सेयर पुँजी संरचना र स्वामित्व (संस्थापक समूह र सर्वसाधारण समूह) सम्बन्धी विवरण ।

(झ) संस्थापकहरुले कुनै एक बैंक तथा वित्तीय संस्थामा चुक्ता पुँजीको बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको बढीमा १ प्रतिशत भन्दा बढी लगानी नगरेको स्वःघोषणा ।

(ञ) यस बैंक समक्ष निवेदन दिंदाका वखत संस्थाको कुल कर्जाको ५ प्रतिशत भन्दा कम निष्क्रिय कर्जा रहेको पुष्ट्याईं हुने कागजात ।

(ट) संस्था संस्थापना गर्दा खर्च भएको पूर्व सञ्चालन खर्च पूर्ण रुपमा अपलेखन भएको प्रमाणित हुने कागजात ।

(ठ) संस्था पछिल्लो ५ वर्षदेखि लगातार मुनाफामा सञ्चालन भैरहेको प्रमाणित हुने लेखापरीक्षण भएको विगत ५ वर्षको वित्तीय विवरण ।

(ड) संस्थाले New Capital Adequacy Framework पूर्ण रुपमा लागू गर्नसक्ने योजना तथा सञ्चालक समितिको प्रतिवद्धता ।

(ढ) सेयर खरिद बिक्री कारोबार रोक्का भएको व्यहोराको धितोपत्र विनिमय बजारको पत्र ।

(ण) पुँजी पर्याप्तता, प्रति ग्राहक कर्जा सीमा, कर्जा निक्षेप अनुपात, कर्जा नोक्सानी व्यवस्था र वित्तीय स्रोत परिचालन सम्बन्धी निर्देशनहरु पूर्ण रुपमा पालना गरेको स्वःघोषणा तथा सो पुष्ट्याईं हुने कागजात ।

(त) विगत ३ वर्षमा शिघ्र सुधारात्मक कार्यवाही नभएको स्वःघोषणा । ऋ

(थ) लेखापरीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरणको आधारमा व्यवसायको आकार (निक्षेप तथा कर्जाको कुल योग) र ग्राहक संख्या (निक्षेपकर्ता र ऋणी) यस निर्देशन बमोजिम रहेको पुष्ट्याईं हुने कागजात ।

४. सैद्धान्तिक सहमतिः

(१) बुँदा नं.(३) अनुसार स्तरोन्नतिका लागि पेश हुन आएको निवेदनमाथि यस बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी **ऐन, २०७३** को दफा ३८, यसै निर्देशनको बुँदा नं. २ बमोजिमको पूर्वयोग्यता तथा पेश हुन आएका कागजात तथा विवरणहरु मूल्याङ्कन गरी माथिल्लो वर्गको वित्तीय कारोबार गर्ने अनुमति प्रदान गर्ने प्रक्रियागत व्यवस्था अवलम्बन गर्नेछ र माथिल्लो वर्गको वित्तीय कारोबार गर्न चाहने सम्बन्धित वित्तीय संस्थाहरुलाई उल्लिखित व्यहोरा जानकारी गराउनेछ । यसरी जानकारी उपलब्ध गराउंदा देहायका शर्तहरु कायम गरी सैद्धान्तिक सहमति प्रदान गर्न सकिनेछ :-

(क) माथिल्लो वर्गको वित्तीय कारोबार संचालनको लागि जारी पुँजीको ०.०२ प्रतिशतले हुने रकम यस बैकको ना.नो.आ.हि. फुटकर शीर्षकमा जम्मा गरी सक्कल भौचर सहित अनुसूची -१८.४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने ।

(ख) माथिल्लो वर्गको संस्थाले गर्ने कार्य समावेश गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित संशोधित प्रबन्धपत्र र नियमावलीको प्रतिलिपी पेश गर्नुपर्ने ।

(ग) संशोधित कर्जा नीति, आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली र कर्जा अपलेखन विनियमावली पेश गर्नुपर्ने ।

(घ) माथिल्लो वर्गको संस्थाको संगठनात्मक संरचना र पदाधिकारीहरुको विवरण पेश गर्नुपर्ने ।

(ङ) सूचना प्रविधि तथा सफ्टवेयर सम्बन्धी विवरण पेश गर्नुपर्ने ।

(२) स्तरोन्नतिको लागि निवेदन दिएपछि सम्बन्धित सुपरिवेक्षण विभागसँग समन्वय गरी तयार गरिएको विशेष निरीक्षण प्रतिवेदन समेतलाई आधार मानी स्तरोन्नतिका लागि गठित सिफारिस समितिमा आवश्यक छलफल गरी सो समितिको सिफारिसमा मात्र स्वीकृति प्रदान गरिने छ ।

(३) सैद्धान्तिक सहमति प्रदान भएको मितिले ६ महिनाभित्र माथिल्लो वर्गको वित्तीय कारोबार सञ्चालन गर्न आवेदन गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र आवेदन नगरेमा यस बैंकले प्रदान गरेको सैद्धान्तिक सहमति रद्द गर्न सकिनेछ ।

५. सैद्धान्तिक सहमति दिन इन्कार गर्न सकिनेः

(१) यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि यस बैंकले देहायको कुनै अवस्थामा स्तरोन्नति हुन चाहने संस्थालाई स्तरोन्नतिको लागि सैद्धान्तिक सहमति दिन इन्कार गर्न सक्नेछ :-

(क) बैङ्क वा वित्तीय क्षेत्रको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा माथिल्लो वर्गको वित्तीय कारोबार सञ्चालन गर्न थप बैङ्क वा वित्तीय संस्थालाई इजाजतपत्र दिन उपयुक्त नदेखिएमा ।

(ख) खण्ड (क) को अवस्था हेरी निक्षेपकर्ताको हित संरक्षणको निमित्त माथिल्लो वर्गको वित्तीय कारोबार सञ्चालन गर्न इजाजतपत्र दिन उचित नदेखिएमा ।

(ग) इजाजतपत्रप्राप्त संस्थालाई माथिल्लो वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्र दिँदा वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै इजाजतपत्रप्राप्त संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना देखिएमा ।

(घ) यस निर्देशनमा तोकिएका शर्त तथा मापदण्डहरु पुरा भएको नदेखिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै संस्थालाई माथिल्लो वर्गको वित्तीय कारोबार सञ्चालन गर्न सैद्धान्तिक सहमति दिन नसकिने अवस्था भएमा यस बैंकले सोको कारण खुलाई निवेदन परेको मितिले एक सय बिस दिनभित्र सम्बन्धित संस्थालाई सूचना दिनेछ । सो अवधिभित्र यस बैंकले थप विवरण माग गरेको भए त्यस्तो विवरण प्राप्त भएको मितिले नब्बे दिनभित्र त्यस्तो सूचना दिनेछ ।

६. स्तरोन्नतिको लागि स्वीकृति प्रदान गर्नेः

(१) स्तरोन्नति भई माथिल्लो वर्गको कारोबार सञ्चालनको लागि निवेदन प्राप्त भएपछि कागजातहरुको परीक्षण तथा भौतिक पूर्वाधार समेत निरीक्षण गरी स्वीकृति दिन यस बैंक सन्तुष्ट भएमा आवेदन गरेको तीन महिनाभित्र स्वीकृति प्रदान गरिने छ । त्यस्तो स्वीकृतिको लागि यस बैंकले थप कागजात माग गरेको अवस्थामा त्यस्तो कागजात पेश गरेको मितिले स्वीकृति प्रदान गर्ने कार्यावधि गणना हुनेछ ।

(२) स्तरोन्नति भई माथिल्लो वर्गको कारोबार सञ्चालनको लागि स्वीकृति प्रदान गर्नु अघि सैद्धान्तिक सहमति प्रदान गर्दा तोकिएका सम्पूर्ण शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

(ख) कार्यक्षेत्र विस्तार सम्बन्धी व्यवस्था

(१) प्रादेशिक स्तरका "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले राष्ट्रियस्तरमा परिणत हुन चाहेमा देहायका शर्तहरु पुरा गरी स्वीकृतिका लागि व्यावसायिक योजना सहित यस बैंकमा निवेदन दिन सक्नेछन् :

(क) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गरेको ।

(ख) नियमित रुपले वार्षिक लेखापरीक्षण गरी साधारण सभा सम्पन्न गरेको ।

(ग) बैंक तथा वित्तीय संस्था पछिल्लो ३ वर्ष सञ्चित नोक्सानीमा नरहेको ।

(घ) यस बैंकको निर्देशन अनुरुपको पुँजीकोष (Capital Adequacy) पर्याप्त रहेको ।

(ङ) यस बैंकको निर्देशन अनुरुप कर्जाको वर्गीकरण गरी सोको लागि पर्याप्त कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गरेको ।

(च) निष्क्रिय कर्जा (NPA) पाँच प्रतिशत ननाघेको ।

(छ) प्रादेशिक स्तरमा कारोवार सञ्चालन गरेको ५ वर्ष पुरा भएको ।

(ज) New Capital Adequacy Framework 2008 पूर्णरुपमा लागू गर्न सक्ने प्रमाण पेश गरेको ।

(झ) नेपाल राष्ट्र बैंकबाट संस्था वा संस्थाका अध्यक्ष, सञ्चालक र कार्यकारी प्रमुख कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको अवधि ३ वर्ष पुरा भएको ।

(ञ) इजाजत दिंदा तोकिएका सबै शर्तहरु पुरा गरेको ।

२. राष्ट्रियस्तरमा परिणत हुनका लागि आवेदनसाथ निम्न कागजातहरु संलग्न हुनु पर्नेछ :–

(क) विद्यमान संस्थापक र सञ्चालकहरुको विवरण ।

(ख) वित्तीय संस्थाको आगामी ५ वर्षको प्रक्षेपित वित्तीय अवस्था, व्यावसायिक रणनीति, प्राविधिक तथा व्यवस्थापन पक्ष र बजार संवेदनशीलता विश्लेषण सहितको व्यावसायिक योजना ।

(ग) वित्तीय कारोबार सञ्चालनका लागि कर्पोरेट कार्यालय/मुख्य शाखा कार्यालय विद्यमान स्थानदेखि अन्य स्थानमा सञ्चालन गर्ने भएमा सो कार्यालयको भौतिक पूर्वाधार, सूचना प्रविधि, बीमा तथा सुरक्षा व्यवस्था, घरभाडा करारनामा, प्रमुख कार्यकारी अधिकृत लगायत मुख्य कर्मचारीहरुको योग्यता अनुभव सम्बन्धी कागजात ।

(घ) राष्ट्रियस्तरमा परिणत भएपश्चात कायम हुने कार्यक्षेत्रलाई समेटेर तयार गरिएको कर्जा नीति, लगानी नीति, निक्षेप परिचालन नीति, वासलात बाहिरका कारोबार सञ्चालन नीति, आन्तरिक लेखापरीक्षण नीति, गैर बैकिङ्ग सम्पत्ति व्यवस्थापन नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, सूचना प्रविधि नीति र आफ्नो ग्राहक पहिचान नीति ।

(ङ) राष्ट्रियस्तरमा परिणत हुने सम्बन्धमा साधारण सभाले गरेको निर्णयको प्रतिलिपी ।

३. राष्ट्रियस्तरमा परिणत हुने सम्बन्धमा संस्थाका सञ्चालक समितिसँग अन्तर्क्रिया गरी कागजात पुरा भएको मितिले ६० दिनभित्र सो सम्बन्धी प्रक्रियाको टुंगो लगाइनेछ ।

(ग) गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) सम्बन्धी व्यवस्था

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ का दफा ७० बमोजिम इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभ्ने/गाभिने/प्राप्ति भई सोही ऐनको दफा ३८ बमोजिम स्तरोन्नतिका लागि यस बैंकमा निवेदन पेश हुन आएमा सर्वप्रथम गाभ्ने/गाभिने/प्राप्ति सम्बन्धी प्रक्रिया अवलम्बन गर्नु पर्नेछ र सो को टुंगो लागेपछि स्तरोन्नतिको कारवाही अघि बढाइनेछ । यसरी गाभ्ने/गाभिने/प्राप्ति भई स्तरोन्नतिका लागि पेश हुन आएको निवेदनलाई प्राथमिकता दिइनेछ ।

(२) उपबुँदा (१) बमोजिम यस बैंकमा निवेदन दिंदा संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र धितोपत्र विनिमय बजारलाई समेत सोको जानकारी अनिवार्य रुपमा दिनु पर्नेछ ।

(३) प्रादेशिक स्तरका वित्तीयसंस्थाहरु एक आपसमा गाभिई वा प्राप्ति गरी राष्ट्रियस्तरमा परिणत हुन चाहेमा गाभिएर/प्राप्ति गरी बन्ने संस्थाको चुक्ता पूँजी तथा पूँजीकोष यस बैंकले तोकेबमोजिम हुने गरी अन्य व्यवस्थामा छुट प्रदान गरी विशेष प्राथमिकता दिन सकिनेछ ।

(४) देहायको कुनै वा सबै अवस्था पुरा नगर्ने इजाजतपत्रप्राप्त संस्थालाई अन्य कुनै इजाजतपत्रप्राप्त संस्थासंग गाभिन वा प्राप्तिमा जान नेपाल राष्ट्र बैङ्कले निर्देशन दिन सक्नेछ :-

(क) नेपाल राष्ट्र बैङ्कले तोकेको अवधिभित्र तोकेबमोजिमको पुँजी नपुऱ्याएको,
(ख) विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको,
(ग) नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशन पटक पटक उल्लंघन गरी कारबाहीमा परेको,
(घ) नेपाल राष्ट्र बैङ्कले तोकेबमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको ।

(५) एउटै व्यक्ति/समूहद्वारा प्रवर्द्धन भएका तथा एकाघर परिवार एवम् व्यवसायिक समूहको प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व/नियन्त्रणमा रहेका संस्थाहरु र व्यवसायिक सम्बन्ध स्थापित भएका वाणिज्य बैंकहरुलाई एक आपसमा गाभ्न/गाभिन निर्देशन दिइने छ ।

(घ) खारेजी र वचाऊ

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को गाभ्ने/गाभिने र स्तरोन्नति हुने सम्बन्धमा इ.प्रा. निर्देशन नं. १८/०७६ तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु खारेज गरिएको छ ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १८.१

श्री नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

बालुवाटार, काठमाडौं ।

विषयः ..... वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुने सैद्धान्तिक सहमति पाउँ ।

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम विगत ... वर्ष देखि वित्तीय कारोबार सञ्चालन गर्दै आएकोमा सोही ऐनको दफा ३८ बमोजिम माथिल्लो वर्गको संस्था .... वर्गमा परिणत गर्ने गरी संस्थाको साधारण सभाबाट निर्णय भएकोले सैद्धान्तिक सहमति पाउन त्यस बैंकको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.....संलग्न छन् ।

भवदीय,

.....

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नामः

ठेगानाः

टेलिफोन नं :

फ्याक्स नं. :

इमेल ठेगाना :

मितिः

संस्थाको छापः

..... *लि.*

वित्तीय संस्थाको संस्थापक समूहमा रहेका व्यक्तिहरुको

व्यक्तिगत विवरण

फोटो

१. पुरा नाम थर :
२. जन्म मिति :
३. जन्म स्थान :
४. नागरिकता :
५. पुरा ठेगाना :
   (क) स्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स
   (ख) अस्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स
६. हालको पेशा :
   (क) फर्म वा कार्यालयको नाम :
   (ख) ठेगाना :
   (ग) व्यवसायको प्रकृति/काम :
   (घ) पदको नाम :
   (ङ) टेलिफोन/ फ्याक्स/ईमेल :
७. बैवाहिक स्थिति :
   (क) ☐ विवाहित/ ☐ अविवाहित/ ☐ सम्बन्ध बीचछेद भई ☐ अलग बसेको
   (ख) विवाहितको हकमा पति/पत्नीको नाम :
   (ग) पति/पत्नीको पेशा :
   (घ) आश्रितहरुको विवरण

पुरा नाम	सम्बन्ध	उमेर

८. (क) बाबुको नाम :
   ठेगाना :
   पेशा :
   (ख) बाजेको नाम :
   ठेगाना :

९. शैक्षिक योग्यता :

तह	संस्थाको नाम, ठेगाना	अध्ययन वर्ष	विषय	उपाधि लिएको मिति
स्नातक				
स्नातकोत्तर				
विद्यावारिधि				
व्यावसायिक स्तर				
तालिम सेमिनार				
क)				
ख)				
ग)				

१०. तपाईसँग कुनै व्यावसायिक (Professional) विषयमा काम गर्ने इजाजत छ ?

☐ छ ☐ छैन

यदि छ भने

(क) इजाजतको प्रकृति :

(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्बर :

(घ) इजाजत दिने संस्था र ठेगाना :

११. तपाई कुनै व्यावसायिक क्षमताको आधारमा, नेपाल राष्ट्र बैंकबाट निरीक्षण, अनुगमन गर्नु पर्ने संस्थामा काम गर्नुहुन्छ?

(यदि छ भने, संस्थाको नाम, ठेगाना र कामको प्रकृति उल्लेख गर्नुहोस् । साथै, सम्बन्धित संस्थाबाट संस्थापन हुनका लागि स्वीकृति पत्र पेश गर्नुहोस्) ।

१२. कुनै संगठित संस्थामा तपाईको कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस् ?

१३. मैले यो वित्तीय संस्थामा देहाय बमोजिमको रकम लगानी गरेको छु ।

१. संस्थामा लगानी गरेको रकम रु..... .... (अक्षरेपी..... ....) ।

२. संस्थाको कुल जारी पुँजीको प्रतिशत ..... । यो सेयर यस बैंक/वित्तीय संस्थाको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी छैन ।

१४. तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ ?

☐ छ ☐ छैन

१५. तपाँईले अन्य बैंक तथा वित्तीय संस्थासँग कर्जा कारोबार गर्नु भएको छ ?

☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

१६. निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस् :

(क) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ? ☐ छ ☐ छैन

(ख) तपाईंले कानुन उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ ? ☐ छ ☐ छैन

(ग) तपाईं संलग्न भएको कुनै संस्था टाट पल्टेको छ ? ☐ छ ☐ छैन

(घ) तपाईंले काम गरेको वा सञ्चालक भएको वा तपाईंले ५ (पाँच) प्रतिशत भन्दा बढी सेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ, छैन । ☐ छ ☐ छैन

(ङ) गैर कानुनी रुपमा विदेशी मुद्रा कारोबारमा संलग्न हुनु भएको छ ? ☐ छ ☐ छैन

(च) तपाईं संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ ? ☐ छ ☐ छैन

(छ) तपाईलाईं बैंक तथा वित्तीय संस्थाको कर्जा कारोबारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ? ☐ छ ☐ छैन

(ज) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ ? ☐ छ ☐ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ ? ☐ छ ☐ छैन

(झ) तपाईं अन्य बैंक तथा वित्तीय संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानुनी वा अन्य सल्लाहकार हुनुहुन्छ ? ☐ छ ☐ छैन

(ञ) तपाईं धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ ? ☐ छ ☐ छैन

(ट) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानुन उल्लंघन गरेको वा प्रचलित कानुन बमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ ? ☐ छ ☐ छैन

(ठ) तपाई प्रचलित कानुन बमोजिम दामासाहिमा पर्नु भएको छ ? ☐ छ ☐ छैन

(ड) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ ?

☐ छ ☐ छैन

(ढ) तपाईलाई प्रचलित कानुन बमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ? ☐ छ ☐ छैन

(ण) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ । ☐ छ ☐ छैन

(त) तपाईले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गर्नुभएको छ ? ☐ छ ☐ छैन *(छ भने विस्तृत विवरण खुलाउनु होस)*

१७. समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे अनुरुप मेरो बैंक/वित्तीय संस्थाको पुँजी पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दछु ।

माथि उल्लेख गरिएको विवरण ठीक साँचो हो । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा बैंक संस्थापना गर्ने इजाजत नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति:

ठेगाना :

टेलिफोन :

..... *लि.*

वित्तीय संस्थाको संस्थापक समूहमा रहेका संस्थाहरु (फर्म, कम्पनी, संगठित संस्था) को विवरण

१. स्वदेशी संस्था (फर्म, कम्पनी तथा संगठित संस्था) :

(क) संस्थाको नाम :

(ख) संस्था दर्ता मिति :

(ग) प्रतिनिधित्व गर्ने व्यक्ति

नामः

पदः

२. विदेशी लगानीको हकमा :

(क) संस्थाको नाम :

(ख) संस्था दर्ता मिति :

(ग) प्रतिनिधित्व गर्ने व्यक्ति

नामः

पदः

३. सेवाको अभिलेख (विगत ५ वर्षको) बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवशाय सञ्चालन गर्ने संस्था भए सो को विस्तृत विवरण :

संस्थाको नाम, ठेगाना	अवधि	पद	निकटतम सुपरिवेक्षकको नाम	काम छोड्नुको कारण

४. संस्थाको नामबाट कुनै व्यावसायिक (Professional) विषयमा काम गर्ने इजाजत छ ? ☐ छ ☐ छैन

यदि छ भने

(क) इजाजतको प्रकृति :

(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्बर :

(घ) इजाजत दिने संस्था र ठेगाना :

५. संस्था विगत दुई वर्ष देखि सञ्चालन मुनाफामा रहेको छ/छैन ? ☐ छ ☐ छैन

संस्थाको दुई आ.व.को वित्तीय विवरण यसैसाथ संलग्न छ ।

६. संस्थाबाट लगानी गरी अन्य फर्म, कम्पनी, संगठित संस्थामा कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस ।

७. यो वित्तीय संस्थामा देहाय बमोजिमको रकम लगानी गरेका छौं ।

१. संस्थामा लगानी गरेको रकम रु..... .... (अक्षरेपी..... ....) ।

२. संस्थाको कुल जारी पुँजीको प्रतिशत ..... । यो सेयर यस वित्तीय संस्थाको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी रहेको छैन ।

८. संस्थाको अन्य बैंक तथा वित्तीय संस्थासँग कर्जा कारोबार छ ?

☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

९. निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस् :

(क) संस्थाको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ? ☐ छ ☐ छैन

(ख) संस्थाले कानुन उल्लंघन गरेको कारणबाट सजायँ पाएको छ ? ☐ छ ☐ छैन

(ग) संस्थाले लगानी गरेको अन्य कुनै संस्था टाट पल्टेको छ ? ☐ छ ☐ छैन

(घ) संस्थाले काम गरेको वा सञ्चालक भएको वा संस्थांले ५ (पाँच) प्रतिशत भन्दा बढी सेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ ? ☐ छ ☐ छैन

(ङ) संस्था गैर कानुनी रुपमा विदेशी मुद्रा कारोबारमा संलग्न भएको छ ? ☐ छ ☐ छैन

(च) तपाईको संस्थालाईं बैंक तथा वित्तीय संस्थाको कर्जा कारोबारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ? ☐ छ ☐ छैन

(छ) संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको छ ? ☐ छ ☐ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ ? ☐ छ ☐ छैन

(ज) संस्था अन्य बैंक तथा वित्तीय संस्थाको सञ्चालक, लेखापरीक्षक कानुनी वा अन्य सल्लाहकार छ ?

☐ छ ☐ छैन

(झ) संस्था धितोपत्र दलाल वा बजार निर्माता रहेको छ ? ☐ छ ☐ छैन

(ञ) संस्था कुनै सार्वजनिक अपराध गरेको, कानुन उल्लंघन गरेको वा प्रचलित कानुन बमोजिम विघटनमा परेको कुनै संस्थामा सल्लाहकारको रुपमा रहेको छ ? ☐ छ ☐ छैन

(ट) तपाईको संस्था प्रचलित कानुन बमोजिम दामासाहिमा परेको छ ? ☐ छ ☐ छैन

(ठ) संस्थालाई प्रचलित कानुन बमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ? ☐ छ ☐ छैन

(ड) संस्थाले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ। ☐ छ ☐ छैन

(ढ) संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गरेको छ ? ☐ छ ☐ छैन *(छ भने विस्तृत विवरण खुलाउनु होस)*

१०. समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे अनुरुप हामीले बैंक/वित्तीय संस्थाको पुँजी पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दछौं ।

माथि उल्लेख गरिएको विवरण ठीक साँचो हो । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा माथिल्लो वर्गमा परिणत हुने इजाजत नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

ठेगाना :

टेलिफोन :

अनुसूची १८.४

श्री नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

बालुवाटार, काठमाडौं ।

विषयः माथिल्लो वर्गको वित्तीय कारोबार गर्ने स्वीकृति पाउँ ।

महोदय,

त्यस बैंकको प.सं. ..... मिति .....को पत्रबाट ..... वर्गको इजाजतपत्रप्राप्त संस्थाका रुपमा परिणत गर्न सैद्धान्तिक सहमति प्राप्त भएकोमा तोकिएका शर्तहरु पुरा गरी सकेको हुँदा आवश्यक कागजात एवम् इजाजतपत्र दस्तुर सहित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३८ बमोजिम .... वर्गको संस्थाको रुपमा वित्तीय कारोबार गर्ने इजाजतपत्र पाउनको लागि यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.....संलग्न छन् ।

भवदीय,

.....

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नामः

ठेगानाः

टेलिफोन नं :

फ्याक्स नं. :

इमेल ठेगाना :

मितिः

संस्थाको छापः

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. १९/०७७

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ । विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन ।

१. नीति तथा कार्यविधि सम्बन्धमा :

ऐनको दफा ७त. को उपदफा (१) बमोजिम नीति तथा कार्यविधि वनाई लागू गर्दा सोही दफाको उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त देहाय बमोजिमका व्यवस्थाहरुलाई समेत समावेश गर्नु पर्नेछ ।

(क) आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति,

(ग) जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन पद्धति,

(घ) अस्वभाविक तथा शंकास्पद कारोवारको पहिचान पद्धति,

(ङ) ऐनको परिच्छेद छख. र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिम गर्नुपर्ने कार्यहरु सम्पन्न गर्ने पद्धति,

२. ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा :

(१) ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐनको दफा ७क. र नियमावलीको नियम ४ तथा ५ बमोजिम गर्नु पर्नेछ । **ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिनेछ । यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरको हुनुपर्नेछ । विद्युतीय माध्यमबाट गरिने कारोवारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन बैंक वा वित्तीय संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नुपर्नेछ ।**

साथै, नेपाल सरकारले सामाजिक सुरक्षा लगायतका सरकारी भुक्तानी दिनुपर्ने अवस्थामा सम्बन्धित सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा बैंक तथा वित्तीय संस्थाले खाता खोल्नु पर्नेछ । त्यस्तो खाताबाट रकम झिक्नु अघि यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्नेछ ।

(२) ग्राहक पहिचान गर्दा कानुनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्व रहेको देखिएमा प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रवन्ध उपर नियन्त्रण गर्ने व्यक्ति अर्कै रहेको देखिएमा त्यस्ता व्यक्तिका अतिरिक्त नियमावलीको नियम ६ को उपनियम २ को बुँदा (क) बमोजिमको प्राकृतिक व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ ।

(३) नियमावलीको नियम ३ बमोजिम व्यवसायिक सम्बन्ध नभएको वा खाता नभएको ग्राहकबाट रु. १ लाख वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोवार भएमा निज ग्राहकको पहिचान हुन सक्ने विवरण र कागजात लिनु पर्नेछ ।

(४) कुनै प्राकृतिक व्यक्तिको कारोवारमा परिवार वाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(५) कुनै पनि बैंक खातामा सम्बन्धित खाता सञ्चालक बाहेक अन्य कुनै व्यक्तिले रु.१ लाख भन्दा बढी रकम नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान खुल्ने कागजात लिई नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

(६) ग्राहकको खाता खोल्ने सिलसिलामा सूचक संस्थाले सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप वा **वा Bio-Metric लिनु पर्नेछ** :

(क) प्राकृतिक व्यक्तिको हकमा खातावाला र खाता सञ्चालक व्यक्ति अन्य रहेकोमा निजको समेत । तर, नावालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन ।

(ख) कानुनी व्यक्ति वा प्रवन्धको हकमा खाता सञ्चालक ।

(७) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका कार्यालय वा निकायहरु, विशेष ऐन अन्तर्गत स्थापित निकाय, नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, बीमा समितिबाट स्वीकृति लिई सर्वसाधारणमा सेयर जारी गरिसकेका बीमा कम्पनीहरु, संयुक्त राष्ट्र संघ वा सो अन्तर्गतका कार्यालय तथा विशिष्टिकृत निकाय एवम् अन्तर्राष्ट्रिय संस्थाहरु र विदेशी राजदूतावासहरुको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा खाता सञ्चालकहरुको मात्र व्यक्तिगत विवरण लिन सकिनेछ । साथै, नेपाल सरकारको कुनै कार्यालयको तर्फ बाट स्थायी कर्मचारीले खाता संचालन गर्नु पर्दा कार्यालय परिचयपत्रको आधारमा संचालन गर्न सकिनेछ ।

(८) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची १९.१ मा तोकिएका कागजात तथा विवरणहरु लिनु पर्नेछ । साथै, ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ ।

(९) स्थानीय उपभोक्ता समितिको खाता खोल्ने सन्दर्भमा सम्बन्धित सरकारी निकायमा दर्ता भएको वा स्थानीय तहको सिफारिस भई आएमा समितिका पदाधिकारीहरु र खाता संचालकहरुको आवश्यक विवरण लिई उक्त खातामा हुने कारोवार प्रति खातावाला संचालकहरु स्वयं जिम्मेवार रहने गरी खाता खोल्न वा संचालन गर्न सकिनेछ । **उपभोक्ता समितिको खाता खोल्ने सम्बन्धमा अनुसुची १९.१ (ड) बमोजिम गर्नु पर्नेछ ।**

३. सूचिकृत व्यक्ति पहिचान सम्बन्धमा :

ऐनको परिच्छेद ६ख. अन्तर्गतको दफा २९ङ. को उपदफा (१) र (३) बमोजिम प्रकाशित सूची नियमित रुपमा हेर्नु पर्नेछ र सो सूचिकृत व्यक्ति, समूह वा संगठन आफ्नो ग्राहक भए नभएको यकीन गरी आदेशानुसारको कार्य गर्नु पर्नेछ ।

४. उच्च पदस्थ व्यक्ति पहिचान सम्बन्धमा :

(१) ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको विशेष पहिचान वा यकिन गर्ने प्रयोजनका लागि देहाय बमोजिमका संयन्त्रहरुको समेत स्थापना गर्नु पर्नेछ ।

(क) ग्राहकको खाता खोल्दा, ग्राहकसँग कारोवार गर्दा र ग्राहकको विवरण नियमित रुपले अद्यावधिक गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र ,

(ख) उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने संयन्त्र,

(घ) उच्च पदस्थ व्यक्तिको पदिय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने संयन्त्र,

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्वन गर्नु पर्नेछ :-

(क) ग्राहकवाट सूचना लिने **वा स्वघोषणा गर्न लगाउने ।**

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने र

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(ङ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको यससम्बन्धी अभिलेखबाट सूचना लिने ।

(च) नेपाल सरकार वा तोकिएका संस्था/निकायहरुबाट कम्तिमा पनि वार्षिक रुपमा सूची माग गरी उच्च पदस्थ व्यक्तिको सूची तयार गर्ने ।

(३) उच्च पदस्थ व्यक्तिको अभिलेख नीज पदवाट अवकाश वा मुक्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

(४) उच्च पदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्तिहरुको सूचना तथा जानकारी बैंक तथा वित्तीय संस्थाले जोखिमको आधारमा वा आवश्यकता अनुसार लिन सक्नेछन् ।

५. वास्तविक धनी पहिचान सम्बन्धमा :

(१) ऐनको दफा ७ग. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न देहाय बमोजिमका संयन्त्रहरुको स्थापना गर्नु पर्नेछ ।

(क) वास्तविक धनी पहिचान गर्ने संयन्त्र,

(ख) वास्तविक धनी र नीजसँग सम्बद्ध कारोवारको सुक्ष्म अनुगमन गर्ने संयन्त्र र

(ग) वास्तविक धनी र नीजसँग सम्बन्धित सम्पूर्ण कारोवारहरुको एकीकृत रुपमा अनुगमन गर्ने संयन्त्र ।

(२) वास्तविक धनी पहिचान गर्दा देहाय बमोजिमको प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहकबाट सूचना लिने वा **स्व-घोषणा गर्न लगाउने,**

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(घ) प्रचलित कानुन बमोजिम राखिएको अभिलेखबाट सूचना लिने र

(ङ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिने ।

(च) नेपाल सरकारका सम्बन्धित निकाय वा संस्था वा अन्य निकायहरुबाट सुचना माग गर्ने ।

(३) वास्तविक धनी सम्बन्धी अभिलेख व्यवसायिक सम्बन्ध वा कारोवार समाप्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ ।

६. बृहत् ग्राहक पहिचान सम्बन्धमा :

(१) ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुका अतिरिक्त देहाय बमोजिमका ग्राहकहरुसँग व्यावसायिक सम्बन्ध स्थापना वा कारोवार गर्दा समेत बृहत् ग्राहक पहिचान पद्धती अवलम्बन गर्नु पर्नेछ ।

(क) विद्युतीय माध्यमबाट हुने कारोबार अर्न्तगत **प्रणालीगत रुपमा महत्वपुर्ण र अस्वभाविक रुपमा शंकास्पद तवरवाट** कारोबार गर्ने ग्राहक ।

(ख) उच्च नेटवर्थ भएका ग्राहक, (यस प्रयोजनका लागि उच्च नेटवर्थ जनाउने सीमा **वा चरहरु (Variables), ग्राहक पहिचान विवरण र शंकास्पद कारोवार सम्बन्धी सुचकहरु (Red flag indicators)** बैंक तथा वित्तीय संस्थाहरुले आफै निर्धारण गर्नु पर्नेछ ।)

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराधमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक,

(घ) भ्रष्टाचार, करछली लगायत अन्य अपराधिक कार्यका आधारमा उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल वसोवास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक ।

(यस प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, **FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List** बाट प्राप्त जानकारीको आधारमा सम्बन्धित मुलुकहरूको सूची तयार गरी नियमित रुपमा अद्यावधिक गर्नु पर्नेछ ।)

(ङ) नगदको वढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक **वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत कारोवार गर्ने ग्राहक ।**

(च) प्रचलित कानून बमोजिम नैतिक पतन हुने कसूरजन्य कार्यमा संलग्न भई अदालतबाट कसूरदार ठहरिएको ग्राहक ।

(२) उपबुँदा नं. १ बमोजिमका ग्राहकहरुसँग व्यवसायिक सम्बन्ध स्थापना गर्दा वा कारोवार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी बृहत् ग्राहक पहिचान पद्धति (Enhanced Customer Due Deligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।

क) **कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने ।**

(ख) कारोबारको उद्देश्यको जानकारी **वा सोको प्रमाण लिने ।**

(ग) कारोवारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने **वा अन्य कुनै उपाय अवलम्बन गर्ने ।**

(घ) अन्तराष्ट्रिय प्रचलन अनुसार ECDD गर्ने संयन्त्रको विकास गरी सो मार्फत सूचना लिने ।

७. सरलीकृत ग्राहक पहिचान सम्बन्धमा :

संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछन् । यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा देहाय बमोजिमका मापदण्ड/प्रक्रियाहरु अपनाउनु पर्नेछ ।

(१) सरलीकृत ग्राहक पहिचानका लागि उपयुक्त पद्धतिको विकास गर्नु पर्नेछ ।

(२) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाइएका ग्राहकहरुको विवरण राख्नु पर्नेछ ।

(३) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाई खोलिने खाताहरुको लागि छुट्टै फारामको विकास गर्नु पर्नेछ ।

(४) नियमावलीको नियम ९ को उपनियम (२) मा उल्लेख भए बमोजिम खोलिने खाताहरुको सम्बन्धमा यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । तर, ३ महिना वा सो भन्दा कम अवधिको उत्पादन वा सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमका लागि खाता खोल्नु परेमा यस बैंकको पूर्व स्वीकृति आवश्यक पर्ने छैन ।

(५) सरलीकृत वर्गिकरणमा परेका ग्राहकहरुको खाता खोल्ने, कारोवार गर्ने वा विवरण अद्यावधिक गर्ने क्रममा सरलीकृत प्रकृया, फाराम र विवरण मात्र प्रयोग गर्नुपर्नेछ ।

७क. खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिने खाताको ग्राहक पहिचान सम्बन्धमा ।

खोलौ बैंक खाता अभियान, २०७६ अन्तर्गत सबै नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि बैंक खाता नभएका नेपाली प्राकृतिक व्यक्तिको हकमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(अ) यस व्यवस्था बमोजिम खोलिने बैंक खाताका लागि सरलीकृत खाता खोल्ने फाराम प्रयोग गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम खाता खोल्दा ग्राहकको अन्य बैंक खाता नभएको स्वघोषणा लिनु पर्नेछ ।

(आ) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा नागरिकताको प्रमाणपत्र वा राहदानी वा फोटो सहितको मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा कुनै सरकारी निकायले जारी गरेको फोटो सहितको परिचय पत्र वा सम्बन्धित स्थानीय तहले प्रमाणित गरी उपलब्ध गराएको फोटो सहितको सिफारिसको आधारमा सम्पुष्टि गर्नु पर्नेछ ।

(इ) यस व्यवस्था अन्तर्गत खोलिएका खाताको अधिकतम वार्षिक कारोबारको सीमा रु. १ लाखसम्म हुनेछ । रु. १ लाख भन्दा बढीको कारोबार भएको अवस्थामा बुँदा नं. २ बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ ।

(ई) यस व्यवस्था बमोजिम खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट प्रति खाता रु. १०० (एक सय) जम्मा गर्न सक्नेछन ।

८. ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७ छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा विद्युतीय माध्यमबाट विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नुपर्नेछ ।

(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान सम्बन्धी विवरणहरु देहाय बमोजिम नियमित रुपले अद्यावधिक गर्नु पर्नेछ ।

(क) उच्च जोखिम देखिएका ग्राहकहरुको कम्तीमा वर्षको एक **पटक तथा जोखिमको वर्गीकरण अनुसार ।**

(ख) ग्राहक पहिचान विवरण अनुरुप कारोवार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पुरा नभएको अवस्थामा तत्काल ।

(घ) ग्राहक पहिचान विवरणमा उल्लेखित सूचना, जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तताको बारेमा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई शंका लागेको अवस्थामा तत्काल ।

(ङ) बैंक तथा वित्तीय संस्थाले जोखिम मुल्याङ्कनको आधारमा जोखिममा आधारित प्रणाली बमोजिम उच्च जोखिममा रहेका ग्राहकहरुको विवरण अद्यावधिक गर्ने संयन्त्र स्थापित गर्नु पर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ग्राहक पहिचान अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात वाहेक परिवर्तन भएको, हुन सक्ने र नयाँ विवरण तथा कागजात मात्र सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ । साथै, ग्राहक स्वयं उपस्थित भई उपलब्ध गराउनुपर्ने वा अद्यावधिक गराउनु पर्ने विवरण बाहेक अन्य विवरणहरु बैंक तथा वित्तीय संस्थाले अन्य उपयुक्त माध्यमबाट लिन सक्नेछन् ।

(५) ग्राहकको विवरण अद्यावधिक गर्दा वित्तीय जानकारी इकाईलाई दिनुपर्ने न्यूनतम सूचना वा जानकारी लिनु पर्नेछ ।

(६) ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा समेत सम्पर्क हुन नसकेका ग्राहकको छुट्टै विवरण तयार गर्नु पर्नेछ ।

(७) कुनै व्यक्ति वा संस्थाको प्रथमपटक खाता खोल्दा माग गरिएका सम्पूर्ण विवरणहरु सहित संस्थाको हकमा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण प्रत्येक पटक ग्राहक पहिचान गर्दा सम्बन्धित ग्राहकको जोखिमको आधारमा मात्र माग गर्ने गरी ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्नेछ ।

(८) ग्राहक तथा वास्तविक धनीको पहिचान गर्दा बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा जोखिममा आधारित ग्राहक पहिचान प्रकृया अवलम्बन गर्नु पर्नेछ । सबै वर्गका ग्राहक तथा वास्तविक धनीको पहिचान गर्न, अद्यावधिक गर्न र थप जानकारी माग गर्न एउटै विधि तथा प्रकृया अवलम्बन नगरी सम्बन्धित ग्राहक, कारोवार, स्थान र सेवाको प्रकृति अनुसार जोखिम अनुमान गरी सोको आधारमा गर्नुपर्नेछ ।

(९) ग्राहक तथा वास्तविक धनीको पहिचान एवं अद्यावधिक गर्ने कार्यलाई बैंक तथा वित्तीय संस्थाले आफ्नो नीति तथा कार्यक्रमको मुख्य कार्ययोजनामा समावेश गरी सोको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

९. जोखिम व्यवस्थापन सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका विषयलाई समेत आधार लिनु पर्नेछ ।

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) AML/CFT को सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्ध, कारोवारको सीमा र प्रकृति ।

घ) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चित गर्ने ।

(ङ) ग्राहक पहिचान गर्दा ग्राहक एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने । फरक फरक सेवा सुविधा लिने ग्राहकको आवश्यकता अनुसारको थप विवरणसमेत एकै ठाँउमा थप गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने ।

(२) उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

(३) प्रत्येक आर्थिक वर्षको पहिलो त्रयमास भित्र AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ । साथै, **संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।**

(४) जोखिम मूल्याङ्कन तथा समीक्षा सम्बन्धी प्रतिवेदन अनुसूची १९.४ मा तोकिएको ढाँचामा त्रैमास समाप्त भएको मितिले १५ दिनभित्र यस बैंक तथा वित्तीय जानकारी ईकाईमा पेश गर्नु पर्नेछ ।

(५) आन्तरिक तथा बाह्य लेखापरीक्षकले AML/CFT प्रणाली जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोवारको अनुगमन हुने व्यवस्था भए नभएको सुनिश्चित गर्ने ।

(६) बैंक तथा वित्तीय संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपर्युक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै गुणस्तरीय प्रतिवेदन पेस गर्ने व्यवस्था निश्चित गर्ने ।

(७) बैंक तथा वित्तीय संस्थाले माथिको बुंदा नं ३ बमोजिमको जोखिम मुल्याङ्कन प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१०. प्रविधिगत पहिचान तथा सूचना संकलनको प्रणालीगत व्यवस्था सम्बन्धमाः

ग्राहक तथा वास्तविक धनी लगायतका व्यक्तिको आधारभूत सूचना तथा कागजात सहितका अन्य विवरण जोखिमका आधारमा नियमित रुपमा विद्युतीय प्रविधिको प्रयोग गरी अद्यावधिक गर्नु पर्नेछ र सो कार्यका लागि सूचना प्रविधि पोर्टल विकास गरी कार्यान्वयन गर्नुपर्नेछ ।

११. विद्युतीय माध्यमबाट सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको सूचना दिने तथा जोखिम मुल्यांकन प्रतिवेदन पेश गर्ने समय सीमा तथा सम्पति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन सम्बन्धमा :

१. बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकास्पद कारोवार/कृयाकलापको प्रतिवेदनलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको

कोर बैकिङ्ग सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम १४ अनुसार देहायबमोजिम पेश गर्नु पर्नेछ ।

(क) "क" वर्गका बैंकहरुले २०७६ साल माघ १ गते देखि अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML- Production Environment) बाट मात्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) "ख" र "ग" वर्गका वित्तीय संस्थाले २०७७ साल माघ १ गते देखि पूर्ण रुपमा विद्युतीय माध्यम (goAML-Production Live Environment) बाट शंकास्पद र सीमा कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी व्यवस्था बमोजिमको संस्थागत तथा क्षेत्रगत जोखिम मुल्यांकन सम्बन्धी प्रतिवेदन पहिलो पटकका लागि २०७६ साल पुस महिना भित्र सम्पन्न गरी सोको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

३. जोखिम मुल्यांकनको आधारमा आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी समग्र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यप्रणाली व्यवस्थित गर्ने, जोखिम सापेक्ष ग्राहक पहिचान/अनुगमन/संकास्पद कारोबार पहिचान प्रणालीको व्यवस्था गर्ने र उक्त ऐनको परिच्छेद ६ख को व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्य पहिलो पटकका लागि २०७६ साल माघ महिना भित्र सम्पन्न गरी सोको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

४. सम्पत्ति शुद्धीकरण निवारण ऐनको उद्देश्य र यस बैंकवाट जारी निर्देशन बमोजिम सूचक संस्थाले जोखिमको आधारमा प्रणालीगत व्यवस्था सहित goAML को माध्यमवाट वित्तीय जानकारी इकाईमा रिर्पोटिङ्ग गरे/नगरेको तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा यस बैंकवाट जारी भएका निर्देशनहरुको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा यस बैंकवाट आवश्यक निरीक्षण/सुपरिवेक्षण हुनेछ ।

१२. वायर स्थानान्तरण सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ऐनको दफा ७ठ. बमोजिम वायर स्थानान्तरण सम्बन्धी कार्य गर्नु पर्नेछ । तर, आवश्यक विवरणहरु नखुलेको कुनै वायर स्थानान्तरण शंकास्पद लागेमा त्यस्तो वायर स्थानान्तरणलाई अस्वीकार वा स्थगित गरी तत्काल सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ ।

(२) ग्राहकले अन्तर्राष्ट्रिय वायर ट्रान्सफर वापत रकम प्राप्त गर्न उपलब्ध गराएको विवरण स्थानीय वायर स्थानान्तरणसँग सम्बन्धित देखिएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले स्थानीय वायर स्थानान्तरण मार्फत् रकम पठाउने व्यक्ति वा संस्थाको विवरण तयार गर्नु पर्नेछ । साथै, एउटै व्यक्ति वा संस्थाले यस प्रकृतिको कार्य ग्राहक पहिचान विवरणसँग मेल नखाने गरी पटक पटक गरेको पाइएमा वित्तीय जानकारी इकाईलाई जानकारी गराउनु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध जोखिमरहित बनाई कारोबार सुचारु गर्न करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्धी अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरु समेत पूरा गर्नुपर्नेछ ।

१३. सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध सम्बन्धमा :

(१) सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध कायम गर्दा तथा कारोबार गर्दा ऐनको दफा ७ड. बमोजिमको उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(२) सीमापार करेस्पोण्डिङ्ग बैकिङ्ग सम्बन्ध तथा कारोबारको समय समयमा समीक्षा गर्नु पर्नेछ । सो समीक्षाबाट करेस्पोण्डिङ्ग बैंकले AML/CFT Measures को परिपालना गरे नगरेको यकिन गर्नु पर्नेछ र करेस्पोण्डिङ्ग बैंकले AML/CFT Measures को परिपालना गरेको नपाइएमा सो बैंकसँगको सम्बन्ध अन्त्य गर्नु पर्नेछ ।

१४. निरन्तर अनुगमन सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन (Ongoing Due Deligence) गर्नु पर्नेछ ।

(२) आफूले जारी गरेका विद्युतीय उपकरण वा कार्डको विदेशमा भएको प्रयोग ग्राहकले आफुलाई दिएको जानकारी वा उद्देश्य अनुरुप भए/नभएको र विदेशी बैंक वा वित्तीय संस्थाले जारी गरेको विद्युतीय उपकरण वा कार्यको प्रयोग आफ्नो संयन्त्र मार्फत् भएको प्रयोगको समेत निरन्तर अनुगमन गर्नु पर्नेछ । यसरी अनुगमन गर्दा शंकास्पद देखिएमा त्यस्तो विद्युतीय उपकरण वा कार्डको प्रयोगमा रोक लगाई वित्तीय जानकारी इकाई लगायत सम्बन्धित अन्य निकायमा तत्काल जानकारी गराउनु पर्नेछ ।

१५. सीमा कारोबार सम्बन्धमा :

(१) बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १०क. बमोजिम देहायका सीमा (Threshold) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र अनुसूची १९.२ मा तोकिएको ढाँचामा वित्तीय जानकारी इकाईमा उपलब्ध **गराउनु पर्नेछ र** देहायका **कारोबारका लागि छुट्टा छुट्टै TTR (Threshhold Transaction Reporting) पेश गर्नु पर्नेछ ।**

(क) एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातामा गरिएको रु.१० लाखभन्दा बढी रकमको नगद जम्मा कारोबार वा, एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खाताबाट गरेको रु.१० लाखभन्दा बढी रकमको नगद खर्च कारोबार,

(ख) कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाखभन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,

(ग) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख भन्दावढी रकमको नगदमा सटही गरिएको विदेशी मुद्रा कारोबार ।

(नोटः-बैंक तथा वित्तीय संस्थाहरुले सीमा कारोबारलाई तीन प्रकार (TTR-Cash, TTR-Cross Border and TTR-FCY Exchange) मा वर्गीकरण गरी सीमा कारोबार प्रतिवेदन पेश गर्नुपर्नेछ । यस सम्बन्धमा थप स्पष्ट TTR Guidelines मा उल्लेख भएअनुसार हुनेछ ।)

(२) रु.१० लाख वा सो भन्दा बढीको निक्षेप स्वीकार गर्दा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रकमको स्रोत ग्राहकलाई उल्लेख गर्न लगाउनु पर्नेछ ।

(३) यस बुँदामा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहायका सरकारी कार्यालय, संस्था तथा व्यक्तिहरुले गरेको कारोबारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुने छैन । तर, छुट दिइएका उक्त कारोवारहरुको हकमा शंकास्पद कारोवारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन ।

(क) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको कार्यालय वा निकायले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेको कारोबार,

(ग) संस्थाले संस्थागत रुपमा आफैं वा अन्य इजाजतपत्रप्राप्त बैंक वित्तीय संस्था वा सरकारी निकायसँग गरेको कारोबार,

(घ) पब्लिक लिमिटेड कम्पनीले अन्य पब्लिक कम्पनी, सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानुन बमोजिम स्थापित निकायसँग गरेको कारोबार,

(ङ) पुनरर्बीमा व्यवसायको काम कारोबार गर्दा बीमा कम्पनीले गरेको कारोबार,

(च) कुनै इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानुन बमोजिम कर्जा सापटी वा सुबिधा प्रदान गरेको कारोबार,

(छ) संयुक्त राष्ट्र संघ, सो अर्न्तगतका कार्यालय तथा यसका बिशिष्टीकृत निकाय र अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको कारोबार,

(ज) कुनै बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुबिधा वापतको कारोवार,

झ) बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको चेकमार्फत कुनै एक बैंक वा वित्तीय संस्थामा रहेको खाताबाट अर्को बैंक वा वित्तीय संस्थामा रहेको खातामा नेपालभित्र रकम ट्रान्सफर (नगदमा बाहेक) भएको कारोबार ।

(ञ) विद्यालय, कलेज, विश्वविद्यालय वा अस्पतालको खातामा विभिन्न ग्राहक वा सेवाग्राहीले शुल्क वापत जम्मा गरेको रकम ।

(ट) बीमा कम्पनीको खातामा बीमा शुल्क वापत विभिन्न बीमकहरुले जम्मा गरेको रकम ।

(ठ) नेपाली सेना, नेपाल प्रहरीको लगायत अन्य संस्थाको पेन्सन भुक्तानी सम्बन्धी कारोवार ।

(ड) बैंक तथा वित्तीय संस्थाका आफ्नै आन्तरिक खाताहरु जस्तै :- Settlement Accounts, Nostro/Vostro Account आदिमा भएको कारोवार ।

(ढ) सहकारी र राष्ट्रिय सहकारी बैंक लि. ले गरेको संस्थागत कारोवार ।

१६. शंकास्पद कारोबार सम्बन्धमा :

(१) ऐनको दफा ७ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारका सम्बन्धमा **शंकास्पद कारोबार पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।**

(२) ऐनको दफा ७ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन यसै निर्देशनको अनुसूची १९.३ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जाकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । सो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डहरुलाई आधार मान्नु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन । तर, त्यस्ता व्यक्ति वा संस्था तथा सो को कारोबार सम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नु पर्नेछ ।

(४) शंकास्पद कारोवारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । शंकास्पद कारोबारलाई बैंक तथा वित्तीय संस्थाले प्रारम्भिक विश्लेषण गरी STR-PEP, STR-High, STR-Medium and STR-Low मा वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

(५) बैंक तथा वित्तीय संस्थाले ग्राहकद्वारा शंकास्पद कारोबार गर्ने प्रयास र निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । साथै त्यस्तो शंकास्पद गतिविधि सम्बन्धी प्रतिवेदन (Suspicious Activity Report- SAR) यसै निर्देशनको अनुसूची १९.३ बमोजिमको ढाँचामा तयार गरी ३ दिनभित्र वित्तीय जाकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

१७. सूचनाको गोप्यता सम्बन्धमा :

संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैन । कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा ऐनको दफा ३७ बमोजिम बचाऊ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क. बमोजिम सजाय हुनेछ ।

१८. आन्तरिक नियन्त्रण सम्बन्धमा :

(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संचालक समितिले ऐन, नियमावली र यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, कार्यविधि वा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ ।

(३) उपबुँदा नं.२ बमोजिम नियुक्त कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७त. को उपदफा (४) बमोजिमको अतिरिक्त देहाय बमोजिम समेत हुने गरी तोक्नु पर्नेछ ।

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी वनाउन Focal Point को रुपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने,

(ग) विभाग, पदाधिकारी तथा कर्मचारीवाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोवार सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै वखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(४) बैंक तथा वित्तीय संस्थाले व्यवस्थापकीय तहको **कार्यान्वयन** अधिकारी (Compliance Officer) प्रमुख रहने गरी एक अलग्गै AML/CFT विभाग/इकाई खडा गर्नु पर्नेछ ।

(५) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने सम्बन्धित बैंक वा वित्तीय संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको सिफारिस गर्नु पर्नेछ र सो सिफारिस बमोजिम सम्बन्धित बैंक वा वित्तीय संस्थाले कारबाही गर्नु पर्नेछ । यसरी गरिएको कारबाहीको जानकारी वित्तीय जानकारी इकाईलाई गराउनु पर्नेछ ।

(६) बैंक तथा वित्तीय संस्थाको **सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति**ले निर्देशन नं ६ मा समितिलाई तोकिएको कार्यक्षेत्र अनुसार कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको **सम्बन्धमा सुधार गनुपर्ने बिषय समेत समेटिएको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ र सञ्चालक समितिले आवश्यक समीक्षा गरी उपयुक्त निर्णय गर्नु पर्नेछ ।**

(७) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो सेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुलाई देहाय बमोजिम हुने गरी संस्थागत क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(क) संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सो भन्दा वढी सेयर स्वामित्व भएका सेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यस्थापनलाई यस विषयको गाम्भीर्यताका बारेमा ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम सञ्चालन गर्ने ।

(ख) कर्मचारीको हकमा क्षमता अभिवृद्धिका लागि नियमित रुपले ज्ञान प्रदान गर्ने कार्यक्रममा सहभागी गराउने ।

(ग) कार्यान्वयन अधिकारी र AML/CFT Unit को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न अन्य कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त स्वदेशी तथा वैदेशिक तालिम कार्यक्रममा सहभागी गराउने ।

(८) **इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफ्नो संस्थाको कामकारवाही, कार्य प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोवारको पहिचान सम्बन्धमा विस्तृत मार्गदर्शन तयार गरी लागु गर्ने र सामयिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।**

(९) **बैंक तथा वित्तीय संस्थाको नीति र कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी प्रावधान राख्नु पर्नेछ । साथै, संस्थाले आतङ्कवादी क्रियाकलाप र आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक संयन्त्रको बिकास गर्नु पर्नेछ ।**

१९. अभिलेख व्यवस्थापन सम्बन्धमा :

इजाजतपत्रप्राप्त संस्थाले ऐनको दफा ७द. र नियमावलीको नियम १२ बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको वखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारबाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

२०. कारबाही तथा सजाय सम्बन्धमा :

(१) ऐन, नियमावली तथा यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र त्यस्तो बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा पदाधिकारीलाई ऐन बमोजिमको कारबाही हुनेछ ।

(२) उपबुँदा नं. १ बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सो बाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहाय बमोजिमको कारबाहीहरु गर्न सक्नेछ ।

क्र.सं.	पालना नभएको व्यवस्था	कारवाही
१	नीति तथा कार्यविधि नभएमा	(क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने । (ख) दोस्रो पटकदेखि रु. १० लाख वा गाम्भीर्यताको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने ।
२	ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा	(क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने । (ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । (ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने ।
३	जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा	(क) रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने ।
४	ऐनको परिच्छेद ६ख को व्यवस्था पालना भएको नपाइएमा	(क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने । (ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने । (ग) तेश्रो पटकदेखि रु. २ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । (घ) पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा ब्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने ।
५	उच्चपदस्थ ब्यक्तिको पहिचान हुने	(क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने ।

क्र.सं.	पालना नभएको व्यवस्था	कारवाही
	प्रणालीको व्यवस्था नभएमा	(ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने । (ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।
६	वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा	(क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । (ख) दोस्रो पटकका लागि रु. २० लाख जरिवाना गर्ने । (ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।
७	**सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति**ले तोकेको बमोजिम कार्य गरेको नपाइएमा	(क) रु. १० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने ।
८	वायर ट्रान्सफर र रेमिटान्स गर्दा ग्राहकको पहिचान हुन नसकेमा	(क) रु. १० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने ।
९	वायर ट्रान्सफर र रेमिटान्स गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा	(क) रु. २० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप ।
१०	यस निर्देशन बमोजिम AML/CFT का विधि (Measures) लाई रुजु/यकिन नगरी करेस्पोण्डेन्ट बैकिङ्ग सम्बन्धी कारोवार गरेमा	(क) रु. १० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने ।
११	निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा	(क) पहिलो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । (ख) दोस्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने ।
१२	सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा तोकिएको समयमा पेश नगरेमा	(क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने । (ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने । (ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।
१३	शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा	(क) पहिलो पटकका लागि रु. २० लाख जरिवाना गर्ने । (ख) दोस्रो पटकका लागि रु. ५० लाख जरिवाना गर्ने । (ग) तेस्रो पटकदेखि रु. १ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।
१४	कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा	(क) रु. २० लाख जरिवाना गर्ने ।
१५	**सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समिति**ले पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा संचालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा	(क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने । (ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । (ग) तेश्रो पटकदेखि रु. ५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने ।
१६	संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा	(क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने । (ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । (ग)तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने ।

क्र.सं.	पालना नभएको व्यवस्था	कारवाही
१७	तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा	(क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने । (ख) दोस्रो पटकका लागि रु. १० लाख जरिवाना गर्ने । (ग) तेश्रो पटकदेखि रु. २० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने ।

(३) यस बुँदा बमोजिम गरिने कारवाही अर्पयाप्त भएको लागेमा बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस बैंकले थप कारबाही गर्न सक्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थालाई यस बुँदा बमोजिम कारवाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्वन्धित बैंक तथा वित्तीय संस्थाले प्रचलित कानुन वा संस्थाको विनियमावली बमोजिम कारवाही गर्नु पर्नेछ ।

२१. खारेजी र वचाऊ :

(१) एकीकृत निर्देशन, २०७६ को सम्पत्ति शूद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था इ.प्रा. निर्देशन नं. १९/०७६ बाट जारी गरिएको निर्देशन र सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसैसंग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) ऐन, नियमावली र यस निर्देशनले बन्देज लगाएको अवस्थाहरुमा बाहेक उपबुँदा (१) बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

ग्राहक पहिचान तथा सोको सम्पुष्टी गर्दा लिनु पर्ने कागजात तथा विवरणहरु

बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि ग्राहकको खाता खोल्दा ग्राहकको प्रकृति अनुसार देहायका विवरण तथा कागजातहरु लिनु पर्नेछ ।

(क) <u>व्यक्तिगत खाता (नेपाली नागरिकको हकमा)</u>

(१) नाम, थर लिङ्ग :

(२) जन्म मिति : राष्ट्रियता:

(३) स्थायी ठेगाना:

जिल्ला..... न.पा./गा.पा..... वडा नं.... टोल/गाँउ.....घर नम्बर.....

टेलिफोन नं.....मोवाइल नं.....इमेल ठेगाना.....

(४) हालको ठेगाना:

जिल्ला..... न.पा./ गा.पा..... वडा नं.... टोल/गाँउ.....घर नम्बर.....

टेलिफोन नं.....मोवाइल नं.....इमेल ठेगाना.....

(५) देहाय बमोजिमको न्यूनतम एक विवरण र सोको सम्पुष्टि गर्ने कागजात

<u>क. नागरिकता</u>

नागरिकता नं.....जारी गर्ने जिल्ला..... जारी मिति.....

<u>ख. राहदानी</u>

राहदानी नं.....जारी गर्ने जिल्ला..... जारी मिति..... अन्तिम मिति .....

<u>ग. मतदाता परिचयपत्र</u>

परिचयपत्र नं.....जारी गर्ने निकाय.....जारी मिति.....

<u>घ. सवारीचालक अनुमतिपत्र</u>

अनुमतिपत्र नं.....जारी गर्ने निकाय.....जारी मिति..... अन्तिम मिति .....

(६) नावालकको हकमा

<u>क. जन्म दर्ता प्रमाणपत्र वा नावालक परिचयपत्र</u>

प्रमाणपत्र/परिचयपत्र नं..... जारी गर्ने निकाय..... जारी मिति.....

<u>ख. अभिभावक वा संरक्षकको नागरिकता/राहदानी/मतदाता परिचयपत्र/सवारीचालक अनुमतिपत्र</u>

नम्बर..... जारी गर्ने निकाय..... जारी मिति..... अन्तिम मिति .....

(७) नागरिकता नलिएको नेपाली नागरिकको हकमा

<u>क. गाउँपालिका वा महा/उपमहा/नगरपालिकाको सिफारिस</u>

सिफारिस/चलानी नं.....जारी गर्ने निकाय..... जारी मिति.....

(८) स्थायी लेखा नम्बर (उपलब्ध भएको/अन्य निर्देशन बमोजिम आवश्यक भएको हकमा मात्र):

(९) आमाबाबु वा आमा वा बाबु मध्ये कुनै एकको पूरा नाम

(नोटः परिवारका अन्य सदस्यहरु (जस्तै पति/पत्नि, बाजे, छोरा, छोरी, बुहारी, दाई, भाई, विवाहित महिलाको हकमा ससुरा/सासु)को विवरण बैंक तथा वित्तीय संस्थाले आवश्यक ठानेको खण्डमा लिन सक्नेछन् ।)

(१०) संलग्न रहेको पेशा/व्यवसाय:

(संस्थाको नाम, ठेगाना, सम्पर्क नं., पद, अनुमानित वार्षिक आम्दानी/पारिश्रमिक तथा अन्य विवरण)

(११) निवेदकले संलग्न गनुपर्ने कागजातहरु:

(अ) नागरिकता वा राहदानी **वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र** वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्था तथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदानप्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छविचित्र

(आ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

(१२) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

स्पष्टीकरण:

(१) घर नं., टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना, राहदानी, पेशा व्यवसाय, स्थायी लेखा नम्बर जस्ता विवरणहरु नभएका निवेदकको हकमा त्यस्ता विवरण उल्लेख गर्न अनिवार्य हुने छैन । तर सो विवरणहरु आफूसँग नरहेको व्यहोरा स्वघोषणा गराउनु पर्नेछ ।

(२) यस निर्देशन बमोजिम बृहत ग्राहक पहिचान पद्धति (ECDD) अपनाउनु पर्ने ग्राहकहरुको हकमा भने एकाघर परिवारका सदस्यहरुको नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छबिचित्र (नावालकको हकमा परिचयपत्र) लिनु पर्नेछ ।

(३) शरणार्थीको हकमा नागरिकताको सट्टा नेपाल सरकार वा अन्य आधिकारिक निकायले दिएको परिचय-पत्रको छबिचित्रलाई आधार लिन सकिनेछ ।

(४) नावालकको संरक्षक भई खाता संचालन गरिरहेको अवस्थामा सो नावालक वालिग भएपछि उक्त वालिगकै कागजात संलग्न गरी वालिगले नै खाता संचालन गर्नुपर्नेछ ।

(ख) साझेदारी वा व्यक्तिगत फर्मको खाता

(१) फर्मको नाम

(२) रजिर्ष्टर्ड कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(३) व्यावसायिक कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) व्यवसाय/कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१० प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) प्रोप्राइटर, साझेदार र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षण गर्नु नपर्नेको हकमा सम्बन्धित संस्थाले तयार गरेको वित्तीय विवरण ।

(१३) पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण

(१४) फर्मका साझेदार बीच भएको कबुलियतनामा

(१५) साझेदार फर्म भए आर्थिक तथा प्रशासनिक कारोबार गर्ने सम्बन्धमा दिएको अख्तियारनामा

(१६) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ग) <u>कम्पनीको खाता</u>

(१) कम्पनीको नाम

(२) रजिर्ष्टर्ड कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(३) व्यावसायिक कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) व्यवसाय/कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक, व्यवस्थापन समिति वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख, खाता सञ्चालकहरु र उच्च व्यवस्थापकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) दश प्रतिशत वा सो भन्दा बढी सेयर धारण गर्ने सेयरधनीको व्यक्तिगत विवरण (नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१२) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र ।

(१३) कम्पनीको दश प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व धारण गर्ने कानुनी व्यक्ति (कम्पनी, संस्था) को हकमा सो कानुनी व्यक्तिको दश प्रतिशत वा सो भन्दा बढी सेयर धारण गर्ने सेयरधनीकोव्यक्तिगत विवरण (नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१४) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण (ग्राहकबाट खाता खोल्दाको वखत अनिवार्य रुपमा लिनुपर्ने र तत् पश्चात बैंक तथा वित्तीय संस्थाले ग्राहकको जोखिमको आधारमा आवश्यक ठानेको समयमा लिन सक्ने)

(१५) पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण (ग्राहकबाट खाता खोल्दाको बखत अनिवार्य रुपमा लिनुपर्ने र त्यस पश्चात बैंक तथा वित्तीय संस्थाले ग्राहकको जोखिमको आधारमा आवश्यक ठानेको समयमा लिन सक्ने)

(१६) विदेशी कम्पनीको सहायक कम्पनी भएमा विदेशी मुख्य कम्पनीको नाम र ठेगाना

(१७) संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको प्रबन्धपत्र र नियमावली

(१८) खाता खोल्ने र खाता सञ्चालन गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(१९) सञ्चालक समितिले कार्यकारी प्रमुख र अन्य अधिकृत कर्मचारीलाई आर्थिक कारोबारको सम्बन्धमा प्रदान गरेको अख्तियारी

(२०) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

स्पष्टीकरणः

विशेष ऐन अन्तर्गत स्थापना भएका संगठित संस्थाहरुको हकमा दर्ताको प्रमाणपत्र सम्बन्धी विवरण लिन अनिवार्य हुने छैन ।

(घ) क्लब/गैरसरकारी संघ/संस्थाको खाता

(१) क्लब तथा गैरसरकारी संघ संस्थाको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना,टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) कार्य समितिका सदस्य,ट्रष्टी, नियन्त्रक, संरक्षक वा सेटलरको व्यक्तिगत विवरण(पद, नाम, थर,स्थायी ठेगाना, हालको ठेगाना,इमेल ठेगाना तथा कार्यरत संस्थाको नाम, ठेगाना र सम्पर्क नं.) तथा ठेगाना खुल्ने कागजात

(१२) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र ।

(१३) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१४) संस्था दर्ता प्रमाणपत्रको छबिचित्र

(१५) विधान

(१६) खाता खोल्ने सम्बन्धी कार्य समितिको निर्णय

(१७) खाता सञ्चालन तथा आर्थिक कारोबार सम्बन्धी अख्तियारी

(१८) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ङ) सहकारी संस्थाको खाता

(१) संस्थाको नाम

(२) रजिष्टर्ड कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(३) व्यावसायिक कार्यालयको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट)

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) व्यवसाय/कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) सञ्चालक, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र ।

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण

(१४) संस्थाको विनियम

(१५) संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको छबिचित्र

(१६) खाता खोल्ने सम्बन्धी सञ्चालक समितिको निर्णय र आर्थिक कारोबार गर्ने सम्बन्धी अख्तियारी

(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

च) सार्वजनिक गुठी वा निजी गुठीको खाता

(१) नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(५) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र तथा सञ्चालक वा व्यवस्थापन समितिका सदस्यहरुको ठेगाना खुल्ने कागजात

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१४) विधान

(१५) गुठी स्थापना सम्बन्धी भएको कबुलियतनामा

(१६) गुठी स्थापना सम्बन्धी प्रमाणपत्रको प्रमाणित छबिचित्र

(१७) खाता खोल्ने सम्बन्धी सञ्चालक/व्यवस्थापन समितिको निर्णय र आर्थिक कारोबार सम्बन्धी अख्तियारी

(१८) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(छ) <u>स्कुल वा क्याम्पसको खाता</u>

(१) स्कुल वा क्याम्पसको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स

नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)

(५) स्थायी लेखा नम्बरस्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक वा व्यवस्थापन समितिका सदस्य वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी, कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(११) कार्यकारी प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र ।

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१४) प्रबन्धपत्र र नियमावली

(१५) संस्था स्वीकृतिको प्रमाणपत्रको प्रमाणित छबिचित्र

(१६) सञ्चालक/व्यवस्थापन समितिले खाता खोल्ने सम्बन्धी गरेको निर्णय र आर्थिक कारोबार सम्बन्धी दिएको अख्तियारी

(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ज) <u>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खाता</u>

(१) संस्थाको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)

(५) स्थायी लेखा नम्बरवा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(६) कारोबारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोबार रकम

(१०) सञ्चालक, कार्यकारी प्रमुख, नेपालका लागि नियुक्त प्रतिनिधि वा प्रमुख र खाता सञ्चालकहरुको व्यक्तिगत विवरण (**नाम, बाबु वा आमाको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना आदि**) तथा ठेगाना खुल्ने कागजात ।

(११) कार्यकारी प्रमुख, नेपालका लागि नियुक्त प्रतिनिधि वा प्रमुख र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा राहदानी वा मतदाता परिचय-पत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र ।

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) कर विवरण दाखिला गर्नुपर्ने संस्थाको हकमा पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१४) समाज कल्याण परिषद् र संस्था बीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपी

(१५) नेपाल सरकारसँग कुनै सम्झौता भएको भए सो सम्झौता

(१६) नेपालको कुनै आधिकारिक निकाय वाट सम्बन्धन वा स्वीकृति लिइसकेका अन्तर्राष्ट्रिय गै.स.सं. बाहेक अन्य अन्तर्राष्ट्रिय गै.स.सं.को हकमा सम्बन्धित देश वा सो देशको राजदूतावासको सिफारिस पत्र ।

(१७) संस्थाको विधान

(१८) संस्थाले खाता खोल्न दिएको अख्तियारी र आर्थिक कारोबार गर्न दिएको अख्तियारी

(१९) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(२०) अन्तराष्ट्रिय क्लबका नेपाल स्थित स्थानीय समिति तथा क्लबका हकमा उक्त अन्तराष्ट्रिय क्लबको केन्द्रीय समितिबाट भातृ संगठनका समिति गठन गरिएको निर्णय र खाता संचालन गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

(२१) समितिको नाममा बैंक खाता संचालन गर्नका लागि खाता संचालकको नाम सहित गरेको सिफारिस पत्र ।

(झ) <u>विदेशी व्यक्तिको खाता</u>

(१) पुरा नाम, थर

(२) राष्ट्रियता

(३) विदेशको ठेगाना (स्थायी र अस्थायी)

(४) नेपालको ठेगाना

(५) परिवारका सदस्यहरुको विवरण

(६) राहदानी/भिसा:

(७) राहदानी नं.....जारी गर्ने देश.....जारी गरेको स्थान ..... जारी मिति.....अन्तिम मिति .....भिसाको अवधि नाघ्ने मिति.....

(८) म्याद ननाघेको भिसाको प्रमाणित छबिचित्र

(९) राहदानीको प्रतिलिपी

(१०) कर्मचारी भए कार्यरत संस्थाको नाम, ठेगाना, सम्पर्क नं. र सिफारिस पत्र

(११) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय कानुन बमोजिम नागरिक हो भनी लिएको प्रमाणपत्रको नम्बर, मिति, जारी गर्ने निकाय र स्थान । सम्बन्धित संस्थाले आवश्यक ठानेमा भारतीय राजदुतावासको पत्र समेत माग गर्न सक्नेछ ।

(१२) शरणार्थीको हकमा सम्बन्धित सरकारी वा अन्तर्राष्ट्रिय निकायले दिएको परिचयपत्र नम्बर, जारी र समाप्ति मिति र जारी भएको स्थान ।

(१३) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ञ) <u>विदेशी कम्पनीको खाता</u>

(१) कम्पनीको नाम

(२) विदेशी कम्पनीको विदेशमा रहेको रजिष्टर्ड कार्यालयको पुरा ठेगाना (देश, प्रान्त/राज्य, शहर, मार्ग, घर नं., टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि)

(३) विदेशी कम्पनीको विदेशमा रहेको व्यावसायिक कार्यालयको ठेगाना (देश, प्रान्त/राज्य, शहर, मार्ग, घर नं., टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि)

(४) विदेशी कम्पनीको नेपाल स्थित कार्यालयको पुरा ठेगाना (जिल्ला, न.पा./गा.पा., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल, वेवसाइट आदि)

(५) नेपाल स्थित कार्यालयको किसिम (शाखा, सम्पर्क, परियोजना वा अन्य कुनै)

(६) विदेशमा दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने देश, दर्ता गर्ने कार्यालय, दर्ता मिति), अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय

(७) नेपालमा दर्ता भएको भए सो सम्बन्धी विवरण तथा कागजात (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति, अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि र जारी गर्ने निकाय)

(८) कारोबारको किसिम

(९) कार्यक्षेत्र

(१०) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(११) वार्षिक अनुमानित कारोबार रकम

(१२) कम्पनीको प्रबन्धपत्र, नियमावली

(१३) वैदेशिक कम्पनीले खाता खोल्न दिएको अख्तियारी तथा कारोबार गर्न दिएको अख्तियारी

(१४) वैदेशिक कम्पनीको सञ्चालक र कार्यकारी प्रमुखको व्यक्तिगत विवरण (पद, नाम, थर, ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१५) नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकको व्यक्तिगत विवरण (पद, नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना)

(१६) वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारी, नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो, नागरिकता वा राहदानीको छबिचित्र र ती व्यक्तिहरुको ठेगाना पुष्टी हुने कागजात

(१७) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१८) पछिल्लो आर्थिक वर्षको कर दाखिला विवरण

(१९) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ट) कुटनैतिक नियोग/राजदूतावासको खाता

(१) नियोग/राजदूतावासको पत्र

(२) खाता सञ्चालन सम्बन्धी अख्तियारी

(३) खाता सञ्चालकको नाम, थर, ठेगाना, फोटो तथा ठेगाना प्रमाणित हुने कागजात

(४) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ठ) गैरआवासीय नेपाली नागरिकको खाता

(१) पुरा नाम, थर,

(२) राष्ट्रियता, जन्ममिति र लिङ्ग

(३) विदेश स्थित स्थायी र हालको वसोवास वा कार्यरत निकायको पुरा ठेगाना र तत्काल सम्पर्क गर्न सकिने माध्यम

(४) नेपालको पुरा ठेगाना वा सम्पर्क स्थान

(५) आमाबाबु वा आमा वा बाबुमध्ये कुनै एक र बाजेको पुरा नाम

(६) एकल महिला वा एकल पुरुष वाहेकका विवाहितको हकमा श्रीमान्/श्रीमतीको पुरा नाम

(७) आय स्रोत खुल्ने कागजातहरु

(८) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी गैरआवासीय नेपाली परिचय पत्रको छबिचित्र

(९) राहदानीको प्रमाणित छबिचित्र

(१०) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ङ) उपभोक्ता समितिको खाता

(१) सम्बन्धित उपभोक्ता समितिबाट उपभोक्ता समिति गठन गरिएको निर्णय र खाता संचालन गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

(२) स्थानीय तहबाट उपभोक्ता समितिको नाममा बैंक खाता संचालन गर्नका लागि खाता संचालकको नाम सहित गरेको सिफारिस पत्र

(३) कारोबारको किसिम

(४) अनुमानित कारोबार रकम

(५) खाता सञ्चालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्ट वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्रको छविचित्र

(६) उपभोक्ता समिति कुनै निकायमा दर्ता भएको भए त्यस्तो दर्ता प्रमाण-पत्रको छविचित्र

(७) खाता सञ्चालकको व्यक्तिगत विवरण

(८) उपभोक्ता समितिको गठनको उद्देश्य बमोजिम मात्र खाता सञ्चालन गर्ने सम्बन्धमा उपभोक्ता समितिको स्वघोषणा ।

नोट : आर्थिक वर्ष समाप्त भई लेखा परीक्षण सम्पन्न गराउने तथा कर दाखिला विवरण पेश गर्ने सम्बन्धमा कानुनले निर्दिष्ट गरेको समयावधिभित्र कुनै संस्थाको खाता खोल्नु परेमा सो आर्थिक वर्षको भन्दा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण तथा कर दाखिला विवरण लिई खाता खोल्न सकिने छ ।

अनुसूची -१९.२

Threshold Transaction Report (TTR)

S.N.	Name	Address of the person holding account (including legal)	Branch	Type of transaction			Date of Transaction	Nature of Transaction	Account Type and No.	Amount Involved	Source of Fund	Remarks
				Cash	Cross-border	Foreign Exchange						

Name:

Signature :

(Compliance Officer or Authorized Officer)

Name :

Designation :

Phone :

Email :

Fax :

Date :

अनुसूची -१९.३

Suspicious Transaction Report (STR) and Suspicious Activity Report (SAR)

PEP		HIGH		MEDIUM		LOW	

A. Reporting Institution :

1. Name of the Institution/Branch:

B. Details of Customer :

1. a. Name of the Main account holder/s/customer:
   b. Suspected beneficial owner:

2 a. Permanent Address:
   b. Present Address:

3. Profession (As per KYC):

4. Nationality:

5. Other account(s) number (if any):

6. Other business (if any):

7. a. Citizen No./PP No./ other ID No./Regd.No.
   b. Issue Date and Place
   c. Issuing Agency/Authority

8. a. Father' Name
   b. Mother's Name
   c. Spouse Name
   d. Grand Father
   e. Chairman/MD/Proprietor

9. Date of birth (Natural Person)/
   Date of establishment(Legal Person):

C. Details of Customer :

1. Account Number

2 Nature of the account
(Current/savings/loan/other, pls. specify)

3. Nature of Ownership: (Individual/proprietorship

/Partnership/company/other, pls. specify)

4. Names of Prop./Directors/ Partners etc.

5. Date of A/C opening

6 Other account(s) number (Related Parties):

1.
2.
3.

D. Transaction

a. Transaction Details (Accountwise)

Account No.	Year	Total Trans. No.	Total Dr. Amount	Total Trans. No.	Total Cr. Amount	Closing Balance
Total upto now						

Please fill the transaction from opening to present date, Total of Dr. & Cr. (No. & Amount) exclude returned cheques/reverse entries/any other correcting items.

b. Details of Top 10 deposites (Last One Year)

S.No.	Date	Cheque/Voucher No.	Depositor	Amount	Remarks

c. Details of Top 10 withdrawals (Last One Year)

S.No.	Date	Cheque/Voucher No.	Payee	Amount	Remarks

d. Details of Loan and any other business and tranasactions with BFI

e. Person and Transaction Tree or Map

D. Reasons for considering the transaction(s) as unusual/suspicious?

- Summary of suspicious activities
- Analysis or Examination
- Possible Linkage

E. Suspicious Activity Information/Suspected Predicate Offence:

Summarize characterization of suspicious activity/please specify the predicate offence (As per Act and FATF Guideline):

	Money Laundering		Terrorist Financing

Possible Predicate Offence (Tick in the box)

	Participation in an organized criminal group and racketeering		Tax (including direct and indirect)
	Disruptive (terrorist) act and terrorism		Extortion
	Trafficking in person and migrant smuggling		Piracy
	Any kinds of sexual exploitation including the children		Insider Dealing and Market Manipulation in securities and commodities market related
	Illicit trafficking in narcotic drugs and psychotropic substances		Ancient monument conservation related
	Illicit trafficking in arms and ammunition		Forest, National park and wild animals preservation related
	Illicit trafficking in stolen and other goods		Money, banking, finance, foreign exchange, negotiable instruments, insurance, cooperatives related
	Corruption and bribery		Black marketing, consumer protection, competition, supply
	Fraud		Election related
	Forgery		Communication, broadcasting, advertisement related
	Counterfeiting of coin and currency		Transportation, education, health, medicine, foreign employment related
	Counterfeiting and piracy of products, or imitation, illegal copy or theft of products		Firm, partnership, company, association related
	Environmental crime		Real estate and property related
	Murder, grievous bodily injury		Lottery, gambling, donation related
	Kidnapping, illegal restraint or hostage-taking		Citizenship, immigration and passport related
	Theft or robbery		Offence of terrorist financing or association with terrorist organization
	Smuggling (including custom, excise and revenue)		

Others (Please Specify): ……..

F. Has the Bank/FI taken any action in this context? Give details.

Signature (Compliance Officer or Authorized Officer) :
Name :
Designation: Date:
Phone : Email: Fax:

अनुसूची-१९.४

बैंक तथा वित्तीय संस्थाको नामः

जोखिम मूल्याङ्कन तथा समीक्षा सम्बन्धी त्रैमासिक प्रतिवेदन
त्रैमास : ..... साल .....

सि.नं.	विवरण	संख्या	कैफियत
(१)	जम्मा ग्राहकको संख्या		
(२)	पहिचान अद्यावधिक हुन नसकेकको ग्राहकको संख्या		
(४)	पहिचान पूरा नभएका कारण सम्बन्ध अन्त्य गरिएका ग्राहकको संख्या		
(५)	उच्च जोखिममा परेका ग्राहकको संख्या		
(६)	मध्यम जोखिममा परेका ग्राहकको संख्या		
(७)	न्यून जोखिममा परका ग्राहकको संख्या		
(८)	वृहत् पहिचान गरिएका ग्राहकको संख्या		
(९)	उच्च पदस्थ पदाधिकारीको संख्या		
(१०)	वास्तविक धनी पहिचान गरिएका ग्राहकको संख्या		
(११)	सिमा कारोबार प्रतिवेदनको संख्या		
(१२)	शंकास्पद कारोबार प्रतिवेदनको संख्या		
(१३)	क्षमता अभिवृद्धि विवरण क) पदाधिकारी ख) कर्मचारी		
(१४)	संचालक समितिमा छलफल भएको पटक		

Signature (Compliance Officer or Authorized Officer) :
Name :
Designation: Date:
Phone : Email: Fax:

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. २०/०७७

वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी व्यवस्था

यस बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने सेवा वारे सर्वसाधारणलाई थप सुसुचित पार्न, सो सेवा वापत लिइने शुल्कहरु पारदर्शी रुपमा लिने व्यवस्था गर्न तथा बैंक तथा वित्तीय संस्थाहरु मार्फत वित्तीय साक्षरता अभिवृद्धि गर्न आवश्यक देखिएको हुँदा देहाय बमोजिमको वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी व्यवस्था जारी गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ :-

१. पारदर्शिता सम्बन्धी व्यवस्था

इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्ना ग्राहकलाई प्रदान गर्ने सेवा शर्तसंग सम्बन्धित सबै प्रकारका विवरण सार्वजनिक रुपमा जानकारी गराउनुपर्नेछ । यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणहरुका अतिरिक्त सोसँग सम्बन्धित शुल्क, कमिशन, व्याजदर, जरिवाना, हर्जाना लगायतका सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया एवं शर्तहरु समावेश गरेको हुनु पर्नेछ । यस सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छ :

(क) आफूले प्रदान गर्ने वित्तीय सेवा, सबै प्रकारका खाता एवं कर्जा र वित्तीय उपकरण सम्बन्धी जानकारीको संक्षिप्त विवरण/पुस्तिका तयार गरी ग्राहक एवं सर्वसाधारणलाई उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) देहाय बमोजिमको विवरणहरु खुल्ने गरी सरल एवं स्पष्ट भाषामा लिखित रुपमा सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ :

१. विभिन्न प्रकारका खाता र सो सम्बन्धी विवरण,
२. ग्राहकलाई प्रदान गरिने वित्तीय सेवामा लाग्ने शुल्कका आधार र सो सम्बन्धी विवरण,
३. बैंकिग कारोवारका लागि निर्धारित प्रक्रिया एवं कार्यविधि,
४. खाता बन्द गर्दा अवलम्बन गरिने प्रक्रिया,
५. ब्याजदर गणना गर्ने विधि,
६. अग्रिम भुक्तानी शुल्क,
७. ऋणीले समयमा कर्जा भुक्तानी नगरेमा बैंकले गर्ने कारवाही,
८. विलम्ब शुल्क, जरिवाना तथा हर्जाना,
९. विभिन्न प्रकारका विद्युतीय कार्ड सञ्चालन सम्बन्धी कार्यविधि,
१०. बैंकिंग कारोवारमा हुन सक्ने सजाय तथा जरिवाना र ग्राहकले अवलम्बन गर्नुपर्ने सतर्कता सम्बन्धी व्यवस्था ।

(ग) आफनो कारोवार सम्बन्धी जानकारी ग्राहकले निःशुल्क रुपमा लिन सक्ने व्यवस्था सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले मिलाउनु पर्नेछ ।

(घ) इजाजतपत्र प्राप्त संस्थाले ग्राहकहरुसँग लिने विभिन्न शुल्क तथा व्याजदर सम्बन्धी विवरण इ.प्रा. निर्देशन १५ बमोजिम यस बैंकमा पठाउनुका साथै सर्वसाधारणको जानकारीका लागि आफ्नो वेबसाइटमा समेत प्रकाशित गर्नुपर्ने छ ।

२. सरल भाषाको प्रयोग सम्बन्धी व्यवस्था

(क) आफ्ना ग्राहकहरुलाई उपलब्ध गराउने सेवा सम्बन्धी जानकारी वा सूचनामा प्रयोग गर्ने भाषा सरल र स्पष्ट हुनु पर्नेछ ।

(ख) इजाजतपत्र प्राप्त संस्थाले आफना ग्राहकसँगको कारोवारमा प्रयोग हुने कागजातहरु नेपाली भाषामा उपलव्ध हुने व्यवस्था गर्नुपर्नेछ । आन्तरिक तथा अन्तर्राष्ट्रिय कारोवारमा प्रयोग हुने कागजातहरु अंग्रेजी भाषामा समेत तयार गर्न सकिनेछ ।

३. सूचना सम्बन्धी व्यवस्था

(क) इजाजतपत्र प्राप्त संस्थाले प्रवाह गर्ने सूचना वा जानकारी सर्वसाधारण ग्राहकहरुले सजिलै बुझ्ने र पढ्न सक्ने हुनुपर्नेछ ।

(ख) सर्वसाधारणमा भ्रम सिर्जना हुन सक्ने कुनै पनि प्रकारको विज्ञापन गर्न गराउन पाइने छैन ।

४. सरल बैकिंग सम्बन्धी व्यवस्था

ज्येष्ठ नागरिक, फरक ढंगले सक्षम र साक्षर नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रुपले बैंकिङ्ग सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरुले त्यस्ता ग्राहकहरुलाई विशेष काउण्टर तोकी सेवा दिनु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थाले आपसमा समन्वय गरी फरक ढंगले सक्षम व्यक्तिहरुलाई सम्भव भएसम्म सरल हुने किसिमको एटिएम सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५. वित्तीय सेवाको शुल्क लगायत शर्त परिवर्तन सम्बन्धी व्यवस्था

ग्राहकसँग वित्तीय सेवाका लागि सम्झौता पत्रमा हस्ताक्षर गरी सेवा प्रदान गर्नेक्रममा त्यस्तो सम्झौतामा उल्लिखित शुल्क, ब्याजदर र शर्तहरुमा परिवर्तन हुँदा इजाजतपत्र प्राप्त संस्थाले सम्बन्धित ग्राहकलाई जानकारी गराउनु पर्नेछ ।

यस व्यवस्था अनुसार सार्वजनिक रुपमा जानकारी गराउनु पर्ने अवस्थामा राष्ट्रिय स्तरका संस्थाले राष्ट्रिय दैनिक पत्रिका मार्फत् र क्षेत्रीय स्तरका संस्थाले क्षेत्रीय/जिल्ला स्तरका पत्रिका मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

६. खाता सञ्चालन तथा बन्द गर्दा लाग्ने शुल्क सम्बन्धी व्यवस्था

(क) **इजाजतपत्रप्राप्त संस्थाले** खाता खोल्दा, चेक जारी गर्दा **(Good for Payment चेक समेत), चेकको Stop Payment गर्दा, मौज्दात प्रमाणित गर्दा (Balance Certification)**, खाता सञ्चालन गर्दा, **खाता बन्द गर्दा,** स्टेटमेन्ट दिंदा, **विप्रेषण रकम खातामा जम्मा गर्दा, एबीबीएस लगायतका सेवा प्रदान गर्दा ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन पाइने छैन ।** तर, ग्राहकले कुनै एक अवधिको स्टेटमेन्ट एक पटक भन्दा बढी माग गरेको अवस्थामा **न्यूनतम** शुल्क लिन बाधा पुगेको मानिने छैन ।

(ख) ग्राहकको निष्क्रिय खाता सक्रिय गराउँदा कुनै शुल्क लिन पाइने छैन ।

(ग) कुनै पनि अवस्थामा रहेको खाताको रकम न्यूनतम मौज्दात भन्दा कम भएका कारणले रकम कट्टा गरी मौज्दात घटाउन पाइने छैन । **साथै, न्युनतम मौज्दात वापत राखिएका रकममा समेत तोकिएको ब्याज प्रदान गर्नु पर्नेछ ।**

(घ) खण्ड (क), (ख) र (ग) बाहेकका अवस्थामा ग्राहकसँग लिनुपर्ने शुल्क सम्बन्धमा ग्राहकलाई पूर्वजानकारी गराएको हुनुपर्नेछ ।

(ङ) नेपाली मुद्रामा विद्युतीय कार्डहरु जारी गर्दा शुरुमा लिईने शुल्क बाहेक त्यस्तो कार्डको अवधि समाप्त नहुञ्जेलसम्म नवीकरण शुल्क लिन पाईने छैन ।

७. चेक भुक्तानी सम्बन्धी व्यवस्था

(क) चेक, बिल, पेअर्डर लगायत कुनैपनि वित्तीय उपकरणका माध्यमले आफनो खातामा रकम जम्मा गर्दा त्यस्तो उपकरणमा उल्लिखित सम्पूर्ण रकम नै सम्बन्धित ग्राहकको खातामा जम्मा गर्नुपर्नेछ । त्यस्तो वित्तीय उपकरणहरुको कारोवारमा लाग्ने कुनै शुल्क भएमा सो सम्बन्धी जानकारी ग्राहकलाई अग्रिम रुपमा गराई ग्राहकको खाताबाट छुट्टै रुपमा लिनुपर्नेछ ।

(ख) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफनो कारोवारको क्रममा प्राप्त चेकहरु आफनो खातामा जम्मा गर्दा त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको खातामा मौज्दात अपर्याप्त भई रकम जम्मा हुन नसकेको अवस्थामा चेक प्रस्तुत गर्ने ग्राहकको खाताबाट कुनै पनि शुल्क वा रकम लिन पाईने छैन ।

(ग) खातामा मौज्दात अपर्याप्त भई भुक्तानी नहुने चेक प्रस्तुत भएको अवस्थामा यस बैंकले ईजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको ई.प्रा. निर्देशन नं.१२/०७६ बमोजिम त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई उक्त चेक जारी गर्ने बैंक वा वित्तीय संस्थाले कालोसूचीमा सूचीकृत गर्न कर्जा सूचना केन्द्रमा लेखी पठाउनुपर्नेछ ।

८. सेवा शुल्क सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा देहायका व्यवस्थाहरुको अधीनमा रही प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क तथा प्रतिबद्धता शुल्क लिन सक्नेछन् ।

(क) कर्जा नीति निर्देशिका (Credit Policy Guidelines) तथा कुनै पनि प्रकारको Product Paper मा प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क तथा प्रतिवद्धता शुल्क सम्बन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।

(ख) **कर्जा प्रवाह गर्दा लिने सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिवद्धता शुल्क बाहेक अन्य कुनै पनि शुल्क लिन पाइनेछैन । कर्जासँग सम्बन्धित सम्पूर्ण लागत ब्याजदरमा नै प्रतिबिम्वित हुनु पर्नेछ ।**

(अ) ईजाजतपत्रप्राप्त "क", "ख" र "ग", वर्गका बैंक तथा वित्तीय संस्थाले कर्जा स्वीकृति गर्दा सेवा शुल्क वापत क्रमशः अधिकतम ०.७५ प्रतिशत, १.०० प्रतिशत, १.२५ प्रतिशतसम्म मात्र सेवा शुल्क लिन पाईनेछ ।

तर, प्रतिवद्धता शुल्क, अग्रिम भुक्तानी शुल्क, कर्जा स्वाप हुँदा लिने स्वाप शुल्क तथा नवीकरण हुने प्रकृतिका कर्जामा लिने नवीकरण शुल्कको हकमा माथि उल्लेखित सेवा शुल्कको अधिकतम २० प्रतिशतसम्म शुल्क लिन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(आ) लघुवित्त वित्तीय संस्थाहरुलाई विपन्न वर्ग कर्जा प्रवाह गर्दा ०.५० प्रतिशतभन्दा बढी सेवा शुल्क लिन पाइने छैन ।

(इ) कर्जाको सीमा वृद्धि गरिएमा वृद्धि भएको रकममा मात्र तोकिएको सीमाभित्र रही सेवा शुल्क लिन सकिनेछ । किस्तामा भुक्तानी हुने मध्यम तथा दीर्घकालीन कर्जामा कर्जाको अवधिभर Review charge लगायत अन्य कुनै पनि शीर्षकमा शुल्क लिन पाईने छैन ।

(ई) माथि उल्लेख भएका बाहेक अन्य जुनसुकै शीर्षकमा शुल्क लिएको वा तोकिएको सीमा भन्दा बढी शुल्क लिएको पाइएमा सो शुल्कमा १० प्रतिशत थप गरी ग्राहकको खातामा जम्मा गर्नु पर्नेछ ।

(ग) कर्जा प्रवाह गर्दा लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिवद्धता शुल्कको दर, प्रक्रिया तथा गणना विधिको सम्बन्धमा कर्जा सम्झौतापत्रमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।

(घ) बैंक तथा वित्तीय संस्थाले एकै प्रकारका कर्जा प्रवाह गर्दा विभिन्न ग्राहकसँग लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिबद्धता शुल्कमा ०.२५ प्रतिशत बिन्दु भन्दा बढीले फरक पार्न पाइने छैन ।

(ङ) ग्राहकले कर्जाको लागि निवेदन दिए पश्चात् कर्जा स्वीकृतिको प्रक्रिया आरम्भ गर्दाको वखत प्रशासनिक सेवा शुल्क लिन सक्नेछन् । तर, कर्जा अस्वीकृत भएको अवस्थामा यस्तो शुल्क ग्राहकको खातामा फिर्ता गरिदिनु पर्नेछ ।

(च) इजाजतपत्र प्राप्त संस्थाले आफ्ना ग्राहकहरुलाई अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागत भन्दा वढी हुने गरी सेवा शुल्क असुल गर्न पाइने छैन ।

(उदाहरणको लागि ग्राहकको सम्बन्धमा कर्जा सूचना प्राप्त गर्दा वा कालोसूचीमा सूचीकृत गर्दा वा सो सूचीबाट हटाउँदा लिइने शुल्क कर्जा सूचना केन्द्रले लिने शुल्क भन्दा बढी हुने गरी असुल गर्न पाइने छैन । त्यसैगरी एटीएम प्रयोग वापत लिईने शुल्क, विभिन्न कार्डहरुमा लिइने शुल्क, धितो मूल्यांकन वापत लिइने शुल्क, वीमा शुल्क लगायतका शुल्कहरु सेवा प्रदायकले लिने भन्दा बढी हुने गरी लिन पाइने छैन ।)

तर इलेक्ट्रोनिक माध्यमबाट हुने चेक क्लियरिङ्गका सम्बन्धमा रु दुई लाख भन्दा कम रकमको चेक क्लियरिङ्ग कारोबारमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकहरुसँग कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(छ) ग्राहकले आफ्नो स्वीकृत कर्जा सीमाको वार्षिक औसत ६० प्रतिशतभन्दा कम रकम उपयोग गरेमा कम हुने रकममा मात्र निश्चित दरले प्रतिवद्धता शुल्क लिन सक्नेछन् । यस्तो शुल्क अग्रिम रुपमा लिन पाइने छैन । आवधिक कर्जाको हकमा स्वीकृत कर्जा सीमाभन्दा कम उपयोग गरेको अवस्थामा कम उपयोग गरेको रकममा मात्र एकपटकका लागि प्रतिबद्धता शुल्क लिन सकिनेछ ।

(ज) रु. ५० लाखसम्मको सीमा कायम भएको जुनसुकै प्रकारको कर्जा भुक्तानी गर्दा अग्रिम भुक्तानी शुल्क लाग्ने छैन । सो सीमाभन्दा बढीको कर्जाको हकमा कर्जा लिँदाको बखत तोकिएको शर्त वा व्याजदर थप/परिवर्तन भएको कारण अग्रिम रुपमा कर्जा चुक्ता गर्न चाहेमा त्यस्तो अग्रिम भुक्तानी गरे वापत कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(झ) परियोजना कर्जाको हकमा कर्जा लिदाको बखत ऋणीसँग गरिएको सम्झौतामा उल्लेखित ब्याजदर लगायतका अन्य शर्तहरु ऋणीको सहमति विना बैंकले एकतर्फी रुपमा थप/परिवर्तन गरेको कारणले ऋणीले कर्जा अग्रिम रुपमा चुक्ता गर्न चाहेमा त्यस्तो अग्रिम भुक्तानी वापत कुनै किसिमको शुल्क लिन पाइने छैन ।

९. गुनासो सुनवाई सम्बन्धी व्यवस्था

(क) सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनुवाई गर्न इजाजतपत्र प्राप्त संस्थाले "सूचना तथा गुनासो सुनुवाई डेस्क" स्थापना गरी कम्तीमा वरिष्ठ व्यवस्थापक वा सो भन्दा माथिको अधिकारीलाई गुनासो सुन्ने अधिकारी तोक्नु पर्नेछ । त्यस्तो अधिकारी तोकिएको सम्बन्धमा सार्वजनिक जानकारी दिनुपर्नेछ ।

(ख) इजाजतपत्र प्राप्त संस्थाले उपभोक्ताको गुनासो सुनवाईका लागि हटलाइन समेतको व्यवस्था **गर्नु** पर्नेछ ।

(ग) इजाजतपत्र प्राप्त संस्थाले ग्राहकको गुनासो सुनुवाईका लागि आफ्नो वेबसाइटमा अनलाईन पोर्टलको समेत व्यवस्था गर्नु पर्नेछ ।

(घ) इजाजतपत्र प्राप्त संस्थाले एक आर्थिक वर्षभरी ग्राहकबाट प्राप्त भएको गुनासो र सुनवाई भएको गुनासोको संख्यात्मक विवरण आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुका साथै आफ्नो वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१०. वित्तीय साक्षरता सम्बन्धमा

(क) इजाजतपत्रप्राप्त संस्थाले आफ्ना कार्यक्रमहरुमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम अनिवार्य रुपमा समावेश गरेको हुनुपर्दछ ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले आफुले प्रदान गर्ने वित्तीय सेवा सुविधाका सम्बन्धमा सर्वसाधारणलाई सुसुचित गराउने व्यवस्था गर्नुपर्नेछ ।

(ग) वित्तीय साक्षरता अभिवृद्धि गरी वित्तीय प्रणालीलाई सघाउ पुऱ्याउने खालका विज्ञापन तथा सूचनाहरुलाई प्रोत्साहित गर्नु पर्नेछ ।

११. गोपनियता एवं तथ्याङ्क संरक्षण सम्बन्धी व्यवस्था

(क) इजाजतपत्र प्राप्त संस्थाले ग्राहकसँग वित्तीय कारोवार गर्ने क्रममा ग्राहकको व्यावसायिक सूचनाहरुको गोपनियता कायम गर्नुपर्नेछ । ग्राहकको गोपनियता कायम गर्नुपर्ने सूचना तथा विवरणहरु लगायत हिसाब किताब, खाता बही, श्रेस्ता र लेखाको विवरण अन्य असम्बन्धित एवं अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।

(ख) प्रचलित कानुन बमोजिम अख्तियारप्राप्त निकाय वा संस्थालाई त्यस्तो विवरण दिन भने यस व्यवस्थाले वाधा पुगेको मानिने छैन ।

१२. बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई प्रदान गर्ने सेवा सम्बन्धी जानकारी Audio Notice Board बाट समेत उपलब्ध गराउनु पर्नेछ । यस्तो सेवा उपलब्ध गराएवापत ग्रहकसंग कुनै किसिमको शुल्क लिन पाइने छैन ।

१३. बैंक तथा वित्तीय संस्थाहरुले अनिवार्य रुपमा आफ्नो वेवसाइट राख्नु पर्ने छ । बेवसाइटमार्फत हाल सार्वजनिक भएका सामाग्री २०७६ पौषमसान्तसम्ममा नेपाली भाषामा सार्वजनिक गर्नुका साथै अब उप्रान्त सार्वजनिक हुने सामाग्रीहरु समेत नेपाली भाषामा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने छ ।

१४. एक वर्षभन्दा बढी भुक्तानी अवधि भएका आवधिक कर्जाको हकमा कर्जा प्रवाह पश्चात् तेस्रो पक्षलाई तिर्नुपर्ने शुल्क बाहेक अन्य कुनै पनि शुल्क लिन पाइने छैन ।

१५. खारेजी तथा बचाउ

(१) यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएकोछ :-

एकीकृत निर्देशन, २०७६ को सेवा शुल्क सम्बन्धी इ.प्रा. निर्देशन नं. २१/०७६ तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

इ.प्रा.निर्देशन नं. २१/०७७

विविध व्यवस्था सम्बन्धमा

यस बैंकबाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाले पालना गर्नु पर्ने विविध व्यवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी देहायका निर्देशन जारी गरिएको छ ।

१. बीमा अभिकर्ताको रुपमा कार्य गर्न सक्ने सम्बन्धमा

बैंक तथा वित्तीय संस्थाहरुले बीमा अभिकर्ताको कार्य गर्न पाउने छैनन् । तर, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ उपदफा (१) को खण्ड (य), उपदफा (२) को खण्ड (झ) र उपदफा (३) को खण्ड (ठ) बमोजिम इजाजतपत्रप्राप्त संस्थाहरुले "राष्ट्र बैंकले तोकेका अन्य कार्य गर्ने" व्यवस्था अन्तर्गत रही कर्जा प्रवाहका क्रममा ऋणी स्वयम्ले छनौट गरेको बीमा कम्पनीबाट मात्र कर्जाको सुरक्षण स्वरुप राखिएको सम्पत्तिको बीमा गराउन, कर्जाको बीमा गराउन वा बिना धितो व्यक्तिगत जमानीमा मात्र प्रवाह भएका कर्जाको हकमा कर्जा अवधिसम्मको लागि ऋणीको आवधिक जीवन बीमा गराउन बाधा पुगेको मानिने छैन ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" तथा "ग" वर्गका संस्थाहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम उल्लिखित राष्ट्र बैंकले तोकेका अन्य काम गर्ने व्यवस्था अन्तर्गत केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम निक्षेप सदस्यको रुपमा कार्य गर्न सक्ने छन् ।

३. कम्प्युटर सफ्टवेयरको प्रयोग/खरिद गर्ने सम्बन्धमा

प्रतिलिपी अधिकार ऐन, २०५९ ले कम्प्युटर सफ्टवेयरलाई बौद्धिक सम्पत्तिको रुपमा व्याख्या गरेको एवम् गैर कानुनी तथा नक्कली कम्प्युटर सफ्टवेयरको प्रयोग कानुनद्वारा नै निषेध गरेको हुँदा बैंक तथा वित्तीय संस्थाहरुले नक्कली कम्प्युटर सफ्टवेयरबाट बच्न सावधानी एवम् सतर्कता अपनाउनु पर्नेछ ।

४. पुँजी वृद्धि सम्बन्धमा

आ.व. २०७२/७३ को मौद्रिक नीतिमा उल्लिखित बैंक तथा वित्तीय संस्थाहरुको पुँजीगत आधार सुदृढ गरी दीर्घकालीन विकासका लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्न सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुरा गर्नु पर्ने न्यूनतम पुँजी सम्बन्धमा देहायको व्यवस्था गरिएको छ ।

(१) बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण र न्यूनतम चुक्ता पुँजी सम्बन्धी व्यवस्था :

वर्ग	राष्ट्रियस्तर	प्रादेशिक स्तर*
"क"	रु. ८०० करोड	-
"ख"	रु. २५० करोड	रु. १२० करोड
"ग"	रु.८० करोड	रु. ५० करोड

* *काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका प्रदेश अन्तर्गतका तोकिएका जिल्लामा सीमित रहने ।*

(२) **बैंक तथा वित्तीय संस्थाले २०७४ असार मसान्तभित्र कायम गर्नु पर्ने न्यूनतम चुक्ता पुँजी समानुपातिक रूपमा वृद्धि गर्नका लागि २०७२ भदौ मसान्त भित्र पेश गरेको स्पष्ट कार्यतालिका सहितको व्यावसायिक योजना/ पुँजी योजना (Capital Plan)** अनुसार आ.व. २०७३/७४ को बाह्य लेखापरीक्षण गरी सार्वजनिक गरेको वित्तीय विवरण लेखा सम्बन्धी टिप्पणी (Notes to Accounts) मा तोकिएबमोजिमको न्यूनतम चुक्ता पुँजी पुगेको व्यहोरा उल्लेख नभएका बैंक तथा वित्तीय संस्थालाई देहाय बमोजिमको कारबाही हुनेछ ।

(क) नगद लाभांश वा बोनस सेयर घोषणा तथा वितरण गर्न रोक लगाउने,

(ख) निक्षेप संकलन गर्न रोक लगाउने,

(ग) कर्जा प्रवाह गर्न रोक लगाउने र

(घ) शाखा विस्तार गर्न रोक लगाउने ।

साथै, तोकिए बमोजिमको न्यूनतम चुक्ता पुँजी नपुऱ्याउने बैंक तथा वित्तीय संस्थाको हकमा यस बैंकबाट बाध्यकारी मर्जर वा प्राप्ति (Merger/Acquisiton) को प्रकृयामा जान निर्देशन दिइनेछ ।

(३) तोकिएको चुक्ता पुँजी पुऱ्याउने समयावधिका सम्बन्धमा यस व्यवस्थामा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको हकमा देहाय बमोजिमको व्यवस्था लागू हुनेछ ।

(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भई २०७४ असार मसान्तसम्ममा समस्याग्रस्त अवस्थाबाट मुक्त भईसकेका बैंक तथा वित्तीय संस्थाहरुले २०७६ असार मसान्तभित्र तोकिएबमोजिमको चुक्ता पुँजी पुऱ्याई सक्नु पर्नेछ ।

(ख) समस्याग्रस्त घोषणा भई रिजोलुसन प्रक्रियामा रहेका बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकबाट तोकिएको न्यूनतम चुक्ता पुँजीको कम्तीमा २५ प्रतिशत (Call in Advance समेत) पुरा गरी न्यूनतम पुँजीकोष अनुपात समेत कायम गरी समस्याग्रस्त अवस्थाबाट मुक्त भएमा त्यस्तो अवस्थाबाट मुक्त भएको मितिले २ वर्षभित्रमा तोकिएबमोजिमको चुक्ता पुँजी पुऱ्याउनु पर्नेछ ।

(ग) यस बैंकबाट जारी गरिएका विभिन्न निर्देशनहरु मध्ये **श्रोत परिचालनमा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात** (CCD Ratio) र **तोकिएका** क्षेत्र एवम् विपन्न वर्गमा प्रवाह गर्नुपर्ने गरी तोकिएको न्यूनतम कर्जा अनुपातमा आवश्यकता तथा औचित्यताको आधारमा **अधिकतम २ वर्ष सम्म** छुट दिन सकिनेछ ।

(४) विगतमा विशेष व्यवस्था अन्तर्गत एक जिल्लामा मात्र कार्यक्षेत्र रहने गरी इजाजतपत्र प्रदान गरिएका वित्तीय संस्थाहरुको पुँजी वृद्धि सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको छ ।

क) बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था, २०६३ मा रहेको संस्थापना सम्बन्धी विशेष व्यवस्था बमोजिम एक जिल्ला कार्यक्षेत्र रहने गरी स्थापना भएका "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले तोकिएको न्यूनतम चुक्ता पुँजी २०७६ पुस मसान्तभित्र कायम गर्नु पर्ने ।

ख) यस व्यवस्था बमोजिम तोकिएको समयावधिभित्र चुक्ता पुँजी कायम नगर्ने वित्तीय संस्थाहरुलाई तोकिए बमोजिम कारबाहीहरु गर्ने ।

(५) इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका वित्तीय संस्थाहरु एक प्रदेश वा राष्ट्रियस्तरमा सञ्चालन गर्नु पर्नेछ । राष्ट्रियस्तर बाहेकका "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले देहायका शर्तहरुको अधीनमा रही कुनै एक प्रदेशमा आफ्नो कार्यक्षेत्र कायम गर्नु पर्नेछ ।

(क) "ख" वर्गका वित्तीय संस्थाहरुले रु. १ अर्ब २० करोड र "ग" वर्गका वित्तीय संस्थाहरुले रु. ५० करोड चुक्ता पुँजी पुरा गरी यस बैंकको स्वीकृति लिई कुनै एक प्रदेशभर आफ्नो कारोवार सञ्चालन गर्न सक्नेछन् ।

(ख) बुँदा नं. (क) बमोजिमको चुक्ता पुँजी पुरा नगरेसम्म हाल कायम रहेका जिल्लाहरुमा सीमित रही आफ्नो कारोवार संचालन गर्नु पर्नेछ ।

(ग) एकभन्दा बढी प्रदेशमा समेत शाखा कार्यालय खोली सञ्चालनमा रहेका वित्तीय संस्थाहरुले २०७७ असारभित्र उक्त शाखा विक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरी सक्नु पर्नेछ । **तर, एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गर्ने संस्थाको हकमा यस्तो समयावधि २०७८ असारमसान्त कायम गरिएकोछ ।**

(घ) प्रादेशिक स्तरका लागि तोकिएको चुक्ता पुँजी पुरा गरेका वित्तीय संस्थाले एकभन्दा बढी प्रदेशमा रहेका शाखा कार्यालय विक्री, बन्द वा स्थानान्तरण नगरेसम्म आफ्नो प्रदेशका बाँकी जिल्लामा कार्यक्षेत्र विस्तार गर्न पाउने छैनन् ।

(ङ) बुँदा नं (ख) र बँदा नं. (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि रु. ५० करोड चुक्ता पुँजी पुरा गरेका "ख" वर्गका वित्तीय संस्थाहरु र रु. ४० करोड चुक्ता पुँजी पुरा गरेका "ग" वर्गका वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई कुल पाँच जिल्ला ननाघ्ने गरी एउटै प्रदेशभित्रका जोडिएका ५ जिल्लासम्म कार्यक्षेत्र विस्तार गर्न भने यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

(च) प्रादेशिक वा राष्ट्रियस्तरमा स्तरोन्नति हुने क्रममा चुक्ता पुँजी पुरा गर्ने प्रयोजनका लागि गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

५. Long Form Audit Report सम्बन्धमा

Long Form Audit Report लाई समय सापेक्ष र प्रभावकारी बनाउन यसैसाथ संलग्न ढाँचा (अनुसूची २१.१) अनुसार लागू गरिएको छ । आफ्नो संस्थाको बाह्य लेखापरीक्षकबाट सोही ढाँचामा तयार गरिएको प्रतिवेदनलाई सोझै यस बैंकमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्नु पर्नेछ ।

६. पुँजी योजना सम्बन्धमा

पुँजी योजना प्रयोजनका लागि 'चुक्ता पुँजी' भन्ने शब्दले साधारण सेयर वापतको चुक्ता पुँजी (बोनस सेयर तथा हकप्रद सेयर) लाई मात्र बुझाउने र सो चुक्ता पुँजीमा साधारण सेयर बापतको प्रस्तावित बोनस सेयरलाई समेत समावेश गर्न सकिने छ ।

७. लाभांस वितरण सम्बन्धी व्यवस्थाः

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्ष २०७६/७७ को खुद वितरणयोग्य मुनाफाको ३० प्रतिशतसम्म मात्र नगद लाभांस घोषणा तथा वितरण गर्न पाउनेछन् ।

तर,

(क) यस्तो नगद लाभांश इजाजतपत्रप्राप्त संस्थाको २०७७ असार मसान्तमा कायम निक्षेपको भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुने छैन ।

(ख) खुद वितरणयोग्य मुनाफा कुल चुक्ता पुँजीको ५ प्रतिशतभन्दा कम भएका इजाजतपत्र प्राप्त संस्थाले कर प्रयोजनका लागि बाहेक नगद लाभांस वितरण गर्न पाउने छैनन् ।

८. कर्जा अपलेखन सम्बन्धी विनियम बनाउँदा अवलम्बन गर्नु पर्ने मार्गदर्शन सम्बन्धमा

(१) इजाजतपत्रप्राप्त संस्थाले के कस्ता कर्जा असुल हुन नसक्ने हुन् निर्धारण गर्ने आधार तयार गरी त्यस्तो कर्जा अपलेखन गर्ने बारे आ-आफ्नो सञ्चालक समितिबाट विनियम तर्जुमा गरी यस बैंकबाट स्वीकृति लिई लागू गर्नु पर्नेछ ।

(२) इजाजतपत्रप्राप्त संस्थाहरुले देहायका प्रक्रियाहरु पुरा गरी कर्जा अपलेखन गर्न सक्नेछन् ।

(क) कर्जा खराब बर्गमा परी १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था भई सकेको हुनुपर्ने ।

(ख) कर्जा असूलीको लागि प्रचलित ऐन तथा नीति बमोजिम धितो सुरक्षणको लिलाम बिक्रीको प्रक्रिया सम्पन्न गरेको हुनुपर्ने ।

(ग) कर्जाको धितो सुरक्षण लिलाम बिक्री हुन नसकेको अवस्थामा अनिवार्य रुपमा धितो सकार गरेको हुनुपर्ने ।

(३) ऋणी र ऋणसँग सम्बन्धित पक्षहरुलाई यस बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश गरिसकेको हुनु पर्नेछ ।

तर, उपबुँदा (१) बमोजिम तयार गरेको कार्यविधिको व्यवस्था अन्तर्गत हुने गरी रु. ५० हजार भन्दा कम रकमको कर्जा अपलेखन गर्दा उपबुँदा (२) र यो व्यवस्था अनिवार्य हुने छैन ।

(४) अपलेखन गरिएको कर्जाको हकमा त्यस्तो कर्जा स्वीकृत हुँदा कुन तह वा कसको निर्णयबाट स्वीकृत भएको हो ? र त्यस्तो कर्जाको सुरक्षण बापत राखिएको धितोको मूल्याङ्कन कसरी गरिएको हो ? साथै, त्यस्तो कर्जा असुलीको लागि के कस्तो प्रयासहरु गरियो ? यसरी अपलेखनमा जानुपर्नाको औचित्यता आदि बारे अभिलेखमा जनाउनु पर्नेछ ।

(५) अपलेखन गरिएका कर्जाको असुलीका लागि एउटा छुट्टै कर्जा असुली इकाइको स्थापना गरी त्यस्तो कर्जाहरुको असुलीका लागि सम्बन्धित संस्थाले निरन्तर प्रयास जारी राख्नु पर्नेछ ।

(६) अपलेखन गरेका कर्जाहरुको अद्यावधिक विवरण छुट्टै रजिष्टर खडा गरी राख्नु पर्नेछ ।

(७) चालु वर्षमा अपलेखन गरिएका कर्जाहरुको विवरण (माथि उपबुँदा नं. ४ मा उल्लिखित बुँदाहरु समावेश गरी) वार्षिक प्रतिवेदनमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

(८) कर्जा अपलेखन सम्बन्धमा कानुनमा स्पष्टरुपमा व्यवस्था नगरी स्पष्ट मार्गनिर्देशन वा निर्देशिका समेतको अभावमा मिनाहा तथा अपलेखन कार्य गर्दा निर्णयकर्तामाथि अत्याधिक अधिकार रहन जाने सम्भाव्यतालाई हृदयंगम गरी विवेकाधिकार प्रयोग हुन नदिन ऋण रकम मिनाहा वा अपलेखनबाट भविष्यमा पर्न सक्ने प्रभाव समेतलाई मध्यनजर राखी सो सम्बन्धमा स्पष्ट तथा पारदर्शी नीतिगत व्यवस्था गर्नु पर्नेछ ।

(९) अपलेखन गरिएका कर्जाहरुको विवरण आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित सुपरिवेक्षण बिभाग र कर्जा सूचना केन्द्र लि. मा पठाउनु पर्नेछ ।

९. सम्मानित श्री सर्वोच्च अदालतको निर्णय कार्यान्वयन सम्बन्धमा:

(क) बैंक तथा वित्तीय संस्थाहरुले लिने जेथा जमानत एवं लिलाम सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७२/०९/१६ मा भएको फैसलाबाट सबै बैंक तथा वित्तीय संस्थाहरुका नाममा देहाय बमोजिमका निर्देशनहरु तत्काल कार्यान्वयन गर्न आदेश भएको हुँदा सो निर्देशन कार्यान्वयन गर्न यो निर्देशन जारी गरिएको छ :

१. धितो सुरक्षण वापत जमानी दिने जमानतकर्ताले ऋणीले लिने कति ऋण रकमको हकमा जमानतको कागज गरेको हो सो जमानतको अंकको सीमा तोकी सोही सीमा हदमा सीमित रही जमानतकर्ताको दायित्व स्पष्ट हुने गरी जमानतकर्ताको छुट्टै कागज गराउने ।

२. ऋणी तथा बैंक बीच वा जमानीकर्ता र बैंकबीच ऋण तथा जमानी सम्बन्धमा गरिएका लिखतहरुमा लेखिएका बेहोरा एवं शर्तहरु सहज रुपमा पढ्न सकिने ढाँचामा तयार गर्ने गराउने ।

३. जमानतकर्ताले कबुल गरेको भन्दा बढी अंकको दायित्व व्यहोर्नु पर्ने गरी प्रत्यक्ष वा परोक्ष रुपमा कागज नगराउने ।

४. जमानतकर्ताले कबुल गरेको दायित्व बमोजिमको रकम सर्वप्रथम सम्बन्धित ऋणीबाट नै असुल उपर गर्ने, सम्बन्धित ऋणीबाट असुल उपर हुन नसकेमा जमानतकर्ताले कबुल गरेको सीमा हदसम्मको रकम निज जमानतकर्ताले दिएको सुरक्षण धितोबाट कानुन बमोजिम लिलाम गरी असुल गर्न सकिने भनी जमानतको शर्तनामामा उल्लेख गर्ने ।

५. जमानतकर्ताले देखाएको सम्पत्ति धितो सुरक्षणको रुपमा स्वीकार गर्नुपूर्व कानुनी प्रक्रिया पूरा गरी कच्चा सम्पत्ति हो वा पक्का हो, त्यसको मूल्य के कति पर्ने हो, यथार्थ मूल्य खुल्ने गरी मूल्याङ्कन गर्नु पर्ने ।

६. जमानी दिनेले कबुल गरेको रकम बाहेक ऋणीका अन्य दायित्व सम्बन्धमा जमानी हुनेको सम्पत्तिबाट असूल उपर नगर्ने ।

७. जमानतकर्ताले कबुल गरेको दायित्वको रकम सम्बन्धित ऋणीबाट असुल उपर हुन नसकेमा मात्र जमानतकर्ताले दिएको सुरक्षणबाट असुलीको प्रक्रिया अगाडि बढाउने ।

८. जमानतकर्ताले कबुल गरेको जमानतको रकम जुनसुकै समयमा दाखिला गर्न ल्याएमा बुझिलिई जमानत सुरक्षणमा राखेको सम्पत्ति फुकुवा गरिदिने ।

९. ऋणीले लिएको ऋण वापत जमानतको अंकको रकम जमानतकर्ताले दिएको धितो सुरक्षणबाट असुल उपर गर्नुपर्ने भएमा त्यस्तो सम्पत्तिको मूल्य निर्धारण गर्दा स्थानीय व्यक्तिहरुबाट गराएको पञ्चेकीर्ते मूल्याङ्कन, प्राविधिकको मूल्याङ्कन, प्रचलित बजार मूल्य, मालपोत कार्यालयबाट निर्धारित मूल्य, धितो सुरक्षण स्वीकार गर्दा निर्धारित मूल्य समेतलाई मध्यनजर गरी मूल्य निर्धारण गर्ने गराउने गरी मापदण्ड बनाई लागू गर्ने ।

१०. वास्तविक र स्पष्ट आधार तथा कारण वेगर धितोको अवमूल्याङ्कित गरी मूल्य कायम नगर्ने ।

११. जमानतकर्ताले धितो सुरक्षणमा दिएको सम्पत्ति लिलाम गर्नुपर्ने भएमा सो पूर्व जमानतकर्तालाई निजले स्वीकार गरेको अंक हदको रकम दाखिला गर्नको लागि समय किटान गरी सूचना दिने ।

१२. जमानतकर्ताले तोकिएको सूचनाको समय सीमाभित्र जमानतपत्रमा आफूले मञ्जुर गरेको रकम दाखिला गर्न नल्याएमा धितो सुरक्षणको सम्पत्ति लिलामको सूचना प्रकाशित गरी जमानतकर्तालाई समेत सोको सूचना प्रदान गर्ने ।

१३. बैंकले जमानत सुरक्षणमा रहेको सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा कार्यविधिका सम्बन्धमा छुट्टै नियमावली वा कार्यविधि वा निर्देशिका तयार गरी अनिवार्य रुपमा लागू गर्ने ।

१४. जमानत सुरक्षणको सम्पत्ति लिलाम मितिभन्दा अगाडि वा लिलाम पश्चात् निश्चित समय सीमाभित्र जमानतपत्रको दायित्व बमोजिमको रकम दाखिला गर्न ल्याएमा बुझिलिई धितो फुकुवा गरी दिने ।

(ख) सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७३/०७/०८ मा भएको फैसलाबाट देहाय बमोजिमको निर्देशनहरु सबै बैंक तथा वित्तीय संस्थाहरुले कार्यान्वयन गर्ने व्यवस्था मिलाउन यस बैंकलाई आदेश भएको हुँदा सो निर्देशन कार्यान्वयन गर्न यो निर्देशन जारी गरिएको छ :

१) कर्जा लिने क्रममा नै ऋणीको सम्पत्तिको सही मूल्याङ्कन हुने वातावरणको सुनिश्चितता गर्ने ।

२) धितो रहेको सम्पत्ति लिलाम गर्दाको बखतको प्रचलित बजार मोल अनुसार लिलाम बिक्री तथा सकार गर्ने गराउने गरी व्यवस्था गर्ने ।

३) प्रत्येक ऋणीले ठगी गर्ने नियतवश नै कर्जा लिएको रकम नबुझाएको हो भन्ने मान्यता कर्जा प्रदायक संस्थाले राख्नु उपयुक्त नहुने हुनाले ऋणी र निजका परिवारप्रति सम्मान र सहानुभूति राखी न्यायोचित तवरले कर्जा असुल गर्ने प्रक्रिया थाल्न उपयुक्त हुने हुँदा सो को सुनिश्चितता हुने गरी व्यवस्था मिलाउने ।

४) कर्जा लिंदाका बखत गरिएको वाचा विपरीत बारम्बार व्याजदरमा बृद्धि नगर्ने नगराउने ।

५) ऋण असुली प्रक्रिया प्रारम्भ भएपछि ऋणीको परिवारसँग सम्बन्धित अन्य सदस्यहरुको सामाजिक प्रतिष्ठा, इज्जत, सम्मानमा प्रतिकूल प्रभाव नपर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

१०. बैंकदर सम्बन्धमाः

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ५ प्रतिशत कायम गरिएको छ ।

११. स्थायी तरलता सुविधा (SLF) सम्बन्धमा

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाको आ-आफ्नो स्वामित्वमा रहेको नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा त्यस्ता ऋणपत्रहरूको अंकित मूल्यको ९० प्रतिशतसम्मले हुन आउने रकम प्रचलित बैंकदरमा अल्पकालीन स्थायी तरलता सुविधा (कर्जा) यस बैंकले उपलब्ध गराउन सक्ने छ ।

१२. अन्तिम ऋणदाता सुविधा सम्बन्धमा

अन्तरबैंक र खुला बजार तथा स्थायी तरलता सुविधाबाट आवश्यक तरलता आपूर्ति हुन नसकेको अवस्थामा यस बैंकमा खाता रहेका बैंक तथा वित्तीय संस्थालाई बढीमा ६ महिनाको लागि प्रचलित बैंकदरमा अन्तिम ऋणदाता सुविधा दिइने छ । यस बैंकमा अनिवार्य मौज्दात कायम गर्नको लागि राखेको नगद मौज्दात, नेपाल सरकारको सुरक्षणपत्र वा असल कर्जाको धितोमा यस्तो सुविधा प्रदान गरिने छ ।

१३. रिपो र रिभर्स रिपो बोलकबोल अवधि सम्बन्धमा

खुला बजार कारोबार अन्तर्गत रिपो र रिभर्स रिपो बोलकबोलको अधिकतम अवधि **खुला बजार कारोबार सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**

१४. विदेशी विनिमय सम्बन्धी कार्य गर्ने सम्बन्धमा

देहाय बमोजिमका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुलाई यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति प्राप्त गरी विदेशी विनिमय सम्बन्धी देहाय बमोजिमका थप कार्य गर्न पाउने व्यवस्था गरिएको छ ।

(क) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले नियमानुसार इजाजतपत्र प्राप्त गरी इनवार्ड रेमिट्यान्स (Inward Remittance) को कार्य गर्न सक्ने ।

(ख) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले भारतीय मुद्राको खरिद तथा बिक्री सम्बन्धी कार्यहरु गर्न सक्ने

(ग) राष्ट्रियस्तरका "ख" वर्गका वित्तीय संस्थाहरुले विदेशी मुद्राको निक्षेप स्वीकार गर्न सक्ने ।

(घ) राष्ट्रियस्तरका "ख" वर्गका वित्तीय संस्थाहरुले विदेशी मुद्राको खरिद/बिक्री गर्न, पासपोर्ट बापत सटही सुविधा प्रदान गर्न, विदेशी मुद्रामा खाता खोल्न तथा Nostro Account खोल्न सक्ने ।

(ङ) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले स्वीकृत प्राप्त बैंकको सहायक एजेण्ट भई नेपाली र भारतीय मुद्राको Debit र Credit कार्ड जारी गर्न सक्ने ।

(च) राष्ट्रियस्तर बाहेकका "ख" वर्गका वित्तीय संस्थाहरुले समेत विदेशी मुद्रा खरिद गरी नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकहरुलाई बिक्री गर्न सक्ने ।

(छ) बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका तोकिएका ३० जिल्लामा खोलिएका "ग" वर्गका वित्तीय संस्थाका शाखा कार्यालयहरुले प्रचलित कानुन बमोजिम विदेशी विनिमय सटही इजाजतपत्र लिई विदेशी मुद्रा खरिद गरी नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकहरुलाई बिक्री गर्न सक्ने ।

१५. स्वदेशी रकमान्तरको कारोबार सम्बन्धमा

स्वदेशी रकमान्तरको कारोबार गर्न चाहने इजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका विकास बैंक तथा वित्त कम्पनीहरूले आफूले स्वदेशी रकमान्तरको कारोबार गर्न चाहेको इजाजतपत्रप्राप्त "क" वर्गको वाणिज्य बैंकसँग सहमति (Memorandum of Understanding) गरी तथा इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले आफ्नै शाखा वा अन्य एजेन्सीहरु मार्फत स्वदेशी रकमान्तरको कारोबार गर्न चाहेमा रकमान्तर सम्बन्धी सम्पूर्ण जोखिम आफैँले बहन गर्ने गरी यस बैंकको स्वीकृतिको लागि अनुरोध गरेमा स्वीकृति प्रदान गर्न सकिनेछ ।

तर "ख" वर्गका विकास बैंकहरुले सम्पूर्ण जोखिम आफै बहन गर्ने गरी आफ्ना शाखा/कार्यालय मार्फत आफ्ना ग्राहकलाई स्वदेशी वा विदेशी रकमान्तर कारोबार सम्बन्धी सेवा प्रदान गर्न सक्नेछन ।"

१६. लिखत नेपाली भाषामा तयार गर्ने सम्बन्धमा

(क) बैंक तथा वित्तीय संस्थाहरुले जुनसुकै प्रकारको कर्जा प्रवाह गर्दा ऋणी तथा जमानतकर्ता (व्यक्ति/फर्म/कम्पनी/ संस्था) तथा कारणी (ऋणी/जमानत दिने समेत) बाट तयार गर्ने/गराउने कागजातहरु (जुनसुकै लिखत, जमानीपत्र वा मन्जुरीनामा) प्रचलित ऐन कानुन बमोजिम देवनागरी लिपी नेपाली भाषामा तयार गर्नु पर्नेछ । तर सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो आन्तरिक

प्रयोजनको लागि त्यसरी नेपाली भाषामा तयार गरिएका लिखतहरु अंग्रेजी भाषामा अनुवाद गरी अभिलेखमा राख्न भने पाइने छ ।

विदेशी नागरिकहरुसँग हुने कारोबारमा र विदेशी बैंकिङ्ग कारोबारमा मात्र प्रयोग हुने लिखतहरुको हकमा भने (जस्तैः प्रतीतपत्र) नेपाली भाषामा तयार गर्न अनिवार्य गरिएको छैन ।

बैंक तथा वित्तीय संस्थाले कर्जासँग सम्बन्धित ऋण प्रस्ताव पत्र (Offer Letter), कर्जा तमसुक (Loan Deed), धितोबन्धक लिखत (Mortgage Deed), Hypothecation Agreement र Trust Receipt Agreement अनिवार्यरुपमा देवनागरी लिपी नेपाली भाषामा तयार गर्नुपर्ने र Consortium Loan Agreement, Letter of Assignment, Letter of Guarantee को हकमा हाललाई अंग्रेजी भाषामा समेत तयार गर्न सकिने छ । साथै, यी कागजातहरुलाई पनि क्रमिक रुपमा नेपाली भाषामा तयार गर्दै जाने नीतिगत व्यवस्था गर्नु पर्नेछ ।

लिखत/जमानीपत्र तयार गर्दा जमानी रकम, ऋणको अवधि, ऋणको प्रयोजन, प्रमुख ऋणी, साक्षी, जमानतकर्ताको नाम, ठेगाना, सो को सनाखत लगायतका विषयहरु तथा अन्य प्रकारका लिखतहरुमा समेत देहाय बमोजिमका विषयहरुलाई यथोचित स्थानमा अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।

लिखतमा स्पष्टसँग उल्लेख हुनुपर्ने विषयहरु

१ सम्बन्धित व्यक्तिको नाम, ठेगाना, मिति, व्यक्तिको हकमा नागरिकता/पासपोर्ट नम्बर तथा तीन पुस्ते,
२ म्याद, अवधि, प्रयोजन,
३ सम्बन्धित व्यक्तिको सम्बन्धमा बैंक तथा वित्तीय संस्थाद्वारा सनाखत,
४ रकम,
५ साक्षी (Witness),
६ हस्ताक्षर पहिचान गर्ने प्रयोजनको लागि सम्बन्धित कारणीको नाम,
७ अन्य आवश्यक देखिएका विषयहरु ।

(ख) इजाजतपत्रप्राप्त संस्थाहरुले अन्तर्राष्ट्रिय कारोबारमा प्रयोग हुने बाहेकका पत्राचार, चेक/भौचर लगायत अन्य कागजातहरु देवनागरी लिपी नेपाली भाषामा समेत उपलब्ध हुने व्यवस्था अनिवार्य रुपमा गर्नु गराउनु पर्नेछ ।

१७. SWIFT Message को माध्यमबाट रकमान्तर गर्ने सम्बन्धमा

SWIFT (Society for Worldwide Interbank Financial Telecommunication) प्रविधि जडान गरेका बैंक तथा वित्तीय संस्थाहरुले SWIFT Message को माध्यमबाट यस बैंकसँग कारोबार गर्दा देहाय बमोजिम गरिएको छ :

क. यस्तो कारोबारका लागि आइतबारदेखि बिहीबारसम्म अपरान्ह ३:०० वजेसम्म रकमान्तरको लागि अनुरोध भई आएमा सोही दिन रकमान्तर गरिने ।

ख. अपरान्ह ३:०० वजे पछि रकमान्तरको लागि अनुरोध भई आएको अवस्थामा सो दिन पछिको अर्को कार्य दिनमा रकमान्तर गरिने ।

ग. शुक्रबार दिनको १२:०० वजेसम्म रकमान्तरको लागि अनुरोध भै आएमा सोही दिन रकमान्तर गरिने ।

घ. शुक्रबार दिनको १२:०० वजे पछि रकमान्तरको लागि अनुरोध भई आएको अवस्थामा सो दिन पछिको अर्को कार्य दिनमा रकमान्तर गरिने ।

१८. विदेशी बैंक तथा वित्तीय संस्थाहरुलाई प्राविधिक सेवा प्रदान गर्न सकिने सम्बन्धमा

नेपालबाट विदेशमा पुँजीगत लगानी गर्ने गरी पुँजी खाता खुल्ला नगरिएता पनि इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरुले आफ्नो प्रबन्धपत्रमा उल्लिखित विषयमा यस बैंकको पुर्व स्वीकृति लिई विदेशमा पुँजीगत लगानी नहुने गरी विदेशी बैंक तथा वित्तीय संस्थाहरुलाई गैरकोषमा आधारित बिभिन्न प्राविधिक सेवा (Technical Service) प्रदान गर्न सक्नेछन् ।

१९. सेफ डिपोजिट भल्ट, लकर सेवा सञ्चालन सम्बन्धमा

सेफ डिपोजिट भल्ट, लकर सेवा (Safe Deposit Vault, Locker Service) उपलब्ध गराउँदा देहाय बमोजिमको शर्तहरुको अधीनमा रही सञ्चालन गर्न सकिने छ ।

१. संस्थाको चुक्ता पुँजी यस बैंकले तोके बमोजिम पुगेको हुनु पर्ने ।

२. संस्थाको सेफ डिपोजिट भल्ट सञ्चालनको लागि छुट्टै निर्देशिका/विनियम हुनु पर्ने ।

३. संस्थाले आफूसँग निक्षेप र कर्जाको कारोबार गरेका आफ्ना ग्राहकहरुलाई मात्र सेफ डिपोजिट भल्टको सेवा उपलब्ध गराउनु पर्ने ।

४. ग्राहक पहिचान पद्धति (CDD) बनाई लागू गर्नु पर्ने ।

५. लकर प्रयोगकर्तालाई उच्च जोखिम, मध्यम जोखिम, न्यून जोखिम, राजनीतिक रुपमा प्रभावशाली व्यक्ति (Politically Exposed Person) मा बर्गीकरण गरी सोही बमोजिम अनुगमन गर्नुपर्ने ।

६. सेफ डिपोजिट भल्ट सञ्चालन गर्नु अगावै सुरक्षाको लागि CCTV जडान हुनुपर्ने साथै अलार्म पद्धति **(Fire and Smoke Detection Alarm System)** को व्यवस्था गरी सो अलार्म पद्धतिबाट प्रमुख सुरक्षा अधिकृत र सरकारी सुरक्षा निकायसम्म सूचना प्रवाह गर्न सकिने किसिमको व्यवस्था अनिवार्य रुपमा हुनुपर्ने ।

७. लकर प्रयोगकर्ताको मृत्यूभएको अवस्थामा ग्राहकले इच्छाएको व्यक्तिलाई उक्त लकरको सम्पत्ति हस्तान्तरण गर्नुपर्ने ।

८. लकरमा कानुनले निषेध गरेका बस्तुहरु जस्तै: बिष्फोटक पदार्थ, हात हतियार, आतंकवादी क्रियाकलापमा प्रयोग हुने सामाग्रीहरु, लागू पदार्थ आदि लगायतका वस्तुहरु राख्न नदिने आवश्यक व्यवस्था गर्नुका साथै यस्ता वस्तुहरु नराखिएको बारे सम्बन्धित ग्राहकको स्वघोषणा समेत लिनु पर्नेछ ।

९. संस्थाले सेफ डिपोजिट भल्ट/लकरको सेवा उपलब्ध गराउँदा ग्राहकसंग लिएको Security Deposit वापतको रकममा साधारण बचत निक्षेपमा प्रदान गरिने ब्याजदर प्रदान गर्नु पर्नेछ ।

२०. ATM सञ्चालन सम्बन्धमा

इजाजतपत्रपत्रप्राप्त "ख" र "ग" वर्गका संस्थाहरुले देहायको शर्तहरुको अधीनमा रही Automated Teller Machine (ATM) राख्न सक्ने छन् ।

१. पूर्वाधार तथा भुक्तानी प्रणालीको सुरक्षाको पूर्ण दायित्व सम्बन्धित संस्थाको नै हुनेछ ।

२. सेवा शुल्क सम्बन्धी व्यवस्था स्पष्टरुपमा प्रकाशित गर्नु पर्नेछ ।

३. यसै निर्देशनको बुँदा नं. १३ को खण्ड (ङ) अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त बाणिज्य बैंकसँग सम्बद्धता कायम गरी सम्झौता गरेर सहायक एजेण्टको रुपमा यस्तो कार्य गर्न बाधा पर्नेछैन ।

४. राष्ट्रियस्तरका "ख" र "ग" वर्गका संस्था बाहेक अन्य संस्थाले आफ्नो स्वीकृत कार्यक्षेत्रमा सीमित रहने गरी आफ्ना ग्राहकहरुलाई मात्र सेवा प्रदान गर्न आफ्नै छुट्टै ATM राख्न सक्ने छन् ।

२१. लिलामी गर्दा स्वामित्व तथा भोगाधिकार हस्तान्तरण सम्बन्धमा

बोलकवोलको माध्यमबाट धितो लिलामी (Auction) गर्दा सम्बन्धित बोलकवोलवाला (Bidder) व्यक्ति वा संस्थाको नाममा नै उक्त सम्पत्तिको स्वामित्व तथा भोगाधिकार (Ownership & Possession) हस्तान्तरण गर्नु पर्नेछ ।

२२. साधारण/संस्थापक सेयरहरु जफत गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाहरुको साधारण सेयर तथा संस्थापक सेयरमा कारवाहीमा परेका व्यक्ति र निजको एकाघर परिवारले लगानी गरेको अवस्थामा त्यस्ता साधारण/संस्थापक सेयरहरु जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्नु पर्नेछ ।

२३. साइनबोर्ड तथा लेटरप्याड सम्बन्धमा

इजाजतपत्रप्राप्त संस्थाहरुको साइनबोर्ड तथा लेटरप्याड हेर्दा स्पष्टरुपमा कुन वर्ग तथा कति जिल्लामा कार्य क्षेत्र भएको वित्तीय संस्था हो भनी छुट्याउन कठिन भई सर्वसाधारण जनतामा भ्रम पर्नसक्ने देखिएको हुँदा यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्नो साइनबोर्ड तथा लेटरप्याडमा संस्थाको नामको ठीक तल अनिवार्यरुपमा कोष्ठमा देहाय बमोजिमको वाक्यांश उल्लेख गर्नु/गराउनु पर्नेछ ।

इजाजतपत्रप्राप्त संस्था	उल्लेख गर्नु पर्ने वाक्यांश
इजाजतप्राप्त 'क' वर्गका संस्थाहरुले	नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
इजाजतप्राप्त 'ख' वर्गका संस्थाहरुले	नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (..... जिल्ला कार्य क्षेत्र भएको)
इजाजतप्राप्त 'ग' वर्गका संस्थाहरुले	नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था (..... जिल्ला कार्य क्षेत्र भएको)

नोटः *राष्ट्रियस्तरका वित्तीय संस्थाहरुले कार्यक्षेत्र सम्बन्धी विवरण उल्लेख गर्न अनिवार्य हुने छैन ।*

२४. चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्थाः

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. १० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नु पर्नेछ । साथै, फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा खिचिएका चेकहरुको भुक्तानी समेत एकाउन्टपेयी हुनु पर्नेछ । तर, देहायको अवस्थामा उल्लेखित सीमा भन्दा बढीको रकम नगद भुक्तानी गर्न बाधा पर्ने छैनः

(क) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्तालाई उल्लेखित सीमाभन्दा बढी नगद भुक्तानी गर्न,

(बैंक तथा वित्तीय संस्थाले यस व्यवस्था बमोजिम नगद भुक्तानी दिएको मासिक विवरण अद्यावधिक गर्नु पर्नेछ ।)

<u>स्पष्टीकरण :</u>

यस प्रयोजनका लागि प्राथमिकताप्राप्त पूर्वाधार आयोजनाहरु जस्तै जलविद्युत, सडक, सञ्चार जस्ता क्षेत्रहरुमा कर्मचारी तथा श्रमिकहरुको पारिश्रमिक/ज्याला भुक्तानी गर्न, नेपाल सरकारका विभिन्न निकाय तथा विभिन्न आयोजनाहरुमा आवश्यक मालसामानहरुको आपूर्ति गर्न, नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व भुक्तानी गर्न, कानुनी कारवाहीको सिलसिलामा विगो/धरौटी/जमानत रकम जम्मा गर्न, पेन्सन क्याम्प मार्फत पेन्सन वितरण गर्न, नेपाल सरकारले वितरण गर्ने राहत, अनुदान वा सहायता वितरण गर्न, विप्रेषण कम्पनी/एजेन्टहरुले विप्रेषण प्राप्त गर्ने व्यक्तिहरुलाई रकम भुक्तानी गर्न, ***बचत तथा ऋण सहकारी संस्थालाई आफ्ना सदस्यहरुसंगको दैनिक कारोबारको भुक्तानी गर्न*** *निवेदन लिई उल्लेखित सीमा भन्दा बढी नगद भुक्तानी दिन सकिनेछ । यस अनुसार भुक्तानी भएको रकमको विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थामा बुझाउनु पर्नेछ ।*

(ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न, र

(ग) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुबीच दैनिक कारोवार सञ्चालनका लागि नगद कारोबार गर्न ।

२. बैंक वा वित्तीय संस्थाहरुले खिच्ने चेकको अग्रभागको माथिपट्टीको खाली स्थानमा अनिवार्यरुपमा चेक राइटर, चेक पंच, चेक प्रोटेक्टर वा रिवन राइटर लगाउनु पर्नेछ ।

३. विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा ६ मा भएको व्यवस्था बमोजिम कुनै पनि चेकमा अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिए अनुसारको रकमलाई मान्यता दिनु पर्नेछ ।

४. चेकको अग्रभागमा रेखाङ्कन (Crossing) वा रेखाङ्कन सम्बन्धी छाप र ड्रअरको छाप बाहेक अन्य कुनै किसिमको छाप लगाएका चेकको भुक्तानी गर्न सम्बन्धित संस्था बाध्य हुने छैन ।

५. च्यातिएका, मसी लागेका, केरमेट भएका चेकको भुक्तानी गर्न सम्बन्धित संस्था बाध्य हुने छैन ।

६. भुक्तानीको लागि प्राप्त चेक नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषामा मात्र स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

७. संस्थाको नाममा खिचिएका चेक सम्बन्धित संस्था आफैले खातामा जम्मा गर्न पठाउँदा सम्बन्धित संस्थाको प्रष्ट बुझिने छाप चेकको पछाडि अनिवार्य रुपमा लगाएको हुनुपर्नेछ । तर सम्बन्धित संस्थाको लागि अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो चेक खातामा जम्मा गरिदिँदा भने छाप लगाउन अनिवार्य हुने छैन ।

८. क्लियरिङ्ग मार्फत प्राप्त नेपाल राष्ट्र बैंकका चेकको रकम जसको नाममा चेक खिचिएको हो; उसैको नामको खातामा जम्मा गर्नुपर्नेछ ।

९. यस बैंकबाट जारी इलेक्ट्रोनिक क्लियरिङ्ग सम्बन्धमा जारी निर्देशन तथा मार्गदर्शनहरुको पालना नभएका चेकहरुको क्लियरिङ्ग तथा भुक्तानी गर्न सम्बन्धित संस्था बाध्य हुने छैन ।

२५. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका व्यवस्थाहरुको अधीनमा रही गैर नेपाली नागरिकलाई नियुक्त गरी काम गराउन सक्नेछन् ।

(क) **गैर नेपाली नागरिकबाट व्यवस्थापन सेवा लिने सम्बन्धमा :** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निम्न बमोजिम प्राविधिक सेवा सम्झौता (Technical Service Agreement, TSA) गरी गैर नेपाली नागरिकबाट व्यवस्थापन सेवा लिन सक्नेछन् ।

(१) विदेशी संयुक्त लगानीमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले विदेशी लगानीकर्ता (Joint Venture Partner) सँग प्राविधिक सेवा सम्झौता (Technical Service Agreement, TSA) गरी प्रविधि हस्तान्तरण गर्दा 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९' बमोजिम स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेकोले सो व्यवस्थाको परिपालना गर्नु पर्नेछ ।

(२) प्राविधिक सेवा सम्झौता (TSA) मा निम्न बिषयहरु खुलाउनु पर्नेछ ।

(क) प्राविधिक सेवा सम्झौता अन्तर्गत व्यवस्थापन सेवा लिने पद र संख्या ।

(ख) प्राविधिक सेवा प्रदान गर्ने बिषय तथा योजनाहरु ।

(ग) प्राविधिक सेवा सम्झौताको अवधि तथा शुल्क ।

(घ) व्यवस्थापन सेवामा खटिई आउने गैर नेपाली नागरिकको पारिश्रमिक तथा सुविधा ।

(ङ) व्यवस्थापन सेवामा खटिई आउने गैर नेपाली नागरिकको पारिश्रमिक तथा सुविधा व्यहोर्ने स्रोत (प्राविधिक सेवा शुल्कबाट व्यहोर्ने वा इजाजतपत्रप्राप्त संस्थाले व्यहोर्ने भन्ने बिषय) ।

(च) प्राविधिक सेवामा खटिई आउने गैर नेपाली नागरिकको सेवा अवधि ।

(छ) प्राविधिक सेवा सम्झौता बमोजिम कार्य नभएमा सोको क्षतिपूर्तिको व्यवस्था ।

(ज) अन्य आवश्यक बिषय ।

(३) प्राविधिक सेवा सम्झौता (TSA) अन्तर्गत खटिई आउने गैर नेपाली नागरिकहरुको हकमा विद्यमान श्रम ऐन तथा नियमावली अनुसार श्रम स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोले सोही बमोजिम स्वीकृति लिएर मात्र काम गर्नु/गराउनु पर्नेछ ।

(४) प्राविधिक सेवा सम्झौता बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थामा व्यवस्थापन सेवाका लागि खटिई आउने गैर नेपाली नागरिकको संख्या देहायबमोजिम हुनेछ ।

(क) २० देखि ५० प्रतिशतसम्म विदेशी लगानी रहेको अवस्थामा बढीमा ५ जनासम्म ।

(ख) ५० प्रतिशत भन्दा बढी विदेशी लगानी रहेको अवस्थामा बढीमा ७ जनासम्म ।

(५) प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि २ वर्ष भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ ।

सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ ।

नोट : विद्यमान व्यवस्था भन्नाले प्राविधिक सेवा सम्झौता बमोजिम प्रमुख कार्यकारीको कार्य गर्ने गरी नियुक्त गैर नेपाली नागरिकको हकमा सबै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई समान रुपमा लागू हुने गरी यस बैंकबाट जारी गरिएका प्रमुख कार्यकारीको तलब, भत्ता तथा सुविधा सम्बन्धी मार्गदर्शन तथा निर्देशनहरु र प्रमुख कार्यकारी अधिकृत बाहेक व्यवस्थापन सेवामा खटिएका अन्य कर्मचारीहरुको हकमा संस्थाको सञ्चालक समितिले संस्थाका सबै कर्मचारीहरुको लागि तय गरेको पद अनुसारको तलब भत्ता तथा सुविधा सम्बन्धी व्यवस्थालाई जनाउँनेछ ।

(६) विदेशी संयुक्त लगानी नरहेका बैंक तथा वित्तीय संस्थाहरुले गैर नेपाली नागरिकबाट व्यवस्थापन सेवा लिन पाउने छैनन् । तर, नेपाल सरकारको लगानी रहेका बैंक तथा वित्तीय संस्थाहरुमा उच्च प्राविधिक सुधार आवश्यक भएमा विदेशी बैंक वा वित्तीय संस्थासँग प्राविधिक सेवा सम्झौता गरी व्यवस्थापन सेवामा गैर नेपाली नागरिकलाई नियुक्त गर्न स्वीकृति दिन सक्नेछ । यस्तो प्राविधिक सेवा सम्झौताको अवधि, गैर नेपाली नागरिकको सेवा अवधि तथा पारिश्रमिक सम्बन्धमा यस बैंकले स्वीकृति दिए बमोजिम हुनेछ ।

(७) हाल लागू रहेको प्राविधिक सेवा सम्झौता (TSA) को अवधि समाप्त भएपश्चात् इजाजतपत्रप्राप्त संस्थाहरुले यसै व्यवस्थाको अधीनमा रही नयाँ सम्झौता गर्नु पर्नेछ ।

(ख) गैर नेपाली नागरिकलाई कर्मचारीको रुपमा नियुक्त गरी काम गराउने सम्बन्धमा : इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले कुनै विशेष प्राविधिक पदमा स्वदेश मै दक्ष कर्मचारी उपलब्ध नभएमा देहाय बमोजिमको प्रक्रिया/व्यवस्थाहरुको पालना गरी गैर नेपाली नागरिकलाई नियुक्त गरी काम गराउन सक्नेछन् :

(१) गैर नेपाली नागरिकलाई खुल्ला गरिने प्राविधिक पद तथा छनौट प्रक्रियाका सम्बन्धमा संस्थाको कर्मचारी सेवा विनियमावलीमा स्पष्ट व्यवस्था गरेको हुनु पर्नेछ ।

(२) तोकिएको प्राविधिक पदमा सर्वप्रथम नेपाली नागरिकलाई प्राथमिकता दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(३) राष्ट्रियस्तरको पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा समेत कुनै पनि नेपाली नागरिक उपलब्ध नभएमा मात्र गैर नेपाली नागरिकलाई नियुक्त गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) गैर नेपाली नागरिकको पारिश्रमिक, पारिश्रमिक निर्धारणको आधार, सेवाका शर्तहरु तथा सेवा अवधिका सम्बन्धमा सञ्चालक समितिले निर्णय गरी यस बैंकको स्वीकृतिका लागि पेश गर्नु पर्नेछ । गैर नेपाली नागरिकको सेवा अवधि एकपटकमा दुई वर्षमा नबढाई बढीमा पाँच वर्षसम्म र विशिष्ट प्रकारको दक्ष प्राविधिक पदका लागि बढीमा सात वर्ष मात्र रहन सक्नेछ ।

(४) गैर नेपाली नागरिकलाई काममा लगाउनु पूर्व विद्यमान श्रम ऐन बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(५) एकपटक गैर नेपाली नागरिकलाई काममा लगाउने बैंक तथा वित्तीय संस्थाले नेपाली नागरिकलाई नै दक्ष बनाई क्रमशः प्रतिस्थापन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(६) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले तोकिएको प्राविधिक पद बाहेक अन्य पदमा गैर नेपाली नागरिकलाई नियुक्त गरी काम गराउन पाउने छैनन् ।

२६. रुग्ण उद्योग हेर्ने डेस्क सम्बन्धमा

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले रुग्ण उद्योगहरुको अभिलेख व्यवस्थापन, अनुगमन र समस्या समाधानमा सघाउ पुऱ्याउने प्रयोजनका लागि कर्जा विभाग अन्तर्गत एउटा छुट्टै रुग्ण उद्योग हेर्ने डेस्क तोक्नु पर्नेछ ।

२७. **लघु कर्जा डेस्क स्थापना गर्ने सम्बन्धमा**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लघु, साना र मझौला उद्योगमा कर्जा प्रवाह तथा पहुँच वृद्धिका लागि कर्जा विभाग अन्तर्गत एउटा छुट्टै डेस्क स्थापना गर्नु पर्नेछ ।

२८. **पुनरकर्जा उपलब्ध गराउने सम्बन्धमा**

(क) **नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंक, पुनरकर्जा कार्यविधि, २०७७ मा उल्लेखित व्यवस्थाहरुको अधिनमा रही लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, विशेष पुनरकर्जा र साधारण पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ ।**

(ख) **बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा प्राप्त गरेका ऋणीको विवरण आफ्नो वेबसाइटमार्फत त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।**

२९. विभिन्न पत्रपत्रिकाहरुमा कम शुल्कमा बैंक व्यालेन्स सर्टिफिकेट उपलब्ध गराइने छ भनी विज्ञापन प्रकाशित हुने गरेको र यस्तो कार्य प्रचलित कानुन बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु बाहेक अन्य व्यक्ति वा संस्थाले गर्न नपाउने व्यवस्था रहेको हुँदा बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकहरुलाई यस किसिमको विज्ञापन प्रकाशित गरी बैंक ब्यालेन्स सर्टिफिकेट उपलब्ध गराउने कार्य नगर्ने/नगराउने व्यवस्था गर्न यो निर्देशन जारी गरिएको छ । यदि यसरी विज्ञापन प्रकाशन गराई ब्यालेन्स सर्टिफिकेट जारी गर्ने गराउने कार्यमा बैंक तथा वित्तीय संस्थाहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको पाइएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कारवाही हुनेछ ।

३०. **खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा**

इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाहरुमा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेब साइट http://bfr.nrb.org.np/acstatus मा राखिने व्यवस्था रहेको छ । उक्त Website मा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID र Password बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेवसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी कार्यवाही गर्नुपर्नेछ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचना अनुसारको कामकारवाही नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था नै जिम्मेवार रहने छन् ।

३१. **ईजाजतपत्रप्राप्त "ख" र "ग" वर्गका वित्तीय संस्था** एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति प्रयोजनका लागि सम्पत्ति एवम् दायित्वको मूल्याङ्कन समेतको आधारमा तय भएको सेयर मूल्य अनुपात (Swap Ratio) का कारण फरक हुन आएको बचत (Surplus) रकमलाई बाँडफाँड नगरी सोझै पुँजीगत जगेडाकोषमा राख्नु पर्नेछ र त्यस्तो पुँजीगत जगेडाकोषमा रहेको रकमबाट इजाजतपत्रप्राप्त संस्थाले नगद लाभांश बाँड्न पाउने छैनन् ।

३२. **नेपाल भित्रका बैंक तथा वित्तीय संस्थाका** शाखा/कार्यालयले आफूसँग बढी भएको रकम डिपोजिट गर्न फण्ड ट्रान्सफर गर्दा तथा आफूलाई रकमको आवश्यक परी भुक्तानी लिनु पर्दा यस बैंकका पायक पर्ने वा नजिकका कार्यालय वा यस बैंकले नोटकोष राखेका अन्य बैंकका पायक पर्ने वा नजिकका कार्यालयमा मात्र त्यस्तो डिपोजिट गर्ने र सोही कार्यालयबाट मात्र भुक्तानी लिने कार्य गर्नु पर्नेछ । यसै गरी नोटकोष रहेका बैंक शाखाले समेत अन्य **बैंक तथा वित्तीय संस्थाका** शाखा/कार्यालयलाई सरल, सहज र सुलभ तरिकाबाट डिपोजिट गरिदिने र भुक्तानी दिने सुविधा उपलब्ध गराउनु पर्नेछ ।

तर यथोचित सुरक्षा व्यवस्था गरी केन्द्रीय कार्यालयको पूर्व स्वीकृति लिई **बैंक तथा वित्तीय संस्थाका** शाखा/कार्यालयले नजिकमा रहेका आफ्नै वा अन्य **बैंक तथा वित्तीय संस्थाका** शाखा/कार्यालय बीच अन्तर शाखा/बैंक कारोबार गर्न उपर्युक्त व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

३३. अमेरिकी कानुन Foreign Account Tax Compliance Act (FATCA), 2010 अनुसार गैर अमेरिकी वित्तीय संस्थाहरुले अमेरिकी करदाता र उनीहरुको स्वामित्व भएका निकायहरुको कारोबारको विवरण अमेरिकी

आन्तरिक राजश्व सेवालाई जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ । उक्त कानुन अनुसार कारोबारको जानकारी गराउने निकायहरुमा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु समेत पर्ने हुँदा ति संस्थाहरुले कारोबारको विवरण आदान प्रदान गर्न नेपाल सरकारले अमेरिकी सरकारसँग अन्तरसरकारी सम्झौता (Inter-Governmental Agreement) गर्नुपर्ने व्यवस्था रहेको छ । तर, नेपाल सरकारले यस सम्बन्धमा अन्तरसरकारी सम्झौता गरिनसकेको अवस्थामा वैकल्पिक व्यवस्था सरह बैंक तथा वित्तीय संस्थाहरुले अमेरिकी आन्तरिक राजश्व सेवाको वेभसाईट www.irs.gov/fatca-registration मा दर्ता भई अमेरिकी करदाताहरुको खाता सम्बन्धी विवरण उपलब्ध गराउनु पर्ने हुँदा सोही बमोजिम गर्नु/गराउनु पर्नेछ । यस निर्देशन बमोजिम अमेरिकी आन्तरिक राजश्व सेवालाई खाता सम्बन्धी विवरण उपलब्ध गराउँदा सम्बन्धित संस्थाले आफ्ना सम्बन्धित ग्राहकको लिखित सहमति लिई सूचना प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३४. बैंक तथा वित्तीय संस्थाहरुमा ग्राहकहरुले नगद वा चेकबाट खातामा रकम जम्मा गर्दा सोको System Printed प्रमाण भौचरमा **अनिवार्य रुपमा** उल्लेख गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

३५. सफा नोट नीति कार्यान्वयन सम्बन्धमाः

१. बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त हुन आएका नोटलाई ए.टि.एम. लगायतका मेशीनहरुको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउण्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य र चलनचल्तीमा पठाउन अयोग्य गरी तीन वर्गमा छुट्याउनु पर्नेछ ।

२. ए.टि.एम. लगायतका मेशीनहरुको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा हरियो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।

३. काउण्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा सेतो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।

४. चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा रातो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।

५. बुँदा नं. २, ३, र ४ मा उल्लिखित स्लिपहरुमा बैंक तथा वित्तीय संस्थाको नाम, कार्यालय/शाखाको नाम र छाप, नोट गन्ती गर्ने कर्मचारीको नाम, कर्मचारी परिचय नम्बर, सही र मिति सम्बन्धी विवरण अनिवार्य रुपमा हुनु पर्दछ ।

६. नोटमा स्टिचको प्रयोग गर्नुहुँदैन । यसमा आवश्यकतानुसार रबर/प्लाष्टिक/पेपर बैण्ड प्रयोग गर्न सकिनेछ । साथै, नोटमा नलेख्ने, केरमेट नगर्ने र हिफाजत गर्ने/गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

७. झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, किराले खाएको, पानीले भिजेको, छपाई बिग्रेको, नोटमा रहेका अक्षर, अंक, चित्र तथा सुरक्षण विशेषताहरु नबुझिने वा बिग्रिने गरी रङ्ग लागेको/लेखिएको/कोरिएको/मेटिएको/च्यातिएको वा पूर्वराजाको तस्वीर अङ्कित भएको नोटलाई पुनः निष्काशन अयोग्य नोटको रुपमा वर्गीकरण गर्नुपर्नेछ र त्यस्ता नोटलाई चलनचल्तीको लागि पठाउनु हुँदैन ।

चलनचल्तीमा पठाउन अयोग्य नोट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा (नोटकोष वा नेपाल राष्ट्र बैंकमा पहुँच नहुने वित्तीय संस्थाहरुले) र अन्य बैंक तथा वित्तीय संस्थाले नोटकोष वा नेपाल राष्ट्र बैंकमा नै जम्मा गर्नुपर्नेछ ।

८. भुक्तानी गर्दा वा सटही सुविधा उपलब्ध गराउँदा माथि उल्लिखित बुँदा नं. २ र ३ बमोजिमका चलनचल्तीमा पठाउन योग्य नोट मात्र प्रयोग गुर्नपर्नेछ । यसरी भुक्तानी वा सटही गर्नुपूर्व नोटलाई निश्चित प्रक्रिया अपनाई जीवाणु तथा भाइरस रहित (Disinfect) गर्नुपर्नेछ ।

९. नोट राख्ने दराज, फर्निचर, भल्ट, नोट ओसारपसार गर्ने सामग्री सफा हुनुपर्नेछ । साथै, नोट भण्डारण गर्ने ढुकुटी र कारोबार गर्ने कक्षहरुमा यथोचित प्रकाश एवम् Exhaust Fan आदिको प्रयोग गरी पर्याप्त हावाको व्यवस्था भएको हुनुपर्नेछ ।

३६. इजाजतपत्रप्राप्त संस्थाले विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम बैंकिङ्ग कारोबारमा Digital Signature को प्रयोग गर्न सक्नेछ ।

३७. NCHL-IPS प्रणाली मार्फत नगद जम्मा गर्ने सम्बन्धमाः

बैंकिङ सेवा तथा कारोवारलाई थप सरल तथा सहज बनाउन ग्राहकलाई पायक पर्ने अन्य बैंक तथा वित्तीय संस्थाहरुका जुनसुकै शाखामा नगद जम्मा गरी आफ्नो बैंक तथा वित्तीय संस्थाको खातामा र सेवा प्रदायक संस्थाको खातामा भुक्तानी (Utility Payment) गर्दा NCHL-IPS प्रणाली मार्फत रकम जम्मा गर्न

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कम्तिमा देहायका विषयहरु समावेश गरी आन्तरिक प्रक्रियागत व्यवस्था लागू गरी कार्यान्वयन गर्नु पर्नेछ ।

क) नगद कारोवारको सीमा सम्बन्धमा विद्यमान निर्देशन/व्यवस्था बमोजिम हुनुपर्नेछ ।

ख) ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा हाल विद्यमान निर्देशन/व्यवस्थाको पालना गर्ने गरी नगद जम्मा गर्ने व्यक्तिको पहिचान हुन सक्ने विवरण लिनु पर्नेछ । रु १. लाख भन्दा बढीको कारोवारको सीमाको हकमा जम्मा गर्ने व्यक्तिको पहिचान हुन सक्ने परिचयपत्र लिनुपर्नेछ र नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

ग) बैंकले हरेक शाखामा रकम जम्मा गर्न उपलब्ध गराउने भौचरमा कम्तिमा खाता रहेको बैंकको नाम, खाता नं., खातावालाको नाम र रकम जम्मा गर्ने व्यक्तिको नाम उल्लेख हुनु पर्नेछ । साथै, ग्राहकलाई रकम जम्मा गरेको निस्सा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

घ) तोकिएको बैंक तथा वित्तीय संस्थाको खातामा कुनै कारणवश रकम जम्मा हुन नसकेमा रकम बुझिलिने संस्थाले सोको जानकारी जम्मा गर्ने व्यक्तिलाई सोहीदिन गराउनुपर्नेछ ।

ङ) यस प्रणालीमा रकम जम्मा गर्दा ग्राहकसँग लिने शुल्क वारे ग्राहकलाई सुसुचित गराउनु पर्नेछ ।

३८. वार्षिक कार्ययोजना पेश गर्ने सम्बन्धमा

इजाजतपत्रप्राप्त "क","ख" र "ग" वर्गका संस्थाले प्रत्येक आर्थिक वर्षका लागि निक्षेप दायित्व तथा कर्जा सापट सहितको वार्षिक कार्ययोजना संचालक समितिबाट स्वीकृत गराई हरेक आर्थिक वर्षको साउन मसान्तभित्र यस बैंकको **सम्बन्धित** सुपरिवेक्षण विभाग समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । साथै, उक्त कार्ययोजना कार्यान्वयनको अनुगमनका सम्बन्धमा सम्बन्धित बैंकको संचालक समितिले त्रैमासिक समीक्षा गरी त्रयमास समाप्त भएको **४५** दिन भित्र यस बैंकको **सम्बन्धित** सुपरिवेक्षण विभागमा पेश गर्न पर्ने छ । यस बैंकबाट **इजाजतपत्रप्राप्त संस्थाको** सुपरिवेक्षणका क्रममा सो कार्ययोजनालाई सम्बन्धित बैंकको अनुगमनको आधारको रुपमा लिइनेछ ।

३९. वाणिज्य बैंकहरुले क्रेडिट रेटिङ्ग गर्ने सम्बन्धमा

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७५/७६ देखि वार्षिक रुपमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ्ग एजेन्सीबाट आफ्नो क्रेडिट रेटिङ्ग गर्नुपर्ने छ ।

४०. सूचना प्रविधि प्रणालीको लेखापरीक्षण

विद्युतीय माध्यमबाट बैंकिङ क्षेत्रमा हुनसक्ने साइबर अपराध न्यूनीकरण गर्दै साइबर सुरक्षालाई प्रवर्द्धन गर्न **इजाजतपत्र प्राप्त संस्थामा नयाँ प्रणालीको प्रयोग गरिएको अवस्थामा प्रणाली प्रयोगमा आएको एक वर्ष भित्र र तत्पश्चात प्रत्येक दुई वर्षमा** अनिवार्य रुपमा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण (**System Audit**)गर्नु पर्नेछ ।

४१. Uniform Chart of Accounts सम्बन्धमा

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकबाट जारी गरिएको Uniform Chart of Accounts आर्थिक वर्ष २०७६/७७ को शुरुदेखि लागू गर्नुपर्ने छ ।

४२. नेपाली नागरिकसँग भएको सुन निक्षेप लिने सम्बन्धमा :

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरुले नेपाली नागरिकहरुसंग रहेको सुनलाई देहाय बमोजिमको व्यवस्था गरी निक्षेपको रुपमा स्वीकार गर्न सक्नेछन् :-

क. वाणिज्य बैंकहरुले सुन निक्षेप लिने सम्बन्धमा नीति तथा विस्तृत कार्यविधि बनाई संचालक समितिबाट पारित गराई लागू गर्नुपर्नेछ । यसरी सुन निक्षेप स्वीकार्ने भएमा यस बैंकमा सो निर्णय भएको सात कार्यदिनभित्र जानकारी गराउनु पर्नेछ ।

ख. सुन निक्षेप लिँदा निक्षेपकर्ताबाट उपलब्ध हुने सुनको शुद्धता तथा तौलको जाँच गर्ने संयन्त्रको स्थापना गरी कम्तीमा ९९५ Fitness को सुनमात्र स्वीकार गर्नुपर्नेछ ।

ग. वाणिज्य बैंकहरुले निक्षेपको रुपमा प्राप्त सुनलाई ढुकुटी दाखिला गरी शुद्धता तथा तौलको आधारमा अलग गरी सुरक्षित तवरले ढुकुटी भित्र राख्ने व्यवस्था गर्नुपर्नेछ । ढुकुटी सुरक्षाकालागि सिसिटिभि क्यामरा, स्ट्रंग रुम, दोहोरो चाबी लगायत आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

घ. कुन शाखाबाट सुन निक्षेप स्वीकार गर्ने हो सो तोकेर सूचना प्रकाशन गर्नुपर्नेछ ।

२. सुन निक्षेपको रुपमा स्वीकार गर्दा वाणिज्य बैंकहरुले देहायको प्रकृया अवलम्बन गर्नुपर्नेछ :-

क. न्यूनतम २५ ग्राम परिमाणको सुनलाई निक्षेपको रुपमा स्वीकार गर्नुपर्नेछ ।

ख. निक्षेपकर्ताले सुन निक्षेप राख्न आएमा प्राप्त सुनलाई तोकिएको शाखामा जाँच गराई शुद्धता तथा तौल यकिन गरी प्रमाण पत्र दिनुपर्नेछ ।

ग. बैंकहरुले सुन निक्षेप राख्न आएका ग्राहकलाई सुन निक्षेप लिदाँका बखत नै आफूले जम्मा गरेको साँवा सुन तथा ब्याज सुनमै फिर्ता लिने वा नगदमा लिने सो को यकिन गराउनुपर्नेछ ।

घ. सुन जम्मा गर्दा निक्षेपको अवधि (Maturity) तय गर्नुपर्नेछ । सो निक्षेपको अवधि कम्तिमा ३ वर्ष तथा अधिकतम ५ वर्षको हुनुपर्नेछ । यस्तो सुन निक्षेपलाई नवीकरण गर्न सकिनेछ ।

ङ. उपबुँदा नं (ख) को प्रमाणपत्रको आधारमा सुन स्वीकार गरी अन्य आवश्यक विवरणको अलावा निम्न विवरण खुलाई निक्षेपको प्रमाणपत्र दिनुपर्नेछ :

१. सुनको साँवा परिमाण
२. सुनको शुद्धता
३. निक्षेपको ब्याजदर
४. निक्षेपको अवधि
५. निक्षेप अवधि पश्चात साँवा तथा ब्याज सुनमा लिन चाहेको वा नगदमा लिन चाहेको विषय ।

च. निक्षेपको रुपमा स्वीकार गरिने सुनलाई बैंकले आफ्नो नीति अनुसार आवश्यक जोखिम व्यवस्थापन गरी व्यवसायीलाई बेच्ने वा ढुकुटीमा राखी राख्ने विषयमा निर्णय गर्नसक्नेछ ।

३. सुन निक्षेपको ब्याजदर बैंकले निर्धारण गर्न सक्नेछन् । नगदमा व्याज लिने ग्राहकलाई ब्याज रकम त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्नेछ भने सुनमा व्याज लिन चाहने ग्राहकलाई त्रैमासिक रुपमा Compounding Interest गणना गरी निक्षेप अवधि पश्चात सुनमा भुक्तानी गर्नुपर्नेछ ।

४. वाणिज्य बैंकहरुले प्राप्त गरेको तथा भुक्तानी गर्ने सुनलाई आफ्नो सुन निक्षेप खातामा जुन मितिमा सुन प्राप्त भएको हो सोही मितिमा र जुन मितिमा भुक्तानी हुने हो सोही मितिको सुन चाँदी व्यवसायी महासंघले तोकेअनुसारको बजार मूल्य बमोजिम मूल्यांकन गरी लेखांङ्कन गर्नुपर्नेछ ।

५. निक्षेप स्वीकार गर्ने बैंकको ढुकुटीमा रहेको सुनलाई यस बैंकको निर्देशन बमोजिम कायम गर्नु पर्ने CRR तथा SLR मा गणना गर्न सकिनेछ । यस प्रयोजनको लागि CRR को अधिकतम २५ प्रतिशतसम्म मात्र सुन निक्षेपको रुपमा गणना गर्न सकिनेछ ।

६. सुन निक्षेपकर्ताको समेत अन्य निक्षेपकर्ताको जस्तै खाता खोल्दा ग्राहक पहिचानपत्रको सम्पूर्ण विवरण प्राप्त गरी अद्यावधिक गर्नुपर्नेछ ।

७. रु.१० लाख वा सो भन्दा बढी सुन निक्षेपको अनिवार्य रुपमा श्रोत खुलाउनु पर्नेछ ।

८. निक्षेप लिँदाका समयमा तोकिएको अवधि भन्दा अघि Premature गरी भुक्तानी दिन पाइनेछैन ।

९. सुन निक्षेप प्रमाणपत्रलाई सोही बैंकमा धितो राखी निक्षेपमा रहेको सुनको ७० प्रतिशतसम्म कर्जा प्रदान गर्न सकिनेछ ।

१०. यस्तो कर्जाको व्याजदर बैंकले सुन निक्षेपमा दिइएको व्याजदरमा २ प्रतिशत सम्म थप गरी तोक्न सक्ने छन ।

११. सुन निक्षेप तथा ढुकुटी व्यवस्थापन सम्बन्धमा बैंकको आन्तरिक लेखापरीक्षकबाट कम्तीमा अर्धवार्षिकरुपमा लेखापरीक्षण तथा सुन मौज्दातको भौतिक परीक्षण भएको हुनु पर्नेछ ।

१२. सुन निक्षेपको काम कारवाही सम्बन्धमा यस बैंकले समय समयमा पूर्व सूचना दिएर वा नदिई निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ ।

१३. अनूसूची २१.३ तथा २१.४ बमोजिमको विवरण महिना समाप्त भएको ७ दिन भित्र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नुपर्नेछ ।

४३. कोभिड १९ को जोखिम नियन्त्रण एवं यस महामारीबाट अर्थतन्त्रमा परेको प्रभावबाट वित्तीय क्षेत्रमा परेको/पर्न सक्ने असर न्यूनीकरण गर्न यस बैंकबाट जारी गरिएका परिपत्र तथा सूचनाहरु अनुसूचि २१.२ मा एकत्रित गरिएको छ ।

४४. बैंक तथा वित्तीय संस्थाहरुबाट Good for Payment नगरिएका चेकहरु समेत भुक्तानी योग्य Good Instrument हुँदाहुँदै पनि धारक (Holder) ले थप निश्चितता (Assurance) गर्न चाहेको खण्डमा Good for Payment गर्ने प्रयोजनको लागि देहायको व्यवस्था कायम गरिएको छ:

१. चेक Good for Payment गर्ने बैंक तथा वित्तीय संस्थाले सो चेक बराबरको रकम छुट्टै खातामा जम्मा गरी सोको System Printed प्रमाण चेकमा उल्लेख गर्ने वा चेकसँग उपलब्ध गराउने व्यवस्था गरी सोको अभिलेख राख्नु पर्नेछ । यस्तो रकम अन्य निक्षेप दायित्व अन्तर्गत समावेश गर्नुपर्नेछ ।

२. Good for Payment गरिने चेकको मिति Good for payment गरेको मिति भन्दा पछिको हुन नहुने ।

३. Good for Payment चेक जारी गर्ने सम्बन्धी आान्तरिक नियन्त्रण तथा सन्तुलनको व्यवस्था गरी यस्तो चेक जारी भएको विवरण प्रमुख सञ्चालन अधिकृतलाई उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने ।

४. Good for Payment चेक धितो राखी कर्जा लिन/दिन नपाइने ।

५. Good for Payment चेक जारी गर्दा जारी गर्ने कार्यालयका कम्तीमा दुई जना पदाधिकारीले आफ्नो कोड नं. सहित नाम, पद र मिति खुलाई दस्तखत गरी संस्थाको छाप समेत लगाउनु पर्ने ।

तर नेपाल सरकारले भुक्तानी पाउने गरी प्रचलित नीतिगत व्यवस्थाको अधीनमा रहेर Good for Payment चेक जारी गर्न माथि उल्लिखित व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

४५. बैंक वा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एक भन्दा बढी खाता खोल्न पाइने छैन । यसैगरी एकजना व्यक्तिलाई एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) जारी गर्न पाईने छैन । तर, मुद्धती खाता तथा सामाजिक सुरक्षा वापतको रकम वितरण, राष्ट्रिय पुनरनिर्माण प्राधिकरणबाट अनुदान वितरण, पेन्सन वितरण प्रयोजनका लागि खोलिएका बचत खाता एवम् नाबालकको खाता तथा एक कार्ड मात्र जारी हुने गरी खोलिएका संयुक्त खाताका हकमा भने यो व्यवस्था लागू हुने छैन ।

४६. बैंक तथा वित्तीय संस्थाले आफ्ना सेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश सेयरधनीको खातामा जम्मा हुने व्यवस्था मिलाउनुपर्नेछ । साथै, सार्वजनिक निष्काशन (IPO/FPO) को क्रममा धितोपत्र बाँडफाट पश्चात लगानीकर्ताले माग गरे बमोजिम सेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा समेत निजले दरखास्त फाराममा उल्लेख गरेको खातामा जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४७. एकीकृत निर्देशन - २०७७ को पालना नगरेमा हुने कारवाही

एकीकृत निर्देशन - २०७७को पालना नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० बमोजिम कारवाही हुनेछ ।

४८. खारेजी र बचाऊ

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०७६ को विविध सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. २२/०७६ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७७ भदौ २३ गतेसम्म जारी भएका उपर्युक्त विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

द्रष्टव्य: एकीकृत निर्देशनको विविध व्यवस्था सम्बन्धी निर्देशनमा यस अघि समावेश भएका कालोसूची सम्बन्धी कारवाही र फुकुवा सम्बन्धी निर्देशन/परिपत्र तथा अनुसूचीहरु, Tamil Rehabilitation Organization (TRO) सम्बन्धी परिपत्र तथा सो सम्बन्धी अनुसूचीहरु, सहकारी र वित्तीय मध्यस्थता गर्ने गैर सरकारी संस्थाहरुलाई जारी निर्देशन एवम् एकपटक मात्र प्रयोगमा आई प्रभाव समाप्त हुने खालका परिपत्रहरु यस निर्देशनबाट हटाई सम्बन्धित पूर्व परिपत्र/निर्देशनहरु (यस बैंकको Website: www.nrb.org.np को Archive मा समेत उपलब्ध भएको) बाटै लागू हुने व्यवस्था कायम गरिएको छ ।

अनुसूची २१.१

LONG FORM AUDIT REPORT

Of

……..……. LIMITED

For the year ended ….. Ashad 20…

(Corresponding to …..July 20…)

Auditor:

……

M/s ……

…….

1. AUDIT APPROACH

1.1 Brief description of the Audit plan with focus on the following areas, at minimum:

- Declaration of Independence of Audit Firm and Members
- Standards followed
- Composition of the audit team
- Audit schedule

1.2 Brief description of the Audit process and procedures

- Audit areas' Risk Assessment
- Audit procedures adapted to mitigate identified Audit Risks
- Quality control mechanism

1.3 Brief description of the Sampling Procedure and sample size

- Sampling methodology
- Sample size
- Use of system based approaches

1.4 Remarks on the execution of audit plan

- Execution of audit and the audit plan
- Problems encountered during the audit, if any
- Limitations of scope of Audit, if any.

2. RISK MANAGEMENT SYSTEMS

Opinion on the following:

2.1 Credit Risk Management Systems

2.1.1 Brief description and comment on the adequacy of credit appraisal systems,
2.1.2 Brief description and comment on the adequacy of credit monitoring systems,
2.1.3 Brief description and comment on the adequacy of the credit recovery systems,
2.1.4 Adequacy of Policies and procedure for Write off of Loans,
2.1.5 Adequacy of Policies, guidelines and Controls over Off Balance Sheet Items,
2.1.6 Comment on the concentrations in the credit and investment portfolio,
2.1.7 Risk Management Committees and their effectiveness,
2.1.8 Overall audit opinion on Credit risk management,

2.2 Market Risk (Interest Rate, Liquidity and Foreign Exchange) Management Systems,

2.2.1 Adequacy of policies, procedures and guidelines for the market risk management,
2.2.2 Adequacy of the system for measuring, monitoring and mitigation of Market risk,
2.2.3 Risk Management Committees and their effectiveness,
2.2.4 Overall audit opinion on Market & liquidity risk management.

2.3 Operational Risk Management System

2.3.1 Adequacy of policies, procedures and guidelines for the Operational risk management.
2.3.2 Adequacy of the system for measuring, monitoring and mitigation of Operational Risk.
2.3.3 Risk Management Committees and their effectiveness
2.3.4 Overall audit opinion on Operational risk management.

3. INTERNAL CONTROL SYSTEMS

Opinion on the following areas:

3.1 Effectiveness of the Audit committee
3.2 Effectiveness of the Internal Audit Function
3.3 Rectification of the deficiencies identified in the previous internal and external audit reports
3.4 Adequacy of the controls in Credit operations
3.5 Adequacy of the controls in Treasury operations
3.6 Adequacy of the controls in Branch operations
3.7 Adequacy of control over Nostro Bank Operations
3.8 Adequacy of the controls in procedures related to expenditure
3.9 Adequacy of the control over fixed assets
3.10 Adequacy of the Management Information System (MIS)
3.11 Adequacy of controls over e-banking and Card Operations
3.12 Adequacy of controls in Information Technology and related support functions.

3.13 Effectiveness of the Inter-branch and agency Reconciliation function
3.14 Adequacy of controls to prevent and/or minimize Fraud and forgeries
3.15 Instances of Fraud and Forgery in the review period
3.16 Existence, adequacy & effectiveness of system audit
3.17 Other Control Issues, if any
3.18 Auditors overall assessment of the internal control system

4. COMPLIANCE WITH APPLICABLE RULES AND REGULATIONS

Prevailing Statute, Act, Directive and Regulation, at minimum, in the following areas

4.1 Nepal Rastra Bank Act 2058

State whether the conditions as stipulated in Section 86 of Nepal Rastra Bank Act 2058 prevails, if yes please specify.

4.2 Bank and Financial Institution Act 2073

4.2.1 Whether fees and benefits of Chairman and board members are as specified in AOA/MOA
4.2.2 Appointment, qualification and benefits of the chief executive
4.2.3 Profit Appropriation to General Reserve
4.2.4 Appropriation to Exchange Fluctuation Reserve
4.2.5 Distribution of Dividend
4.2.6 Whether the activities are within the scope as defined by BAFIA?
4.2.7 Whether prohibited activities are being pursued?
4.2.8 Control & notification of dormant deposit accounts and unclaimed dividend

4.3 Foreign Exchange Rules and Regulations

4.3.1 Whether payments of goods imported and service import are made as per circulars.
4.3.2 Whether deposit accounts of foreign currency are opened and operated as per circulars.
4.3.3 Whether card transactions are done as per circulars.
4.3.4 Whether foreign exchange transactions are properly recorded and reported in a timely manner.
4.3.5 Whether investment in foreign currency are made as per standard approved by the Board of Directors.
4.3.6 Whether payments of exports are received and reported timely as per circulars.
4.3.7 Whether transactions of Indian currency are made as per circulars.

4.4 Minimum Capital fund (Directive No. 1)

4.4.1 Computation of Core Capital, Supplementary Capital and Capital Fund
4.4.2 Computation of Risk Weighted Assets
4.4.3 Comment on the Capital Plan
4.4.4 Overall opinion on capital adequacy

4.5 Loan Classification and Loan Loss Provisioning (Directive No.2)

4.5.1 Comment on the Assets Quality and Classification
4.5.2 Adequacy of Loan Loss Provisions
4.5.3 Whether the rescheduling/restructuring comply with the provisions of the directive
4.5.4 Loan Loss Provisions in case of restructuring and rescheduling of loans
4.5.5 Loan Classification and loan loss provision in respect of force loans
4.5.6 Loan Classification and loan loss provision in respect of loan against personal/corporate guarantees
4.5.7 Whether the adjustment and Write back of loan loss provision comply with the provisions of the directive
4.5.8 Overall opinion on Loan classification & provisioning

4.6 Single Obligor Limit & Sectoral Cedit Limit (Directive No.3)

4.6.1 Bank's procedures to identify a group of related borrowers
4.6.2 Comment on the Facilities in excess of Single Obligor Limits, if any
4.6.3 Loan Loss Provision in case of borrowers availing facilities in excess of the SOL
4.6.4 Review and ratification mechanisms for excessive exposures in respect of sectoral credit.
4.6.5 Comments on any exceptions on loan to real estate sector.

4.7 Acounting Policy & Format of the Financial Statement (Directive No.4)

4.7.1 Comment on the Consistency of the Accounting Policies and financial reporting framework.

4.7.2 Recognition of interest income from loans and advances

4.7.3 Reconciliation of Interest Receivable and Interest Suspense

4.7.4 Recognition of other interest, fees and commission and expenses.

4.7.5 Publication of annual accounts and periodical highlights

4.7.6 Non-compliance/deviations in accounting policies followed as compared to prescribed accounting policies by NRB/Nepal Accounting Standard

4.8 Risk Minimization (Directive No 5)

4.8.1 Mechanisms to minimize liquidity risk

4.8.2 Use of GAP Analysis and other mechanisms to measure and manage interest rate risk

4.8.3 Mechanisms to minimize foreign exchange risk

4.9 Corporate Governance (Directive No.6)

4.9.1 Formulation and implementation of required plans, policies and guidelines

4.9.2 Code of conduct of Directors, Chief Executive and Employees

4.9.3 Cases of conflict of interest of Directors, Chief Executive and Employees

4.9.4 Mechanism to identify related parties promoters, directors or senior management.

4.9.5 Lending to directors, chief executive, employees (except as per employee rules) and their related parties, if any

4.9.6 Level of Corporate governance and compliance of directives related to corporate governance

4.10 Implementation of Supervisory Findings (Directive No.7)

Auditor's finding on the status of compliance of directions given by NRB based on its onsite inspections and offsite supervision

4.11 Investments & Subsidiary Company (Directive No.8)

4.11.1 Investments in unlisted companies

4.11.2 Investment in companies with financial interest

4.11.3 Investment in shares of other bank/FIs

4.11.4 Investments arising out of Underwriting Commitments

4.11.5 Investment in shares and debentures exceeding the limits

4.11.6 Review of the investment portfolio

4.11.7 Adequacy of provisioning requirements

4.11.8 Adequacy of investmet adjustment fund requirements

4.11.9 Compliance of directives of Investment in shares and other securities of subsidiary(ies).

4.11.10 Adequacy of consolidation of transactions with the subsidiary(ies).

4.11.11 Harmonized implementation of policies, procedures and systems of holding company in the subsidiary(ies).

4.11.12 Transactions not based on competitive market price or unauthorized transactions or transactions not based on Arm's Length relation.

4.11.13 Overall level of disclosure of Related Party Transactions in the periodic financial returns.

4.12 Reporting Requirements (directive No.9)

Comment upon the reliability of mechanism used for NRB reporting and the accuracy of such returns

4.13 Sale or Transfer of Promoters Share (Directive No. 10)

4.13.1 Sale or transfer against the statutory requirements

4.13.2 Sale or pledge of promoter shares, during the lock-in period

4.13.3 Where the promoter of the Bank is an entity, unauthorized transfer of ownership of such entity

4.13.4 Where the promoter of the Bank is an entity, the availability of audited financial statement of such entity for verification

4.14 Consortium Financing (Directive No.11)

4.14.1 Formation and dissolution of consortium

4.14.2 Fulfillment of the specified duties of lead bank/member bank, where applicable.
4.14.3 Frequency of consortium meetings where it is lead bank/FI
4.14.4 Adherence to the spirits of consortium

4.15 Credit Information and Blacklisting (Directive No.12)
4.15.1 Periodic Submission of information to CIC
4.15.2 Mechanism to obtain required information from borrowers
4.15.3 Credit Information at the time of sanction/renewal/restructuring/rescheduling of facilities
4.15.4 Recommending defaulted borrower to the CIC for blacklisting
4.15.5 Lending to individual/firm/company included in the blacklist

4.16 Cash Reserve/Statutory Liquidity Requirement (Directive No. 13)
4.16.1 Comment on any exceptions on the maintenance of CRR as stipulated by the directive
4.16.2 Comment on any exceptions on the maintenance of SLR as stipulated by the directive

4.17 New Branch/Office Operation (Directive No. 14)
4.17.1 Unauthorized branches/offices/extension counters/remittance counters
4.17.2 Unauthorized transactions

4.18 Interest Rates (Directive No. 15)
4.18.1 Interest rate determination procedures
4.18.2 Mechanism to determine cost of fund, yield on earning assets and interest spread
4.18.3 Publication of interest rates

4.19 Mobilization of Financial Resources (Directive No. 16)
4.19.1 Concentration of deposits
4.19.2 Resource mobilization beyond the limit
4.19.3 Issuance of debenture and other debt instruments

4.20 Deprived Sector Lending (Directive No.17)
4.20.1 Comment on the exceptions observed in the deprived sector lending
4.20.2 Whether the loans classified as deprived sector lending meet the stipulated pre-requisite conditions
4.20.3 Monitoring mechanism for utilization of deprived sector lending on a half yearly basis

4.21 Merger, Acquisition and Upgradation (Directive No.18)
4.21.1 Fulfillment of the specified requirements for upgradation by the financial institution, where applicable
4.21.2 Whether the minimum capital, capital structure meet the stipulated pre-requisite conditions for merger and/or acquisition, where applicable
4.21.3 Trading status of stocks in the stock exchange
4.21.4 Compliance of regulatory provisions on the Merger, Acquisition and Upgradation including Fit & Proper Test mentioned in BAFIA, **2073** NRB Act, 2058 and Unified Directives
4.21.5 Overall opinion on Merger, Acquisition and Upgradation

4.22 AML/CFT (Directive No.19)
4.22.1 AML/CFT policies, procedures and practices formulated and followed
4.22.2 Adequacy of mechanism, procedures and documents for customer due diligence
4.22.3 Adequacy of risk based customer classification and monitoring
4.22.4 Mechanism, procedures and documents for customer due diligence
4.22.5 Protection of information and documents, including electronic data, of the customer till the period stipulated in the Act and regulations
4.22.6 Adequacy of filing and reporting of threshold transactions to Financial Information Unit (FIU)
4.22.7 Adequacy of filing and reporting of the suspected cases to the internal management and concerned supervisory authorities. Cases of reporting of money laundering and suspected financing to terrorism to FIU

4.24 E-banking Directives **(Directive issued by Payment Systems Department)**
4.24.1 E-banking policies and procedures formulated and followed
4.24.2 Adequacy of security maintained in the e-banking trasactions

4.24.3 Adequacy of conditions on bilateral agreement with agents and third party

4.25 Miscellaneous Directives (Directive No.**21**)

4.25.1 Whether insurance agency service offered to its clients

4.25.2 Authenticity of computer software used

4.25.3 Preparation of documents in the devnagari script of Nepali language as stipulated in the directives

4.25.4 Adequacy of security maintained in SWIFT transaction

4.25.5 Compliance of taxation, including TDS, and mandatory provisions made by fiscal policy of Government of Nepal

4.25.6 Safe Deposit Vault, Locker Service availed

4.25.7 Compliance of regulations and laws with respect to Auction

4.25.8 Technical Service Agreement, TSA reached, where applicable

4.25.9 Adequacy of policies, procedures and mechanism of transactions on derivative products, where applicable

4.25.10 Use of Refinancing Facilities availed by the NRB made as per the agreement

4.26 Transparency and level of economy in the capital and operating expenditures.Whether Financial Administration Bye-laws is adhered to while incurring such expenditures

4.27 Compliance with internal rules, regulations and guidelines

Comment on the overall state of compliance with the internal rules, regulations and guidelines

4.28 Overall compliance of laws, regulations, circulars, directives and guidelines

Comment on the overall state of compliance with the laws, regulations, circulars, directives & guidelines

5. OTHERS

5.1 Whether guarantees, all other contingent liabilities and off balance sheet exposures are properly recorded and disclosed

5.2 Whether banks have entered into any contracts with related parties including the promoters, directors, shareholders holding more than 1% and their undivided family

5.3 Compliance of pre-requisite conditions for Purchase of fixed assets

5.4 **Compliance of regulatory relaxations issued to curb the impact of Covid-19 pandemic in financial system (including reduction/discount on interest rates)**

5.5 Any comments or issues, which the auditor feels appropriate to be communicated to the supervisor and is not covered by the above

6. CONCLUSION

6.1 Type of Audit opinion expressed in the final audit Report

6.1.1 Unqualified

6.1.2 Qualified

6.1.3 Adverse

6.1.4 Disclaimer

6.2 Main reason for the qualified, adverse or disclaimer opinion on the financial statement produced, where applicable.

6.3 Areas of operation where it is exposed to excessive risk

6.4 The risk areas where bank/FI has not been able to properly address these risks

6.4 Comment on the Major Problems faced by the Bank/FI

6.5 Overall opinion of the auditor on the operation and financial standing of the Bank/FI

अनुसूची २१.२

कोभिड १९ सँग सम्बन्धित एकिकृत परिपत्र र सूचना (मिति २०७७/०४/१२ सम्म)

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१/०७७/७८ मितिः २०७७/०४/१२

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७६ को विभिन्न इ.प्रा. निर्देशनहरुमा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

कार्यकारी निर्देशक

१. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं.१ मा उपबुँदा (ग) थप

(ग) उपबुँदा (क) र (ख) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि २०७६ पुस मसान्तमा असल वर्गमा वर्गीकरण भएका र २०७६ पुस मसान्तपश्चात प्रवाह भएका कर्जालाई बैंक तथा वित्तीय संस्थाहरुले २०७७ असार मसान्तमा असल वर्गमा वर्गीकरण गर्न सक्नेछन् ।

२. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं.७

७.ग्रेस अवधि सम्बन्धी व्यवस्था

(क) सामान्यतया एक वर्षभन्दा वढी ग्रेस अवधि राखी आवधिक कर्जा प्रदान गर्न पाइने छैन । सो भन्दा बढी ग्रेस अवधि प्रदान गर्नुपर्ने भएमा के कति कारणले र कुन कुन आधारमा बढी ग्रेस अवधि कायम गर्नुपरेको हो सोको व्यहोरा खुलाई कर्जा स्वीकृतिको समयमानै सो कर्जा स्वीकृत गर्न अख्तियार प्राप्त अधिकारीभन्दा

एक तह माथिल्लो अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । यस प्रयोजनको लागि सबभन्दा माथिल्लो स्तर सञ्चालक समिति हुनेछ ।

(ख) कोभिड-१९ को कारणले विगतमा कायम गरिएको ग्रेस अवधि भित्र उद्योग वा परियोजनाको निर्माण सम्पन्न/संचालन हुन नसकेको अवस्थामा निर्माण सम्पन्न हुन/संचालनमा आउन लाग्ने थप समय यकिन गरी ग्राहकको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले एक पटकका लागि २०७७ असोज मसान्तसम्ममा देहायबमोजिम ग्रेस अवधि थप गर्न सक्नेछन् ।

अ. कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई १ वर्ष, मध्यम प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई ९ महिना तथा न्यून प्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई ६ महिनासम्मका लागि ग्रेस अवधि थप गर्न सकिनेछ ।

तर, सम्बन्धित निकायबाट स्वीकृतिप्राप्त पर्यटकस्तरीय होटलको हकमा अधिकतम २ वर्षसम्मका लागि ग्रेस अवधि थप गर्न सकिनेछ ।

आ. यसरी ग्रेस अवधि थप गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाले कार्यविधि बनाई संचालक समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ र ग्रेस अवधि थप गरिएका कर्जाहरुको मासिक विवरण यस बैंकमा पेश गर्नु पर्नेछ ।

इ. यसरी थप भएको ग्रेस अवधिको ब्याजलाई पुँजीकरण नगरी ग्रेस अवधि भित्र कम्तीमा ३ किस्तामा भुक्तानी हुने गरी असुलीको व्यवस्था गर्नु पर्नेछ र तोकिएको तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीसँग कुनै किसिमको पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाइने छैन ।

३. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं.८ मा उपबुँदा ३ थप गरी क्रमसंख्या मिलान गर्ने ।

(३) कोभिड-१९ बाट अति प्रभावित क्षेत्रमा प्रदान गरिएको कर्जाको हकमा ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको मूल्याङकन गरी ऋणीको लिखित कार्ययोजना अनुसार भविष्यमा उद्योग व्यवसाय सञ्चालनमा आई ऋण चुक्ता हुन सक्नेमा बैक तथा वित्तीय संस्था आश्वस्त भएमा सम्बन्धित ऋणीको अनुरोधमा एक पटकको लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असूल उपर गरी देहायका शर्तहरुको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने छ ।

(क) यस्तो पुनरतालिकीकरण र/वा पुनरसंरचना २०७७ पुस मसान्त भित्र गरिसक्नु पर्नेछ ।

(ख) यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्दा २०७६ पुस मसान्तमा सक्रिय कर्जाहरुको लागि न्यूनतम ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरी असल वर्गमा वर्गीकरण गर्न सकिनेछ ।

(ग) यसरी कर्जा पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका स्पष्ट आधारहरु प्रत्येक कर्जा फाइलमा संलग्न हुनु पर्नेछ ।

(घ) स्पष्ट आधार बिना पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएको पाइएमा इ.प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं. ९ को उपबुँदा २(क) अनुसार कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

४. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं.८ मा उपबुँदा ४ थप गर्ने ।

(४) उपबुँदा (१), (२) र (३) बमोजिम वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

५. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं.२/०७६ को बुँदा नं.९ को उपबुँदा १ मा संशोधन

(१) यस निर्देशनबमोजिम वर्गीकरण गरिएका कर्जा तथा बिल्स खरिदहरुको लागि बक्यौता साँवा रकमको आधारमा देहायबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-

कर्जा वर्गीकरण	न्यूनतम कर्जा नोक्सानी व्यवस्था
(क)असल	१ प्रतिशत
(ख)सुक्ष्म निगरानी	५ प्रतिशत
(ग)कमसल	२५ प्रतिशत
(घ)शंकास्पद	५० प्रतिशत
(ङ)खराव	१०० प्रतिशत

तर,

(अ) यस निर्देशनको बुँदा नं.१ को उपबुँदा (ग) बमोजिम असल वर्गमा वर्गीकरण भएका तर, भाखा नाघेको अवधिको आधारमा २०७७ असार मसान्तमा तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने कर्जाहरुको लागि कम्तिमा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(आ)२०७६ पुस मसान्तमा अन्य वर्गमा वर्गीकरण गरिएका कर्जालाई यस निर्देशनको बुँदा नं.१ को उपबुँदा (क) र (ख) बमोजिम वर्गीकरण गरी सोहीबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।

(इ)उपबुँदा (अ) अनुसार ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरिएका कर्जाको विवरण अलग्गै तयार गरी यस बैंकमा पेश गर्नु पर्नेछ ।

६. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं.३४ पछि उप बुँदा नं.५ थप गरी क्रमसंख्या मिलान गर्ने ।

५. कोभिड-१९ वाट अति प्रभावित उद्योग व्यवसायलाई सुचारु गर्न सहजीकरण गर्ने प्रयोजनको लागि ऋणीको आवश्यकता र उद्योग/ व्यवसायको सम्भाव्यताको विश्लेषण गरी २०७६ चैत मसान्तमा कायम चालु पुँजी कर्जाको सीमामा एक पटकको लागि बढीमा २० प्रतिशतसम्म थप चालु पुँजी कर्जा प्रवाह गर्न सकिनेछ ।

(क) यस्तो थप कर्जा प्रदान गर्दा Debt Equity Ratio र एकल ग्राहक कर्जा सीमा कायम गर्न २०७८ असार मसान्तसम्म अनिवार्य हुने छैन ।

(ख) यस्तो थप कर्जा उत्पादनलाई निरन्तरता दिने, कच्चा पदार्थ खरीद गर्ने, कर्मचारी/कामदारको पारिश्रमिक

भुक्तानी गर्ने जस्ता कार्यको लागि मात्र प्रवाह गर्न सकिनेछ । यस्तो कर्जाबाट बैंक तथा वित्तीय संस्थाले बक्यौता साँवा तथा ब्याज असूल गर्न पाउने छैनन् ।

(ग) यस्तो कर्जा ऋणीले अन्य प्रयोजनको लागि प्रयोग गर्न पाउने छैनन् ।

(घ) यस्तो कर्जाको भुक्तानी अवधि बढीमा एक वर्षको हुनेछ ।

तर, कोभिड-१९ बाट अति प्रभावित उद्योग व्यवसायको पुनरुत्थानको आवश्यकता, धितोको पर्याप्तता, कर्जा जोखिम व्यवस्थापन तथा ऋणीको Business Proposal आदिको विश्लेषण गरी २० प्रतिशतभन्दा बढी थप कर्जा प्रवाह गर्न सकिने अवस्था भएमा सो कर्जा प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

७. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं ३४ को उप बुँदा ६ थप गरी क्रम संख्या मिलान गर्ने

(६) २०७७ असार महिनासम्म भुक्तानी अवधि भएका डिमाण्ड लोन, क्यास क्रेडिट लगायतका अल्पकालीन प्रकृतिका चालु पूँजी कर्जाहरुलाई ऋणीको वित्तीय अवस्था विश्लेषण गरी २०७७ पौष मसान्तसम्म भुक्तानी गर्न सकिने गरी समय थप (Time Extension) गर्न सकिनेछ ।

८. एकीकृत निर्देशन २०७६ को इ.प्रा.निर्देशन.नं. २/०७६ को बुँदा नं.३९

३९. ब्याज पुँजीकरण गर्ने सम्बन्धमा

परियोजना कर्जाको ग्रेस (Moratorium) अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन । तर, देहायबमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएका कर्जाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई पुँजीकरण गर्न बाधा पुगेको मानिने छैन ।

(क) जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग,
(ख) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग,
(ग) औषधि उद्योग,
(घ) केबुलकार उद्योग,
(ङ) चिनी उत्पादन सम्बन्धी उद्योग,
(च) दूग्ध जन्य वस्तु उत्पादन उद्योग,
(छ) नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र
(ज) परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटक स्तरीय होटलहरु

तर,

(अ) निर्माणाधीन आयोजनामा प्रवाहित कर्जाको ग्रेस अवधिमा पाकेको ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति पाइसकेका कर्जाको हकमा २०७७ पुस मसान्तसम्म पुँजीकरण गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन ।

(आ) जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रुपमा पुँजीकरण गर्न यस बैंकको स्वीकृति लिनु आवश्यक पर्ने छैन ।

९. इ.प्रा.निर्देशन नं. २ को बुँदा नं. ४१ र ४२ थप गरी क्रम संख्या मिलान गर्ने

४१. भुक्तानी अवधि थप गर्ने सम्बन्धमा

(१) कोभिड-१९ बाट न्यून प्रभावित, मध्यम प्रभावित तथा अति प्रभावित क्षेत्रमा प्रवाहित कर्जाको साँवा तथा ब्याज रकमलाई कुनै किसिमको थप पेनाल ब्याज/ शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) नलिई देहाय अनुसार समय थप (Time Extension) गर्न सकिनेछ :

अ. न्यून प्रभावित

कोभिड-१९ बाट न्यून प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने

साँवाको किस्ता र ब्याज रकमलाई २०७७ पुस मसान्तसम्ममा भुक्तानी गर्न ।

आ. मध्यम प्रभावित

कोभिड-१९ बाट मध्यम प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७७ चैत मसान्तसम्ममा भुक्तानी गर्न ।

इ. अति प्रभावित

कोभिड-१९ वाट अति प्रभावित क्षेत्रमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमलाई २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्न ।

तर, कोभिड-१९ को कारण पुनर्स्थापित हुन समय लाग्ने पर्यटन क्षेत्र लगायतका अति प्रभावित उद्योग व्यवसायमा प्रवाह भएका सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमको भुक्तानीका लागि २ वर्षसम्मको समय प्रदान गर्न यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।

२. उपबुँदा नं.१ को खण्ड (अ), (आ) र (इ) बमोजिम भुक्तानी अवधि थप गरिएका कर्जाको २०७७ असार मसान्तसम्मको भुक्तानी हुन बाँकी साँवा र ब्याज रकमलाई भुक्तानी अवधि थप भएको समयावधिभित्र समानुपातिकरुपमा कम्तिमा क्रमशः २ किस्ता, ३ किस्ता र ४ किस्तामा असुल गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तोकिएको भुक्तानी तालिकाबमोजिम भुक्तानी गर्ने ऋणीबाट कुनै पनि किसिमको पेनाल ब्याज/शुल्क/हर्जाना/ब्याजको ब्याज (Interest on interest) लिन पाइने छैन । ४२. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट अर्थतन्त्रका विभिन्न क्षेत्रमा परेको प्रभाव र त्यसबाट वित्तीय क्षेत्रमा पर्नसक्ने असर तथा उद्योग व्यवसायको पुनरुत्थानमा लाग्नसक्ने समय आदिको अध्ययनका आधारमा प्रभावित क्षेत्रहरुलाई निम्नबमोजिम वर्गीकरण गरिएको छ :

(अ) अति प्रभावित क्षेत्र

१. पर्यटन

(क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, ऱ्याफ्टिङ्ग, क्याम्पिङ्ग, टुर अपरेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज स्पा आदि,

(ख) होटल, पर्यटक आवास, मोटेल, ग्रामीण पर्यटन, होम स्टे, रिसोर्ट, तथा रेष्टुराँ, पर्यावरणीय पर्यटन, वन्यजन्तु आरक्ष,

(ग) साहसिक पर्यटन : स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर ऱ्याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोइङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन लगायत,

(घ) गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा, माउन्टेन फ्लाइट सञ्चालन, केवलकार

२. हवाई तथा पर्यटकीय यातायात;

३. मनोरञ्जन, मनोरञ्जन पार्क, रिक्रिएसन सम्बन्धी व्यवसाय, पार्टी प्यालेस;

४. चलचित्र उत्पादन, वितरण, सिनेमा हल ;

५. रोजगारी गुमेका वा बिथयाा मा परेका श्रमिक, कामदार वा कर्मचारी (स्वदेशमा वा विदेशमा) ;

६. मूलभुत रुपमा सडेर गलेर जाने वस्तु (एभचष्कजबदभि नययमक) जस्तैः तरकारी, फलफूल, पुष्प, माछा मासु, दाना, दुध तथा दुधजन्य उत्पादन, अण्डा आदि उत्पादन तथा बिक्री वितरण;

७. कुखुरापालन व्यवसाय ;

८. पशुपन्छी, मौरी तथा मत्स्यपालन व्यवसाय;

९. तयारी पोशाक, हस्तकला तथा सीपमुलक व्यवसाय ;

१०. वैदेशिक रोजगार सेवा प्रदायक, शैक्षिक परामर्श सेवा प्रदायक ;

(आ) मध्यम प्रभावित क्षेत्र

१. खप्ने सामान जस्तै प्लास्टिक, फलाम/स्टील, टायर, छाला, धातुका उत्पादन, घरायसी उपकरण आदि उत्पादन तथा बिक्री वितरण सँग सम्बन्धित उद्योग व्यवसाय ;

२. नीजि तथा आवासीय विद्यालय, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय, कलेज तथा विश्व विद्यालय, प्राविधिक शिक्षालय, प्रि-स्कुल, चाइल्ड केयर ;

३. यात्रुवाहक स्थल यातायात ;

४. ब्युटी पार्लर, सैलुन, कस्मेटिक सर्जरी लगायतका सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप ;

५. कानूनी, लेखा, इन्जिनियरिंग लगायतका परामर्श सेवा वा व्यवसाय ;

६. अस्पताल, क्लिनिक, नर्सिंगहोम, डायग्नोस्टिक सेन्टर ;

७. हेल्थ सेन्टर वा फिट्नेस सेन्टर ;

८. भण्डारण गर्न सकिने बस्तु (खाद्यान्न बाहेक) उत्पादन, प्रशोधन तथा बिक्री वितरण ;

९. वन तथा खनिजजन्य उद्योग ;

१०. निर्माण व्यवसाय;

११. औषधि उत्पादन ;

१२. छपाइ, प्रकाशन तथा संचार गृह ;

१३. निर्माणाधीन जलविद्युत तथा नवीकरणीय उर्जा ;

१४. पत्थर, माटो तथा सिसाका उत्पादन सम्बन्धी व्यवसाय ;

(इ) न्यून प्रभावित क्षेत्र

१. उत्पादनमा रही राष्ट्रिय प्रसारणमा जोडिएका जलविद्युत आयोजना ;

२. अनलाईन (इकमर्स) मा संलग्न व्यवसाय ;

३. खाद्यान्न उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण, पेय पदार्थ प्रशोधन तथा बिक्री वितरण गर्ने उद्योग व्यवसाय ;

४. दैनिक उपभोग्य अत्यावश्यक वस्तुको बिक्री वितरण ;

५. आयात जन्य व्यापार ;

६. पेट्रोल पम्प, ग्यास तथा पानी सम्बन्धित व्यवसाय ;

७. औषधि बिक्री वितरण ;

८. विज्ञापन सेवा ;

९. इन्टरनेट, दुरसंचार सेवा प्रदायक कम्पनी ;

१०. मदिरा तथा सूर्तिजन्य उद्योग व्यापार, व्यवसाय ;

११. ट्रक, ढुवानी व्यवसाय

१२. सुन, चाँदीका गहना तथा बहुमुल्य पत्थर सम्बन्धी व्यवसाय ।

(ई) उपबुँदा (अ), (आ) र (इ) मा उल्लेख नभएका क्षेत्रका उद्योग, व्यवसायको हकमा इजाजतपत्रप्राप्त संस्थाले वित्तीय अवस्था तथा नगद प्रवाहको विस्तृत विश्लेषण गरी उद्योग, व्यवसायलाई कोभिड-१९ को कारण परेको असर, पुनः सञ्चालनमा आई पूर्ववत् अवस्थामा फर्कन लाग्ने समय तथा सोको लागि चाल्नु पर्ने कदम समेतको अध्ययन गरी स्पष्ट आधार सहित तीन मध्ये कुनै एक वर्गमा वर्गीकरण गर्न सक्नेछन् ।

१०. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.६/०७६ को बुँदा नं १६ मा उपबुँदा (ज) थप गर्ने ।

(ज) बैंक तथा वित्तीय संस्थाको २०७७ असार मसान्तमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी रहेको सम्पूर्ण रकम २०७७ साउन मसान्तभित्र नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गर्नु पर्नेछ ।

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१४/०७६/७७ मितिः २०७७/०१/१६

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकवाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७६ को विभिन्न निर्देशनहरुमा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. एकीकृत निर्देशन, २०७६ को इ.प्रा.निर्देशन नं. २/०७६ को बुँदा नं. १ को उप बुँदा (क) को खण्ड (२) मा प्रतिवंधात्मक वाक्यांश थप गर्ने।

तर, लकडाउनको अवधिभर नबिकरण गर्नुपर्नेमा लकडाउनको कारणले नबिकरण नभएका कर्जाहरु वा नियामकिय निर्देशनका आधारमा भुक्तानी अवधि थप गरिएका कर्जाहरु सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन।

२. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.५/०७६ को बुँदा नं ६ मा उपबुँदा नं. ६ को खण्ड (ग) लाई संशोधन गर्ने।

(ग) विदेशी बैंक, वित्तीय संस्था वा अन्य संस्थासँग विदेशी मुद्रामा १ वर्ष वा सो भन्दा बढी अवधिको ऋण वा निक्षेप लिएको भएमा त्यस्तो रकमलाई यस खण्डको प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिनेछ।

३. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.५/०७६ को बुँदा नं ६ मा उपबुँदा नं. ६ को खण्ड (ग) लाई थप गरी क्रमसंख्या मिलान गर्ने।

(ग) एक बर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेका दुई वा दुई वर्ष भन्दा बढी अवधिका मुद्धती निक्षेप रकम बराबरको शत प्रतिशत कर्जा प्रबाह गर्न सकिने छ।

४. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.६/०७६ को बुँदा नं. ६ को पहिलो वाक्यमा संशोधन।

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलबभत्ता खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ।

तर, यो व्यवस्था आर्थिक वर्ष २०७६/७७ को लागि अनिवार्य हुने छैन।

५. एकीकृत निर्देशन, २०७६ को इ.प्रा.निर्देशन नं. १२/०७६ को बुँदा नं. २ को उपबुँदा २.१ मा संशोधन।

२.१ इजाजतपत्रप्राप्त संस्थाले केन्द्रमा देहाय अनुसारको कर्जा सम्बन्धी विवरण (क.सू.फा.नं. १ र २) देहायको समयावधिभित्र पठाउनु पर्नेछ।

(क) आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा/सुविधा कर्जा प्रवाह गरेको ७ दिनभित्र।

(ख) ९० दिन भन्दा बढीले भाखा नाघेका सम्पूर्ण कर्जा/सुविधा महिना भुक्तान भएको १५ दिनभित्र।

६. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.१५/०७६ को बुँदा नं १ को उप बुँदा २ मा खण्ड (ख) मा संसोधन।

(ख) बोलकवोल (Bidding) को आधारमा संकलन हुने मुद्धती निक्षेपको हकमा प्रकाशित व्याजदरमा नबढ्ने गरी निक्षेप संकलन गर्नु पर्नेछ। यसरी प्रकाशित व्याजदर तीन महिना सम्म परिवर्तन गर्न पाइने छैन।

७. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.१५/०७६ को बुँदा नं.३ को उपबुँदा ३ मा संशोधन।

(३) कर्जाको प्रकार तथा भुक्तानी अवधिका आधारमा छुट्टाछुट्टै प्रिमियम दर तय गरी त्रैमासिक रुपमा कर्जा तथा सापटको ब्याजदर निर्धारण तथा प्रकाशन गर्नु पर्नेछ। यसरी व्याजदर निर्धारण तथा प्रकाशन गर्दा निश्चित प्रकारको आवधिक कर्जाका लागि तोकिएको अवधिभर व्याजदर परिवर्तन नहुने गरी स्थिर व्याजदर निर्धारण गरी सो समेत प्रकाशन गर्नु पर्नेछ। ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। प्रकाशित प्रिमियम दर परिवर्तन गर्दा अर्धवार्षिक रुपमा परिवर्तन गर्न सकिनेछ। तर, प्रिमियम दर घटाउनु पर्ने भएमा अर्धवार्षिक भन्दा कम समयावधिमा पनि प्रकाशित प्रिमियम दर परिवर्तन गर्न सकिनेछ।

८. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.२१/०७६ को बुँदा नं ३० को उप बुँदा (४)को खण्ड (क), (ख) मा संशोधन ।

(क)परियोजना कर्जाको रुपमा साना तथा मझौला उद्यमहरुमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित रू १५ लाखसम्मको असल कर्जाको धितो सुरक्षणमा वार्षिक २.० प्रतिशत ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ ।

(ख)यस्तो पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ऋणीबाट ५.० प्रतिशत भन्दा बढी ब्याज लिन पाउने छैनन् ।

९. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.१३/०७६ को बुँदा नं १ को उप बुँदा (१)मा संशोधन ।

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कुल निक्षेप दायित्वको ३ (तीन) प्रतिशत अनिवार्य मौज्दात वापत यस बैंकमा राख्नु पर्नेछ । यस व्यवस्था बमोजिम कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ७० प्रतिशत रकम दैनिक रुपमा यस बैंकमा राख्नु पर्ने छ ।

१०. एकीकृत निर्देशन, २०७६ को इ.प्रा. निर्देशन नं.२१/०७६ को बुँदा नं ९ मा संशोधन ।

९. बैंकदर सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको ब्याजदर (बैंकदर) ५ प्रतिशत कायम गरिएको छ ।

कार्यकारी निर्देशक

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२१/०७६/७७ मितिः २०७७/०१/१६

सूचना

इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. कोभिड-१९ बाट ऋणीहरुमा परेको असर न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाले ऋणीहरुको २०७६ चैत मसान्तमा कायम व्याजदरमा दुई प्रतिशत विन्दुले कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको व्याज रकम गणना गर्नुपर्ने छ ।

क) तर, खाद्यान्न प्रशोधन तथा बिक्री वितरण संग सम्बन्धित व्यवसाय, ग्याँस उत्पादन तथा बिक्री वितरणसंग सम्बन्धित व्यवसाय, सोप एण्ड केमिकल्स, औषधी बिक्री वितरणसंग सम्बन्धित व्यवसाय, इन्टरनेट सेवा प्रदायक, दुरसंचार सेवा प्रदायक, टेलिभिजन सेवा प्रदायक, सूर्ती तथा मदीराजन्य उद्योग, सञ्चालनमा रहेको जलविद्युत आयोजनाको हकमा यो व्यवस्था लागु हुने छैन ।

(ख) यसरी व्याजदर गणना गर्दा आधारदर भन्दा कम गर्न बाध्यकारी हुने छैन ।

(ग) इजाजतपत्रप्राप्त खुद्रा कर्जा कारोबार गर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाले ऋणीहरुको २०७६ चैत मसान्तमा कायम व्याजदरमा तीन प्रतिशत विन्दुले तथा थोक कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले दुई प्रतिशत विन्दुले कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको व्याज रकम गणना गर्नुपर्ने छ ।

(घ) २०७७ असार मसान्त पश्चात विद्यमान व्यवस्था अनुसार आधार दरका आधारमा कायम हुने ब्याजदर निर्धारण गर्न सकिनेछ ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले कोभिड-१९ बाट उत्पन्न परिस्थितिबाट प्रभावित होटेल, रेष्टुरेन्ट, रिसोर्ट, ट्राभल, ट्रेकिङ लगायतका पर्यटन क्षेत्र तथा हवाइ उड्डयन, व्यवसायिक प्रयोजनका सवारी साधन, साना तथा मझौला उद्योग, निर्यात उद्योग, मनोरञ्जन उद्योग, अस्पताल, पोल्ट्री व्यवसाय आदिमा सकृय वर्गमा वर्गीकृत ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय

अवस्थाको आधारमा ऋण प्रदान गर्ने संस्था आश्वस्त भएमा आवश्यकता पहिचान गरी स्वीकृत सीमाको १० प्रतिशत सम्म थप चालु पुँजी कर्जा प्रदान गर्न सकिने छ ।

(क) उपर्युक्त बमोजिमको सिमा प्रदान गर्दा कर्जा स्वपुँजी अनुपातको व्यवस्था अनिवार्य हुनेछैन ।

(ख) यसरी प्रदान गरिएको सीमा नबिकरण गर्न पाइने छैन र भुक्तानी अबधी बढिमा एक बर्षको हुन सक्नेछ ।

यस बैंकबाट मिति २०७६।१२।१६ मा जारी प.सं. बै.वि.नि.वि/नीति/सूचना/१८/०७६/७७ को सूचनाको बुँदा नं. ९ खारेज गरिएको छ ।

३. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" तथा "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले २०७७ बैशाख तथा जेठ महिनामा असुल गर्नुपर्ने मासीक/त्रयमासीक किस्ताहरुको भुक्तानी २०७७ असार मसान्त सम्ममा हुने व्यवस्था मिलाउनु पर्नेछ । यस्ता किस्ताको हकमा कुनै किसिमको थप शूल्क वा हर्जाना (Penal Charges, Penal Interests etc.) लिन पाइने छैन । किस्ता असुल नभएको कारणले कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन ।

४. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले लकडाउन अवधिमा भुक्तानी गर्नुपर्ने सम्पुर्ण चालुपुँजी प्रकृतिका अल्पकालीन कर्जाहरुको सांवा तथा व्याजको भुक्तानी अवधि ६० दिन सम्म थप गर्न सकिनेछ ।

कार्यकारी निर्देशक

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१८/०७६/७७ मितिः २०७६/१२/१६

इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

विश्वव्यापी रुपमा फैलिएको Covid-19 को महामारीको कारणले उत्पन्न असहज परिस्थितिवाट मुलुकको पर्यटन, उद्योग, व्यापार, व्यवसाय तथा वित्तीय क्षेत्र समेत प्रभावित हुने देखिएको सन्दर्भमा यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख","ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका संस्थाले कायम गर्नु पर्ने अनिवार्य नगद मौज्दात कुल निक्षेप दायित्वको ३ (तीन) प्रतिशत कायम गरिएको छ ।

२. यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था अनुसार उपलब्ध गराईने कर्जाको व्याजदर (बैंकदर) ५ प्रतिशत कायम गरिएको छ ।

३. व्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा स्थायी तरलता सुविधा दर ५ प्रतिशत, नीतिगत दरको रुपमा रिपो दरलाई ३.५ प्रतिशत र तल्लो सीमाको निक्षेप संकलन दरलाई २ प्रतिशत कायम गरिएको छ ।

४. बैंकले स्थापना गरेको पुनरकर्जा कोषको सीमा रु ६० अर्ब कायम गरिने छ ।

५. २०७६ चैत्र महिनामा असुल गर्नु पर्ने मासिक/त्रयमासिक किस्ताहरुको (केडिट कार्ड समेत) भुक्तानी २०७७ असार मसान्त सम्ममा हुने व्यवस्था मिलाउनु पर्नेछ । सो किस्ताको हकमा कुनै किसिमको थप शूल्क वा हर्जाना (Penal Charges, Penal Interest etc.) लिन पाइने छैन । किस्ता असुल नभएको कारणले कर्जालाई तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने छैन ।

६. ऋणीले बुँदा नं. ५ बमोजिमको किस्ता २०७६ चैत्र मसान्त भित्रमा भुक्तानी गर्न आएमा चैत्र महिनामा भुक्तानी गर्नु पर्ने मासिक/त्रयमासिक व्याज रकममा १० प्रतिशत छुट दिई असुल उपर गर्नु पर्नेछ । यसरी व्याज छुट दिँदा आधारदर भन्दा कम गर्न पाइने छैन ।

७. २०७६ चैत्र महिनामा नवीकरण गर्नुपर्ने कर्जाहरु नवीकरण नभएको आधारमा चैत्र मसान्तमा सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्न अनिवार्य हुने छैन ।

८. २०७६ चैत्र महिनामा भुक्तानी अवधी तोकिएका सम्पुर्ण चालुपुँजी प्रकृतिका अल्पकालीन कर्जाहरुको भुक्तानी अवधि ६० दिन सम्म थप गर्न सकिनेछ ।

९. २०७६ पुस मसान्तसम्म ब्याज तथा साँवा नियमित भुक्तानी गरिरहेका पर्यटन तथा यातायात क्षेत्रका ऋणीहरुले अल्पकालीन कर्जाको माग गरेमा साँवा तथा ब्याज बक्यौता रहेता पनि आवश्यकताअनुसार निश्चित सीमासम्म संक्षिप्त प्रक्रिया अपनाई ५ दिन भित्र कर्जा प्रवाह गर्नुपर्नेछ। यस्तो सीमा स्वीकृत गर्दा ०.२५ प्रतिशत भन्दा बढी शुल्क लिन पाइनेछैन।

१०. Covid-19 को रोकथाम, नियन्त्रण तथा उपचारमा प्रयोग हुने स्वास्थ्य सेवा विभागले सूचीकृत एवं सिफारिस गरेको स्वास्थोपचार सम्बन्धी बस्तु तथा उपकरणहरु, औषधी, खाद्यान्न लगायत अत्यावश्यकीय मालबस्तु पैठारी तथा बिक्री बितरण सहज बनाउने प्रयोजनका लागि कर्जाको माग भएमा संक्षिप्त प्रक्रिया पुरा गरी ५ दिन भित्र कर्जा प्रदान गर्नु पर्नेछ।

११. विद्युतीय कारोबारलाई थप प्रभावकारी बनाउन र बढी भन्दा बढी सेवाग्राहीको पहुँच बढाउनका लागि service enable गर्ने, password reset, pin reset, authentication, verification, card renewal जस्ता अनलाइन कारोबार गर्न आवश्यक पर्ने कार्यहरुको लागि जोखिम व्यवस्थापन गरी ग्राहकको टेलिफोन तथा इमेल मार्फत प्राप्त भएका अनुरोधलाई अबिलम्ब स्वीकार गरी बिद्युतीय माध्यमबाट हुने कारोबारलाई प्रोत्साहन गर्नुपर्नेछ। साथै २०७७ असार मसान्त सम्म यस्तो सेवा प्रदान गर्दा कुनै पनि शुल्क लिन पाउने छैन।

१२.यस बैंकबाट स्वीकृति प्राप्त गरी २०७६ पुस वा चैत्र मसान्तसम्मका लागि ब्याज पुँजीकरण गरिएका ऋणीहरुको हकमा २०७७ असार मसान्त सम्मका लागि ब्याज पुँजीकरण गर्न सकिनेछ।

१३. बैंक जमानत जारी गर्ने संस्थाले beneficiary लाई भुक्तानी दिनुपर्ने रकम नेपाल सरकारबाट संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेश समाप्त भएको मितिले ७ कार्यदिन भित्र भुक्तानी दिन सकिनेछ। साथै यस अवधिमा ग्राहकले बैंक जमानत नविकरण गर्न अनुरोध गरेमा कुनै शुल्क नलिइ यस्तो अवधिभरका लागी नविकरण गनुपर्नेछ।

१४.बैंक तथा वित्तीय संस्थाहरुले संघ र प्रदेशमा स्थापना भएका कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा योगदान गरेको रकम सामाजिक उत्तरदायित्व कोष (CSR)मा गणना गर्न सकिनेछ।

१५. Covid 19 को उपचारलाई समेत सहयोग पुग्नेगरी सेवा विस्तार र स्तरोन्नती गर्न चाहने निजी स्वास्थ्य प्रदायक संस्थाहरुलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत गणना गर्न सकिने छ।

१६.वित्तीय प्रणालीमा समग्र रुपमा परेको प्रभावलाई मध्यनजर गरी २०७६ चैत्र महिनामा अनुपालना गर्नुपर्ने नियामकीय/शुपरिवेक्षकीय अनुपातहरु अनुपालना नभएको खण्डमा कुनै हर्जाना लगाइने छैन।

१७.यस बैंकबाट प्रदान गरिने पुनरकर्जा सुविधा Covid-19 बाट प्रभावित साना तथा मझौला उद्यमीलाई प्राथमिकता दिईने छ। यस्तो पुनरकर्जा सुविधा चालु पुँजि कर्जाको लागी समेत प्रदान गरिनेछ।

१८.Capital Adequacy Framework 2015 मा व्यवस्था भए बमोजिमको Countercyclical Buffer लाई स्थगन गरिएको छ।

१९. वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिइ उद्योग व्यवसाय संचालन गर्न चाहेमा निवेदन दिएको ७ दिन भित्र सहुलियतपूर्ण कर्जा उपलब्ध हुने व्यवस्था मिलाइने छ।

कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई आवासीय घर पुनर्निमाण र व्यवसाय पुनः संचालनका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७४

आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई घर पुनर्निमाण र व्यवसाय पुनः संचालनका लागि प्रवाह गरिने आवासीय कर्जामा यस बैंकले उपलब्ध गराउने पुनरकर्जा प्रयोजनका लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले उपर्युक्त प्रयोजनका लागि देहायका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरेको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलब्ध गराइने छ :

<u>शर्त तथा व्यवस्थाहरु :</u>

(१) पुनरकर्जा सुविधा भोजपुर जिल्लाको भोजपुर बजार र तेह्रथुम जिल्लाको संक्रान्ति बजारका आगलागीबाट पूर्ण रुपमा क्षति भएका ३४ (चौतिस) घरधनीहरुलाई आवास निर्माणका लागि नेपाल सरकार, अर्थ मन्त्रालयले सरकारी कारोबार गर्ने स्थानीय वाणिज्य बैंक मार्फत् जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएको क्षतिको विवरणको आधारमा शहरी क्षेत्रमा अधिकतम रु. २५ (पच्चिस) लाख र अन्य क्षेत्रमा अधिकतम रु. १५ (पन्ध्र) लाखसम्मको ऋण सुविधाको आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ । त्यसैगरी, सप्तरी जिल्लामा भएको वाढी तथा डुवानबाट घर व्यवसाय क्षति भएका पीडित परिवारहरुलाई घर निर्माण गर्न र व्यवसाय पुनः संचालन गर्न अधिकतम रु. १५,००,०००।- (पन्ध्र लाख) सम्मको पुनरकर्जा सुविधा उपलब्ध हुनेछ । उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।

(२) आगलागी र डुवानबाट प्रभावित भएको व्यहोरा नेपाल सरकारको सम्बन्धित निकायबाट प्रमाणित हुनुपर्ने तथा सो व्यहोरा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत यकिन गर्नुपर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण र व्यवसाय पुनः संचालन प्रयोजनको लागि प्रदान गर्ने ऋणमा अधिकतम २ प्रतिशत सम्म मात्र ब्याजदर लिनु पर्नेछ । सो प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले शून्य व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने छ ।

(४) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ब्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा ब्याज तथा तेश्रो पक्षलाई भुक्तानी गर्नु पर्ने (बीमा, धितो मूल्यांकन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्यूनतम अवधि ५ वर्ष र अधिकतम १० वर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रिम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रिम भुक्तानी शुल्क लाग्ने छैन । यस्तो पुनरकर्जा सुविधा एकपटकको लागि बढीमा १ वर्षको लागि मात्र प्रदान गरिने छ र विद्यमान कानुनी व्यवस्थाको अधीनमा रही थप एक वर्षका लागि नवीकरण गर्न सकिनेछ ।

(६) बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ । तर व्यवसाय पुनः संचालनको लागि कर्जा प्रवाह गर्दा व्यवसायिक कार्य प्रगतिका आधारमा कम्तिमा दुइ चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ ।

(७) आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(८) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्वन्धित निकाय वा स्थानीय निकाय (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका/वडा कार्यालय/गाँउपालिका) को आगलागी वा वाढी तथा डुवान पीडित भई आवासीय घर/व्यवसाय क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण वा सो सम्बन्धी ऋणीको स्वःघोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।

(९) यस बैंकबाट प्रवाह गरिने कुल पुनरकर्जाको सीमा प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि सो संस्थाको प्राथमिक पुँजीको २५ प्रतिशतसम्म मात्र हुनेछ ।

(१०) यस्तो कर्जा सामान्यतः वीमा गरेको हुनुपर्नेछ । कर्जाको बीमा गरेको अवस्थामा कर्जा वर्गीकरणका आधारमा हरेक वर्गमा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाको २५ प्रतिशतका दरले मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

(११) यस्तो पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण (अनुसूची) महिना समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१२) पुँजी कोष गणना प्रयोजनका लागि यसरी प्रवाह गरिएको कर्जाको जोखिम भार आवासीय घर कर्जा सरह ६० प्रतिशत हुनेछ ।

(१३) यस्तो पुनरकर्जा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको धितोमा प्रदान गरिनेछ ।

(१४) यस्तो कर्जा प्रवाह गर्दा बैंक वा वित्तीय संस्थाले सम्बन्धित संस्थाको विद्यमान घरकर्जा र व्यवसायिक कर्जा सम्बन्धी नीतिगत व्यवस्थाको अधीनमा रही ग्राहकको कर्जा तिर्न सक्ने क्षमता लगायत सुरक्षणका स्पष्ट आधार लिई कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्नेछ ।

(१५) आगलागी एवम् वाढी तथा डुवान पीडित परिवारले आवासीय घर पुनर्निर्माण र व्यवसाय पुनः संचालनका लागि सहुलियत दरमा कर्जा लिन चाहेमा बैंक वा वित्तीय संस्थाले सरल र सहज प्रक्रिया अपनाई यस कार्यविधि बमोजिम हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।

माथि उल्लिखित शर्त तथा व्यवस्थाका अधीनमा रही प्रवाह भएको कर्जामा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय बालुवाटारमा सम्पर्क गरी बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जा सुविधा लिन सक्नेछन् ।

अनुसूची

मिति : २०७.. /.. /..

श्रीमान् कार्यकारी निर्देशकज्यू,

नेपाल राष्ट्र बैंक,

.....सुपरिवेक्षण विभाग,

काठमाण्डौं ।

विषयः पुनरकर्जाको मासिक विवरण ।

महोदय,

त्यस बैंकको प.सं. .... मिति ....मा जारी आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई आवासीय घर पुनर्निमाण र व्यवसाय पुनः संचालनका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७४ अनुसार यस संस्थाले उपभोग गरेको पुनरकर्जा तथा सो पुनरकर्जा सुविधा बमोजिम प्रवाह भएको कर्जाको मासिक विवरण देहाय बमोजिम रहेको छ ।

कर्जाको विवरण (मिति : २०७ /....)

क्र.सं.	ऋणीको नाम	कर्जा प्रवाह मिति	अन्तिम भुक्तानी मिति	कर्जाको बक्यौता	पुनरकर्जा विवरण		कैफियत
					लिएको मिति	रकम	

* महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने । ..... बैंक/वित्तीय संस्थाको तर्फबाट

दस्तखत :

नाम :

पद :

छाप :

विभाग/कार्यालय

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२६/०७१/७२ मितिः २०७२/०२/१३

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने कर्जामा यस बैंकले उपलब्ध गराउने पुनरकर्जा प्रयोजनका लागि संलग्न बमोजिमको कार्यविधि जारी गरिएको हुँदा सोही बमोजिम गर्नु /गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई घर पुनर्निमाणका लागि प्रवाह गरिने आवासीय कर्जामा यस बैंकले उपलब्ध गराउने पुनरकर्जा प्रयोजनका लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले उपर्युक्त प्रयोजनका लागि देहायका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरेको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलब्ध गराइने छ :

शर्त तथा व्यवस्थाहरु :

(१) पुनरकर्जाको अधिकतम सीमा काठमाण्डौ उपत्यकामा प्रति घरपरिवार रु २५ लाख र उपत्यका बाहेकका प्रभावित जिल्लामा रु १५ लाख सम्मको ऋण सुविधाको आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ । उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।

(२) यो सुविधा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलब्ध गराइने छ । भूकम्पले क्षतिग्रस्त आवासीय घर गाउँ विकास समिति (गा.वि.स.) मा भए गा.वि.स. भित्रै, नगरपालिकामा भए सम्बन्धित वडा भित्रै पुनर्निमाण गर्नका लागि पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ । तर, क्षतिग्रस्त स्थान बस्नयोग्य नरहेको प्रमाण नेपाल सरकारको आधिकारिक निकायबाट प्राप्त गरेको अवस्थामा सोही जिल्लाको अर्को स्थानमा निर्माण गरिने आवासीय घरका लागि समेत यस कार्यविधि बमोजिम पुनरकर्जा प्रदान गर्न सकिनेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण गर्न प्रदान गर्ने ऋणमा बढीमा २ बर्षको लागि शून्य व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ । यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले ग्राहकसंग अधिकतम २ प्रतिशत मात्र ब्याज लिनु पर्नेछ । पुनरकर्जाको अवधि ब्यतित भएपछि बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा आफ्नो Cost of Fund मा बढीमा २ प्रतिशत बिन्दुसम्म थप गरी ब्याजदर कायम गर्नुपर्नेछ । यस प्रयोजनका लागि अघिल्लो त्रयमासको अन्तिम महिनाको औसत Cost of Fund लाई चालु त्रयमासमा आधारको रुपमा लिनु पर्नेछ ।

(४) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ब्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा ब्याज तथा तेश्रो पक्षलाई भुक्तानी गर्नु पर्ने (बीमा, धितो मूल्यांकन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्यूनतम अवधि ५ वर्ष र अधिकतम १० वर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन । पुनरकर्जाको अवधि समाप्त भए पश्चात् यस्तो कर्जामा बढीमा ८ वर्षका लागि यस बैंकवाट ब्याज अनुदान प्रदान गरिनेछ ।

(६) बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जामा ऋणीसँग असुल उपर गर्नुपर्ने ब्याजमध्ये २ प्रतिशत सम्बन्धित ऋणीवाट असुल गर्ने र बाँकी ब्याज रकम यस बैंकवाट त्रैमासिक रुपमा त्रयमास समाप्त भएको मितिले १५ दिन भित्र संलग्न ढाँचा बमोजिम सोधभर्ना माग गर्नु पर्नेछ । यसरी माग भएको ब्याज अनुदान वापतको रकम यस बैंकवाट त्रयमास समाप्त भएको मितिले एक महिना भित्रमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिनेछ । **साथै, यस बैंकबाट सोधभर्ना माग गर्नु पर्ने रकम सोधभर्ना प्राप्त नभएको अवस्थामा समेत आम्दानी लेखाङ्कन गर्न सकिनेछ । पूँजीकोष गणना गर्ने प्रयोजनका लागि सो रकमलाई नेपाल सरकारबाट प्राप्त हुनु पर्ने रकम अन्तर्गत शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिने छ ।**

(७) यस कार्यविधि बमोजिम प्रदान गरिएको कर्जालाई पुनरकर्जा अवधि समाप्त भएपश्चात बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग कर्जामा गणना गर्न सक्नेछन् । साथै, CCD ratio गणना गर्दा यस्तो कर्जा कुल कर्जाबाट घटाउन सकिनेछ ।

(८) यस्तो ब्याज अनुदान सुविधा "सक्रिय" कर्जामा मात्र प्रदान गरिनेछ ।

(९) २०७५ असोजमसान्त पश्चात् भूकम्प प्रभावितहरुलाई प्रदान भएको कर्जामा पुनरकर्जा लगायतका ब्याज अनुदान सुविधा प्रदान गरिने छैन ।

(१०) बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ । तर, बुँदा नं. १४ बमोजिम प्रवाह गरिएको कर्जाका हकमा भने यो व्यवस्था अनिवार्य हुने छैन ।

(११) आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(१२) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्वन्धित निकाय वा स्थानीय निकाय (नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका/वडा कार्यालय/गा.वि.स.) को भूकम्प पीडित भई आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण वा सो सम्बन्धी ऋणीको स्व:घोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।

(१३) भूकम्पपीडितका लागि यस बैंकबाट प्रवाह गरिने कुल पुनरकर्जाको सीमा प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि सो संस्थाको प्राथमिक पुँजीको ८० प्रतिशत सम्म मात्र हुनेछ ।

(१४) यस्तो कर्जा सामान्यत: वीमा गरेको हुनुपर्नेछ । कर्जाको बीमा गरेको अवस्थामा कर्जा वर्गीकरणका आधारमा हरेक वर्गमा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाको २५ प्रतिशतका दरले मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

(१५) यस्तो पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण (अनुसूची) महिनासमाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१६) पुँजीकोष गणना प्रयोजनका लागि यसरी प्रवाह गरिएको कर्जाको जोखिम भार आवासीय घर कर्जा सरह ६० प्रतिशत हुनेछ ।

(१७) यस्तो पुनरकर्जा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको धितोमा प्रदान गरिनेछ ।

(१८)भुकम्पबाट पूर्णरुपमा घर क्षति भएका आफ्ना सदस्यहरुलाई आवासीय घर निर्माणका लागि "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले सामुहिक जमानीमा रु. ३ लाख सम्म कर्जा प्रवाह गरेमा यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा प्रदान गरिनेछ । साथै, "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिसमा त्यस्ता संस्थाका सदस्यहरुलाई "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको रु. ३ लाख सम्मको कर्जामा समेत यो पुनरकर्जा प्रदान गरिनेछ ।

यस व्यवस्था अन्तर्गत सामुहिक जमानीमा प्रवाह गरिएको कर्जाका हकमा कार्यविधिको बुँदा नं. ७ को राष्ट्रिय भवन संहिता सम्बन्धी व्यवस्था बाहेक अन्य व्यवस्थाहरु यथावत रुपमा लागू हुनेछन् । "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको यस्तो कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।"

(१९)यस्तो कर्जा प्रवाह गर्दा बैंक वा वित्तीय संस्थाले सम्बन्धित संस्थाको विद्यमान घरकर्जा सम्बन्धी नीतिगत व्यवस्थाको अधीनमा रही ग्राहकको कर्जा तिर्न सक्ने क्षमता लगायत सुरक्षणका स्पष्ट आधार लिई कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्नेछ ।

(२०) भूकम्पपीडित परिवारले आवासीय घर पुनर्निर्माणका लागि सहुलियत दरमा कर्जा लिन चाहेमा बैंक वा वित्तीय संस्थाले सरल र सहज प्रक्रिया अपनाई यस कार्यविधि बमोजिम हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।

माथि उल्लिखित शर्त तथा व्यवस्थाका अधीनमा रही प्रवाह भएको कर्जामा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय बालुवाटारमा सम्पर्क गरी बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जा सुविधा लिन सक्नेछन् ।

अनुसूची

मिति : २०७.. /.. /..

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
.....सुपरिवेक्षण विभाग,
काठमाण्डौं ।

विषयः पुनरकर्जाको मासिक विवरण ।

महोदय,

त्यस विभागको प.सं. .... मिति ....मा जारी भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर कर्जाका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ अनुसार यस संस्थाले उपभोग गरेको पुनरकर्जा तथा सो पुनरकर्जा सुविधा बमोजिम प्रवाह भएको कर्जाको मासिक विवरण देहाय बमोजिम रहेको छ ।

कर्जाको विवरण (मिति : २०७ /....)

क्र.सं.	ऋणीको नाम	कर्जा प्रवाह मिति	अन्तिम भुक्तानी मिति	कर्जाको बक्यौता	पुनरकर्जा विवरण		कैफियत
					लिएको मिति	रकम	

* महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।

..... बैंक/वित्तीय संस्थाको तर्फबाट
दस्तखत :
नाम :
पद :
छाप :
विभाग/कार्यालय
मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय :- भूकम्प पुनर्निर्माण कर्जाको आ.व..... को ..... त्रैमासको अनुदान बारे ।

महाशय,

यस बैंकले "भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह गरेको कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा पाउने ब्याज अनुदान वापतको रकम कुल रु ..... (अक्षरेपी .....) तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. ..... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै, उपरोक्त अवधिमा सम्बन्धित ऋणहरुबाट ब्याज वापत रकम रु .....(अक्षरेपी .....) असुल उपर भइसकेको व्यहोरा समेत अनुरोध छ ।

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :
छापः

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान प्रदान गरिएका भूकम्प पुनर्निर्माण कर्जाको ..... त्रैमासको विवरण ।

महाशय,

"भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह भएको कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

ब्याज अनुदान शोधभर्ना पाउनुपर्ने कर्जाको विवरण

क्र.सं.	ऋणीको नाम	कर्जा प्रवाह मिति	कर्जाको अन्तिम भुक्तानी मिति	बाँकी कर्जा (रु)	कायम भएको ब्याजदर	यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु)	ब्याज अनुदान रकम (रु)	कैफियत
जम्मा								

शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु..... अक्षरेपी .....

दस्तखतः
नाम :
पद :
विभाग/कार्यालय :

दस्तखतः
नाम :
पद :
विभाग/कार्यालय :
छाप :

मितिः २०७.. / .. / ..

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका कर्जाको .....त्रैमासिक विवरण ।

महाशय,

"भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२" अनुरुप प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण

क.सं.	ऋणीको नाम	कर्जा प्रवाह मिति	कर्जाको अन्तिम भुक्तानी मिति	बाँकी कर्जा (रु)	कायम भएको ब्याजदर	यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु)	ब्याज अनुदानको अनुमानित रकम (रु)	कैफियत
जम्मा								

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु..... अक्षरेपी .....

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :

दस्तखतः
नामः
पदः
विभाग/कार्यालय :
छापः

«««»»»

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) को खण्ड (ढ२) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरुको नाम "नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४" रहेको छ ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।[२४]

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा–

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको राष्ट्र बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ र सो शब्दले ऐनको दफा २७ बमोजिम कायम मुकायम मुकरर भएको गभर्नर समेतलाई जनाउँनेछ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त राष्ट्र बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "नीति निर्देशन कार्यान्वयन समिति" भन्नाले नेपाल राष्ट्र बैंक, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०५९ को विनियम ३४ बमोजिम सम्बन्धित डेपुटी गभर्नरको संयोजकत्वमा गठित समितिलाई सम्झनु पर्छ ।

(छ) "सुपरिवेक्षण विभाग" भन्नाले राष्ट्र बैंक अन्तर्गतको सम्बन्धित सुपरिवेक्षण विभाग सम्झनु पर्छ ।

(ज) "बैंक वा वित्तीय संस्था" भन्नाले राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्था सम्झनु पर्छ ।

(झ) "कार्यकारी प्रमुख" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ बमोजिम नियुक्त सम्बन्धित बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुख सम्झनु पर्छ र सो शब्दले बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारी समेतलाई जनाउँनेछ ।

(ञ) "पुँजीकोष अनुपात" भन्नाले राष्ट्र बैंकबाट तोकिए बमोजिम गणना गरिएको पुँजीकोष अनुपातलाई सम्झनु पर्छ र सो शब्दले पुँजी पर्याप्तता संरचना, २०७२ (Capital Adequacy Framework, 2015) अन्तर्गत तोकिएको बफर पुँजी बाहेकको न्यूनतम कुल पुँजी (Minimum Total Capital excluding Conservation Buffer) अनुपातलाई जनाउनेछ ।

३. **पुँजीकोष अनुपात सम्बन्धी निर्देशनहरुको पालना नभएमा हुने शीघ्र सुधारात्मक कारवाहीहरुः**

राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात कायम गर्न नसकेका बैंक तथा वित्तीय संस्थालाई देहाय बमोजिमको सुधारात्मक कारवाहीहरु तत्काल गरिनेछ :-

(क) राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष अनुपात पच्चीस प्रतिशतसम्मले कम भएमा -

(अ) सम्बन्धित बैंक वा वित्तीय संस्थाको उच्च व्यवस्थापनसँग सुधारका कार्यक्रम सम्बन्धमा छलफल गरी छलफलका विषयवस्तुलाई अभिलेखको रुपमा राख्ने ।

(आ) सम्बन्धित बैंक वा वित्तीय संस्थाको पुँजी वृद्धि (Recapitalization) गर्न पुँजी योजना माग गर्ने ।

(इ) नगद लाभांश तथा बोनस सेयर घोषणा गर्न रोक लगाउने ।

(ई) नयाँ शाखा खोल्न रोक लगाउने ।

(उ) सम्बन्धित बैंक वा वित्तीय संस्थाका सञ्चालकको भत्ता तथा सुविधा र प्रमुख कार्यकारी लगायत उच्च व्यवस्थापनको तलब, भत्ता तथा सुविधा बृद्धिमा रोक लगाउने ।

---

[२४] मिति २०७४/०१/१९ मा बसेको सञ्चालक समितिको बैठक संख्या २/२०७४ बाट स्वीकृत ।

(ख) राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष अनुपात पच्चीस प्रतिशतभन्दा बढी पचास प्रतिशतसम्मले कम भएमा -

(अ) खण्ड (क) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) निक्षेप परिचालन तथा कर्जा कारोबारको कुल रकममा सीमा कायम गर्ने । "घ" वर्गका लघुवित्त वित्तीय संस्थाको हकमा निक्षेप/वचत र अन्य बैंक तथा वित्तीय संस्थाबाट लिने ऋण/सापटीमा सीमा कायम गर्ने ।

(इ) नयाँ व्यवसायिक क्रियाकलाप सञ्चालन गर्न रोक लगाउने ।

(ई) खरिद वा लिज प्रक्रिया मार्फत् थप स्थिर सम्पत्ति प्राप्त गर्नुपूर्व राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने ।

(उ) सम्बन्धित बैंक वा वित्तीय संस्थाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधामा वृद्धि, व्यवस्थापन शुल्क बृद्धि वा व्यवस्थापनको तजविजले दिन सक्ने अन्य क्षतिपूर्ति आदि प्रदान गर्न रोक लगाउने ।

(ग) राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष अनुपात पचास प्रतिशतभन्दा बढी पचहत्तर प्रतिशतसम्मले कम भएमा -

(अ) खण्ड (ख) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) नयाँ निक्षेप खाता खोल्न रोक लगाउने । "घ" वर्गका लघुवित्त वित्तीय संस्थाको हकमा नयाँ निक्षेप/वचत र अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण/सापटी लिन रोक लगाउने ।

(इ) कर्जा सीमा बृद्धि गर्न तथा नयाँ कर्जा प्रवाह गर्न रोक लगाउने ।

(ई) कर्मचारीहरुको तलब, भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धिमा रोक लगाउने ।

(उ) राष्ट्र बैंकको स्वीकृति लिई उच्च तहको कर्मचारी भर्ना गर्न बाहेक सम्बन्धित बैंक वा वित्तीय संस्थामा अन्य नयाँ कर्मचारी भर्ना तथा बढुवामा रोक लगाउने ।

(ऊ) पुँजी पर्याप्तता सम्बन्धी कारवाही प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएको न्यूनतम पुँजीकोष अनुपात कायम नभएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाका सञ्चालक तथा कार्यकारी प्रमुखलाई ऐनको दफा १०० को उपदफा (२) बमोजिमका कारवाहीहरु गर्ने ।

(घ) राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपातभन्दा बैंक वा वित्तीय संस्थाले कायम गरेको पुँजीकोष अनुपात पचहत्तर प्रतिशतभन्दा बढीले कम भएमा -

(अ) खण्ड (ग) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) सम्बन्धित बैंक वा वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरी ऐनको दफा ८६ अनुरुपको कारवाही प्रारम्भ गर्ने ।

(इ) समस्याग्रस्त घोषणा गरेको छ महिनासम्ममा पनि तोकिएको न्यूनतम पुँजीकोष अनुपात कायम नभएमा बैंक वा वित्तीय संस्थाको गाभ्ने गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) को प्रक्रिया शुरु गर्ने वा इजाजतपत्र रद्द गर्ने वा खारेजीको प्रक्रिया शुरु गर्ने ।

(ई) ऐन र/वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुपका अन्य आवश्यक कारवाहीहरु गर्ने ।

४. **कारवाहीमा छुट हुने अवस्थाः** विनियम ३ अनुसारको शीघ्र सुधारात्मक कारवाहीहरु सबै "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुमा समान रुपमा लागू हुनेछ ।

तर विनियम ३ को खण्ड (क) को उपखण्ड (इ) र (उ) तथा खण्ड (ग) को उपखण्ड (ई) र (उ) बाहेकका शीघ्र सुधारात्मक कारवाहीहरुमा देहायका अवस्थाहरुमा छुट प्रदान गर्न सकिनेछः-

(क) नेपाल सरकारले अन्तर्राष्ट्रिय दातृ निकायहरुको सहयोग लिई राष्ट्र बैंक मार्फत पुनरसंरचनाको प्रक्रिया लागू गरेका बैंक तथा वित्तीय संस्थाहरुको हकमा ।

(ख) सम्बन्धित बैंक वा वित्तीय संस्थाको व्यवस्थापन र/वा सञ्चालनलाई राष्ट्र बैंकले प्रत्यक्ष नियन्त्रणमा लिई सुधारात्मक कारवाही सञ्चालन गरी रहेको अवस्थामा ।

(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ७० एवम् बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ मा भएका प्रावधानहरू पुरा

गरी गाभ्न गाभिन (मर्जर) वा प्राप्ति (एक्विजिशन) को सैद्धान्तिक सहमतिका लागि राष्ट्र बैंकमा निवेदन पेश गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा ।

तर एक आपसमा गाभ्न गाभिन (मर्जर) वा प्राप्ति (एक्विजिशन) को सैद्धान्तिक सहमतिका लागि निवेदन दिने बैंक तथा वित्तीय संस्थाहरुको विद्यमान पुँजीकोष जोड्दा न्यूनतम पुँजीकोष अनुपात नपुग्ने संस्थाको हकमा यो छुट प्रदान हुने छैन । त्यसैगरी तोकिएको अवधिभित्र गाभ्ने गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न नगरेमा सो अवधि पश्चात् यो छुट स्वतः खारेज भएको मानिनेछ ।

५. **सुनुवाईको अवसरः** विनियम ३ बमोजिमको कारबाही गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थालाई सुनुवाईको अवसर दिईने छ ।

६. **कारवाही गर्ने अख्तियारीः** विनियम ३ को खण्ड (क) बमोजिमका शीघ्र सुधारात्मक कारवाहीहरु गर्ने अख्तियारी सम्बन्धित सुपरिवेक्षण विभागलाई हुनेछ । खण्ड (ख) तथा (ग) बमोजिमका कारबाहीहरु नीति निर्देशन कार्यान्वयन समितिको सिफारिसमा गभर्नरको निर्णयबाट हुनेछ । खण्ड (घ) बमोजिमका कारबाहीहरु समितिको निर्णयबाट हुनेछ ।

७. **प्रत्यायोजित अख्तियारीको प्रयोगः** यस विनियमावली बमोजिम प्रत्यायोजित अख्तियारीको प्रयोग गरी कार्य गर्दा सम्बन्धित पदाधिकारीले प्रचलित ऐन, नीति, नियम तथा राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुको अधीनमा रही गर्नु पर्नेछ ।

८. **काम कारवाहीको विवरण पेश गर्नुपर्नेः** यस विनियमावली बमोजिम भए/गरेका काम कारवाहीको विवरण सम्बन्धित सुपरिवेक्षण विभागले त्रैमासिक रुपमा समितिको जानकारीको लागि पेश गर्नु पर्नेछ ।

९. **विनियमावलीको व्याख्या तथा संशोधनः** (१) यस विनियमावलीको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या समितिले गर्नेछ । समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

(२) यस विनियमावलीमा कुनै संशोधन गर्नु परेमा समितिले संशोधन गर्नेछ ।

१०. **बाधा अड्चन फुकुवाः** यस विनियमावलीको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सो बाधा अड्चन फुकाउने अधिकार गभर्नरलाई हुनेछ ।

११. **बाझिएमा निष्क्रिय हुनेः** यस विनियमावलीका व्यवस्थाहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र सो अन्तर्गत बनेका नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

१२. **खारेजी तथा वचाऊः** (१) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिम खारेज गरिएको विनियमावली बमोजिम बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीको सन्दर्भमा भए गरेका काम कारवाही तथा निर्णयहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

पत्रसंख्या : बैं.वि.नि.वि/नीति/परिपत्र/कखग/१८/०७४/७५ मिति: २०७४/१२/१४

इजाजतपत्रप्राप्त "क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु

महाशय,

प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा वाणिज्य बैंक शाखा स्थापना गर्ने नीति अनुरुप देहायबमोजिमको नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्न गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. वाणिज्य बैंकहरुबाट पूर्व प्रतिबद्धता जनाइए अनुसारका यसै साथ संलग्न अनूसूची-१ बमोजिमका २४३ स्थानीय तहमा तोकिएका वाणिज्य बैंकहरुले २०७५ बैशाख मसान्तभित्र आ-आफ्नो बैंक शाखा स्थापना गरी संचालनमा ल्याइसक्नु पर्नेछ ।

२. यसै साथ संलग्न अनुसूची-२ बमोजिमका ११६ स्थानीय तहमा तोकिएका वाणिज्य बैंकहरुले आ-आफ्नो बैंक शाखा स्थापना गरी २०७५ असार मसान्तसम्ममा संचालनमा ल्याइसक्नु पर्नेछ ।

३. माथि बुंदा नं. १ र २ बमोजिम खोलिएका र खुल्ने शाखाहरुको हकमा निक्षेप दायित्वका आधारमा अनिवार्य नगद मौज्दात एवम् वैधानिक तरलता अनुपात कायम गर्नु नपर्ने गरी आगामी तीन वर्ष (आर्थिक वर्ष २०७७/७८) सम्म छुट प्रदान गरिएको छ ।

४. उपर्युक्त अनुसार नभएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार कारवाही हुनेछ ।

साथै, यसरी स्थानीय तहमा वाणिज्य बैंक शाखा स्थापना गर्ने क्रममा सुरक्षा लगायतका आवश्यक पूर्वाधारका विषयमा यस बैंकको सिफारिस बमोजिम श्री नेपाल सरकार, अर्थ मन्त्रालयले सम्बन्धित निकायहरुसंग समन्वय तथा सहजीकरण गर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

कार्यकारी निर्देशक

२०७५ बैशाख मसान्तसम्ममा वाणिज्य बैंकहरुले शाखा स्थापना गर्नुपर्ने २४३ स्थानीय तहको विवरण

सि.नं.	बैंक	प्रदेश	जिल्ला	गाउँपालिका/ नगरपालिका
१	नेपाल बैंकलि.	५	नवलपरासी पश्चिम	पाल्हीनन्दन गाउँपालिका
२	नेपाल बैंकलि.	५	रोल्पा	माडी गाउँपालिका
३	नेपाल बैंकलि.	६	डोल्पा	जगदुल्ला गाउँपालिका
४	राष्ट्रिय वाणिज्य बैंक लि.	१	खोटाङ	ऐसेलुखर्क गाउँपालिका
५	राष्ट्रिय वाणिज्य बैंक लि.	१	खोटाङ	केपिलासगढी गाउँपालिका
६	राष्ट्रिय वाणिज्य बैंक लि.	१	ताप्लेजुङ	आठराईत्रिवेणी गाउँपालिका
७	राष्ट्रिय वाणिज्य बैंक लि.	१	मोरङ	कटहरी गाउँपालिका
८	राष्ट्रिय वाणिज्य बैंक लि.	२	पर्सा	सुवर्णपुर गाउँपालिका
९	राष्ट्रिय वाणिज्य बैंक लि.	२	रौतहट	ईशनाथ गाउँपालिका
१०	राष्ट्रिय वाणिज्य बैंक लि.	२	रौतहट	मौलापुर गाउँपालिका
११	राष्ट्रिय वाणिज्य बैंक लि.	४	मनाङ	नेस्याङ गाउँपालिका
१२	राष्ट्रिय वाणिज्य बैंक लि.	४	स्याङ्जा	अर्जुनचौपारी गाउँपालिका
१३	नबिल बैंकलि.	५	रुपन्देही	सम्मरीमाई गाउँपालिका
१४	नबिल बैंकलि.	६	जुम्ला	तिला गाउँपालिका
१५	नबिल बैंकलि.	६	सुर्खेत	बराहताल गाउँपालिका
१६	नबिल बैंकलि.	७	डडेल्धुरा	आलिताल गाउँपालिका
१७	नबिल बैंकलि.	७	बझाङ	वित्थडचिर गाउँपालिका
१८	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	१	पाँचथर	फाल्गुनन्द गाउँपालिका
१९	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	३	दोलखा	विगु गाउँपालिका
२०	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	३	नुवाकोट	सुर्यगढी गाउँपालिका
२१	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	३	रामेछाप	लिखु गाउँपालिका
२२	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	५	दाङ	शान्तिनगर गाउँपालिका
२३	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	५	रोल्पा	त्रिवेणी गाउँपालिका
२४	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	६	सल्यान	छत्रेश्वरी गाउँपालिका
२५	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	७	दार्चुला	दुहुँ गाउँपालिका
२६	हिमालयन बैंक लि.	२	बारा	प्रसौनी गाउँपालिका
२७	हिमालयन बैंक लि.	३	दोलखा	गौरिशंकर गाउँपालिका
२८	हिमालयन बैंक लि.	५	बाँके	राप्तीसोनारी गाउँपालिका
२९	नेपाल एसबीआइ बैंक लि.	१	ओखलढङ्गा	लिखु गाउँपालिका
३०	नेपाल एसबीआइ बैंक लि.	१	संखुवासभा	धर्मदेवी नगरपालिका
३१	नेपाल एसबीआइ बैंक लि.	३	नुवाकोट	पञ्चकन्या गाउँपालिका
३२	नेपाल एसबीआइ बैंक लि.	५	प्युठान	गौमुखी गाउँपालिका
३३	नेपाल एसबीआइ बैंक लि.	६	दैलेख	चामुण्डाबिन्द्रासैनी नगरपालिका
३४	नेपाल एसबीआइ बैंक लि.	७	बैतडी	शिवनाथ गाउँपालिका
३५	नेपाल बङ्गलादेश बैंक लि.	१	धनकुटा	चौबिसे गाउँपालिका
३६	नेपाल बङ्गलादेश बैंक लि.	१	भोजपुर	साल्पासिलिछो गाउँपालिका
३७	नेपाल बङ्गलादेश बैंक लि.	२	धनुषा	धनौजी गाउँपालिका
३८	नेपाल बङ्गलादेश बैंक लि.	२	बारा	परवानीपुर गाउँपालिका
३९	नेपाल बङ्गलादेश बैंक लि.	२	सर्लाही	कौडेना गाउँपालिका
४०	नेपाल बङ्गलादेश बैंक लि.	२	सर्लाही	ब्रह्मपुरी गाउँपालिका
४१	नेपाल बङ्गलादेश बैंक लि.	२	सर्लाही	विष्णु गाउँपालिका
४२	नेपाल बङ्गलादेश बैंक लि.	२	सिराहा	अर्नमा गाउँपालिका

४३	नेपाल बङ्गलादेश बैंक लि.	३	मकवानपुर	मकवानपुरगढी गाउँपालिका
४४	नेपाल बङ्गलादेश बैंक लि.	५	दाङ	बबई गाउँपालिका
४५	बैंक अफ काठमाण्डौं लि.	२	रौतहट	गढीमाई गाउँपालिका
४६	बैंक अफ काठमाण्डौं लि.	२	सप्तरी	छिन्नमस्ता गाउँपालिका
४७	बैंक अफ काठमाण्डौं लि.	३	मकवानपुर	ईन्द्रसरोवर गाउँपालिका
४८	बैंक अफ काठमाण्डौं लि.	३	सिन्धुली	तीनपाटनगाउपालिका
४९	बैंक अफ काठमाण्डौं लि.	५	गुल्मी	इस्मा गाउँपालिका
५०	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	१	तेह्रथुम	मेन्छयायेम गाउँपालिका
५१	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	२	बारा	करैयामाई गाउँपालिका
५२	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	२	रौतहट	यमुनामाइ गाउँपालिका
५३	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	२	सप्तरी	बिष्णुपुर गाउँपालिका
५४	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	२	सिराहा	धनगढीमाई नगरपालिका
५५	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	२	सिराहा	लक्ष्मीपुरपतारी गाउँपालिका
५६	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	३	काभ्रेपलाञ्चोक	चौंरीदेउराली गाउँपालिका
५७	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	३	सिन्धुपाल्चोक	जुगल गाउँपालिका
५८	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	४	नवलपरासी पूर्व	हुप्सेकोट गाउँपालिका
५९	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	५	गुल्मी	सत्यवती गाउँपालिका
६०	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	६	रुकुम पश्चिम	त्रिवेणी गाउँपालिका
६१	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	७	कञ्चनपुर	कृष्णपुर नगरपालिका
६२	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	७	बैतडी	मेलौली नगरपालिका
६३	एनआइसी एसिया बैंक लि.	१	झापा	अर्जुनधारा नगरपालिका
६४	एनआइसी एसिया बैंक लि.	१	झापा	कचनकवल गाउँपालिका
६५	एनआइसी एसिया बैंक लि.	१	भोजपुर	रामप्रसादराई गाउँपालिका
६६	एनआइसी एसिया बैंक लि.	२	पर्सा	छिपहरमाई गाउँपालिका
६७	एनआइसी एसिया बैंक लि.	२	रौतहट	गुजरा गाउँपालिका
६८	एनआइसी एसिया बैंक लि.	२	सर्लाही	बागमती नगरपालिका
६९	एनआइसी एसिया बैंक लि.	५	दाङ	राजपुर गाउँपालिका
७०	एनआइसी एसिया बैंक लि.	५	बाँके	जानकी गाउँपालिका
७१	एनआइसी एसिया बैंक लि.	५	बाँके	डुडुवा गाउँपालिका
७२	एनआइसी एसिया बैंक लि.	५	बाँके	बैजनाथ गाउँपालिका
७३	माछापुच्छ्रे बैंक लि.	१	ओखलढङ्गा	सुनकोशी गाउँपालिका
७४	माछापुच्छ्रे बैंक लि.	१	खोटाङ	हलेसीतुवाचुङ नगरपालिका
७५	माछापुच्छ्रे बैंक लि.	१	झापा	बाह्रदशी गाउँपालिका
७६	माछापुच्छ्रे बैंक लि.	१	भोजपुर	ट्याम्केमैयुम गाउँपालिका
७७	माछापुच्छ्रे बैंक लि.	१	मोरङ	जहदा गाउँपालिका
७८	माछापुच्छ्रे बैंक लि.	२	रौतहट	बृन्दावन गाउँपालिका
७९	माछापुच्छ्रे बैंक लि.	२	सप्तरी	कृष्णासवरन गाउँपालिका
८०	माछापुच्छ्रे बैंक लि.	२	सिराहा	कल्याणपुर नगरपालिका
८१	माछापुच्छ्रे बैंक लि.	४	कास्की	मादी गाउँपालिका
८२	माछापुच्छ्रे बैंक लि.	६	डोल्पा	त्रिपुरासुन्दरी नगरपालिका
८३	माछापुच्छ्रे बैंक लि.	६	मुगु	खत्याड गाउँपालिका
८४	माछापुच्छ्रे बैंक लि.	७	अछाम	पंचदेवलविनायक नगरपालिका
८५	माछापुच्छ्रे बैंक लि.	७	दार्चुला	मालिकार्जुन गाउँपालिका
८६	कुमारी बैंक लि.	१	उदयपुर	वेलका नगरपालिका
८७	कुमारी बैंक लि.	२	महोत्तरी	भँगाहा नगरपालिका
८८	कुमारी बैंक लि.	३	धादिङ	सिद्धलेक गाउँपालिका
८९	कुमारी बैंक लि.	३	रसुवा	पार्वतीकुण्ड गाउँपालिका

९०	कुमारी बैंक लि.	३	ललीतपुर	वाग्मती गाउँपालिका
९१	कुमारी बैंक लि.	४	गोर्खा	चुमनुव्री गाउँपालिका
९२	कुमारी बैंक लि.	४	तनहुँ	ऋषिङ्ग गाउँपालिका
९३	कुमारी बैंक लि.	४	तनहुँ	घिरिङ गाउँपालिका
९४	कुमारी बैंक लि.	४	स्याङ्जा	हरिनास गाउँपालिका
९५	कुमारी बैंक लि.	५	गुल्मी	कालीगण्डकी गाउँपालिका
९६	कुमारी बैंक लि.	६	जुम्ला	कनकासुन्दरी गाउँपालिका
९७	कुमारी बैंक लि.	७	बैतडी	डीलासैनीगाउँपलिका
९८	लक्ष्मी बैंक लि.	२	महोत्तरी	मनरा नगरपालिका
९९	लक्ष्मी बैंक लि.	३	रामेछाप	खाँडादेवी गाउँपालिका
१००	लक्ष्मी बैंक लि.	५	पाल्पा	तिनाउ गाउँपालिका
१०१	लक्ष्मी बैंक लि.	६	सुर्खेत	चौकुने गाउँपालिका
१०२	सिद्धार्थ बैंक लि.	२	बारा	देवताल गाउँपालिका
१०३	सिद्धार्थ बैंक लि.	२	रौतहट	माधवनारायण गाउँपालिका
१०४	सिद्धार्थ बैंक लि.	५	कपिलवस्तु	यसोधरा गाउँपालिका
१०५	कृषि विकास बैंक लि.	१	सुनसरी	देवानगञ्ज गाउँपालिका
१०६	कृषि विकास बैंक लि.	१	सोलुखुम्बु	सोताङ गाउँपालिका
१०७	कृषि विकास बैंक लि.	४	गोर्खा	गण्डकी गाउँपालिका
१०८	कृषि विकास बैंक लि.	५	गुल्मी	मदाने गाउँपालिका
१०९	कृषि विकास बैंक लि.	७	बझाङ	बुंगल नगरपालिका
११०	ग्लोबल आइएमइ बैंक लि.	२	धनुषा	मिथिलाबिहारी गाउँपालिका
१११	ग्लोबल आइएमइ बैंक लि.	२	पर्सा	बेलवा गाउँपालिका
११२	ग्लोबल आइएमइ बैंक लि.	२	बारा	फेटा गाउँपालिका
११३	ग्लोबल आइएमइ बैंक लि.	२	रौतहट	फतुवाबिजयपुर गाउँपालिका
११४	ग्लोबल आइएमइ बैंक लि.	२	सप्तरी	डाक्नेश्वरी नगरपालिका
११५	ग्लोबल आइएमइ बैंक लि.	५	पाल्पा	पुर्वखोला गाउँपालिका
११६	ग्लोबल आइएमइ बैंक लि.	६	कालिकोट	रास्कोट नगरपालिका
११७	ग्लोबल आइएमइ बैंक लि.	७	डडेल्धुरा	अजयमेरु गाउँपालिका
११८	ग्लोबल आइएमइ बैंक लि.	७	डोटी	पूर्वीचौकी गाउँपालिका
११९	ग्लोबल आइएमइ बैंक लि.	७	बैतडी	दोगडाकेदार गाउँपालिका
१२०	सिटिजन्स बैंक इन्टरनेशनल लि.	१	इलाम	माङसेबुङ गाउँपालिका
१२१	सिटिजन्स बैंक इन्टरनेशनल लि.	१	धनकुटा	खाल्साछिन्ताङ सहीदभूमि गाउँपालिका
१२२	सिटिजन्स बैंक इन्टरनेशनल लि.	१	सोलुखुम्बु	लिखु पिके गाउँपालिका
१२३	सिटिजन्स बैंक इन्टरनेशनल लि.	३	काभ्रेपलाञ्चोक	तेमाल गाउँपालिका
१२४	सिटिजन्स बैंक इन्टरनेशनल लि.	३	रामेछाप	सुनापती गाउँपालिका
१२५	सिटिजन्स बैंक इन्टरनेशनल लि.	३	सिन्धुली	हरिहरपुरगढी गाउँपालिका
१२६	प्राइम कमर्सियल बैंक लि.	१	पाँचथर	तुम्वेवा गाउँपालिका
१२७	प्राइम कमर्सियल बैंक लि.	१	पाँचथर	फालेलुङ गाउँपालिका
१२८	प्राइम कमर्सियल बैंक लि.	१	संखुवासभा	सभापोखरी गाउँपालिका
१२९	प्राइम कमर्सियल बैंक लि.	३	रसुवा	कालिका गाउँपालिका
१३०	प्राइम कमर्सियल बैंक लि.	३	सिन्धुली	फिक्कल गाउँपालिका
१३१	प्राइम कमर्सियल बैंक लि.	४	स्याङ्जा	कालीगण्डकी गाउँपालिका
१३२	प्राइम कमर्सियल बैंक लि.	४	स्याङ्जा	फेदीखोला गाउँपालिका
१३३	प्राइम कमर्सियल बैंक लि.	५	कपिलवस्तु	शुद्धोधन गाउँपालिका
१३४	प्राइम कमर्सियल बैंक लि.	५	नवलपरासी पश्चिम	सरावल गाउँपालिका
१३५	प्राइम कमर्सियल बैंक लि.	५	प्युठान	सरुमारानी गाउँपालिका
१३६	प्राइम कमर्सियल बैंक लि.	५	रुपन्देही	मायादेवी गाउँपालिका

१३७	प्राइम कमर्सियल बैंक लि.	७	बझाङ	खप्तडछान्ना गाउँपालिका
१३८	सनराइज बैंक लि.	१	ओखलढुङ्गा	मोलुङ गाउँपालिका
१३९	सनराइज बैंक लि.	१	खोटाङ	जन्तेढुङ्गा गाउँपालिका
१४०	सनराइज बैंक लि.	२	धनुषा	औरही गाउँपालिका
१४१	सनराइज बैंक लि.	२	रौतहट	दुर्गाभगवती गाउँपालिका
१४२	सनराइज बैंक लि.	३	रामेछाप	उमाकुण्ड गाउँपालिका
१४३	सनराइज बैंक लि.	३	ललीतपुर	महाङ्काल गाउँपालिका
१४४	सनराइज बैंक लि.	५	गुल्मी	धुर्कोट गाउँपालिका
१४५	सनराइज बैंक लि.	५	पाल्पा	निस्दी गाउँपालिका
१४६	सनराइज बैंक लि.	६	जुम्ला	गुठिचौर गाउँपालिका
१४७	सनराइज बैंक लि.	७	कैलाली	चुरे गाउँपालिका
१४८	सनराइज बैंक लि.	७	दार्चुला	मार्मा गाउँपालिका
१४९	एनएमबी बैंक लि.	२	धनुषा	हंसपुर नगरपालिका
१५०	एनएमबी बैंक लि.	२	बारा	पचरौता गाउँपालिका
१५१	एनएमबी बैंक लि.	२	बारा	विश्रामपुर गाउँपालिका
१५२	एनएमबी बैंक लि.	२	महोत्तरी	महोत्तरी गाउँपालिका
१५३	एनएमबी बैंक लि.	२	महोत्तरी	सोनमा गाउँपालिका
१५४	एनएमबी बैंक लि.	२	सप्तरी	तिलाठीकोईलाडी गाउँपालिका
१५५	एनएमबी बैंक लि.	२	सप्तरी	सुरुङ्गा नगरपालिका
१५६	एनएमबी बैंक लि.	२	सिराहा	औरही गाउँपालिका
१५७	एनएमबी बैंक लि.	२	सिराहा	नवराजपुर गाउँपालिका
१५८	एनएमबी बैंक लि.	२	सिराहा	सखुवानान्कारकट्टी गाउँपालिका
१५९	एनएमबी बैंक लि.	५	कपिलवस्तु	मायादेवी गाउँपालिका
१६०	एनएमबी बैंक लि.	७	कञ्चनपुर	बेलडाँडी गाउँपालिका
१६१	एनएमबी बैंक लि.	७	डोटी	के.आई.सिं गाउँपालिका
१६२	प्रभु बैंक लि.	१	इलाम	सन्दकपुर गाउँपालिका
१६३	प्रभु बैंक लि.	१	भोजपुर	हतुवागढी गाउँपालिका
१६४	प्रभु बैंक लि.	२	धनुषा	मुखियापट्टीमुसहरमिया गाउँपालिका
१६५	प्रभु बैंक लि.	२	रौतहट	परोहा नगरपालिका
१६६	प्रभु बैंक लि.	२	सिराहा	बरियारपट्टी गाउँपालिका
१६७	प्रभु बैंक लि.	४	पर्वत	विहादी गाउँपालिका
१६८	प्रभु बैंक लि.	४	बागलुङ	तमानखोला गाउँपालिका
१६९	प्रभु बैंक लि.	४	बागलुङ	ताराखोला गाउँपालिका
१७०	प्रभु बैंक लि.	४	बागलुङ	निसीखोला गाउँपालिका
१७१	प्रभु बैंक लि.	४	बागलुङ	वडिगाड गाउँपालिका
१७२	प्रभु बैंक लि.	४	बागलुङ	वरेङ गाउँपालिका
१७३	प्रभु बैंक लि.	४	मनाङ	नाशोङ गाउँपालिका
१७४	प्रभु बैंक लि.	४	मुस्ताङ	थासाङ गाउँपालिका
१७५	प्रभु बैंक लि.	४	मुस्ताङ	दालोमे गाउँपालिका
१७६	प्रभु बैंक लि.	४	मुस्ताङ	लोमन्थाङ गाउँपालिका
१७७	प्रभु बैंक लि.	४	म्याग्दी	धवलागिरी गाउँपालिका
१७८	प्रभु बैंक लि.	४	म्याग्दी	रघुगंगा गाउँपालिका
१७९	प्रभु बैंक लि.	५	कपिलवस्तु	विजयनगर गाउँपालिका
१८०	प्रभु बैंक लि.	६	डोल्पा	शेफोक्सुण्डो गाउँपालिका
१८१	प्रभु बैंक लि.	६	दैलेख	गुराँस गाउँपालिका
१८२	प्रभु बैंक लि.	६	दैलेख	भगवतीमाई गाउँपालिका
१८३	प्रभु बैंक लि.	६	हुम्ला	खार्पुनाथ गाउँपालिका

१८४	प्रभु बैंक लि.	७	डडेल्धुरा	नवदुर्गालिगाउँपाका
१८५	जनता बैंक लि.	१	ताप्लेजुङ	फक्ताङलुङ गाउँपालिका
१८६	जनता बैंक लि.	२	सप्तरी	रुपनी गाउँपालिका
१८७	जनता बैंक लि.	३	रसुवा	नौकुण्ड गाउँपालिका
१८८	जनता बैंक लि.	३	रामेछाप	दोरम्बा गाउँपालिका
१८९	जनता बैंक लि.	४	गोर्खा	सुलीकोट गाउँपालिका
१९०	जनता बैंक लि.	४	लम्जुङ	दोर्दी गाउँपालिका
१९१	जनता बैंक लि.	५	रोल्पा	थबाङ गाउँपालिका
१९२	जनता बैंक लि.	६	जाजरकोट	छेडागाड नगरपालिका
१९३	जनता बैंक लि.	६	जुम्ला	तातोपानी गाउँपालिका
१९४	जनता बैंक लि.	७	दार्चुला	नौगाड गाउँपालिका
१९५	मेगा बैंक लि.	१	इलाम	रोङ गाउँपालिका
१९६	मेगा बैंक लि.	१	उदयपुर	रौतामाई गाउँपालिका
१९७	मेगा बैंक लि.	१	ओखलढुङ्गा	खिजीदेम्वा गाउँपालिका
१९८	मेगा बैंक लि.	१	पाँचथर	कुम्मायक गाउँपालिका
१९९	मेगा बैंक लि.	२	धनुषा	लक्ष्मीनिया गाउँपालिका
२००	मेगा बैंक लि.	२	सर्लाही	रामनगर गाउँपालिका
२०१	मेगा बैंक लि.	२	सिराहा	विष्णुपुर गाउँपालिका
२०२	मेगा बैंक लि.	३	दोलखा	शैलुङ गाउँपालिका
२०३	मेगा बैंक लि.	३	धादिङ	ज्वालामूखी गाउँपालिका
२०४	मेगा बैंक लि.	३	धादिङ	त्रिपुरासुन्दरी गाउँपालिका
२०५	मेगा बैंक लि.	३	सिन्धुपाल्चोक	ईन्द्रावती गाउँपालिका
२०६	मेगा बैंक लि.	३	सिन्धुपाल्चोक	हेलम्बु गाउँपालिका
२०७	मेगा बैंक लि.	४	गोर्खा	भिमसेन गाउँपालिका
२०८	मेगा बैंक लि.	४	तनहुँ	भानु नगरपालिका
२०९	मेगा बैंक लि.	४	स्याङ्जा	भीरकोट नगरपालिका
२१०	मेगा बैंक लि.	५	प्युठान	ऐरावती गाउँपालिका
२११	मेगा बैंक लि.	५	बर्दिया	गेरुवा गाउँपालिका
२१२	सिभिल बैंक लि.	१	मोरङ	सुनवर्षी नगरपालिका
२१३	सिभिल बैंक लि.	२	पर्सा	पकाहामैनपुर गाउँपालिका
२१४	सिभिल बैंक लि.	४	गोर्खा	धार्चे गाउँपालिका
२१५	सिभिल बैंक लि.	५	प्युठान	माण्डवी गाउँपालिका
२१६	सिभिल बैंक लि.	६	जाजरकोट	शिवालय गाउँपालिका
२१७	सिभिल बैंक लि.	६	दैलेख	भैरवी गाउँपालिका
२१८	सिभिल बैंक लि.	७	अछाम	बान्नीगढीजयगढ गाउँपालिका
२१९	सिभिल बैंक लि.	७	कैलाली	जानकी गाउँपालिका
२२०	सिभिल बैंक लि.	७	डोटी	आदर्श गाउँपालिका
२२१	सेन्चुरी कमर्सियल बैंक लि.	१	भोजपुर	अरुण गाउँपालिका
२२२	सेन्चुरी कमर्सियल बैंक लि.	१	संखुवासभा	चिचिला गाउँपालिका
२२३	सेन्चुरी कमर्सियल बैंक लि.	३	नुवाकोट	बेलकोटगढी नगरपालिका
२२४	सेन्चुरी कमर्सियल बैंक लि.	४	पर्वत	फलेवास नगरपालिका
२२५	सेन्चुरी कमर्सियल बैंक लि.	४	बागलुङ	काठेखोला गाउँपालिका
२२६	सेन्चुरी कमर्सियल बैंक लि.	५	अर्घाखाँची	मालारानी गाउँपालिका
२२७	सेन्चुरी कमर्सियल बैंक लि.	५	गुल्मी	छत्रकोट गाउँपालिका
२२८	सेन्चुरी कमर्सियल बैंक लि.	७	अछाम	चौरपाटी गाउँपालिका
२२९	सेन्चुरी कमर्सियल बैंक लि.	७	अछाम	मेल्लेख गाउँपालिका
२३०	सेन्चुरी कमर्सियल बैंक लि.	७	डोटी	बडीकेदार गाउँपालिका

२३१	सानिमा बैंक लि.	१	इलाम	फाकफोकथुम गाउँपालिका
२३२	सानिमा बैंक लि.	१	उदयपुर	उदयपुरगढी गाउँपालिका
२३३	सानिमा बैंक लि.	२	पर्सा	पटेर्वासुगौली गाउँपालिका
२३४	सानिमा बैंक लि.	२	पर्सा	पर्सागढी गाउँपालिका
२३५	सानिमा बैंक लि.	३	दोलखा	मेलुङ गाउँपालिका
२३६	सानिमा बैंक लि.	३	नुवाकोट	किस्पाङ गाउँपालिका
२३७	सानिमा बैंक लि.	३	नुवाकोट	शिवपुरी गाउँपालिका
२३८	सानिमा बैंक लि.	३	मकवानपुर	कैलाश गाउँपालिका
२३९	सानिमा बैंक लि.	३	मकवानपुर	वाग्मती गाउँपालिका
२४०	सानिमा बैंक लि.	३	ललीतपुर	कोन्ज्योसोम गाउँपालिका
२४१	सानिमा बैंक लि.	६	दैलेख	डुङ्गेश्वर गाउँपालिका
२४२	सानिमा बैंक लि.	६	सुर्खेत	चिङ्गाड गाउँपालिका
२४३	सानिमा बैंक लि.	७	डडेल्धुरा	भागेश्वर गाउँपालिका

अनुसूची २

२०७५ असार मसान्तसम्ममा वाणिज्य बैंकहरुले शाखा स्थापना गर्नुपर्ने ११६ स्थानीय तहको विवरण

सि.नं.	बैंक	प्रदेश	जिल्ला	गाउँपालिका/नगरपालिका
१	नेपाल बैंक लि.	१	ताप्लेजुङ	सिरिजंघा गाउँपालिका
२	नेपाल बैंक लि.	२	रौतहट	राजदेवी नगरपालिका
३	नेपाल बैंक लि.	२	सर्लाही	पर्सा गाउँपालिका
४	नेपाल बैंक लि.	२	सर्लाही	बसबरिया गाउँपालिका
५	नेपाल बैंक लि.	४	मनाङ	नार्फु गाउँपालिका
६	नेपाल बैंक लि.	५	रोल्पा	लुङग्री गाउँपालिका
७	नेपाल बैंक लि.	६	डोल्पा	काईके गाउँपालिका
८	नेपाल बैंक लि.	७	बाजुरा	त्रिवेणी नगरपालिका
९	राष्ट्रिय वाणिज्य बैंक लि.	६	डोल्पा	छार्काताङसोङ गाउँपालिका
१०	राष्ट्रिय वाणिज्य बैंक लि.	६	डोल्पा	डोल्पोबुद्ध गाउँपालिका
११	राष्ट्रिय वाणिज्य बैंक लि.	६	डोल्पा	मुड्केचुला गाउँपालिका
१२	राष्ट्रिय वाणिज्य बैंक लि.	६	मुगु	मुगुमकार्मारोंग गाउँपालिका
१३	राष्ट्रिय वाणिज्य बैंक लि.	६	मुगु	सोरु गाउँपालिका
१४	राष्ट्रिय वाणिज्य बैंक लि.	७	बझाङ	मष्टा गाउँपालिका
१५	नबिल बैंक लि.	६	कालिकोट	पचालझरना गाउँपालिका
१६	नबिल बैंक लि.	६	कालिकोट	पलाता गाउँपालिका
१७	नबिल बैंक लि.	६	सल्यान	दार्मा गाउँपालिका
१८	नबिल बैंक लि.	७	अछाम	तुर्माखाँद गाउँपालिका
१९	नबिल बैंक लि.	७	अछाम	रामारोशन गाउँपालिका
२०	नबिल बैंक लि.	७	डोटी	सायल गाउँपालिका
२१	नबिल बैंक लि.	७	बैतडी	पन्चेश्वर गाउँपालिका
२२	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	३	सिन्धुपाल्चोक	त्रिपुरासुन्दरी गाउँपालिका
२३	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	५	प्युठान	नौबहिनी गाउँपालिका
२४	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	६	जुम्ला	हिमा गाउँपालिका
२५	नेपाल इन्भेष्टमेण्ट बैंक लि.	७	बझाङ	केदारस्युँ गाउँपालिका
२६	हिमालयन बैंक लि.	१	संखुवासभा	मादी नगरपालिका
२७	हिमालयन बैंक लि.	२	बारा	बारागढी गाउँपालिका
२८	हिमालयन बैंक लि.	२	बारा	सुवर्ण गाउँपालिका
२९	हिमालयन बैंक लि.	३	नुवाकोट	तारकेश्वर गाउँपालिका
३०	हिमालयन बैंक लि.	३	नुवाकोट	मेघाङ गाउँपालिका

३१	हिमालयन बैंक लि.	६	सल्यान	कुमाखमालिका गाउँपालिका
३२	हिमालयन बैंक लि.	७	बाजुरा	छेडेदह गाउँपालिका
३३	हिमालयन बैंक लि.	७	बाजुरा	पाण्डवगुफा गाउँपालिका
३४	हिमालयन बैंक लि.	७	बाजुरा	स्वामीकार्तिक गाउँपालिका
३५	नेपाल एसबीआइ बैंक लि.	१	उदयपुर	सुनकोशी गाउँपालिका
३६	नेपाल एसबीआइ बैंक लि.	१	खोटाङ	साकेला गाउँपालिका
३७	नेपाल एसबीआइ बैंक लि.	२	रौतहट	राजपुर गाउँपालिका
३८	नेपाल एसबीआइ बैंक लि.	२	सप्तरी	बेल्हीचपेना गाउँपालिका
३९	नेपाल एसबीआइ बैंक लि.	३	काभ्रेपलाञ्चोक	खानीखोला गाउँपालिका
४०	नेपाल एसबीआइ बैंक लि.	३	धादिङ	गङ्गाजमुना गाउँपालिका
४१	नेपाल एसबीआइ बैंक लि.	३	सिन्धुली	ध्याङलेख गाउँपालिका
४२	नेपाल एसबीआइ बैंक लि.	५	रोल्पा	सुनछहरी गाउँपालिका
४३	नेपाल एसबीआइ बैंक लि.	७	डडेल्धुरा	गन्यापधुरा गाउँपालिका
४४	नेपाल बङ्गलादेश बैंक लि.	१	तेह्रथुम	फेदाप गाउँपालिका
४५	नेपाल बङ्गलादेश बैंक लि.	२	रौतहट	देवाहीगोनाही गाउँपालिका
४६	नेपाल बङ्गलादेश बैंक लि.	२	सर्लाही	चन्द्रनगर गाउँपालिका
४७	नेपाल बङ्गलादेश बैंक लि.	४	नवलपरासी पूर्व	बुलिङटार गाउँपालिका
४८	नेपाल बङ्गलादेश बैंक लि.	६	सल्यान	कालिमाटी गाउँपालिका
४९	नेपाल बङ्गलादेश बैंक लि.	७	कञ्चनपुर	लालझाडी गाउँपालिका
५०	एभरेष्ट बैंक लि.	१	संखुवासभा	सिलीचोङ गाउँपालिका
५१	एभरेष्ट बैंक लि.	१	सोलुखुम्बु	माहाकुलुङ गाउँपालिका
५२	एभरेष्ट बैंक लि.	७	बझाङ	काँडा गाउँपालिका
५३	एभरेष्ट बैंक लि.	७	बझाङ	तलकोट गाउँपालिका
५४	एभरेष्ट बैंक लि.	७	बझाङ	सूर्मा गाउँपालिका
५५	बैंक अफ काठमाण्डौं लि.	२	पर्सा	कालिकामाइ गाउँपालिका
५६	बैंक अफ काठमाण्डौं लि.	३	धादिङ	खनियाबास गाउँपालिका
५७	बैंक अफ काठमाण्डौं लि.	३	धादिङ	रुवीभ्याली गाउँपालिका
५८	बैंक अफ काठमाण्डौं लि.	३	मकवानपुर	राक्सिराङ्ग गाउँपालिका
५९	बैंक अफ काठमाण्डौं लि.	५	गुल्मी	मालिका गाउँपालिका
६०	बैंक अफ काठमाण्डौं लि.	६	जुम्ला	पातारासी गाउँपालिका
६१	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	१	ताप्लेजुङ	मेरिङदेन गाउँपालिका
६२	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	६	दैलेख	ठाँटीकाँध गाउँपालिका
६३	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	६	दैलेख	महाबु गाउँपालिका
६४	एनआइसी एसिया बैंक लि.	२	धनुषा	कमलासिद्धीदात्री गाउँपालिका
६५	एनआइसी एसिया बैंक लि.	२	पर्सा	जगरनाथपुर गाउँपालिका
६६	एनआइसी एसिया बैंक लि.	२	सप्तरी	तिरहुत गाउँपालिका
६७	एनआइसी एसिया बैंक लि.	२	सप्तरी	महादेवा गाउँपालिका
६८	एनआइसी एसिया बैंक लि.	४	स्याङ्जा	आँधिखोला गाउँपालिका
६९	एनआइसी एसिया बैंक लि.	६	जाजरकोट	त्रिवेणीनलगाड नगरपालिका
७०	माछापुच्छ्रे बैंक लि.	७	दार्चुला	अपिहिमाल गाउँपालिका
७१	माछापुच्छ्रे बैंक लि.	७	दार्चुला	व्याँस गाउँपालिका
७२	कुमारी बैंक लि.	१	ओखलढङ्गा	चिशंखुगढी गाउँपालिका
७३	कुमारी बैंक लि.	७	बझाङ	छबिसपाथिभेरा गाउँपालिका
७४	कुमारी बैंक लि.	७	बझाङ	थलारा गाउँपालिका
७५	कुमारी बैंक लि.	७	बझाङ	दुर्गाथली गाउँपालिका
७६	कुमारी बैंक लि.	७	बाजुरा	गौमुल गाउँपालिका
७७	लक्ष्मी बैंक लि.	१	ताप्लेजुङ	याङवरक गाउँपालिका

७८	लक्ष्मी बैंक लि.	१	ताप्लेजुङ	सिदिङ्वा गाउँपालिका
७९	लक्ष्मी बैंक लि.	१	सोलुखुम्बु	दुधकौशिका गाउँपालिका
८०	लक्ष्मी बैंक लि.	२	सप्तरी	वलान विहुल गाउँपालिका
८१	लक्ष्मी बैंक लि.	३	सिन्धुपाल्चोक	लिसंखुपाखर गाउँपालिका
८२	लक्ष्मी बैंक लि.	६	रुकुम पश्चिम	बाँफिकोट गाउँपालिका
८३	लक्ष्मी बैंक लि.	६	सल्यान	ढोरचौर गाउँपालिका
८४	लक्ष्मी बैंक लि.	७	दार्चुला	लेकम गाउँपालिका
८५	सिद्धार्थ बैंक लि.	५	रुकुम पूर्व	पुथाउत्तरगंगा गाउँपालिका
८६	कृषि विकास बैंक लि.	१	सोलुखुम्बु	दुधकोशी गाउँपालिका
८७	कृषि विकास बैंक लि.	६	कालिकोट	कालिका गाउँपालिका
८८	कृषि विकास बैंक लि.	६	कालिकोट	नरहरिनाथ गाउँपालिका
८९	कृषि विकास बैंक लि.	६	कालिकोट	महावै गाउँपालिका
९०	कृषि विकास बैंक लि.	६	जाजरकोट	कुसे गाउँपालिका
९१	कृषि विकास बैंक लि.	६	जाजरकोट	जुनीचाँदे गाउँपालिका
९२	कृषि विकास बैंक लि.	६	जाजरकोट	बारेकोट गाउँपालिका
९३	कृषि विकास बैंक लि.	७	बैतडी	सिगास गाउँपालिका
९४	ग्लोबल आइएमइ बैंक लि.	१	संखुवासभा	भोटखोला गाउँपालिका
९५	सिटिजन्स बैंक इन्टरनेशनल लि.	५	प्युठान	झिमरुक गाउँपालिका
९६	सिटिजन्स बैंक इन्टरनेशनल लि.	५	रुकुम पूर्व	भूमे गाउँपालिका
९७	सिटिजन्स बैंक इन्टरनेशनल लि.	६	हुम्ला	नाम्खा गाउँपालिका
९८	सिटिजन्स बैंक इन्टरनेशनल लि.	७	अछाम	ढकारी गाउँपालिका
९९	सिटिजन्स बैंक इन्टरनेशनल लि.	७	कैलाली	मोहन्याल गाउँपालिका
१००	प्राइम कमर्सियल बैंक लि.	१	उदयपुर	ताप्ली गाउँपालिका
१०१	सनराइज बैंक लि.	१	खोटाङ	बराहपोखरी गाउँपालिका
१०२	सनराइज बैंक लि.	३	काभ्रेपलाञ्चोक	महाभारत गाउँपालिका
१०३	प्रभु बैंक लि.	४	म्याग्दी	अन्नपूर्ण गाउँपालिका
१०४	प्रभु बैंक लि.	४	म्याग्दी	मंगला गाउँपालिका
१०५	जनता बैंक लि.	४	नवलपरासी पूर्व	बुङ्दीकाली गाउँपालिका
१०६	जनता बैंक लि.	५	रोल्पा	दुईखोली गाउँपालिका
१०७	जनता बैंक लि.	५	रोल्पा	सुकिदह गाउँपालिका
१०८	जनता बैंक लि.	६	हुम्ला	अदानचुली गाउँपालिका
१०९	जनता बैंक लि.	६	हुम्ला	चंखेली गाउँपालिका
११०	जनता बैंक लि.	६	हुम्ला	ताँजाकोट गाउँपालिका
१११	मेगा बैंक लि.	३	सिन्धुपाल्चोक	पाँचपोखरी थाङपाल गाउँपालिका
११२	सिभिल बैंक लि.	२	सर्लाही	धनकौल गाउँपालिका
११३	सेन्चुरी कमर्सियल बैंक लि.	१	ताप्लेजुङ	मिक्वाखोला गाउँपालिका
११४	सानिमा बैंक लि.	१	खोटाङ	दिप्रुङ गाउँपालिका
११५	सानिमा बैंक लि.	६	कालिकोट	सान्नीत्रिवेणी गाउँपालिका
११६	सानिमा बैंक लि.	७	बाजुरा	हिमाली गाउँपालिका